७५

बुद्धकालीन ब्राह्मण

[संग्रह - १]

भिक्षु अमृतानन्द

नं० ४६७४

सरकार

बुद्धकालीन ब्राह्मण

नं० ४६६७४

[संग्रह – १]

आचार्य

भिक्षु अमृतानन्द

प्रकाशक

आनन्द कुटी विद्यापीठ

स्वयम्भू, काठमाडौं,

नेपाल ।

भा. रु. ५/-　　ने. रु. ७/-

प्रकाशक :
आनन्द कुटी विद्यापीठ,
स्वयम्भू, काठमाडौं,
नेपाल।
फोन : ११११६३

(सर्वाधिकार सुरक्षित)

R 694
AMR
2020.

बुद्धाब्द : २५१५

प्रथमावृत्ति : १५००

मुद्रक :
नेपाल प्रेस
काठमाडौं,
नेपाल।
फोन : ११०३९

२३।१२।४६६७४

५६५.८ दि आ ५०
४६६७४ प्रति

स्वर्गीय

श्री ५ महेन्द्र वीर विक्रम
शाहदेवका स्मृतिमा ।

शुभ–कामना

आजको युगमा भगवान बुद्धका उपदेशहरू समसामयिक महत्वका सिद्ध भएका छन् । यस सन्दर्भमा "बुद्धकालीन ब्राह्मण" जस्तो संग्रहद्वारा भिक्षु अमृतानन्दजीले गर्नु भएको प्रयास सफल होस् भन्ने शुभ-कामना व्यक्त गर्दछु ।

कीर्तिनिधि विष्ट
प्रधानमन्त्री
नेपाल ।

प्रकाशकीय

यस आनन्द कुटी विद्यापीठका संस्थापक श्रद्धेय अमृतानन्द महास्थविरको परिश्रमद्वारा आधुनिक मानवका लागि अत्यन्त उपयोगी बौद्ध ग्रन्थहरूका श्रृंखलाको यो पहिलो चरणको 'बुद्धकालीन ब्राह्मण' [संग्रह-१] यस विद्यापीठबाट प्रकाश गर्न पाएकोले विद्यापीठका उपलब्धीहरू मध्येमा अर्को एक 'बहुजन हिताय बहुजन सुखाय' चरितार्थ हुन गएको छ। संस्थापकज्यूबाट यस विद्यापीठको उत्तरोत्तर वृद्धिका निम्ति जे जति अथक प्रयास भएको छ त्यसको उल्लेख यहाँ गरिरहनु आवश्यक ठान्दिन, सबैमा विदितै छ।

त्रिपिटक मूल पालिबाट अन्वेषण गरी राष्ट्र-भाषा नेपालीमा लेखी प्रस्तुत ग्रन्थ प्रकाशनार्थ विद्यापीठलाई दिनु भएकोले हामी वहाँप्रति अझ बढी ऋणी छौं। प्रकाशन सम्बन्धी सम्पूर्ण खर्च व्यहोरिदिनु भएका उदार हृदयी श्री साहु राध्येश्याम-लाई यस विद्यापीठ हार्दिक धन्यवाद नदिई रहन सक्तैन। अस्तु।

सेक्रेटरी

तीर्थनारायण मानन्धर

२०२८ चैत्र २१ गते। आ. कु. वि., स्वयम्भू।

Preface

Some months ago, I was staying at Palpa Tansen for Ayurvedic treatment. As I came to know that the treatment would take not less than three months, I decided that I should not remain idle for so many months and took up, according to my pre-arranged programme, the study of the *Tripitaka,* edited by *Navanalanda Mahavihara* and published in Devanagari Script in a modern scientific version. I took notes as I went on pursuing my study. My curiosity led me on to the pursuit of finding out specially the Buddha's meetings with various persons and what the Buddha had preached to them. In other words, it came, in effect, to be a stringing together of all the personages whose names were scattered in different discourses and who had come in contact with the Enlightened One. I began my perusal of the works on 29.7.1971. and started taking notes from 12. 9. 1971. This was completed on 4. 12. 1971. when I returned to Kathmandu. I made notes from the *Dighanikaya,* the *Majjhimanikaya,* the *Samyuttanikaya,* and the *Anguttaranikaya* of the *Suttapitaka,* from

the *Suttanipata,* the *Udana* and the *Patisambhidamagga* of the *Khuddakanikaya* and from the *Parajikapali,* the *Pacittiyapali,* the *Mahavaggapali* and the *Cullavaggapali* of the *Vinayapitaka.* Then I drew up the index, arranged in alphabetical order. This index gave me a picture of the various characters in the different texts. I came to know when and where *Brahmins,* householders *Upasakas, Upasikas, Parivrajakas,* members of the royal family, *Bikshus, Bikshunis* and *Devatas* had met the Enlightened One. Then I began with the compilation of the Brahmins. I hope my efforts would help the Nepalese in search of knowledge and scholars yearning for a more profound knowledge of Buddhism, along with Buddhist literature, history, contemporary dress, political ideologies, social customs and economic conditions. I have tried my hand at Nepali, though, at times, I found it difficult to give proper expression and meaning in Nepali because of my limited knowledge. I chose Nepali in the belief that works about Buddhist literature in Nepali, besides enhancing the glory of the Nepali Language, will be a good addition to the ever-increasing treasures in Nepali. Among hundreds of Brahmins, only thirty-one persones, found in forty-two *Suttas,* are included in the present work : "Buddha's Contemporory Brahmins."

The main aim of drawing upon the original source of

the *Tripitaka* is to make the readers acquaint themselves with the history of the Buddha's times from authoritative and authentic Suttas. It will not be out of place to say something about what the *Tripitaka* is :

Tripitaka

The *Tripitaka* is the treasure of the Word of the Master, preserved by the continuous traditions of *Acharyas* (Teachers), in the history of the *Sthaviras*. Here mention may be made of historical facts as to how the *Tripitaka* has been preserved through the centuries down to our modern times.

It has been accepted by the Buddhist world that 2515 years have passed since the Maha Parinirvana (the Passing Away) of the Sakyamuni. Accordingly it has been established that the Buddha was born in 567 before Bikram Samvat and that the Maha Parinirvana took place in the year 487 before Bikram Samvat.* (543. B. C.)

---

* The Late Rahula Sankrityayana in his Buddhacharya places the year of the Buddha's Maha Parinirvana at 426 before Bikram Samvat. This makes a difference of 61 years.

The First Council

Three months after the Maha Parinirvana of the Buddha at the age of 80, the Venerable Mahakasyapa, the General President of the Council, with the permission of the Great Council of 500 Arahat monks, asked questions on the Vinaya from Upali and on the *Dharma* from Mahasthavir Ananda, who was close to the Buddha. The Council was held under the patronage of King Ajatasatru. To preserve the Word of the Master preached for 45 years, the Convention was called in Rajagriha, the capital city of Magadha at the Saptaparni Cave.* With the permission of the Great Council, the texts of the *Vinaya* and the *Dharma* were agreed upon and settled. According to the *Sumangalavilasini*, the Council began its deliberations on the fifth day of the dark half in the month of Sravana and ended seven months later. According to the *Deepavansa* the following Mahasthaviras, who occupied the foremost place, were present in the Great Council :

* According to the Tibetan tradition, however, it is supposed to have taken place at the Nigrodha Cave. The account of Aswaghosha locates it at the Indrasala Cave, on the mount Gridhakuta. None the less, there is no dispute about the fact that it was at Rajagriha that the First Council met.

"*Mahakasyapa,* who was foremost in Dhutanga (Austere practises), *Ananda* Mhasthavir, who was foremost, in Bahusruti (learning), *Upali* Mahasthavir, who was foremost in the Vinaya, *Anuruddha* Mahasthavir, who was foremost in Divyachakshu (the divine eye), *Vangisa* Mahasthavir, who was foremost in Pratibhana-Pratisambhida (the art to comprehend and to be comprehended), *Purna* Mahasthavir, who was foremost in preaching, *Kumar Kashyapa* Mahasthavir, who was foremost in Vichitrakathika (eloquence), *Mahakatyayana,* who was foremost in Vibhajya (analysis), *Kotthita* Mahasthavir, who was foremost in Pratisambhida (excellence)."

The Second Council

The Second Council, like the First, was convened 100 years after the Maha Parinirvana of the Master, at *Vaishali* at the *Valukarama*, in the year 387 before Bikram Samvat, (443 B. C.) under the patronage of King *Kalasoka,* and under the General Presidentship of *Revata* Mahasthavir.

The controversy about the interpretation of Vinaya (rules) neccessitated the convention of this Council, to decide heretical and non-heretical views, which were specially raised by *Vrijiputraka* monks. In this great Asse-

mbly, there were 700 Mahasthaviras, versed in Pratisambhida (analytical knowledge), *Sarvakami* Mahasthavir, disciple of *Ananda* Mahasthavir, who had seen and met the Buddha and had lived 120 years after his Upasampada, was present there. *Revata* Mahasthavir, the General President of the Council, put questions to *Sarvakami* Mahasthavir and *Yasa* Mahasthavir about the Dharma and Vinaya, and their replies, as in the First Council, were agreed upon and adopted. The assembled Mahasthaviras were well-versed in the unbroken traditions of Dharma and Vinaya. The Council commenced on the full moon day of the bright half of the month of Sravana and concluded eight months later. The young monks who did not agree with the tradition of the Mahasthaviras, convened a separate council, which was attended by 1000 younger monks. Since then they have been called Mahasanghika.*

The Third Council

The third Council was held in *Pataliputra* at the *Asokarama,* 218 years after the Passing Away of the

* This marks the origin of the word Mahayana though the schism of Mahayana took place at a much later date.

Master, in the year 269 before Bikram Samvat (225 B.C.) under the royal patronage of *Ashoka* the Great. *Moggaliputta Tissa* was the Presiding Elder.

The Buddhhist monks, including Sthaviras and Mahasanghikas, had broken up into 18 sects. Those who accepted the non-separatist doctrine of the Buddha were selected from the rest. When the purge was complete, the presiding Elder, *Moggaliputta Tissa,* convened the Third Council. One thousand monks, who were versed in Pratisambhida, were present. The Council concluded its deliberations in nine months. This Council adopted the *Kathavatthu* Prakarana, written by *Moggaliputta Tissa,* refuting heretical separatism as part of the *Tripitaka.* By then *Moggaliputta Tissa* had lived for 72 years after his Upasampada.

Since the time of the First Council, the Dharma and Vinaya handed down by the unbroken tradition of *Acharyas,* was divided into three divisions (Three Baskets) hence its name, *Tripitaka.*

Dharma-Vinaya

Tripitaka

Sutta Pitaka	*Vinaya Pitaka*	*Abhidhamma Pitaka*
1. Dighanikaya	1. Parajikapali	1. Dhammasangini
2. Majjhimanikaya	2. Pacittiyapali	2. Vibhanga
3. Samyuttanikaya	3. Mahavaggapali	3. Dhatukatha
4. Anguttaranikaya	4. Cullavaggapali	4. Puggalapannatti
5. Khuddakanikaya	5. Parivarapali	5. Kathavatthu
		6. Yamaka
		7. Patthana

Khuddakanikaya:

- i Khuddakapatha
- ii Dhammapada
- iii Udana
- iv Itivuttaka
- v Suttanipata
- vi Vimanavatthu
- vii Petavatthu
- viii Theragatha
- ix Therigatha
- x Jataka
- xi Niddesa
  - i Mahaniddesa
  - ii Cullaniddesa
- xii Patisambhidamagga
- xiii Apadana
- xiv Buddhavansa
- xv Chariyapitaka

(a) The *Sutta Pitaka* Contains the following :—

i *Dighanikaya :* it has 34 Suttas, 3 divisions and 64 chapters.

ii *Majjhimanikaya :* it has 152 Suttas, 15 divisions and 80 chapters.

iii *Samyuttanikaya :* it has 7762 Suttas, and 100 chapters.

iv *Anguttaranikaya :* it has 9557 Suttas and 2000 chapters.

v *Khuddakanikaya :* it has 15 books as included in the above list.

(b) The *Vinaya Pitaka* Contains the following :—

i *Parajika Pali :* it has more than 200 rules.

ii *Pacittiya Pali :* it has more than 300 rules.

iii *Mavagga Pali* and iv *Cullavagga Pali* — They have 20 divisions and 80 chapters.

v *Parivara Pali:* it has 16 divisions and 25 chapters.

(c) The *Abhidhamma Pitaka* contains the following :—

i *Dhammasangini :* it has 7 divisions.

ii *Vibhanga :* it has 18 divisions.

iii *Dhatukatha* : it has 14 divisions.

iv *Puggalapannatti* : it has 6 divisions.

v *Kathavatthu* : it has 1000 Suttas.

vi *Yamaka* : it has 10 Yamakas (Pairs).

vii *Patthana* : it has 24 Pratyaya* (Couse and Effect).

The *Tripitaka* contains in all eighty-four thousand (divisions); of these eighty-two thousand Dharmaskandhas are from the Buddha and two thousand Skandhas are from the disciples.*

Ashoka the Great despatched missionaries for the propogation of the Noble Doctrine beyond the borders of India (Jambudipa). *Mahindra,* the son of *Ashoka,* and *Sanghamitta,* his daughter, went to Ceylon. *Ashoka* sent missionaries to Greece, Syria, Egypt and Burma (Suvarna Bhumi).

When *Mahindra* reached Ceylon in the year 351 before Bikram Samvat (307 B. C.), 236 years after the Passing Away of the Master, Ceylon was ruled by King *Tissa,* "beloved of the gods." *Mahindra* converted the King and his people to Buddhism.

---

* Samantapasadika.

The Fourth Council

In Ceylon in 79 B. C., during the reign of King *Vattagamani,* the *Tripitaka* was compiled and written down in the form of books. This was done after the Fourth Council.

The fifth Council

The fifth Council was held at Mandaly, upper Burma, in 1871 C.E. under the patronage of King *Mindon.* There the whole *Pali Tripitaka* was revised, re-edited and finally engraved on 729 marble slabs :—

Vinaya :	111 slabs.
Sutta :	410 slabs.
Abhidhamma :	208 slabs.

The Sixth Council

In the 20th Century, the Sixth Council was held in Rangoon, the capital city of Burma, in the artificially built Rock Cave specially constructed for the purpose. Two thousand and five hundred of the most erudite Bhikkhus

took part in it. This Sangayana, as it was called, was begun on the 17th May, 1954 and concluded on the full moon day of May (Vaishakha Purnima) 1956. Thereafter the *Tripitaka,* thoroughly revised, has been printed in the most modern lines. In this way, the *Tripitaka* has been preserved by the unbroken tradition of *Acharyas* (teachers).

The Present Volume

It is mentioned in the *Tripitaka* that Magadhi was the popular language of the people in which the Buddha preached his doctrine. The present volume contains the translation of the *Suttas* of the *Suttapitaka* :

1. 5 Suttas from the *Dighanikaya.*[1]
2. 7 Suttas from the *Majjhimanikaya.*[2]

---

[1] 1. Dhatu Vibhajana-Parinibbana Sutta. 2. Subha Sutta, 3. Ambattha Sutta, 4. Tevijja Sutta and 5. Agganna Sutta.

[2] 1. Sangarava Sutta, 2. Brahmayu Brahmana Sutta, 3. Canki Sutta, 4. Esukari Sutta, 5. Culakamma Vibhanga Sutta, 6. Subha Sutta and 7. Vasettha Sutta.

3. 18 Suttas from the *Samyuttanikaya.*[3]
4. 10 Suttas from the *Anguttaranikaya.*[4]
5. 2 Suttas from the *Suttanipata.*[5]

The following list gives the names of Brahmins who had met the Buddha and the places of their meetings :

1. *Jatabharadvaja* Brahmana
2. *Ahinsakabharadvaja* "
3. *Matriposaka* "
4. *Dhanapati* "
5. *Ahankari* "
6. *Bhikshuka* "
7. *Udaya* "
8. *Sangarava* "

— They met at Jetavana Vihara, *Sravasti.*

[3] 1. Mahasala Sutta, 2. Manatthaddha Sutta, 3. Dhananjani Sutta, 4. Akkosaka Sutta, 5. Asurindaka Sutta, 6. Vilingika Sutta, 7. Aggika Sutta, 8. Ahimsaka Sutta, 9. Unnabha Sutta, 10. Unnabha Brahmana Sutta, 11. Matuposaka Sutta, 12. Bhikkhaka Sutta, 13. Khomadussa Sutta, 14. Navakammika Sutta, 15. Sangarava Sutta, 16. Udaya Sutta, 17. Lokayata Sutta, and 18. Jata Sutta.

[4] 1. Samacitta Vagga, 2. Ujjaya Sutta, 3. Ujjaya Sutta, 4. Dutiya aggika Sutta, 5. Tikannaka Sutta, 6. Karanapali Sutta, 7. Pingiya Sutta, 8. Samacitta Vagga, 9. Dona Sutta and 10. Dona Sutta.

[5] 1. Vasala Sutta and 2. Pingiya Manava Puccha.

9. *Ujjaya* — the place is not mentioned.

10. *Aggika* Bharadvaja—at Sravasti when the Buddha was on his alms round and at Kalandaka Woods of Venuvana, *Rajagriha*.

11. *Aramadanda* Brahmana—on the bank of Kaddamadaha in *Varana,* he had met *Mahakatyayana.*

12. *Khomadussaka* Brahmana—in the settlement of the *Khomadussa* Sakyas.

13. *Bharadvaja* Brahmana—at Kalandaka Nivapa, in the Bambu-grove, *Rajagriha.*

14. *Akkosaka* Bharadvaja— do do do do

15. *Asurinda* Bharadvaja— do do do do

16. *Vilingika* Bharadvaja— do do do do

17. *Sangarava* Manava—in the mango grove of Todeyya Brahmana, *Chandalakappa.*

18. *Pingiyani* Brahmana—Kutagara-Hall, in the Mahavana, *Rajagriha.*

19. *Unnabha* Brahmana—met Ananda at Ghositarama, *Kaushambi.*

20. *Uggatasarira* Brahmana—at Ghositarama, *Kaushambi.*

21. *Kandarayana* Brahmana—he had met Mahakatyayana at Mathura, *Vrindavana.*

22. *Trikarnaka* Brahmana—the place is not mentioned.

23. *Drona* Brahmana—at the cross-road between *Ukkattha* and *Setabya.*

24. *Lokayatika* Brahmana—at Jetavana Vihara, *Sravasti.*

25. *Navakammika* Brahmana—in a wood in *Koshala.*

26. *Brahmayu* Brahmana—at Mithila, the capital of *Videha.*

27. *Chanki* Brahmana—at Devabana of the village of Opasada, *Koshala.*

28. *Esukari* Brahmana—at Jetavana Vihara, *Sravasti.*

29. *Subha Manava*— do do do
met *Ananda* " " "

30. *Pokkharasati* Brahmana—at the Icchanangala wood of Icchanangala village, *Koshala.*

31. *Vasettha* and *Bharadvaja* Manavas—on the bank of the Achiravati in the village of Manasakata, *Koshala* and Purvarama Vihara, *Sravasti.*

Bhikkhu Amritananda

Ananda Kuti
Kathmandu,
N E P A L.
5-4-1972

नं. ४६७४

भूमिका

तत्कालीन परिस्थिति अनुसार सर्वतोमुखी प्रतिभा सम्पन्न मागधी भाषा पालि) मा लेखिएको 'त्रिपिटक' द्वारा अनुवादित प्रस्तुत "*बुद्धकालीन ब्राम्हण*" (संग्रह-१) नेपाली-साहित्य-उद्यानलाई हराभरा गराउने मालीहरूमै सम्मिलित हुन आएको छ। यति मात्र होइन नेपाली साहित्यको अभाव र खाँचोलाई परिपूर्ति गर्ने बौद्ध दार्शनिक साहित्यको पहिलो ग्रन्थ हो भने पनि हुन्छ। हुनता यस्ता ग्रन्थहरूमा नेपाली साहित्यको इतिहासको क्रम र त्यसमा होष्टे हैंसे गर्नेहरूले पहिले नै विचार गर्नुपर्ने थियो। तर अभाग्यवश नेपाली साहित्यले त्यस्तो विषय वस्तुसँग सम्बन्ध राख्ने बौद्धिक तथा साहित्यिक प्रतिभा फेला पार्न सकेको थिएन। जसलेगर्दा आजसम्म यसको खाँचोको खाँचैथियो। अब यसको पूर्ति - भाषा विशेषज्ञ आचार्य भिक्षु अमृतानन्द महास्थविरद्वारा—हुन आएको र यसैगरी क्रमशः हुँदैजाने आशा समेत भएकोले नेपाली साहित्यिक सन्सारमा विचरण गर्ने र गरिटोपल्नेहरू वहाँको ऋणी नभइ छोड्दैनन् र

यसबाट मुक्त पनि हुन सक्तैनन् भन्ने कुरालाई त इतिहासले सँगाले र राख्ने नै छ ।

× × ×

यसै सन्दर्भमा ग्रन्थकारको छोटो परिचय सम्बन्धी सिंहावलोकन गराउनु पनि त्यत्तिकै आवश्यकता छ जति आवश्यकता, ग्रन्थकारले नेपाली साहित्यको खाँचोटार्न देख्नु भएको छ ।

कर्तव्यनिष्ठ व्यक्ति नै आफ्नो लक्ष्यमा क्रमशः पुग्न सक्तछ भन्ने कुरालाई सार्थक पार्दै लैजानुहुने – अन्तर राष्ट्रिय क्षेत्रमा ख्यातिप्राप्त, विभिन्न भाषाका ज्ञाता तथा बहुमुखी प्रतिभा सम्पन्न बौद्धधर्मावलम्बी पूज्य भिक्षु अमृतानन्द महास्थविर (शाक्य-कुलोत्पन्न) बौद्धिक, साहित्यिक, दार्शनिक, धार्मिक (बौद्धधर्म) सामाजिक तथा सदाचारको क्षेत्रमा जति व्यक्तित्वशाली र क्रियाशील हुनुहुन्छ त्यतिनै मिलनसार, कारुणिक, शान्त र गम्भीर । हुन त यो कुराले गुणावलम्बीहरूलाई न ब्यूझाएको त होइन तैपनि वहाँको विभिन्न क्षेत्रको खास विशेष परिचय त जति अन्तरराष्ट्रिय क्षेत्रले पाएको छ त्यति हामीले पाउन सकेकाछैनौं भन्दा अतिशयोक्ति हुने छैन ।

सन् १९४२ मा (१९९८ बि. सं.) काठमाडौंमा पदार्पण गर्नु भएको (जन्मभूमि पाल्पा तान्सेन) पूज्य भन्तेले "आनन्द कुटी विद्यापीठ" (बौद्ध छात्रावास हाइस्कूल) र "आनन्द कुटी

साइन्स कलेज" मात्र खोल्नु भएको (संस्थापक) होइन यी दुवैको निमित्त आवश्यक उपकरणहरू समेत जुटाइदिनु भएको छ र अन्तरराष्ट्रिय क्षेत्रमा समेत प्रख्यात भइसकेका छन्। यो वहाँकै देनहरू मध्येको एक हो। त्यस्तै बौद्ध-धर्म-सम्बन्ध र अन्य-क्षेत्रमा पनि।

वहाँ जस्ता सात्विकगुणले सुशोभित बहुमुखी प्रतिभाशालीबाट विभिन्न ग्रन्थहरू नेपाली साहित्यले भित्र्याउन पाउनेछ भन्ने आशा राख्दै ग्रन्थको भूमिकातिर फर्केको छु।

× × ×

प्रस्तुत अनुदित ग्रन्थमा ३१ जना विद्वान ब्राह्मणहरू सम्बन्धी चरित्रणको चरित्र चित्रण ४२ सूत्रहरूको संकलनद्वारा भएको छ। एकातिर यस ग्रन्थको शीर्षकले जातिको सांकेतिक बोध गराएको छ भने अर्कोतिर जन्ममा आधारित वर्ण-भेदलाई अनुचित मान्दै कर्मद्वारा मात्र (तप, ब्रह्मचर्य, संयम आदिले) उत्तम ब्राह्मण बन्न सक्तछ भन्नेकुरालाई प्राधान्यता दिई भाव र अभावको होइन बल्कि सक्रियताका साथ परिवर्तनको उपदेश-मार्ग देखाएको छ।

दर्शन, विज्ञान, मनोविज्ञान, साहित्य-शैली, इतिहास, तुलना, कथनोपकथन आदिद्वारा मानसिक परिवर्तनको निमित्त शास्त्रीयढंगले प्रस्तुत गरिएको व्यक्ति चरित्र-प्रधान यस ग्रन्थमा प्राय सबै प्रकारका आवश्यकीय आभ्यन्तरिक तथा वाह्य वस्तुहरू

अभिष्ट मात्रामा पाइन्छन्। तैपनि दार्शनिक पृष्ठ भूमिको आधारमा वैयक्तिक चरित्रहरू पल्लवित, प्रस्तुत संकलित ग्रन्थ भएकोले नैतिक दर्शन सम्बन्धी पृष्ट भूमिमा नै विशेषतः आधारित भएको कुरा राग, द्वेष, मोहरूपी आगोलाई पानी जस्तै भई निभाउन सक्ने गुणका खानी महापुरुष गौतम बुद्धको उपदेशद्वारा प्रभावित भएका *खोमदुस्स* ब्राह्मण, *त्रिकर्णक* ब्राह्मण, जटाभारद्वाज ब्राह्मण, *ऊर्णाभ* ब्राह्मण आदिले जनाएकै छन् ।

विभिन्न दार्शनिक सम्प्रदायलाई भिन्नाभिन्नै स्तरमा राखेर 'दर्शन' शब्दको अर्थ गर्न अप्ठेरै पर्दछ । किनभने प्रत्येक दर्शनको विकासको मुख्य कारण नै - एक सम्प्रदायको अर्को सम्प्रदायसंग — सम्बन्ध तथा संघर्ष हुन आएकोले हो — भन्नेकुरा सबै दार्शनिक तथा अन्य विद्वानहरूले पनि मानेकै हुन् । हुनत यसले गर्दा दर्शन शब्दको अर्थ गर्नमा पनि कठिनाइ पर्न गएको हो ।

बुद्ध पूर्वका दार्शनिकहरूको भनाइ अनुसार 'वैशेषिक सूत्र' ले तत्व-चिन्तनलाई नै दर्शन मानेकोछ र शंकर र उदयनले पनि यसैलाई समर्थन गरेको देखिन्छ । साधारणतः हेर्नं हो भने दर्शन शब्दको व्युत्पत्ति 'दृश्' धातुबाटै भएको छ । यो शब्दको अर्थ हो 'हेर्नु' । यसबाट यो सिद्धहुन्छ कि प्रत्यक्ष अनुभव हुनु नै 'दर्शन' हो । यसैलाई सारांशमा भन्ने हो भने सबै दार्शनिक सम्प्रदायको आ-आफ्नै सोचाइ अनुसार "आत्माको यथार्थ ज्ञान" गर्नु नै 'दर्शन' हो ।

प्रस्तुत ग्रन्थ अनुसार सबै दुःखहरूको आत्यन्तिक उच्छेदको अवस्थालाई नै *'निर्वाण'* भनिएको छ र यही नै दर्शन हो। त्यस्तै *सङ्गारव* नामक ब्राह्मणको बुद्धसँग भएको प्रश्न र कथनोपकथनद्वारा पनि के प्रष्ट हुन्छ भने त्यस अवस्थाको नाम *'निर्वाण'* हो, जब आस्रवहरू क्षीणभइ सक्तछन्। जबसम्म अविद्या अर्थात अज्ञानताको कारणले नै आस्रवहरू रहन्छन् र यसको समूलोच्छेद प्रज्ञाद्वारा हुन्छ – भन्ने कुरालाई 'बोधिलाभ' नामक शीर्षकले विस्तृत गम्भीर भएर पनि छोटो र सरलरूपमा मार्मिक शब्दहरूद्वारा प्रस्तुत गरिदिएको छ भने योग (समाधि) को साथै व्यावहारिक रूपमा आत्मसंयम, मानसिक सन्तुलन, विश्वास र उत्प्रेरणा आदिद्वारा मनुष्य ज्ञान-मार्गको उपान्तसम्म पुग्न सक्छ र मानवजीवनमै मनुष्यले देवताको रूप पनि लिन सक्तछ भन्ने कुरालाई पनि प्रतीक तथा स्रष्टाको रूपमा महापुरुष गौतम बुद्धलाई मान्न सकिन्छ। त्यस्तै सबैभन्दा उच्चकोटीको प्रत्यक्ष ज्ञान पनि योग (समाधि द्वारा नै हुनसक्तछ भन्नेकुरा 'चतुरार्य सत्य' ले पुष्टि गरिदिएको छ र प्रस्तुत ग्रन्थको सूत्रबाट पनि। हुनत 'योग सूत्र' ले पनि *'योगः चित्तवृत्तिः निरोधः'* भनेर भनेको छ।

४८७ विक्रम पूर्व (८० वर्षको उमेर) मा महापुरुष गौतम बुद्धको परिनिर्वाण भएको हो। यस कुराको संकेत द्रोण सुत्तको 'धातु-विभाजन' शीर्षकले पनि गर्न सक्तछ। हुनत महापुरुष गौतम बुद्ध स्वयंको लिखित रूपमा कुनै पनि उपदेशहरू

पाइदैनन् नत बौद्ध-सम्प्रदाय सम्बन्धी कुनै ग्रन्थ तत्कालीन रचना नै हो। तैपनि आज बुद्धोपदेश तथा अन्य संकलित - प्राचीनतम बौद्ध साहित्य – प्रवचन, सूक्ति, कविता, कहानी अथवा आचार सम्बन्धी नियमहरूको संकलन नै तीन महा संकलनको रूपमा परिवर्तित भई 'पिटक' को रूप लिएर विभिन्न दार्शनिक तथा साहित्यिक सन्सारको अगाडि परिचित हुन आएको छ। यिनै तीन महासंकलनलाई नै 'त्रिपिटक' भनिएको हो। मागधी (पालि) भाषामा लेखिएका यी पिटकहरूको नाम भिन्नाभिन्नै छन्। जसमा भिक्षुहरूको अनुशासन सम्बन्धी आचरणहरूको समुल्लेख भएको छ त्यसलाई 'विनय पिटक', जसमा बुद्ध-धर्म र बुद्धका मौलिक उपदेशहरूको जानकारीको श्रोत पाइन्छ त्यसलाई 'सुत्त पिटक' र जसमा उच्च तात्विक विषय-वस्तु लाई मनोवैज्ञानिक तथा दार्शनिकढंगले प्रस्तुत गरिएको छ त्यस लाई 'अभिधम्म पिटक' भन्दछन्। यीनै तीन ग्रन्थहरूलाई नै मूल ग्रन्थ मानिएको छ। हुनत यस बाहेक पनि औचित्य तथा विद्वत्तापूर्ण तरिकाले कथनोपकथनको वर्णन गरिएको मिलिन्द प्रश्न (मिलिन्द पन्हो) जस्तो स्वतन्त्र ग्रन्थ पनि मागधी भाषामा नभएको होइन। उक्त पिटकहरू अंग्रेजी, जर्मनी र जापानी, सिंहली र बर्मी हिन्दी आदि जस्ता विकसित भाषामा अनुदित भइसकेका छन्। केही केही भाग संस्कृत, फ्रेञ्च, चिनी आदि भाषामा पनि।

प्रस्तुत ग्रन्थ यिनै पिटकहरूबाट रसाएर नेपाली साहित्यिक

उद्यानलाई सिञ्ची वासन्तिक स्वरूप प्रदान गर्ने काममा सरीक हुन आएको छ। यसमा नेपाली तथा अन्य भाषा भाषीहरूले पनि गौरव मान्नु पर्दछ।

बौद्ध दार्शनिक सम्प्रदाय बुद्ध पछि नै खडा भएको प्रतीत हुन्छ तापनि महापुरुष गौतम बुद्धको हृदयमा खास गरेर मानव-दर्शनले नै आवास गरेको परिलक्षित हुन्छ। अर्थात् आचार शास्त्र र धर्म शास्त्रीय आदर्शको प्रतिपालन बुद्धद्वारा विशेष रूपमा भएको छ भन्नेकुरा प्रस्तुत ग्रन्थले अवबोध गराएको छ र वहाँको नैतिक दर्शनलाई नरुचाउने कुनै पनि व्यक्ति पाउनु असम्भव जस्तो लाग्दछ भन्ने कुरा पनि। पुनः काम रागको बन्धन, लोभ र ममतालाई तुच्छ ठानी आपसमा प्रेम पैदा गराई मेल गराउँदछ भन्ने कुरा *'आराम दण्ड ब्राम्हण'* बाट प्रतिबिम्बित भएको छ।

हुनत बुद्ध शिक्षाको संयुक्त कथन चार आर्यसत्यकै अन्तरगत छ। जस्तै (१) दुःख (२) दुःखको कारण (३) दुःख निरोध (४) दुःख निरोधको उपाय। यसैभित्र प्रतीत्यसमुत्पाद पनि आउँदछ। प्रतीत्यसमुत्पादको अर्थ हो प्रत्यय, अर्थात् कारणद्वारा उत्पत्ति हुनु। जब प्रत्ययको तिरोभाव हुन्छ तब कार्यको पनि विनाश हुन्छ। भनाइको तात्पर्य हो यस दर्शनले असत्कार्यवाद मान्दछ। यो अनित्यवादको अनिवार्य परिणाम हो—किनभने—कारण र कार्य दुवै अनित्य छन्। कारण तिरोभाव भएपछि कार्यको पनि तिरोभाव हुन्छ। कार्य कारणको

अस्तित्व रहँदैन। कार्यको उत्पत्ति हेतु र संघातबाट हुन्छ। त्यसैले प्रतीत्यसमुत्पादको नियमले भूत, भविष्य र वर्तमान तीनै कालमा काम गर्दछ। यो अनादि र अनन्त छ। त्यसैले महापुरुष गौतम बुद्धले दिनु भएको उपदेश अनुसार 'जसले प्रतीत्यसमुत्पाद जान्दछ त्यसले धर्म पनि जान्दछ। जो धर्मज्ञाता छ उ प्रतीत्य समुत्पादको पनि ज्ञाता छ' भन्ने कुरा सारांशमा बुझ्न सकिन्छ। रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान यी पञ्चस्कन्ध आफ्ना हेतु र प्रत्ययद्वारा उत्पन्न हुन्छन्। अर्थात् प्रतीत्यसमुत्पन्न हुन्। यसैमा 'द्वादश-निदान' र 'निर्वाण' को सिद्धान्त पनि सम्मिलित भएको छ। यी सिद्धान्तहरू खासगरेर दार्शनिक पृष्ठ भूमिमै उब्जेका हुन्।

बुद्धको दार्शनिक परम्परा ग्रीसका पूर्वकालीन दार्शनिकहरूको भन्दा पनि गतिशील छ। त्यसमा पनि उनीहरू भन्दा महात्मा बुद्धको दर्शनलाइ अझ उच्चस्तरमा हेर्न सकिन्छ भन्ने कुराको आभास दिलाउन प्रस्तुत ग्रन्थ समर्थ भएको छ र '*लोकायतिक ब्राम्हण*' ले पनि दार्शनिक विचार धाराको रङ्गमञ्च तयार पार्न खोजेको छ।

रूढीवादी परम्परा अनुसार यज्ञ यागादि र अरू विभिन्न साधनहरूद्वारा पूजाआजा गरी विश्वास प्राप्तगर्ने र ईश्वरप्रति आस्था नराख्ने महापुरुष बुद्ध यथार्थवादको उपासक हुनुहुन्थ्यो भन्नेकुरा 'बुद्ध चरित' तथा प्रस्तुत ग्रन्थको '*उद्गत शरीर ब्राम्हण*' को सूत्रमा कसी लगाएर हेर्दा पत्तालगाउन सकिन्छ। यतिमात्र

होइन "म यस्तो सिद्धान्तको उपदेश दिन्छु जसबाट यही जीवनमा उत्पन्न हुने चित्तोन्मादलाई समन गर्न सकियोस्" त्यस्तै 'आत्म शान्ति दिलाउनु' जस्ता उपदेशहरूको आदर्शमा राखेर हेर्दा बुद्ध वास्तविक व्यावहारिक दर्शनमा पनि तल्लीन तथा क्रियाशील हुनुहुन्थ्यो भन्नेकुरा परिलक्षित हुन्छ ।

हुन पनि बुद्धले दिनु भएका उपदेश तथा मार्गहरू वास्तविक धर्म (कर्तव्य) का मार्ग हुन् । तर ईश्वर विहीन । बुद्धेतर दार्शनिक सम्प्रदायहरूका अनुयायीहरूले बुद्धलाई 'नास्तिक' पनि भनेका छन् । तर बुद्ध वास्तविक नास्तिक हुनुहुन्नथ्यो भन्ने कुरालाई यस ग्रन्थले नास्तिक र आस्तिकको परिभाषा गरेर देखाइ दिएको छ । अन्यथा बाह्य दृष्टिकोणले मात्र हेरे पनि, '*सङ्गारव माणव*' मा "हे भारद्वाज! लोकमा देवता छ भन्ने कुरालाई सबैले उच्चस्वरले भनेकै छन" भनेर भन्नु पर्ने कारणै थिएन । तर चाहे देवता, चाहे मनुष्य, चाहे पशु पक्षी जे हुन् ता सबै प्रतीत्यसमुत्पादकै सिद्धान्त अन्तर्गत पर्दछन् भन्ने कुरामा यस ग्रन्थले विश्वस्त पारि दिएको छ । बरू बौद्ध दर्शन अनुसार वेदान्तादि दर्शनहरू नास्तिकताको बाटोमा आउन सक्तछन् । किनभने ईश्वरको मान्यता धर्मको कुनै अनिवार्य अङ्ग होइन । यसै प्रसङ्गमा कार्लमार्क्सको सम्झना आउँदछ—उनी भन्दथे—'धर्म केवल भ्रम मात्र हो ।'

प्रस्तुत ग्रन्थमा भएका चरित्रहरूको चित्रण छोटो भएर पनि जसरी गहिरिएर गएको छ त्यसरी नै स्वयं बुद्धले गर्नु भएको

व्यक्तित्व वर्णन पनि। जस्तै— रूप, वेदना, संज्ञा संस्कार र विज्ञानलाई नै पञ्चस्कन्धको संघात मानेर रूपस्कन्धबाट शरीर र अरू चारबाट मानसिक अवस्थाको वर्णन भएको पाइन्छ त्यसरी नै यहाँ उक्त संघातलाई अस्थायीरूप दिएको छ। अर्थात् आत्मा र भौतिक जगत यी दुवैलाई बगेको पानी र निम्न लागेको आगोको ज्वालासँग तादात्म्य रूपमा दाँजिएको छ। यसबाट यो प्रष्ट भएको छ कि कुनै वस्तु पनि स्थायित्वबाट बाहिर हुन्छन्। यसै कुरालाई प्रस्तुत ग्रन्थले सूक्ष्मरूपमा मूर्त्याएको छ। यस दृष्टिकोणबाट हेर्दा यसको महत्वपूर्ण देन यही पाइन्छ कि 'प्रत्येक वस्तु अविच्छिन्न प्रवाहरूपमा छन्' यहाँ यसोभन्दा अतिशयोक्ति हुने छैन कि प्रारम्भकालीन ग्रीक-दर्शन क्षेत्रमा जुन कुरा हैरेक्लाइटस्ले गरे त्यस्तै प्रारम्भकालीन आर्य दर्शन क्षेत्रमा बुद्धले दिनुभएका दार्शनिक मान्यताहरू प्रस्तुत ग्रन्थमा भएका विभिन्न उपदेशका सुमनरूपी गुच्छाहरूबाट सुवासित भएकै छन्। त्यस्तै द्वन्दात्मक दर्शन 'यो हो' 'यो होइन' बाट श्रीगणेश भएको पाउन सकिन्छ भन्दा पनि अत्युक्ति हुने छैन होला र वैज्ञानिकता पनि। उदाहरणको लागि भौतिकवादी *'लोकायतिक ब्राम्हण'* सँगको कथनोपकथन ग्रन्थमै प्रस्तुत छ। त्यस्तै *'जटा भारद्वाज'* आदिमा पनि…।

केही हदसम्म सांख्य दर्शनलाई छोडेर अरू दार्शनिक सम्प्रदाय (आर्य) हरू प्राचीन मान्यतालाई नाघ्न हिच्किचाउँदथे भने बुद्धले अन्धविश्वासको परम्परारूपी वृक्षलाई समूल उच्छेद

गन सुरु गर्नु भएको हो। यो बुद्ध-दर्शनको महत्वपूर्ण भूमिका तथा विशेषता हो। जस्तै *'उज्जय ब्राम्हण'* मा पशुबलि जस्ता यज्ञहरू निषेध गरिएको छ र हिंसाको घोर विरोध मात्र होइन— उज्जय ब्राह्मण जस्ता विद्वानलाई पनि मैन जस्तै बनाइदिएको छ।

जैन तथा मिमांसावादी र पाश्चात्य दर्शनले कुतुहल तथा नयाँ कुराको खोजीमा आफ्नो जग खडा गरेको छ भने बुद्ध-दर्शनले व्यावहारिक आवश्यकताको परिपूर्ति र नैतिकवल प्रदान गर्नको निमित्त आफ्नो मार्ग तयार पारेको छ भन्ने कुरालाई लिएर प्रस्तुत ग्रन्थका धेरै जसो कथाहरूले विगुल फुकेका छन्। अझै अर्को शब्दमा भन्ने हो भने अरू दार्शनिक सम्प्रदायको लक्ष—तर्कभन्दा पनि अगाडि पुगेको छ भने - यो सम्प्रदाय डावाँडोल भएको (अन्यायको पराकाष्टा —जहाँ छोराले पनि बाबुलाई निकाल्दथ्यो) सामाजिक र नैतिक जीवनको पुनरुत्थान गर्ने तर्कको परिपूर्तिमा कटिबद्ध भएको कुरा प्रस्तुत ग्रन्थको *'धनपति ब्राम्हण'* जस्ताले देखाइ दिएको छ।

दर्शनको विकासनै समाजको विकासको साथसाथै भएको छ भन्नेकुरा बुद्धकहाँ गाउँका गाउँ नै जान लागेको सुनेर विद्वान, धनीमानी *'चङ्की ब्राण्हण'* पनि गएबाटै अनुमान गर्न सकिन्छ।

जसरी अनित्यवाद तथा अनात्मवादको प्रतिपादन भौतिक तथा रहस्यवादको बीचमा बसेर मध्यम मार्गको रूपमा खडा भयो त्यसरी नै पश्चिमी दार्शनिक परम्परा पनि बसेको

हो। तर पश्चिमी (यूरोपिय) दार्शनिक परम्परा र आर्यदर्शनको परम्परामा भने भिन्नता छ। पश्चिमी दर्शनमा पूर्ववर्ती दर्शनहरूको विभिन्न टीका टिप्पणी गर्दै आफ्नो मत स्थापना गर्ने विद्वानहरू निस्के भने आर्यदर्शनमा पहिले नै केही मत मतान्तर स्थापना गर्ने दार्शनिकहरूकै अनुशरण गरेको पाइन्छ र सबभन्दा पछि— परिष्कृत रूपमा अति मानवीय काल्पनिक जगतमा मनलाई विचरण गराउने उद्देश्य नलिई यथाशक्य मानव जगतको सामाजिकतामा आवश्यक प्रतिनिधित्व गर्ने विचारको साथै क्रियात्मक तत्वचिन्तनलाई वास्तविकतादिन खडा भएको दर्शन बुद्धदर्शन नै हो। यसोभन्दा न त पक्षपात हुन्छ नत अघंलोपन। किनभने अरू दार्शनिक सम्प्रदायहरूको समाज उच्चस्तरीय बौद्धिकताको निमित्त मात्र सीमित हुन सक्तछ भने बुद्धदर्शन निम्न तथा उच्चस्तरीय (बौद्धिकतामा) व्यक्तिहरूको निमित्त साझा भण्डारको रूपमा पनि रहेको छ भन्ने कुराको परिशीलन गर्नको निमित्त प्रस्तुत ग्रन्थ नै पर्याप्त छ। अन्यत्र चिहाउनु पर्दैन। किनकि बुद्ध-दर्शनको खास उद्देश्य-चिन्तित तथा अन्य-प्रकारद्वारा पीडित समाजको अवस्थालाई येनकेन प्रकारेण सुधारगर्नु। जसरी ग्रीक दार्शनिक हैरेकूलाइटस् आए।

तत्कालीन विभिन्न साहित्यमा दार्शनिक साहित्यको पनि त्यत्तिकै महत्वपूर्ण स्थान छ जति अरुविषयका साहित्यहरूको। विभिन्न दार्शनिक सम्प्रदायमा झैं बुद्ध-दर्शनको मुख्य ग्रन्थ 'त्रिपिटक' मानिएको छ। त्यस्तै अरू सूत्र ग्रन्थ र जातकहरू पनि।

व्याख्याको रूपमा अर्थकथाले प्रसिद्धि पाएको छ। यस्तै गरी बौद्ध सम्प्रदाय सम्बन्धी साहित्यिक ग्रन्थहरू प्रकारान्तरले थपिंदै गएका छन्। यस साहित्यको बुद्धि वैभवको भण्डार जताबाट हेरे पनि त्रिपिटक नै हुन आउँछ। यसैलाई आधार मानेर बौद्ध साहित्यको परम्परा बसेको छ। यस साहित्यमा वैज्ञानिक तथा मनोवैज्ञानिक, प्रौढ तथा सरल र बौद्धिक साहित्यको खाँचो छैन। जुन कुरा प्रस्तुत ग्रन्थका कथा, कथनोपकथन, उपदेश र चरित्रहरूद्वारा पनि विभिन्न साहित्यिक अङ्गहरू पुरागर्न सकिन्छ भने मुख्य ग्रन्थको विषयमा त कुरै भएन।

४२ सूत्र-संकलित प्रस्तुत ग्रन्थमा तत्कालीन यथार्थवादी आदर्शता विशेषरूपमा देखाइएको छ भने कोरा कल्पनाको सन्सार उजेलिएको देखिदैन। नत यहाँ आदर्शवादले संश्लेषणको बाटो मात्रै अँगालेको छ, नत कुनै बौद्धिकस्तरको आदर्श मात्र यहाँ पाइन्छ। हो, आदर्शवादी विचारधारा अवश्य पाइन्छ तर अन्यत्र भन्दा यहाँको आदर्शवाद गतिशील देखिन्छ। जस्तै "*आक्रोशक भारद्वाज*" मा 'रिसाहामाथि न रिसाउनेले दुर्जय संग्राम जित्छ" आदि जस्ता उपदेशहरूलाई कोराकल्पनामा आधारित आदर्श भन्न सकिंदैन।

सरसर्ती हेर्दा बिषय-वस्तु सरल जस्तो देखिए पनि गम्भीर तथा विस्तृत क्षेत्रलाई अँगालेको छ— नैतिक, बौद्धिक, मानसिकतत्व तथा व्यक्तित्वको आचरणलाई ध्यानमा राखेर हेर्दा। त्यस्तै यस भित्रका चरित्रहरूमा कतै कतै विरोधाभास

जस्तो पनि देखिन्छ बुद्ध दर्शनको परिवेशमा रङ्गमङ्गिदा। तर सूक्ष्म दृष्टिले हेरिदिएको खण्डमा प्रत्यक्ष ज्ञानको नयाँ आलोक देखिन्छ।

आत्म-शक्तिको विकास तथा स्वकार्यद्वारा नै मानिसले आफुलाई बनाउँछ भन्ने कुराको साथै शरीरलाई गौण मानेर आत्म (चित्त) लाई क्षणिक विज्ञान-वस्तु मात्र मानेर पनि जन्मान्तर मानिएको छ। एक विज्ञान-वस्तुको अन्तिम विज्ञान सबै पूर्व विज्ञानका वासनालाई आत्मसात् गर्दछ र अर्कै नयाँ उपयुक्त शरीर धारणा गर्दछ। किन कि वासनाहरू अवचेतन संस्कार हुन्। यो आधारमा यहाँ आत्मालाई नित्यता मानेको छैन नत आत्माकै परिकल्पना गरेको छ तर विज्ञान-वस्तुको अविच्छिन्न प्रवाह भने अवश्य मानिएको छ र जन्मान्तरवाद पनि। जस्तै '*शुभमाणव*' बाट बाबुले कुकुरको जन्मलिएको उपदेशले गर्दा र सृष्टिको रहस्यमय अनन्ततामा प्रगाढ तथा परिपक्व विचार, विचार विनिमय र यसैको परिणामबाट ज्ञानको अभिवृद्धि गरी सफल कमण्यतामा पुन्याउन प्रस्तुत ग्रन्थ प्रमुख साधनाको रूपमा नेपाली भाषामा थपिएको छ।

जतिसुकै विद्वान भए पनि अहकार अभिसिञ्चित व्यक्तिले उचितलाई पनि अनुचित देख्दछ र अहङ्कारबाट उन्मुक्त भइसके-पछि पछुताएर सही बाटो अवलम्बन गरी खराब कामबाट निवृत्ति र असल कामको प्रवृत्तितिर लम्कने मार्ग यस ग्रन्थले सजिलैसँग देखाइ दिएको कुरा '*अहंकारी ब्राम्हण*' ले देखाइ दिएको

छ। आजको युग अनुसार पुराणापन्थी विचारधारा देखिए पनि नयाँ विचारधाराको संमिश्रण पनि भएको छ। त्यस्तै— आत्म विश्वासको प्रेरणा आत्म-ज्ञान, आत्मशुद्धि, जिज्ञासा, नैतिक उपदेश, मित्रता, संशय, अज्ञान आदिलाई सकभर सरल र रसिलो ढंगमा मार्मिक शब्दद्वारा पुनरालोकन गराएको छ भने आसुरी प्रवृत्तिलाई बहिष्कार गरी सत्विक प्रवृत्तिको आलोकमा पात्रहरूलाई नचाएको छ।

आत्म-शुद्धि त्यसवेला मात्र सम्भव हुन्छ जुनवेला आत्म-संयम हुन्छ। आत्म-संयमको निमित्त सत्य र अहिंसालाई नै मूल प्रवृत्ति मानिएको छ। क्रूरता तथा धूर्तंतालाई पशु प्रवृत्ति। त्यसैले यहाँ—यस सन्सारमा "सत्यकै जीत हुन्छ असत्यको पराजय" भन्ने सिद्धान्त चरितार्थ भएको मात्र होइन यस सिद्धान्तले गर्दा नै ग्रन्थको महत्व झन् बढेको छ। त्यस्तै त्याग र सहानुभूतिमा नै नयाँ समाजको स्थापना हुन सक्तछ भन्ने कुरा-लाई विभिन्न वयोवृद्ध, तरुण आदि विद्वानहरूलाई बुद्धोपदेशले जादूको काम गरेको छ र बुद्ध समक्ष उपस्थित भएका चाहे अभिमानी, चाहे गुणग्राही, चाहे प्रकाण्ड विद्वान् जोसुकै भए पनि—राग, द्वेष र मोहरूपी आगोलाई भस्याक् भुसुक् पार्न सक्ने महापुरुष बुद्धका—तुरुन्तै अनुयायी बनेका छन् भन्ने कुरालाई संकलित धेरै जसो सूत्रहरूले परिपुष्टि गरिदिएकै छन्।

जुन ज्ञान कार्यरूपमा परिणत हुनसक्तैन त्यस्तो ज्ञानलाई विष बराबर देखाई क्रियात्मक तथा रचनात्मक ज्ञानतिर ग्रन्थको

आन्तरिक विचारधाराले सुनौलो आभास फिंजाइ दिएको छ। सत्य, सत्यानुप्राप्ति, अहिंसा, न्याय, विश्वास, शील सौजन्य, सच्चरित्रता, मित्रता आदिलाई नै लोक धर्मको रूपमा स्वीकार गरी जो महापुरुषीय लक्षणले युक्त महापुरुष हुन्छ उ नै जनता तथा देशको अनन्य हितैषी हुन्छ भन्ने कुरालाई पनि चिनारी गराइ दिएको छ।

स्वभावबाटै मानिसको आन्तरिक तथा वाह्य आकृति प्रस्फुटित भएको हुन्छ भन्ने कुरालाई सुकरात, अरस्तू. होमर, डार्बिन र हर्बर्ट स्पेन्सर आदि जस्ता विद्वानहरूले जसरी मानेका छन् त्यसरी नै महापुरुष बुद्धको स्वभावमा निष्कापट्य, सरलता, पवित्रता तथा शुद्ध आत्मा र वाक्सिद्धिले गर्दा बुद्धसँगको संसर्गत के एक पटक मात्र भेट गरेपछि पनि प्रभावित तथा अनुयायी नबनी कोही पनि पराङ्मुख हुनसक्दो रहेनछ भन्ने कुरालाई पिष्ट पेषण गरिरहनु बेकार छ। त्यस्तै उमेर पुगेकाहरूलाई मात्र ज्ञानले अँगालो मार्दछ माणव वा माणवकलाई वास्ता गर्दैन भन्ने कुरालाई र 'सानो भनेर हेला गर्न हुँदैन' भन्ने उक्तिलाई पनि यस ग्रन्थले हरिताल लगाइ दिएको छ। साहस र सद्भावनाको मूल फुटाइ दिएको छ।

हुनत सत्यानुप्राप्तिगरी तृष्णालाई नाश गरेर दुःखको निरोध गर्ने सार यसग्रन्थले देखाएको छ (पिङ्गियबाट)। साथै जीवनको वाह्य तथा आन्तरिक शुद्धता, हृदयको पवित्रता र पवित्र आचरण-सम्बन्धमा बढी जोडर्दिदै, गृहस्थी र प्रव्रजितको

कर्म-क्षेत्रको प्रभेद र त्यसको फलको आस्वादन पनि गराएको छ। त्यस्तै अहङ्कार र अविद्याको नाश गर्ने लक्ष तथा अरू उपदेशहरू र यसै जीवनमै बोधिलाभ तथा निर्वाण प्राप्त हुन सक्दछ भन्ने कुरा पनि दर्शाएको छ (अर्थात् निर्वाण त्यसबेला हुन्छ जब पृथ्वी र स्वर्गीय सुखको इच्छा बिलकुल नष्ट भइसकेको हुन्छ)।

शाक्य कुलको उत्पत्ति र 'बुद्ध' कस्तालाई भन्दछन् भन्ने कुराको छोटो परिभाषा दिंदै शील, समाधि र प्रज्ञा यी तीन धर्मस्कन्धको महापुरुष गौतमबुद्ध वर्णवादी हुनुहुन्थ्यो भन्ने कुराको अवगत पनि संक्षेपमा गराइएको छ। यहाँ—इन्द्र, ब्रह्मा आदि देवताहरूलाई पनि मानिएका छ तर प्रतीत्यसमुत्पाद सिद्धान्तको आधारमा। स्वर्ग र नरकको विषयमा बुद्ध आस्था राख्नु हुन्छ भन्ने कुरा '*अग्गिक सुत्त*' आदिले देखाइ दिएको छ। त्यस्तै पुरुषको लोकोत्तर धर्म नै स्व धर्म हो र यो धर्म व्यक्तिगत स्वातन्त्र्य धर्म हो भन्ने कुरालाई पनि बिभिन्न विद्वान ब्राह्मणहरू बुद्धका शरणमा गएका घटनाहरूले नै देखाइ दिएका छन्। पुनः जातिवादको खण्डन, प्रलय र पदार्थको उत्पत्ति, जातिको उत्पत्ति, श्रमणको उत्पत्ति आदि र सृष्टिक्रम; तृष्णाले मानिसलाई कसरी जकड्याउँछ त्यसको फलको स्वाद कस्तो हुँदो रहेछ भन्ने कुराहरूलाई '*वाशिष्ठ र भारद्वाज ब्राम्हण*' ले छर्लङ्ग्याइ दिएको छ।

वाह्य पृष्ठ भूमिको आधारबाट मात्र हेर्दा पनि यो संग्रहमा भएका सबै सूत्रहरू उत्तिकै रोचक र उत्तिकै बहुमुखी ज्ञान गराउने भएकाले सबै उत्तिकै महत्वपूर्ण छन्। कसैमा कुनै न्यूनता पाइँदैन।

विषयवस्तुलाई दाँजी तत्कालीन समय र समाजलाई अगाडि राखेर हेर्दा —आभ्यन्तर दृष्टिकोणको पृष्ठ भूमिको आधारमा हेर्ने हो भने —यो अवर्णनीय जस्तै छ। यो त केवल ग्रन्थ परिचय गराउन खोज्ने धृष्टता मात्र हो। किनकि यस विषयमा स्वयं अल्पज्ञ छु।

× × ×

मौलिक ग्रन्थ लेख्न जति सजिलो पर्दछ त्यति नै अप्ठेरो अनुवाद गर्नमा। अनुवादकले केवल अर्काले बनाइ दिएको गोरेटोमा आँखा चिम्लेर भाषासंग प्रतिद्वन्दिता गरी दौडनु पर्दछ। राज-मार्ग बनाउने अधिकार हुँदैन। छ भने ठेस लाग्ने गरी गोरेटोमा रहेका गीर्खा गिर्खी जस्ता वस्तुहरूलाई मात्र ठाउँ र अवस्था हेरी एकातिर पन्छाई थन्को लगाइदिन मात्र सक्तछ।

हुनता अनुवादमा पनि मौलिकता नहुने होइन तर मौलिकता देखाउन थाल्दा ग्रन्थको तत्कालीन विचार र शैलीमा आघात पर्न सक्तछ। यसैले अनुवादक अन्योलमा पर्दछ र फेरि अर्कै बाटोतिर एक क्षण पछि दौडन करै लाग्दछ। यसको अर्थ यहाँ अनुवादकको मौलिकपन हुँदै नभएको होइन मौलिकपनत छ तर ग्रन्थको उद्देश्य र शैलीभित्रै बसेर मात्र।

कथानक शैलीमा लेखिएको प्रस्तुत ग्रन्थ मूल ग्रन्थबाट सकभर सह शैलीमै अनूदित भएको कुरा दोहोऱ्याइएका (एक पटक भनिसके वित्तिकै फेरि त्यही कुरा दोहोऱ्याउने) वाक्यादि

प्रयोगले देखाइदिएको छ। त्यस अवस्थाको भाषाशैली नै त्यस्तै थियो। त्यसैले अनुवादकज्यूले पनि उक्त शैलीलाई नै प्राधान्यता दिनु भएको बुझिन्छ। यसबाट पाठकहरूलाई कतै कतै आघात शैलीको आभास पर्नु स्वाभाविक जस्तै हुन आउँछ। तर पाठकहरूले तत्कालीन समय र समाजलाई ध्यानमा राखेर पढिदिएमा यसप्रकारको दोषबाट ग्रन्थ बच्न पनि सक्तछ। हुनत ग्रन्थकर्ताले भरसक भाषाशैलीलाई सरल र सरस बनाउन प्रयास गर्नु भएको देखिए पनि मूल ग्रन्थको शैलीतिर पनि विशेष ध्यान नदिई नहुने कुरा पनि सर्वमान्य छ। फेरि भाषा, व्याकरण, कला, भाव, लालित्य आदि सबै कुरालाई एकै पटक समाल्न र सहशैलीमा अनुवाद गर्न जुन परिश्रम पर्दछ त्यो भनिरहनु पर्दैन। ठाउँ ठाउँमा भएका मागधी (पालि) भाषा शब्द प्रयोगले शैलीलाई कुनै आघात पारेको छैन। बरू नेपाली भाषासंग झण्डै झण्डै मिल्ने जुल्ने शब्दहरूलाई चिनारी गराइदिएको छ त्यस्तै सूत्रभन्दा अगाडि सूत्रको परिचय र उचित ठाउँमा आकर्षक शीर्षक समेत भइदिएकाले बढी सरलता देखिएको छ।

तितर बितर भएर बसेका चरित्रहरूलाई सकभर क्रम बद्ध गरी सँगाली ग्रन्थको रूप लिएर आएको यस पुस्तकले - नेपाली इतिहासमा नयाँ अध्याय थप्न सुरु गरेको छ भन्न पाउँदा गौरव लाग्दछ।

—यस्तै प्राचीनताकै आधारमा मात्र नयाँ कुराको बीजारोपण गर्ने परम्पराको स्रोत बढी पाइन्छ। यसैमा नै

विकासको सम्भावना छ भनेर मान्नेहरू प्राचीन युगलाई स्वर्गयुग मान्दछन्। यसरी मान्नेहरू मध्ये पनि त्यस्तै समय ल्याउन न प्रयत्नशील छन् नत तत्पर नै। फेरि अर्का एकथरी यस्ताछन् प्राचीनतालाई कुनै पनि स्थान दिन चाहँदैनन्। यस्तै विचारको संघर्षमा प्राचीनकालको आदर्शले आजको नेपालको निमित्त मृतसञ्जीवनीको काम गर्दछ भन्ने विचारले नै संकलित प्रस्तुत 'बुद्धकालीन ब्राम्हण' (संग्रह-१) उपहारको रूपमा नेपाली साहित्यले भित्र्याउन पाएको हो भन्ने मेरो धारणा छ र यस्तै ग्रन्थकर्ताबाट अरू संग्रह पनि भित्र्याउन पाउने छ भन्ने आशा राख्दछु।

१९. १२. २०२८ वटुकृष्ण भूषण एम्. ए.

"नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स"

प्राक्कथन

केही महीना अघि विसञ्चको कारणले चिकित्साको लागि पाल्पा तान्सेनमा बसेको थिएँ । त्यहाँ आयुर्वैदिक औषधी गराइरहेको थिएँ । औषधीगर्न ३ महीना भन्दा कम समय लाग्ने छैन भन्ने कुरा थाहापाइ सकेपछि, 'यत्तिका दिनसम्म त्यसै चुपलाएर त बस्न सकिन्न' भन्ने मनमा आएपछि पूर्वलक्षित कार्यक्रमानुसार नवनालन्दा महाविहारबाट सम्पादित, देवनागरी लिपिमा आधुनिक वैज्ञानिक ढंगले प्रकाशित त्रि-पिटक ग्रन्थहरू हेर्ने निश्चय गरें । ग्रन्थहरू हेर्नु का साथ साथै नोट्सहरू (टिप्पणी) पनि लेख्दै गएँ । विशेषतः बुद्धको समयमा बुद्धसँग ककस्ले भेँट गरेर उनी-हरूलाई के कस्तो उपदेश दिनु भएको रहेछ भन्नेतिर मेरो बढता जिज्ञासा पैदा भयो । भनाइको तात्पर्य बुद्धको सम्पर्कमा आएका सबै प्रकारका पात्रहरूको सङ्कलन गर्नु हो अथवा त्यस त्यस सूत्रहरूमा यत्रतत्र छरि रहेका पात्रहरूको एक ठाउँमा एकत्रित गर्नु हो । १३।४।०२८ देखि ग्रन्थ हेर्ने काम शुरू गरी २७।५।०२८ देखि नोट्स लेख्ने काम

काठमाण्डू फर्किसकेपछि १८।८।०२८ मा पुरा भएको थियो । सूत्र-पिटक मध्ये सम्पूर्ण दीघनिकाय, मज्झिमनिकाय, संयुक्तनिकाय, अङ्गुत्तरनिकाय, र खुद्दकनिकाय मध्येबाट सुत्तनिपात, उदान र पटिसम्भिदामग्ग तथा विनयपिटक मध्येबाट पाराजिकापालि, पाचित्तियपालि, महावग्ग र चुल्लवग्गहरूबाट पनि नोट्सहरू लिएँ । यसपछि त्यस नोट्सहरूमा भेटिएका नामहरूलाई जम्मै अकारादि क्रममा राखी सूचि (Index) तयार पारें । यस इन्डेक्सबाट कुन कुन व्यक्ति कुन कुन सूत्रमा रहेछ भन्ने चित्रण आफ्नो सामुन्ने आयो र ब्राह्मण, गृहस्थ, उपासक, उपासिका, परिव्राजक, राजपरिवार, भिक्षु, भिक्षुणी र देवताले बुद्धसँग कहाँ, कुन ठाउँमा भेट गरेछन् भन्ने थाहा भयो । अनि मैले सबभन्दा पहिले ब्राह्मणहरूको संग्रह गर्नमा कलम चलाएँ । यसबाट बुद्ध धर्मको जानकारीका साथ साथै बौद्ध साहित्य, बौद्ध इतिहास, बुद्धकालीन भेष-भूषा, त्यस बखतको राजनैतिक चेतना, सामाजिक रीति-रिवाज र आर्थिक स्थितिबारे समेत अवबोध गर्नचाहने जिज्ञासु र विशेष अध्ययन गर्नचाहने विद्वानहरूका लागि समेत केही मद्दत हुन सक्ला भन्ने विश्वास गरेको छु । त्यस्तै गरी विकासको पथमा लम्किरहेको नेपाली भाषामा विभिन्न विषयका पुस्तकहरू उपलब्ध हुँदैआए झैं बौद्ध-साहित्य सम्बन्धी ग्रन्थहरू पनि उपलब्ध भएमा नेपाली भाषाको यश र कीर्ति झन् बढ्दै जानेछ भन्ने श्रद्धाले जानी न जानी भएता पनि नेपालीमै यो ग्रन्थ लेख्न थालेकोहुँ । शैयौं ब्राह्मणहरूमध्येबाट प्रस्तुत ग्रन्थमा ४२ सूत्रहरू अन्तर-गत केवल ३१ जना ब्राह्मण पात्रहरू मात्र समावेस हुन सकेका छन् ।

त्रिपिटकका मूल सूत्रहरूबाट मात्र संग्रह गरी पुस्तक निकाल्नुको

मुख्य ध्येय—'पाठक विद्वानहरूले बुद्धकालीन कुराहरू आधिकारिकरूपले सीधै सूत्रहरूबाट राम्रोसँग अवगत गर्न सकुन्' भन्ने हो । यहाँ, सर्वप्रथम पाठकहरूका सामुन्ने 'त्रि-पिटक' भनेको के हो भन्नेबारे केही कुरा लेख्न उचित ठान्दछु ।

त्रिपिटक

बौद्ध धर्मावलम्बीहरू, विशेष गरी स्थविरवाद इतिहासमा परम्परागत आएका आजसम्मका आचार्यहरूद्वारा अविच्छिन्नरूपमा सुरक्षित हुँदै आएको धर्म-भण्डारलाई 'त्रिपिटक' भन्दछन् । 'कसरी र कुन प्रकारले आजसम्म त्रिपिटकको सुरक्षा हुँदै आएको छ' भन्नेबारेमा केही ऐतिहासिक तथ्यहरू उल्लेख गर्न आवश्यक ठान्दछु ।

आजकाल, बुद्धवर्ष अर्थात् भगवान् शाक्यमुनी परिनिर्वाण हुनु भएको २५१५ वर्ष पुगेको छ भन्ने कुरा विश्वका समस्त बौद्धहरूले मानि आएका छन् । यस अनुसार भगवान् बुद्ध अर्थात् सिद्धार्थ गौतमको जन्म विक्रमपूर्व ५६७ मा भएको र विक्रमपूर्व ४८७ मा परिनिर्वाण[१] हुनु भएको सिद्ध हुन्छ ।

---

१. स्वर्गीय राहुल सांकृत्यायनले आफ्नो 'बुद्धचर्या'मा बुद्ध परिनिर्वाणको समय विक्रम पूर्व ४२६ लेख्नु भएको छ । त्यसमा ६१ वर्षको फरक हुन आउँछ ।

प्रथम सङ्गायन

८० वर्षको उमेरमा भगवान् बुद्ध परिनिर्वाण भइसक्नु भएको ३ महीना पछि भगवान्बाटै मान्यता प्राप्त अर्थात् अग्रस्थान प्राप्त वयोवृद्ध, सङ्घनायक महाकाश्यप महास्थविरको अध्यक्षतामा, मगधको राजधानी राजगृहको वेभार पर्वतस्थित सप्तपर्णि[1] गुफामा, अजातशत्रु नरेशको संरक्षणतामा, प्रतिसम्भिदा विशेष-ज्ञान लाभी, ५०० अरहन्तहरूका महासभामा, बुद्धले ४५ वर्षसम्म दिनुभएको विभिन्न धर्म र विनयबारे,—विनयमा अग्रस्थान प्राप्त उपालि महास्थविरसँग विनयबारे र भगवान्को छाया समान भगवान्को उपस्थाक भई बस्नु भएका बहुश्रुतमा अग्रस्थान प्राप्त धर्म भण्डागारिक आनन्द महास्थविरसँग धर्मबारे—प्रश्न सोधनु भयो र वहाँहरूले दिनु भएको प्रत्युत्तरलाई सबै सभासद्ले सङ्गायना अर्थात् एकमत भई आवृत्ति गर्नु भयो। यस किसिमले सङ्गायनाको काम शुरू भयो। 'सुमङ्गलविलासिनी' अनुसार श्रावणकृष्ण पञ्चमीको दिन सङ्गायनको काम प्रारम्भ भई सात महीना पछि सङ्गायनको[2] शुभकार्य सुसम्पन्न भएको थियो। 'दीपवंश' अनुसार

---

१. तिब्बेती बौद्ध परम्परानुसार संगायन भएको स्थान राजगृहस्थित 'निग्रोधगुफा' र आचार्य अश्वघोषको कथनानुसार राजगृहकै गृधकूट पर्वतस्थित 'इन्द्रशालगुफा' भन्दछन्। राजगृह नगरकोबारे भने कसैको मतभेद छैन।

२. सङ्गायनकोबारे विस्तृत कुरा जान्नको लागि लेखकको 'बुद्ध शासनया इतिहास' हेर्नु होस्!

यस महासभामा उपस्थित भएका अग्रस्थान प्राप्त महास्थविरहरू यसप्रकार हुन् : —

"(१) धुतङ्गशीलमा अग्रस्थान प्राप्त हुनु भएका महाकाश्यप महास्थविर, (२) बहुश्रुतिमा अग्रस्थान प्राप्त हुनु भएका आनन्द महास्थविर, (३) विनय-शिक्षामा अग्रस्थान प्राप्त हुनु भएका उपालि महास्थविर, (४) दिव्यचक्षु-ज्ञानमा अग्रस्थान प्राप्त हुनु भएका अनुरुद्ध महास्थविर, (५) पटिभाण-प्रतिसम्भिदा (बुझ्नु र बोध गराउने) ज्ञानमा अग्रस्थान प्राप्त वङ्गीस महास्थविर, (६) धर्मोपदेश गर्नुमा अग्रस्थान प्राप्त पूर्ण महास्थविर, (७) विचित्र कथिकतामा अग्रस्थान प्राप्त कुमार काश्यप महास्थविर, (८) विभज्य (छुट्याई छुट्याई) भाषण गर्नुमा अग्रस्थान प्राप्त महाकात्यायन महास्थविर र (९) प्रतिसम्भिदा ज्ञान लाभीमा अग्रस्थान प्राप्त कोट्ठित महास्थविर ।"

द्वितीय सङ्गायन

बुद्ध परिनिर्वाण भएको १०० वर्षपछि अर्थात् विक्रमपूर्व ३८७ वर्षमा कालाशोक राजाको संरक्षणतामा वैशालीको वालुकाराममा, रेवत महास्थविरको सङ्घनायकत्वमा प्रथमसङ्गायन जस्तै द्वितीयसङ्गायन भएको थियो ।

सङ्गायना गर्नुपर्ने हेतु के भने—त्यस बखत भिक्षुहरूका बीच केही विनय-नियमकोबारे केही मत-भेद उत्पन्न भएको थियो । खास गरी वृजिपुत्रक भिक्षुहरूको कारणले गर्दा धर्मवादी र अधर्मवादी छुटचाउन परेको हुँदा उपरोक्त द्वितीय सङ्गायना भएको थियो । यस महासभामा प्रतिसम्भिदा-ज्ञानलाभी अरहन्तहरू ७ शय महास्थविरहरू थिए । भगवान् बुद्धलाई देख्नु भएका आनन्द महास्थविरका शिष्य, उपसम्पदात्वले १२० वर्ष पुग्नु भएको सर्वकामी महास्थविर पनि उपस्थित हुनुहुन्थ्यो । सङ्घनायक रेवत महास्थविरले सर्वकामी महास्थविर र यश महास्थविरसँग धर्म र विनयकोबारे प्रशन सोध्नु भयो र वहाँहरूले प्रत्युत्तर दिनु भएपछि प्रथमसङ्गायनमा झैं सबैले आवृत्ति गर्नु भयो । भेला भएका महास्थविरहरू धर्म र विनयका अविच्छिन्न परम्परालाई राम्ररी जान्ने विशिष्ट ज्ञानीहरू हुनुहुन्थ्यो । सङ्गायनको शुभकार्य श्रावण पूर्णिमाको दिन शुरू भई ८ महीनामा अवशान भएको थियो । महास्थविरहरूको यस परम्परालाई चित्त नबुझाउने अरू तरुण भिक्षुहरूले अलगै एक सम्मेलन बोलाएका थिए । यस सभामा १००० हजार तरुण भिक्षुहरूले भाग लिएका हुनाले यहाँदेखि यिनीहरूलाई महासाङ्घिक[१] भन्न थालिएको हो ।

तृतीय सङ्गायन

पाटलिपुत्र (पटना) को अशोकाराममा सम्राट अशोकको

---

१. 'महायान' भन्ने शब्द उत्पत्तिका बिउ यहींबाट शुरू भएको देखिन्छ । यद्यपि महायान भन्ने प्रचार धेरै समयपछि भएको थियो ।

संरक्षणतामा बुद्ध परिनिर्वाणदेखि २१८ वर्षमा अर्थात् विक्रमपूर्व २६९ वर्षमा, मौद्गलिपुत्र तिश्य महास्थविरको सङ्घनायकत्वमा तृतीय सङ्गायन भएको थियो ।

यतिञ्जेलसम्म बौद्ध भिक्षुहरूका बीच स्थविरवादी र महासाङ्घिक सहित १८ वटा विभिन्न निकायहरू भइसकेका थिए । अतः बुद्धको विभज्यवादलाई जान्ने भिक्षुहरू छानबिन गरी, भिक्षुहरूको शुद्धिकर्म समाप्त भएपछि प्रथम र द्वितीय सङ्गायनामा जस्तै सङ्घनायक मौद्गलिपुत्र तिश्य महास्थविरले धर्मको सङ्गायना गर्नु भयो । यस महासभामा षडभिज्ञ प्रतिसम्भिदा-ज्ञान लाभी १००० भिक्षुहरू थिए । ९ महीनामा सङ्गायनको काम पूरा भएको थियो । यसै बखत मौद्गलिपुत्र तिश्य महास्थविरले विभिन्नवादहरूको खण्डन गरी लेख्नु भएको 'कथावत्थु प्रकरण' पनि सर्वसम्मतिबाट त्रिपिटक ग्रन्थावलीमा समावेश गरिएको हो । यस बखत मौद्गलिपुत्र तिश्य महास्थविर उपसम्पदात्वले ७२ वर्ष पुगेको हुनुहुन्थ्यो ।

प्रथम सङ्गायनदेखि यस बेलासम्म अविच्छिन्न आचार्यहरूको परम्पराबाट आएको धर्म र विनयलाई तीन पिटकमा (डालोमा) विभाजित गरेको हुनाले नै 'त्रि-पिटक' भनिएको हो । जस्तो कि :—

धर्मविनय

त्रि-पिटक

सुत्तपिटक

१–दीघनिकाय
२–मज्झिमनिकाय
३–संयुत्तनिकाय
४–अङ्गुत्तरनिकाय
५–खुद्दकनिकाय

(१) खुद्दकपाठ
(२) धम्मपद
(३) उदान
(४) इतिवुत्तक
(५) सुत्तनिपात
(६) विमानवत्थु
(७) पेतवत्थु
(८) थेरगाथा
(९) थेरीगाथा
(१०) जातक
(११) निद्देस { १–महानिद्देस, २–चुल्लनिद्देस }
(१२) पटिसम्भिदामग्ग
(१३) अपदान
(१४) बुद्धवंस
(१५) चरियापिटक

विनयपिटक

१–पाराजिकापालि, २–पाचित्तियपालि } सुत्तविभङ्ग
३–महावग्ग, ४–चुल्लवग्ग } खन्धक
५–परिवारपालि

अभिधम्मपिटक

१–धम्मसङ्गणि
२–विभङ्ग
३–धातुकथा
४–पुग्गलपञ्ञत्ति
५–कथावत्थु
६–यमक
७–पट्ठान

(क) सुत्त (सूत्र) पिटकमा निम्न प्रकार सूत्रहरू छन् :—

(१) दीर्घनिकायमाः ३४ सूत्रहरू, ३ वर्ग र ६४ भाणवार (अध्याय) छन् ।

(२) मज्झिम निकायमाः १५२सूत्रहरू,१५ वर्ग र ८० भाणवार छन् ।

(३) संयुत्त निकायमाः ७,७६२ सूत्रहरू र १०० भाणवार छन् ।

(४) अङ्गुत्तर निकायमाः ९,५५७ सूत्रहरू र २,००० भाणवार छन् ।

(५) खुद्दक निकाय अन्तरगत १५ ग्रथहरू भएको कुरा माथि तालिकामा नै छन् ।

यी पाँच ग्रथहरूलाई 'सुत्त-पिटक' वा 'सूत्र-पिटक' भन्दछन् ।

(ख) विनय पिटकमा निम्न प्रकार छन् :—

(१) पाराजिका पालिमाः २०० भन्दा बढी शिक्षापदहरू छन् ।

(२) पाचित्तिय पालिमाः ३०० भन्दा बढी शिक्षापदहरू छन् । यी दुवै ग्रथहरूमाः ६४ भाणवार (अध्याय) छन् ।

(३) महावग्ग र
(४) चुल्लवग्गमाः } ८० भाणवार र २० खन्धक(खण्ड)छन् ।

(५) परिवार पालिमाः १६ परिवार र २५ भाणवार छन् ।

यी पाँच ग्रन्थहरूलाई 'विनय-पिटक' भन्दछन् ।

(ग) अभिधम्म (अभिधर्म) पिटकमा निम्न प्रकार छन् : —

(१) धम्मसङ्गणिमा: ७ विभक्ति (भाग) छन् ।
(२) विभङ्गमा: १८ विभक्ति (भाग) छन् ।
(३) धातुकथामा: १४ विभङ्ग (भाग) छन् ।
(४) पुग्गलपञ्ञत्तिमा: ६ प्रज्ञप्ति (भाग) छन् ।
(५) कथावत्थुमा: १,००० सूत्रहरू छन् ।
(६) यमकमा: १० यमक (युगल) छन् ।
(७) पट्ठनमा: २४ हेतु-प्रत्ययका कुरा छन् ।

यी सात ग्रन्थहरूलाई 'अभिधम्म-पिटक' वा 'अभिधर्म पिटक' भन्दछन् ।

धर्मस्कन्धको हिसाबले सम्पूर्ण त्रिपिटकमा जम्मा ८४ हजार धर्मस्कन्धहरू छन् । यी मध्ये बुद्धको तरफबाट लिइएको ८२ हजार धर्मस्कन्ध र श्रावक शिष्यहरूबाट लिइएको २ हजार धर्मस्कन्ध छन् ।

जम्बुद्वीप बाहिर धर्मप्रचार गर्ने कामको शुरूवात सम्राट अशोकले गर्नु भएको थियो । सम्राट अशोकका पुत्र महेन्द्र महास्थविर र पुत्री सङ्घमित्ता थेरीहरू स्वयं ताम्रपर्णिद्वीप अर्थात् लंकाद्वीपमा धर्मप्रचारको लागि जानुभएको थियो । यसै समयमा सम्राट अशोकले यूनान, सिरिया, मिश्र तथा सुवर्णभूमि अर्थात् बर्मामा पनि धर्मदूतहरू पठाएका थिए ।

महेन्द्र महास्थविर बुद्ध परिनिर्वाण हुनु भएको २३६ वर्षमा अर्थात् विक्रमपूर्व ३५१ मा लंका पुग्नु भएको बेलामा लंकामा सम्राट

अशोकका अदृष्टमित्र देवानंप्रिय तिश्यले राज्य गर्दै थिए। महेन्द्र महास्थविरले राजा सहित लंकावासीहरूलाई बुद्ध धर्ममा प्रवेश गराउनु भयो।

चतुर्थ सङ्गायन

ईसा पूर्व ७९ अर्थात् विक्रमपूर्व २३ मा लंकाका राजा वट्टगामणीले त्रिपिटक जम्मै लिपिबद्ध गराए। चतुर्थ सङ्गायनको काम सुसम्पन्न भइसके पछि लिपिबद्ध गराएका थिए।

पञ्चम सङ्गायन

बर्माको उपरिभाग-मण्डले नगरमा सन् १८७१ मा राजा मिण्डोन्ले पञ्चम धर्म सङ्गायन गराई, सङ्गायनपछि संशोधित त्रिपिटक जम्मै मार्बल ढुंगाको ठूलो ठूलो पाटीमा अभिलेखन गराई स्थापना गरे। यो मार्बल ढुंगामा अभिलिखित त्रिपिटक आज पनि हेर्न सकिन्छ। जम्मा ७२९ पाटीहरू छन् :—

विनयपिटक १११ पाटीमा छन्।

सूत्रपिटक ४१० पाटीमा छन्।

अभिधम्मपिटक २०८ पाटीमा छन्।

षष्टम सङ्गायन

२० वीं शतवर्षको स्थविरवादी बुद्ध शासनको इतिहासमा सन् १९५४ मा बर्माको राजधानी रङ्गूनमा बनाइएको कृत्रिम पाषाणगुहामा

षष्टम धर्मसङ्गायन भएको थियो। जसमा विश्वका विभिन्न बौद्ध मुलुकका जम्मा २,५०० स्थविरवादी महास्थविरहरूले भाग लिएका थिए। यो सङ्गायनको कार्य सन् १९५४ मई महीनाको १७ तारिखमा शुरू भई सन् १९५६ मई महीना अर्थात् वैशाखपूर्णिमाको दिन समाप्त भएको थियो। यस सङ्गायनमा संशोधित सम्पूर्ण त्रिपिटक आधुनिक वैज्ञानिक ढंगले मुद्रित पनि भइसकेको छ। यसप्रकार आजसम्म अविच्छिन्नरूपले आचार्य परम्परावाट त्रि-पिटक ग्रन्थहरूको सुरक्षित हुँदै आएको छ।

ग्रन्थ परिचय

त्यस बखतको जनजीवनको भाषा मागधिमा भगवान् बुद्धले आफ्नो उपदेश गर्नु भएको हुँदा त्रिपिटक मागधि भाषामा उल्लेख भएको छ। सोही त्रि-पिटक ग्रन्थहरू मध्येका केही सूत्रहरूको अनुवाद प्रस्तुत ग्रन्थमा समावेश भएको छः—

(१) दीर्घनिकायबाट ५ सूत्रहरू,[१]

(२) मज्झिमनिकायबाट ७ सूत्रहरू,[२]

---

१. १–धातुविभाजन–परिनिब्बाणसुत्तं, २–सुभसुत्तं, ३–अम्बट्ठ-सुत्तं, ४–तेविज्जसुत्तं, ५–अग्गञ्ञसुत्तं।

२. १–सङ्गारवसुत्तं, २–ब्रह्मायु ब्राह्मणसुत्तं, ३–चङ्कीसुत्तं, ४–एसुकारीसुत्तं, ५–चूलकम्म विभङ्गसुत्तं, ६–सुभसुत्तं, ७–वासेट्ठसुत्तं।

(३) संयुत्तनिकायबाट १८ सूत्रहरू,[३]

(४) अङ्गुत्तरनिकायबाट १० सूत्रहरू[४] र

(५) सुत्तनिपातबाट २ सूत्रहरू,[५]

भगवान्सँग कसले कहाँ भेटचो भन्ने कुरा निम्न प्रकार छ :—

१—जटा भारद्वाज ब्राह्मणले—श्रावस्ती जेतवन विहारमा भेटगरे ।
२—अहिंसक भारद्वाज " " " "
३—मातृपोषक " " " "
४—धनपति " " " "
५—अहंकारी " " " "
६—भिक्षुक " " " "
७—उदय " " " "

---

३. १—महासालसुत्तं, २—मानत्थद्धसुत्तं, ३—धनञ्जानिसुत्तं, ४—अक्कोसकसुत्तं, ५—असुरिन्दकसुत्तं, ६—विलिङ्गिकसुत्तं, ७—अग्गिकसुत्तं, ८—अहिंसकसुत्तं, ९—उण्णाभसुत्तं, १०—उण्णाभ ब्राह्मणसुत्तं, ११—मातुपोसकसुत्तं, १२—भिक्खकसुत्तं, १३—खोमदुस्ससुत्तं, १४—नवकम्मिकसुत्तं, १५—सङ्गारव-सुत्तं, १६—उदयसुत्तं, १७—लोकायतसुत्तं, १८—जटासुत्तं ।

४. १—समचित्तवग्गो, २—उज्जयसुत्तं, ३—उज्जयसुत्तं, ४—दुतिय अग्गिकसुत्तं, ५—तिकण्णकसुत्तं, ६—करणपालिसुत्तं, ७—पिङ्गियसुत्तं, ८—समचित्तवग्गो, ९—दोणसुत्तं, १०—दोणसुत्तं ।

५. १—वसलसुत्तं, २—पिङ्गियमाणव पुच्छा ।

८—सङ्गारव " " " "

९—उज्जय " " " "

१०—अग्गिक भारद्वाज "—श्रावस्तीनगरमा भिक्षाटनकोबेलामा र राजगृहस्थित वेणुवनको कलन्दक निवापमा भेटगरे ।

११—आरामदण्ड ब्राह्मणले वरणा नगरको कद्दमदहको किनारमा आयुष्मान् महाकात्यायनसँग भेटगरे ।

१२—खोमदुस्सक ब्राह्मणले खोमदुस्सक भन्ने शाक्यहरूको निगममा भेटगरे ।

१३—भारद्वाज गोत्र ब्राह्मणले राजगृहस्थित वेणु वनको कलन्दक निवापमा भेटगरे ।

१४—अक्कोसक भारद्वाज " " " "

१५—असुरिन्द " " " " "

१६—बिलिङ्गिक " " " " "

१७—सङ्गारव माणवले चण्डलकप्पको तोदेय्य ब्राह्मणको आम्र-वनमा भेटगरे ।

१८—पिङ्गियानी ब्राह्मणले वैशालीको महावनस्थित कूटागार शा-लामा भेटगरे ।

१९—उर्णाभ ब्राह्मणले कौशाम्बीको घोषितारामममा आयुष्मान् आनन्दसँग भेटगरे ।

२०—उद्गत शरीर " कौशाम्बीको घोषितारामममा भेटगरे ।

२१—कन्दरायग ब्राह्मणले मथुराको वृन्दावनमा आयुष्मान् महाकात्यायनसँग भेटगरे ।

२२—त्रिकर्णक ब्राह्मणले स्थान निर्धारण छैन ।

२३—द्रोण ब्राह्मणले उक्कट्ठा र सेतब्यकोबीचबाटोमा भेटगरे ।

२४—लोकायतिक " श्रावस्ती जेतवन विहारमा "

२५—नवकर्मिक भारद्वाज " कोशलराज्यको एक जङ्गलमा "

२६—ब्रह्मायु ब्राह्मणले विदेहराज्यको राजधानी मिथिलानगरमा भेटगरे ।

२७—चङ्की ब्राह्मणले कोशलराज्यको ओपसाद गाउँको देववनमा भेटगरे ।

२८—एसुकारी " श्रावस्ती जेतवन विहारमा भेटगरे ।

२९—शुभ माणवले " " "

" " आयुष्मान् आनन्दसँग भेटगरे ।

३०—पुष्करसाती ब्राह्मणले कोशलराज्यको इच्छानङ्गल गाउँको इच्छानङ्गल वनखण्डमा भेटगरे ।

३१—वाशिष्ठ र भारद्वाज माणवले " " "

कोशलराज्यमा मनसाकट गाउँको अचिरवती नदी किनारमा भेटगरे ।

श्रावस्ती पूर्वाराम विहारमा भेटगरे ।

प्रत्येक सूत्रको शुरूमै अधोलिपिमा सूत्रको नाम दिइएको छ। सूत्रहरूको प्रारम्भमा नै पात्रहरूकोबारे सम्भव भएको ठाउँमा परिचयहरू प्रस्तुत गरिएको छ। पाठकहरूको सुविधाको निम्ति सकभर सूत्रहरूमा शीर्षकहरू पनि राखिदिएको छु।

अनुवाद गरिएको सूत्रहरूमा सकभर सूत्रको मजबुन, भाव, अभिव्यक्ति र अर्थलाई समेत ध्यानमा राख्नु पर्ने भएको हुँदा कहीं कतै भाषा शैलीमा कस्तो कस्तो लाग्न पनि सम्भव छ। आशा छ पाठकहरूले धैर्यतापूर्वक पढी अवश्य नै विषयवस्तुलाई बुझि लिनु हुनेछ।

पाठकवर्गसँग मेरो विशेष अनुरोध यो छ कि—प्रस्तुत ग्रन्थको विषयवस्तु बुद्ध धर्म भएको हुँदा यसको भाषामा पनि केही बौद्धपन हुनु स्वाभाविकै हो। अतएव पाठकवर्गहरूले ग्रन्थलाई दुइ तीन पटक राम्ररी हेर्नु भएमा बुझ्नको लागि कुनै कठिनाई पर्ने छैन भन्ने आशा राखेको छु। कहीं कहीं शब्दको अर्थ बुझिए तापनि भावमा बौद्धपद्धति अनुसार फरक हुन पनि सक्तछ।

माथि गइसकेका कुराहरू पुन दोहऱ्याई पढनु पर्ने ठाउँमा यस्तो चिह्न—'...'र अर्कै ठाउँबाट उद्‌धृत गरी पढनु पर्ने ठाउँमा यस्तो '०' चिह्न दिएको छु। यस्तो ठाउँमा उद्‌धृत गरी पढनु पर्ने पाठ नपढे तापनि अर्थ बुझ्नमा कुनै बाधा पर्ने छैन। त्यस त्यस ठाउँमा अधोलिपिमा त्यसको पृष्टनम्बर र ग्रन्थको अन्तमा 'नामावली' र 'शब्दावली' को एक सूचि पनि राखिदिएको छु।

मूल सूत्रको भावलाई समेत ध्यानमा राखी भाषा संशोधन तथा प्रूफ हेरिदिनमा समेत कत्तिपनि झिजो नमानी आफ्नो अमूल्य समय दिनु भई अनेक सुझावहरूबाट समेत लाभदायक भएको हुँदा र पाण्डित्यतापूर्ण भूमिका समेत लेख्ने कष्ट उठाउनु भएकोमा श्री वटुककृष्ण भूषण 'शास्त्री' तथा एम्.ए. प्रति म अत्यधिक आभारी छु । यदि वहाँबाट पूर्ण सहयोग नपाएको भए यो ग्रन्थ प्रस्तुतरूपमा पाठकहरूका सामुन्ने राख्न सम्भव हुने थिएन । अतएव यसमा जे जति सरल तथा सुगमता आई भाषा सुध्रेको छ त्यो जम्मैको श्रेय श्री वटुकजीलाई नै छ । जे जति यसमा कुनै कमी, त्रुटी वा अशुद्धिहरू भएमा त्यसको दोष लेखकलाई हुनेछ ।

यदि म पाल्पातान्सेनमा बिसञ्च भई बस्दा श्री रणबहादुर शाक्य परिवारहरूबाट यथोचित उपस्थान र हेरचाह नपाएको भए निर्विघ्नता-पूर्वक माथि उल्लिखित ग्रन्थहरू हेर्न सकिन्नथ्यो होला; अतः वहाँका सबै परिवारहरूप्रति पनि हार्दिक धन्यवाद दिन चाहन्छु । यस्तै गरी प्रेसबाट प्रूफ ल्याउन र लैजान अल्छी नमानी हार्दिक सेवा प्रदान गरेकोमा आन-न्दकुटी वासी श्री चन्द्र र सुरेन्द्र उपासकहरूलाई पनि धन्यवाद छ । शब्द सूचि तयार पार्नमा सहयोग पाएकोमा आयुष्मान् अश्वघोष पनि धन्य-वादका पात्र छन् र प्राध्यापक श्री कृष्णबहादुर मानधरलाई पनि धन्यवाद छ जसले भूमिका अंग्रेजीमा अनुवाद गरिदिनु भयो । कभरमा छापिएको ब्लोक अनागारिका धम्मावतीबाट पाएकोमा उनीलाई पनि धन्यवाद छ । अन्तमा यो ग्रन्थ प्रकाशनार्थ उदारतापूर्वक सम्पूर्ण आर्थिक सहायता प्रदान गर्नु भएकोमा श्री राधेश्याम साहुजीलाई विशेष धन्यवाद दिनुका साथै

वहाँको यस पुनीत कार्यद्वारा वहाँको धर्मचित्त-उत्तरोत्तर समृद्धहोस् भनी शुभकामना व्यक्त गरेको छु ।

बुद्ध भन्नु हुन्छ :—
"सबै दानलाई धर्मदानले जित्दछ"

आनन्दकुटी,
काठमाडौं, नेपाल ।

२५/१२/२०२८ भिक्षु अमृतानन्द

—✶—

संक्षिप्त अक्षरको माने :-

दी. नि. = दीर्घनिकाय ।

म. नि. = मज्झिमनिकाय ।

सं. नि. = संयुत्तनिकाय ।

अं. नि. = अङ्गुत्तरनिकाय ।

सुत्त. नि. = सुत्तनिपात ।

अ. क. = अट्ठकथा ।

धम्म. अ. = धम्मपदट्ठकथा ।

म. अ. = मज्झिमनिकायट्ठकथा ।

सं. नि. अ. = संयुत्तनिकायट्ठकथा ।

सहायक ग्रन्थहरू :-

१—सारत्थपकासिनी – आचार्य बुद्धघोष

२ – पपञ्चसूदनी— ” ”

३—सुमङ्गल विलासिनी—” ”

४ – मनोरथ पूरणी— ” ”

५—परमत्थ जोतिका – ” ”

६ – हिन्दीमा अनुदित – दीघनिकाय, मज्झिमनिकाय, संयुत्त-निकाय, अङ्‌गुत्तरनिकाय र सुत्तनिपात ।

७—धम्मपदट्ठकथा ।

८—अमरकोष ।

९ – अभिधानप्पदीपिका ।

१०—शब्दार्थ—कौस्तुभ ।

११—पद्मचन्द्रकोष ।

Pali-English Dictionary—Childers.

The Pali Text Society's Pali-English Dictionary—Rhys Davids and William Stede.

Disctionary of Pali-Proper Names—Malalasekara.

विषय-सूचि

	पृष्ट	पृष्ट
प्रकाशकीय		
Preface		
भूमिका		
प्राक्कथन		
१—जटा भारद्वार ब्राह्मण	१	
कसले जटालाई छुट्याउँन सक्छ ?		१
जटा भारद्वाज ब्राह्मण भिक्षु भए		३
२ – अहिंसक भारद्वाज ब्राह्मण	४	
म अहिंसक हुँ		४
अहिंसक भारद्वाज भिक्षु भए		५
३—मातृपोषक ब्राह्मण	६	
म आमाको सेवा गर्छु		६
मातृपोषक ब्राह्मणको शरणागमन		७

४—धनपति ब्राह्मण ८

परिचय ८
धनपति ब्राह्मणलाई घरबाट निकाले ९
बुद्धको सम्झना १०
पितृसेवाको नियम ११
गुरुपूजा १२
सबै परिवारको शरणागमन १३
धनपति ब्राह्मण बुद्धकहाँ १४
गुरु दक्षिणा १६
शरणागमन १७

५—अहंकारी ब्राह्मण १८

परिचय १८
अहंकारी ब्राह्मण बुद्धकहाँ १९
शरणागमन २२

६—भिक्षुक ब्राह्मण २३

भिक्षा माग्दैमा भिक्षु हुँदैन २३

७—उदय ब्राह्मण २५

परिचय २५
उदय ब्राह्मणको घरमा २६

८—सङ्गारव नामक ब्राह्मण ३०

परिचय ३०

सङ्गारव ब्राह्मणको विश्वास ३१

शरणागमन ३३

९—उज्जय ब्राह्मण ३४

हिंसायुक्त यज्ञलाई बुद्ध प्रशंसा गर्दैनन् ३४

इह लौकिक सुख ३६

सम्परायिक सुख ३९

१०—अग्निक भारद्वाज ब्राह्मण ४३

परिचय ४३

अग्निक ब्राह्मणको अग्निहोत्र ४४

कसलाई शूद्र भन्दछन् ४४

जातिले ब्राह्मण हुँदैन कर्मले नै हुन्छ ४८

शरणागमन ४९

त्रैविद्यले यो पायस पाउँछ ४९

त्रैविद्य कसलाई भन्छन् ५०

अग्निक भारद्वाज भिक्षु भए ५२

११—आरामदण्ड ब्राह्मण ५४

आपसमा विवाद किन हुन्छ ? ५४

विवादबाट को मुक्त छ ? ५५

शरणागमन ५६

१२—खोमदुस्सक ब्राह्मण ५८

परिचय ५८

सन्त नभएको सभा, सभा होइन ५९

शरणागमन ६०

१३—भारद्वाजगोत्र ब्राह्मण ६१

परिचय ६१

पति र पत्नीको विश्वासमा भिन्नता ६१

ब्राह्मण भोज ६३

भारद्वाजका चार भाइ ६५

धानञ्जानीको श्रद्धा ६६

भारद्वाज ब्राह्मण बुद्धकहाँ ६७

भारद्वाज ब्राह्मण भिक्षु भए ६८

१४—आक्रोशक भारद्वाज ७०

भारद्वाजको रिस ७०

त्यो रिस तिमीलाई नै ७१

आक्रोशक भारद्वाज भिक्षु भए ७३

१५—असुरिन्दक भारद्वाज ७५

असुरिन्दक भारद्वाजको रिस ७५

बुद्धको जीत ७५

असुरिन्दक भारद्वाज भिक्षु भए ७६

१६—विलङ्गिक भारद्वाज ७८

रिसले चुप भए ७८

विलङ्गिक भारद्वाज भिक्षु भए ७९

१७—सङ्गारव नामक माणव ८१

सङ्गारव माणव बुद्धकहाँ ८१

यसै आत्मभावमा पार-प्राप्त भगवान् ८३

बोधिसत्व चर्या ८४

आलार कालमकहाँ ८४

उद्दक रामपुत्रकहाँ ८७

उरूवेलमा ८९

पहिले नसुनेका उपमा ८९

अप्राणक (कुम्भक) ध्यान ९३

अल्पाहारता ९५

बोधिलाभ ९९

देवता छ कि छैन ? १००

शरणागमन १०१

१८—पिङ्गियानी ब्राह्मण १०३

परिचय १०३

पिङ्गियानी ब्राह्मणको प्रश्न १०४

कारणपाली ब्राह्मणको पिङ्गियानीसँग भेट १०६

बुद्धको बयान कसले गर्न सक्ला !	१०७
कारणपाली ब्राह्मणको शरणागमन	१०९
पिङ्गियानीद्वारा बुद्ध प्रशंसा	११०
पञ्चरत्न	१११

१९—ऊर्णाभ ब्राह्मण ११३

परिचय	११३
किन ब्रह्मचर्य पालन गर्ने ?	११३
चतुर्ऋद्धि-पाद	११४
शरणागमन	११६
पञ्चेन्द्रिय	११७

२०—उद्गतशरीर ब्राह्मण १२०

परिचय	१२०
यज्ञको तयारी	१२०
यज्ञ अगावै पाप-चेतना	१२२
त्याग्नु पर्ने तीन अग्नि	१२३
मान्नु पर्ने तीन अग्नि	१२४

२१—कन्दरायण ब्राह्मण १२७

परिचय	१२७
वृद्ध र तरुण-भूमि	१२७
कन्दरायण ब्राह्मणको नमस्कार	१२९
शरणागमन	१२९

२२—त्रिकर्णक ब्राह्मण १३०

परिचय १३०

त्रैविद्य ब्राह्मण १३१

ध्यान १३२

पुर्वानुस्मृति-ज्ञान १३३

च्युति-उत्पत्ति-ज्ञान १३३

आस्रव-क्षय-ज्ञान १३४

शरणागमन १३७

२३—द्रोण ब्राह्मण १३८

परिच्चय १३८

चक्राङ्कित पदचिन्ह १४०

जातिवादबाट निष्कलंकित ब्राह्मण १४३

ब्राह्मणका पूर्वज १४४

पाँचथरी ब्राह्मण १४५

धातु-विभाजन १५२

२४—लोकायतिक ब्राह्मण १५५

प्रतित्यसमुत्पाद १५६

२५—नवकर्मिक भारद्वाज ब्राह्मण १५८

परिचय १५८

भिक्षुहरू के काम गर्छन् ? १५८

२६ – ब्रह्मायु ब्राह्मण १६१

परिचय १६१
विदेहमा चारिका १६४
उत्तर माणवलाई बुद्धकहाँ पठाए १६५
चक्रवर्ति राजाको सप्तरत्न १६५
बुद्धकहाँ उत्तर माणव १६६
बत्तीस महापुरुष लक्षण १६८
ईर्यापथ १७०
ब्रह्मायु ब्राह्मणको बुद्ध-दर्शन १७४
गुह्येन्द्रिय देखाउन अनुरोध १७७
सम्परायिकबारे प्रश्न १७९
ब्रह्मायु ब्राह्मणको भक्ति १८१
ब्रह्मायु ब्राह्मणलाई धर्मावबोध १८१
ब्रह्मायु ब्राह्मणको भोजन-दान १८२
अनागामी ब्रह्मायु ब्राह्मण १८३

२७—चङ्की ब्राह्मण १८५

परिचय १८५
कापटिक माणव १८६
चङ्की ब्राह्मण १८७
चङ्की-वर्णन १८९
बुद्ध-वर्णन १९१

कापटिक माणवको प्रश्न	१९५
यही नै सत्य हो !	१९६
अन्धवेणु परम्परा	१९७
प्रत्येक पाँच धर्मका दुइ फल	१९८
कसरी सत्यानुरक्षा हुन्छ ?	१९९
कसरी सत्यानुबोध हुन्छ ?	२०१
कसरी सत्यानुप्राप्ति हुन्छ ?	२०३
कापटिक माणवको शरणागमन	२०७

२८—एसुकारी ब्राह्मण २०६

चार परिचर्या (सेवा नियम)	२०९
ब्राह्मणहरूलाई कसले अनुमति दिए ?	२१०
असल-कसल परिचर्या	२११
चार प्रकारका धन	२१३
चारैवर्ण भिक्षु हुन सक्छन्	२१५
शरणागमन	२१९

२६—शुभ माणव तोदेय्यपुत्र २२०

परिचय	२२०
तोदेय्य ब्राह्मण	२२०
शुभ माणव	२२१
आयुष्मान् आनन्दसँग	२२५
शुभ माणवको प्रश्न	२२७

कर्मद्वारा विभाजित	२२८
शरणागमन	२३४
गृहस्थी र प्रव्रजितको कर्मक्षेत्रमा प्रभेद	२३५
अन्धवेणु परम्परा	२४०
अलौकिक धर्म देख्ने कोही छैनन्	२४१
लोकसंवृत्ति	२४३
अनुकम्पादान	२४६
ब्रह्मलोक पुग्ने मार्ग	२४९
शरणागमन	२५१
जानुश्रोणी ब्राह्मणसँग भेट	२५२
आयुष्मान् आनन्दलाई निम्तो	२५३
आयुष्मान् आनन्दसँग शुभ माणवको प्रश्न	२५५
तीन धर्मस्कन्ध	२५६
आर्य-शीलस्कन्ध	२५६
आर्य-समाधिस्कन्ध	२६२
पाँच दृष्टान्त	२६५
आर्य-प्रज्ञास्कन्ध	२७२

३०—पुष्करसाती ब्राह्मण २८१

परिचय	२८१
अम्बष्ठ माणवलाई बुद्धकहाँ पठाए	२८५
अम्बष्ठ माणव बुद्धकहाँ	२८६

शाक्य खलकमाथि नीचताको आरोप	२८८
शाक्य जातिको उत्पत्ति	२९०
कृष्णायण गोत्रोत्पत्ति	२९१
कृष्णायण ऋषि	२९४
जातिमध्ये क्षत्री श्रेष्ट	२९६
विद्या र चरण	३००
पूर्व ऋषिहरूको प्रतिपदा	३०४
पुष्करसातीकहाँ अम्बष्ठ माणव	३०६
पुष्करसाती ब्राह्मण बुद्धकहाँ	३०८
पुष्करसाती ब्राह्मणको निम्तो	३०९
सपरिवार शरणागमन	३११

३१—वाशिष्ठ र भारद्वाज माणव ३१२

परिचय	३१२
वाशिष्ठ र भारद्वाजमा भएका कुरा	३१८
जातिवादबारे बुद्धको उपदेश	३२०
वाशिष्ठ र भारद्वाजको शरणागमन	३२८
पाँच नामी ब्राह्मणहरू	३२९
वाशिष्ठ र भारद्वाज	३३०
वाशिष्ठ र भारद्वाज बुद्धकहाँ	३३१
अन्धवेणु परम्परा समान	३३२
ब्रह्मसहवास	३३४

जनपदकल्याणीको दृष्टान्त	३३६
भऱ्याङ्को दृष्टान्त	३३७
अचिरवती नदीको दृष्टान्त	३२९
ब्रह्मा सपरिग्राही कि अपरिग्राही ?	३४२
ब्रह्मसहवासको मार्ग	३४३
चतुर्ब्रह्म विहार	३४५
वाशिष्ठ र भारद्वाज श्रामणेर बुद्धकहाँ	३४७
ब्राह्मणहरू गाली गर्छन्	३४९
ब्राह्मण नै श्रेष्ठवर्ण हुन्	३४९
चारैवर्णमा कुशलाकुशल हुन्छन्	३५०
चारवर्णमा भिक्षु श्रेष्ठ	३५१
तथागतको धर्म-काय	३५२
संवर्त-विवर्त लोक	३५३
रसमय पृथ्वीको उत्पत्ति	३५३
चन्द्रसूर्यको प्रादुर्भाव	३५४
भूमि-पर्पटरस प्रादुर्भाव	३५५
भद्रलटाको प्रादुर्भाव	३५६
जोताई विनाको धान	३५६
स्त्री-पुरुषको चिन्ह प्रादुर्भाव	३५७
मैथुनको कारणले घरको सृष्टि	३५८
व्यक्तिसम्पत्तिको सृष्टि	३५९
अदिन्नादानको उत्पत्ति	३६०

च्चारैवर्णको उत्पत्ति	३६१
श्रमणको उत्पत्ति	३६५
क्षीणास्रव अग्रहुन्	३६५
नामावली	१
शब्दावली	९

—★—

बुद्धकालीन ब्राह्मण

[संग्रह – १]

"उनै भगवान् अरहत् सम्यक् सम्बुद्धलाई नमस्कार"

१. जटा भारद्वाज ब्राम्हण

सूत्र :—

कसले जटालाई छुट्याउँन सक्छ ?

श्रावस्तीस्थित जेतवन विहारमा[१]।

त्यस बखत जटा भारद्वाज (जटा पालि राखेका भारद्वाज गोत्रका) ब्राह्मण जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्सँग सम्मोदनीय कुरा गरिसके पछि एक छेउमा बसेका जटा भारद्वाज ब्राह्मणले भगवान्सँग निम्न गाथा (श्लोक) द्वारा सोधे :—

"अन्तो जटा बहि जटा, जटाय जटिता पजा।
तं तं गोतम पुच्छामि, को इमं विजटये जटं'ति ॥"

अर्थ :—

"यस संसार, भित्री जटा र बाहिरी जटाले जटिल भएको छ। तपाईं गौतमसँग म सोद्धछु कि कसले यो जटा छुटचाउन सक्ला ?"

---

१. सं. नि. जटासुत्तं ।

बुद्ध :—

१—"सीले पतिट्ठाय नरो सपञ्ञो, चित्तं पञ्ञं च भावयं।
आतापी निपको भिक्खु, सो इमं विजटये जटं॥

२—"येसं रागो च दोसो च, अविज्जा च विराजिता।
खीणासवा अरहन्तो, तेसं विजटिता जटा॥

३—"यत्थ नामं च रूपं च, असेसं उपरुज्झति।
पटिघं रूपसञ्ञा च, एत्थेसा छिज्जते जटा'ति॥"

अर्थ :—

१—"शीलमा प्रतिष्ठित भएको प्रज्ञावान् मनुष्यले, प्रज्ञा चित्तलाई भावना (ध्यान) गरी, क्लेशलाई तप्तपार्ने अप्रमत्त भिक्षुले, सो जटालाई छुट्याउन सक्दछ।

२—"जसको राग, द्वेष र अविद्या छुटिसक्यो, जो क्षीणास्रव अरहन्त हुन्, उनीहरूको जटा छुटिसकेको हुन्छ।

३ "जहाँ नाम-रूप पूर्णतया निरुद्ध भएको हुन्छ, जहाँ प्रतिघ (भित्रीमनको द्वेषभाव) र रूप-संज्ञा पनि निरुद्ध भएको हुन्छ, यहीं नै सो जटा समुच्छिन्न हुन्छ।"

भगवान्‌ले यति भन्नु भए पछि जटा भारद्वाज ब्राह्मण प्रसन्नभई भगवान्‌सँग यसरी प्रार्थना गरे :—

जटा भारद्वाज ब्राह्मण भिक्षुभए

"धन्य, भो गौतम ! धन्य, भो गौतम ! घोप्टेकोलाई उत्तानो पारिदिंदा, छोपिएकोलाई उघारिदिंदा, बाटो भुलेकोलाई बाटो देखाइ-दिंदा, अँध्यारोमा तेलको बत्ती राखिदिंदा – आँखा हुनेहरूले रूप देखेक्षैं तपाइ गौतमले मलाई अनेक प्रकारबाट धर्म प्रकाश गरिदिनु भयो । भन्ते ! अब म, तपाइ गौतमको शरण पर्छु, धर्म र भिक्षु सङ्घको पनि । तपाइ गौतमको संघमा प्रव्रज्या तथा उपसम्पदा पाऊँ !"

यस्तो अनुरोध गरेपछि जटा भारद्वाज ब्राह्मणले भगवान्को संघमा प्रव्रज्या र उपसम्पदा पाए । उपसम्पन्न भएको केही दिनपछि आयुष्मान् भारद्वाज एकान्तमा बसी अप्रमत्त भई आतप्तपूर्वक (लगनताका साथ) ध्यानगरी, जसरी कुलपुत्रहरू सबै घरबार छाडी अनगारिक प्रव्रजित भई अनुत्तर फल प्राप्त गर्छन् त्यसरी नै (उत्तम) ब्रह्मचर्यवास पूरा गरी, यसै जन्ममा स्वयं अभिज्ञानद्वारा निर्वाण साक्षात्कार गरी उपशान्त भई बसे । "जातिक्षीण भयो, ब्रह्मचर्यवास पूरा भयो, गर्नु पर्ने गरिसकें, अब उप्रान्त फेरि जन्म लिनुपर्ने हेतु छैन" भन्ने ज्ञान पनि भयो ।

आयुष्मान् भारद्वाज पनि अन्यतर अरहन्त भए ।

—★—

२. अहिंसक भारद्वाज ब्राम्हण

सूत्र :–

म अहिंसक हुँ

श्रावस्तीस्थित जेतवन विहारमा[१] ।

एक दिन अहिंसक भारद्वाज (अहिंसक नामक भारद्वाज गोत्रका) ब्राह्मण जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्सँग कुशल वार्ता गरे । कुशल वार्ता सकिएपछि एक छेउमा बसी उनले भगवान्लाई भने :—"म अहिंसक हुँ, म अहिंसक हुँ ।" अनि भगवान्ले गाथाद्वारा यसो भन्नु भयो :—

"यथा नामं तथा चस्स, सिया खो त्वं अहिंसक ।
यो च कायेन वाचाय, मनसा च न हिंसति ।
स वे अहिंसको होति, यो परं न विहिंसती ति ॥"

अर्थ :–

"जस्तो नाउँछ त्यस्तै तिमी अहिंसक छौ । जो काय, वचन र मनले हिंसा गर्दैन, उही नै अहिंसक हुन्छ । जसले कसैलाई पनि हिंसा गर्दैन, उही नै अहिंसक हुन्छ ।"

---

१. सं. नि. अहिंसकसुत्तं ।

अहिंसक भारद्वाज भिक्षु भए

भगवान्ले यति भन्नुभए पछि अहिंसक भारद्वाज ब्राह्मण प्रसन्न भई भगवान्सँग यसरी प्रार्थना गरे :—

"धन्य, भो गौतम ! धन्य, भो गौतम ! घोप्टेकोलाई उत्तानो पारिदिंदा, छोपिएकोलाई उघारिदिंदा, बाटो भुलेकोलाई बाटो देखाइदिंदा, अँध्यारोमा तेलको बत्ती राखिदिंदा—आँखा हुनेहरूले रूप देखेझैं तपाइ गौतमले मलाई अनेक प्रकारबाट धर्म प्रकाश गरिदिनु भयो । भन्ते ! अब म, तपाइ गौतमको शरण पर्छु, धर्म र भिक्षु सङ्घको पनि । तपाइ गौतमको सङ्घमा प्रव्रज्या र उपसम्पदा पाऊँ !"

यसरी अनुरोध गरेपछि अहिंसक भारद्वाजले भगवान्को सङ्घमा प्रव्रज्या र उपसम्पदा पाए ।

उपसम्पन्न भएको केही दिन पछि आयुष्मान् अहिंसक भारद्वाज एकान्तमा बसी अप्रमत्त भई आतप्तपूर्वक (लगनताका साथ) ध्यान गरी, जसरी कुलपुत्रहरू सबै घर-बार छाडी अनगारिक प्रव्रजित् भई अनुत्तर (उत्तम) फल प्राप्त गर्छन् त्यसरी नै ब्रह्मचर्यवास पूरा गरी यसै जन्ममा स्वयं अभिज्ञानद्वारा निर्वाण साक्षात्कार गरी उपशान्त भई बसे । "जाति क्षीण भयो, ब्रह्मचर्यवास पूरा भयो, गर्नु पर्ने गरिसकें, अब उप्रान्त फेरि जन्म लिनु पर्ने हेतु छैन" भन्ने ज्ञान पनि भयो ।

आयुष्मान् अहिंसक भारद्वाज पनि अन्यतर अरहन्त भए ।

—★—

३. मातृपोषक ब्राम्हण

सूत्रः—

म आमाको सेवा गर्छु

यस्तो मैले सुने[१] ।—

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिक महाजनको जेतवन विहारमा बस्नु भएको थियो ।

एक दिन मातृपोषक ब्राह्मण जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्सँग क्षेम-कुशल कुरा गरी सकिए पछि एक छेउमा बसे । त्यस पछि मातृपोषक ब्राह्मणले भगवान्सँग सोधे कि—"भो गौतम ! म धर्मतापूर्वक भिक्षाको खोजी गर्छु, धर्मतापूर्वक खोजी गरेको भिक्षाले आमा बाबुको पालन पोषण गरेको छु । यस्तो गर्नाले के म आमा बाबु प्रति कर्तव्य पालन गर्ने ठहरिन्छु ?"

बुद्धः—

"प्रशंसनीय छ ब्राह्मण ! यस्तो गर्नालि आफ्नो कर्तव्य पालन गरेको ठहरिन्छ। किन भने जसले धर्मतापूर्वक भिक्षाको खोजी गर्छ,

---

१. सं. नि. मातुपोसकसुत्तं ।

जसले धर्मतापूर्वक भिक्षाको खोजी गरी आमा बाबुलाई भरण-पोषण गर्दछ, उसले धेरै पुण्य कमाउँछ।"

यस पछि पुनः निम्न गाथा भन्नुभयो :—

"यो मातरं पितरं वा, मच्चो धम्मेन पोसति।
तायं नं पारिचरियाय, मातापितूसु पण्डिता।
इधेव नं पसंसन्ति, पेच्च सग्गे पमोदती' ति।."

अर्थ :—

"मानिस भई जसले आमा बाबुलाई धर्मतापूर्वक भरण-पोषण गर्दछ, आमा बाबुप्रति पण्डितले जुन परिचर्या गर्दछ, यस्तो कार्यले गर्दा उसले यसलोकमा पनि प्रशंसा पाउँछ, मृत्युपछि स्वर्ग लोकमा (पुगेपछि) पनि उ प्रमुदित हुन्छ।"

मातृपोषक ब्राह्मणको शरणागमन

भगवान्‌का उक्त उपदेशहरू सुनिसके पछि मातृपोषक ब्राह्मणले भगवान्‌सँग यसरी प्रार्थना गरे —

"धन्य, भो गौतम! धन्य, भो गौतम! घोप्टेकोलाई उत्तानो पारिदिदा छोपिएकोलाई उघारिदिंदा, बाटो भुलेकोलाई बाटो देखाईदिंदा, अँध्यारोमा तेलको बत्ती राखिदिंदा—आँखा हुनेहरूले रूप देखेझैं तपाइ गौतमले मलाई अनेक प्रकारबाट धर्म प्रकाश गरिदिनु भयो। अब म, तपाइ गौतमको शरण पर्छु, धर्म र भिक्षु सङ्घको पनि। आजदेखि तपाइ गौतमले मलाई आजीवनसम्म शरण आएको उपासक हो भनी स्वीकार गर्नु होस्!"

४. धनपति ब्राम्हण

* परिचय

श्रावस्ती नगरमा धनपति नामक कुनै एक ब्राह्मण थिए । उनीसँग ८ लाख नगद धन भएकोले उनको नाम 'धनपति' ले प्रख्यात भएको हो । उनका चार छोराहरू थिए । धनपति ब्राह्मणले आपना छोराहरू समर्थ भएपछि विवाह गरिदिए । त्यसको साथ साथै उनले आफ्ना छोराहरूलाई एक एक लाख नगद धन पनि बाँडि दिए । केही दिनपछि धनपति ब्राह्मणको पत्नीको देहान्त भयो । उनको देहान्त भइसकेपछि राण। धनपति ब्राह्मणलाई उनका चारैंजना छोराहरूले सेवा शुश्रूषा गर्न थाले ।

एक दिन चारैंजना छोराहरूले यस्तो विचार गरे—"यदि पिताले सौतेनी आमा ल्याए भने घरमा कलह हुन सक्छ । घर भाँडिन सक्छ । अतः धनसम्पत्ति जम्मै आफ्ना हातमा पारौं र धन नभएपछि पुर्नविवाह हुने सम्भव हुँदैन ।" यसरी उनिहरूले पिताको धन-सम्पत्ति जम्मै आफ्ना हातमा पार्न खोजे ।

एक दिन धनपति ब्राह्मण भातखाई दिउसो सुतेर उठेपछि चारैंजना छोराहरूले उनको खुट्टामिच्न थाले । यसै बेला उनिहरूले आफ्ना बुढा बावुसँग निम्न कुरा भने :—

"हे पिताज्यू ! तपाइ अहिंले बुढेसकालमा पुगि सक्नु भएको छ । अब गृहस्थभार बोकी काम-काज चलाउनु सजिलो छैन । किन तपाइ यो अभिभार बोकि रहनुहुन्छ । बाँकी रहेको जम्मै धनसम्पत्ति पनि हामी चार भाइलाई बाँडिदिनुहोस् । हामी तपाइको हेरविचार गरिनै हाल्नेछौं । घर-धन्दा पनि हामी नै चलाउने छौं ।"

धनपति ब्राह्मणले पनि "छोराहरूले ठिक्कै भनेका हुन् बेमुनासिब भनेका छैनन्" भनी बाँकी चारलाख धन-सम्पत्ति चार दाजु भाइहरूलाई बाँडी दिए । आफुसँग चाहिँ आफुले लगाएको लुगाफाटो मात्र राखे । त्यसपछि चार दाजु भाइहरू पनि भिन्न भए । धनपति ब्राह्मण चाहिँ जेठो छोरोसँग बसे ।

धनपति ब्राह्मणलाई घरबाट निकाले

जेठो छोराले आफ्नो पितालाई नियमपूर्वक राम्रोसँग हेरविचार गरिरहेका थिए । एक दिन धनपति ब्राह्मण नुहाई फर्कंदा माथिबाट झ्याङ्को डिलमा आई बुहारीले आफ्ना ससुरालाई यस्तो कुरा सुनाईः— "हे ससुरा ! तपाइले सम्पत्ति बाँड्दा हामीलाई एकपैसा बढ्ता दिनु भएको छ र ? सँधै यही घरमा मात्र बस्नु हुन्छ, अरू छोराहरूका घर चिन्नु भएको छैन ? उनिहरूका घरमा जाने खुट्टा छैनन् र ?"

बुहारीको यो कानको जाली र मुटु फुट्ने जस्तो कुरा सुन्नु पर्दा, धनपति ब्राह्मणको दिलमा सारै नै चोट लाग्यो । यसै कुराको पीरले गर्दा ब्राह्मण माहिला छोराको घरमा गई बसे । दिन बितदै गएपछि त्यहाँ पनि यस्तै घटना घट्यो र फेरि साँहिलो छोरोको घरमा गई बसे ।

त्यहाँ पनि त्यस्तै हुँदा कान्छो छोरोको घरमा गई बसे। बुहारीहरूको डाह र ईर्ष्या पूर्ण कुरा त्यहाँ पनि अभाग्यवश सुन्नै पऱ्यो । विचरा बुढा न यता न उता परे। यसरी अवहेलित हुँदा अन्तमा कुनै पनि छोराहरूका घरमा बस्न नसकी, शरण नपाई, लाचार भई, काम दिन नसक्ने जीर्ण भएको घोडालाई घरबाट धपाई दिएझैं, विचरा बुढा ब्राह्मण घरबाट निस्की बडो दुःखपूर्वक बुढेसकालमा भिक्षामागी जीविका गर्न थाले ।

बुद्धको सम्झना

एक दिन विचरा बुढा ब्राह्मण भिक्षामागी फर्केर कहीं एक ठाउँमा बसी रहँदा, आफ्नो वृद्ध अवस्थालाई देखी, शरीर कमजोर भई शरीरमा कुनै हविगत नभएको देखी, "छोरा पाउँदा कत्रो खुशियाली मनाएको थिएँ, उनिहरूको विवाह गरिदिंदा कत्रो आनन्द लागेको थियो, आज तिनै आइमाईहरूको कुरामा लागी छोराहरूले पनि म ज्यूदोछु कि छैन भन्ने कुरासम्मको पनि सम्झना गरेनन्" भन्ने विचार गर्दै झोक्राइ रहेको वेलामा झ्वाट्ट उनको मनमा बुद्धको सम्झना आयो र उनले यस्तो विचार गरे :—

"धन्य ! श्रमण गौतम ! तपाइ घुस्स फुलेर कहिले पनि बस्नु हुन्न, सदा प्रसन्न चित्तगरी हँसिलो मुख लिई बस्नु हुन्छ । वहाँ कहाँ गएमा अवश्य पनि मैले केही शान्त्वना तथा सहारा पाउन सकौंला ।"

यति कुरा मनमा आएपछि कुम्लो कुट्टुरो एक ठाउँमा राखी धनपति ब्राह्मण जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए ।

भगवान् कहाँ पुगी आफ्नो दुःखको कुरा जम्मै पोख्दा, भगवान्‌ले सो जम्मै कुरालाई नपोख्रिकन थापेर लिनु भएको मात्र नभई, ब्राह्मण प्रति करुणा राखी उनको भलोका लागि सिकाइ दिनु भएको गाथाहरू कण्ठस्थ गरी हल्का हृदयलिई फर्केर आए। बुद्धको दयापूर्ण मधुर वाँणी सुनेर ब्राह्मणको मन अति प्रसन्न भएको थियो। भगवान्‌ले बताउनु भएको उपायबाट ब्राह्मणको हृदयमा एक अपार आशाको लहर बग्न थाल्यो। जीवनको ज्योति कहीं कतै देखेको झैं उनको मनमा लाग्यो र धनपति ब्राह्मण आफ्ना छोराहरू पनि सम्मिलित हुने कुनै एक समागमको प्रतीक्षामा बसे।

पितृ सेवाको नियम

हुनत त्यस बखतमा धन पाउने छोरा छोरीले बाबु आमाको भरण पोषण गर्नु पर्छ भन्ने सामाजिक नियम नै थियो। त्यस अनुसार, पञ्चको निर्णय बमोजिम ज्यानको खतरा समेत हुन्थ्यो। तर अभाग्यवश यी धनपति ब्राह्मणका बारे कसैले, कहीं कतै कुराकानी भनसुन् गरिदिएका थिएनन्। आ-आफ्ना स्त्रीहरूका स्त्री-चरित्रमा परी ती चारजना छोराहरूले आफ्नो बाबुको स्मरणसम्म पनि गर्न सकेनन्। कामान्धताले गर्दा आफ्नो बाबु जिउँदो छ कि छैन भन्नेसम्म पनि ख्याल राख्नसकेका थिएनन्।

एक दिन ठाँट् बाँट्का साथ एक सभामा उच्च आसनमा बसिरहेका आफ्ना छोराहरूलाई धनपति ब्राह्मणले देखे। अनि उनी त्यस सभामा गई हात उठाई "म यस सभामा केही भन्नचाहन्छु" भने। सभा-

बद्ले स्वीकृति दिए पछि ब्राह्मणले बुद्धले सिकाई दिनु भएको गाथाहरू पढेर सुनाए। त्यस पछि सभामा खलबल चल्यो। बाबुलाई झन् सेवा गर्नु पर्ने अवस्थामा बुढो बाबुलाई उल्टै घरबाट निकालेको अभियोग, धनपति ब्राह्मणका छोराहरूमाथि पर्न आयो। सभाषद् मध्येका केहीले "यस्तालाई काट्नु पर्छ" भन्ने आवाज पनि उठाए। पछि धनपति ब्राह्मणका छोराहरू होशमा आई आफ्ना वृद्ध पितालाई खटमा राखी चारै दाजु भाइहरूले त्यहींबाटै बोकेर घरमा लगे। घरमा पुगिसके पछि सुगन्धित तेल घसी, सुगन्धित जलले नुहाइदिई प्रत्येक छोराहरूले एक एक दोशल्ला ओढाइ दिए। चारै जना छोराहरूले प्रत्येक दिनको लागि नित्य भोजन दिने वाचा गरे। आ-आफ्ना स्त्रीहरूलाई – "अबउप्रान्त अप्रमादी भई बाबुको सेवा टहल गर" भनी चेतावनी पनि दिए।

गुरुपूजा

छोराहरूका घरमा सु-भोजन पाउन थालेपछि धनपति ब्राह्मणको शरीर क्रमशः हृष्ट पुष्ट हुँदै गयो। अनि उनले—"यो जम्मै श्रेय भगवान् बुद्धलाई छ। वहाँले उपाय-मन्त्र नसिकाइ दिनु भएको भए, म पुनः यस स्थितिमा आउन सक्ने थिइन होला" भन्ने विचार गरी भगवान् प्रति कृतज्ञता ज्ञापन गर्न धनपति ब्राह्मण, छोराहरूले दिएको दोशल्ला मध्ये एउटा लिई भगवान् कहाँ गए। त्यहाँ पुगिसके पछि धन-पति ब्राह्मणले बुद्धसँग यसरी प्रार्थना गरे :—

"भो गौतम! तपाइं मेरो गुरु हुनुहुन्छ। ब्राह्मणहरू गुरुलाई गुरुदक्षिणा दिन्छन्। यो दोशल्ला तपाइलाई म गुरुदक्षिणाको रूपमा

समर्पण गर्दछु । कृपया स्वीकार गर्नुहोस् !" भगवान्ले स्वीकार गर्नु भयो ।

"भो गौतम ! मेरा चारै जना छोराहरूले मलाई चार नित्य भोजन दिएकाछन् । ती दिएका भोजनमध्ये तपाइलाई म दुइ भोजन चढाउँछु, म दुइ भोजन लिन्छु" भन्दै धनपति ब्राह्मणले बुद्धलाई दुइ भोजन अर्पण गरे । भगवान्ले भन्नुभयो—"कल्याण हो, ब्राह्मण ! हामी समय जानी तिम्रा छोराहरूका घरमा जानेछौं ।"

यस पछि भगवान् सर्वप्रथम जेठो छोरोको घरमा भोजनार्थ जानु भयो । पछि क्रमैसँग अरू भाइहरूका घरमा पनि जानु भयो ।

सबै परिवारको शरणागमन

एक दिन जेठो छोरोको घरमा एक मंगल कार्य थियो । उनले बाबुसँग मंगल भोज कसलाई ख्वाउने भनी सोधे । धनपति ब्राह्मणले उत्तर दिए—"म, मेरा हितैषी श्रमण गौतम बाहेक अरू कसैलाई जान्दिन । अतः भगवान् प्रमुख भिक्षुसङ्घलाई आमन्त्रण गर ।" छोराले पनि त्यस्तै गरे ।

भोलिपल्ट घरमा हरियो गोबरले लीपपोत गराई, सफासुग्घर गराई, राम्रोसँग घर सजाई बुद्धलाई भोजनको सूचना दिए । भगवान् बुद्ध भिक्षुसङ्घ सहित जेठो छोरोको घरमा जानु भयो । बुद्ध प्रमुख भिक्षुसङ्घलाई प्रणीत खाद्य भोज्य चढाए । भगवान् भोजन गरिरहनु भएको बेलामा चारै दाजु भाइहरूले बुद्धलाई—"भो गौतम ! अहिले हाम्रा पितालाई हामीले राम्ररी हेरविचार गरिरहेका छौं । भविष्यमा पनि

गर्नेछौं । यस कार्यमा हामी प्रमादी हुने छैनौं" भन्दै निवेदन गर्दा उनिहरूलाई भगवान्ले "यो काम कल्याण कारी हो, आमा बाबुको सेवा शुश्रूषा गर्ने काम पुराना पुराना ज्ञानीहरूले पनि गरी आएका सत्गुण हुन्" भन्नु हुँदै उनिहरू सबैलाई भगवान्ले अनेक कुशल कर्मबारे उपदेश दिँदै अन्तमा स्वयं बुद्धले पाउँनु भएको चतुरार्यसत्य धर्मको उपदेश पनि दिनु भयो । उपदेश सुनी धनपति ब्राह्मण, उनका चार छोरा र बुहारीहरू समेत स्रोतापन्न मार्ग-फलमा प्रतिष्ठित भए । यसप्रकार भगवान् बुद्ध धनपति ब्राह्मणको कल्याण मित्र हुनुभयो[१] । अरू कुराहरू तलको मूल सूत्रमै उल्लेख भएका छन् ।

× × ×

सूत्र :—

धनपति ब्राह्मण बुद्ध कहाँ

श्रावस्तीस्थित जेतवन विहारमा[२] ।

एक दिन धनपति (महासाल) ब्राह्मण झूत्रो लुगा लगाई जेतवन विहारमा भगवान् कहाँ गई, भगवान्सँग कुशलवार्ता गरी एक छेउमा बसे । एक छेउमा बसेका सो धनपति ब्राह्मणलाई भगवान्ले सोध्नु भयो :—

"हे ब्राह्मण ! किन तिमीले यस्तो झूत्रो लुगा लगाएको ?"

---

१. अ क. आधारित । २. सं. नि. महासालसुत्त ।

"भो गौतम ! मेरा चार छोराहरू छन् । उनिहरूले मलाई आफ्ना पत्नीहरूका कुरा सुनी घरबाट निकालि दिए ।"

"हे ब्राह्मण ! त्यसो भए तिमीले यी गाथाहरू कण्ठस्थ गरी, तिम्रा छोराहरू पनि उपस्थित भएका महाजनहरूको सभामा, यी गाथाहरू (श्लोकहरू) पढेर सुनाऊ :—

१—"येहि जातेहि नन्दिस्सं, येसं च भवमिच्छियं ।
ते मं दारेहि संपुच्छ, सा व वारेन्ति सूकरं ॥

२—"असन्ता किर मं जम्मा, तात ताता ति भासरे ।
रक्खसा पुत्तरूपेन, ते जहन्ति वयोगतं ॥

३—"अस्सो व जिण्णो निब्भोगो, खादना अपनीयति ।
बालकानं पिता थेरो, परागारेसु भिक्खति ॥

४—"अन्धकारे पुरे होति, गम्भीरे गाधमेधति ।
दण्डस्स आनुभावेन, खलित्वा पतितिट्ठती ति ॥"

अर्थ :—

१—"जसको जन्म हुँदा (म) खुशी भएको थिएँ, जसको अभिवृद्धिको कामना (मैले) गरेको थिएँ; सुँगुरलाई कुकुरले भुँकी लखेटे फैं (आज मलाई) ती छोराहरूले पत्नीहरूका कुरा सुनी घरबाट निकाली दिए ।

२—"मैले पालि राखेका, मलाई 'बाबु बाबु' भन्ने मेरा छोराहरूले, अधम र नीच भई, (आज) मलाई घरबाट निकालि दिए ।

३—"जस्तो काम दिन नसक्ने बुढो घोडालाई खान पनि नदिई (मानिसहरूले) घरबाट धपाई पठाउँछन्, त्यस्तै गरी धनिकुलको भएर पनि मलाई दरिद्री बनाई अर्काको घरमा भिक्षा माग्नु पर्ने गरी (मलाई घरबाट) निकालि दिए।

४—"आस्था नभएका त्यस्ता छोराहरू भन्दा मलाई यो मेरो लट्ठी नै श्रेयस्कर छ। किन-भने—लट्ठीले हान्ने गाईलाई धपाउन सकिन्छ, टोक्ने कुकुरलाई हटाउन सकिन्छ, अँध्यारोमा, गहिरो पानीमा लट्ठी टेकेर हिड्न सकिन्छ; लट्ठीको सहाराले लोट्नुबाट पनि बच्न सकिन्छ।"

ब्राह्मणले यी गाथाहरू भगवान् कहाँ कण्ठस्थ हुने गरी पढे। एक दिन महाजनहरूका सभाषद्‌मा आफ्ना छोराहरू पनि भएको बेलामा (ब्राह्मणले) ती गाथाहरू पढेर सुनाए :—(माथि उल्लिखित गाथा-हरू दोहऱ्याउने)।

गुरु दक्षिणा

अनि ब्राह्मणलाई छोराहरूले घरमा लगी नुहाइदिई प्रत्येकले दोशल्ला ओढाइ दिए। एक दिन सो ब्राह्मण एउटा दोशल्ला लिई जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्‌सँग कुशलवार्ता गरे। कुशलवार्ता सकिए पछि एक छेउमा बसे। अनि सो ब्राह्मणले भगवान्‌लाई यसरी निवेदन गरे :—

"भो गौतम! हामी ब्राह्मणहरू आचार्यलाई गुरु दक्षिणा चढाउँछौं। अतः भो गौतम! गुरु दक्षिणाको रूपमा चढाएको यो आचार्य-धन (दोशल्ला) ग्रहण गर्नु होस्!" भगवान्‌ले अनुकम्पापूर्वक

ग्रहण गर्नुभयो ।

शरणागमन

त्यसपछि सो धनीकुलका (धनपति) ब्राह्मणले भगवान्सँग यसरी प्रार्थना गरे—"धन्य, भो गौतम ! धन्य, भो गौतम ! घोप्टेकोलाई उत्तानो पारिदिंदा, छोपिएकोलाई उघारिदिंदा, बाटो भुलेकोलाई बाटो देखाइदिंदा, अँध्यारोमा तेलको बत्ती राखिदिंदा— आँखा हुनेहरूले रूप देखेझैं तपाइ गौतमले मलाई अनेक प्रकारबाट धर्म प्रकाश गरिदिनु भयो। अब म, तपाइ गौतमको शरण पर्दछु, धर्म र भिक्षुसङ्घको पनि । आजदेखि तपाइ गौतमले मलाई आजीवनसम्म शरणमा आएको उपासक हो भनी धारणा गर्नुहोस् !"

—★—

५. अहंकारी ब्राम्हण

परिचय

श्रावस्ती नगरमा एक अहंकारी नामक ब्राह्मण थिए । उनले घरका जेठापाका कसैलाई पनि सम्मान, गौरब गर्दैनथे । अहंकारी ब्राह्मण निकै अभिमानी थिए । एक दिन उनी भगवान् कहाँ जाँदा भगवान्ले उनीसँग केही कुरा पनि गर्नु भएन । यसबाट अहंकारी ब्राह्मणको मनमा यस्तो लाग्यो—"म जस्तो जाति कुल सम्पन्न ब्राह्मण आउँदा पनि यी श्रमण गौतम मलाई कुनै वास्ता गर्दैनन् । यिनी केही पनि जान्दा रहेन छन् ।"

ब्राह्मणले यस्तो चिताइ रहेको कुरा भगवान्ले थाहा पाउनु भयो र ब्राह्मणलाई 'अनाहक अहंकार र अभिमान गर्नु ठीक छैन' भनी भन्नु हुँदा अहंकारी ब्राह्मणको मनमा त्रास उत्पन्न भयो—"अहो ! मनको कुरा पनि थाहा पाउन सक्ने रहेछन्, धन्य !" भन्दै आफुमा भएको अहंकार तथा अभिमानलाई त्यहीं नै अन्तगरी भगवान्को पाउपरी शरणमागई उपासकत्व ग्रहण गरे[१] । अरू कुरा तलको मूल सूत्रबाटै स्पष्ट बुझिनेछ ।

× × ×

---

१. अ. क. आधारित ।

अहंकारी ब्राह्मण बुद्धकहाँ

श्रावस्तीस्थित जेतवन विहारमा[१] ।

त्यस बखतमा मानत्थद्ध (अहंकारी) भन्ने ब्राह्मण श्रावस्तीमा बस्दथे । उनी आमालाई, बाबुलाई, आचार्यलाई, जेठा दाजुलाई समेत अभिवादन गर्दैनथे ।

एक समय, भगवान् धेरै भिक्षुहरूका बीच बसी उनिहरूलाई धर्मोपदेश गर्दै हुनुहुन्थ्यो । त्यसबखत अहंकारी ब्राह्मणको मनमा यस्तो लाग्यो—"यी श्रमण गौतम धेरै भिक्षुहरूका बीच बसी उनिहरूलाई धर्मोपदेश गर्दै छन् । म पनि श्रमण गौतमकहाँ जान्छु । यदि श्रमण गौतमले मसँग कुराकानी गरे भने म पनि उनीसँग कुरा गर्नेछु । यदि श्रमण गौतमले मसँग कुराकानी गरेनन् भने म पनि उनीसँग कुरा गर्ने छैन ।" यति चिताई अहंकारी ब्राह्मण जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई चुपलागी एक छेउमा उभिइरहे । आफुसँग श्रमण गौतम नबोलेको देखेर अहंकारी ब्राह्मण "यो श्रमण गौतमलाई केही थाहा रहेनछ" भनी त्यहाँबाट फर्केर जान लागेका थिए । अनि भगवान्ले अहंकारी ब्राह्मणको मनको कुरा थाहापाई अहंकारी ब्राह्मणलाई गाथाद्वारा भन्नुभयो :—

"न मानं ब्राह्मण साधु, अत्थि कस्सीध ब्राह्मण ।
येन अत्थेन आगच्छि, तमेवमनु ब्रूहये'ति ॥"

---

१. सं. नि. मानत्थद्धसुत्तं ।

अर्थ :—

"हे ब्राह्मण ! यदि कसैलाई अर्थको आवश्यकता छ भने उसले अभिमान गर्नु ठिक छैन। जुन उद्देश्यले यहाँ आएको हो सोही कुरा भन।"

"मेरो मनको कुरा श्रमण गौतमले थाहा पाए" भनी अहंकारी ब्राह्मणले त्यहाँ नै भगवान्को चरणकमलमा ढोगी म्वाई खाई, हातले पनि सुम् सुम्याई आफ्नो नाम बताए—"भो गौतम ! म अहंकारी (मानत्थद्ध) हुँ, म अहंकारी हुँ !" उनको यो क्रिया देखी त्यहाँ भएका परिषद् आश्चर्य चकित भए—"कस्तो आश्चर्य ! कस्तो अचम्म !" यो अहंकारी ब्राह्मणले न आमालाई, न बाबुलाई, न आचार्यलाई, न जेठा दाजुलाई अभिवादन गर्छ ! किन्तु श्रमण गौतममाथि भने यत्तिको स्नेह र भक्ति देखाउँछ !!"

अनि भगवान्ले अहंकारी ब्राह्मणलाई भन्नुभयो—

"हे ब्राह्मण ! भयो, भयो, उठ ! ममाथि देखाएको श्रद्धा पुग्यो, आफ्नो आसनमा बस !"

अनि अहंकारी ब्राह्मणले आफ्नो ठाउँमा बसी भगवानसंग गाथाद्वारा निम्न कुराहरू सोधे :—

"केसु न मानं कयिराथ, केसु चस्स सगारवो।
क्यस्स अपचिता अस्सु, क्यस्सु साधु सुपूजिता'ति ॥"

अर्थ :—

"कसमाथि अभिमान गर्नु ठीक छैन ? कसको गौरब गर्नु असल होला ? कसको सम्मान गर्नु राम्रो होला ? कसको स्वागत गर्नु बढिया होला र कसलाई पूजा गरेमा राम्रो पूजा होला ?"

भगवान् :—

१—"मातरि पितरि चा पि, अथो जेट्ठम्हि भातरि।
आचरिये चतुत्थम्हि, तेसु न मानं कयिराथ।

तेसु अस्स सगारवो, त्यस्स अपचिता अस्सु।
त्यस्स साधु सुपूजिता ॥

२—"अरहन्ते सीतीभूते, कतकिच्चे अनासवे।
निहच्च मानं अत्थद्धो, ते नमस्से अनुत्तरे'ति ॥"

अर्थ :—

१—"हे ब्राह्मण ! आमा, बाबु, जेठा दाजु, आचार्य—यी चारप्रति अहंकार अभिमान नगर्नु र उनिहरूमाथि गौरब राख्नु, उनिहरूलाई सम्मान गर्नु, उनिहरूको पूजा गर्नु नै राम्रो हुनेछ।

२—"शीतल भई अरहन्त भएका, कृत-कृत्य भई अनास्रव भएका, अभिमानलाई दबाई निरभिमानी भएकालाई नमस्कार गर्नु असल हुनेछ।"

शरणागमन

भगवान्का यी उपदेश सुनेर अहंकारी ब्राह्मणले भगवान्सँग यसरी प्रार्थना गरे :—

"धन्य, भो गौतम ! धन्य, भो गौतम !! घोप्टेकोलाई उत्तानो पारिदिंदा[१०] अँध्यारोमा तेलको बत्ती राखिदिंदा—आँखा हुनेहरूले रूप देखेझैं तपाइ गौतमले अनेक प्रकारबाट धर्म प्रकाश गरिदिनु भयो । अब म, तपाइ गौतमको शरण पर्दछु, धर्म र भिक्षु सङ्घको पनि । आजदेखि तपाइ गौतमले मलाई आजीवनसम्म शरणमा आएको उपासक हो भनी धारणा गर्नु होस !"

—★—

१. पृष्ठ ७ मा झैं ।

६. भिक्षुक ब्राम्हण

भिक्षा माग्दैमा भिक्षु हुँदैन

सूत्र :—

श्रावस्तीस्थित जेतवन विहारमा[१]।

एक दिन भिक्षुक ब्राह्मण जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्सँग क्षेम-कुशल वार्ता गरि सकेपछि एक छेउमा बसी भगवान्सँग निम्न प्रश्न सोधे :—

"भो गौतम ! म पनि भिक्षुक हुँ, तपाइ पनि भिक्षुक हुनुहुन्छ भने यहाँ हामीहरूको बीचमा के फरक छ ?"

भगवानले गाथाद्वारा भन्नुभयो :—

१—"न तेन भिक्खको होति, यावता भिक्खते परे।
विस्सं धम्मं समादाय, भिक्खु होति न तावता ॥

२—"योध पुञ्ञं च पापं च, बाहित्वा ब्रह्मचरियं।
सङ्खाय लोके चरति, स वे भिक्खूति वुच्चती'ति ॥"

---

१. सं. नि. भिक्खकसुत्तं ।

अर्थ :—

१—"भिक्षा मागी हिंडदैमा भिक्षु हुँदैन । अकुशल धर्म ग्रहण गरुञ्जेलसम्म भिक्षु हुन सक्तैन ।

२—"जसले पुण्य र पापलाई त्यागी, ब्रह्मचर्य पालनगरी, ज्ञानी भई लोकमा विचरण गर्दछ, त्यसलाई मात्र भिक्षु भन्छन् ।"

यस्तो उत्तर पाइसके पछि भिक्षुक ब्राह्मणले भगवानसँग यसरी प्रार्थना गरे :—

"धन्य, भो गौतम ! धन्य, भो गौतम[१] !!० अँध्यारोमा बत्ती राखिदिदा—आँखा हुनेहरूले रूप देखेझैं तपाइ गौतमले पनि मलाई अनेक प्रकारबाट धर्मप्रकाश गरिदिनु भयो । अब म, तपाइ गौतमको शरण पर्छु, धर्म र भिक्षुसङ्घको पनि । आजदेखि तपाइ गौतमले मलाई आजीवनसम्म शरणमा आएको उपासक हो भनी स्वीकार गर्नुहोस !

—★—

१. पृष्ठ ७ मा र्छ ।

७. उदय ब्राम्हण

परिचय

× × ×

उदय ब्राह्मणकै घरमा तीन दिनसम्म लगातार भिक्षाको निमित्त भगवान् किन जानु भयो होला ?

उदय ब्राह्मणको भित्री हृदयरूपी दियोमा ज्ञानरूपी बत्ती बलि-रहेको बुद्धले चालपाइ सक्नु भएको थियो । त्यसैले भगवान् बुद्ध एक्लै उनकहाँ तीन पटकसम्म लगातार भिक्षाको निमित्त जानु भएको हो । भगवान् बुद्ध भिक्षाको निमित्त उदय ब्राह्मणको घरमा जानु हुँदा उनले श्रद्धापूर्वक भिक्षा नदिएता पनि 'आफ्नो घर-द्वारमा आएका श्रमणलाई कसरी भिक्षा नद्यौं' भन्ने विचारले र छर छिमेकीहरूले 'त्यति भिक्षा पनि दिएन भन्लान्' भन्ने लोकापवादबाट बच्नको लागि दुइ दिनसम्म त केही नबोली पात्रभरी भिक्षा राखिदिए । भगवान् बुद्ध पनि चुप लागी भिक्षा ग्रहण गरी फर्केर जानु भयो । तेश्रो पटकमा उदय ब्राह्मणले आफ्नो मुख टाल्न सकेनन् र—"अन्त कहीं जान सक्दैन, खानाको स्वादमा पल्की यहींनै आउँछ" भनेर भनीहाले । भगवान् पनि यत्तिनै चाहनु हुन्थ्यो । त्यसपछि भगवान्ले उनलाई उभिइकनै—"हेर ब्राह्मण ! तीन पटक भिक्षा दिनुपर्दा त तिमी यति दिक्क मान्छौ, किन्तु संसारका

मानिसले घरी घरी खेतीगरी धान फलाई देशलाई स-श्रीक तुल्याउने कुरा-लाई तिमीले कसरी सम्झन सकेनौ ?" भनी सोरह प्रकारको दृष्टान्तद्वारा उपदेश दिनु भयो[१] ।

अन्तमा उदय ब्राह्मण यति प्रसन्न भए कि सपरिवार बुद्धको शरणमा गई उपासकत्व ग्रहण गरे । अरू कुरा सूत्रद्वारा नै स्पष्ट हुनेछ ।

× × ×

सूत्र :—

उदय ब्राह्मणको घरमा

श्रावस्तीस्थित जेतवन विहारमा[२] ।

एक दिन भगवान् पूर्वाण्ह समयमा वस्त्र धारण गरी, पात्र-चीवर ग्रहण गरी, जहाँ उदय ब्राह्मणको घर थियो त्यहाँ जानु भयो । उदय ब्राह्मणले भगवान्‌को भिक्षा-पात्र भरी भात (भिक्षा) राखिदिए । दोश्रो दिन पनि भगवान् उदय ब्राह्मणको घरमा जानुभयो । तेश्रो दिन पनि उनैको घरमा जानुभयो । उदय ब्राह्मणले तेश्रो दिन पनि भगवान्‌को भिक्षा-पात्र भरी भात (भिक्षा) राख्दै भगवान्‌लाई निम्न कुरा सुनाए :—

"श्रमण गौतमत रस-लोभी रहेछ, घरी घरी यहींनै आइरहन्छ ।"

१. अ. क. आधारित । २. सं. नि. उदयसुत्तं ।

यति कुरा सुनेपछि भगवान्‌ले ब्राह्मणलाई गाथाद्वारा निम्न कुराहरू सुनाउनु भयो :—

१—"पुनप्पुनं चेव वपन्ति बीजं,
पुनप्पुनं वस्सति देव राजा।
पुनप्पुनं खेत्तं कसन्ति कस्सका,
पुनप्पुनं धञ्ञमुपेति रट्ठं॥

२—"पुनप्पुनं याचका याचयन्ति,
पुनप्पुनं दानपती ददन्ति।
पुनप्पुनं दानपती ददित्वा,
पुनप्पुनं सग्गमुपेन्ति ठानं॥

३—"पुनप्पुनं खीरनिका दुहन्ति,
पुनप्पुनं वच्छो उपेति मातरं।
पुनप्पुनं किलमति फन्दति च,
पुनप्पुनं गब्भमुपेति मन्दो॥

४—"पुनप्पुनं जायति मीयति च,
पुनप्पुनं सीवथिकं हरन्ति।
मग्गं च लद्धा अपुनब्भवाय,
न पुनप्पुनं जायति भूरिपञ्ञो'ति॥"

अर्थ :—

१—"घरी घरी बिउ रोप्छन्, घरी घरी बर्षाद् हुन्छ ।
घरी घरी कृषकले खेती गर्छ, घरी घरी राष्ट्रले धान भित्र्याउँछ ।।

२.—"घरी घरी याचकहरू माग्छन्, घरी घरी दानपतिहरू दिन्छन् ।
घरी घरी दिएरनै दानपतिहरू स्वर्गलोक पुग्छन् ।।

३.—"घरी घरी गोठालाहरू दूध दुहुन्छन्,
घरी घरी बाछा बाछी माउ कहाँ पुग्छन् ।

घरी घरी माउहरू हैरान् भएर चटपटाउँछन्,
घरी घरी अज्ञानीहरू गर्भमा जान्छन् ।।

४—"घरी घरी जन्मन्छन्, मर्छन्,
घरी घरी मशानमा लग्छन् ।

अपुनर्जन्मको बाटो पाई, घरी घरी बुद्ध जन्मदैन ।।"

यो कुरा सुनी उदय ब्राह्मण प्रसन्न भई भगवान्‌संग यसरी प्रार्थना गरे :—

"धन्य, भो गौतम ! धन्य, भो गौतम !! घोप्टेकोलाई उत्तानो पारि दिदा[१०], आँखा हुनेहरूले रूप देखेझैं तपाइ गौतमले मलाई अनेक

---

१. ७ पृष्ठमा झैं

प्रकारबाट धर्म प्रकाश गरिदिनु भयो। अब म, तपाइ गौतमको शरण पर्दछु, धर्म र भिक्षुसङ्घको पनि। आजदेखि तपाइ गौतमले मलाई आजीवनसम्म शरणमा आएको उपासक हो भनी धारणा गर्नुहोस !"

—★—

८. सङ्गारव नामक ब्राम्हण

परिचय

त्रिपिटकमा कतिपय सङ्गारव नामका ब्राह्मणहरूको उल्लेख भएको पाइन्छ । यहाँ त्यसै मध्येका एकजना सङ्गारव ब्राह्मणको बारे सूत्र अनुसार परिचय दिइन लागेको हो ।

यी सङ्गारव ब्राह्मण, आयुष्मान आनन्द गृहस्थीछँदाका साथी हुन् । कहीले काँही आयुष्मान् आनन्दको मनमा आफ्नो साथी सङ्गारवको बारेमा यस्तो विचार उत्पन्न हुन्थ्यो—"म जस्तो साथी भइकन पनि सङ्गारव ब्राह्मणको विचार धारामा र विश्वासमा सुधार ल्याउन नसक्नु दुःखको कुरा हो । भगवानसँग भेट गराइदिन पाएमा अवश्यमेव सङ्गारव ब्राह्मणको विचार र विश्वासमा परिवर्तन आई मिथ्या विश्वास हटन सक्दथ्यो ।" यस्तो विचार भएको हुँदा, एक दिन आयुष्मान् आनन्दले उचित अवस्था विचारगरी, भगवान्‌लाई सङ्गारव ब्राह्मणको घरमा जानु हुन अनुरोध गर्नु भएको थियो । आयुष्मान् आनन्दले सङ्गारव ब्राह्मणको घरमा जानको निमित्त गरेको अनुरोधबाट नै बुद्धले आयुष्मान् आनन्दको मनसाय बुझिहाल्नु भयो[१] । अरू विशेष कुरा सूत्रबाटै स्पष्ट हुनेछ ।

× × ×

---

१. अ. क. आधारित ।

सूत्र :—

सङ्गारव ब्राह्मणको विश्वास

श्रावस्तीस्थित जेतवन विहारमा[१]।

सङ्गारव नामक ब्राह्मण श्रावस्ती नगरमा बस्तथे । उनी जल शुद्धिक (पानीले शुद्धि हुन्छ भन्ने विश्वास गर्ने) थिए । पानीद्वारा नै शुद्ध हुन्छ भन्ने कुरामा विश्वास गर्दथे । त्यसैले उनी बिहान र बेलुकी डुब्ने पानी भएको ठाउँमा नुहाउनको निमित्त जान्थे ।

एक दिन आयुष्मान् आनन्द पूर्वाण्ह समयमा वस्त्र धारण गरी, पात्र-चीवर ग्रहण गरी श्रावस्ती नगरमा भिक्षाटन गरी भोजनोपरान्त भगवान् कहाँ जानु भयो । त्यहाँ गई भगवान्लाई वन्दनागरी एक छेउमा बस्नु भयो । त्यसपछि आयुष्मान् आनन्दले भगवानसँग यस्तो अनुरोध गर्नु भयो :—

"भन्ते ! यहाँ सङ्गारव भन्ने एक जलशुद्धिक ब्राह्मण श्रावस्ती नगरमा बस्तछन् । उनी पानीलाई नै शुद्ध मान्दछन् । शुद्ध हुनको लागि बिहान र बेलुकी डुब्ने पानी भएको ठाउँमा नुहाउन जान्छन् । अनुकम्पा राखी सङ्गारव नामक ब्राह्मणको घरमा पाल्नु भए बेश हुन्थ्यो कि ?" भगवान्ले आयुष्मान् आनन्दको अनुरोधलाई स्वीकार गर्नु भयो ।

---

१. सं. नि. सङ्गारवसुत्तं ।

भोलिपल्ट भगवान् पूर्वाण्ह समयमा वस्त्र धारणगरी, पात्र-चीवर ग्रहणगरी, जहाँ सङ्गारव नामक ब्राह्मणको घर थियो त्यहाँ जानु भयो र बिच्छ्याइ राखेको आसनमा बस्नु भयो। त्यसपछि सङ्गारव ब्राह्मण भगवान्को अगाडि गए। अनि उनले भगवान्सँग सम्मोदन गरे। सम्मोदनीय कुराकानी गरिसके पछि एक छेउमा बसे। एक छेउमा बसेका सो सङ्गारव ब्राह्मणलाई भगवान्ले निम्न कुरा सोध्नु भयो :—

"हे ब्राह्मण ! साँच्चै होकि क्या हो तिमी जलशुद्धिक रे ? के पानीले नै शुद्धि हुन्छ भन्ने कुरा मान्दछौ ? शुद्ध हुनको लागि तिमी बिहान र बेलुकी डुब्ने पानी भएको ठाउँमा नुहाउन जान्छौ रे !"

"साँच्चै हो, भन्ते !"

"हे ब्राह्मण ! त्यसमा के देखेर तिमी जलशुद्धिक भएका हौत ? के देखेर पानीले शुद्ध हुइन्छ भन्ने आशा गरेको त ? के देखेर बिहान र बेलुकी पानीमा डुबी डुबी नुहाएको त ?"

"भो गौतम ! जुन पाप दिउसो गरेको हुन्छु, सो पापलाई साँझको स्नानद्वारा पखालि दिन्छु; जुन पाप रातमा गरेको हुन्छु, सो पापलाई बिहानको स्नानद्वारा पखालि दिन्छु। यही कारण देखेर म जलशुद्धिक भएको हुँ। पानीले नै शुद्ध हुइन्छ भन्ने विश्वास गर्दछु। त्यसैले म बिहान र बेलुकी पानीमा डुबी डुबी नुहाउँछु।"

अनि भगवान्ले गाथाद्वारा यस्तो उपदेश दिनु भयो :—

"धम्मो रहदो ब्राह्मण सीलतित्थो,
अनाविलो सब्भि सतं पसत्थो।

यत्थहवे वेदगुनो सिनाता,
अनल्लगत्ता व तरन्ति पारं'ति ॥"

अर्थ :—

"धर्म नै तलाउ हो, निर्मल शील नै तीर्थ हो,
यसैलाई सभ्यजन प्रशंसा गर्दछन् ।
जहाँ ज्ञानीहरू शरीर नै नभिजाई
नुहाई, पार तरेर जान्छन् ।

शरणागमन

भगवान्‌बाट यस्तो उपदेश सुनेपछि, सङ्गारव ब्राह्मणले भगवान-सँग यसरी प्रार्थना गरे :—

"धन्य, भो गौतम ! धन्य भो गौतम[१] !! ० आजदेखि तपाइ गौतमले मलाई आजीवनसम्म शरणमा आएको उपासक हो भनी धारणा गर्नु होस !"

—★—

१. ७ पृष्ठमा झैं ।

९. उज्जय ब्राम्हण

सूत्र :—

हिंसायुक्त यज्ञलाई बुद्ध प्रशंसा गर्दैनन्

श्रावस्तीमा[1] ।

एक दिन उज्जय ब्राह्मण जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । अनि भगवान्सँग कुशल वार्ता गरे । त्यसपछि एक छेउमा बसी उनले भगवान्सँग यस्तो कुरा सोधे :—

"भो गौतम ! तपाइ पनि यज्ञको प्रशंसा गर्नु हुन्छ कि ?"

"हे ब्राह्मण ! म सबै यज्ञको प्रशंसा गर्दिन । न त म सबै यज्ञको अप्रशंसा नै गर्छु । जुन यज्ञमा गाई, बोका, कुखुरा, सुगुर काटिन्छन् बा अन्य प्राणीहरूको हिंसा हुन्छ त्यस्तो यज्ञलाई म प्रशंसा गर्दिन । किनभने, यस्तो प्रकारले हिंसा हुने यज्ञमा अरहन्त बा अरहत्-मार्गमा लागेकाहरू उपस्थित हुँदैनन् ।

"हे ब्राह्मण ! जुन यज्ञमा न गाई काटिन्छ, न बोका काटिन्छ, न कुखुरा काटिन्छ, न सुगुर काटिन्छ, न त विविध प्रकारका प्राणीहरू नै

---

१. अ. नि. उज्जयसुत्तं ।

फाटिन्छन्; त्यस्ता यज्ञलाई र नित्यदान तथा अनुकूल-दानलाई म प्रशंसा गर्छु। किनभने—यस्तो प्रकारको अहिंसावाट हुने यज्ञमा मात्रै अरहन्त बा अरहतमार्गमा लागेकाहरू उपस्थित हुन्छन्।"

यति भन्नु भई पुनः यसरी गाथा भन्नु भयो :—

१—"अस्समेधं पुरिसमेधं, सम्मापासं वाजपेय्यं निरग्गलं।
महायञ्ञा महारम्भा, न ते होन्ति महप्फला।

२—"अजेलका च गावो च, विविधा यत्थ हञ्ञरे।
न तं सम्मग्गता यञ्ञं, उपयन्ति महेसिनो॥

३ –"ये च यञ्ञा निरारम्भा, यजन्ति अनुकुलं सदा।
अजेलका च गावो च, विविधा नेत्थ हञ्ञरे।
तं च सम्मग्गता यञ्ञं, उपयन्ति महेसिनो॥

४—"एतं यजेथ मेधावी, एसो यञ्ञो महप्फलो।
एतं हि यजमानस्स, सेय्यो होति न पापियो।
यञ्ञो च विपुलो होति, पसीदन्ति च देवता'ति॥"

अर्थ :—

१ "अश्वमेघ, पुरुषमेध, सम्मापास (भाला आदिले रोपेर मार्ने यज्ञ), बाजपेय (सोमरस पिउने यज्ञ, विविध प्राणीहिंसा (निरग्गल), महत्‌हिंसा हुने महायज्ञहरू (यस्ता यज्ञ) महत्फलदायी हुँदैनन्।

२—"न त बोका, गाई आदि विविध प्राणीहरूको हिंसा हुने यज्ञस्थलमा महर्षिहरू उपस्थित हुन्छन् ।

३—"जुन यज्ञमा हिंसा हुँदैन, प्राणीहरूलाई भय हुँदैन, जहाँ अनुकूल (परम्परागत) दानमय पुण्य हुन्छ, जहाँ बोका, गाई इत्यादि प्राणीहरू मारिन्नन् त्यस्ता समग्र यज्ञहरूमा महर्षिहरू उपस्थित हुन्छन् ।

४—"मेधावीहरूले यस्तो यज्ञ गर्नु पर्छ । यस्तो यज्ञको फल महान हुन्छ । यस्तो यज्ञ गर्नाले पाप हुँदैन, श्रेयस्कर हुन्छ । यस्तो यज्ञ विपुलफलदायी हुन्छ र देवताहरू पनि प्रसन्न हुन्छन् ।"

× × ×

सूत्र :—

इह लौकिक सुख

फेरि एक दिन उज्जय ब्राह्मण जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । अनि भगवान्सँग कुशलवार्ता गरे[1] । त्यसपछि एक छेउमा बसी उनले भगवान्सँग विनयपूर्वक भने कि :—

"भो गौतम ! हामीहरू प्रवास जान लागेकाछौं । हामीहरूलाई तपाइले त्यस्तो धर्मोपदेश दिनुहोस्, जुन हाम्रो लागि सन्दृष्टिक (यसै जनममा) हित र सुख होस्, सम्परायिक हित र सुख पनि होस् ।"

"हे ब्राह्मण ! (१) उत्थान सम्पदा, (२) आरक्ष सम्पदा, (३) कल्याण मित्रता र (४) समजीविता—यी चार धर्मले (गुणले) कुलपुत्रहरूलाई सन्दृष्टिक-हित र दृष्टधर्म-सुख हुन्छ ।

१. अं. नि. उज्जयसुत्तं ।

चार-सम्पदा—(१) "हे ब्राह्मण ! उत्थानसम्पदा भनेको केहो भने—कुलपुत्र जुन कामले जीविका गर्दछ—चाहे त्यो कृषीकर्मले, व्यापारले, गोरक्षाले, आफ्नै कामकाजले, राजाको नोकरीले अथवा अन्य शिल्पले होस् – त्यस काममा दक्ष हुन्छ, क्रियाशील हुन्छ, त्यो त्यो काममा उपाय र परीक्षणकारी हुन्छ, कामकाज गर्नमा सक्षम हुन्छ, संविधान गर्नमा सक्षम हुन्छ । यसैलाई उत्थानसम्पदा भन्दछन् ।

(२) "हे ब्राह्मण ! आरक्षसम्पदा भनेको के हो भने – आफ्नै उत्थान-बल-वीर्यले, बाहुबलले पसिना बगाई धर्मपूर्वक आर्जन गरेको भोगसम्पत्ति कुलपुत्रको हुन्छ । उसले त्यो सम्पत्ति रक्षा गर्दछ, व्यवस्था गर्दछ –"यो मेरो सम्पत्ति राजाले हरण नगरून् , चोरले चोरी नगरोस्, अग्निबाट विनाश हुन नपाओस्, पानीबाट विनाश हुन नपाओस्, अनधिकारी व्यक्तिको हातमा नपरोस् ।" यसैलाई आरक्षसम्पदा भन्दछन् ।

(३) "हे ब्राह्मण ! कल्याण-मित्रता भनेको केहो भने—जुन गाउँमा बा निगममा कुलपुत्र बस्तछन्, त्यसै गाउँका गृहपति पुत्र, तन्नेरी बा बुढा, अथवा वृद्धस्वभावका – जो श्रद्धा सम्पन्न, शील सम्पन्न, त्याग सम्पन्न, प्रज्ञा सम्पन्न छन्—त्यस्तासँग बसोबास गर्छ, बोलचाल गर्छ, छलफल गर्छ, सतसंगत गर्छ । जस्तो उनिहरूको श्रद्धा-सम्पदा हुन्छ, त्यस्तै श्रद्धा-सम्पदा आफुले पनि अनुरक्षा गर्छ, जस्तो उनिहरूको शील-सम्पदा हुन्छ, त्यस्तै शील-सम्पदा आफुले पनि अनुरक्षा गर्छ, जस्तो उनिहरूको त्याग-सम्पदा हुन्छ, त्यस्तै त्याग-सम्पदा आफुले पनि अनुरक्षा गर्छ; जस्तो उनिहरूको प्रज्ञा-सम्पदा हुन्छ, त्यस्तै प्रज्ञा-सम्पदा आफुले पनि

अनुरक्षा गर्छ । उनिहरूसँग बसोबास गर्छ, बोलचाल गर्छ, छलफल गर्छ, सत्संगत गर्छ । यसैलाई कल्याण-सम्पदा भन्दछन् ।

(४) "हे ब्राह्मण ! समजीविका भनेको केहो भने—कुलपुत्रले भोगको आय पनि जानी, भोगको व्यय पनि जानी समजीविका गर्दछ । न अति धेरै खर्चगर्छ, न अति कम नै खर्चगर्छ—'यति मेरो आय छ, व्ययभन्दा आय नै बढता छ; न कि मेरो व्यय आयभन्दा बढी छ ।' जस्तो कि तुलाधर वा तुलाधर-अन्तेवासीले तराजु जोख्दा थाहा पाउँछ कि—'यति राखे कम हुन्छ, यति राखे बढता हुन्छ ।' यस्तै प्रकार, कुलपुत्रले भोगको आय र व्ययलाई बुझेर सम (बराबर) जीविका गर्दछ, न धेरै बढता, न धेरै कम—यत्तिले मेरो आय, व्ययभन्दा बढता हुन्छ; यत्तिले मेरो आय, व्ययभन्दा कमै हुन्छ ।'

"हे ब्राह्मण ! यदि, त्यो कुलपुत्रले अल्प आयगरी अधिक व्यय गर्छ भने, उसलाई लोकले भन्दछ कि—'उदुम्बर (डुम्री) फल खाए फैँ यस कुलपुत्रले भोग खाइरहेछ (उडाइ रहेछ) ।' यदि, त्यो कुलपुत्रले धेरै आय भएर पनि कम खर्चगरी कष्ट पूर्वक जीविका गर्दछ भने,—'बुढो हुन नपाउँदै यो कुलपुत्र मर्नेछ' भनी लोकले भन्दछ । जब, कुलपुत्रले भोगको आय र व्यय बुझी, न धेरै न थोरै खर्चगरी समजीविका गर्दछ—यसैलाई समजीविका भन्दछन् ।

'हे ब्राह्मण ! यसैप्रकार भोगसम्पत्तिले सुसम्पन्न हुनेको चारवटा अपाय मुखहरू (नराम्रा बाटा) हुन्छन् :—

"(१) स्त्रीधूर्त, (२) सुराधूर्त, (३) अक्षधूर्त (जुवाडी) र (४) पाप (खराब, बदमास) मित्रता तथा पापसहाय र पापविश्वासी ।

जस्तो कि—महान तलाउको चारवटा मुहानहरू छन् । त्यस पुरुषले जुन पानी आउने मुहान हुन् तिनिहरूको मुख बन्द गर्छ, जुन पानी जाने मुख हो सो खोलिदिन्छ। यसप्रकार त्यो तलाउको पानी सुक्ने सम्भावना हुन्छ र मुसलधारा पानी नपर्ने हुनाले बढने सम्भावना पनि हुँदैन। यसरी त्यो सुसम्पन्न व्यक्तिको भोगसम्पत्ति स्त्रीधूर्तादि चारवटा मार्गद्वारा विनाश हुन्छ ।

"हे ब्राह्मण ! यसप्रकार भोगसम्पत्तिले सुसम्पन्न हुनेको चारवटा आय मुखहरू हुन्छन् :—

"(१) स्त्रीधूर्त हुँदैन, (२) सुराधूर्त हुँदैन, (३) अक्षधूर्त हुँदैन र (४) कल्याणमित्रता, कल्याणसहायक र कल्याण विश्वासी हुन्छ ।

"जस्तो कि—महान तलाउको चारवटा मुहानहरू छन् । त्यस पुरुषले जुन पानी आउने मुख हो सो खोलिदिन्छ, जुन पानी जाने मुख हो सो बन्द गरि दिन्छ । यसप्रकार त्यो महान तलाउको पानीको वृद्धि नै हुन्छ, मूसल धारे पानी पनि पर्ने हुनाले घटदैन । यसरी त्यो सुसम्पन्न व्यक्तिको भोगसम्पत्ति विनाश हुन्न ।

"यी चारवटा धर्म (गुण) द्वारा कुलपुत्रको सन्दृष्टिक (इहलोक) हिताय र दृष्टधर्म-सुखाय हुन्छ ।"

सम्परायिक सुख

चार-सम्पदा—"हे ब्राह्मण ! (१) श्रद्धा-सम्पदा, (२) शील-सम्पदा, (३) त्याग-सम्पदा र (४) प्रज्ञा-सम्पदा—यी चारवटा गुण धर्मले कुलपुत्रको सम्परायिक-हिताय र सुखाय हुन्छ ।

१—"हे ब्राह्मण ! श्रद्धा-सम्पदा भनेको के हो भने—यहाँ कुलपुत्र श्रद्धालु हुन्छ, तथागतको बोधिमा यसरी श्रद्धा राख्दछ :—'उनै भगवान् अरहत् सम्यक् सम्बुद्ध, विद्याचरण सम्पन्न, सुगत, लोकविद्, अनुत्तर, पुरुषदम्य सारथी, देवमनुष्यका शास्ता, बुद्ध, भगवान् हुन् ।' यसैलाई, 'श्रद्धा-सम्पदा' भन्दछन् ।

२– पञ्चशील—"हे ब्राह्मण ! शील-सम्पदा भनेको के हो भने—यहाँ कुलपुत्र (१) प्राणातिपात (प्राणीहिंसा) बाट अलग रहन्छ, (२) अदिन्नादान (चोरी) बाट अलग रहन्छ, (३) कामेसुमिथ्याचार (व्यभिचार) बाट अलग रहन्छ, (४) मृषावादबाट अलग रहन्छ र (५) सुरा, मेरय, मद्य, प्रमादस्थानबाट अलग रहन्छ; यसैलाई 'शील-सम्पदा' भन्दछन् ।

३—"हे ब्राह्मण ! त्याग-सम्पदा भनेको के हो भने– यहाँ कुलपुत्र निर्लोभी भई, त्यागी भई, शुद्ध-हातले दानकार्यमा अग्रसर भई, याचक पात्र भई, दानसंविभागरत भई घर बस्छ; यसैलाई 'त्याग-सम्पदा' भन्दछन् ।

४—"हे ब्राह्मण ! प्रज्ञा-सम्पदा भनेको के हो भने – यहाँ कुलपुत्र प्रज्ञावान् हुन्छ, उदयास्तगामिनी प्रज्ञाले सुसम्पन्न हुन्छ, आर्य-निर्वेधिक सम्यक् दुःखक्षयगामिनी प्रज्ञाले सम्पन्न हुन्छ; यसैलाई 'प्रज्ञा-सम्पदा' भन्दछन् । उक्त चार गुण-धर्मद्वारा कुलपुत्रको सम्परायिक-हित र सम्परायिक-सुख हुन्छ ।"

यति भन्नुभए पछि पुनः निम्न गाथा भन्नु भयो :—

१—"उट्ठाता कम्मधेय्येसु, अप्पमत्तो विधानवा।
सम कप्पेति जीविकं, सम्भतं अनुरक्खति ॥

२—"सद्धो सीलेन सम्पन्नो, वदञ्ञू वीतमच्छरो।
निच्चं मग्गं विसोधेति, सोत्थानं सम्परायिकं ॥

३—"इच्चे ते अट्ठ धम्मा च, सद्धस्स घरमेसिनो।
अक्खाता सच्चनामेन, उभयत्थ सुखावहा ॥

४—"दिट्ठधम्महितत्थाय, सम्परायसुखाय च।
एवमेतं गहट्ठानं, चागो पुञ्ञं पवड्ढती'ति ॥"

अर्थ :—

१—"कामकाजमा वीर्यसम्पन्नता, अप्रमादी, व्यवधान सम्पन्नता, समजीविका, प्राप्तधनको जसले रक्षा गर्दछ;

२—"श्रद्धालु, शीलसम्पन्न, संस्मरणशील, मात्सर्यरहित, हरबखत मार्ग शोधनगरी सम्परायिक-हितको लागि जसले काम गर्दछ;

३—"त्यस्तो श्रद्धापूर्वक घर बस्ने गृहस्थीलाई, सत्यको नामबाट भनेका यी आठ गुण धर्महरू उभयार्थ सुखावहका निमित्त हुन्छन्।"

४—"गृहस्थीहरूका निमित्त भनिएका यी आठ गुण धर्महरूले, दृष्टधर्म हितार्थ र सम्परायिक सुखावह हुन्छ। त्यागले पुण्य अभिवृद्धि हुन्छ।"

(यति उपदेश सुनेर उज्जय ब्राह्मणले भगवानलाई अभिनन्दन गरे।)

—★—

१०. अग्निक भारद्वाज ब्राम्हण

परिचय

मन्त्र सहित काठको घर्षणद्वारा आगो निकाली त्यही आगोद्वारा यज्ञ यागादि र अरू काम गर्ने सम्प्रदाय वा व्यक्तिलाई अग्निहोत्र धर्म मान्ने भन्दछन् । अर्थात् अग्निहोत्री भन्दछन् । यी ब्राह्मण पनि सोही सम्प्रदायका र भारद्वाज गोत्रका पनि भएको हुँदा 'अग्निक भारद्वाज' भनी सङ्गायन कारकले नाउँ राखि दिएको हो । यी ब्राह्मण श्रावस्ती नगरमा बस्दथे ।

भगवान्‌सँग पहिलो पटक भेट हुँदा, भगवान्‌ले वसल-सूत्रमा दिनु भएको उपदेश सुनी, अग्निक भारद्वाज ब्राह्मण त्रि-शरणमा गई उपासकत्व ग्रहणगरेको र दोश्रो पटक भेट हुँदा, अग्निक-सूत्रमा दिनु भएको उपदेश सुनिसके पछि भिक्षु सङ्घमा प्रव्रजित भई उपसम्पन्न भए पछि उनले अर्हत् फल समेत प्राप्त गरेको कुरा सूत्रबाट बुझिन्छ[१] । अरू विशेष कुराहरू तल उल्लिखित मूल सूत्रहरूमा नै स्पष्टछन् ।

× × ×

---

१. अ. क. आधारित ।

सूत्रः—

अग्निक ब्राह्मणको अग्निहोत्र

यस्तो मैले सुने[१] ।

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिक महाजनको जेतवन विहारमा बस्नु भएको थियो ।

एक दिन भगवान् पूर्वाण्ह समयमा वस्त्र लगाई पात्र-चीवर ग्रहण गरी श्रावस्तीमा भिक्षाटनको लागि जानु भयो ।

त्यस बखतमा अग्निक भारद्वाज ब्राह्मणको घरमा आहुतिको लागि आगो बालि राखेको थियो । अनि भगवान् श्रावस्ती नगरमा सपदान (घर घर पिच्छे) भिक्षाटन गर्दै क्रमशः अग्निक भारद्वाज ब्राह्मणको घरतिर लाग्नु भयो । अग्निक भारद्वाज ब्राह्मणले पनि आफ्नै घरतिर भगवान् आइरहनु भएको परैबाट देखे । अनि भगवान्लाई यसो भने :—

"हे मुण्डक, हे श्रमणक, हे वसलक (वृषल, शूद्र) त्यहीं नै बस ! त्यहीं नै बस !!"

कसलाई शूद्र भन्दछन् ?

आफुलाई यस्तो भनेको सुन्दा भगवान्ले अग्निक भारद्वाज ब्राह्मणसंग यसरी सोध्नु भयो :—

---

१. सुत्त. नि. वसलसुत्तं ।

"हे ब्राह्मण ! कस्तो काम गर्नेलाई र कसलाई वसल (वृषल) भन्दछन् भन्ने कुरा के तिमीलाई थाहा छ ?"

भारद्वाज :—

"भो गौतम ! थाहा छैन । कसलाई वृषल (शूद्र) भन्दछन्, कस्तो काम गर्नेलाई वृषल भन्दछन् त्यो मलाई केही पनि थाहा छैन । अतः तपाइले मलाई त्यसतो धर्मोपदेश दिनु भए बेश हुने थियो, जुन उपदेशद्वारा 'कसलाई र कस्तो गर्नेलाई वृषल भनिन्छ' भन्ने कुरा थाहा पाउन सकुँ ।"

भगवान् :—

"हे ब्राह्मण ! त्यसो भन्छौ भने राम्ररी मन लगाएर सुन, म बताउने छु ।"

"हवस" भनी अग्निक भारद्वाज ब्राह्मणले भगवान्लाई उत्तर दिए । त्यस पछि भगवान्ले उनलाई निम्न कुराहरू गाथाद्वारा[१] सुनाउनु भयो :—

१. "जो मानिस क्रोधी, वैरी, पापी र मिथ्यादृष्टि भएको हुन्छ; उसलाई 'वृषल' भनिन्छ भनी जान ।

२. "जसले योनिज र अण्डजलाई हिंसा गर्छ, प्राणीमाथि दया गर्दैन; त्यस्तालाई 'वृषल' भनिन्छ भनी जान ।

---

१. गाथाको अर्थमात्रै यहाँ दिइएको छ ।

३. "जसले गाउँ, निगममा चोरी डँकैती मारपीट गर्दछ; त्यस्तालाई 'वृषल' भनिन्छ भनी जान।

४. "गाउँ बा जङ्गलमा बस्नेहरूले 'यो मेरो हो' भनी ममायन गरी राखेको वस्तुलाई जसले चोरी गरी बा खोसेर लिन्छ; त्यस्तालाई 'वृषल' भनिन्छ भनी जान।

५. "जो अर्कासँग ऋणलिन्छ र पछि साहूले सो ऋण माग्न आउँदा 'तिम्रो ऋण कहाँ छ र!' भन्दै भाग्दछ; त्यस्तालाई 'वृषल' भनिन्छ भनी जान।

६. "जसले कुनै वस्तु लिने लालसाले बटुवाहरूलाई कुटपिट गरेर केही वस्तु लिन्छ; त्यस्तालाई 'वृषल' भनिन्छ भनी जान।

७. "जसले, आफ्नो कारणले वा अर्काको कारणले अथवा धनको कारणले, साक्षि बकाउँदा 'झूठो' बोलदछ; त्यस्तालाई 'वृषल' भनिन्छ भनी जान।

८. "जो मानिस, ज्ञातिको वा साथीको स्त्रीलाई जवर्जस्ती वा वासनाजन्य प्रेमले राख्दछ; त्यसलाई 'वृषल' भनिन्छ भनी जान।

९. "जो समर्थ भएर पनि आफ्ना असमर्थ वृद्ध आमा बाबुलाई भरण पोषण गर्दैन; त्यस्तालाई 'वृषल' भनिन्छ भनी जान।

१०. "जसले, आमा बाबु, भाइ, बहिनी अथवा शासुलाई पिट्दछ वा गालीगर्छ; त्यस्तालाई 'वृषल' भनिन्छ भनी जान।

११. "जसले, अर्थ (हित) को कुरा सोद्धा अनर्थ (अहित) कुरा बताउँछ अथवा अस्पष्ट शब्दमा बताइ दिन्छ; त्यस्तालाई 'वृषल' भनिन्छ भनी जान ।

१२. "जसले, पाप कर्म गरी, 'अरूले थाहा नपाओस्' भन्ने इच्छा गर्दछ; त्यस्तालाई 'वृषल' भनिन्छ भनी जान ।

१३. "जसले, परकुलमागई राम्ररी खाएर आफु कहाँ आउँदा ख्वाउन चाँहदैन; त्यस्तालाई 'वृषल' भनिन्छ भनी जान ।

१४. "जसले ब्राह्मणलाई, श्रमणलाई अथवा अरू याचकलाई मृषावादद्वारा क्रुवयाउँछ, त्यस्तालाई 'वृषल' भनिन्छ भनी जान ।

१५. "जसले, खाने बेलामा उपस्थित हुन आउने ब्राह्मण वा श्रमणलाई केही नदिई उल्टै गाली गर्दछ; त्यस्तालाई 'वृषल' भनिन्छ भनी जान ।

१६. "जो कुनै चीज माथि मोहित भई त्यो चीज लिनको निमित्त असत्य बोल्दछ; त्यस्तालाई 'वृषल' भनिन्छ भनी जान ।

१७. "जो आफुलाई बढाई अर्कालाई होच्याएर, अहंकारलिई नीच काम गर्दछ; त्यस्तालाई 'वृषल' भनिन्छ भनी जान ।

१८. "जो, रिसाहा, लोभी, नीच वृत्ती, कञ्जुस, छली, निर्लज्जी, कुकर्मगर्नमा डर मान्दैन; त्यस्तालाई 'वृषल' भनिन्छ भनी जान ।

१९. "जसले बुद्धलाई, उनको श्रावकलाई र परिव्राजकलाई अथवा गृहस्थीलाई निन्दा गर्छ; त्यस्तालाई 'वृषल' भनिन्छ भनी जान ।

२०. "जो अरहत् नभईकन पनि 'अरहत् हुँ' भन्दछ, त्यो, ब्रह्मलोक सहित सबै लोकको निमित्त चोर हुन्छ । यही नै सबैभन्दा अधम 'वृषल' हो । अहिले तिमीलाई वृषल (शूद्र) सम्बन्धीबारे उक्त बीश प्रकारका कुराहरू बताएँ ।

जातिले ब्राह्मण हुँदैन कर्मले नै हुन्छ

२१. "जातिले वृषल (शूद्र) हुँदैन, नत जातिले नै ब्राह्मण हुन्छ । कर्मैले नै वृषल (शूद्र) हुन्छ, कर्मैले नै ब्राह्मण पनि हुन्छ ।

२२. "निम्न निदर्शनले पनि यो कुरा बुझ्न सकिन्छ कि :—

सोपाक भन्ने एक शूद्र-पुत्र थिए, पछि उनी 'मातङ्ग' नामले ऋषि भई प्रख्यात भए ।

२३. "जब मातङ्ग ऋषिले सुदुर्लभ परम-पद प्राप्तगरे, तब उन-कहाँ सेवा शुश्रुषाको लागि धेरै क्षत्री र ब्राह्मणहरू आए ।

२४. "उनी कामरागलाई दमनगरी, निर्मल महापथमा पुगे पछि देवयानमा आरोहण गरी ब्राह्मलोक पुगे ।

२५. "अध्यायक कुलमा जन्मेका, मन्त्र पढने ब्राह्मणहरू पनि धेरै पाप कर्ममा लागेका देखिन्छन ।

२६. "प्रत्यक्ष निन्दा, अपवाद हुने, सम्परायिक दुर्गतिमा जाने यस्तो अपायगामी काम पनि जातिले रोक्न सक्दैन ।

२७. "जातिले शूद्र हुँदैन, जातिले ब्राह्मण पनि हुन सक्दैन, कर्मैले शूद्र हुन्छ, कर्मैले ब्राह्मण पनि हुन्छ ।"

शरणागमन

भगवान्ले यति भन्नु भए पछि, अग्निक भारद्वाज ब्राह्मणले भगवान्लाई यसरी प्रार्थना गरे :—

"धन्य, भो गौतम ! धन्य, भो गौतम !! घोप्टो परेकोलाई उत्तानो पारिदिंदा[१], अँध्यारोमा तेलको बत्ती राखिदिंदा आँखा हुने-हरूले रूप देखे झैं तपाइ गौतमले मलाई अनेक प्रकारबाट धर्म प्रकाश गरिदिनु भयो । अब म, तपाइ गौतमको शरण पर्छु, धर्म र भिक्षुसङ्घको पनि । आजदेखि आजीवनसम्म शरणागत उपासक हो भनी मलाई स्वीकार गर्नु होस् "

× × ×

सूत्र —

त्रैविद्यले यो पायस पाउँछ

अर्को एक समय भगवान् राजगृहस्थित वेणुवनको कलन्दक निवापमा बस्नु भएको थियो[२] ।

---

१. हेर पृष्ट १७ । २. सं. नि. अग्निकसुत्त ।

त्यस बखतमा अग्निक भारद्वाज ब्राह्मण—"अग्निहोम गरौँला, अग्निहोत्र गरौँला" भनी पायसमा घिउ मिलाउँदै थिए। भगवान् पनि पूर्वाण्ह समयमा वस्त्र लगाई पात्र-चीवर ग्रहणगरी राजगृह नगरमा भिक्षा याचनार्थ जानुभयो। राजगृह नगरमा सपदान चारिका (घर-घरपिच्छे) गर्दै क्रमशः अग्निक भारद्वाज ब्राह्मणको घरमा जानुभयो र एक ठाउँमा उभिइरहनु भयो। यसरी उभिइरहनु भएको देखेर अग्निक भारद्वाज ब्राह्मणले भगनान्सँग गाथाद्वारा निम्न कुराहरू भने :—

"तीहि विज्जाहि सम्पन्नो, जातिमा सुतवा बहू।
विज्जाचरण सम्पन्नो, सोमं भुञ्जेय्य पायासं'ति॥"

अर्थ :—

"जो तीन विद्या सम्पन्न, जाति सम्पन्न, वहुश्रुत, विद्या चरण सम्पन्न छ, त्यसैले मात्र यो पायस खान पाउँछ।"

त्रैविद्य कसलाई भन्छन्?

भगवान्ले पनि गाथाद्वारा निम्न उत्तर दिनु भयो :—

१—"बहुं पि पलपं जप्पं, न जच्चाहोति ब्राह्मणो।
अन्तो कसम्बु सङ्किलिट्ठो, कुहना परिवारितो॥

२—"पुब्बेनिवासं यो वेदी, सग्गापायं च पस्सति।
अथो जातिक्खयं पत्तो, अभिञ्ञावोसितो मुनि॥

३—"एताहि तीहि विज्जाहि, तेविज्जो होति ब्राह्मणो ।
विज्जा चरणसम्पन्नो, सोमं भुञ्जेय्य पायासं ति ॥"

अर्थ :—

१—"अधिक बोलेर, भित्री क्लेश-कसरबाट क्लिष्ट भई पारिवारिक ढोंग रचेरमात्र, जन्मले ब्राह्मण हुन सक्दैन ।

२—"पूर्वजन्म को ज्ञान हुने, स्वर्ग र नरक देखनसक्ने, जातिक्षय ज्ञान प्राप्त गरी अभिज्ञानद्वारा शान्त मुनी भै बस्न सक्ने —

३—"यही तीन विद्याले त्रैविद्य ब्राह्मण हुन्छ । विद्या चरण सम्पन्न भएको म यो पायस खान योग्य छु"।

ब्राह्मण :—

"खानुहोस ! गौतम ! तपाइ ब्राह्मण हुनुहुन्छ !"

भगवान्ले पुनः गाथाद्वारा भन्नुभयो :—

१—"गाथाभिगीतं मे अभोजनेय्यं,
सम्पस्सतं ब्राह्मण नेस धम्मो ।
गाथाभिगीतं पनुदन्ति बुद्धा,
धम्मे सति ब्राह्मण वुत्तिरेसा ॥

२—"अञ्ञेन च केवलिनं महेसिं,
खीणासवं कुक्कुच्च वूपसन्तं ।

अन्नेन पानेन उपट्ठहस्सु,
खेत्तं हि तं पुञ्ञपेक्खस्स होती'ति ॥"

अर्थ :—

१—"गाथाद्वारा गाईसकें, अब त्यो भोज्य छैन । हे ब्राह्मण ! यो ज्ञानीहरूको धर्म पनि होइन । गाथा भनी पाएको भोजन बुद्धले त्यागी दिन्छ,–यही बुद्धको धर्म हो ।

२—"केवली, महर्षी, क्षीणास्रव, निःशंकीलाई अरू अन्नपानद्वारा सेवा गर, पुण्य कार्य गर्नेहरूका निमित्त त्यो क्षेत्र समानै हुन्छ ।"

अग्निक भारद्वाज भिक्षु भए

भगवान्ले यति उपदेश गर्नु भएपछि, अग्निक भारद्वाज ब्राह्मणले भगवान्सँग यसरी प्रार्थना गरे :—

"धन्य, भो गौतम ! धन्य, भो गौतम !! घोप्टेकोलाई उत्तानो पारिदिदा अँध्यारोमा तेलको बत्ती राखिदिदा–आँखा हुनेहरूले रूप देखे झैं तपाइ गौतमले मलाई अनेक प्रकारबाट धर्म प्रकाश गरिदिनु भयो । भन्ते ! अब म, तपाइ गौतमको शरण पर्छु, धर्म र भिक्षुसङ्घको पनि । भन्ते ! तपाइ गौतमको सङ्घमा प्रव्रज्या तथा उपसम्पदा पाऊँ !"

यसरी विनय पूर्वक अनुरोध गरे पछि अग्निक भारद्वाजले भगवान्को सङ्घमा प्रव्रज्या र उपसम्पदा पाए । उपसम्पन्न भएको केही

दिन पछि आयुष्मान् अग्निक भारद्वाज एकान्तमा बसी अप्रमत्त भई आतप्तपूर्वक ध्यान गारी[१०] उपशान्त भई बसे। "जाति क्षीण भयो, ब्रह्मचर्य वास पूरा भयो, गर्नु पर्ने गरिसकें, अब उप्रान्त पुनः कर्को जन्म लिनु पर्ने हेतु छैन" भन्ने ज्ञान पनि भयो ।

आयुष्मान् अग्निक भारद्वाज पनि अन्यतर अरहन्त भए ।

—★—

१, पृष्ट ३ मा जस्तै ।

११. आरामदण्ड ब्राम्हण

सूत्र :—

आपसमा विवाद किन हुन्छ ?

यस्तो मैले सुने[१] ।

कुनै समय आयुष्मान् महाकात्यायन, वरण नगरस्थित कद्दमदह को किनारमा बस्नु भएको थियो ।

एक दिन आरामदण्ड ब्राह्मण जहाँ आयुष्मान् महाकात्यायन हुनुहुन्थ्यो त्यहाँ गए । अनि उनले आयुष्मान् महाकात्यायनसंग कुशल-वार्ता गरे । त्यसपछि एक छेउमा बसेका आरामदण्ड ब्राह्मणले आयुष्मान् महाकात्यायनसँग यी कुराहरू सोधे :—

"भो कात्यायन ! यहाँ क्षत्रीहरू पनि क्षत्रीहरूसँगै, ब्राह्मणहरू पनि ब्राह्मणहरूसँगै र गृहस्थीहरू पनि गृहस्थीहरूसँगै, विवाद गर्छन् । यसो गर्नाको हेतु तथा प्रत्यय के रहेछ ?"

"हे ब्राह्मण ! कामरागको आसक्तताले गर्दा, कामरागको बन्धनले गर्दा, कामरागको लोभले गर्दा, कामरागको ममताले गर्दा र काम-

---

१. अं. नि. समचित्तवग्गो ।

रागको लिप्तताले गर्दा नै यहाँ क्षत्रीहरू पनि क्षत्रीसँगै, ब्राह्मणहरू पनि ब्राह्मणहरूसँगै र गृहस्थीहरू पनि गृहस्थीहरूसँगै विवाद गर्छन्।"

"भो कात्यायन! श्रमणहरू पनि श्रमणहरूसँग विवाद गर्छन्; यसको हेतु तथा प्रत्यय के हो नि ?"

"हे ब्राह्मण! दृष्टि-रागको आसक्तताले गर्दा, दृष्टि-रागको बन्धनले गर्दा, दृष्टि-रागको लोभले गर्दा, दृष्टि-रागको ममताले गर्दा र दृष्टि-रागको लिप्तताले गर्दा श्रमणहरू पनि श्रमणहरूसँगै विवाद गर्छन्।"

विवादबाट को मुक्तछ ?

"भो कात्यायन! त्यसो भए यो संसारमा कामराग तथा दृष्टिरागको आसक्तताबाट मुक्त भएका त्यस्ता कुनै व्यक्ति छैनन् कि ?"

"हे ब्राह्मण! यो कामरागको आसक्त-बन्धन-लोभ-ममता-लिप्तताबाट मुक्त भएका (पार तरेका) व्यक्ति पनि यसै संसारमा छन्।"

"भो कात्यायन! ती कुन पुरुष हुन् त जसले कामरागको आसक्त-बन्धन-लोभ-ममता-लिप्तताबाट पार भई, दृष्टिरागको आसक्त-बन्धन-लोभ-ममता-लिप्ततालाई पनि पार गरे ?"

"हे ब्राह्मण! त्यो पारगर्ने उही भगवान् अरहत् सम्यक् सम्बुद्ध नै हुनुहुन्छ। जसले कामरागको आसक्तता, बन्धन, लोभ, ममता तथा लिप्ततालाई पार गरिसक्नु भएको छ। अहिले वहाँ, यहाँ भन्दा

पूर्व पट्टिको जनपद (देश) को श्रावस्ती नामक नगरमा विराजमान हुनु भएको छ । हे ब्राह्मण ! वहाँले नै कामरागको लिप्ततालाई पारगरि सक्नु भएको छ ।"

शरणागमन

यो कुरा सुनिसके पछि आरामदण्ड ब्राह्मणले आसनबाट उठेर उत्तरासङ्ग एकांश गरी दाहिने घुँडा भुइमा टेकेर जता भगवान् हुनु हुन्थ्यो त्यतैतिर फर्की नमस्कार गरी तीनबार निम्न उदान (प्रसन्नता पूर्वक व्यक्तगरिने वाक्य) प्रकट गरे —

"नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।"

अर्थ :—

"उनै भगवान् अरहत् सम्यक् सम्बुद्धलाई नमस्कार !" "वहाँले कामरागको आसक्तता, बन्धन, लोभ, ममता तथा लिप्ततालाई पारगरि सक्नु भएको रहेछ धन्य !" भनी पुन यसरी निवेदन गरे :—

"धन्य, भो कात्यायन ! धन्य, भो कात्यायन !! घोप्टेकीलाई उत्तानो पारिदिना[१] अँध्यारोमा तेलको बत्ती राखिदिदा—आँखा हुनेहरूले रूप देखे झैं तपाइ कात्यायनले मलाई अनेक प्रकारबाट धर्म प्रकाश

१. पृष्ठ ७ मा झैं ।

गरिदिनु भयो । भो कात्यायन ! अब म, उही भगवान् गौतमको शरणमा जान्छु, धर्म तथा भिक्षुसङ्घको पनि । आजदेखि तपाइले मलाई आजीवनसम्म शरणमा आएको उपासक हो भनी धारणा (स्वीकार) गर्नु होस !"

—★—

१२. खोमदुस्सक ब्राम्हण

परिचय

'खोमदुस्स' भन्ने शाक्यहरूको जनपदमा पर्ने एक निगमको नाउँहो। त्यस ठाउँमा सन कपडाको उत्पादन अधिक मात्रामा हुने भएकोले 'खोमदुस्स' (सन कपडा) भन्ने नाउँ रहन गएकोहो। यसै निगममा बस्ने ब्राह्मणहरू भएकाले नै उनीहरूलाई खोमदुस्सक ब्राह्मण भनिएको हो।

यी ब्राह्मणहरू कुनै कामको लागि एक ठाउँमा सभा गर्दै थिए। त्यस बखतमा सिम सिम पानी पनि परिरहेको थियो। भगवान् भिक्षाटन को निमित्त जाँदै हुनुहुन्थ्यो। पानी परेकोले भगवान् बुद्ध त्यही सभा-गृहमा पस्नु भयो। यसरी नसोधिकनै सभागृहमा जानुभएकाले प्रथमतः ती ब्राह्मणहरू अप्रसन्न भएका थिए। पछि भगवान्को उपदेश सुनिसके पछि उनीहरू प्रभावित र प्रसन्न भए[१]। अरू कुरा तल उल्लिखित सूत्रबाटै स्पष्ट हुनेछ।

× × ×

---

१. अ. क. आधारित।

सूत्र :—

सन्त न भएको सभा, सभा होइन

यस्तो मैले सुने[१] ।

एक समय भगवान् शाक्य-जनपदको खोमदुस्स भन्ने शाक्य-हरूको निगममा बस्नु भएको थियो ।

एक दिन भगवान् पूर्वाण्ह समयमा वस्त्र पहिरी, पात्र-चीवर ग्रहण गरी खोमदुस्स निगममा भिक्षाटनको निमित्त जानु भयो ।

त्यस बखतमा खोमदुस्स निगमका ब्राह्मणहरू कुनै कामको निमित्त सभा गर्दै थिए । सिम सिम पानी पनि परिरहेको थियो । त्यसै बखत भगवान् सभास्थलमै जानु भयो । खोमदुस्स निगममा बस्ने ती ब्राह्मणहरूले भगवान् आइरहनु भएको देखेर यसो भने :—

"यो श्रमण मुण्डकलाई सभा-धर्म (सभा भइरहेको ठाउँमा भित्र पस्न हुन्छ हुँदैन भन्ने बुद्धि) बारे केही पनि थाहा रहेन छ ।"

उनिहरूले त्यसो भनेको सुनी भगवान्ले उनिहरूलाई गाथाद्वारा यस्तो उत्तर दिनु भयो :—

"नेसो सभा यत्थ न सन्ति सन्तो,
सन्तो न ते ये न वदन्ति धम्मं ।

---

१. सं. नि. खोमदुस्ससुत्तं ।

रागं च दोसं च पहाय मोहं,
धम्मं वदन्ता च भवन्ति सन्तो'ति ॥"

अर्थ :—

"त्यो सभा, सभा होइन जहाँ सन्तहरू छैनन्,
जसले धर्मका कुराहरू गर्दैनन्, ती सन्तहरू होइनन् ।
राग, द्वेष, मोहलाई त्यागेर—
धर्म भन्नेहरू नै सन्त हुन्छन् ।"

शरणागमन

भगवान्को यति कुरा सुनेर खोमदुस्सक ब्राह्मणहरू प्रसन्न भएर भगवान्सँग यसरी प्रार्थना गरे :—

"धन्य, भो गौतम ! धन्य, भो गौतम !! घोप्टेकोलाई उत्तानो पारिदिदा [१], अन्धकारमा तेलको बत्ती राखिदिदा आँखा हुनेहरूले रूप देखे झैं तपाइ गौतमले हामीहरूलाई अनेक प्रकारबाट धर्म प्रकाश गरी दिनु भयो । अब हामी, तपाइ गौतमको शरण पर्दछौं, धर्म र भिक्षुसङ्घको पनि । आजदेखि तपाइ गौतमले हामीहरूलाई आजीवनसम्म शरणमा आएका उपासकहरू हुन् भनी धारणा गर्नु होस् !

—★—

१. ७ पृष्टमा झैं ।

१३. भारद्वाजगोत्र ब्राम्हण

परिचय

भारद्वाजगोत्र ब्राम्हणका धानञ्जानी भन्ने पत्नी थिइन् । "धानञ्जा" भनेको गोत्रको नाउँहो । भनिन्छ कि ब्राह्मणहरू ब्रह्माका मुखबाट निस्केका हुन्, किन्तु धानञ्जा (धनञ्ज) ब्राह्मण ब्रह्माको शीरबाट निस्केका हुन् भन्ने उनीहरूको धारणा छ[२] ।

धानञ्जानी' ब्राह्मणी अति सुन्दरी र ठूलो खान्दानकी थिइन् । उनको विवाह, राजगृह निवासी भारद्वाज-गोत्र-ब्राह्मणसंग भयो । धानञ्जानी ब्राह्मणी बुद्धको अनन्य भक्तिनी थिइन् । उनी बुद्ध, धर्म तथा सङ्घ प्रति अटल श्रद्धा राख्त थिइन् । जहिले पनि बुद्धकै गुण-गान गाइरहन्थिन् । हाछ्यू आउँदा वा अरू कुनै विशेष समयमा बुद्धकै नमस्कार गर्थिन् । "उही भगवान् सम्यक् सम्बुद्धलाई नमस्कार" भन्ने उनको बानीनै बसिसकेको थियो ।

पति र पत्नीको विश्वासमा भिन्नता

धानञ्जानी ब्राह्मणी र उनको पति भारद्वाज गोत्र-ब्राह्मणको विश्वास र धारणा भिन्ना भिन्नै थियो । धानञ्जानी ब्राह्मणी बुद्धको परम

---

१. 'धानञ्जानी' लाई 'धनञ्जानी' पनि लेख्दछन् ।

२. अ. क. ।

भक्तिनी थिइन् भने भारद्वाज गोत्र-ब्राह्मण, ब्राह्मणहरू प्रति परम श्रद्धा राख्तथे । उनी बुद्धको नाउँ सुन्ने बित्तिकै दुवै कान बन्द गर्दथे । यस प्रकार ब्राह्मणी र ब्राह्मणको विश्वास, श्रद्धा तथा सिद्धान्त भिन्ना भिन्नै थियो । ब्राह्मणले ब्राह्मणहरूलाई निमन्त्रणागरी भोज ख्वाउँनलाग्दा ब्राह्मणी प्रसन्नचित्त लिई भोजन सम्बन्धी सबै काममा सरीक हुन्थिन् । तर ब्राम्हणीले भिक्षुहरूलाई भोजन गराउँने कार्यमालाग्दा पति भएका भारद्वाज ब्राम्हण भने इर्ष्याको भावना लिई घरबाट बाहिर निस्कि दिन्थे ।

एक दिनको कुरा हो । ब्राम्हणले पाँचशय ब्राम्हणहरूलाई, शुद्ध दूधमा पकाएको पायस तथा घ्यू तेल सक्खर मक्खन आदिको भोजन गराउन चाहेका थिए । त्यसै अनुसार ब्राम्हणले आफ्नी स्त्री धानञ्जानी लाई भने :—

"हे स्त्री ! भोलि म पाँचशय ब्राम्हणहरूलाई भोज ख्वाउन चाहन्छु । उनीहरूलाई भोजन गराई विदावादी नगरून्जेलसम्म तिमीले त्यस मुण्डक श्रमणकको नाउँ नलिइद्यौ । मुख समाली राख । बुद्धको नाउँ लियौ भने अन्य ब्राम्हणहरू रिसाउने छन् । मेरो पुण्य कार्यनै अपवित्र हुनेछ ।"

यो कुरा सुनेर धानञ्जानीले भनिन्—"तपाइ दान, भोज ज जसलाई दिन वा ख्वाउन चाहनु हुन्छ उ उसलाई दिनुहोस् अथवा खुवाउनुहोस्, यसमा मलाई केही भन्नु छैन । किन्तु बुद्धको गुण-गान गर्नें र वहाँको नाउं लिनेबाट चाहि मलाई कसैले पनि रोकन सक्दैन ।"

यसको जवाफमा भारद्वाज गोत्र-ब्राम्हण भन्दछन्—"यदि तिमीले भोलि एक दिन पनि बुद्धको नाउँ लिन छाडिनौ भने तिमीलाई यही तरवारले टुक्र्याउने छु।"

फेरि धानञ्जानी ब्राम्हणी भन्दछिन् कि—"तपाइले मलाई तरवारले काटी टुक्रै टुक्रा पार्नु हुने भएता पनि म भगवान् सम्यक् सम्बुद्धको नाउँ लिन कुनै हालतमा पनि छाडन सक्दिन।" यति भनी ब्राम्हणीले अनेक श्लोकद्वारा बुद्धको वर्णन गरिन्।

भारद्वाज गोत्र-ब्राम्हणले न आफ्नी स्त्रीलाई संझाउन सके न त केही गर्न नै। अन्त्यमा लाचार भएर फेरि आफ्नी ब्राम्हणीलाई भने "जे होस भोलि एक दिन जसरी भए पनि तिमीले मुख बचाऊ।"

ब्राह्मण भोज

भोलिपल्ट विहानै घरमा लिपपोत गराए। अनेक फूलहरूले घर सजाए। घ्यू, तेल, सक्खर, नवनीत आदि तयार पारे। शुद्ध दूधमा पायस तयार गरे। ब्राम्हणहरूलाई पनि भोजनको तयारीको सूचना दिए।

ब्राह्मणी पनि विहानै उठी सुगन्ध जलमा नुहाई धुवाई गरी अमूल्य बस्त्र तथा आभूषणले अलंकृत भई भोजनको निम्ति बसेका ब्राम्हणहरूलाई पायस राख्दै आइन्। भारद्वाज ब्राम्हण, अरू ब्राम्हण-हरूका साथ एक पंक्तिमा बसेका थिए। पायस राख्दै आउँदा ब्राम्हणको (आफ्ना पति) अगाडि पुग्दा संयोगबस ब्राम्हणी आफ्नो बस्त्रमा

अल्झिई लडिन् । लडनासाथ वानी बसिसके अनुसार स्वतः 'नमो तस्स ... ... सम्मा सम्बुद्धस्स' भनी बुद्ध वन्दनाको उच्चारण गरिहालिन् ।

यो वाक्य सुन्ने बित्तिकै भोजन गरिरहेका ब्राम्हणहरू 'कस्तो अपवित्र शब्द सुन्नु पर्‍यो !' भन्दै, कसैले खानलाई हातमा लिइसकेको गाँस, कसैले मुखमा हालिसकेको गाँस र कसैले खानलाई उचालिरहेको गाँस समेत छाडी एकाएक सबै उठेर गए । भारद्वाज गोत्र-ब्राम्हण रीसले मुर्सुरिएर आफ्नी स्वास्नीको अनुहार माथिदेखि तलसम्म हेर्दै भन्न लागे :—

"यस्तै होला भनेर मैले तँ वृषलीलाई हिजैदेखि मुख समाली राख् भनी भनेको थिएँ !" आदि भन्दै भारद्वाज गोत्र-ब्राम्हण निक्कै रिसाई भन्द छन्—"अब म तेरो गुरु त्यस श्रमण मुण्डक कहाँ गई प्रश्न गरी, वादारोपण गरी उनलाई हराउने छु ।"

यसको खण्डन गर्दै धानञ्जानी भन्द छिन् :—

"जानुहोस् ! भगवान् सम्यक् सम्बुद्ध कहाँ । जे मनलाग्छ सोध्नुहोस् । यो संसारमा बुद्धलाई हराउन सक्ने तागत ब्रम्हाको पनि छैन भने मानिसको त नामै लिनु पर्दैन !"

अनि भारद्वाजले मनमा विचारगरे—"बुद्ध कहाँ त्यसै गई वादारोपण गरी निन्दा मात्र गर्न सजिलो छैन । यस्तो प्रश्न गर्ने छु कि 'उनले यसो भने त्यसो भन्ने छु, त्यसो भने यसो भन्ने छु ।" यस्तो विचार गरी दोहोरो प्रश्न सोचे । "यदि श्रमण गौतमले कुनै एकलाई हिंसा गर्न

चाहन्छु भनेको खण्डमा, 'श्रमण भईकन पनि कसरी प्राणीको हिंसा गर्वे' भनी निग्रह गर्नेछु । यदि कसैलाई हिंसा गर्न चाहन्न भनेमा, 'आफ्नो मनको क्लेशलाई पनि मार्न चाहन्नौं' भनी निग्रह गर्नेछु । यति सोचेर भारद्वाज गोत्र-ब्राह्मण बुद्धकहाँ गए । वहाँगई गरेको छलफल तलको मूल सूत्रबाट थाहा हुने छ ।

भारद्वाजका चार भाइ

भारद्वाज गोत्र-ब्राह्मणका अरू चार भाइहरू[१] भएका पनि सूत्र-बाट थाहा हुन्छ । जस्तै—(१) आक्रोशक भारद्वाज[२] (२) असुरिन्दक भारद्वाज[३], (३) विलङ्गिक भारद्वाज[४], र (४) सङ्गारव भारद्वाज माणव[५] ।

यी मध्ये भारद्वाजका तीन भाइहरू बुद्धको उपदेश सुनी भिक्षु भई अर्हत् पनि भए । सब भन्दा कान्छो भाई सङ्गारव माणव चाहिं बुद्धको शरणमा गई उपासक मात्र भएको कुरा तल आउने सूत्रहरूबाट थाहा पाइने छ ।

× × ×

---

१. म. अ. III पृ. ३०९. धम्म. अ. मा तीन भाइहरूको नाउँ मात्र उल्लेख छ ।

२. सं. नि. अक्कोससुत्तं ।

३. सं. नि. असुरिन्दकसुत्तं ।

४. सं. नि. विलङ्गिकसुत्तं ।

५. म. नि. २. सङ्गारवसुत्तं ।

सूत्र :—

धानञ्जानीको श्रद्धा

यस्तो मैले सुने[१] :—

एक समय भगवान् राजगृहस्थित वेणुवनको कलन्दक निवाप (विहार) मा विहार गरिरहनु भएको थियो ।

त्यस बखतमा अन्यतर भारद्वाज गोत्रका एक ब्राह्मणको धानञ्जानी ब्राह्मणी (पत्नी) थिइन् । उनी बुद्ध, धर्म तथा सङ्घप्रति प्रसन्नता साथ अटल श्रद्धा राख्दथिन् । एक दिन धानञ्जानी ब्राह्मणीले भारद्वाज गोत्र-ब्राह्मणको लागि भात ल्याउँदा लोटेर तीनबार उदान भनिन् —

"उनै भगवान् अरहत् सम्यक् सम्बुद्धलाई नमस्कार ।"
"उनै भगवान् अरहत् सम्यक् सम्बुद्धलाई नमस्कार ।"
"उनै भगवान् अरहत् सम्यक् सम्बुद्धलाई नमस्कार ।"

यस्तो भनेको सुनी, भारद्वाज गोत्र-ब्राह्मणले धानञ्जानी ब्राह्मणी (भारद्वाजका स्त्री) लाई यसो भने—

"यसै गरी तँ वसली ! (वृषली) जुनसुकैबेलामा पनि त्यो श्रमण गौतमको वर्णन गर्छेस् ! वसली ! अब मैले तरो शास्तालाई वादारोपण गर्नेछु ।"

---

१. सं. नि. धनञ्जानीसुत्तं ।

"हे ब्राह्मण ! (हे पति !) देवलोक, मृत्युलोक, ब्रह्मलोकमा भगवान् अरहत् सम्यक् सम्बुद्धलाई वादारोपण गर्न सक्ने कुनै पनि मानिस म देखिदन । जानुहोस्, तपाइ गए पछि थाहा पाउनु हुनेछ ।"

भारद्वाज ब्राह्मण बुद्धकहाँ

अनि भारद्वाज गोत्र-ब्राह्मण रीसले चूरभई जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । अनि भगवान्सँग क्षेमकुशल कुरा गरिसके पछि एक छेउमा बसे । त्यसपछि भारद्वाज गोत्र-ब्राह्मणले भगवान्सँग गाथाद्वारा यसरी सोधे :—

"किंसु छेत्वा सुखं सेति, किंसु छेत्वा न सोचति ।
किस्सस्सु एक धम्मस्स, वधं रोचेसि गोतमा'ति ॥"

अर्थ :—

"गौतम ! कसलाई काटी सुखी हुन्छौ, ? कसलाई काटी पछुताउँदनौ ? कुन चाहिं एक धर्मलाई बध गर्न चाहन्छौ ?"

बुद्ध :—

"कोधं छेत्वा सुखं सेति, कोधं छेत्वा न सोचति ।
कोधस्स विसमूलस्स, मधुरग्गस्स ब्राह्मण ।
वधं अरिया पसंसन्ति तं हि छेत्वा न सोचती'ति ।"

"हे ब्राह्मण ! क्रोधलाई काटी सुखी हुन्छु, क्रोधलाई काटी पछुताउँदिन । क्रोध विष-मूललाई, आक्रोश प्रत्याक्रोशलाई बध गर्न, आर्यहरू प्रशंसा गर्दछन् । त्यसैलाई काटेर पछुताउँदिन ।"

भारद्वाज ब्राह्मण भिक्षु भए

यस्तो उत्तर पाइसकेपछि, भारद्वाज गोत्र-ब्राह्मणले भगवान्सँग यसरी प्रार्थना गरे—

"धन्य, भो गौतम ! धन्य भो गौतम !! घोप्टेकोलाई उत्तानो पारिदिंदा[१], अँध्यारोमा तेलको बत्ती राखिदिंदा—आँखा हुनेहरूले रूप देखेझैं तपाइ गौतमले मलाई अनेक प्रकारबाट धर्म प्रकाश गरिदिनु भयो । भन्ते ! अब म, तपाइ गौतमको शरण पर्छु, धर्म र भिक्षुसङ्घको पनि शरणमा जान्छु । तपाइ गौतमको सङ्घमा प्रव्रज्या र उपसम्पदा पाऊँ !"

यसरी विनयपूर्वक अनुरोध गरेपछि भारद्वाज गोत्र-ब्राह्मणले भगवान् कहाँ (भगवान्को संघमा) प्रव्रज्या र उपसम्पदा पाए । उपसम्पन्न भएको केही दिनपछि आयुष्मान् भारद्वाज एकान्तमा बसी अप्रमत्त भई आतप्तपूर्वक ध्यान गरी बसीरहँदा—जसको लागि कुलपुत्रहरू सबै घर-बार छाडी अनगारिक भई प्रव्रज्या ग्रहण गर्दछन्—त्यो अनुत्तर (उत्तम) ब्रह्मचर्य वास पूरा गरी यसै जन्ममा स्वयं अभिज्ञानद्वारा निर्वाण साक्षात्कार गरी उपशान्त भई बसे । "जातिक्षीण भयो, ब्रह्मचर्यवास पूरा

---

१. हेर पृष्ट ३ ।

भयो, गर्नु पर्ने गरिसकें, अब उप्रान्त फेरि जन्म लिनु पर्ने हेतु छैन" भन्ने ज्ञान पनि भयो ।

आयुष्मान् भारद्वाज पनि अन्यतर अरहन्त भए ।

—★—

१४. आक्रोशक भारद्वाज

[भारद्वाज गोत्र-ब्राह्मणका माहिलो[1] भाइ ।]

सूत्र :–

भारद्वाजको रिस

एक समय भगवान् राजगृहस्थित वेणुवनको कलन्दक निवाप (विहार) मा विहार गरिरहनु भएको थियो[2] ।

"भारद्वाज गोत्र-ब्राह्मण श्रमण गौतम कहाँ घर-बार छाडी अनगारिक भई प्रव्रजित भए" भन्ने सुनी आक्रोशक (आक्रोश गर्ने) भारद्वाज (भारद्वाज गोत्रका) ब्राह्मण रिसाए । अनि जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई उनले भगवान्लाई असभ्य परुष भाषाले आक्रोश गरे, निन्दा गरे ।

यसरी निन्दा गरेको सुनी भगवान्ले आक्रोशक भारद्वाज ब्राह्मणलाई यसरी सोध्नु भयो :—

"हे ब्राह्मण ! के तिम्रो घरमा कुनै मित्र, ज्ञाति बन्धु तथा अतिथीहरू आउँछन् त ?"

---

१. म. अ. । २. सं. नि. अक्कोससुत्तं ।

"भो गौतम ! मेरो घरमा मित्र, ज्ञाति बन्धु तथा अतिथीहरू कहिले काहिं आउँछन् ।"

"उनीहरूलाई तिमीले केही खाने पिउने कुरो पनि त दिन्छौ होला ?"

"भो गौतम ! उनीहरूलाई कहिले काहिं केही खाने पिउने कुरो पनि दिन्छु ।"

"यदि उनीहरूले सो (खाने कुराहरू) ग्रहण गरेनन् भने, सो खानेकुरा कसको हुन्छ त ?"

"भो गौतम ! यदि उनीहरूले सो खाने कुरा ग्रहण गरेनन् भने त्यो आफ्नै हुन्छ ।"

त्यो रिस तिमीलाई नै

"हे ब्राह्मण ! त्यस्तै तिमीले हामी आक्रोश नगर्नेहरूलाई आक्रोश गर्छौ, नरिसाउने माथि रिसाउछौ, झगडा नगर्ने माथि झगडा गर्छौ ; त्यो हामी ग्रहण गर्दैनौं । हे ब्राम्हण ! त्यो तिम्रै हुन्छ, हे ब्राम्हण ! त्यो तिम्रै हुन्छ ।"

"जसले आक्रोशगर्दा प्रत्याक्रोश गर्दछ, रिसाउँदा रिसाउँछ, झगडा गर्दा झगडा गर्छ, त्यसैलाई भन्दछन्—खाने र खुवाउने । त्यो हामी न खान्छौं, न खुवाउछौं । अतः हे ब्राम्हण ! त्यो (रिस) तिम्रै हुन्छ, तिम्रै हुन्छ ।"

"भो गौतम ! तपाइ गौतमलाई राजासहित परिषद्हरू यसरी जान्दछन् कि—'श्रमण गौतम अरहत् हुन्' तथापि तपाइ गौतम रिसाउनु हुन्छ।"

बुद्ध :—

१—"अक्कोधस्स कुतो कोधो, दन्तस्स समजीविनो।
सम्मदञ्ञा विमुत्तस्स, उपसन्तस्स तादिनो॥

२—"तस्सेव तेन पापियो, यो कुद्धं पटि कुज्झति।
कुद्धं अप्पटि कुज्झन्तो, सङ्गामं जेति दुज्जयं॥

३—"उभिन्नत्थं चरति, अत्तनो च परस्स च।
परं सङ्कुपितं ञत्वा, यो सतो उपसम्मति॥

४—"उभिन्नं तिकिच्छन्तानं, अत्तनो च परस्स च।
जना मञ्ञन्ति बालोति, ये धम्मस्स अकोविदा'ति॥"

अथ:—

१—"नरिसाउनेलाई, दान्त समजीवीलाई, राम्ररी बुझी विमुक्त हुनेलाई, उपशान्त भई अकम्प्य हुनेलाई रिस कहाँ हुन्छ ?

२—"उसकै त्यसले हानि गर्छ जो क्रोध गर्नेसँग प्रति क्रोध गर्छ। रिसाहा माथि नरिसाउनेले, दुर्जय संग्राम जित्दछ।

३—"जसले अरू रिसाएको जानी, होसराखी सहन गर्दछ, त्यसले आफ्नो र अरूको (दुवैको) उभयार्थ हित गर्दछ ।

४—"आफ्नो र अरूको (दुवैको) पनि चिकित्सा गर्नेलाई धर्म नजान्ने अज्ञानीहरू 'मूर्ख' ठान्दछन् ।"

आक्रोशक भारद्वाज भिक्षु भए

भगवान्‌को यो उपदेश सुनी, आक्रोशक भारद्वाज ब्राह्मणले भगवान्‌लाई यसरी प्रार्थना गरे—"धन्य, भो गौतम ! धन्य, भो गौतम !! घोप्टेकोलाई उत्तानो पारिदिंदा[१], अँध्यारोमा तेलको बत्ती राखिदिंदा आँखा हुनेहरूले रूप देखेझैं तपाइ गौतमले मलाई अनेक प्रकारले धर्म प्रकाश गरिदिनु भयो । भन्ते ! अब म, तपाइ गौतमको शरण पर्छु, धर्म र भिक्षुसङ्घको पनि । भन्ते ! तपाइ गौतमको सङ्घमा प्रव्रज्या तथा उपसम्पदा पाऊँ !"

यसरी विनयपूर्वक अनुरोध गरे पछि आक्रोशक भारद्वाज ब्राह्मणले भगवान्‌को सङ्घमा प्रव्रज्या र उपसम्पदा पाए । उपसम्पन्न भएको केही दिन पछि आयुष्मान् आक्रोशक भारद्वाज एकान्तमा ध्यान गरी बसीरहँदा—जसको लागि कुलपुत्रहरू सबै घर-बार छाडी अनगारिक भई प्रव्रजित हुन्छन्—त्यो अनुत्तर ब्रह्मचर्यवास पूरा गरी यसै जन्ममा स्वयं अभिज्ञानद्वारा निर्वाण साक्षात्कार गरी उपशान्त भई बसे । "जाति

---

१. हेर पृष्ट ३ ।

क्षीण भयो, ब्रह्मचर्यवास पूरा भयो, गर्नुपर्ने गरिसकें, अब उप्रान्त फेरि जन्म लिनुपर्ने हेतु छैन" भन्ने ज्ञान पनि भयो।

आयुष्मान् आक्रोशक भारद्वाज पनि अन्यतर अरहन्त भए।

—✶—

१५. असुरिन्दक भारद्वाज

[भारद्वाज गोत्र-ब्राह्मणको साहिंलो[१] भाइ]

सूत्र :—

असुरिन्दक भारद्वाजको रिस

एक समय भगवान् राजगृहस्थित वेणुवनको कलन्दकनिवापमा (विहारमा) बस्नु भएको थियो[२]।

त्यस समयमा असुरिन्दक भारद्वाज ब्राह्मणले "भारद्वाज गोत्र-ब्राह्मण श्रमण गौतम कहाँ घर-बार छाडी अनगारिक भई प्रव्रजित भए" भन्ने कुरो सुने। अनि रिसले चूर भई, जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गएर भगवान्लाई उनले असभ्य परुष बोलिद्वारा आक्रोश तथा निन्दा गरे। यसो भन्दा पनि भगवान् चुप लागेरै बसिरहनु भयो।

बुद्धको जीत

अनि असुरिन्दक भारद्वाज ब्राह्मणले भगवान्लाई यसो भने :—

"भो श्रमण ! जितनु भयो, भो श्रमण ! जितनु भयो।" यसपछि भगवान्ले गाथाद्वारा भन्नु भयो :—

---

१. म. अ.। २. सं. नि. असुरिन्दकसुत्तं।

१—"जयं वे मञ्ञति बालो, वाचाय फरुसं भणं।
जयं चेवस्स तं होति, या तितिक्खा विजानतो॥
२—"तस्सेव तेन पापियो, यो कुद्धं पटिकुज्झति।
कुद्धं अप्पटिकुज्झन्तो, सङ्गामं जेति दुज्जयं॥
३—'उभिन्नमत्थं चरति, अत्तनो च परस्स च।
परं सङ्कुपितं ञत्वा, यो सतो उपसम्मति॥
४—"उभिन्नं तिकिच्छन्तानं, अत्तनो च परस्स च।
जना मञ्ञन्ति बालो ति, ये धम्मस्स अकोविदो'ति॥

अथ:—

१—"परुष वाचा बोल्नुमा नै मूर्ख आफ्नो जय ठान्दछ, जय उसको हुन्छ, जसले ज्ञानद्वारा सहन गर्छ।

२—"त्यसले उसकै हानी हुन्छ, जो रिसाहामाथि रिसाउँछ; रिसाहामाथि न रिसाउनेले दुर्जय संग्राम जित्दछ।

३—"अरू रिसाएको बोध गरी, जसले होस गरी धैर्य राख्दछ; उसले आफ्नो, अरूको र दुवैको हितगर्छ।

४—"धर्म नबुझ्ने मानिसहरू आफ्नो, अर्काको र दुवैको चिकित्सा गर्नेलाई मूर्ख ठान्दछन्।"

असुरिन्दक भारद्वाज भिक्षु भए

भगवान्ले उक्त कुरा सुनाउनु भएपछि असुरिन्दक भारद्वाज ब्राह्मणले भगवान्सँग यसरी प्रार्थना गरे—

"धन्य, भो गौतम ! धन्य, भो गौतम !! घोप्टेकोलाई उत्तानो पारिदिंदा[१], अँध्यारोमा तेलको बत्ती राखिदिंदा आँखा हुनेहरूले रूप देखेझैं तपाइ गौतमले मलाई अनेक प्रकारबाट धर्म प्रकाश गरिदिनु भयो । अब म, तपाइ गौतमको शरण पर्दछु, धर्म र भिक्षुसङ्घको पनि । तपाइ गौतमको सङ्घमा प्रव्रज्या र उपसम्पदा पाऊँ !"

यसरी विनयपूर्वक अनुरोध गरे पछि असुरिन्दक भारद्वाजले भगवान्को सङ्घमा प्रव्रज्या र उपसम्पदा पाए । उपसम्पन्न भएको केही दिनपछि आयुष्मान् असुरिन्दक भारद्वाज एकान्तमा बसी अप्रमत्त भई आतप्त पूर्वक ध्यानगरी—जसको लागि कुलपुत्रहरू सबै घर-बार छाडी अनगारिक भई प्रव्रजित् हुन्छन्—त्यो अनुत्तर ब्रह्मचर्यवास पूरा गरी यसै जन्ममा स्वयं अभिज्ञानद्वारा निर्वाण साक्षात्कार गरी उपशान्त भई बसे । "जाति क्षीण भयो, ब्रह्मचर्यवास पूरा भयो, गर्नुपर्ने गरिसकें, अब उप्रान्त फेरि जन्म लिनुपर्ने हेतु छैन" भन्ने ज्ञान पनि भयो ।

आयुष्मान् असुरिन्दक भारद्वाज पनि अन्यतर अरहन्त भए ।

—✶—

१. पृष्ट ३ मा झैं ।

१६. विलङि्गक भारद्वाज

[भारद्वाज गोत्र-ब्राह्मणको काहिंलो[१] भाइ ।]

सूत्र :–

रिसले चुप भए

एक समय भगवान् राजगृहस्थित वेणुवनको कलन्दकनिवाप (विहार) मा बस्नु भएको थियो[२] ।

त्यस बखतमा विलङ्गिक भारद्वाज (भारद्वाज गोत्रका) ब्राह्मणले "भारद्वाज गोत्र-ब्राह्मण श्रमण गौतम कहाँ घर-बार छाडी अनगारिक भई प्रव्रजित भए" भन्ने सुने । अनि उ रिसले चूर भई जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई चुप-चाप भएर एक छेउमा उभिइ रहे ।

त्यस बखतमा भगवान्ले विलङ्गिक भारद्वाज ब्राह्मणको मनको कुरो थाहा पाई, विलङ्गिक भारद्वाज ब्राह्मणलाई गाथाद्वारा भन्नु भयो—

"यो अप्पदुट्ठस्स नरस्स दुस्सति,
सुद्धस्स पोसस्स अनङ्गणस्स ।

१. म. अ. । २. सं. नि. विलङ्गिकसुत्तं ।

तमेव बालं पच्चेति पापं,
सुखुमो रजो पटिवातं व खित्तो'ति ॥"

अर्थ :—

"जसले निर्दोषी, परिशुद्ध, निक्लेशी पुरुषलाई दोष दिन्छ, त्यस मूर्खले हावा बहेको दिशातिर धूलोफाल्दा आफ्नै मुखमा पर्नेझैं त्यस पापको फल भोग्दछ।"

विलङ्गिक भारद्वाज भिक्षु भए

यसो भन्नुहुँदा, विलङ्गिक भारद्वाज ब्राह्मणले भगवान्‌लाई यसरी प्रार्थना गरे :—

"धन्य, भो गौतम ! धन्य, भो गौतम !! घोप्टेकोलाई उत्तानो पारिदिँदा[१], अँध्यारोमा तेलको बत्ती राखिदिँदा आँखा हुनेहरूले रूप देखेझैं तपाइ गौतमले मलाई अनेक प्रकारले धर्म प्रकाश गरिदिनु भयो। भन्ते ! अब म, तपाइ गौतमको शरण पर्छु, धर्म र भिक्षुसङ्घको पनि। भन्ते ! तपाइ गौतमको सङ्घमा प्रव्रज्या तथा उपसम्पदा पाऊँ !"

यसरी विनयपूर्वक अनुरोध गरे पछि विलङ्गिक भारद्वाज ब्राह्मणले भगवान्‌को सङ्घमा प्रव्रज्या र उपसम्पदा पाए। उपसम्पन्न भएको केही दिन पछि आयुष्मान् विलङ्गिक भारद्वाज एकान्तमा ध्यान

१. हेर पृष्ट ३

गरी बसीरहँदा—जसको लागि कुलपुत्रहरू सबै घर-बार छाडी अनगारिक भई प्रव्रजित हुन्छन्—त्यो अनुत्तर ब्रह्मचर्यवास पूरा गरी यसै जन्ममा स्वयं अभिज्ञानद्वारा निर्वाण साक्षात्कार गरी उपशान्त भई बसे। "जाति क्षीण भयो, ब्रह्मचर्यवास पूरा भयो, गर्नुपर्ने गरिसकें, अब उप्रान्त फेरि जन्म लिनुपर्ने हेतु छैन" भन्ने ज्ञान पनि भयो।

आयुष्मान् विलङ्गिक भारद्वाज पनि अन्यतर अरहन्त भए।

—✶—

१७. सङ्गारव नामक माणव

[भारद्वाज गोत्र-ब्राह्मणका कान्छो[१] भाइ ।]

सूत्र :—

यस्तो मैले सुने[२] ।

एक समय भगवान् धेरै भिक्षुहरू सहित कोशल देशमा चारिका गर्दै हुनुहुन्थ्यो ।

सङ्गारव माणव बुद्ध कहाँ

त्यस बखतमा धानञ्जानी नामक ब्राह्मणी चण्डलकप्प[३] (चण्डलकल्प) नगरमा बसेकी थिइन् । उनी बुद्ध, धर्म तथा सङ्घप्रति अति प्रसन्न थिइन् । एक दिन धानञ्जानी ब्राह्मणी लडदा तीन पटक यो उद्गार वाक्य भनिन्—"नमो तस्स भगवतो अरहतो सम्मा-सम्बुद्धस्स ।" (उनै भगवान् अरहत् सम्यक् सम्बुद्धलाई नमस्कार !)

त्यस बखतमा सङ्गारव नामक माणव (धानञ्जानी ब्राह्मणीको कान्छो देवर) चण्डलकल्पमा बसेका थिए । यी, तीनै वेद, निघण्टू,

---

१. म. अ. । २. म. नि. सङ्गारवसुत्तं ।

३. स्यामको पुस्तकमा पञ्चलकप्प र नालन्दा पालिमा चञ्चलिकप्प छ ।

किटुभ (कौस्तुभ), अक्षर प्रभेद शास्त्र तथा इतिहास सहित पाँचै ग्रन्थमा पारङ्गत थिए। पदशास्त्र, व्याकरण, लोकायत (भौतिक) र लक्षण शास्त्रमा पनि कुशल थिए। धानञ्जानीको उपरोक्त उद्‌गार वाक्य सुनी सङ्गारव माणवले उनलाई यसो भने :—

"धिक्कार छ यी भाउजूलाई ! विद्यमान त्रैविद्य ब्राह्मणहरूको स्मरण नगरी, कहाँ त्यो मुण्डक श्रमणकको वर्णन गर्नु हुन्छ !"

"हे भद्रमुख ! यदि तपाइले सो भगवान्‌को शील-प्रज्ञालाई जानेको भए, भगवान्‌लाई गालि गर्नु हुन्नथ्यो, न उपहास नै गर्नु हुन्थ्यो होला !"

"हे भाउज्यू ! त्यसो भए जहिले श्रमण गौतम चण्डलकल्पमा आउलान् उहिले मलाई भन्नु होला !"

"हुन्छ" भनी धानञ्जानी ब्राह्मणीले सङ्गारव माणवलाई जवाफ दिइन्।

एक दिन भगवान् पनि कोशल देशको चारिका गर्दै चण्डलकल्प नगरमा आइपुग्नु भयो र त्यसै नगरको तोदेय्य ब्राह्मणको आम्रवनमा बस्नु भएको थियो।

त्यस बेला धानञ्जानी ब्राह्मणीले "भगवान् चण्डलकल्पमा आइपुग्नु भई तोदेय्य ब्राह्मणको आम्रवनमा बस्नु भएको छ" भन्ने खबर सुनिन्। अनि उनले सङ्गारव माणवलाई यस्तो खबर दिँदै भनिन्,

कि – "हे भद्रमुख ! सो भगवान् अहिले चण्डलकल्पमा आइपुग्नु भई तोदेय्य ब्राह्मणको आम्रबनमा बस्नु भएको छ । अब तपाइ जे उचित सम्झनु हुन्छ त्यही गर्नु होस् ।"

"हवस" भनी धानञ्जानी ब्राह्मणीलाई जवाफ दिई सङ्गारव माणव जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्सँग सम्मोदन गरी एक छेउमा बसे । अनि सङ्गारव माणवले भगवान्सँग यसरी सोधे :—

"भो गौतम ! यहाँ केही श्रमण ब्राह्मणहरू यसै आत्मभावमा 'अभिज्ञान प्राप्त गरें, अवशान प्राप्त गरें, पार प्राप्त गरें र आदिब्रह्मचर्य समेत पालन गरें' भनी भन्नेहरू छन् । त्यसमध्ये तपाइ कुनचाहिं हुनुहुन्छ ?"

यसै आत्मभावमा पार-प्राप्त भगवान्

"हे भारद्वाज ! यसै आत्मभावमा 'अभिज्ञान प्राप्त गरें, अवशान प्राप्त गरें, पार प्राप्त गरें र आदिब्रह्मचर्य समेत पालन गरें' भनी भन्नेहरूमा पनि भिन्नता भएको कुरा म भन्दछु ।

१ यहाँ केही श्रमण ब्राह्मणहरू आनुश्रविक (सुनेर विश्वास गर्ने) छन् । जस्तो कि त्रैविद्य ब्राह्मणहरू । उनीहरू अनुश्रवणद्वारा यसै आत्मभावमा 'अभिज्ञान प्राप्त गरें ...' भनी भन्दछन् ।

२ यहाँ केही श्रमण ब्राह्मणहरू छन् जसले श्रद्धा मात्रले यसै आत्मभावमा 'अभिज्ञान प्राप्त गरें ...' भनी भन्छन्; जस्तो कि— मीमांसवादी ।

३ यहाँ केही श्रमण ब्राह्मणहरू छन् जसले पहिले नसुनेको धर्मलाई स्वयं अवबोध गरी यसै आत्मभावमा 'अभिज्ञान-अवशान-पार प्राप्त गरी, आदिब्रह्मचर्य समेत पालन गरें' भनी भन्दछन् ।

"हे भारद्वाज ! जसले पहिले नसुनेको धर्मलाई स्वयं अवबोध गरी यसै आत्मभावमा 'अभिज्ञान-अवशान-पार प्राप्त गरी, आदिब्रह्मचर्य समेत पालन गरें' भनी भन्छन् त्यसमध्ये म पनि हुँ । कसरी पहिले नसुनेको धर्मलाई स्वयं अवबोध गरी यसै आत्मभावमा 'अभिज्ञान-अवशान-पार प्राप्त गरी, आदिब्रह्मचर्य समेत पालन गरें' भन्ने कुरा, निम्न उदाहरणले पनि बुझ्नु सक्नु पर्छ :—

※ बोधिसत्व चर्या

आलार कालाम कहाँ

"हे भारद्वाज ! बुद्ध हुनु अगावै बोधिसत्व छँदा नै मेरो मनमा यस्तो कल्पना उठेको थियो—'रजपथ समानको घरमा बस्नु बाधा छ । अभ्यवकाश समान प्रव्रज्या छ । घरमा बसी पूर्णरूपले परिशुद्ध भई, अर्थात् शंख जस्तै सफा भई, ब्रह्मचर्य पालन गर्नु सजिलो हुने छैन । अतः केश दाह्री क्षौर गरी, कषाय वस्त्र धारण गरी, घरबार त्यागी प्रव्रजित भएर जाऊँ !' त्यस पछि म तन्नेरी युवक छँदा छँदै, कालो केश हुँदा हुँदै, भद्रयौवनको अवस्थामै, आयुको प्रथम चरणमै, आमा बाबुको इच्छा विना, उनीहरूलाई रुवाँउदा रुवाँउदै, केश दाह्री क्षौर गरी, कषाय वस्त्र धारण गरी, घरवार त्यागी प्रव्रजित भएँ । सो म प्रव्रजित

भई, किंकुशल-गवेशी भई, अनुत्तर शान्तिपदको गवेषण गर्दै जहाँ आलार कालाम हुनुहुन्थ्यो त्यहाँ गएँ । अनि वहाँलाई मैले के भने भने — 'हे कालाम ! म तपाइको धर्म-विनयमा ब्रह्मचर्यवास गर्न चाहन्छु ।' मैले यसो भन्दा, आलार कालामले मलाई भन्नु भयो कि — 'बस ! आयुष्मान् । यो धर्म त्यस्तो छ जहाँ विज्ञपुरुष चाँडैनै आफ्नो आचार्यको धर्मलाई स्वयं अभिज्ञात तथा साक्षात्कार प्राप्त गरी बस्न सक्छ ।'

"हे भारद्वाज ! त्यहाँ मैले चाँडैनै त्यो (उनीहरूको) धर्म अध्ययन गरें । उनीहरूले ओठ चलाउने बित्तिकै, परस्पर कुराकानी गर्ने बित्तिकै, 'त्यो ज्ञान जानें, त्यसमा स्थिर छु, बुझें देखें' भनी अरूलाई ज्ञापनगरें; यस्तै गरी अरूले पनि ज्ञापन गरे । त्यस बखतमा मेरो मनमा यस्तो विचार आयो —'आलार कालामले यो धर्मलाई न केवल श्रद्धाले मात्र अपितु स्वानुभूतिबाटै भनेको हुँ भनी भन्नु हुन्छ; अवश्य पनि आलार कालाम यस धर्मलाई स्वयं जानी बुझी बस्नु भएको होला ।' अनि मैले आलार कालाम कहाँ गई यो कुरा सोधें – 'तपाइले यो धर्मलाई कतिसम्ममा स्वयं अभिज्ञान तथा साक्षात्कार गरी बसेको भनी भन्नु भएको ?' यसरी सोध्दा आलार कालामले मलाई आकिञ्चन्यायतनको कुरा बताउनु भयो । त्यो कुरा सुनी मेरो मनमा यस्तो लाग्यो —'न आलार कालाममा मात्र श्रद्धा छ, ममा पनि श्रद्धा छ; न आलार कालाममा मात्र वीर्य···स्मृति···समाधि···प्रज्ञा छ, ममा पनि वीर्य···स्मृति···समाधि ···प्रज्ञा छ ।' त्यस पछि, आलार कालाम, 'जुन धर्मलाई स्वयं ज्ञात गरी साक्षात्कार गरी बसेको छु' भन्नु हुन्छ, त्यस धर्मलाई मैले पनि साक्षात्कार गर्नको निमित्त कोशिस गरें । चाँडैनै म त्यस धर्मलाई स्वयं अभिज्ञात

गरी, साक्षात्कार गरी बसें । अनि म जहाँ आलार कालाम हुनुहुन्थ्यो त्यहाँ गई यो कुरा सोधें—'यत्तिकैले तपाइले यो धर्मलाई स्वयं अभिज्ञात तथा साक्षत्कार गरी बसेको छु भनी भन्नु भएको ?"

"हे आवुसो ! यत्तिकैले मैले यो धर्मलाई स्वयं अभिज्ञात तथा साक्षात्कार गरी बसेको हुँ भनी भनेको हो ।"

"हे आवुसो ! यत्तिकैले म पनि यो धर्मलाई स्वयं ज्ञात तथा साक्षात्कार गरी बसेको छु ।"

"यो हाम्रो निमित्त लाभ तथा भाग्यको कुरा हो जो कि तपाइ जस्तो सब्रह्मचारीलाई देख्न पायौं ! जुन धर्म मैले स्वयं ज्ञात तथा साक्षात्कार गरी बताएको थिएँ, त्यो धर्म तपाइ पनि स्वयं ज्ञात तथा साक्षात्कार गरी बस्नु भएको छ; जुन धर्म तपाइ स्वयं ज्ञात तथा साक्षात्कार गरी बस्नु भएको छ, सोही धर्म म पनि स्वयं ज्ञात तथा साक्षात्कार गरी बसेको छु । यसरी जुन धर्म म जान्दछु, सोही धर्म तपाइ पनि जान्नु हुन्छ; जुन धर्म तपाइ जान्नु हुनुहुन्छ, सोही धर्म म पनि जान्दछु । जस्तो म छु त्यस्तै तपाइ पनि हुनुहुन्छ, जस्तो तपाइ हुनुहुन्छ त्यस्तै म पनि छु । आउनुहोस् ! अब, हामी दुवै मिली यो शिष्यमण्डलको हेरचाह गरौं !"

"हे भारद्वाज ! यसरी आलार कालामले, मेरो आचार्य समान भई, प्रसन्नचित्तले शिष्यसमान भएको मलाई आफुसमानको स्थानमा राख्नु भयो । मेरो ठूलो पूजा सम्मान पनि भयो । त्यस बेला मेरो मनमा यस्तो विचार आयो—'यो धर्मले न निर्वेद (निब्बिदा) हुन सक्छ,

न विराग हुन सक्छ, न निरोध हुन सक्छ, न उपशान्त हुन सक्छ, न अभिज्ञान प्राप्त हुन सक्छ, न सम्बोधिलाभ हुन सक्छ, न निर्वाण नै हुन सक्छ। यसले त केवल आकिञ्चन्यायतनसम्म मात्र पुऱ्याउँछ।' अनि म, 'त्यत्तिले मात्र पुग्दैन' भनी, त्यत्तिले मात्र सन्तुष्ट नभई, त्यस धर्मबाट विरक्त भई, त्यहाँ छाडेर गएँ।

उद्दक रामपुत्र कहाँ

"हे भारद्वाज! त्यस पछि म किंकुशल-गवेशी भई अनुत्तर शान्ति वरपदको खोजीको निमित्त जहाँ उद्दक रामपुत्र हुनुहुन्थ्यो, त्यहाँ गएँ। अनि मैले उद्दक रामपुत्रसँग यसो निवेदन गरें—'म तपाइको धर्म-विनयमा ब्रह्मचर्यवास गर्न चाहन्छु।' मेरो यी कुरा सुनेर उद्दक रामपुत्रले मलाई यसो भन्नु भयो—'बस, आयुष्मान्! यो धर्म त्यस्तो छ, जहाँ विज्ञपुरुष चाँडैनै आफ्नो आचार्यको धर्मलाई स्वयं अभिज्ञात तथा साक्षात्कार गरी बस्न सक्छ।'

"हे भारद्वाज! त्यहाँ पनि मैले चाँडैनै त्यो धर्म अध्ययन गरें। उनीहरूले ओठ चलाउने बित्तिकै, परस्पर कुराकानी गर्ने बित्तिकै, 'त्यो ज्ञान जानें, त्यसमा स्थिर छु, बुझें देखें' भनी अरूलाई ज्ञापन गरें, यस्तै गरी अरूले पनि ज्ञापन गरे। त्यस बेला मेरो मनमा यस्तो विचार आयो—'रामपुत्रले यो धर्मलाई न केवल श्रद्धाले मात्र अपितु स्वानुभूतिबाटै भनेको हुँ भनी भन्नु हुन्छ; अवश्य नै रामपुत्र यस धर्मलाई स्वयं जानी बुझी बस्नु भएको होला।' अनि म, रामपुत्र कहाँ गई यो कुरो सोधें—'तपाइले यो धर्मलाई कतिसम्ममा स्वयं अभिज्ञात तथा साक्षा-

त्कार गरी बसेको भनी भन्नु भएको ?' यसरी सोध्दा उद्दक रामपुत्रले मलाई नैवसंज्ञानासंज्ञायतनको कुरा बताउनु भयो। त्यो कुरा सुनी मेरो मनमा यस्तो लाग्यो—'न उद्दक रामपुत्रमा मात्र श्रद्धा छ, ममा पनि श्रद्धा छ, ... प्रज्ञा छ।' त्यसपछि, उद्दक रामपुत्र, 'जुन धर्मलाई स्वयं ज्ञात गरी, साक्षात्कार गरी बसेको छु' भन्नु हुन्छ, त्यस धर्मलाई मैले पनि साक्षात्कार गर्नको निमित्त कोशिस गरें। चाँडैनै म त्यस धर्मलाई स्वयं अभिज्ञात गरी, साक्षात्कार गरी बसें। अनि म, जहाँ उद्दक रामपुत्र हुनुहुन्थ्यो त्यहाँ गई, यो कुरा सोधें—'यत्तिकैले तपाइले यो धर्मलाई स्वयं अभिज्ञात तथा साक्षात्कार गरी बसेको छु भनी भन्नु भएको ?"

"हे आवुसो ! यत्तिकैले मैले यो धर्मलाई स्वयं अभिज्ञात तथा साक्षात्कार गरी बसेको हुँ भनी भनेको हो।"

"हे आवुसो ! यत्तिकैले म पनि यो धर्मलाई स्वयं ज्ञात तथा साक्षात्कार गरी बसेको छु।"

"यो हाम्रो निमित्त लाभ तथा भाग्यको कुरा हो जोकि तपाइ जस्तो सब्रह्मचारीलाई देख्न पायौं ! जुन धर्म मैले स्वयं ज्ञात तथा सक्षात्कार गरी बताएको थिएँ, त्यो धर्म तपाइ स्वयं ज्ञात तथा साक्षात्कार गरी बस्नु भएको छ; जुन धर्म तपाइ स्वयं ज्ञात तथा साक्षात्कार गरी बस्नु भएको छ, सोही धर्म म पनि स्वयं ज्ञात तथा साक्षात्कार गरी बसेको छु। यसरी जुन धर्म म जान्दछु, सोही धर्म तपाइ पनि जान्नु हुन्छ; जुन धर्म तपाइ जान्नु हुन्छ, सोही धर्म म पनि

जान्दछु । जस्तो म छु त्यस्तै तपाइ पनि हुनुहुन्छ, जस्तो तपाइ हुनुहुन्छ त्यस्तै म पनि छु । आउनुहोस् ! अब तपाइले यो शिष्यगण परिहरण गर्नु होस् !" यसरी उद्दक रामपुत्रले, सब्रह्मचारी समान मलाई आचार्यको स्थानमा राख्नु भयो । मेरो ठूलो पूजा सम्मान पनि भयो । त्यस बेला मेरो मनमा यस्तो लाग्यो—'यो धर्मले न निर्वेद हुन सक्छ, न विराग हुन सक्छ, न निरोध हुन सक्छ, न उपशान्त हुन सक्छ, न अभिज्ञान प्राप्त हुन सक्छ, न सम्बोधिलाभ हुन सक्छ, न निर्वाण नै हुन सक्छ । यसले त केवल नैवसंज्ञानासंज्ञायतनसम्म मात्र पुऱ्याउँछ ।' अनि म, 'त्यत्तिले मात्र पुग्दैन' भनी त्यत्तिले मात्र सन्तुष्ट नभई, त्यस धर्मबाट विरक्त भई, त्यहाँ छाडेर गएँ ।

उरूवेलमा

"हे भारद्वाज ! त्यस पछि म किंकुशल-गवेशी भई अनुत्तर शान्ति वरपदको खोज गर्दै क्रमशः उरूवेलको सेनानी गाउँमा पुगें । त्यहाँ मैले एक रमणीय भूमि-भाग देखें, जहाँ राम्रो हरीयाली बनजङ्गल थियो, अनेक प्रकारका प्रसादजनक मयूरादि थिए; नेरञ्जरा नदीमा शुद्ध निर्मल, शीतल पानी बगिरहेको थियो, चारैतिर गोचर गाउँहरू पनि देखिन्थे । त्यो रमणीय ठाउँ देखेर मेरो मनमा यस्तो लाग्यो—'यस्तो ठाउँ नै ध्यानीहरूको निमित्त ध्यान गर्न उपयुक्त हुन्छ ।'

पहिले नसुनेका उपमा

"हे भारद्वाज ! 'यहाँ ध्यान गर्न उपयुक्त छ' भनी म त्यहाँ बसें । त्यस बेला मैले पहिले नसुनेका उपमाहरू मेरा मनमा आए :—

१ – "जस्तो कि—पानीमा भिजेको, चीसो, पानीमा फालिराखेको काठलाई कुनै पुरुषले अरणी घर्षणद्वारा त्यसबाट 'आगो निकाल्छु' भनी कोशिस गऱ्यो भने, के उसले त्यसबाट आगो निकाल्न सक्ला ?"

"भो गोतम ! सक्दैन।"

"किन नि ?"

"किन भने—पानीमा फ्याकिएको सो काठ चीसो र भिजेएको हुन्छ। उसले जति मेहनत गरेता पनि त्यसको मेहनत खेरै जान्छ।"

"हे भारद्वाज ! त्यस्तै, यहाँ जुन श्रमण ब्राह्मणहरू कायले पनि चित्तले पनि कामविषयलाई त्याग नगरी, कामविषयमा लिप्त भई बस्छन्; जो कामविषयको कामच्छन्दहो, कामस्नेहहो, काममूर्छाहो, कामपिपासाहो, कामपरिडाहहो, ती पनि उनको भित्री मनबाट हटेका हुँदैनन्, पूर्णतया प्रसब्ध (शान्त) भएको हुँदैनन्; यद्यपि उनीहरू पराक्रम (योगाभ्यास) गर्दै तीव्र, खरो, कटु, दुःख वेदना अनुभव गर्छन्, सहन गर्छन्; तथापि तिनिहरूले, ज्ञान-दर्शन-अनुत्तर सम्बोधि प्राप्त गर्न सक्दैनन्। त्यस्तो तीव्र, ··· दुःख वेदना अनुभव गर्न नपरेता पनि उनीहरूले ··· सम्बोधि प्राप्त गर्न सक्दैनन्। यही पहिलो उपमा हो जो मैले पहिले सुनेको थिइन।

२—"हे भारद्वाज ! अर्को दोश्रो उपमा मेरो मनमा आयो जो मैले पहिले सुनेको थिइन। जस्तो कि—पानीमा भिजेको, चीसो तर स्थलमा फ्याकि राखेको काठलाई कुनै पुरुषले अरणी घर्षणद्वारा त्यसबाट 'आगो निकाल्छु' भनी कोशिस गऱ्यो भने के उसले त्यसबाट आगो निकाल्न सक्ला ?"

"भो गौतम ! सक्दैन ।"

"किन नि ?"

"किन भने – पानीमा भिजेको चीसो, तर स्थलमा फ्याकि राखेको भएता पनि त्यो चीसो काठबाट आगो निकाल्न सक्दैन । उसले जति प्रयत्न गरेता पनि विफल नै हुन्छ ।"

"हे भारद्वाज ! त्यस्तै, यहाँ जुन श्रमण ब्राह्मणहरू कायले पनि चित्तले पनि कामविषयलाई त्याग नगरी, कामविषयमा लिप्त भई बस्छन्; जो कामविषयको कामच्छन्दहो ··· ती पनि भित्री मनबाट हटेका हुँदैनन्, पूर्णतया प्रसब्ध (शान्त) भएका हुँदैनन्; यद्यपि उनि-हरू पराक्रम गर्दै ··· सहन गर्छन्; तथापि तिनिहरूले ··· सम्बोधि प्राप्त गर्न सक्दैनन् । यही दोश्रो उपमाहो जो मैले पहिले सुनेको थिइन ।

३—"हे भारद्वाज ! अर्को तेश्रो उपमा मेरो मनमा आयो । जो मैले पहिले सुनेको थिइन। जस्तो कि – सुकेको, खुर्केको काठ, – पानीमा नभई जमिनमा फालिराखेको – लाई कुनै पुरुषले अरणी घर्षणद्वारा त्यसबाट 'आगो निकाल्छु' भनी कोशिस गरेमा, के उसले त्यसबाट आगो निकाल्न सक्ला ?"

"भो गौतम ! सक्छ ।"

"किन नि ?"

"किन भने—त्यो काठ सुकेको छ, खुर्केको छ, फेरि पानीमा नभई जमिनमा फ्याकिराखेको छ ।"

"हे भारद्वाज ! त्यस्तै, यहाँ जुन श्रमण ब्राह्मणहरू, कायले पनि, चित्तले पनि, कामविषयलाई त्याग गरेकाछन्, कामविषयबाट अलिप्त छन्; जो कामविषयको कामच्छन्दहो, कामस्नेहहो, काम-मूर्छाहो, कामपिपासाहो, कामपरिडाहहो, ती पनि भित्री मनबाट हटेका हुन्छन् पूर्णतया प्रसब्ध भएका हुन्छन्; यद्यपि उनिहरू पराक्रम (योगाभ्यास) गर्दै तीव्र, खरो, कटु, दुःख वेदना पनि अनुभव गर्छन्, सहन गर्छन्, तथापि तिनिहरू, ज्ञान-दर्शन-अनुत्तर-सम्बोधि प्राप्त गर्नमा सक्षम नै हुन्छन् । त्यस्तो तीव्र, खरो, कटुकादि दुःख वेदना अनुभव गर्नु नपरेता पनि तिनिहरू ज्ञान-दर्शन-अनुत्तर-सम्बोधि प्राप्त गर्नमा सक्षम नै हुन्छन् । यही तेश्रो उपमाहो जो मैले पहिले सुनेको थिइन ।

"हे भारद्वाज ! अनि मैले यस्तो सोचें—'किन मैले दाँत बाँधी तालुमा जिभ्रो पुऱ्याई, चित्तले (कुशलचित्तले) चित्तलाई (अकुशल चित्तलाई) निग्रह गरी, समाती, पेली, सन्तप्त नगरौं ?' यति सोची, दाँत बाँधी, तालुमा जिभ्रो पुऱ्याई, चित्तले चित्तलाई निग्रह गर्थें, समात्थें, पेल्दथें, सन्तप्त गर्थें । त्यस्तो गरी बस्दा मेरा दुवै काखीबाट पसिना निस्किन्थ्ये । जस्तै कुनै बलवान् पुरुषले निर्बल पुरुषलाई, टाउकोमा वा काँधमा समाती थिच्छ, पेल्दछ, सन्तप्त पार्छ; त्यस्तै गरी मैले दाँत बाँधदा, तालुमा जिभ्रो पुऱ्याउँदा, चित्तलाई चित्तले निग्रह गर्दा, समात्दा, पेल्दा, सन्तप्त गर्दा, तीरले घोंचे झैं घोंचने त्यही तपस्याको कारणले मेरा दुवै काखीबाट पसिना निस्कन्थे । तैपनि मेरो वीर्य आरब्ध (बलियो) थियो, अलछी हुन दिन्नथें, स्मृतिलाई सजग राख्दथें,

विस्मृति हुन दिन्नथें; तर यो शरीरमा पीडा थियो, वेदना थियो र शान्ति थिएन ।

अप्राणक (कुम्भक) ध्यान

१—"हे भारद्वाज ! त्यस वेला मेरो मनमा यस्तो आयो कि—'किन म अप्राणक (कुम्भक) ध्यान मात्र नगरौं !'। अनि मैले मुखबाट पनि, नाकबाट पनि श्वास-प्रश्वास बन्द गरें (थुने)। मुखबाट र नाकबाट श्वासप्रश्वास थुन्दा, कर्णधारबाट निस्कने वायुको आवाज अधिक हुन्थ्यो। जस्तो कि—कालिगरले बाँसको ढुंग्रो फुक्दा निस्कने आवाज हो त्यस्तै … आवाज अधिक हुन्थ्यो। तैपनि मेरो वीर्य आरब्ध थियो …; तर यो शरीरमा पीडा थियो, वेदना थियो र शान्ति थिएन ।

२—"हे भारद्वाज ! फेरि मेरो मनमा यस्तो लाग्यो—'किन म अप्राणकध्यान मात्र नगरौं !' त्यसै अनुसार मैले मुख-नाक-कानबाट पनि श्वासप्रश्वास बन्द गरिदिएं। मुख-नाक-कानबाट श्वासप्रश्वास थुन्दा अधिकतम वायु मेरो शीरमा थुप्रिन्थ्यो र हान्थ्यो। जस्तो कि—कुनै बलवान् पुरुषले, धार भएको तरवारको टुप्पोले शीरमा घोंचे झैं … मेरो शीरमा वायु थुप्रिन्थ्यो र घोच्थ्यो। तैपनि मेरो वीर्य आरब्ध थियो …; तर यो शरीरमा पीडा थियो, वेदना थियो र शान्ति थिएन ।

३—"हे भारद्वाज ! फेरि पनि मेरो मनमा यस्तो लाग्यो कि—'त्यही अप्राणकध्यानै किन नगरौं !' अनि मैले मुख-नाक-कानबाट

श्वासप्रश्वास बन्द गरें। मुख-नाक-कानबाट श्वासप्रश्वास बन्द गरिंदिदा मलाई अधिकतम टाउको दुख्न थाल्यो। जस्तो कि—कुनै बलवान् पुरुषले बलियो डोरीले टाउकोमा बेसकरी बेरिदिए फैं ... मलाई अधिकतम टाउको दुख्न थाल्यो। तैपनि मेरो वीर्य आरब्ध थियो ... ; तर यो शरीरमा पीडा थियो, वेदना थियो र शान्ति थिएन।

४—'हे भारद्वाज! अफ्नै मेरो मनमा यस्तो हुन्थ्यो—'जे भए पनि अप्राणकध्यानै गरौं!' यसै अनुसार मैले मुख-नाक-कानबाट श्वासप्रश्वास थुनि दिएँ। मुख-नाक-कानबाट श्वासप्रश्वास थुनिंदिदा अधिकतम वायुले मेरो पेटमा शोला हान्दथ्यो। जस्तो कि—कुनै दक्ष गोघातक वा उसको अन्तेवासीले धारभएको चूपीले पेट काटे फैं ... मेरो पेटमा शोला हान्दथ्यो। तैपनि मेरो वीर्य आरब्ध थियो ... तर यो शरीरमा पीडा थियो, वेदना थियो र शान्ति थिएन।

५—"हे भारद्वाज! अफ्नै पनि मेरो मनमा यस्तो लाग्यो—'अप्राणकध्यानै मात्र किन नगरौं!' अनि मैले मुख-कान-नाकबाट श्वासप्रश्वास बन्द गरें। मुख-नाक-कानबाट श्वासप्रश्वास बन्द गरिंदिदा मेरो शरीरमा अधिकतम डाहा भएको थियो। जस्तो कि—कुनै बलवान् दुइजना पुरुषहरूले दुर्बल पुरुषलाई हात खुट्टा समाती भुङ्ग्रोमा वल्टाई पल्टाई पिल्स्याए फैं, मैले मुख-नाक-कानबाट श्वासप्रश्वास बन्द गरिंदिदा, तीरले घोंचे फैं घोंचने सोही तपस्याको कारणले गर्दा मेरो शरीरमा अधिकतम डाहा भएको थियो। तैपनि मेरो वीर्य आरब्ध थियो, अलछी हुन दिन्नथें, स्मृतिलाई सजग राख्दथें, विस्मृति हुन दिन्नथें; तर यो शरीरमा पीडा थियो, वेदना थियो र शान्ति थिएन।

"हे भारद्वाज ! त्यस बखत मलाई अत्यधिक शारीरिक डाह र पीडा भएको हुँदा, बस्दा बस्दै तपस्यास्थल मै म मूर्छित भएको थिएँ। अनि मलाई देवताहरूले (लडेको) देखी यसो भने, 'श्रमण गौतम मऱ्यो'। केही देवताहरूले—'श्रमण गौतम मरेको छैन, किन्तु मर्न लागेको छ' भने। केही देवताहरूले यसो भने—'श्रमण गौतम मरेको छैन, श्रमण गौतम अरहत् हो, अरहतहरूको बस्ने स्वभाव नै यस्तै हुन्छ।'

अल्पाहारता

"हे भारद्वाज ! त्यसपछि मेरो मनमा यस्तो लाग्यो—'सबै आहार त्याग्नेतिर लाग्नु पऱ्यो।' यस्तो सोचिरहँदा त्यहाँ देवताहरू आई मलाई यसो भने—'भो मारिष ! तपाई सबै आहार त्याग्नेतिर न लाग्नुहोस्। यदि तपाइ सबै आहार त्याग्नेतिर लाग्नु हुन्छ भने, हामीले तपाइको रोम-कूपबाट दिव्य-ओज (Vitality, प्राण-शक्ति) हालि दिनेछौं। जसबाट तपाइको जीवन यापन हुनेछ।' यो कुरा सुन्दा मलाई यस्तो लाग्यो कि—'यदि म आहार ग्रहण गर्दिन भनौं, यी देवताहरूले मेरो रोमकूपबाट दिव्य-ओज हालि दिनेछन्, जसबाट मेरो जीवन यापन हुनेछ। यो मेरो निमित्त झूटो हुने छ।' यति कुरा सोची 'भैहाल्यो, यसो नगर' भनी मैले ती देवताहरूलाई भनें।

"हे भारद्वाज ! अनि मैले यस्तो विचार गरें—'त्यसो भए अलि अलि आहार ग्रहण गर्नु पऱ्यो। जस्तो कि एक एक अंजुली मुगीको रस,

कुलत्थ (गहत जाति) को रस बा कलाय (केराउ-कोसा) को रस (यूस), अथवा हरेणु (मटर जाति) को रस ।' अनि मैले अलि अलि मात्र आहार ग्रहण गरें जस्तो कि—एक एक अँजुली मुगीको रस,… । त्यसरी एक एक अँजुली मात्र रस लिदा (धेरै दिन पछि) मेरो शरीर अन्तिम सिमाना पारगरी अत्यन्त दुब्लो भयो । सोहि अल्पाहारताको कारणले गर्दा ।

जस्तो कि—असी वर्षको बुढोको शरीरको अथवा कालवृक्षको जोर्नी-गाँठो जस्तै मेरो शरीरको अंगप्रत्यंगहरूबाट जोर्नी जोर्नी देखिन थाले । उँटको पैताला जस्तो मेरो आनिसद (मलद्वार) गहिरो थियो । डोरी बाटिएको झैं मेरो पीठियूको हाडहरू तल माथि परेको देखिन्थ्यो । अति जीर्ण भैसकेको घरको दलिन जस्तै मेरो शरीरको करङ्ग-हरू एउटा माथि अर्को देखिन्थ्यो । सोही अल्पाहारताको कारणले गर्दा ।

जस्तो कि—ताराहरूको छाया पानी भएको कुवामा धेरै तल देखिए झैं मेरो आँखाका ताराहरू (अक्खि तारका) गहिरो देखिन्थ्यो ।

"जस्तो कि—हरियै तिक्तकलाबु (लौका विशेष) काटी घाममा राख्दा चाउरीएर जान्छ र शयलमा राख्दा हरियै देखिने झैं मेरो शरी-रको छाला सम्फुसित (खस्रो, फुस्रो र नरम) पनि हुन्थ्यो । सोही नै अल्पाहारताको कारणले गर्दा ।

"पेटको छाला सुम्सुम्याउँछु (परामर्श गर्छु) भन्दा, पछाडि हाडको हड्डी मात्र छुइन्थ्यो, पिठियूको हड्डी छुन्छु भन्दा पेटको छाला नै छुइन्थ्यो;

पछाडिको हड्डी र पेटको छाला टाँसिएको थियो । सोही नै अल्पाहारताको कारणले गर्दा ।

"झाडा पिसाप गर्छु भनी जाँदा त्यहीं नै घोप्टो परेर लडद थिएँ । यो शरीरलाई आश्वासन दिंदै हातले शरीरलाई अनुमार्जन गर्दथें । हातले शरीरलाई अनुमार्जन गर्दा जरा छुट्टिएका रोमहरू शरीरबाट झर्दथे । सोही नै अल्पाहारताको कारणले गर्दा ।

"हे भारद्वाज ! मलाई देखेर मानिस यसो भन्दथे—'श्रमण गौतम कालो छ ।' कसैले भन्थे, 'श्रमण गौतम कालो छैन, श्याम छ ।' कुनै मानिसले, 'श्रमण गौतम कालो पनि छैन, श्याम पनि छैन परन्तु मंगुरमाछा (कालो पनि श्याम पनि नभएको) को छाला जस्तो छ' भनेर भने । त्यस्तो राम्रो परिशुद्ध उज्यालो छविवर्ण पनि—सोही नै अल्पाहारताको कारणले गर्दा कुरूप भयो ।

"हे भारद्वाज ! त्यस पछि मेरो मनमा यस्तो आयो—'अतीत कालमा उपक्रम गर्ने (तपस्या गर्ने) जुन श्रमण ब्राह्मणहरूले तीव्र, खरो, कटु, दुःख वेदना अनुभव गरे, त्यो भन्दा यही नै उत्कृष्ट छ, यो भन्दा बढी छैन । अनागत कालमा उपक्रम गर्ने जुन श्रमण ब्राह्मणहरूले तीव्र, खरो, कटु, दुःख वेदना अनुभव गर्ने छन् त्यो भन्दा यही नै उत्कृष्ट हुनेछ, यो भन्दा बढी हुने छैन । हालसाल उपक्रम गर्ने जुन श्रमण ब्राह्मणहरूले तीव्र, खरो, कटु, दुःख वेदना अनुभव गरेका छन्, त्यो भन्दा यही नै उत्कृष्ट छ, यो भन्दा बढी हुन सक्दैन । यी कटु दुष्करकारीताद्वारा मलाई 'उत्तरीय मनुष्य धर्म र अलं-आर्यज्ञान' को विशेषता

प्राप्त हुन सकेन ।' 'सम्बोधिको लागि अर्को कुनै मार्ग छ कि' भन्ने पनि मनमा भयो ।

"हे भारद्वाज ! त्यस बेला मेरो मनमा यस्तो सम्झना आयो— 'मलाई थाहा छ कि मेरा पिता हलो जोतिरहँदा म जमुनाको शीतल छायामा बसी, कामविषयबाट निवृत्त भई, अकुशलबाट निवृत्त भई; वितर्क-विचार-एकान्त बास (ध्यान) बाट उत्पन्न प्रीति-सुख भएको प्रथम ध्यानमा बसेको कुरा । शायद यसै मार्गले बोधि (ज्ञान) लाभ हुन सक्छकि ?' यस्तो सम्झना गर्दा मलाई यस्तो ज्ञान भयो, 'यही नै मार्ग बोध्यर्थ हो ।' फेरि मेरो मनमा यस्तो लाग्यो कि—'के त जुन सुख कामविषयबाट रहित छ, अकुशलबाट रहित छ, त्यस्तो सुखबाट म डराउँछु कि ?' 'त्यस्तो सुखबाट म डराउँदिन' भन्ने पनि मेरो मनमा लाग्यो ।

"हे भारद्वाज ! 'यस्तो दुःखको पराकाष्ठामा पुगिसकेको शरीरले त्यो (ध्यानमय) सुख प्राप्त गर्न सजिलो छैन' भन्ने मनमा भए पछि मैले 'सन्तुलित आहार ग्रहण गर्नु पर्‍यो' भनी निश्चय गरें । त्यस बखत पञ्चभद्रवर्गीय भिक्षुहरूले 'जुन धर्म श्रमण गौतमले अवबोध गर्ने छन्, त्यो धर्म हामीहरूलाई भन्नेछन्' भन्ने धारणाले मलाई हेर विचार गर्दथे । जब मैले भात दाल सहित सन्तुलित आहार ग्रहण गर्न थालें, अनि ती पञ्चभद्रवर्गीय भिक्षुहरूले, 'श्रमण गौतम प्रत्यय बहुल भए, रसास्वादमा लागे, तपस्याबाट भ्रष्टभए' भनी मलाई घृणा गरी छाडेर गए ।

बोधिलाभ

१—"हे भारद्वाज ! त्यस पछि म, सन्तुलित आहार ग्रहण गरी शरीर बलियो पारी, कामवितर्कबाट अलग भई … प्रथम ध्यान प्राप्त गरी बसें । वितर्क विचारलाई उपशम गरी, भित्री हृदयमा सम्प्रसाद चित्तले एकाग्र गरी अवितर्क अविचार समाधिबाट उत्पन्न हुने प्रीति सुख भएको द्वितीय ध्यान…तृतीय ध्यान … चतुर्थ ध्यान प्राप्त गरी बसें ।

२—"हे भारद्वाज ! यसप्रकार चित्त समाधिष्ठ भएको बेलामा चित्त परिशुद्ध, निर्मल, क्लेश तथा उपक्लेश रहित भईसके पछि, मृदु, कर्मण्य तथा निश्चल भएपछि पूर्व जन्म अनुस्मरण गर्ने ज्ञानतिर चित्त झुकाएँ । अनेक प्रकारबाट पूर्वजन्मको कुरा अनुस्मरण गरें । जस्तो कि—एक जन्म, दुइ जन्म, तीन जन्म … साकार सउद्देश्य अनेक प्रकार पूर्वजन्मको कुरा अनुस्मरण गरें । रात्रिको प्रथमयाममा यो प्रथम-विद्या अधिगम गरें । यसरी अप्रमत्त भई क्लेश तप्त गरीरहँदा अविद्या नाश भयो, विद्या उत्पन्न भयो; तमः नाश भयो, आलोक उत्पन्न भयो ।

३—"हे भारद्वाज ! यसप्रकार चित्त समाधिष्ठ भएको बेला, चित्त परिशुद्ध … तथा निश्चल भएपछि सत्वहरू च्युत र उत्पन्न हुने ज्ञानमा चित्त लगाएँ । अनि मनुष्य चक्षु भन्दा टाढासम्म पुग्न सक्ने विशुद्ध दिव्य-चक्षुले सत्वहरू च्युत भई रहेका, उत्पन्न भई रहेका, हीन प्रणीततामा, सुवर्ण-दुर्वर्णमा, सुगति-दुर्गतिमा, आ-आफ्ना कर्मानुसार गइरहेका देख्दछु र जान्दछु । रात्रिको द्वितयीयाममा यो द्वितीय-विद्या

अधिगम गरें। यसरी अप्रमत्त भई क्लेश सन्तप्त गरिरहँदा अविद्या नाश भयो, विद्या उत्पन्न भयो; तमः नाश भयो, आलोक उत्पन्न भयो।

४—"हे भारद्वाज! यसप्रकार चित्त समाधिष्ठ भएको बेला, चित्त परिशुद्ध ··· तथा निश्चल भएपछि आस्रवक्षय ज्ञानमा चित्त लगाएँ। अनि, 'यो दुःख हो' भनी यथार्थतः राम्ररी बुझें, 'यो दुःख समुदय हो' भनी यथार्थतः राम्ररी बुझें, 'यो दुःख निरोध हो' भनी यथार्थतः राम्ररी बुझें, 'यी दुःख निरोध हुने मार्गहरू हुन्' भनी यथार्थतः राम्ररी बुझें; 'यी आस्रव हुन्' भनीः यथार्थत राम्ररी बुझें, 'यी आस्रव समुदय हुन्' भनी यथार्थतः राम्ररी बुझें, 'यी आस्रव निरोध हुन्' भनी यथार्थतः राम्ररी बुझें, 'यी आस्रव निरोध हुने मार्गहरू हुन्' भनी यथार्थतः राम्ररी बुझें। यसरी बुझिसके पछि, देखिसके पछि, मेरो चित्त कामास्रवबाट पनि भवास्रवबाट पनि अविद्यास्रवबाट पनि विमुक्त भयो। विमुक्त भएपछि 'विमुक्त भएँ' भनी ज्ञान पनि भयो। 'जाति क्षीण भयो, ब्रह्मचर्यवास पूरा भयो, गर्नु पर्ने गरिसकें, अबउप्रान्त यहाँ आउनुपर्ने हेतु छैन' भनी राम्ररी बुझें। रात्रिको पश्चिमयाममा यो तृतीय-विद्या अधिगम गरें। यसरी अप्रमत्त भई क्लेश सन्तप्त गरी रहँदा अविद्या नाश भयो, विद्या उत्पन्न भयो; तमः नाश भयो, आलोक उत्पन्न भयो।"

देवता छ कि छैन?

भगवान्‌ले यति भन्नु भएपछि, सङ्गारव माणवले भगवान्‌सँग यसो भने—"तपाइ गौतमको तपश्चर्या साँच्चैकै तपश्चर्या रहेछ। साँच्चैनै

महापुरुषहरूको समान तपाइ गौतमको तपश्चर्या रहेछ । जस्तो अरहत् सम्यक् सम्बुद्धका निमित्त हुनु पर्दथ्यो। भो गौतम ! देवता छ कि छैन ?"

"हे भारद्वाज ! कारणद्वारा मैले अधि देवता[१] भनी बुझें ।"

"भो गौतम ! 'देवता छ कि छैन' भनी सोध्दा (तपाइ) 'हे भारद्वाज ! कारणद्वारा मैले अधि देवता भनी बुझें' भनी भन्नुहुन्छ । यसो भएमा (तपाइले भन्नु भएको कुरो) तुच्छ, मृषा हुन्छ होइन ?"

"हे भारद्वाज ! 'देवता छ कि छैन' भनी सोध्दा जसले 'देवता छ' भनी भन्छ, जसले 'कारणद्वारा मैले अधि देवता भनी बुझें' भनी भन्छ; (यी दुवै कुरालाई) विज्ञपुरुष अवश्य नै निश्चिन्त हुनुपर्दछ कि—'देवता छ' भनी ।"

"भो गौतम ! किन तपाईले मलाई शुरूमै त्यसो भन्नु न भएको त ?"

"हे भारद्वाज ! लोकमा 'देवता छ' भन्ने कुरा सबैले उच्च स्वरले भनेकै छन् (उच्चेन सम्मतं) ।"

शरणागमन

यति कुरा सुने पछि, सङ्गारव माणवले भगवान्संग यसरी प्रार्थना गरे :—

१. सीहल र स्यामको पुस्तकमा 'अत्थि देवता' उल्लेख छ।

"धन्य, भो गौतम ! धन्य, भो गौतम !! घोप्टेकोलाई उत्तानो पारिदिंदा[१०] अन्धकारमा तेलको बत्ती राखिदिंदा, आँखा हुनेहरूले रूप देखेझैं, तपाइ गौतमले मलाई अनेक प्रकारबाट धर्मोपदेश दिनु भयो। अब म, भगवान् गौतमको शरण पर्छु, धर्म र भिक्षुसङ्घको पनि। आज-देखि तपाइ गौतमले आजीवनसम्म शरणमा आएको उपासक हो भनी स्वीकार गर्नुहोस् !

—✲—

---

१. ७ पृष्टमा झैं।

१८. पिङ्गियानी ब्राम्हण

परिचय

बावारीय भन्ने ब्राह्मणका अजितादि नामक सोरह जना शिष्य-हरू थिए । पिङ्गियानी ब्राह्मण पनि उनैका शिष्यहरूमध्ये एक थिए । यी ब्राह्मणहरू सबै जटाधारी थिए ।

बावारीय ब्राह्मण आफ्ना सोरहजना शिष्यहरूका साथ एक दिन भगवान् कहाँ गए । त्यस बेला भगवान् राजगृहस्थित पाषाण चैत्यमा बसिरहनु भएको थियो । त्यस बखतमा बावारीय ब्राह्मणका प्रत्येक शिष्यहरूले भगवान्सँग विभिन्न प्रश्नहरू सोधेका थिए । यही शिलशिलामा पिङ्गियानी[१] ब्राह्मणले पनि केही प्रश्नहरू सोधे । जुन प्रश्नहरू तल सूत्रमा उल्लेख गरिएका छन् ।

१२० वर्ष उमेर पुगिसकेका पिङ्गियानी ब्राह्मणका आँखा, कान कमजोर हुनुका साथैं शरीर पनि निक्कै कमजोर भइसकेको थियो । बावारीय ब्राह्मण उनको मामा पर्दथे । बावारीय ब्राह्मणप्रति उनको विशेष स्नेह थियो । त्यसैले उनले भगवान् बुद्धको उपदेशलाई समुचित रूपले बोध गर्न सकेनन् । पुनः पछि अरू उपदेशहरू सुनेर पिङ्गियानी ब्राह्मण अनागामी मार्गफलमा प्रतिष्ठित भए ।

---

१. सुत्त नि. मा पिङ्गियानी माणव पनि भनिएको छ ।

पिङ्गियानी ब्राह्मणको हृदयमा बुद्धप्रति कत्तिको श्रद्धा र भक्ति थियो भन्ने कुरा तल उल्लिखित सूत्रहरूबाट स्पष्ट देखिन्छ। यिनैको कुरासुनी कारणपाली डकर्मी ब्राह्मण बुद्धको शरणमा गई उपासकत्व ग्रहणगरे यस्ता घटना बुद्धको पालामा कमै देखिन्छन्। पिङ्गियानी ब्राह्मणले बुद्धलाई सर्वप्रथम राजगृहको चेतीय पर्वतमा र अर्को पटक वैशाली महावनस्थित कूटागार शालामा भेटेको बुझिन्छ[१]।

× × ×

सूत्र :—

पिङ्गियानी ब्राह्मणको प्रश्न

पिङ्गियानी[२] :—

"जिण्णोहमस्मि अबलो वीत वण्णो,
नेत्ता न सुद्धा सवनं न फासु।
माहं नस्सं मोमुहो अन्तरा व,
आचिक्ख धम्मं यमहं विजञ्ञा।
जातिजराय इध विप्पहानं ॥"

अर्थ :—

'म जीर्णछु, अबलछु, वर्ण हीनछु। मेरो आँखा धमिलो छ,

---

१. अ. क. आधारित। २. सुत्त. नि. पिङ्गियमाणव पुच्छा।

कान पनि बहिरोछु । मलाई धर्मोपदेश गर्नु होस्, जुन म बुझ्नसकौं र यहीं जाति जराको अन्तगर्न सकौं । तपाइको उपदेश नबुझी बीचैमा मेरो मृत्यु हुन न पाओस् !"

बुद्ध :—

"दिस्वान रूपेसु विहञ्ञमानो,
रुप्पन्ति रूपेसु जना पमत्ता।
तस्मा तुवं पिङ्गिय अप्पमत्तो,
जहस्सु रूपं अपुनब्भवाय ॥"

अर्थ :—

"जो रूपको कारणले मानिस आकुल ब्याकुल हुन्छ, जो विनाश हुने रूप देखेरै मानिस प्रमत्त हुन्छ, त्यस्ता मानिसहरूलाई देखेर तिमी रूपमा प्रमत्त नहोऊ । रूपलाई त्यागेर पुनर्भववाट मुक्त होऊ !"

पिङ्गियानी :—

"दिसा चतस्सो विदिसा चतस्सो,
उद्धं अधो दस दिसा इमायो।
न तुय्हं अदिट्ठं असुतं अमुतं,
अथो अविञ्ञातं किञ्चनमत्थि लोके।
आचिक्ख धम्मं यमहं विजञ्ञं,
जाति जराय इध विप्प हानं ॥"

अर्थ :—

"चार दिशा, चार उपदिशा र माथि मुनि गरी जम्मा दश दिशा छन्। यी दिशाहरूमा भएका कुनै पनि वस्तुहरू तपाइले न देखेका, न सुनेका, न बुझेका र न जानेका छैनन्। त्यसैले जाति जराबाट मुक्त हुनकोलागि यहीं नै मलाई धर्मोपदेश दिनुहोस्।"

बुद्ध :—

"तण्हाधिपन्ने मनुजे पेक्खमानो,
सन्तापजाते जरसा परेते।
तस्मा तुवं पिङ्गिय अप्पमत्तो,
जहस्सु तण्हं अपुनब्भवाया'ति ॥"

अर्थ :—

"तृष्णामा अल्झिरहेका, सन्ताप र जराजीर्णले पीडित भएका मानिसहरूलाई हेरी, हे पिङ्गिय ! तिमीले पनि अप्रमादी भई तृष्णालाई त्यागीदेऊ; यसो गर्न सक्यौ भने तिमीले पुनर्जन्म लिनु पर्ने छैन।"

× × ×

सूत्र :—

कारणपाली ब्राह्मणको पिङ्गियानीसँग भेट

एक समय भगवान् वैशाली राज्यमा महावनस्थित कूटागार शालामा बस्नु भएको थियो[१]।

---

१. अं. नि. कारणपालीसुत्तं।

त्यस बखतमा कारणपाली (डकर्मी) ब्राह्मण लिच्छवीहरूको काम गर्दै थिए । त्यसै बेला उनले पिङ्गियानी ब्राह्मणलाई टाढैबाट देखेर नजिक आइपुगे पछि उनीसँग सोधे कि—

' यस्तो मध्यान्ह समयमा तपाइ कहाँबाट आइरहनु भएको हो ?"

"म श्रमण गौतम कहाँबाट आइरहेको छु ।"

बुद्धको बयान कसले गर्न सक्ला !

"भो पिङ्गिय ! तपाइले श्रमण गौतमको प्रज्ञाविचक्षणताबारे के विचार गर्नु भयो त ?"

"भो कारण ! म कोहुँ र, श्रमण गौतमको प्रज्ञाविचक्षणता बारेमा बुझ्न सकौं ! जसले श्रमण गौतमको प्रज्ञाविचक्षणता बारेमा बुझ्न सक्ला उ पनि त त्यत्तिकै प्रज्ञावान् हुन पर्ला नि !"

"भो पिङ्गिय ! तपाइले त श्रमण गौतमको निक्कै प्रशंसा गरी कुरा गर्नु भयो नि !"

"भो कारण ! म कोहुँ र, वहाँको प्रशंसा गर्नसकौं ! श्रमण गौतमको जत्तिसुकै प्रशंसागरे पनि पुग्दैन। मनुष्य त के वहाँ देवता भन्दा पनि श्रेष्ठोत्तम हुनुहुन्छ। गुणीको गुणगान कसले गर्नु पर्छ र !"

"भो पिङ्गिय ! के के कुराबाट तपाइ श्रमण गौतम प्रति यत्तिको प्रसन्न हुनु भएको ?"

दृष्टान्त – १—"भो कारण ! कुनै अग्ररसले तृप्त भइसकेको पुरुषले अरू कुनै कमसलरसको इच्छा नगर्ने झैं, जति जति भगवान् गौतमको धर्मोपदेश सुन्दछ— चाहे त्यो सूत्रबाट होस्, चाहे त्यो गेय्य (प्रसन्न भई भन्ने उपदेश) बाट होस्, चाहे त्यो वेय्याकरण (छुटचाइ छुटचाइ भन्ने उपदेश) बाट होस्, चाहे त्यो अद्‌भुत धर्म (ऋद्धि प्रातिहार्य संयुक्त उपदेश) बाट होस्,—त्यति त्यतिनै अरू विभिन्न ब्राह्मणहरूको प्रवाद (मत) लाई सुन्न मन लाग्दैन ।

२—"भो कारण ! फेरि कुनै पुरुष भोकले अशक्त भइरहेको बेलामा उसको हातमा मधुपिण्ड पर्दा, त्यसलाई जतातिरबाट स्वादलिए पनि सुस्वाद नै हुने झैं, जति जति भगवान् गौतमको धर्मोपदेश सुन्दछ— चाहे त्यो सूत्रबाट होस्…चाहे त्यो अद्‌भुत धर्मबाट होस् — त्यति त्यतिनै (उसको) चित्त सन्तुष्ट र प्रफुल्लित हुन्छ ।

३ – "भो कारण ! फेरि कुनै पुरुषले हरिचन्दन वा लोहित चन्दनको घटिका (ठेकी) प्राप्त गरेको छ भने त्यसलाई, माथि, तल, बीच, जताबाट सुँघे पनि सुगन्धै सुगन्ध आउने झैं; जति जति भगवान् गौतमको धर्मोपदेश सुन्दछ—चाहे त्यो सूत्रबाट होस्…चाहे त्यो अद्‌भुत धर्मबाट होस् — त्यति त्यतिनै चित्त प्रमोद र आनन्दित हुन्छ ।

४—"हे कारण ! फेरि कुनै पुरुष रोगले पीडित भएको बखतमा, कुनै दक्ष वैद्यले उसको रोगलाई निर्मूल गरि निकोपारि दिए झैं, जति जति भगवान् गौतमको धर्मोपदेश सुन्दछ … त्यति त्यतिनै शोक, सन्ताप, दुःख दौर्मनस्य उपायास दूर भएर जान्छ ।

५—"हे कारण ! फेरि कुनै सुन्दरस्थानमा प्रतिष्ठित, निर्मल स्वच्छ तथा स्वादिलो पानीले भरिएको पोखरीमा, घामले सन्तप्त भएको, थकाइ र तीर्खा लागेको कुनै पुरुष आई, नुहाई पानी पिई उसको सबै थकाइ र पिपासा समेत मेटेझैं; जति जति भगवान् गौतमको धर्मोपदेश सुन्दछ…उति उति सबै थकावट, ग्लानि, परिडाह शान्त भएर जान्छ ।

कारणपाली ब्राह्मणको शरणागमन

यति कुरा सुनी कारणपाली ब्राह्मण आसनबाट उठी उत्तरासङ्ग एकांशगरी, दाहिने घुँडाले पृथ्वीमा टेकी, भगवान् बस्नु भएको दिशा-तिर, दुवै हात जोडी प्रफुल्ल भई तीनबार नमस्कार गरे । अनि उनले निम्न वाक्य प्रकट गरे :—

"नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।"

अर्थ:— "उनै भगवान् अरहत् सम्यक् सम्बुद्धलाई नमस्कार ।"

"धन्य, भो पिङ्गियानी ! धन्य, भो पिङ्गियानी !! घोप्टेकोलाई उत्तानो पारिदिंदै[१]० अँध्यारोमा तेलको बत्ती राखिदिंदा आँखा हुनेहरूले रूप देखे झैं, तपाइले मलाई अनेक प्रकारबाट धर्म प्रकाश गरिदिनु भयो । अब म, उनै भगवान् गौतमको शरण पर्छु, धर्म र भिक्षुसङ्घको पनि । आजदेखि तपाइ पिङ्गियानीले मलाई आजीवनसम्म शरणमा गएको उपासक हो भनी धारणा गर्नु होस् ।

× × ×

---

१. पृष्ट ७ मा हेर्नुहोस् ।

सूत्रः—

पिङ्गियानीद्वारा बुद्ध प्रशंसा

पुनः एक समय भगवान् वैशालीको महावनस्थित कूटागार शालामा बस्नु भएको थियो[१] ।

त्यस बखतमा पाँचशय लिच्छवीहरू भगवान्सँगै बसेका थिए । तिनीहरू मध्ये केही नीलवस्त्र र नीलालंकारले विभूषित हुनुको साथै मुखाकृति पनि नीलवर्ण (नीलो पाउडर लगाएका) भएका, केही पीत वस्त्र र पीतालङ्कारले विभूषित हुनुको साथै मुखाकृति पनि पीतवर्ण (पहेँलो पाउडर लगाएका) भएका, केही रक्तवस्त्र र रक्तालङ्कारले विभूषित हुनुका साथै मुखाकृति पनि रक्तवर्ण (रातो पाउडर लगाएका) भएका, केही श्वेतवस्त्र र श्वेतालङ्कारले विभूषित हुनुका साथै मुखाकृति पनि श्वेतवर्ण (सेतो पाउडर लगाएका) भएका थिए । यसमध्ये भगवान् स्वयं यश र वर्णले प्रज्ज्वलित हुनुहुन्थ्यो ।

त्यहाँ पिङ्गियानी ब्राह्मण आसनबाट उठी, उत्तरासङ्ग एकांश गरी दुवै हातजोरी, भगवान्लाई नमस्कार गरी यसरी निवेदन गरे :—

"भगवान् ! म पनि केही भन्न चाहन्छु ! सुगत, म पनि केही भन्न चाहन्छु !"

"पिङ्गिय ! भन, के भन्न मन लाग्छ !" भनी भगवान्ले उत्तर दिनु भयो ।

---

१. अं. नि. पिङ्गियानीसुत्तं ।

अनि पिङ्गियानी ब्राह्मणले भगवान्‌का समक्ष भक्तिपूर्ण गाथाद्वारा बुद्धकै प्रशंसा गरे :—

"पदुमं यथा कोकनदं सुगन्धं,
पातो सिया फुल्लमवीतगन्धं।
अङ्गीरसं पस्स विरोचमानं,
तपन्तमादिच्चमिवन्तलिक्खे'ति ॥"

अर्थ :—

"कमलरूपी सुगन्धित कोकनद कमल फूलबाट प्रातः कालमा प्रस्फुटित भई सुगन्ध आए फैं र आकाशमा सूर्य चम्किए फैं हेर ! अङ्गीरस भगवान् बुद्धको शरीरबाट पनि रश्मी स्फुरण भई चम्की रहेछ।"

यो उद्‌गार स्तोत्र सुनी त्यहाँ बसीरहेका लिच्छवीहरूले ती ब्राह्मणलाई पाँचशय उत्तरासङ्ग प्रदान गरे। पिङ्गियानी ब्राह्मणले सो पाँचशय उत्तरासङ्ग भगवान्‌लाई चढाए।

पञ्चरत्न

त्यसै बखतमा भगवान्‌ले लिच्छवीहरूलाई निम्न उपदेश दिनु भयो :—

"हे लिच्छवीहरू ! यस संसारमा पाँच प्रकारका रत्नहरूको प्रादुर्भाव दुर्लभ हुन्छ।" कुन पाँच भने—

१—"यो लोकमा तथागत अरहत् सम्यक् सम्बुद्धको प्रादुर्भाव दुर्लभ हुन्छ ।

२—"तथागतले दिनु भएको उपदेश धर्म-विनयलाई (पुनः) उपदेश गर्ने पुद्गल यो लोकमा दुर्लभ हुन्छ ।

३—"तथागतले दिनुभएको उपदेश धर्म-विनयलाई (पुनः) उपदेश गर्दा (त्यसलाई) राम्ररी बुझ्न र संझन सक्ने पुद्गल यो लोकमा दुर्लभ हुन्छ ।

४—"तथागतले दिनुभएको उपदेश धर्म-विनयलाई (पुनः) उपदेश गर्दा (त्यसलाई) राम्ररी सम्झी-बुझी त्यस अनुसार आचरण गर्ने पुद्गल पनि यो लोकमा दुर्लभ हुन्छ ।

५—"कृतज्ञ र कृतवेदी हुने पुद्गल पनि यस लोकमा दुर्लभ नै हुन्छ ।

यही पाँच प्रकारका रत्नहरूको प्रादुर्भाव यस लोकमा दुर्लभ हुन्छ ।"

—★—

१९. ऊर्णाभ ब्राम्हण

परिचय

उर्णाभ ब्राह्मण आयुष्मान् आनन्दसँग कौशाम्बी, घोषितारामममा भेट हुँदा पहिलो बार बुद्ध, धर्म र सङ्घको शरणमा गएको र अर्को पटक श्रावस्तीमा बुद्धसँग भेट हुँदा अनागामी भएको बुझिन्छ[१]। अरू विशेष कुरा तलका सूत्रहरूबाटै बुझिने छ।

× × ×

सूत्र :—

किन ब्रह्मचर्य पालन गर्ने ?

यस्तो मैले सुने[२]।

एक समय आयुष्मान् आनन्द कौशाम्बीको घोषितारामममा बस्नु भएको थियो।

एक दिन ऊर्णाभ ब्राह्मण जहाँ आयुष्मान् आनन्द हुनुहुन्थ्यो त्यहाँ गए। अनि उनले आयुष्मान् आनन्दसँग कुशलवार्ता गरे। त्यस

---

१. अ. क. आधारित। २. सं. नि. उण्णाभसुत्तं।

पछि एक छेउमा बसी ऊर्णाभ ब्राह्मणले आयुष्मान् आनन्दसँग निम्न कुराहरू सोधे :—

"भो आनन्द ! के कारणले श्रमण गौतम कहाँ ब्रह्मचर्य पालन गरिन्छ ?"

"हे ब्राह्मण ! छन्द (इच्छा, राग, तृष्णा) प्रहाणार्थ (हटाउन, शान्त गर्न), भगवान् कहाँ ब्रह्मचर्य पालन गरिन्छ ।"

"भो आनन्द ! यस छन्दलाई प्रहाण गर्ने कुनै मार्ग र प्रतिपदा पनि छन् कि ?"

"हे ब्राह्मण ! यो छन्दलाई प्रहाण गर्ने मार्ग र प्रतिपदापनि छन् ।"

"भो आनन्द ! यो छन्दलाई प्रहाण गर्ने मार्ग र प्रतिपदा कुन् हुन् त ?"

चतुर्ऋद्धि-पाद

"हे ब्राह्मण ! यहाँ भिक्षुले (१) छन्द-समाधि-प्रधान-संस्कार सम्पन्न भई ऋद्धिपाद (ऋद्धि विषयको ध्यान) भाविता (ध्यान बढाउनु) गर्दछ, (२) वीर्य-समाधि-प्रधान-संस्कार सम्पन्न भई ऋद्धिपाद भाविता गर्दछ, (३) चित्त-समाधि-प्रधान-संस्कार सम्पन्न भई ऋद्धिपाद भाविता गर्दछ, (४) वीमंसा-समाधि-प्रधान-संस्कार सम्पन्न भई ऋद्धिपाद भाविता गर्दछ । छन्दलाई प्रहाण गर्ने मार्ग र प्रतिपदा यिनै हुन् ।"

"भो आनन्द ! त्यसो भए, (छन्द) भएकै हुन्छ, न भएको हुँदैन । छन्दले नै छन्दको प्रहाण कसरी हुन सक्ला ? यो हुनै सक्दैन ।"

१—"हे ब्राह्मण ! म तिमीसँगै सोध्ने छु । जस्तो तिमीलाई लाग्दछ त्यस्तै उत्तर देऊ । अघि तिमीलाई 'आराम जाउँ' भन्ने इच्छा (छन्द) भएको थियो कि थिएन ? अब यस आराममा आइसके पछि तिम्रो त्यो इच्छा (छन्द) प्रतिप्रशब्धि (शान्त) भयो कि भएन त ?"

"भो आनन्द ! भयो ।"

२—" हे ब्राह्मण ! अघि तिमीलाई 'आराम जाउँ' भन्ने जुन वीर्य (प्रयाश) थियो, अब यस आराममा आइसके पछि त्यो वीर्य प्रतिप्रशब्धि भयो कि भएन त ?"

"भो आनन्द ! भयो ।"

३—"अघि तिमीमा 'आराम जाउँ' भन्ने जुन चित्त थियो, अब यस आराममा आइसके पछि त्यो चित्त प्रतिप्रशब्धि भयो कि भएन त ?"

"भो आनन्द ! भयो ।"

४—"अघि तिमीलाई 'आराम जाउँ' भन्ने जुन वीमंसा (विमर्श) थियो, अब यस आराममा आइसके पछि त्यो वीमंसा प्रतिप्रशब्धि भयो कि भएन त ?"

"भो आनन्द ! भयो ।"

"हे ब्राह्मण ! यस्तै प्रकारसँग जुन त्यो भिक्षु क्षीणास्रव भई ब्रह्मचर्यवास पूरा गरिसके पछि, गर्नुपर्ने गरिसके पछि, भार बिसाइसके पछि, स्व-अर्थ प्राप्त गरिसके पछि, परिक्षणी भव संयोजन भई स्वयं अभिज्ञानद्वारा विमुक्त भइसके पछि उसको जुन 'छन्द' अरहत् हुनु अगाडि थियो, सो 'छन्द' अरहत् फल प्राप्त भइसके पछि त्यहीं नै उपशान्त हुन्छ; जुन 'वीर्य' ··· 'चित्त' ··· 'वीमंसा' अरहत् हुनु अगाडि थियो, सो 'वीर्य', 'चित्त' र 'वीमंसा' अरहत् फल प्राप्त भइसके पछि त्यहीं नै उपशान्त हुन्छ। हे ब्राह्मण ! यसो भएमा केठान्दछौ त ? भएकै हुन्छ कि ? न भएको हुन्छ त ?"

"भो आनन्द ! यसो भएमा अवश्य नै भएकै हुन्छ, न भएको हुँदैन।"

शरणागमन

यति भनेर ऊर्णाभ ब्राह्मणले यसरी प्रार्थना गरे—

"धन्य, भो आनन्द ! धन्य, भो आनन्द !! घोप्टेकोलाई उत्तानो पारिदिंदा[१], अँध्यारोमा तेलको बत्ती राखिदिंदा आँखा हुनेहरूले रूप देखे भैं तपाइ आनन्दले मलाई अनेक प्रकारबाट धर्म प्रकाश गरिदिनु भयो। भो आनन्द ! अब म, उनै भगवान् गौतमको शरणमा जाने छु, धर्म र भिक्षुसङ्घको पनि। आजदेखि तपाइ आनन्दले मलाई आजीवनसम्म शरणमा गएको उपासक हो भनी धारणा गर्नुहोस् !"

× × ×

१. पृष्ट १७ मा भैं।

सूत्र :–

पञ्चेन्द्रिय

श्रावस्तीस्थित जेतवन विहारमा[१] ।

पुनः एक दिन ऊर्णाभ ब्राह्मण जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्सँग कुशलवार्ता गरिसके पछि एक छेउमा बसे । अनि उनले भगवान्सँग निम्न कुराहरू सोधे :–

"भो गौतम ! चक्षुरिन्द्रिय, श्रोत्रेन्द्रिय, घ्राणेन्द्रिय, जिह्वेन्द्रिय र कायेन्द्रिय—यी पाँच इन्द्रियहरू नाना विषयहरूका र नाना गोचर-हरूका हुन्, न यी अन्यमन्य गोचर विषयलाई प्रत्यनुभूति गर्छन् । उक्त नाना विषयहरू र नाना गोचरहरू तथा अन्यमन्य गोचर विषयलाई प्रत्यनुभूति नगर्नेको के प्रतिशरण हुन्छ ?"

"हे ब्राह्मण ! चक्षुरिन्द्रिय, श्रोत्रेन्द्रिय, घ्राणेन्द्रिय, जिह्वेन्द्रिय र कायेन्द्रिय—यी पाँच इन्द्रियहरू, नाना विषयहरूका, नाना गोचरहरूका हुन् र यिनले अन्यमन्य गोचर विषयलाई प्रत्यनुभूति गर्दैनन् । उक्त नाना विषयहरू र नाना गोचरहरू तथा अन्यमन्य गोचर विषयलाई प्रत्यनुभूति नगर्नेको मन प्रतिशरण हुन्छ । मनैले ती पाँच इन्द्रिय गोचर विषयलाई प्रत्यनुभूति गर्दछ ।"

१. सं. नि. उण्णाभ ब्राह्मणसुत्तं ।

"भो गौतम ! मनको के प्रतिशरण हुन्छ त ?"

"हे ब्राह्मण मनको स्मृति (सति) प्रतिशरण हुन्छ ।"

"भो गौतम ! स्मृतिको के प्रतिशरण हुन्छ त ?"

"हे ब्राह्मण ! स्मृतिको विमुक्ति प्रतिशरण हुन्छ ।"

"भो गौतम ! विमुक्तिको के प्रतिशरण हुन्छ त ?"

"हे ब्राह्मण ! विमुक्तिको निर्वाण प्रतिशरण हुन्छ ।"

"भो गौतम ! निर्वाणको के प्रतिशरण हुन्छ त ?"

"हे ब्राह्मण ! प्रश्न भन्दा बाहिर गयौ (अच्चायासि), प्रश्नको अन्त बुझ्न सकेनौ । निर्वाण, निर्वाणपरायण र निर्वाण परियोसानकै निमित्त ब्रह्मचर्य बसिन्छ ।"

अनि ऊर्णाभ ब्राह्मण भगवान्को उपदेशलाई अभिनन्दन तथा अनुमोदन गरी आसनबाट उठी भगवान्लाई अभिवादन तथा प्रदक्षिणा गरी फर्केर गए ।

अनि भगवान्ले ऊर्णाभ ब्राह्मण गइसके पछि भिक्षुहरूलाई आमन्त्रण गर्नु भयो र सोध्नु भयो :—

"भिक्षुहरू ! कूटागार (गजुर भएको घर) मा वा कूटागार शाला (Hall) मा सूर्योदय हुँदा पूर्वीझ्यालहरूबाट सूर्यको कीरण पस्यो भने कहाँ पुग्छ ?

"भन्ते ! पश्चिमी भित्तामा ।"

"भिक्षुहरू ! त्यस्तै गरी तथागत प्रति ऊर्णाभ ब्राह्मणको श्रद्धा अटल भइ सक्यो, बलियो गरी प्रतिष्ठित भइ सक्यो र यसले जरो पनि हालिसकेको छ। श्रमण, ब्राह्मण, देवलोक, मृत्युलोक र ब्रह्मलोकमा कसैले पनि उनको श्रद्धालाई हल्लाउन सक्दैन। भिक्षुहरू ! यदि ऊर्णाभ ब्राह्मण यस समय परलोक गए भने, उनमा त्यो संयोजन (बन्धन) छैन जुन संयोजनले उनी फेरि यस लोकमा आउन परोस्।"

—☆—

२०. उद्गतशरीर ब्राम्हण

परिचय

उद्गतशरीर (उग्गतसरीर) ब्राह्मण, जातिले उच्च भए र धनाढ्य पनि थिए। उनलाई ब्राह्मण महाशाल भन्दथे। ब्राह्मण महाशाल हुनेसँग ८० कोटिधन हुन्थ्यो। उद्गतशरीर ब्राह्मण कुनै साना-तिना काम गर्न चाहन्नथे र भव्य रूपमा काम गर्न चाहन्थे। त्यसैले एक महान्यज्ञको तयारी गरिरहेका थिए। जुन यज्ञमा पाँच प्रकारका प्रत्येक पाँच पाँचशय प्राणीहरू बलिदिनु पर्दथ्यो। ती सबै तयार थिए। उनको मनमा यसप्रकारको यज्ञ-बलिलाई बुद्धले के भन्नु हुँदोरहेछ भन्ने जिज्ञासा पैदा भएकोले बुद्ध कहाँ गई वहाँको राय जान्नचाहे। अतः उनी एक दिन भगवान् बुद्ध कहाँ गई यज्ञबारे प्रश्नहरू सोधे[१], जुन कुरा तल उल्लिखित सूत्रबाट थाहा हुनेछ।

× × ×

सूत्र:—

यज्ञको तयारी

कौशाम्बीस्थित घोषितारामा[२]।

एक समय उद्गतशरीर ब्राह्मणले महायज्ञको तैयारी गरिरहेका

---

१. अ. क. आधारित। २. अं. नि. दुतिय अग्गिसुत्तं।

थिए । त्यस बखतमा, यज्ञमा बलिदिनको निमित्त पाँचशय ऋषभहरू (साँडे) यज्ञस्थलको स्थूणमा (मौलोमा) लगिएका थिए, पाँचशय वत्सतरहरू (बहर)…, पाँचशय वत्सतरी (स्याना स्याना बाछीहरू) …, पाँचशय बोकाहरू…, पाँचशय भेँडाहरू पनि यज्ञमा बलि दिनको निमित्त यज्ञस्थलको स्थूणमा लगिएका थिए । अनि उद्गतशरीर ब्राह्मण जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्सँग कुशलवार्ता गरिसके पछि एक छेउमा बसे । अनि उनले भगवान्सँग यो कुरा सोधे :—

"भो गौतम ! मैले सुनेको छु कि अग्नि आदान गर्नु (यज्ञ होम गर्नु), यज्ञको निमित्त पशुहरूलाई यूपमा (यज्ञको लागि प्राणी बाँधि राख्ने कीलो, मौलोमा) बाँधि राख्नु महत्फल र महानिसंस हुन्छ ।"

"हे ब्राह्मण ! मैले पनि सुनेको छु कि अग्नि आदान गर्नु, यज्ञको निमित्त पशुहरूलाई यूपमा (मौलोमा) बाँधि राख्नु, महत्फल र महानिसंस हुन्छ ।"

दोश्रो र तेश्रो पटक पनि उद्गतशरीर ब्राह्मणले त्यही नै प्रश्न दोहोर्याइ सोधिरहे । भगवान्ले पनि त्यही नै उत्तर दिइरहनु भयो ।

"भो गौतम ! त्यसोभए तपाइको र हामीहरूको सबै विचार (दृष्टि) मिल्दो-जुल्दोरहेछ ।"

यसो भन्दा आयुष्मान् आनन्दले उद्गतशरीर ब्राह्मणलाई यसो भने :—" हे ब्राह्मण ! तथागतसँग त्यसरी सोध्ने होइन, बरू यसरी सोध्नु पर्दछ कि—'भन्ते, म, अग्नि आदान गर्न चाहन्छु, यज्ञको निमित्त

पशुहरू यूपमा (मौलोमा) लैजान चाहन्छु । भो भगवान् ! मलाई अववाद (उपदेश) गर्नुहोस्, अनुशासन गर्नुहोस्, जसले मेरो निम्ति दीर्घकाल-सम्म हित र सुख हुनेछ ।"

अनि उद्गतशरीर ब्राह्मणले भगवान्लाई प्रार्थनापूर्वक यसो भने :—"भो गौतम ! म अग्नि आदान गर्न चाहन्छु, यूपमा (मौलोमा) यज्ञ निमित्तका प्राणीहरू लैजान चाहन्छु । तपाइले मलाई अववाद गर्नुहोस् ! तपाइले मलाई अनुशासन गर्नुहोस् !! जसले मेरो निम्ति दीर्घकालसम्म हित र सुख हुनेछ ।"

यज्ञ अगावै पाप-चेतना

"हे ब्राह्मण ! अग्नि आदान गर्नेको, यूपमा (प्राणीहरू) बाँधि राख्नेको, यज्ञको अगावै तीनै शस्त्र उठाएको ठहर्छ,—जो अकुशल हुन्छ, दुःखदायी हुन्छ र दुःख विपाकी पनि हुन्छ । कुन तीन शस्त्र भने— (१) काय शस्त्र, (२) वची-शस्त्र र (३) मनः-शस्त्र ।

१—"हे ब्राह्मण ! अग्नि आदान गर्नेको, यूपमा (प्राणी-हरू) बाँधि राख्नेको यज्ञ-बलि गर्नु अगावै यसप्रकार चित्त उत्पन्न हुन्छ—'यज्ञको निम्ति यति ऋषभ काटनेछु, यति वत्सतर काटनेछु, यति वत्सतरी काटनेछु, यति बोका काटनेछु, यति भेँडा काटनेछु ।' उसले यज्ञद्वारा 'पुण्य गर्छु' भन्दा भन्दै अपुण्य गर्छ, 'कुशल गर्छु' भन्दा भन्दै अकुशल गर्छ, 'सुगतिको मार्ग पहिल्याउँछु' भन्दा भन्दै दुर्गतिको मार्ग पहिल्याउँछ । हे ब्राह्मण ! अग्नि आदान गर्छु, यूपमा बाँधि राख्छु भन्दै

यज्ञको अगावै यो पहिलो मनःशस्त्र उठाएको हुन्छ, जो अकुशल हुन्छ, दुःखदायी हुन्छ र दुःख विपाकी पनि हुन्छ ।

२—"हे ब्राह्मण ! फेरि, अग्नि आदान गर्नेको, यूपमा बाँधि राख्नेको, यज्ञ-बलि गर्नु अगावै यस्तो वचन प्रकट हुन्छ—'यज्ञको निम्ति यति ऋषभ काटनेछु...।' उसले 'पुण्य गर्छु' भन्दा भन्दै अपुण्य गर्छ...। हे ब्राह्मण ! अग्नि आदान गर्छु भन्दै, यूपमा बाँधि राख्छु भन्दै, यज्ञको अगावै यो दोश्रो वची-शस्त्र उठाएको हुन्छ, जो अकुशल हुन्छ, दुःखदायी हुन्छ र दुःख विपाकी पनि हुन्छ ।

३—"हे ब्राह्मण ! फेरि अग्नि आदान गर्नेले, यूपमा बाँधि राख्नेको, यज्ञ-बली गर्नु अगावै आफै पहिलो पटक तत्परताका साथ यज्ञ-बलि गर्न, ऋषभ काटन अघिसर्छ,...वत्सतर काटन अघिसर्छ,...वत्सतरी काटन अघिसर्छ,...बोका काटन अघिसर्छ,...भेँडा काटन अघिसर्छ । उसले 'पुण्य गर्छु' भन्दै अपुण्य गर्छ, 'कुशल गर्छु' भन्दै अकुशल गर्छ, 'सुगतिको मार्ग पहिल्याउँछु' भन्दै दुर्गतिको मार्ग पहिल्याउँछ । हे ब्राह्मण ! अग्नि आदान गर्छु भन्दै, यूपमा बाँधि राख्छु भन्दै, यज्ञको अगावै यो तेश्रो काय-शस्त्र उठाएको हुन्छ, जो अकुशल हुन्छ, दुःखदायी हुन्छ र दुःख विपाकी पनि हुन्छ ।

त्याग्नु पर्ने तीन अग्नि

"हे ब्राह्मण ! यी तीन अग्निलाई छाडनु पर्छ, हटाउनु पर्छ, असेवन गर्नु पर्छ । कुन तीन भने—(१) रागाग्नि, (२) द्वेषाग्नि र (३) मोहाग्नि ।

१—"हे ब्राह्मण ! किन यो रागाग्निलाई छाडनु पर्ने, हटाउनु पर्ने र असेवन गर्नु पर्ने भने—रागले रञ्जित तथा अभिभूत (डुबिने) भई, रागग्रस्त चित्तले काय-दुराचार, वची-दुराचार र मनलाई समेत दुराचारी बनाउँछ। काय, वचन र मनले दुराचार गरी, मरणोपरान्त अपाय, दुर्गति, विनिपात तथा नर्कमा उत्पन्न हुन्छ। त्यसैले यो रागाग्नि-लाई छाडनु पर्ने, हटाउनु पर्ने र असेवन गर्नु पर्ने।

२—"हे ब्राह्मण ! किन यो द्वेषाग्निलाई छाडनु पर्ने, हटाउनु पर्ने र असेवन गर्नु पर्ने भने—द्वेषले दुष्ट तथा अभिभूत भई, द्वेषग्रस्त चित्तले काय-दुराचार, वची-दुराचार, र मनलाई समेत दुराचारी बना-उँछ। काय, वचन र मनले दुराचार गरी, मरणोपरान्त अपाय, दुर्गति, विनिपात तथा नर्कमा उत्पन्न हुन्छ। त्यसैले यो द्वेषाग्निलाई छाडनु पर्ने हटाउनु पर्ने र असेवन गर्नु पर्ने।

३—"हे ब्राह्मण ! किन यो मोहाग्निलाई छाडनु पर्ने, हटाउनु पर्ने र असेवन गर्नु पर्ने भने—मोहले मूढ तथा अभिभूत भई, मोहग्रस्त चित्तले काय-दुराचार, वची-दुराचार र मनलाई समेत दुराचारी बनाउँछ। काय, वचन र मनले दुराचार गरी, मरणोपरान्त अपाय, दुर्गति, विनिपात तथा नर्कमा उत्पन्न हुन्छ। त्यसैले यो मोहाग्निलाई छाडनुपर्ने, हटाउनुपर्ने र असेवन गर्नु पर्ने।

मान्नुपर्ने तीन अग्नि

"हे ब्राह्मण ! यी तीन अग्निलाई सत्कारपूर्वक, गौरवपूर्वक र सम्मानपूर्वक पूजा गरी राम्ररी सुखपरिहरण गर्नु पर्छ। कुन तीन भने—

(१) आहवनीय-अग्नि (आहुनेय्य), (२) गृहपति-अग्नि र (३) दक्षिणेय-अग्नि ।

१—"हे ब्राह्मण ! कुन चाहिं आहवनीय-अग्नी हो भने—यहाँ जसलाई आमा वा बाबु भनिन्छ उसैलाई आहवनीय-अग्नि भन्छन् । यसको कारण के हो भने-आहूति गर्नु योग्य भएकोले अर्थात् हे आमा ! हे बाबु ! भनी सम्बोधन गर्न योग्य भएकोले, मूल भएकोले अर्थात् जन्मदाता भएकोले, यो आवहनीयाग्निलाई सत्कार सम्मान गरी, गौरव र पूजा गरी, राम्ररी सुख परिहरण गर्नु पर्दछ ।

२—"हे ब्राह्मण ! कुन चाहिं गृहपति-अग्नि हो भने—यहाँ जसलाई पुत्र बा भार्या, दास बा प्रेष्य अथवा कामदार भनिन्छ त्यसैलाई गृहपति-अग्नि भन्दछन् । यो गृहपति-अग्निलाई सत्कार सम्मान गरी, गौरव र पूजा गरी, राम्ररी सुख परिहरण गर्नु पर्दछ ।

३—"हे ब्राह्मण ! कुन चाहिं दक्षिणेय-अग्नि हो भने—यहाँ पर-वादबाट मुक्त भएको, क्षान्ति सुरतमा प्रतिष्ठित भएको, आत्मदमनमा लाग्ने, आत्मशान्ति गर्ने, स्वयम्‌लाई निर्वाण गराउने जो श्रमण ब्राह्मणहरू हुन्छन् तिनीहरू नै दक्षिणेय-अग्नि हुन् । त्यसकारण यो दक्षिणेय-अग्नि-लाई सत्कार सम्मान गरी, गौरब र पूजा गरी, राम्ररी सुख परिहरण गर्नु पर्दछ ।

"हे ब्राह्मण ! यो काष्टाग्निलाई समय समयमा बाल्नुपर्छ, समय समयमा हेर्नु पर्छ, समय समयमा निभाइ दिनुपर्छ र समय समयमा फाल्नुपर्छ ।"

भगवान्ले यति भन्नुभए पछि उद्गतशरीर ब्राह्मणले भगवान्लाई यसरी प्रार्थना गरे :—

"धन्य, भो गौतम ! धन्य, भो गौतम !! घोप्टेकोलाई उत्तानो पारिदिंदा[१०], अँध्यारोमा तेलको बत्ती राखिदिंदा आँखा हुनेहरूले रूप देखे भैं तपाइ गौतमले मलाई अनेक प्रकारबाट धर्म प्रकाश पारिदिनु भयो। अब म, तपाइ गौतमको शारणमा पर्छु, धर्म र भिक्षुसङ्घको पनि। आजदेखि तपाइ गौतमले मलाई आजीवनसम्म शरणमा आएको उपासक हो भनी धारणा गर्नुहोस् !"

भो गौतम ! अब म, ती पाँचशय ऋषभहरूलाई छाडिदिनेछु र उनीहरूलाई जीवन-दान दिनेछु; ती पाँचशय वत्सतरहरूलाई पनि…; ती पाँचशय वत्सतरीहरूलाई पनि…; ती पाँचशय बोकाहरूलाई पनि…; ती पाँचशय भेंडाहरूलाई पनि छाडी दिनेछु र उनीहरूलाई जीवन-दान दिनेछु। अब उनीहरूले हरियो घाँस खाउन् ! शीतल पानी पिउन् ! उनीहरूलाई शीतल हवा पनि लागोस् !

—★—

१. १७ पृष्टमा झैं।

२१. कन्दरायण ब्राम्हण

परिचय

"आयुष्मान् कात्यायनले आफ्ना बाबु आमालाई पनि आसनबाट उठी स्वागत सम्मान गर्दैनन्" भन्ने कुरा सुनेको हुँदा कन्द्रायण ब्राह्मणले सुनेको कुरामा मात्र विश्वास नगरी स्वयं आयुष्मान् कात्यायन कहाँ गई सो कुरो 'हो होइन' भनी सोधेका थिए। त्यसैले कन्दरायण ब्राह्मणले आयुष्मान् कात्यायनसँग, 'तपाइले जेठापाका बुढाहरूलाई आसनद्वारा निम्त्याउनु हुन्न' भन्ने कुरा सुनेको थिएँ, 'यो कुरा तपाइ कात्यायनमा त्यस्तै देख्दछु' भनी सूत्रमा भनिएको हो[1]। अरू कुरा तल उल्लिखित सूत्रबाटै स्पष्ट बुझिने छ।

× × ×

सूत्र :—

वृद्ध र तरुण-भूमि

एक समय आयुष्मान् महाकात्यायन मधुरा (मथुरा) स्थित गुन्धावन (वृन्दावन) मा बस्नु भएको थियो[2]।

१. अ. क. आधारित। २. अ नि. समचित्तवग्गो।

त्यस बेला कन्द्रायण ब्राह्मण जहाँ आयुष्मान् महाकात्यायन हुनुहुन्थ्यो त्यहाँ गएर आयुष्मान् महाकात्यायनसँग कुशलवार्ता गरी एक छेउमा बसे। अनि उनले आयुष्मान् महाकात्यायनसँग निम्न कुरा सोधे :—

"भो कात्यायन! मैले सुनेकोछु कि 'श्रमण कात्यायनले आफु भन्दा जेठा, वयोवृद्ध र धेरै उमेर पुगिसकेका बुढाहरूलाई आसनबाट उठेर वा आसन दिएर निम्त्याउँनु हुन्न।' जुन कुरा सुनेको थिएँ त्यो त्यस्तै रहेछ। तपाइ कात्यायनले आफुभन्दा जेठा, वयोवृद्ध र धेरै उमेरपुगिसकेका बुढाहरूलाई अभिवादन पनि गर्नु हुनु हुँदो रहेनछ, आसनबाट पनि उठनु हुनु हुँदो रहेनछ, न आसन दिएर नै निम्त्याउँनु हुँदो रहेछ। यो तपाइको निम्ति सुहाउँदैन।"

"हे ब्राह्मण! भगवान् अरहत् सम्यक् सम्बुद्धले राम्ररी जानी, राम्ररी हेरी, वृद्ध-भूमि (जुन कारणले वृद्ध वा स्थविर भनिने हो सो कारण) र तरुण-भूमि (जुन कारणले तरुण भनिने हो सो कारण) को कुरा पनि बताउँनु भएको छ। जन्मले असी, नब्बे, शय वर्ष पुगेको बुढो भए पनि यदि पञ्चकामविषय (वस्तुकाम, क्लेशकाम) भोग गर्दछ, पञ्चकामविषयको माझमा बस्दछ, पञ्चकामविषयले जलन भई बस्दछ, पञ्चकामविषयको तर्कनाले खान्छ, पञ्चकामविषयको खोजमा उत्साहित हुन्छ भने, त्यो बुढोमा नगनिई उमेर नपुगेकै संख्यामा गनिन्छ। उमेरले कम भएपनि, कालोकेश, भद्रयौबनले युक्त (वंशको प्रथम चरणमा पुगेको तन्नेरी) भएपनि यदि पञ्चकामविषय (वस्तुकाम,

क्लेशकाम) भोग्दैन, पञ्चकामविषयको माझमा बस्दैन, पञ्चकामविषयले जलन भएर बस्दैन, न त पञ्चकामविषयले खान्छ, न पञ्चकामविषयको खोजमै लाग्दछ भने, त्यो पण्डित र स्थविरकै संख्यामा गनिन्छ ।

कन्दरायण ब्राह्मणको नमस्कार

यति कुरा सुनेपछि कन्दरायण ब्राह्मण आसनबाट उठी उत्तरासङ्ग एकांश गरी, कमउमेरको (कच्चायन) भिक्षुको चरणमा शीरले अभिवादन गरी भने कि — "तपाइ वृद्ध हुनुहुन्छ, वृद्ध-भूमिमा प्रतिष्ठित हुनुहुन्छ, हामी तन्नेरी, तरुण-भूमिमा छौं !"

शरणागमन

यति भनी कन्दरायण ब्राह्मणले आयुष्मान् महाकात्यायनसँग यसरी प्रार्थना गरे :—

"धन्य, भो कात्यायन ! धन्य, भो कात्यायन !! घोप्टेकोलाई उत्तानो पारिदिंदा[१] ० अँध्यारोमा तेलको बत्ती राखिदिंदा—आँखा हुनेहरूले रूप देखे झैं तपाइ कात्यायनले मलाई अनेक प्रकारबाट धर्म प्रकाश गरिदिनु भयो । अब म, उनै भगवान् गौतमको शरणमा जान्छु, धर्म र भिक्षुसङ्घको पनि । आजदेखि तपाइ कात्यायनले मलाई आजीवनसम्म शरणमा गएको उपासक हो भनी धारणा गर्नु होस् !"

—★—

१. पृष्ट १७ मा झैं ।

२२. त्रिकर्णक ब्राम्हण

परिचय

"श्रमण गौतम पण्डित हुनुहुन्छ। वहाँकहाँ गई केही उपदेश सुन्नु पाए हुन्थ्यो" भन्ने विचारले त्रिकर्णक ब्राह्मण एक दिन प्रातः कालको खाना खाइसके पछि अरू पनि महाजनहरूका साथ भगवान् कहाँ गए।

भगवान् बुद्ध कहाँ उनी पहिले कहिले पनि गएका थिएनन्। उनको मनमा बुद्धले आफुसँग कुराकानि गर्छन् कि गर्दैनन् भन्ने शंका थियो। बुद्ध कहाँ पुगेर पनि बुद्धसँग कुनै कुरा गर्न नपाएमा समाजले उपहास गर्नेछ भन्ने पनि उनको मनमा भय थियो। त्यसैले उनले बुद्धसँग कुरा गर्नको निमित्त बुद्ध कहाँ पुगिसके पछि, प्रथमतः आफैंले त्रैविद्य ब्राह्मणहरूको प्रशंसा गर्दै कुरा उठाएको हो। जब भगवान्ले उनीसँग प्रश्न सोध्नु भयो तब त्रिकर्णक ब्राह्मण खुसि भई, भगवान्ले सोध्नु भएको प्रश्न पनि आफुले जानेकै विषय भएकोले उनले ब्राह्मणहरूका त्रिविद्याबारे सरलतापूर्वक जवाफ दिए।

पछि भगवान्ले बुद्धका धर्ममा त्रिविद्या भन्ने अर्कै किशिमको हुन्छ भनी दिनु भएको उपदेश सुनी त्रिकर्णक ब्राह्मण अन्तमा बुद्धको शरणमा गए[१]। अरू विशेष कुरा उल्लिखित सूत्रबाटै थाहा हुनेछ।

× × ×

१. अ. क. आधारित।

सूत्र :—

त्रैविद्य ब्राह्मण

एक समय त्रिकर्णक ब्राह्मण जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्सँग कुशलवार्ता गरे[१]। त्यसपछि एक छेउमा बसी भगवान्सँग त्रैविद्य ब्राह्मणहरूको वर्णन गरे—"धन्य ! त्रैविद्य ब्राह्मणहरू, धन्य ! त्रैविद्य ब्राह्मणहरू !"

"हे ब्राह्मण ! कुन प्रकारले ब्राह्मणहरू, ब्राह्मणलाई त्रैविद्य भन्द छन् ?"

"भो गौतम ! यहाँ ब्राह्मणहरू सजातीय आमा बाबुबाट जन्मेका हुन्छन्, शुद्ध गर्भ धारण गरेका हुन्छन्, उनीहरू सातपुस्ता अघिदेखि गर्भ शुद्ध हुँदै आएका हुन्छन्। जातिवादबाट वहिस्कृत र निन्दा नभएका, अध्यापक मन्त्रधर हुन्छन्, तीनै वेदमा पारंगत हुन्छन्, निघण्टु, कौस्तुभ, अक्षरप्रभेद र इतिहास समेत पाँचशास्त्र, व्याकरण, लोकायत, लक्षण-शास्त्र पनि उसले जानेका हुन्छन्। यसप्रकार ब्राह्मणहरू त्रैविद्य हुन्छन्।"

"हे ब्राह्मण ! अर्कै प्रकारले ब्राह्मणहरू, ब्राह्मणको त्रिविद्या प्रज्ञापन गर्छन्, अर्कै प्रकारले आर्य-विनयमा (यस धर्ममा) त्रिविद्या प्रज्ञापन गरिएको छ।"

---

१. अं. नि. तिकण्णसुत्तं।

"भो गौतम ! कुन प्रकारले आर्य-विनयमा त्रिविद्या प्रज्ञापन गरिएको छ त ? जुन प्रकारले आर्यविनयमा त्रिविद्या प्रज्ञापन गरिएको छ, त्यसप्रकार तपाइ गौतमले मलाई धर्मोपदेश गर्नुहोस् ।"

ध्यान

"हे ब्राह्मण ! त्यसोभए राम्ररी मन लगाएर सुन, म भन्दछु ।"

"हवस" भनी त्रिकर्णक ब्राह्मणले भगवान्‌लाई प्रत्युत्तर दिए । अनि भगवान्‌ले भन्नु भयो :–

प्रथमध्यान—"हे ब्राह्मण ! यहाँ भिक्षु कामनाबाट अलग्ग भई, अकुशलबाट अलग्ग भई, वितर्क र विचार भएको, एकान्त बास (ध्यान) बाट उत्पन्न प्रीति र सुख भएको प्रथमध्यान प्राप्त गरी उपशम भई बस्दछ ।

द्वितीयध्यान—"फेरि वितर्क र विचारलाई उपशम गरी, अभ्यन्तर सम्प्रसादलाई एकाग्र गरी, वितर्क विचार रहित, समाधिबाट प्राप्त हुने प्रीति-सुख भएको द्वितीयध्यान प्राप्त गरी बस्दछ ।

तृतीयध्यान—"फेरि प्रीतिलाई पनि त्यागेर, उपेक्षित भई, स्मृतिमान्, ज्ञानवान् भई, शरीरले सुख अनुभव गर्छ जसलाई ज्ञानीहरू 'उपेक्षावान्, स्मृतिमान् सुखपूर्वक बस्ने' भनी भन्छन् । त्यस प्रकारको तृतीयध्यान प्राप्त गरी बस्दछ ।

चतुर्थध्यान—"फेरि सौमनस्य दौर्मनस्यलाई पहिले नै अस्त गरी, सुख र दुःखलाई त्यागी, दुःख र सुख नभएको, स्मृति परिशुद्ध भई उपेक्षा भएको चतुर्थध्यान प्राप्त गरी बस्दछ ।

पुर्वानुस्मृति-ज्ञान

"यसप्रकार समाहित चित्त भएपछि, परिशुद्ध, स्वच्छ, निर्मल, क्लेशरहित भएपछि, मृदु कर्मण्य भई, निश्चलतामा पुगेपछि पूर्व-जन्म-स्मरण-ज्ञानतिर चित्त झुकाउँछ र अनेक प्रकार पूर्वजन्मको कुरो अनुस्मरण गर्छ। जस्तै—'एकजन्म, दुइजन्म, तीनजन्म, चारजन्म, पाँचजन्म, दशजन्म, बीसजन्म, एवं प्रकार शयजन्म सहश्रजन्म, शतसहश्र जन्मको; अनेक संवर्तकल्प विवर्तकल्पको पनि अनुस्मरण गर्दछ' — 'अमुकस्थानमा थिएँ, यस्तो नाउँ, यस्तो गोत्र, यस्तो वर्ण, यस्तो आहार-पान, यस्तो सुख दुःख भोग गर्ने, यति आयु थियो। अनि त्यहाँबाट पनि च्युत भई अमुक ठाउँमा जन्में। वहाँ पनि यस्तो नाउँ, यस्तो गोत्र, यस्तो वर्ण, यस्तो आहार-पान, यस्तो सुख दुःख भोग गर्ने, यत्ति आयु थियो। त्यहाँ-बाट च्युत भई यहाँ जन्में।' यसरी आकार सहित अनेक प्रकार पूर्वजन्मको अनुस्मरण गर्दछ। उसले यही प्रथम-विद्या प्राप्त गर्छ। जसमा अविद्या हुँदैन विद्या हुन्छ, अन्धकार हुँदैन आलोक हुन्छ, अप्रमादी आलस्य रहित भई प्रयत्न गर्दा प्राप्त हुनुपर्ने ज्ञान प्राप्त गरेको हुन्छ।

च्युति-उत्पत्ति-ज्ञान

"यसप्रकार समाहित चित्त भएपछि, परिशुद्ध स्वच्छ निर्मल, क्लेश रहित भएपछि, मृदु कर्मण्य भई निश्चलतामा पुगेपछि उसले प्राणीको च्युत तथा उत्पत्तिको ज्ञानतिर चित्त झुकाउँछ। उसले दिव्य-विशुद्ध अमानुषी चक्षुले प्राणीहरू च्युत भएका उत्पन्न भएका

देख्दछ—'नीच-उच्च, सुवर्ण-दुर्वण, सुगति-दुर्गतिमा आ-आफ्नो कर्मानुसार जन्मेका प्राणीहरूलाई जान्दछ'—'यी सत्वहरू काय-दुश्चरित्रले युक्त भई, वाक्-दुश्चरित्रले युक्त भई, मनः-दुश्चरित्रले युक्त भई, आर्यहरूको निन्दागर्ने भई, मिथ्यादृष्टिक भई, मिथ्यादृष्टि सहगत कर्मले युक्त भई; मरणोपरान्त अपाय, दुर्गति, विनिपात तथा नर्कमा उत्पन्न भए। यी सत्वहरू काय-सुचरितले युक्त भई, वाक-सुचरितले युक्त भई, मनः-सुचरितले युक्त भई, आर्यहरूलाई अपवाद नगर्ने भई, सम्यक्दृष्टि युक्त भई, सम्यक्दृष्टि सहगत कर्मले युक्त भई; मरणोपरान्त सुगति स्वर्गलोकमा उत्पन्न भए।' यति दिव्य-विशुद्ध अमानुषी चक्षुले सत्वहरूलाई—च्युत भएका, उत्पन्न भएका, नीच-उच्च, सुवर्ण-दुर्वर्ण सुगति-दुर्गतिमा आ-आफ्नो कर्मानुसार उत्पन्न भएका देख्दछ। उसले यही द्वितीय-विद्या प्राप्त गरेको हुन्छ। जसमा अविद्या हुँदैन विद्या हुन्छ, अन्धकार हुँदैन आलोक हुन्छ, अप्रमादी र आलस्य रहित भई, प्रयत्न गर्दा प्राप्त हुनुपर्ने ज्ञान, प्राप्त गरेको हुन्छ।

आस्रव-क्षय-ज्ञान

"पुनः यसप्रकार समाहित चित्त भएपछि, परिशुद्ध, स्वच्छ, निर्मल, क्लेशरहित भएपछि, मृदु कर्मण्य भई, निश्चलतामा पुगेपछि, उसले आस्रव क्षय ज्ञानमा चित्त झुकाउँछ। उसले, 'यो दुःख हो' भनी यथार्थतः बुझ्दछ, 'यो दुःख समुदय हो' भनी यथार्थतः बुझ्दछ, 'यो दुःख निरोध हो' भनी यथार्थतः बुझ्दछ, 'यो दुःख निरोधको मार्ग हो' भनी यथार्थतः बुझ्दछ; 'यो आस्रव हो' भनी, 'यो आस्रव समुदय हो' भनी,

"यो आस्रव निरोध हो' भनी, 'यो आस्रव निरोधको मार्ग हो' भनी यथार्थतः बुझ्दछ। यसप्रकार जानिसके पछि, देखिसके पछि उसको चित्त कामास्रवबाट पनि विमुक्त हुन्छ, भवास्रवबाट पनि विमुक्त हुन्छ, अविद्या-स्रवबाट पनि विमुक्त हुन्छ; विमुक्त भइसके पछि 'विमुक्त भए' भन्ने ज्ञान पनि हुन्छ। 'जाति क्षीण भयो, ब्रम्हचर्यवास पूरा भयो, गर्नु पर्ने गरिसकें, अब उप्रान्त अर्कोजन्म लिनुपर्ने हेतु छैन' भन्ने ज्ञान पनि हुन्छ। उसले यही तृतीय-विद्या प्राप्त गरेको हुन्छ। जसमा अविद्या हुँदैन विद्या हुन्छ, अन्धकार हुँदैन आलोक हुन्छ, अप्रमादी आलस्य रहित भई प्रयत्न गर्दा प्राप्त हुनुपर्ने ज्ञान, प्राप्त गरेको हुन्छ।"

यस पछि भगवान्‌ले पुनः निम्न गाथा भन्नु भयो :—

१ – "अनुच्चावचसीलस्स, निपकस्स च झायिनो।
चित्तं यस्स वसीभूतं, एकग्गं सुसमाहितं॥
२— "तं वे तमोनुदं धीरं, तेविज्जं मच्चुहायिनं।
हितं देवमनुस्सानं, आहु सब्बपहायिनं॥
३— "तीहि विज्जाहि सम्पन्नं, असम्मूल्हविहारिनं।
बुद्धं अन्तिमदेहिनं, तं नमस्सन्ति गोतमं॥
४ – "पुब्बेनिवासं यो वेदी, सग्गापायं च पस्सति।
अथो जातिक्खयंपत्तो, अभिञ्ञावोसितो मुनि॥
५ – "एताहि तीहि विज्जाहि, तेविज्जो होति ब्राह्मणो।
तमहं वदामि तेविज्जं, नाञ्ञं लपितलापनं'ति॥"

अर्थ :—

१—"जसको शील उच-नीच छैन, जो प्रज्ञावान् ध्यानी छ, जसको चित्त वशमा छ, जो एकाग्र भई समाहित छ,—

२—"वही अन्धकार नाशक धीर, त्रैविद्य, मृत्युञ्जय, देवमनुष्यको हितकर, सबै त्यागिसकेका, —

३—"त्रि-विद्या युक्त, ज्ञानवान्, अन्तिमदेहधारी बुद्ध गौतम-लाई, (लोकले) नमस्कार गर्दछ ।

४—"जसले पूर्वजन्मको ज्ञान बुझ्दछ, जसले स्वर्ग र अपायलाई देख्दछ, जो अभिज्ञानद्वारा जाति-क्षय प्राप्त गरी मुनि भै सकेको छ, —

५—"हे ब्राम्हण, यही त्रिविद्याले त्रैविद्य हुन्छ, त्यसैलाई म त्रि-विद्या भन्दछु; अरूले सुनेको भनेकोलाई भन्दिन ।"

"हे ब्राम्हण ! आर्य-विनयमा यसैलाई त्रि-विद्या भन्दछन् ।"

"भो गौतम ! ब्राम्हणहरूको त्रि-विद्या र आर्य-विनय (बुद्ध धर्म) को त्रि-विद्या भिन्ना भिन्नै रहेछ । जुन आर्यविनयको त्रि-विद्या हो, त्यसको दांजोमा ब्राम्हणहरूको त्रि-विद्या सोरह भागमा एकभाग पनि रहेन छ ।"

यति भनी ब्राम्हणले बुद्धसँग यसरी प्रार्थना गरे :—

शरणागमन

"धन्य, भो गौतम ! धन्य, भो गौतम[1] !!० तपाइ गौतमले मलाई अनेक प्रकारबाट धर्म प्रकाश गरिदिनु भयो। अब म, तपाइ गौतमको शरण पर्छु, धर्म र भिक्षुसङ्घको पनि। आजदेखि तपाइ गौतमले मलाई आजीवनसम्म शरणमा आएको उपासक हो भनी धारणा गर्नु होस् !"

—★—

१. १७ पृष्टमा झैं।

२३. द्रोण ब्राम्हण

परिचय

त्यस बखतमा भगवान् बुद्ध कोशलराज्य अन्तरगतको उक्कट्ठा (उत्कृष्ठ) नगरबाट सेतव्य नगरतिर जाँदै हुनुहुन्थ्यो । श्रावस्तीबाट निकटतम नगर सेतव्य थियो । सेतव्य भएर नै श्रावस्ती जानुपर्दथ्यो । सेतव्यको उत्तरतिरको हिमालय पहाडको छेउमा उक्कट्ठा (उत्कृष्ठ) नगर थियो ।

अङ्गुत्तर अर्थकथानुसार द्रोण ब्राम्हण यश र कीर्तिले सम्पन्न थिए । यिनी तीनवेद, ब्याकरण, इतिहास र लक्षण शास्त्रमा निपुण थिए । एक दिन यी पाँचशय शिष्यहरूका साथ बहुमूल्य लुगाहरू लगाई उक्कट्ठा-बाट कुनै कामको निम्ति निस्के । जाँदा जाँदै बाटोमा उनले भगवान् बुद्धको पदचिन्हमा चक्राङ्कित रेखा देखेर द्रोण ब्राह्मण आश्चर्य चकित भए । अनि भगवान्लाई भेट्टाउन उक्त पदचिन्हको पीछा गरे । भगवान् बाटोको छेउ एकातिरको एक रूखमुनी बस्नु भएको थियो । द्रोण ब्राह्मण पदचिन्हको पछिलाग्दै जाँदा रूखमुनी बस्नु भएको बुद्धलाई देखेर त्यहीं गए ।

अनि उनले बुद्धसँग अतीत वाक्यले वा वर्तमान वाक्यले प्रश्न नगरी अनागत वाक्यले प्रश्न गरे कि—'तपाइ देवता हुने हुनुहुन्छ कि

इत्यादि । बुद्धले पनि प्रश्न अनुसारको उत्तर अनागत वाक्यमै दिनु भयो ।

द्रोण ब्राह्मणको बुद्धसँग यो पहिलो भेट थियो । दोश्रो भेटमा अङ्गुत्तर निकायको द्रोणसूत्र अनुसार पाँचथरी ब्राह्मणहरूको उपदेश सुनी द्रोण ब्राह्मणको जात्याभिमान हट्दै गएको कुरा सूत्रबाटै स्पष्ट देखिन्छ । उनले बुद्धको शरणलिई उपासकत्व ग्रहण गरेको कुरा पनि यहींनै देखिन्छ ।

दीर्घनिकाय अर्थकथानुसार द्रोण ब्राह्मण न केवल यश सम्पन्न मात्र थिए बल्कि झन्डै समस्त जम्वुद्विपका राजपरिवारहरू उनका शिष्यत्वमा थिए । शायद यसैले होला, उनले भगवान् बुद्ध परिनिर्वाण भइसके पछि, भगवान्को शरीर-धातुका कारणले कुशीनगरका मल्लहरूका उद्यानमा, झगडा हुन लागेको बेलामा सबैलाई सम्झाउन सकेको ।

त्यस वखतमा त्यहाँ विभिन्न देशका प्रतिनिधिहरूले भगवान्को शरीर-धातुको माँग गरिरहेका थिए। कुशीनगरका मल्लहरूले भने आफ्नो इलाकामा भगवान् परिनिर्वाण भएको हुँदा अवशेष शरीर-धातु न दिने भन्ने कुरा चलाएका थिए । यसै कारणले त्यहाँ ठूलो झगडा भइरहेको थियो ।

द्रोण ब्राह्मण त्यस बेला कुशीनगरमै थिए र उनले झगडा भइरहेको कुरो सुनी सभामा गई सबैलाई सम्झाए । सबैले आफ्ना सम्मानित द्रोण आचार्यको कुरा माने । त्यसपछि उनले बुद्धको शरीरधातुलाई आठ भाग लगाई सबैलाई बराबर गरी बाँडिदिने प्रस्ताव राखे । यस प्रस्तावलाई सबैले स्वीकार गरे । धातु-विभाजन-कार्य उनैलाई नै सुम्पिदिए । उनले

शरीर-धातुलाई बराबर आठभाग नापी बाँडिदिए।

उक्त नाप्ने भाँडालाई 'तुम्ब' भनिन्थ्यो। चारमाना जति अटाउने तुम्बा जत्रो 'तुम्ब' लाई 'द्रोणी' पनि भन्दछन्। दुइनालिको एक तुम्ब वा द्रोणी हुन्छ। एकनालिको एक कुरुवा हुन्छ। शरीर-धातु जम्मा सोरह नालि भएको कुरा अर्थकथामा उल्लेख भएको पाइन्छ। शरीर-धातु नापेको 'तुम्ब' द्रोण ब्राह्मणले मागेर लिएका थिए। यो नाप्ने भाँडो मागेर लिनाको कारण स्पष्ट गर्दै अर्थकथाचार्य बुद्धघोषले निम्न कुरा उल्लेख गर्नु भएको छः—

"शरीर-धातु नाप्नु भन्दा अगावै द्रोण ब्राह्मणले भगवान्को एउटा दाँहिने दन्तधातु आफ्नो फेटामा लुकाएका थिए, तर सो दन्त-धातु शक्रदेवेन्द्रले चोरमाथि चकार गरे। त्यसैले लाचार भई द्रोण ब्राह्मणले अन्तमा 'तुम्ब' मागेर लिएका हुन्[१]।"

द्रोण ब्राह्मणले सो 'तुम्ब' लाई निधान गरी स्तूप बनाई महोत्सव मनाएको कुरा सूत्रबाटै स्पष्ट बुझिन्छ।

× × ×

सूत्र :—

चक्राङ्कित पदचिन्ह

एक समय भगवान् उक्कट्ठा र सेतव्यको बीचमा पर्ने बाटोबाट जाँदै हुनुहुन्थ्यो[२]।

---

१. अ. क. आधारित। २. अं. नि. दोणसुत्त।

त्यस बखत द्रोण ब्राह्मण पनि त्यसैबाटो भई जाँदै थिए । अनि द्रोण ब्राह्मणले बाटामा, बुद्धको पदचिन्हमा चक्राङ्कित रेखा देखे । सो चक्रचिन्हमा हजारवटा आरा (तेर्सो रेखा) र भित्री तथा बाहिरी गोलाइ रेखा पनि राम्ररी देखिन्थ्यो । यस्तो देखेर उनको मनमा यस्तो लाग्यो :—

"आश्चर्य ! अद्‌भुत !! यो पद-चिन्ह मनुष्यको हुनै सक्दैन !"

त्यस बखत भगवान् बाटो छोडेर एक रूखमुनी स्मृति सहित पलेटीकसी ध्यान-मुद्रामा बस्नु भएको थियो । द्रोण ब्राह्मणले उक्त पद-चिन्ह हेर्दै जाँदा, उनले एक रूखमुनी प्रसन्न तथा सुन्दर मुद्रामा, दर्शनीय लीलामा, शान्त चित्तले, उत्तम-दमथ-समथ-अनुप्राप्त गरी अर्थात् दान्तेन्द्रिय, गुप्तेन्द्रिय, संयतेन्द्रिय भई महापुरुष लीलाले पलेटी मारी बसिरहनु भएको भगवान्‌लाई देखे । अनि जहाँ भगवान् बस्नु भएको थियो त्यहाँ गई भगवान्‌संग निम्न कुरा सोधे :—

"तपाइ देवता हुने हुनुहुन्छ कि ?"

"हे ब्राह्मण ! न म देवता हुने हुँ ।"

"तपाइ गन्धर्व हुने हुनुहुन्छ कि ?"

"हे ब्राह्मण ! न म गन्धर्व हुने हुँ ।"

"तपाइ यक्ष हुने हुनुहुन्छ कि ?"

"हे ब्राह्मण ! न म यक्ष हुने हुँ ।"

"त्यसोभए तपाइ मनुष्य हुने हुनुहुन्छ कि ?

"हे ब्राह्मण ! न म मनुष्य नै हुने हुँ ।"

द्रोण :—

"'देवता हुने हो कि' भनी सोध्दा, 'देवता हुने होइन'; 'गन्धर्व हुने हो कि' भनी सोध्दा, 'गन्धर्व पनि हुने होइन'; 'यक्ष हुने हो कि' भनी सोध्दा, 'यक्ष पनि हुने होइन'; 'मनुष्य हुने हो कि' भनी सोध्दा, 'मनुष्य पनि हुने होइन' भनी भन्नु हुन्छ। त्यसोभए तपाइ के हुने हुनु हुन्छ त ?"

"हे ब्राह्मण ! जुन मेरा आस्रवहरू हुन् यदि ती अप्रहीण भएका भए देवता पनि हुनेथिएँ, अब ती मेरा आस्रवहरू क्षय भैसके, तालवृक्ष छेदन झैं जरैंसमेत उखेली फ्याकिदिई सकें, पुनः सम्भव तथा उत्पन्न नहुने गरिसकें। जुन मेरा आस्रवहरू छन् यदि ती अप्रहीण भएका भए गन्धर्व पनि हुने थिएँ,...यक्षपनि हुने थिएँ,...मनुष्य पनि हुने थिएँ। अब ती मेरा आस्रवहरू क्षय भैसके, तालवृक्ष छेदन झैं जरैंसमेत उखेली फ्याकिदिई सकें, पुनः सम्भव तथा उत्पन्न नहुने गरिसकें। जस्तो कि उत्पल वा पद्म वा पुण्डरिक फूल पानीमा उत्पन्न भई, पानीमै संवर्धन भई, पानीले छुन नसक्ने गरी, पानी भन्दा माथि आई बस्दछ, त्यस्तै गरी म, यस लोकमा जन्मी, यसै लोकमा संवर्धन भई, यस लोकलाई जिती, लोकले छुन नसक्ने गरी बसेको छु। हे ब्राह्मण ! त्यसैले मलाई बुद्ध भनी जान।"

यति भन्नु भई पुनः निम्न गाथा भन्नु भयो :

१ "येन देवूपपत्यस्स, गन्धब्बो वा विहङ्गमो।
यक्खत्तं येन गच्छेय्यं, मनुस्सत्तं च अब्बजे।
ते मय्हं आसवा खीणा, विधस्ता विनली कता ॥

२—"पुण्डरीकं यथा वग्गु, तोयेन नुपलिम्पति।
नुपलिम्पामि लोकेन, तस्मा बुद्धोस्मि ब्राह्मणा'ति।"

अर्थ :—

१—"जुन हेतुले देवता, गन्धर्ब वा विहङ्गम हुने हो अथवा जुन हेतुले यक्षत्वमा वा मनुष्यत्वमा जाने हो; ती मेरा आस्रवहरू क्षीण भईसके, विध्वंश भईसके, बन्धनबाट मुक्त भईसके।

२—"जस्तो पुण्डरिक-फूल पानीले छुन नसक्ने गरी पानी भन्दा माथि गएको हुन्छ, त्यस्तै मलाई लोक-धर्मले छुन सक्दैन; त्यसो हुनाले, हे ब्राम्हण! म बुद्ध हुँ।"

× × ×

सूत्र :—

जातिवादबाट निष्कलंकित ब्राह्मण

अर्को एक समयमा द्रोण ब्राम्हण जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवानलाई सम्मोदन गरी एक छेउमा बसे[1]। त्यसपछि द्रोण ब्राम्हणले भगवानसँग निम्न कुरा सोधे :—

१. अं. नि. दोणसुत्तं।

"भो गौतन ! मैले सुनेको छु कि, 'श्रमण गौतम, (आफुभन्दा) जेठा, वयोवृद्ध र धेरै उमेर पुगिसकेका ब्राम्हणहरूलाई अभिवादन गर्नु हुन्न, आसनबाट उठ्नु हुन्न, न त आसन नै दिई निम्त्याउनु हुन्छ ।' यो कुरो तपाइमा त्यस्तै देखदछु । तपाइ गौतमले आफुभन्दा जेठा, वयोवृद्ध र धेरै उमेर पुगिसकेका ब्राम्हणहरूलाई न अभिवादन गर्नु हुन्छ, न आसनबाट उठ्नुहुन्छ, न आसन नै दिई निम्त्याउनु हुन्छ । यो तपाइको लागि सुहाँउदैन ।"

"हे द्रोण ! तिमी पनि ब्राम्हणहुँ भन्दछौ ?"

"भो गौतम ! साँच्चै भन्ने हो भने मलाई नै, ... जातिवादले अकलंकित, अध्यापक मन्त्रधर ... लक्षण शास्त्रमा निपुण ब्राम्हण भन्नु योग्य छ । किनभने—'म सजातीय आमा बाबुबाट जन्मोको छु, शुद्ध गर्भ धारण गरेको छु, बाजे बराज्यूका सातपुस्ता अगाडिदेखि जातिवादले कलङ्कित भएको छैन । त्यस्तैगरी म अध्यापक, मन्त्रधर, तीनवेद पारंगत, निघण्टू, कौस्तुभ, अक्षर प्रभेद, इतिहास सहित पाँचग्रन्थ र पदशास्त्र, ब्याकरण, लोकायत (भौतिकविद्या) लक्षण शास्त्रमा पनि निपुण छु ।"

ब्राह्मणका पूर्वज

"हे द्रोण जुन ती ब्राम्हणहरूका पूर्वज मन्त्रकर्ता र मन्त्र प्रवर्तक ऋषिहरू थिए तिनीहरूकै पुराना मन्त्रपद, गीत, प्रोक्त र संहिताहरू-लाई हालका अष्टक, वामक, वामदेव, विश्वामित्र, यमदग्नि, अग्निरस,

(अङ्गिरस) भारद्वाज, वशिष्ठ, कश्यप, र भृगु आदि ब्राह्मणहरू सोही अनुसार अनुगायन, अनुभाषण र अनुवाचन गर्दछन् । यिनीहरूले पाँच-थरी ब्राह्मणहरू प्रज्ञापन गरेकाछन् । जस्तै—(१) ब्रह्मसम, (२) देवसम, (३) मर्यादी, (४) सम्भिन्न-मर्यादी र (५) ब्राह्मण-चण्डाल । यी मध्ये तिमी कुनचाहिं ब्राह्मण ह्वौ त ?"

पाँचथरी ब्राह्मण

"भो गौतम ! हामी ती पाँचथरी ब्राह्मणहरू जान्दैनौं । केवल ब्राह्मण मात्र भन्न जान्दछौं । यदि तपाइ गौतमले पाँचथरी ब्राह्मणहरूका बारेमा धर्मोपदेश दिनु भए राम्रो हुने थियो । जुन उपदेश सुनी तो पाँच-थरी ब्राह्मणहरूका बारेमा जान्न सक्ने थियौं ।"

"हे ब्राह्मण ! त्यसो भए राम्ररी मनलगाएर सुन, म भन्दछु ।"

"हवस्" भनी द्रोण ब्राह्मणले जवाफ दिएपछि भगवान्‌ले भन्नु भयो :—

१—"हे द्रोण ! कसरी ब्राह्मण 'ब्रह्म समान' हुन्छ भने—सजातीय आमा बाबुबाट जन्मेको, शुद्धगर्भ धारणगरेको, सातपुस्तासम्मका बाजे बराजुहरू जातिवादबाट अबहिष्कृत तथा निष्कलंकित हुन्छन् । उ अठ-चालीस वर्षसम्म कुमार-ब्रह्मचर्य पालन गरी मन्त्र अध्ययन गर्छ । अठचालीस वर्षसम्म कुमार-ब्रह्मचर्य पालन गरी मन्त्र अध्ययन गरी आचार्यको आचार्य-दक्षिणा, अधर्मतापूर्वक होइन धर्मतापूर्वक खोजी गर्छ । यहाँ धर्मतापूर्वक भनेको के हो भने—न कृषीकर्मद्वारा, न ब्यापारद्वारा, न

गौपालनद्वारा, न राजाको चाकरीद्वारा, न सर्कारी नोकरीद्वारा, न अरू कुनै शिल्पद्वारा धन उपार्जन गर्छ, बल्कि भिक्षापात्रलाई हेला नगरी भिक्षाटन-द्वारा मात्रै धन उपार्जन गर्छ। (यस्तै धनलाई नै धर्मतापूर्वक उपार्जित धन भनिन्छ) यस किसिमले उपार्जित दक्षिणा (धन) आचार्यलाई दिइसके पछि उ केश दाह्री क्षौरगरी कषाय वस्त्र धारण गरी घरबार त्यागी अनगारिक भई प्रव्रजित हुन्छ। यसरी प्रव्रजित भइसके पछि प्रथमदिशा तरफ मैत्री-चित्त फैलाई बस्दछ। त्यस्तै द्वितीय, तृतीय, चतुर्थ, उर्ध-अधो-मध्य-तीर्य, सर्वत्र सबैलोकमा सबै प्रकारले मैत्री सहगत चित्त फैलाई बस्दछ। त्यस्तै गरी मैत्री सहगत विपुल-चित्त फैलाई, मैत्री सहगत महान-चित्त फैलाई, मैत्री सहगत अप्रमाण-चित्त फैलाई, अवैरी, अद्वेषी भई बस्दछ। त्यस्तै गरी करूणा सहगत-चित्त फैलाई…मुदिता सहगत-चित्त फैलाई … उपेक्षा सहगत-चित्त फैलाई बस्दछ। प्रथमदिशा तरफ उपेक्षा-चित्त फैलाई बस्दछ। त्यस्तै द्वितीय … सर्वत्र सबै लोकमा सबै प्रकारले उपेक्षा सहगत-चित्त…अप्रमाण सहगत चित्त फैलाई, अवैरी, अद्वेषी भई बस्दछ। यो चार ब्रह्मविहार भाविता गरी (ध्यान बढाई) मृत्यु पछि सुगति ब्रह्मलोकमा उत्पन्न हुन्छ। हे द्रोण ! यसप्रकारको ब्राह्मण 'ब्रह्मसमान' हुन्छ।

२—"हे द्रोण ! कसरी ब्राह्मण 'देवसमान' हुन्छ भने—सजातीय आमा बाबुबाट जन्मेको, शुद्धगर्भ धारणगरेको, सातपुस्तासम्मका बाजे बराजुहरू जातिवादबाट अवहिस्कृत तथा निष्कलंकित हुन्छन्। उ अठ-चालीस वर्षसम्म कुमार-ब्रह्मचर्य पालन गरी मन्त्र अध्ययन गर्छ। अठचालीस वर्षसम्म कुमार-ब्रह्मचर्य पालन गरी मन्त्र अध्ययन गरी

आचार्यको आचार्य दक्षिणा, अधर्मतापूर्वक होइन धर्मतापूर्वक खोजी गर्छ। यहाँ धर्मतापूर्वक भनेको के हो भने—न कृषीकर्मद्वारा…बल्कि भिक्षापात्रलाई हेला नगरी भिक्षाटनद्वारा मात्रै धन उपार्जन गर्छ। (त्यस्तै धनलाई धर्मतापूर्वक उपार्जित धन भनिन्छ) यस किसिमले उपार्जित दक्षिणा (धन) आचार्यलाई दिइसके पछि अधर्मतापूर्वक होइन धर्मतापूर्वक स्त्री खोजी गर्छ। यहाँ धर्मतापूर्वक भनेको के हो भने – न क्रयद्वारा, न विक्रयद्वारा (उसले) स्त्री खोज्दछ, बलिक ब्राह्मणीकन्यालाई नै जल तर्पण गरी[१] ल्याउँछ। उ ब्राह्मणी कहाँ मात्र जान्छ। क्षत्रिणी कहाँ, वैश्या कहाँ, शूद्रिनी कहाँ, कसाइनी कहाँ, वेणिनी (बेत तथा बाँसको काम गर्ने) कहाँ, सर्किनी कहाँ, पुक्कुसिनी (ओइलिएको फूल आदि फ्याक्ने काम गर्ने) कहाँ जाँदैन; (क) न गर्भिणी कहाँ जान्छ, (ख) न दूधख्वाउने (बच्चा पाएकी) कहाँ जान्छ, (ग) न अ-ऋतुमती कहाँ जान्छ।

"(क) हे द्रोण ! गर्भिणी कहाँ किन जान्न भन्ने—गर्भिणी कहाँ गयो भने, त्यसबाट जन्मेको बालक वा बालिका बहुबीजबाट जन्मेको भन्ने हुन्छ। त्यसैले गर्भिणी कहाँ जाँदैन।

"(ख) हे द्रोण ! दूधख्वाउने कहाँ किन जाँदैन भने—दूध

---

१. ब्राह्मणीको खोज गर्दै ब्राह्मणी कन्या भएको घरमा गई, मैले ४८ वर्षसम्म कुमार-ब्रह्मचय पालन गरेको पुण्य तपाइहरूलाई दिन्छु। तपाइहरूले मलाई कन्या दिनुहोस् भनी माग्दछ। त्यस अनुमार जल तर्पण गरी कन्या दान लिने।

ख्वाउने (बच्चा पाएकी) कहाँ गयो भने असुचि (पाइरहेका बालक वा बालिका) सिहार्न गएको भन्ने हुन्छ । त्यसैले दूधख्वाउने कहाँ जाँदैन ।

"(ग) हे द्रोण ! अ-ऋृतुमती कहाँ किन जाँदैन भने—ब्राह्मणलाई ब्राह्मणी चाहिने सन्तानको निमित्त हो । यदि ब्राह्मण अ-ऋतुमती कहाँ गयो भने त्यसको त्यो स्त्री कामको लागि, कृडाको लागि, रतिको लागि मात्र हुन जान्छे, सन्तानको लागि हुन्न । त्यसैले उ अ-ऋतुमती कहाँ जाँदैन ।

"त्यसैले उ ऋतुमती कहाँ गई मैथुन उत्पन्न (सन्तान जन्माउनु) गर्छ । सन्तान जन्मे पछि, केश दान्ही क्षौरगरी, कषायवस्त्र धारण गरी, घरबार त्यागी अनगारिक भई प्रव्रजित हुन्छ । यसरी प्रव्रजित भइसके पछि कामरागबाट अलग भई[१] ० प्रथम,० द्वितीय,० तृतीय,० चतुर्थध्यान प्राप्त गरी बस्दछ । यी चार ध्यान भाविता गरी (बढाई) मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न हुन्छ । हे द्रोण ! यसप्रकारको ब्राह्मण 'देव-समान' हुन्छ ।

३—"हे द्रोण ! कसरी ब्राह्मण 'मर्यादी' हुन्छ भने—सजातीय आमा बाबुबाट जन्मेको, शुद्धगर्भ धारण गरेको, सातपुस्तासम्मका बाजे बराजुहरू जातिवादबाट अबहिष्कृत तथा निष्कलंकित हुन्छन् । अठचालीस वर्षसम्म कुमार बृम्हचर्य पालन गरी मन्त्र अध्ययन गर्छ ।

---

१. हेर पृष्ट १३२ ।

अठचालीस वर्षसम्म कुमार ब्रम्हचर्य पालन गरी मन्त्र अध्ययन गरी आचार्यको आचार्य-दक्षिणा अधर्मतापूर्वक होइन धर्मतापूर्वक खोजी गर्छ। यहाँ धर्मतापूर्वक भनेको के हो भने—न कृषीकर्मद्वारा…बलिक भिक्षा-पात्रलाई हेला नगरी भिक्षाटनद्वारा मात्रै धन उपार्जन गर्छ। (यस्तै धनलाई धर्मतापूर्वक उपार्जित धन भनिन्छ) यस किसिमले उपार्जित दक्षिणा (धन) आचार्यलाई दिइसके पछि अधर्मतापूर्वक होइन धर्म-तापूर्वक नै स्त्री खोजी गर्छ। यहाँ धर्मतापूर्वक भनेको के हो भने—न क्रयद्वारा, न विक्रयद्वारा (उसले) स्त्री खोज्दछ, बलिक ब्राम्हणी कन्या-लाई नै जल तर्पण गरी ल्याउँछ। ब्राम्हणी कहाँ मात्र जान्छ। क्षत्रिणी कहाँ … जाँदैन; (क) न गर्भिणी कहाँ … जान्छ।

"(क) हे द्रोण ! गर्भिणी कहाँ किन जान्न भने—गर्भिणी कहाँ गयो भने … बहुवीजब्राट जन्मेको भन्ने हुन्छ। त्यसैले गर्भिणी कहाँ जाँदैन।

"(ख) हे द्रोण ! दूधख्वाउने कहाँ किन जाँदैन भने…असुचि सिहार्न गएको भन्ने हुन्छ। त्यसैले दूधख्वाउने कहाँ जाँदैन।

"(ग) हे द्रोण ! अ-ऋृतुमतीकहाँ किन जाँदैन भने—ब्राम्हण-लाई ब्राम्हणी चाहिने सन्तानको निमित्त हो। … त्यसैले अ-ऋतुमती कहाँ जाँदैन।

"त्यसैले उ ऋतुमती कहाँ गई मैथुन उत्पन्न (सन्तान जन्माउनु) गर्छ। सन्तान जन्मेपछि त्यही सन्तान-स्नेहमा ममता गरी, इच्छा गरी

कुटुम्ब स्थापना गरी बस्दछ। घर-बार त्यागी प्रव्रजित हुँदैन। तर पुराना ब्राम्हणहरूको मर्यादा राखेर बस्दछ। त्यो मर्यादालाई अतिक्रमण गर्दैन। जहाँसम्म पुराना ब्राम्हणहरूका मर्यादा छन् त्यस भित्र बसी, त्यसभन्दा बाहिर न जाने भएकाले उसलाई 'मर्यादी' भनिएको हो। हे द्रोण ! यस प्रकारको ब्राम्हण 'मर्यादी' हुन्छ।

४—"हे द्रोण ! कसरी ब्राम्हण 'सम्भिन्न मर्यादी' हुन्छ भने — सजातीय आमा बाबुबाट जन्मेको···निष्कलंकित हुन्छन्। अठचालीस वर्षसम्म ब्रह्मचर्य पालन गरी ··· आचार्यको आचार्य दक्षिणा (धन) अधर्मतापूर्वक होइन धर्मतापूर्वक खोजी गर्छ। यहाँ धर्मतापूर्वक भनेको के हो भने—न कृषीद्वारा···बल्कि भिक्षापात्रलाई हेला नगरी भिक्षाटन-द्वारा मात्र धन उपार्जन गर्छ। यस किसिमले उपार्जित दक्षिणा (धन) आचार्यलाई दिइसके पछि धर्मतापूर्वक भए पनि, अधर्मतापूर्वक भए पनि, क्रयबाट भए पनि, विक्रयबाट भए पनि, जल तर्पण गरेर भए पनि नगरेर भए पनि स्त्री खोजी गर्छ। उ ब्राह्मणी कहाँ पनि, क्षत्रिनी कहाँ पनि, वैश्या कहाँ पनि, शूद्रिनी कहाँ पनि, चाण्डालनी कहाँ पनि, कसाइनी कहाँ पनि, सर्किनी कहाँ पनि, पुक्कुसिनी कहाँ पनि, गर्भिणी कहाँ पनि, दूध ख्वाउने कहाँ पनि, ऋतुमती कहाँ पनि अ-ऋतुमती कहाँ पनि जान्छ। उसकी स्त्री कामको लागि पनि, क्रिडाको लागि पनि, रतिको लागि पनि, सन्तानको लागि पनि हुन्छे। जुन पुराना ब्राह्मणहरूका मर्यादा थियो, त्यसको वास्ता नराखी, मर्यादा भंग गर्छ। पुराना ब्राह्मणहरूका मर्या-दामा नबसी मर्यादा उल्लंघन गरेकाले नै उसलाई 'सम्भिन्न-मर्यादी' भनिएको हो। हे द्रोण ! यस प्रकारको ब्राह्मण 'सम्भिन्न-मर्यादी'

हुन्छ ।

५—"हे द्रोण ! कसरी ब्राह्मण 'चण्डाल' हुन्छ भने—सजातीय आमा बाबुबाट जन्मेको ··· निष्कलंकित हुन्छन् । अठचालीस वर्षसम्म ब्रह्मचर्य पालन गरी ··· आचार्यको आचार्य दक्षिणा (धन) खोजी गर्छ—धर्मतापूर्वक पनि, अधर्मतापूर्वक पनि; कृषीकर्मद्वारा पनि, व्यापार-द्वारा पनि, गौपालनद्वारा पनि, राजाको चाकरीद्वारा पनि, सर्कारी नोकरीद्वारा पनि, अन्यतर शिल्पादिद्वारा पनि; भिक्षापात्रलाई हेला नगरी भिक्षाटनद्वारा पनि धन उपार्जन गर्छ । यस किसिमले उपार्जित गरेको दक्षिणा (धन) आचार्यलाई दिइसके पछि धर्मतापूर्वक भए पनि, अधर्मतापूर्वक भए पनि, क्रयबाट भए पनि, विक्रयबाट भए पनि, जलतर्पण गरेर भए पनि नगरेर भए पनि स्त्री खोजी गर्छ । ब्राह्मणी कहाँ पनि, क्षत्रिनी कहाँ पनि, ··· अ-ऋतुमती कहाँ पनि जान्छ । उसको स्त्री कामको लागि पनि, ··· सन्तानको लागि पनि हुन्छे । सबै कामद्वारा जीविका गर्दछ । उसलाई अरू ब्राह्मणहरू यसो भन्दछन्—'हे पुरुष ! किन तिमीले 'ब्राह्मण हुँ' भन्दै सबै प्रकारका काम गरी जीविका गरेको ?' यसको जवाफ उ यसरी दिन्छ—'भो पुरुष ! आगोले शुची अशुची दुवैलाई जलाउँछ, तर आगोलाई शुची अशुचीको दाग नलाग्ने झैं सबै काम गरेर पनि ब्राह्मण जीविका गर्छ, त्यसले उसलाई दाग लाग्दैन ।' सबै कामद्वारा जीविका गर्ने हुनाले उसलाई 'ब्राह्मण-चण्डाल' भनिएको हो । हे द्रोण ! यस प्रकारको ब्राह्मण 'ब्राह्मण-चण्डाल' हुन्छ ।

"हे द्रोण ! जो ती ब्राह्मणहरूका पूर्वज मन्त्रकर्ता र मन्त्र प्रव-

र्तक ऋषिहरू थिए[१] ... यिनीहरूले पाँचथरी ब्राह्मणहरू प्रज्ञापन गरेका छन् । जस्तै—(१) ब्रह्मसम, (२) देवसम, (३) मर्यादी, (४) सम्भिन्न-मर्यादी र (५) ब्राह्मण-चण्डाल । यी मध्ये तिमी कुनचाहिं ब्राह्मण ह्वौ त ?"

"भो गौतम ! त्यसो हो भने त हामीहरू ब्राह्मण-चण्डलको स्तरमा पनि रहेनछौं ।"

धन्य, भो गौतम ! धन्य, भो गौतम !! घोप्टेकोलाई उत्तानो पारिदिदा, छोपिएकोलाई उघारिदिदा, बाटो भुलेकोलाई बाटो देखाइदिदा, अँध्यारोमा तेलको बत्ती राखिदिदा—आँखा हुनेहरूले रूप देखे झैं, तपाइ गौतमले मलाई अनेक प्रकारबाट धर्म प्रकाश गरिदिनु भयो । अब म, तपाइ गौतमको शरण पर्छु, धर्म र भिक्षुसङ्घको पनि । आजदेखि तपाइ गौतमले मलाई आजीवनसम्म शरणमा आएको उपासक हो भनी स्वीकार गर्नुहोस् !

× × ×

धातु विभाजन

त्यस बखतमा भगवान् परिनिर्वाण भई सक्नु भएको थियो । कुशीनगरका मल्लहरूका शालोद्यानमा सात देशका प्रतिनिनिधिहरू भगवान्‌को शरीर-धातु लिनका लागि आएका थिए । भगवान्‌को शरीर-

१. हेर पृष्ट १४४ ।

धातुकोबारे झगडा भइरहेको थियो । त्यसै बखत द्रोण ब्राह्मण पनि त्यहाँ पुगेर सभाषद्‌लाई निम्न कुरा भनी झगडा छिनिदिए ।

× × ×

सूत्र :—

कुशीनगरका[१] मल्लहरूले भेला भएका सभागणलाई यसो भने :—

"भगवान् हाम्रो ग्रामक्षेत्रमा परिनिर्वाण हुनु भयो, हामी भगवान्‌को शरीर-धातुको भाग दिन्नौं ।"

यो कुरा सुनेर द्रोणब्राह्मणले त्यो सभागणलाई गाथाद्वारा यस्तो भने :—

१—"सुणन्तु भोन्तो मम एकवाचं,
अह्माकं बुद्धो अहु खन्ति वादो ।
न हि साधु यं उत्तम पुग्गलस्स,
सरीरभागे सिया सम्पहारो ॥

२—"सब्बेव भोन्तो सहिता समग्गा,
सम्मोदमाना करोमट्ठ भागे ।
वित्थारिका होन्तु दिसासु थूपा,
बहू जना चक्खुमतो पसन्ना'ति ॥"

---

१. दी. नि. सरीरधातुविभाजनं ।

अर्थ :—

१—"तपाइहरू मेरो एक वचन सुन्नुहोस् ! हाम्रो बुद्ध क्षान्ति-वादी हुनुहुन्थ्यो । उत्तम पुरुषको शरीर-भागको कारणले सम्प्रहार हुनु यो राम्रो होइन ।

२—"तपाइ हामी सबै एकछन्द र एकमत भई, परस्पर प्रसन्न भई आठ भाग गरौं । धेरै जना चक्षुमान् बुद्धप्रति प्रसन्न छन् । त्यसैले सबै दिशामा स्तूपको विस्तार होस् !"

"हे ब्राह्मण ! त्यसो भए तपाइले नै भगवान्को शरीर-धातु समानरूपले आठभागमा विभाजन गरिदिनु होस्" भनी उपस्थित भएका सबैले भने ।

"हुन्छ" भनी द्रोण ब्राह्मणले त्यो सभाषद्लाई उत्तरदिई भगवान्को शरीरधातु आठभागमा बराबर विभाजित गरी सङ्घगणसँग यस्तो अनुरोध गरे :—

"तपाइहरूले मलाई यो 'तुम्ब' दिनुहोस्, म पनि यो 'तुम्ब' राखी स्तूप बनाई महोत्सव गर्नेछु ।"

द्रोण ब्राह्मणलाई 'तुम्ब' दिए । द्रोण ब्राह्मणले पछि सो 'तुम्ब' राखी स्तूप बनाई महोत्सव मनाए ।

—★—

२४. लोकायतिक ब्राम्हण

[भौतिक शास्त्री एक वितण्डवादी ब्राह्मण ।]

सूत्र :—

श्रावस्तीस्थित जेतवन विहारमा[१] ।

एक दिन लोकायतिक ब्राह्मण भगवान् कहाँ गई, सम्मोदन गरी एक छेउमा बसे । एक छेउमा बसेका लोकायतिक ब्राह्मणले भगवान्सँग निम्न प्रश्नहरू सोधे :—

"भो गौतम ! के त सबै छ कि ?"

"हे ब्राह्मण ! 'सबै छ' भन्नु नै पहिलो लोकायत हो ।

"भो गौतम ! के त सबै छैन कि ?"

"हे ब्राह्मण ! 'सबै छैन' भन्नु नै दोश्रो लोकायत हो ।"

"भो गौतम ! के त सबै एकत्र हो कि ?"

"हे ब्राह्मण ! 'सबै एकत्र हो' भन्नु नै तेश्रो लोकायत हो ।"

"भो गौतम ! के त सबै पृथक हो कि ?"

"हे ब्राह्मण ! 'सबै पृथक हो' भन्नु पनि चौथो लोकायत हो ।"

पुनश्च बुद्ध भन्नु हुन्छ : —

---

१. सं. नि. लोकायतसुत्तं ।

"हे ब्राह्मण ! यी दुवै (छ भन्नेर छैन भन्ने) मध्ये बीचको बाटो अपनाई तथागतले धर्मोपदेश गर्दछ ।

प्रतीत्यसमुत्पाद

"(१) अविद्याको कारणले (२) संस्कार (कुशलाकुश) हुन्छ, संस्कारको कारणले (३) विज्ञान (पुनर्जन्म हुने चित्त) हुन्छ, विज्ञानको कारणले (४) नाम-रूप (पञ्चस्कन्ध) हुन्छ, नाम-रूपको कारणले (५) षडायतन (चक्षु, श्रोत, घ्राण, जिह्वा, काय र मन) हुन्छ, षडायतनको कारणले (६) स्पर्श हुन्छ, स्पर्शको कारणले (७) वेदना (सुख वेदना, दुःख वेदना, नसुख-नदुःख=उपेक्षा वेदना) हुन्छ, वेदनाको कारणले (८) तृष्णा (कामलोक तृष्णा, भवलोक तृष्णा, विभव=अरूपलोक तृष्णा) हुन्छ, तृष्णाको कारणले (९) उपादान (पुनः पुनः लिने आशा) हुन्छ, उपादानको कारणले (१०) भव (जन्म हुने हेतु) हुन्छ, भवको कारणले (११) जाति (इन्द्रिय सहित जन्म हुनु) हुन्छ, (१२) जातिको (जन्मिसके पछि) कारणले जरा, मरण, शोक सन्ताप, दुःख दौर्मनस्य उपायास सम्भव हुन्छ । यसरी केवल दुःखस्कन्धको मात्र समुदय (उत्पन्न) हुन्छ ।

"(१) अविद्याकै अनवशेष गरी विराग र निरोध भएपछि (२) संस्कार निरोध हुन्छ, संस्कार निरोध भएपछि (३) विज्ञान निरोध हुन्छ, विज्ञान निरोध भएपछि (४) नाम-रूप निरोध हुन्छ, नाम-रूप निरोध भएपछि (५) षडायतन निरोध हुन्छ, षडायतन निरोध भएपछि

(६) स्पर्श निरोध हुन्छ, स्पर्श निरोध भएपछि (७) वेदना निरोध हुन्छ, वेदना निरोध भएपछि (८) तृष्णा निरोध हुन्छ, तृष्णा निरोध भएपछि (९) उपादान निरोध हुन्छ, उपादान निरोध भएपछि (१०) भव निरोध हुन्छ, भव निरोध भएपछि (११) जाति (जन्म) निरोध हुन्छ, जाति (जन्म) निरोध भएपछि (१२) जरा, मरण, शोक सन्ताप, दुःख दौर्मनस्य उपायास निरोध हुन्छ। यसरी सबै दुःखस्कन्ध निरोध हुन्छ।"

भगवान्को यी उपदेश सुनेर लोकायतिक ब्राह्मणले भगवान्सँग यसरी प्रार्थना गरे :—

"धन्य, भो गौतम ! धन्य, भो गौतम[१] !!०। आजदेखि तपाइ गौतमले मलाई आजीवनसम्म शरणमा आएको उपासक हो भनी धारणा गर्नुहोस् !

—★—

१. १७ पृष्टमा ह्नैं।

२५. नवकर्मिक भारद्वाज ब्राम्हण

परिचय

भारद्वाज गोत्रका नवकर्मिक नामक एक ब्राह्मण जङ्गलमा काठ कटानी गराई, नगरमा पैठारी गरी जीविका गर्दथे। जंगलमा उनको घर पनि थियो। धेरै मानिसहरूलाई काम लगाउँदै थिए। बुद्धलाई त्यस्तो जङ्गलमा एक्लै आनन्दसँग बसिरहेको देखेर उनलाई आश्चर्य लाग्यो। अनि बुद्धसँग त्यसरी बस्नाको कारण सोधपुछ गरिसके पछि भगवान् बुद्धबाट पाएका उपदेशका प्रेरणाले उपासकत्व ग्रहण गरे। अरू कुरा तलको सूत्रमै उल्लेख भएको छ।

× × ×

सूत्र :—

भिक्षुहरू के काम गर्छन्?

एक समय भगवान् कोशलराज्यको एक जङ्गलमा बस्नु भएको थियो[1]।

त्यस बखत नवकर्मिक भारद्वाज ब्राह्मण पनि त्यसै जङ्गलमा काम गराइरहेका थिए। नवकर्मिक भारद्वाज ब्राह्मणले भगवान्‌लाई

१. सं. नि. नवकम्मिकसुत्तं।

अन्यतर सालको रूखमुनी सीधा शरीर गरी, मुख अगाडि स्मृति राखी पलेटीमारी वसीरहनु भएको देखेर उनको मनमा यस्तो लाग्यो :—

"म त यस जङ्गलमा कामकाज गराई बसेको छु। यी श्रमण गौतम यस जङ्गलमा के गराई अभिरमण भई बसीरहेका रहेछन् ?"

यस्तो विचार गरी नवकर्मिक भारद्वाज ब्राह्मण भगवान् कहाँ गई भगवान्‌सँग गाथाद्वारा निम्न कुरा सोधे :—

"के नु कम्मन्ता करीयन्ति, भिक्खु सालवने तव।
यदेकको अरञ्ञस्मिं, रतिं विन्दति गोतमो॥"

अर्थ :—

"भिक्षुहरू शालबनमा बसी के काम गर्दछन् ? एकलै यस जङ्गलमा बसी, तपाइ गौतमले केमा मन लगाउनु भएको छ ?"

बुद्ध :—

"न मे वनस्मिं करणीयमत्थि,
उच्छिन्नमूलं मे वनं विसूकं।
स्वाहं वने निब्बनथो विसल्लो,
एको रमे अरतिं विप्पहाया'ति॥"

अर्थ :—

'यो जङ्गलमा मेरो केही पनि काम छैन, बन जङ्गललाई मैले निर्मूल (सखाप) पारिसकें, म झार-पात र काँढा नभएको बनमाछु,

राग, द्वेषलाई पन्छाई, एकलै वैराग्य-सुखरूपी बनमा मनलगाई बसेकोछु ।"

यति भन्नु भएपछि नवकर्मिक भारद्वाज ब्राह्मणले भगवान्‌सँग यसरी प्रार्थना गरे :—

"धन्य, भो गौतम ! धन्य, भो गौतम[१] !!० आजदेखि तपाइ गौतमले मलाई आजीवनसम्म शरणमा आएको उपासक हो भनी स्वीकार गर्नुहोस ?"

—★—

१. पृष्ट १७ मा हेर्नु ।

२६. ब्रम्हायु ब्राम्हण

परिचय

ब्रह्मायु ब्राह्मण विदेहराज्यको राजधानी मिथिला नगरका एक सुप्रसिद्ध तथा प्रख्यात वयोवृद्ध विद्वान् थिए । त्रिवेद र अरू शास्त्रहरूमा पनि निपुण थिए । उनी १२० वर्षका थिए । शरीर छिपिए झैं उनको ज्ञान पनि परिपक्व भइसकेको थियो । गुणी जनहरूको स्वागत सम्मान गर्नमा उनी खुशी मान्दथे ।

त्यस समयमा भगवान् बुद्धको यश कीर्ति पनि निक्कै फैलिसकेको थियो । ब्रह्मायु ब्राह्मण बुद्धको यश र कीर्तिका कुराकानी सुनी प्रफुल्लित भएका थिए । उनमा श्रद्धा थियो, ज्ञान थियो तथा प्रज्ञा थियो । आफ्नो विद्वताको कारणले ब्रह्मायु ब्राह्मणले आफ्ना शिष्य उत्तर माणवलाई बुद्धकहाँ गई बुद्धको शरीरमा बत्तीस महापुरुष लक्षण तथा अरू गुणहरू छन् कि छैनन् भनी जाँच्न पठाए ।

उत्तर माणव बीस वर्षभन्दा कमै उमेरका एक युवक थिए । तैपनि उनले त्रिवेद तथा अरू शास्त्रहरूको पुरा अध्ययन गरी सकेका थिए । बुद्धलाई कुनप्रकार हेर्ने कुनप्रकार परीक्षा गर्ने भनी उनले आफ्ना गुरु ब्रह्मायु ब्राह्मणसँग सोध्दा उनलाई ब्रह्मायु ब्राह्मणले बत्तीस महा-पुरुष लक्षण सम्बन्धी वेदमा (मन्त्रमा) आएका कुराहरू सम्झाए ।

यी बत्तीस लक्षणले युक्त भएका महापुरुषहरू यातो चक्रवर्ती राजा हुन्छ, यातो प्रव्रजित भई अरहत् सम्यक् सम्बुद्ध हुन्छ भनी बताए। त्यस पछि उत्तर माणव बुद्धकहाँ जान मिथिला शहरबाट निस्केर गए। बुद्धकहाँ पुगी बुद्धको शरीरमा बत्तीस महापुरुष लक्षणहरू छन् कि छैनन् भनी परीक्षा गर्दा भगवान् बुद्धको शरीरमा सम्पूर्ण बत्तीस लक्षणहरू विद्यमान पाई उनी प्रसन्न भए।

उत्तर माणवले विचारगरे कि आफ्नो गुरु ब्रह्मायु ब्राह्मणले, "मलाई भगवान् बुद्ध बत्तीस महापुरुष लक्षणहरूले युक्त हुनु भएको छ कि छैन परीक्षा गरी आउनू भन्नु भएको छ। सम्भवतः यदि वहाँले बुद्धको आचरणबारे कुनै कुरा सोध्नु भएको खण्डमा आफुले जवाफ दिन सकिन भने राम्रो हुने छैन" भन्ने विचार लिई सात महीनासम्म बुद्धको पीछा गरी वहाँको आचरण पनि हेरे। जहाँ जहाँ बुद्ध जानुहुन्थ्यो त्यहाँ त्यहाँ उनी पनि जान्थ्ये अर्थात् पदानुपदिक भएर बुद्धको खुवाई, लवाई, हिंडाई, बसाई तथा बोलाई सम्बन्धी सबै स्वभाव हेरे। बुद्धको बोलि-वचन तथा चाल-चलनमा उनले कतै कुनै त्रुटी देखेनन्। सात महीनासम्म लगातार बुद्धको छाया समान भई वहाँको आश्रयमा बसे। नुहाउने बेलामा, मुखधुने बेलामा, दिसा पिसाव गर्ने बेलामा र राजपरिवारहरूका साथ वार्तालाप गर्ने वेला बाहेक उनले न हेरेको र न देखेको बेला थिएन। यसो भएता पनि बुद्धको ध्यान-भावनाबारे भने उनले विशेष केही जान्न सकेनन्। किनकि वहाँको ध्यान-भावनाबारेको परीक्षा थोरै समयमा गर्न सकिने कुरा थिएन। आफ्ना गुरु ब्रह्मायु ब्राह्मण अत्यधिक वयोवृद्ध भइसक्नु भएको ख्याल गरी, 'यो भन्दा बढी के हेर्नु छ र' भनी उत्तर

माणव सातमहीना बितिसके पछि फर्केर गए । यस बीचमा उनले भगवान् बुद्धका स्वभाव तथा आचरणहरूबाट कुनै असन्तोष हुनु पर्ने कारण फेला पारेनन् । यी उत्तर माणवले त केवल सातमहीनासम्म परीक्षा गरे र केही त्रुटी देखेनन् किन्तु वशवर्ती मार देवपुत्रले सात वर्षसम्म लगातार परीक्षा गर्दा पनि कुनै त्रुटी भेट्टाउन नसकेको कुराको उल्लेख निम्न कुराले प्रष्ट गर्छ ।

"सत्तवस्सानि भगवन्तं, अनुबन्धं पदापदं ।
ओतारं नाधिगच्छिस्सं, सम्बुद्धस्स सतीमतो ति ॥"

अर्थ :–

"सात वर्षसम्म मैले भगवान्को पीछा गरें,
स्मृतिमान् सम्बुद्धको मैले कुनै त्रुटी देखिन ।"

आफ्नो शिष्य उत्तर माणव फर्केर आए पछि ब्रह्मायु ब्राह्मणले उनीद्वारा जम्मै कुरा सुने । ब्रह्मायु ब्राह्मण आफ्नो शिष्यको पाण्डित्यतापूर्ण उत्तर सुनी अत्यन्त प्रसन्न भए । अनि त्यहींबाटै बुद्ध बस्नु भएको दिशातिर हेरी हातजोरी बुद्धलाई तीनपटक नमस्कार गरे ।

केही समय पछि भगवान् बुद्ध मिथिला शहरमा पाल्नु हुँदा बुद्धकहाँ गई शरणागत उपासक भई अनागामी मार्गफल अवबोध गरे । अरू कुरा तलको सूत्रमै स्पष्ट छ ।

× ×

सूत्र :—

विदेहमा चारिका

यस्तो मैले सुने[१] ।

एक समय भगवान् विदेहराज्यमा पाँचशय भिक्षुहरूका साथ चारिका गर्दै हुनुहुन्थ्यो ।

त्यस बखत ब्रह्मायु ब्राह्मण विदेहदेशको राजधानी मिथिलामा बसेका थिए । ब्रह्मायु ब्राह्मण एकशय बीस वर्षका बुढा थिए । त्रिवेद पारंगत, निघण्टू[२] आदि लक्षणशास्त्रमा निपुण थिए । "श्रमण गौतम पाँचशय भिक्षुहरूका साथ चारिका गर्दै हुनुहुन्छ । वहाँ भगवान् अरहत् सम्यक् सम्बुद्ध[३] हुनुहुन्छ, भन्ने भगवान् गौतमको कीर्ति-शब्द आकाशमा गुन्जिरहेको छ । वहाँले देव ब्रह्मसहित यस लोकका जनतालाई स्वयं साक्षात्कार गर्नु भएको सत्य धर्मको उपदेश दिनु हुन्छ । वहाँले आदि-कल्याण, मध्य कल्याण, परियोसान कल्याण हुने, अर्थ-व्यन्जनसहित, परिपूर्ण तथा परिशुद्ध भएको ब्रह्मचर्य (श्रेष्ठचर्या) प्रकाशगरी उपदेश दिनु हुन्छ । त्यस्ता अरहत्को दर्शन गर्नु कल्याणकरहो" भन्ने खबर सुने ।

---

१. म. नि. ब्रह्मायुसुत्तं । २, हेर पृष्ट ८१ ।

३. हेर पृष्ट ४० ।

उत्तर माणवलाई बुद्धकहाँ पठाए

त्यस बखतमा ब्रह्मायु ब्राह्मणको तीन वेद पारंगत,[१] निघण्टू आदि लक्षणशास्त्रमा निपुण भएका उत्तर नामक माणवक शिष्य थिए। उनलाई बोलाई ब्रह्मायु ब्राह्मणले यो कुरा अऱ्हाए —

"हे उत्तर! श्रमण गौतम शाक्यपुत्र, शाक्यकुलबाट प्रव्रजित भई पाँचशय भिक्षुहरूका साथ विदेहमा चारिका गर्दै हुनुहुन्छ। वहाँ भगवान् गौतमको यस्तो कीर्ति शब्दहरू आकाशमा गुञ्जिरहेका छन् — 'वहाँ भगवान् अरहत् सम्यक् सम्बुद्ध हुनुहुन्छ[२], देव मनुष्यको शास्ता हुनुहुन्छ. बुद्ध हुनुहुन्छ। वहाँले आदि-मध्य-अन्त्य कल्याण हुने उपदेश दिनु हुन्छ। त्यस्ता अरहत्को दर्शन गर्नु कल्याणकरहो।' हे तात! तिमी आऊ, श्रमण गौतम कहाँ जाऊ। वहाँ गई श्रमण गौतमको यी कीर्ति शब्दहरू साँच्चै भएर नै फैलिएका हुन् अथवा होइनन् जाँचगर। भगवान् बुद्ध (जस्तो भनिएको छ) त्यस्तै हुनुहुन्छ वा हुनुहुन्न बुझ। जसबाट हामीहरूले बुद्धलाई राम्ररी चिन्न सकौं!"

चक्रवर्ति राजाको सप्तरत्न

"हे गुरु! मैले श्रमण गौतमलाई त्यस्तै हुनुहुन्छ कि हुनुहुन्न भनी कसरी जान्ने?"

"हे उत्तर! हाम्रा मन्त्रहरूमा (वेदहरूमा) बत्तीस महापुरुष लक्षणका कुराहरू आएका छन्, जुन लक्षणहरूले युक्तहुने महापुरुषको

---

१. हेर पृष्ट ८१। २. हेर पृष्ट ४०।

दुवै मात्र गति हुन सक्दछन् । यदि घरमा बस्दछ भने धार्मिक चक्रवर्ति राजा हुन्छ, चतुर्द्विप विजेता भई जनपदहरूलाई स्थायित्वमा राख्दछ । सप्तरत्न सम्पन्न हुन्छ । ती सप्तरत्नहरू यीनै हुन् :– (१) चक्र-रत्न, (२) हस्ति-रत्न, (३) अश्व-रत्न, (४) मणि-रत्न, (५) स्त्री-रत्न, (६) गृहपति-रत्न र (७) परिणायक-रत्न । त्यस्तै शूर बीर शत्रुविजेता एकहजार भन्दा बढी पुत्रहरू हुन्छन् । उसले यो पृथ्वीको सागरसम्म दण्ड तथा शस्त्र रहित धर्मतापूर्वक विजय गर्छ । यदि उ घर-बार छोडी प्रव्रजित भयो भने अरहत् सम्यक् सम्बुद्ध हुन्छ । राग-द्वेष-मोहबाट निर्लिप्त हुन्छ । हे तात ! म मन्त्रदाता हुँ, तिमी मन्त्र ग्राहक हौ ।"

बुद्धकहाँ उत्तर माणव

"हवस" भनी ब्रह्मायु ब्राह्मणलाई अभिवादन र प्रदक्षिणा गरी उत्तर माणव विदेहतिर चारिका गर्दै जहाँ भगवान् बस्नु भएको थियो त्यहाँ पुगे । त्यस पछि भगवान्‌लाई सम्मोदन गरी एक छेउमा बसे । एक छेउमा बसीरहेका उत्तर माणवले भगवान्‌को शरीरमा भएका बत्तीस लक्षणमध्येका लक्षणहरूको जाँच गर्न थाल्दा उनले गुह्येन्द्रिय र रसनेन्द्रिय (जिभ्रो) बाहेक अरू जम्मै लक्षणहरू विद्यमान भएका देखे । तर न देखिएका दुइ महापुरुष लक्षणहरूकोबारेमा उनलाई भएको शंका समाधान हुनसकेको थिएन । त्यस वखतमा भगवान्‌को मनमा यस्तो लाग्यो – 'यो उत्तर माणवले ममा भएका गुह्यपुरुषेन्द्रिय र पूर्णजिह्वा (जिभ्रो) बाहेक अरू सबै बत्तीस महापुरुष लक्षणहरू देखिसके ।' त्यस

पछि भगवान्ले त्यस्तो ऋद्धि-अभिसंस्कार गर्नु भयो कि जसबाट उत्तर माणवले गुह्यपुरुषेन्द्रिय देख्न सकुन् । यस पछि भगवान्ले आफ्नो जिभ्रो निकाली नाकको दुवै प्वालभित्र पठाउनु भयो, दुवै कानसम्म पनि पुऱ्याइ दिनु भयो र ललाट मण्डललाई समेत ढाकिदिनु भयो । यत्तिकैमा उनको मनको शंका निवारण भयो र उनले यस्तो सोचे :—

"श्रमण गौतम बत्तीस महापुरुष लक्षणहरूले सुसम्पन्न हुनुहुन्छ । अब श्रमण गौतमको ईर्यापथहरू[1] जान्नको निमित्त वहाँको पछि पछि लाग्नु पऱ्यो, अनुबन्धन गर्नु पऱ्यो ।" मनमा यस्तो विचार गरी उत्तर माणवले श्रमण गौतमको सात महीनासम्म छाया समान भई पीछा गरे ।

सात महीनासम्ममा बुद्धको परीक्षा गरीसके पछि उत्तर माणव मिथिला शहरमै फर्केर गए । त्यसपछि ब्रह्मायु ब्राह्मणकहाँ गई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका उत्तर माणवसँग ब्रह्मायु ब्राह्मणले सोधे :—

"हे उत्तर ! कसोहो त, भगवान् गौतमको गुणहरू, लक्षणहरू भएकै हो कि अथवा होइन ? भएकै गुणबाट कीर्ति फैलिएको हो कि अथवा होइन ? साँच्चै वहाँ भगवान् त्यस्तै गुणवान् हुनुहुन्छ कि अन्यथा हुनुहुन्छ त ?"

"हे गुरु ! श्रमण गौतमको यश कीर्ति भएकै गुणबाट फैलिएको हो, अन्यथा होइन । श्रमण गौतम उस्तै नै गुणवान् हुनुहुँदो रहेछ,

---

१. उठनु, बस्नु, हिड्नु र लेट्नु ।

अन्यथा होइन । वहाँ गौतममा बत्तीस महापुरुष लक्षणहरू पनि सुसम्पन्न छन् । यथा :—

बत्तीस महापुरुष लक्षण

१—"भगवान् बुद्धको पाद सुप्रतिष्ठित छन्; यो पनि महापुरुष भगवान् गौतमको महापुरुष लक्षण हो ।

२—"पैतलामा सहस्र तेर्सोचिन्ह, भित्री, बाहिरी घेरा चिन्ह र नाभि सहित सर्वप्रकारले परिपूर्ण चक्र चिन्ह छ ।

३—"सो भगवान्को कुर्कुच्चा लामाछन् ।

४—"... औंलाहरू लामाछन् ।

५—"... मृदु-तरुण-हस्त-पाद छन् ।

६—"... जाल हस्त-पाद छन् (कुचालको दण्डी झैं बराबर भएका औंलाहरू छन्) ।

७—"... गोली गाँठा माथि छन् ।

८—"एणिजङ्घ छ (एणी भन्ने मृगको जस्तो कम्मर छ) ।

९—"न निहुरिकन उभिएर नै भगवान् गौतमले दुवै घुँडा हातले छुन सक्नु हुन्छ ।

१०—"... प्रतिच्छन्न भएको पुरुषेन्द्रिय छ ।

११—"... सुवर्ण वर्ण समान कञ्चन त्वचा छ ।

१२—"सो भगवान्को छवि (छालाको माथिल्लो भाग) सूक्ष्म (चिल्लो) छ । त्यसैले वहाँको शरीरमा धूलो बस्दैन, मयल पर्दैन ।

१३— "... यौटा रोम कूपमा यौटा यौटा मात्र रौं छ ।

१४—"भगवान्‌को रोम उर्ध्वाग्र छ । ती रोमहरू अञ्जनी समान नीला छन् । दाहिनेतिर भुमरी परी टुप्पा माथितिर फर्केका छन् ।

१५—"... ब्रह्म-ऋृजु अर्थात् शरीर बिल्कुल सीधा छ ।

१६—"सप्तस्थान[1] पुष्ट छन् ।

१७—"... सिंह-पूर्वार्ध-काय अर्थात् सिंहको जस्तो पूर्वाध काय चौडा छ ।

१८—"... चितरंस अर्थात् दुवै कांध परिपुष्ट छन् ।

१९—"... न्यग्रोध (बरको रूख) परिमण्डल फैं जति आँङ उचाइ छ, त्यतिनै चौडाइ छ; जति आँङ चौडाइ छ त्यत्ति नै उचाइ छ ।

२०—"... समवर्तित स्कन्ध अर्थात् राम्ररी गोल परेको गर्धन छ ।

२१—"... रसग्गसग्गि अर्थात् तुरन्तै स्वाद हरण गर्न सक्ने जिभ्रो छ ।

२२—"... सिंहको जस्तो हनु (बंगरा) छ ।

२३—"... चालिस वटा दाँतहरू छन् ।

२४—"... सम (बराबर मिलेका) दन्त छन् ।

२५—"... दाँतहरू छिद्र नपरेका टन्न मिलेका छन् ।

२६—"... सेता दाँत छन् ।

---

१. दुइ हात, दुइ खुट्टा, दुइ कांध र आँगसहि गर्धन ।

२७—"… जिभ्रो लामो छ ।

२८—"… ब्रह्मस्वर (कांइलीको जस्तो स्वर) छ ।

२९—"… अभिनील (आलसको फूलकोरंग जस्तो) नेत्र छन् ।

३०—"… बाछाको जस्तो परेला छन् ।

३१—"… भमुकन्तरमा (न्हातिकामा) मसीनो, कपास जस्तो सेतो, नरम रोमराजी छ ।

३२—"सो भगवान्‌को उष्णीष शीर्ष अर्थात् मुकुट जस्तो शीर छ ।

"उक्त बत्तीस महापुरुष लक्षणहरूले भगवान् गौतम सुसम्पन्न हुनुहुन्छ ।"

ईर्यापथ

"हिंडदा खेरि भगवान् पहिले दाँया खुट्टाने राख्नु हुन्छ । न अति लामो न अति छोटो तरिकाले पाइला चाल्नु हुन्छ । न छिटो न ढीलो हिडनु हुन्छ । घुँडाले घुँडा छुवाई हिडनु हुन्न, न गोली गाँठाले गोली गाँठा ठक्कर खवाई हिडनु हुन्छ । हिडदाखेरि न तिघ्रा उचाल्नु हुन्छ, न झुकाउनु हुन्छ । न दरो पार्नु हुन्छ, न लूलो पार्नु हुन्छ । शरीरको तल्लो भागमात्र चलाई हिडनु हुन्छ, शरीरको बलले हिडनु हुन्न । यता उता हेर्दा जस्मै शरीर फर्काई हेर्नु हुन्छ । न माथि हेर्नु हुन्छ, न तल हेर्नु हुन्छ, न यता-उता हेर्नु हुन्छ; युग मात्र (चारहात जति-सम्म) हेर्नु हुन्छ । त्यसभन्दा टाढा ज्ञान-चक्षुले हेर्नु हुन्छ ।

"घरभित्र पस्दा भगवान्ले न शरीर ठाडो पार्नु हुन्छ, न झुकाउनु हुन्छ। न शरीर दरो पार्नु हुन्छ, न लूलो पार्नु हुन्छ। न आसनमा टाढैबाट बस्न खोज्नु हुन्छ, न नजिकबाटै। न हातले टेकी आसनमा बस्नु हुन्छ। न आशनमा शरीर फालेर बस्नु हुन्छ।

"घरभित्र बसिरहँदा हात-खुट्टा चलाइरहनु हुन्न। न घुँडामाथि घुँडा राखी बस्नु हुन्छ, न गोली गाँठामाथि गोलीगाँठा राखी बस्नु हुन्छ। गालामा हात राखेर पनि बस्नु हुन्न। ससंकित भई बस नुहुन्न, कम्पित भई बस्नु हुन्न, न थर थर कामी बस्नु हुन्छ, न त्रासलिई बस्नु हुन्छ। बल्कि निर्भिक, अत्रस्त, शान्त दान्त भई बस्नु हुन्छ।

"पत्तोदक (पात्र धुने पानी) ग्रहण गर्दा न पात्र धेरै उचाल्नु हुन्छ, न तल पार्नु हुन्छ। न अगाडि लैजानु हुन्छ, न पछाडि सार्नु हुन्छ। पानी लिंदा न धेरै लिनु हुन्छ, न थोरै। खल मल्लपारी पात्र धुनु हुन्न। वल्टाई पल्टाई गरेर पनि पात्र धुनु हुन्न। पात्र भुईंमा राखी हात धुनु हुन्न। हात धुँदा पात्र, पात्र धुँदा हात धुइने गरी हात धुनु हुन्छ। पात्रको पानी न टाढा न नजीक फाल्नु हुन्छ, न छर्केर नै फाल्नु हुन्छ।

"भोजन ग्रहण गर्दा न पात्रलाई माथि उचाल्नु हुन्छ, न तल लैजानु हुन्छ। न अगाडि सार्नु हुन्छ, न पछाडि सार्नु हुन्छ। न धेरै भोजन लिनु हुन्छ, न थोरै लिनु हुन्छ। व्यञ्जन पनि प्रमाण मात्रामा लिनु हुन्छ। व्यञ्जन मात्रै खानु हुन्न। दुइ तीन पटक चपाए पछि मात्र निल्नु हुन्छ। कुनै पनि नचपाइएका सीताहरू पेटमा जान्नन्। भातका

कुनै पनि सीता वा टुक्रा मुखमा अडकिएका हुँदैनन् । (एक गाँस सिद्धिए पछि मात्र) अर्को गाँस लिनु हुन्छ । स्वाद लिएर खानु हुन्छ, किन्तु रसास्वादमा मन अल्झाएर होइन ।

"आठ अङ्गले युक्त भईकन भगवान् आहार ग्रहण गर्नु हुन्छ :—'(१) न क्रडाको लागि, (२) न बलवान् हुनको लागि, (३) न सुन्दर बन्नको लागि, (४) न विभूषित हुनको लागि, (५) केवल यो शरीर यापनको लागि, (६) जिघच्छा (भोक) मेटाउनको लागि, (७) शुद्धचर्या (ब्रह्मचर्या) रक्षाको लागि र (८) पुरानो वेदना हटाई नयाँ वेदना उत्पन्न हुन नदिनको लागि, जीवन निर्वाह चलाउनको लागि र निरवद्य तथा कुशल जीवन यापन गर्नको लागि ।'

"भोजन सिद्धिए पछि पात्र धुनलाई पानी लिंदा न पात्र धेरै उचाल्नु हुन्छ, न तलै पार्नु हुन्छ, ··· न छर्केर नै फाल्नु हुन्छ । भोजन गरिसके पछि पात्र भुइमा राख्नु हुन्न । न टाढा राख्नु हुन्छ, न नजीक । पात्र नचाँहिने जस्तो पनि गर्नु हुन्न, न पात्रलाई काखीमै च्यापी राख्नु हुन्छ ।

"भोजन सिद्धिए पछि भगवान्ले भुक्तानुमोदन उपदेश दिनु हुन्छ । वहाँले (उपदेश गर्नु हुँदा) न त्यस भोजनलाई निन्दा गर्नु हुन्छ, न अर्को भोजनको आशा राख्नु हुन्छ, बल्कि धर्मउपदेशले मात्र त्यस परिषद्लाई धर्म दर्शाउनु हुन्छ, ग्रहण गराउनु हुन्छ, उत्साहित पार्नु हुन्छ र प्रसन्न पार्नु हुन्छ । त्यस पछि परिषद्बाट उठेर जानु हुन्छ ।

फर्केर जाँदा न चाँडै जानु हुन्छ, न ढीलो जानु हुन्छ, न हतार मानेर नै जानु हुन्छ।

"भगवान्को चीवर-वस्त्र न धेरै माथि सरेको हुन्छ, न धेरै तल। न शरीरमा टन्न परेको हुन्छ, न खुकुलो हुन्छ। शरीरबाट न बतासले चीवर उडाउँछ। वहाँको शरीरमा धूलो पनि बस्दैन।

"भगवान् विहारमा गई आसनमा बस्नु हुन्छ। बसेर खुट्टा धुनु हुन्छ। खुट्टा धुँदा न राम्रो गर्नको लागि कुनै चीजले दल्नु हुन्छ। खुट्टा धोई शरीरलाई सीधा राखी, स्मृति अगाडि राखी पलेटीमारी बस्नु हुन्छ। कसैको कुभलो चिताएर बस्नु हुन्न, बल्कि सबैको हितचिन्तनगरी बस्नु हुन्छ। विहारमा आउनेहरूलाई उपदेश दिनु हुन्छ। त्यो परिषद्लाई फुर्फुन्याउनु हुन्न, न अप्रसाद नै गराउनु हुन्छ, बल्कि धर्म कथाद्वारा परिषद्लाई धर्म प्रकाश गर्नु हुन्छ, ग्रहण गराउनु हुन्छ, उत्साहितपार्नु हुन्छ र प्रसन्नपार्नु हुन्छ।

"वहाँको मुखबाट अष्टाङ्ग सम्पन्न घोष निस्किन्छ :—'(१) स्पष्ट, (२) बुझ्न सकिने, (३) मञ्जु, (४) श्रवणीय, (५) विन्दू, (६) अविक्षिप्त, (७) गम्भीर र (८) सुन्न सकिने घोष (आवाज)।' जुन स्वरले भगवान् गौतम बोल्नु हुन्छ, त्यो स्वर परिषद्बाट बाहिर जाँदैन। भगवान्को उपदेशबाट प्रसन्न भई आसनबाट उठी भगवान्लाई नमस्कार गरी पुनः पुनः फर्की भगवान्लाई हेर्दै हेर्दै (मानिसहरू) जान्छन्।

"हे गुरु ! हामीले भगवान् गौतमलाई हिंडिरहनु भएको पनि देख्यौं, उभिइ रहनु भएको पनि देख्यौं, घरभित्र पस्नु भएको पनि देख्यौं,

घरभित्र तूष्णिभावले बस्नु भएको पनि देख्यौं, घरमा खाइरहनु भएको पनि देख्यौं, भोजन पछि तूष्णि भई बस्नु भएको पनि देख्यौं, अनुमोदन गर्नु भएको पनि देख्यौं, विहारमा फर्केको पनि देख्यौं, विहारमा पुगी तूष्णि भई बस्नु भएको पनि देख्यौं, विहारमा आएका परिषद्लाई धर्मोपदेश गर्नु भएको पनि देख्यौं। भगवान् गौतम इत्यादि कुराहरूले सुसम्पन्न भएको हामीले देख्यौं, अझ यो भन्दा पनि धेरै छन्।"

ब्रह्मायु ब्राह्मणको बुद्ध-दर्शन

यति कुरा सुनिसके पछि ब्रह्मायु ब्राह्मण आसनबाट उठी उत्तरासङ्ग एकांश गरी जहाँ भगवान् हुनुहुन्थ्यो त्यस तरफ हेरी, हातजोरी नमस्कार गरी उनले तीन पटक निम्न उदान भने :—

"नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स।"

अर्थ :—

"वहाँ भगवान् अरहत् सम्यक् सम्बुद्धलाई नमस्कार।"

यति उद्गार वाक्य प्रकाश गरी, "शायद कुनै दिन भगवान् गौतमसँग भेट पनि हुनसक्छ, त्यस बेला वहाँसँग केही कुराकानी पनि हुनसक्छ" भनी मनमनै विचार गरे।

भगवान् पनि विदेहराज्यमा अनुपूर्व चारिका गर्दै मिथिला नगरमा आइपुग्नु भयो। त्यस बेला भगवान् मिथिलाको मखादेव

आम्रबनमा बस्नु भएको थियो । अनि मिथिलाका ब्राह्मणहरूले यस्तो सुने :—

"श्रमण गौतम शाक्यपुत्र शाक्यकुलबाट प्रव्रजित भई विदेहमा चारिकागर्दै, पाँचशय भिक्षुहरूका साथ मिथिलामा आइपुग्नु भएको छ । वहाँ अहिले मिथिलाको मखादेव आम्रबनमा बस्नु भएको छ । सो भगवान् गौतमको यस्तो कीर्तिशब्द फैलिएको छ—'सो भगवान् अरहत् सम्यक् सम्बुद्ध हुनुहुन्छ[१]० वहाँले स्वयं बोध गर्नु भएको धर्मोपदेश देव ब्रह्मसहित मनुष्यहरूलाई दिनु हुन्छ । वहाँले आदि-मध्य-अन्त्य कल्याण हुने ··· ब्रह्मचर्यको प्रकाश गर्नु हुन्छ । त्यस्ता अरहतको दर्शन गर्न जानु कल्याणकर हो ।" यी कुराहरू सुनी मिथिलाका ब्राह्मणहरू भगवान् कहाँ गए । अनि तिनीहरू मध्ये केहीले भगवान्लाई अभिवादन गरी एक छेउमा बसे, केहीले नमस्कार गरी ··· केहीले सम्मोदन गरी ··· केहीले नाम र गोत्र सुनाई ··· केही चुपचाप भई एक छेउमा बसे ।

ब्रह्मायु ब्राह्मण पनि—"श्रमण गौतम ··· मखादेव आम्रबनमा बस्नु भएको छ" भन्ने कुरा सुनी आफ्ना धेरै श्रावकहरूसँग मखादेव आम्रबनमा गए । त्यहाँ पुग्नु भन्दा अगाडि नै ब्रह्मायु ब्राह्मणको मनमा यस्तो लाग्यो —"पूर्व सूचना विना भगवान् गौतमको दर्शन गर्न जानु मेरो निम्ति उचित छैन ।" यति विचार आएपछि ब्रह्मायु ब्राह्मणले एक माणवलाई बोलाई यस्तो कुरा अह्राए —"जाऊ माणव ! तिमी श्रमण गौतम कहाँ गई मेरो वचनबाट क्षेम कुशल कुरा सोध —'ब्रह्मायु ब्राह्मण

---

१. हेरपृष्ट ४० ।

भगवान् गौतमको क्षेम कुशल कुरा सोद्ध छ' यति भनिसके पछि यस्तो निवेदन गर कि—'भो गौतम ! ब्रह्मायु ब्रह्माण जीर्ण, वृद्ध, बैंस बितिसकेको एकशय बीस बर्ष पुगिसकेको, तीन वेदमा पारंगत[१] छ । जति ब्राह्मण गृहपतिहरू मिथिलामा बस्दछन्, तिनीहरू मध्ये भोगसम्पत्तिमा पनि, मन्त्रादि शास्त्रहरूमा पनि ब्रह्मायु ब्राह्मण श्रेष्ठ, उत्तम र अग्रगण्य छ । आयुमा पनि ब्रह्मायु ब्राह्मण नै जेठो छ र यश कीर्तिमा पनि । सो ब्रह्मायु ब्राह्मण तपाइ गौतमको दर्शनाभिलाषी छ ।"

"हवस" भनी सो माणव जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई सम्मोदन गरिसके पछि एक छेउमा बसे । एक छेउमा बसेका सो माणवले भगवान्लाई ब्रह्मायु ब्राह्मणले भनी पठाएका कुराहरू निवेदन गरे । अनि, "ब्रह्मायु ब्राह्मण जे उचित ठान्दछन् त्यसै गरुन्" भन्ने कुराको जवाफ भगवान्ले दिनु भयो ।

त्यसपछि ब्रह्मायु ब्राह्मण कहाँ गई सो माणवले यसो भने—"श्रमण गौतमबाट अवकाश प्राप्त गरिसकेको छु । अब जे इच्छा छ सोही गर्नु होस् ।"

यसपछि ब्रह्मायु ब्राह्मण भगवान्कहाँ गए । भगवान्कहाँ बसिरहेका परिषद्ले ब्रह्मायु ब्राह्मण आइरहेको टाढैबाट देखे । त्यस्ता नामी ख्यातीप्राप्त ब्राह्मण आइरहेको देखेर बस्ने ठाउँ खाली गरिदिए । ब्रह्मायु ब्राह्मणले परिषद्लाई भने :—

---

१. हेर पृष्ट ८१ ।

"भो, भो, तपाइहरू आ-आफ्ना ठाउँमा बस्नुहोस्। म यहीं श्रमण गौमतको नजिकै बस्ने छु।"

गुह्येन्द्रिय देखाउन अनुरोध

यसो भन्दै ब्रह्मायु ब्राह्मण भगवान्को नजिकै गई भगवान्सँग सम्मोदन गरी एक छेउमा बसे। अनि उनले भगवान्को शरीरमा बत्तीस महापुरुष लक्षणहरू हेर्न थाले। उनले भगवान्को शरीरमा दुइवटा लक्षण बाहेक अरू जम्मै देखे। दुइ महापुरुष लक्षणमा शंका थियो। निःसन्देह हुनसकेका थिएनन्। ती हुन्, गुह्यपुरुषेन्द्रिय र जिभ्रो। अनि ब्रह्मायु ब्राह्मणले भगवान्सँग गाथाद्वारा अनुरोध गरे :—

१—"ये मे द्वत्तिंसाति सुता, महापुरिस लक्खणा।
दुवे तेसं न पस्सामि, भोतो कायस्मिं गोतम॥
२—"कच्चि कोसोहितं भोतो, वत्थुगुह्यं नरुत्तम।
नारीसमानसह्वया, कच्चि जिह्वा न दस्सका॥
३—"कच्चि पहूतजिह्वोसि, यथा तं जानियामसे।
निन्नामयेतं पहूतं, कङ्खं विनय नो इसे॥
४—"दिट्ठधम्म हितत्थाय, सम्परायसुखाय च।
कतावकासा पुच्छाम, यं किञ्चि अभिपत्थितं'ति॥"

अर्थः—

१—"जुन मैले बत्तीस महापुरुष लक्षणहरूको बारेमा सुनेको थिएँ, ती मध्ये तपाइका शरीरमा दुइवटा लक्षणहरू देख्न सकिन।

२—"वस्त्र आच्छादित नारी आह्वान गर्ने तपाइ नरोत्तमको पुरुषेन्द्रिय र जिह्वेन्द्रिय म देख्दिन ।

३—"तपाइको जिभ्रो लामो छ कि छैन भनी जान्नका लागि र शंकानिवारणका लागि, जिभ्रो निकाल्न सक्नु हुन्छ कि ?

४—"यदि अवकाश दिनु भएमा, दृष्टधर्म-हित हुने अथवा सम्परायिक-सुख हुने मध्ये कुनै एक कुरा पनि सोध्न चाहन्छु ।"

त्यस बेला भगवान्को मनमा पनि यस्तो लाग्यो—"ब्रह्मायु ब्राह्मणले पुरुषेन्द्रिय र रसनेन्द्रिय यी दुइ लक्षणहरू बाहेक अरू सबै लक्षणहरू देखिसके । यी दुइ महापुरुष लक्षणबारे शंका गरिरहेका छन्, निश्चिन्त हुनसकेका छैनन् ।" यति विचार गरिसके पछि भगवान्ले त्यस्तो ऋद्धि अभिसंस्कार गर्नु भयो जसबाट ब्रह्मायु ब्राह्मणले पुरुषेन्द्रिय देख्न सकुन् । त्यसै अनुसार भगवान्ले आफ्नो जिभ्रो निकाली नाकको दुवै प्वालभित्र पठाउनु भयो र दुवै कानसम्म पनि पुऱ्याइ दिनु भयो । यसरी देखाइसके पछि भगवान्ले ब्रह्मायु ब्राह्मणलाई भन्नुभयो:—

१—"ये ते द्वत्तिंसा ति सुता, महापुरिस लक्खणा ।
सब्बे ते मम कायस्मिं, मा ते कङ्खाहु ब्राह्मण ॥

२—"अभिञ्ञेय्यं अभिञ्ञातं, भावेतब्बं च भावितं ।
पहातब्बं पहीनं मे, तस्मा बुद्धोस्मि ब्राह्मण ॥

३—"दिट्ठधम्महितत्थाय, सम्परायसुखाय च ।
कतावकासो पुच्छस्सु, यंकिञ्चि अभिपत्थितं ति ॥"

अर्थ :—

१—"हे ब्राह्मण ! जो तिमीले बत्तीस महापुरुष लक्षणहरूबारे सुनेका छौ, ती सबै मेरा शरीरमा छन्, तिमीले यस्मा शंका गर्नु पर्दैन।

२—"हे ब्राह्मण ! जान्नुपर्ने जानिसकें, गर्नुपर्ने ध्यान गरिसकें, छोड्नु पर्ने छोडिसकें, त्यसैले म बुद्ध हुँ ।

३—"सन्दृष्टिक र सम्परायिकसुख मध्ये जे इच्छा लाग्छ सोध, म अवकाश दिन्छु ।"

सम्परायिकबारे प्रश्न

यो कुरा सुनी ब्रह्मायु ब्राह्मणको मनमा—"श्रमण गौतमले अवकाश दिनु भयो । श्रमण गौतमसँग के सोधौं ? —दृष्ट-धर्मबारे सोधौं कि सम्परायिकबारे ?" भन्ने कल्पना भएपछि ब्रह्मायु ब्राह्मणले पुनः यसरी विचारगरे—"सन्दृष्टिक कुराहरूबारे म स्वयं कुशल छु । अरूहरू पनि म कहाँ आई इहलोकको कुरा सोद्ध छन्, त्यसो हुनाले श्रमण गौतमसँग सम्परायिकबारे कै कुरा सोध्नु पर्‍यो ।" यति विचार गरी ब्रह्मायु ब्राह्मणले भगवान्सँग गाथाद्वारा निम्न कुरा सोधे :—

१—"कथं खो ब्राह्मणो होति कथं भवति वेदगू ।
तेविज्जो भो कथं होति सोत्थियो किन्ति वुच्चति ॥
२—'अरहं भो कथं होति कथं भवति केवली ।
मुनि च भो कथं होति, बुद्धो किन्ति पवुच्चतीं ति ॥"

अर्थ :—

१—"कसरी ब्राह्मण हुन्छ ? कसरी जान्ने हुन्छ ? कसरी त्रैविद्य हुन्छ ? श्रोत्रीहरू के भन्दछन् ?

२—"अरहं कसरी हुन्छ ? कसरी केवली हुन्छ ? कसरी मुनि हुन्छ ? कसलाई बुद्ध भन्दछन् ?"

त्यस पछि भगवान्‌ले ब्रह्मायु ब्राह्मणलाई गाथाद्वार उत्तर दिनु भयो :—

१—"पुब्बेनिवासं यो वेदि, सग्गापायं च पस्सति ।
अथो जातिक्खयं पत्तो, अभिञ्ञा वोसितो मुनि ॥
२—"चित्तं विसुद्धं जानाति, मुत्तं रागेहि सब्बसो ।
पहीनजातिमरणो, ब्रह्मचरियस्स केवली ।
पारगू सब्बधम्मानं बुद्धो तादी पवुच्चती'ति ॥"

अर्थ :—

१—"हे ब्राह्मण ! जसले पूर्वजन्मलाई जान्दछ र स्वर्ग नरकलाई देख्दछ, जसले जातिक्षय प्राप्त गरेको छ, जो ज्ञानी अन्तिमदेह धारी छ;

२—"जसले चित्त-विशुद्धि जान्दछ, जो सबै रागबाट मुक्तछ, जसको जाति-मरण प्रहीण भइसक्यो, जो ब्रह्मचर्यद्वारा केवली छ, जो

सबै धर्मबाट पारंगत छ (त्यो) निश्चल हुने (पुरुष) लाई बुद्ध भन्द छन् ।"

ब्रह्मायु ब्राह्मणको भक्ति

यति कुरा सुनेर, ब्रह्मायु ब्राह्मण आसनबाट उठी उत्तरासङ्ग एकांश गरी भगवान्को चरणमा शीरले ढोगी, भगवान्को चरण कमलमा म्वाइखाए। हातले पनि परामर्श गरे। आफ्नो नाउँ पनि सुनाए— "भो गौतम ! म ब्रह्मायु ब्राह्मण हुँ, म ब्रह्मायु ब्राह्मण हुँ !" त्यहाँ जम्मा भइरहेका परिषद्हरूले बडो अचम्म, आश्चर्य मानेर यसो भने— "आश्चर्य ! अद्भुत !! यस्तो नामी, यशस्वी ब्रह्मायु ब्राह्मणले पनि यसरी परम भक्ति देखाउँछन् !" भगवान्ले ब्रह्मायु ब्राह्मणलाई भन्नु भयो—"हे ब्राह्मण ! भयो, भयो, पुग्यो ! उठ ! आफ्नो आसनमा बस ! ममाथि चित्त प्रसन्न गरेको पुग्यो !" यति सुनी ब्रह्मायु ब्राह्मण आसनबाट उठेर आफ्नो आसनमा बसे ।

ब्रह्मायु ब्राम्हणलाई धर्मावबोध

त्यस पछि भगवान्ले ब्रह्मायु ब्राह्मणलाई आनुपूर्विकथा सुनाउनु भयो, यथा :— दानकथा, शीलकथा, स्वर्गकथा; कामवासनाको दोषता, तुच्छता, संक्लिष्टता र नैष्क्रम्यको गुण। जब भगवान्ले ब्रह्मायु ब्राह्मणको चित्त 'उपयुक्त भयो, मृदु भयो, नीवरण (आवरण) रहित भयो, प्रफुल्लित भयो, प्रसन्न भयो' भनी जान्नु भयो, तब आफैले खोजी गरी पाएको (सामं उक्कंसितं) धर्मोपदेश दिनु भयो—"यो दुःख हो, यो दुःख

समुदय हो, यो दुःख निरोध हो, यो दुःख निरोधको मार्ग हो ।" जसरी मैलो नभएको, सफा र सुकिलो बस्त्रमा रंगले राम्ररी समात्छ, त्यस्तै गरी ब्रह्मायु ब्राह्मणलाई त्यहीं, आसनमै विरज-वीतमल-धर्मचक्षु लाभ भए— "जे जति समुदय धर्मका हुन् ती जम्मै निरोध धर्म हुन्" भन्ने ज्ञान पनि अवबोध भयो । ब्रह्मायु ब्राह्मणले बुद्ध-धर्ममा दृष्टधर्म, प्राप्त धर्म, विदित धर्म र गम्भीररूपले धर्मलाई बुझिसके पछि निःशंकी, निश्चिन्त र वैशारद्य भई, धर्मबारे कसैको सहायता न चाहिने भएपछि भगवन्सँग यसरी प्रार्थना गरे :—

"धन्य, भो गौतम ! धन्य, भो गौतम !! घोप्टेकोलाई उत्तानो पारिदिदा,[१] अन्धकारमा तेलको बत्ती राखिदिदा आँखा हुनेहरूले रूप देखे झैं, तपाइ गौतमले मलाई अनेक प्रकारबाट धर्म प्रकाश पारिदिनु भयो । अब म, तपाइ गौतमको शरणमा पर्छु धर्म र भिक्षुसङ्घको पनि। आजदेखि आजीवनसम्म तपाइ गौतमको शरणमा आएको उपासक हो भनी स्वीकार गर्नुहोस् ! भोलिको निमित्त भिक्षुहरू सहित, मेरो निमन्त्रणा पनि स्वीकार गर्नुहोस् !" भगवान्ले तूष्णिभावद्वारा निम्तो स्वीकार गर्नु भएको बुझी ब्रह्मायु ब्राह्मण आसनबाट उठी भगवान्लाई अभिवादन र प्रदक्षिणा गरी फर्केर गए ।

ब्रह्मायु ब्राह्मणको भोजन-दान

ब्रह्मायु ब्राह्मणले त्यो रात बितेपछि आफ्नो घरमा प्रणीत खाद्य भोज्य

---

१. पृष्ट १७ मा हेर्नुहोस् ।

तयारपारी भगवान्लाई समयको सूचना दिन पठाए—"भोजन तयार भयो, भोजनको समय भयो।"

अनि भगवान् पूर्वाण्ह समयमा चीवर-वस्त्र धारण गरी पात्र-चीवर ग्रहण गरी, जहाँ ब्रह्मायु ब्राह्मणको घर थियो त्यहाँ जानु भयो। त्यहाँ भिक्षुहरू सहित भगवान् बिच्छ्याइ राखेको आसनमा बस्नु भयो। ब्रह्मायु ब्राह्मणले एक हप्तासम्म बुद्धप्रमुख भिक्षुसङ्घलाई प्रणीत खाद्य भोज्य आफ्नै हातले सन्तर्पित गरे। भगवान् त्यस सप्ताह बितिसके पछि विदेहमा चारिकार्थ जानु भयो।

अनागामी ब्रह्मायु ब्राह्मण

ब्रह्मायु ब्राह्मण, भगवान् जानु भएको केही दिन पछि परलोक भए। केही भिक्षुहरू भगवान्कहाँ गई भगवान्लाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका ती भिक्षुहरूले भगवान्सँग निम्न कुरा सोधे :—

"भन्ते ! ब्रह्मायु ब्राह्मण परलोक भए। उनको कस्तो गती, कस्तो अभिसम्पराय भयो होला ?"

"हे भिक्षुहरू ! ब्रह्मायु ब्राह्मण पण्डित थिए, उनले धर्मानुधर्म प्रतिपादन गरे, धर्मको कारणले मलाई कष्ट दिएनन्। ब्रह्मायु ब्राह्मण पाँच अधोगामिनी संयोजन[१] क्षयगरी औपपातिक (ब्रह्मलोकमा उत्पन्न)

---

१. सत्कायदृष्टि, विचिकित्सा, शीलव्रतपरामर्श, कामच्छन्द र ब्यापाद-संयोजन।

भएका छन्, त्यहीं नै परिनिर्वाण हुने छन्, फेरि त्यस लोकबाट यहाँ आउने छैनन् ।"

भगवान्ले यति भन्नु भए पछि, खुशी तथा प्रसन्नताका साथ भिक्षुहरूले भगवान्लाई अभिनन्दन गरे ।

—✻—

२७. चङ्की ब्राम्हण

परिचय

कोशलराज्यको ओपसाद गाउँको एक समृद्धशाली ख्याति प्राप्त ब्राह्मणकुलमा चङ्की ब्राह्मणको जन्म भएको थियो । पछि उनी कोशल राजाका पाँचजना पुरोहितहरू[1] मध्ये प्रमुख हुन पुगे । यी पाँचजना मध्ये चङ्की ब्राह्मणको नाउँ पनि सुत्तनिपात, मज्झिमनिकाय, अङ्गुत्तर-निकाय तथा दीर्घनिकायमा उल्लेख भएको पाइन्छ । यिनले कोशल राजाबाट भूसम्पत्ति तथा पशुसम्पत्ति पनि पाएका थिए । साथै कोशल राजाबाट प्राप्त अधिकारद्वारा कर पनि उठाएर लिन्थे । गाउँको झगडा-हरू पनि हेर्थे र अपराधीहरूलाई दण्ड पनि दिन्थे । अतः यिनी गाउँका अधिपति नै थिए ।

राजाले लालमोहर लगाइ दिएको भूसम्पत्ति र पशुसम्पत्तिबाट यी धनपति, भूपति भए । यिनकहाँ हात्ती, घोडा, गाइबस्तुहरू धेरै थिए । त्यसैले यी जनाकीर्ण मात्र नभई बहु कृत्य पनि थिए । स्वेत छत्रधारी भई ऐस आराममा बस्थे । भोगविलाशको कुनै कमी थिएनन् । यिनका सेक्रेटरी, खजाञ्चीहरू हुनुको साथै घरमा पालो पहराको बन्दोबस्त पनि थियो । दिउसो सुत्नु ठूला ठूला पुरोहितहरूको दैनिक चर्यानै थियो ।

---

१. चङ्की, तारुक्ख, पोक्खरसाति, जानुस्सोणी र तोदेय्य ब्राह्मण ।

एक दिन उपरि प्रासादमा सुतिरहेका चङ्की ब्राह्मणले ब्राह्मणहरूका फौजका फौज मिली ओपसाद गाउँबाट बाहिर गइरहेका देखे। ती ब्राह्मणहरू बुद्धकहाँ जाने भन्ने सुनी आफु पनि, ती ब्राह्मणहरूले रोक्दा रोक्दै बुद्धकहाँ गएबाट चङ्की ब्राह्मण शिष्टसम्पन्न देखिन्छन्। उनले गरेको बुद्धवर्णनबाट चङ्की ब्राह्मण बहुश्रुत तथा सामयिक परिस्थितिको पुरा जानकारी राख्ने मध्येका एकहुन् भन्ने कुरा स्पष्ट देखिन्छ। बुद्धप्रति उनको ठूलो श्रद्धारहेको देखिन्छ। किन्तु त्रिपिटकमा भने उनले बुद्धको शरणलिएको कुरा कहीं पनि देखिंदैन।

कापटिक माणव

बुद्धकहाँ बुढा, बुढाहरू कुराकानी गरिरहँदा उनको साथमा गएका सोरह वर्षीय कापटिक माणवले बीच बीचमा कुराकाटी बोलनाले कापटिक माणवको तरुणपनको स्वभाव व्यक्त भएको देखिन्छ। चङ्की ब्राह्मणले, "बुद्धसँग कुरागर्न यिनी समर्थ छन्" भनेर भनेका हुनाले यसबाट कापटिक माणवको विद्वत्ता देखिन्छ। कापटिक माणवको तरुणपनको कारणले गर्दा विद्वत्ता भन्दा इच्छा प्रबल देखिन्थ्यो। जस्तोकि त्यस उमेरका प्राय सबैजसो तरुण युवकहरूमा यस्तै स्वभाव पाइन्छ। बुद्धले यीनको कुरा गर्ने ताच्छिल्यलाई रोक्नुहुँदा कापटिक माणवको मनमा युवापनको अहंकारले चोट लागेको जस्तो अनुभव भएकोले उनी बुद्धसँग खूब वादविवाद गर्न चाहन्थे। बुद्ध धैर्यवान् तथा कारुणिक त हुँदै हुनुहुन्थ्यो। अतः बुद्धले उनको आकांक्षा पूरा गरिदिने मौका प्रदान गर्नु भयो। यस पछि माणवले बुद्धसँग प्रश्न सोधे। जुन कुरा सूत्रमा उल्लेख भएकै छ।

अन्तमा कापटिक माणव बुद्धको दयापूर्ण तथा सरल ढंगका उपदेशहरू सुनी अत्यन्त प्रभावित भए। बुद्धकोबारेमा आफुमा अघि भएका अज्ञानतालाई पनि स्वीकार गरी बुद्धकै शरण पर्नगए[१]। अरू कुरा तलका सूत्रबाटै स्पष्ट हुनेछ।

× × ×

सूत्र :—

चङ्की ब्राह्मण

यस्तो मैले सुने[२]।

एक समय भगवान् धेरै भिक्षुहरूसँग कोशल राज्यमा चारिका गर्दै ओपसाद भन्ने कोशल ब्राह्मणहरूका गाउँमा पुग्नु भयो। त्यहाँ भगवान् ओपसाद गाउँको उत्तरपट्टि देवबन[३] शालबनमा बस्नु भएको थियो।

त्यस बखत चङ्की ब्राह्मण, जनाकीर्ण, त्रिण-काष्ट-उदक-धान्य सम्पन्न, कोशल राजाबाट पाएको राजभोग; राज-प्रदत्त ब्रह्म-प्रदत्त

---

१. अ. क. आधारित। २. म. नि. चङ्कीसुत्त।

३. यस बनमा देवबली पूजा गर्थे त्यसैले यस बनलाई देव-बन भनिएको हो। शाल वृक्षहरूको बन भएको हुँदा शालबन पनि भनिएको हो।

(विइसके पछि हरण गर्न नपाउने) भोग गरी ओपसाद गाउँमा बस्दथे। ओपसाद गाउँका ब्राह्मणहरूले सुनेकि—"श्रमण गौतम शाक्यपुत्र, शाक्यकुलबाट प्रव्रजित भई, कोशलदेशमा चारिका गर्दै, धेरै भिक्षुहरूका साथ ओपसाद गाउँमा आइपुगी, ओपसाद गाउँको उत्तरपट्टि देवबन शालबनमा बस्नु भएको छ। सो भगवान् गौतमको यस्तो कल्याण कीर्ति शब्द फैलिरहेको छ—"सो भगवान् अरहत् सम्यक् सम्बुद्ध हुनुहुन्छ[१०]।"

अनि ओपसादका ब्राह्मणहरू गाउँबाट निस्की जमातका जमात मिली उत्तरपट्टिको देवबन शालबनतिर गइरहेका थिए। त्यस बखतमा चङ्की ब्राह्मण प्रासादको माथिल्लो तलामा दिवाशैय्या गरिरहेका थिए। चङ्की ब्राह्मणले प्रासादको माथिल्लो भागबाट ओपसाद गाउँका ब्राह्मण गृहस्थीहरू ओपसादबाट निस्की जमातका जमात भई ओपसादको उत्तर पट्टिको देवबन शालबनतिर गइरहेका देखे। देखेर क्षत्त[२] (द्वारपाल) लाई बोलाई सोधे—"हे क्षत्त! ओपसादका ब्राह्मण गृहस्थीहरू ओपसादबाट निस्की ओपसादको उत्तरपट्टिको देवबन शालबनतिर किन लागि रहेका!"

"भो चङ्की! श्रमण गौतम शाक्यपुत्र शाक्यकुलबाट प्रव्रजित भई, कोशलदेशमा चारिका गर्दै अहिले ओपसाद गाउँमा आइपुग्नु भई, ओपसाद गाउँको उत्तरपट्टिको देवबन शालबनमा बस्नु भएको छ। सो भगवान् गौतमको यस्तो कल्याण कीर्ति शब्द फैलिरहेको छ कि—"सो

१. पृष्ट १६४ मा झैं।

२. शूद्रबाट क्षत्रिय कुलमा जन्मेका वर्णसंकर मानिस।

भगवान् अरहत् सम्यक् सम्बुद्ध हुनुहुन्छ[१०]।' भगवान् गौतमको दर्शनार्थ उनीहरू जाँदैछन् ।"

"हे क्षत्त ! त्यसो भए तिमी ओपसादका ब्राह्मण गृहस्थीहरू कहाँ गई यसो भन—"चङ्की ब्राह्मण यसो भन्दछ—'तपाइहरू केहीछिन पर्खनुहोस्, चङ्की ब्राह्मण पनि श्रमण गौतमको दर्शनार्थ जान चाहन्छ ।'" "हवस" भनी प्रत्युत्तर दिई जहाँ ओपसादका ब्राह्मण गृहस्थीहरू थिए त्यहाँ गई—"केही छिन पर्खनु होस्, चङ्की ब्राह्मण पनि श्रमण गौतमको दर्शनार्थ जान चाहनु हुन्छ" भनी सो क्षत्तले भने ।

त्यस बखतमा विभिन्न देशहरूका पाँचशय जति ब्राह्मणहरू केही कामले ओपसादमा आएका थिए । ती ब्राह्मणहरूले सुने कि—"चङ्की ब्राह्मण श्रमण गौतमको दर्शनार्थ जाँदै छन् ।" अनि ती ब्राह्मणहरू चङ्की ब्राह्मणकहाँ गई सोधे :—"साँच्चै तपाइ पनि श्रमण गौतमको दर्शनार्थ जानु हुने रे, हो ?"

"हे ब्राह्मणहरू ! साँच्चै हो ।"

चङ्की-वर्णन

"भो चङ्की ! तपाइ श्रमण गौतमको दर्शनार्थ न जानुहोस् । तपाइ श्रमण गौतमको दर्शनार्थ जान उचित्त छैन, बरू श्रमण गौतम नै तपाइको दर्शनार्थ आउन उचित्त हुने छ । जे भए पनि तपाइ सजातीय

---

१. पृष्ट १६४ मा हेर्नुहोस् ।

आमा बाबुबाट जन्मेको हुनुहुन्छ,[१०] सातपुस्तादेखि जातिवादद्वारा निन्दा, अपवाद भएको छैन। जो तपाइ सजातीय आमा बाबुबाट जन्मिनु भएको हुनुहुन्छ, त्यस कारणले पनि तपाइ श्रमण गौतमको दर्शनार्थ जान उचित्त छैन, बरू श्रमण गौतम नै तपाइको दर्शनार्थ आउन उचित्त हुने छ। तपाइ धनी-महाधनी-महाभोगी हुनुहुन्छ,..., तपाइ तीन वेदमा पारंगत हुनुहुन्छ,... तपाइ अभिरूप, दर्शनीय, प्रासादिक, परमवर्ण सुन्दरताले सम्पन्न; ब्रह्मवर्णले युक्त, ब्रह्माको जस्तो शरीर हुनु भएको अर्थात् तपाइका अङ्ग प्रत्यङ्ग सबै दर्शनीय छन्,... तपाइ शीलवान्, वृद्धशीलले सम्पन्न हुनुहुन्छ, ... तपाइ सुन्दर-मधुर-गुणयुक्त भाषी, स्पष्ट भाषी, दोषरहित कुरा गर्नु हुन्छ, अर्थ बुझ्ने गरी बोल्नु हुन्छ,... तपाइ धेरैको आचार्य प्राचार्य हुनुहुन्छ,... तीनशय माणवकहरूलाई मन्त्र (वेद) पढाउनु हुन्छ,... तपाइ राजा प्रसेन्जितद्वारा सत्कृत-गुरुकृत-मानित-पूजित-अपचित हुनुहुन्छ,... तपाइ ब्राह्मण पुष्करसातीद्वारा पनि सत्कृत ... अपचित हुनुहुन्छ, जो तपाइ पुष्करसाती ब्राह्मणबाट सत्कृत... अपचित हुनुहुन्छ त्यस कारणले पनि तपाइ श्रमण गौतमको दर्शनार्थ जान उचित छैन, बरू श्रमण गौतम नै तपाइको दर्शनार्थ आउन उचित हुने छ। जो तपाइ जनाकीर्ण, त्रीण-काष्ट-उदक-धान्यसम्पन्न भई, कोशल राजाबाट पाएको राजभोग; राजदिन्न (प्रदत्त) ब्रह्मदिन्न (प्रदत्त) भोग गरी ओपसाद गाउँमा बस्नु भएको छ, त्यस कारणले पनि तपाइ श्रमण गौतमको दर्शनार्थ जानु उचित छैन, बरू श्रमण गौतमण नै तपाइको दर्शनार्थ आउनु उचित हुने छ।"

---

१. पृष्ट १३१ मा झैं।

बुद्ध-वर्णन

यी कुरा सुनेर चङ्कीब्राह्मणले ती ब्राह्मणहरूलाई यसो भने— "हे ब्राह्मणहरू ! मेरो पनि केही कुरा सुन्नुहोस् ! हामी नै श्रमण गौतमको दर्शनार्थ जानु उचित छ, किन्तु श्रमण गौतम हामीकहाँ आउनु उचित छैन ! यसको कारण के भने —

१—"श्रमण गौतम सजातीय आमा बाबुबाट जन्मनु भएको छ, परिशुद्ध गर्भधारण गर्नु भएको छ, सातपुस्तादेखि पितामह युगललाई जातिवादद्वारा निन्दा उपहास भएको छैन। जो श्रमण गौतम सजातीय आमा बाबुबाट जन्मनु भएको छ, परिशुद्ध गर्भधारण गर्नु भएको छ, सातपुस्तादेखि पितामह युगललाई जातिवादद्वारा निन्दा, उपहास भएको छैन, यस कारणले पनि श्रमण गौतम हामीकहाँ दर्शनार्थ आउनु उचित छैन बरू हामी नै श्रमण गौतमको दर्शनार्थ जानु उचित छ।

२—"श्रमण गौतम, भूमिगत, आकाशगत, भरिपूर्ण भएको हिरण्य सुवर्ण छाडेर प्रव्रजित हुनु भएको छ। यस कारणले पनि···हामी नै···जानु उचित छ।

३—"श्रमण गौतम, तन्नेरी युवा छँदा छँदै, सूक्ष्मकालो केश हुँदा हुँदै, भद्र यौवनको अवस्थामै घर-वार त्यागी प्रव्रजित हुनु भएको छ। यस कारणले पनि ··· हामी नै ··· जानु उचित छ।

४—"श्रमण गौतम आमा बाबुको इच्छा नभएकन आमा बाबु आँसु बहाइ रुँदा रुँदै, केश दाह्री खौर गरी, कषाय वस्त्र धारण

गरी, घर-बार त्यागी प्रव्रजित हुनु भएको छ। यस कारणले पनि ··· हामी नै ··· जानु उचित छ।

५—"श्रमण गौतम, अतिसुन्दर हुनुहुन्छ, दर्शनीय, प्रासादिक, परमवर्ण सुन्दरताले सुसम्पन्न; ब्रह्मवर्णले युक्त, ब्रह्मसमानको शरीर हुनु भएको अर्थात् वहाँको अङ्ग प्रत्यङ्ग सबै दर्शनीय छन्। यस कारणले पनि ··· हामी नै ··· जानु उचित छ।

६—"श्रमण गौतम, शीलवान्, आर्यशील, कुशलशील, कुशल-शील-गुणले सुसम्पन्न हुनुहुन्छ। यस कारणले पनि ··· हामी नै ··· जानु उचित छ।

७—"श्रमण गौतम, कल्याणवाची, मधुरभाषी, गुणयुक्त-स्पष्ट-भाषी, दोषरहित कुरा गर्ने र अर्थ बुझ्ने गरी कुरा गर्ने हुनुहुन्छ। यस कारणले पनि ··· हामी नै ··· जानु उचित छ।

८—"श्रमण गौतम धेरैको आचार्य प्राचार्य हुनुहुन्छ। यस कारणले पनि ··· हामी नै ··· जानु उचित छ।

९—"श्रमण गौतम, क्षीण कामरागी, क्षीण प्रपञ्च-चापल्यता हुनुहुन्छ। यस कारणले पनि ··· हामी नै ··· जानु उचित छ।

१०—"श्रमण गौतम कर्मवादी, क्रियावादी, कुभलो नचिताउने तथा ब्राह्मण सन्तानहरूको समेत हितैषी हुनुहुन्छ। यस कारणले पनि ··· हामी नै ··· जानु उचित छ।

११—"श्रमण गौतम दीन-हीन क्षत्री कुलाबाट होइन किन्तु उच्च क्षत्री कुलबाट प्रव्रजित हुनु भएको छ। यस कारणले पनि ··· हामी नै ··· जानु उचित छ।

१२—"श्रमण गौतम निर्दोषी उच्च क्षत्री कुलबाट प्रव्रजित हुनु भएको छ। यस कारणले पनि …हामी नै … जानु … उचित छ।

१३—"श्रमण गौतम धनी, महाधनी, महाभाग्यवान् कुलबाट प्रव्रजित हुनु भएको छ। यस कारणले पनि … हामी नै … जानु उचित छ।

१४—"श्रमण गौतमकहाँ राष्ट्र बाहिरबाट पनि जनपद बाहिरबाट पनि (कुरा) सोधन आउँछन्। यस कारणले पनि … हामी नै … जानु उचित छ।

१५—"अनेक सहस्र देवताहरू प्राणले बुद्धको शरणमा गएका छन्। यस कारणले पनि … हामी नै … जानु उचित छ।

१६—"श्रमण गौतमको, 'वहाँ भगवान् अरहत् सम्यक् सम्बुद्ध हुनुहुन्छ[१]', भन्ने कल्याण कीर्ति शब्द फइलिएको छ। यस कारणले पनि… हामी नै … जानु उचित छ।

१७—"श्रमण गौतम बत्तीस महापुरुष लक्षणहरूले सुसम्पन्न हुनुहुन्छ। यस कारणले पनि … हामी नै जानु उचित छ।

१८—"मगध बिम्बिसार राजा स्त्री, पुत्रहरू सहित प्राणले श्रमण गौतमको शरणमा गएका छन्। यस कारणले पनि … हामी नै … जानु उचित छ।

---

१. पृष्ट १६४ मा झैं।

१९—"प्रसेन्‌जित कोशल राजा स्त्री पुत्रहरू सहित प्राणले श्रमण गौतमको शरणमा गएका छन्। यस कारणले पनि ··· हामी नै ··· जानु उचित छ।

२०—"ब्राह्मण पुष्करसाती स्त्री पुत्रहरु सहित आजीवन श्रमण गौतमको शरणमा गएका छन्। यस कारणले पनि ··· हामी नै ··· जानु उचित छ।

२१—"श्रमण गौतम ओपसादमा आइपुग्नु भई ओपसादको उत्तरपट्टिको देववन शालबनमा वस्नु भएको छ। जो कोइ श्रमण वा ब्राह्मणहरू हाम्रो गाउँ-क्षेत्रमा आउँछन् भने उनीहरू हाम्रा अतिथीहरू हुन्छन्। अतिथीहरूलाई हामीले सत्कार-गौरव-मान र पूजा गर्नु पर्छ। जो श्रमण गौतम अहिले ओपसादमा आउँनु भई, ओपसादको उत्तरपट्टिको देववन शालवनमा बस्नु भएको छ, वहाँ हाम्रा अतिथी हुनुहुन्छ। हाम्रा अतिथीलाई हामीले सत्कार-गौरव-मान-पूजा गर्नु पर्छ। त्यसैले श्रमण गौतम हामीकहाँ दर्शनार्थ आउनु उचित छैन, किन्तु हामी नै श्रमण गौतमको दर्शनार्थ जानु उचित छ। यत्तिकै मात्र म श्रमण गौतमको गुण जान्दछु, तर श्रमण गौतमको गुण अप्रमाण छन्। यी गुणहरू मध्ये यौटै गुण मात्रले युक्त भएता पनि श्रमण गौतम हामीकहाँ दर्शनार्थ आउनु उचित छैन, योग्य छैन; बल्कि हामी नै श्रमण गौतमको दर्शनार्थ जानु उचित छ, योग्य छ। त्यसो हुनाले हामी सबै श्रमण गौतमको दर्शनगर्न जाऊँ!"

यति कुरा सुनाइसके पछि चङ्की ब्राह्मण धेरै ब्राह्मणहरूका साथ जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। अनि भगवान्‌सँग सम्मोदन गरी एक छेउमा बसे।

कापटिक माणवको प्रश्न

त्यस बखतमा भगवान् बुढा बुढा ब्राह्मणहरूका साथ केही क्षेम कुशलका कुराकानी गरिरहनु भएको थियो । त्यस समयमा कापटिक[१] नामक माणवक, शीर मुण्डित, जन्मले सोरह वर्ष भएका, तीनै वेदमा पारंगत, निघण्टू, कौस्तुभादि शास्त्र जान्ने, त्यस परिषद्मा बसेका थिए । बुढा बुढा ब्राह्मणहरू भगवानसँग कुराकानी गरिरहेको बेलामा कापटिक माणव बीच बीचमा कुरा काट्थे । अनि भगवान्ले कापटिक माणवलाई, "आयुष्मान भारद्वाज ! बुढा बुढा ब्राह्मणहरू कुराकानी गरिरहँदा बीच बीचमा कुराकाटी कुरा नगर, कुरा न सिद्धिएसम्म पर्खिरहू !" भनी भन्नु भयो ।

भगवान्को यो कुरा सुनी चङ्की ब्राह्मणले भगवान्सँग यस्तो निवेदन गरे—"तपाइ गौतमले कापटिक माणवलाई रोक्नु नभए पनि हुन्छ । कापटिक माणव कुलीन् हुन्, बहुश्रुत, पण्डित तथा सुवक्ता पनि हुन् । उनी तपाइ गौतमसँग यस कुरामा तर्क-वितर्क पनि गर्न सक्छन् ।"

अनि भगवान्को मनमा लाग्यो कि—"ब्राह्मणहरू अवश्य पनि कापटिक माणवद्वारा त्रिवेद-प्रवचनबारे कुरा गराउन चाहन्छन्, त्यसैले कापटिक माणवलाई अघिसारी रहेका हुन् ।"

त्यस बेला कापटिक माणवको मनमा यस्तो लाग्यो—"जब श्रमण गौतमको आँखा ममाथि पर्ला तब म श्रमण गौतमसँग प्रश्न गरौंला ।"

---

१. स्या. कापलिक, सिं. कापठिक ।

भगवान्‌ले कापटिक माणवको मनको कुरा थाहापाई कापटिक माणवमाथि आँखा लगाउनु भयो ।

यही नै सत्य हो !

कापटिक माणवको मनमा – "श्रमण गौतमले मलाई हेरिरहेका छन्, किन म श्रमण गौतमसँग प्रश्न नगरौं ?" भन्ने लागे अनुसार भगवान्‌सँग निम्न प्रश्न सोधे :—

"भो गौतम ! जहाँसम्म मलाई लाग्दछ, 'ब्राह्मणहरूका जुन पुराना मन्त्रपदहरू छन्, यस्तो 'यस्तो भने भन्ने' परम्परा छ, वचन समूहहरू (पिटक सम्पदा) छन्, तिनीहरूमा ब्राह्मणहरू पूर्ण निष्ठा राखदछन् कि – 'यही नै सत्य हो, अरू तुच्छ हुन् ।' यसबारे तपाइ गौतम के भन्नु हुन्छ ?"

'हे भारद्वाज ! के त ब्राह्मणहरूका मध्येबाट कुनै पनि एकजना ब्राह्मणले—'म यो जान्दछु, मैले यो देखेकोछु, यही नै सत्य हो, अरू जम्मै तुच्छहुन्' भनी भनेका छन् त ?"

"भो गौतम, छैनन् ।"

"हे भारद्वाज ! के त ब्राह्मणहरूका मध्येबाट कुनै एउटा आचार्यले अथवा प्राचार्यले अथवा आचार्यहरूका सातपुस्ता मध्येका कुनै पनि एकजना ब्राह्मणले, 'म यो जान्दछु, मैले यो देखेकोछु, यही नै सत्य हो, अरू जम्मै तुच्छहुन्' भनी भनेका छन् त ?"

"भो गौतम ! छैनन् ।"

"हे भारद्वाज ! जुन ब्राह्मणहरूका पूर्वज मन्त्रकर्ता, मन्त्र प्रवर्तक ऋषिहरू थिए, जसका पुराना मन्त्रपद, गीत, प्रवृत्ति, संहिता, अहिलेका अष्टक, वामक, वामेदव, विश्वमित्र, यमदग्नि, अङ्गीरस, भारद्वाज, वशिष्ठ, काश्यप, तथा भृगुहरूले अनुगायन, अनुभाषण, अनुवाचन गर्छन्, के त यी ब्राह्मणहरूले, 'हामी यो जान्दछौं, हामीले यो देखेकाछौं, यही नै सत्य हो, अरू जम्मै तुच्छहुन्' भनी भनेका छन् त ?"

"भो गौतम ! छैनन् ।"

अन्धवेणु परम्परा

"हे भारद्वाज ! त्यसो भए ब्राह्मणहरूका मध्येबाट कुनै एउटाले पनि, 'म यो जान्दछु, मैले यो देखेकोछु, यही नै सत्य हो, अरू जम्मै तुच्छहुन्' भनी भनेका छैनन्, कुनै एउटा आचार्य-प्राचार्यले पनि···, कुनै एउटा आचार्यहरूका सातपुस्ता मध्येकाले पनि—'म यो जान्दछु मैले यो देखेकोछु, यही नै सत्य हो, अरू जम्मै तुच्छहुन्' भनी भनेका छैनन्, न त कुनै ब्राह्मणहरूका पूर्वज मन्त्रकर्ता ··· अष्टक ··· भृगुहरूले नै—'हामी यो जान्दछौं, हामीले यो देखेकाछौं, यही नै सत्य हो, अरू जम्मै तुच्छ (झूठ) हुन्' भनी भनेका छन् । यस कारण यो कुरा त जस्तो कि—अन्धवेणु परम्परामा[१] पहिलोले पनि देख्दैन, बीचकोले

१. अन्धाहरूका एक जमात कुनै एक ठाउँमा बसेका थिए । एउटा बदमासले उनीहरूलाई देखेर यहाँ बस्नुभन्दा फलानो ठाउँमा खान पिउन

पनि देख्दैन्, पछिल्लोले पनि देख्दैन; त्यस्तै, हे भारद्वाज ! ब्राह्मणहरूले भनेका कुराहरू पनि अन्धवेणु परम्परा जस्तै हुन्—पहिलो (आचार्य)ले पनि देखेको छैन, बीचकाले पनि, पछिल्लोले पनि देखेका छैन। भारद्वाज ! अब के भन्छौ त, यसो भएको हुँदा ब्राह्मणहरूको श्रद्धा अमूलक हुँदैन त ?"

"भो गौतम ! ब्राह्मणहरू न केवल श्रद्धाले मात्र उपासना गर्छन्, अपितु अनुश्रव (सुनेर) द्वारा पनि उपासना गर्छन् ।"

प्रत्येक पाँचधर्मका दुइ फल

"हे भारद्वाज ! पहिले तिमी श्रद्धामा गयौ, अब अनुश्रव भन्दछौ। यसैलोकमा यी पाँच धर्मका फल दुइ दुइ प्रकार हुन्छन् । कुन पाँच भने ? — (१) श्रद्धा, (२) रुचि, (३) अनुश्रव, (अनुस्सव), (४) आकार परि-वितर्क र (५) दृष्टि निध्यान-क्षमता (धर्मलाई राम्ररी हेर्ने क्षमता) । उक्त पाँच धर्मका फल दुइ दुइ प्रकारका यसै लोकमा हुन्छन् ।

१—"हे भारद्वाज ! सु-श्रद्धा (राम्ररी श्रद्धा) त गर्दछ, तर

प्रसस्त पाइन्छ भनी अर्को ठाउँको नाउँ बताइदियो। यो सुनी ती अन्धाहरूले त्यहाँजाने बाटो देखाइदिन अनुरोध गरे। सो बदमासले उनीहरूको हातमा भएको बाँसको लट्ठी उसले उसलाई, उसले उसलाई समात्न लगाई, एक जङ्गलमा 'यही बाटो हो' भनी छाडिदियो। उनीहरू न यता न उता भए। यसै उक्तिलाई 'अन्धवेणु परम्परा' भन्दछन्।

त्यो (श्रद्धापात्र) रिक्त-तुच्छ-मृषा हुन्छ; सु-श्रद्धा भने गर्दैन किन्तु त्यो भूत (भएकै), तच्छ (तथ्य) हुन्छ, अन्यथा हुन्न ।

२—"सु-रुचि (राम्ररी रुचि) त लिन्छ, तर त्यो (रुचि-विषय) रिक्त-तुच्छ-मृषा हुन्छ; सु-रुचि भने लिंदैन, किन्तु त्यो भूत, तथ्य हुन्छ, अन्यथा हुन्न ।

३—"सु-अनुश्रव (राम्ररी श्रवण) त गर्दछ, तर त्यो (सुन्ने विषय) रिक्त-तुच्छ-मृषा हुन्छ; सु-अनुश्रव भने गर्दैन, किन्तु त्यो भूत, तथ्य हुन्छ, अन्यथा हुन्न ।

४—"सु-परिवितर्कित (राम्ररी तर्कनागरेको) त गर्छ, तर त्यो (तर्कना विषय) रिक्त, तुच्छ, मृषा हुन्छ; सु-परिवितर्कित भने हुन्न, किन्तु त्यो भूत, तथ्य हुन्छ, अन्यथा हुन्न ।

५—"सु-निध्यान (राम्ररी हेर्ने) त गर्छ, तर त्यो (हेर्ने विषय) रिक्त, तुच्छ, मृषा हुन्छ; सु-निध्यान भने गर्दैन किन्तु त्यो भूत, तथ्य हुन्छ, अन्यथा हुन्न ।

"हे भारद्वाज ! सत्यानुरक्षा गर्ने विज्ञपुरुषले एकदम 'यही नै सत्य हो अरू तुच्छ (झूठ) हुन्' भनी निष्कर्षमा जानु हुन्न ।"

कसरी सत्यानुरक्षा हुन्छ ?

"कहिलेसम्म सत्यको अनुरक्षा हुन्छ र कहिलेसम्म अनुरक्षा गर्छ भन्नेबारे हामी तपाइ गौतमसँग सोद्धछौं ।"

१—"हे भारद्वाज ! कुनै पुरुषको श्रद्धा हुन्छ, उसले 'यस्तो मेरो श्रद्धा छ' भनी भन्दा सत्यको अनुरक्षा हुन्छ, तर त्यत्तिकैले 'यही नै सत्य हो अरू तुच्छ हुन्' भनी एकदम निष्कर्षमा जानु हुन्न ।

२—"हे भारद्वाज ! कुनै पुरुषको रुचि हुन्छ, उसले 'यस्तो मेरो रुचि छ' भनी भन्दा सत्यको अनुरक्षा हुन्छ, तर त्यत्तिकैले 'यही नै सत्य हो अरू तुच्छ हुन्' भनी एकदम निष्कर्षमा जानु हुन्न ।

३—"हे भारद्वाज ! कुनै पुरुषले अनुश्रव गर्छ, उसले 'यस्तो मेरो अनुश्रव छ' भनी भन्दा सत्यको अनुरक्षा हुन्छ, तर त्यत्तिकैले 'यही नै सत्य हो अरू तुच्छ हुन्' भनी एकदम निष्कर्षमा जानु हुन्न ।

४—"हे भारद्वाज ! कुनै पुरुषले आकार परिवितर्क गर्छ, 'यस्तो मेरो आकार परिवितर्क छ' भनी भन्दा सत्यको अनुरक्षा हुन्छ, तर त्यत्तिकैले 'यही नै सत्य हो अरू तुच्छ हुन्' भनी एकदम निष्कर्षमा जानु हुन्न ।

५—"हे भारद्वाज ! कुनै पुरुषमा दृष्टि-निध्यान-क्षमता हुन्छ, उसले 'यस्तो मेरो दृष्टि-निध्यान-क्षमता छ' भनी भन्दा सत्यको अनुरक्षा हुन्छ, तर त्यत्तिकैले 'यही नै सत्य हो अरू तुच्छ हुन्' भनी एकदम निष्कर्षमा जानु हुन्न ।

"हे भारद्वाज ! यत्तिकैले सत्यको अनुरक्षा हुन्छ, यत्तिकैले सत्यको अनुरक्षा गर्छ, यत्तिकैले हामी सत्यानुरक्षाकोबारे प्रज्ञापन गर्छौं तर यत्तिले मात्र सत्यानुबोध हुँदैन ।"

कसरी सत्यानुबोध हुन्छ ?

"भो गौतम ! यतिसम्मले सत्यानुरक्षा हुन्छ, यतिसम्मले सत्यानुरक्षा गर्छ भन्ने हामीले पनि देख्यौं (सुन्यौं)। कतिसम्मले सत्यानुबोध हुन्छ र कतिसम्मले सत्यानुबोध गर्दछ भन्नेबारे हामी तपाइ गौतमसँग सोद्धछौं।"

१ – लोभरहित—"हे भारद्वाज ! यहाँ कुनै भिक्षु कुनै गाउँको वा निगमको आश्रयलिई बस्दछन्। उनकहाँ गृहपति वा गृहपतिपुत्र गई, लोभनीय विषय, द्वेषणीय विषय र मोहनीय विषय – यी तीन विषयमा जाँच गर्छ। यी आयुष्मान्मा त्यस्ता लोभनीय विषयहरू छन् कि छैनन्, जुन लोभनीय विषय हुँदा—'न जानिकनै जानें, न देखिकनै देखें' भन्दै अरूलाई पनि त्यस कुरामा विश्वास दिलाउँछन्, जसबाट उनीहरूको दीर्घकालसम्म अहित र दुःख हुन सक्छ। यी भिक्षुलाई परीक्षा गर्दा यस्तो कुरा थाहपाउँछ कि—'यी आयुष्मान्मा लोभनीय विषयहरू छैनन्', जुन कुरा भएको भए, 'न जानिकनै जानें, न देखिकनै देखें' भन्दै अरूलाई पनि विश्वास दिलाउँथे होलान् र जसबाट उनीहरूको पनि दीर्घकालसम्म अहित र दुःख हुन्थ्यो होला। यी आयुष्मान्को कायिक-वाचिक आचरण पनि अलोभीकै जस्तै छ। यी आयुष्मान्ले दिने धर्मोपदेश पनि गम्भीर, दुर्दर्श (देख्न गाऱ्हो), दुरनुबोध, शान्त, प्रणीत, अतर्कावचर (तर्कले मात्र न भेट्ने), निपुण, पण्डित वेदनीय (पण्डितहरूले जान्न सक्ने) छ; यस्तो धर्मको उपदेश त लोभीले दिन सक्दैन।

२ – द्वेषरहित – "हे भारद्वाज ! यसरी परीक्षा गर्दा जब उनलाई

लोभनीय विषयहरूबाट विशुद्ध पाउँछ तब फेरि उनीमा द्वेषणीय विषयहरू छन् कि छैनन् भनी परीक्षा गर्नुपर्छ। यी आयुष्मान्मा त्यस्ता द्वेषणीय विषयहरू छन् कि छैनन्, जुन द्वेषणीय विषय हुँदा··· अहित र दुःख हुन सक्छ। यी भिक्षुलाई परीक्षा गर्दा यस्तो कुरा थाहापाउँछ कि— 'यी आयुष्मान्मा द्वेषणीय विषयहरू छैनन्', कायिक-वाचिक आचरण पनि अद्वेषीकै जस्तै छ। यी आयुष्मानले दिने धर्मोपदेश पनि गम्भीर ··· पण्डित वेदनीय छ; यस्तो धर्मको उपदेश त द्वेषीले दिन सक्दैन।

३—मोहरहित—"हे भारद्वाज! यसरी परीक्षा गर्दा जब उनलाई द्वेषणीय विषयहरूबाट विशुद्ध पाउँछ तब फेरि उनीमा मोहनीय विषयहरू छन् कि छैनन् भनी परीक्षा गर्नुपर्छ। यी आयुष्मान्मा त्यस्ता मोहनीय विषयहरू छन् कि छैनन्, जुन मोहनीय विषय हुँदा···अहित र दुःख हुन सक्छ। यी भिक्षुलाई परीक्षा गर्दा यस्तो कुरा थाहापाउँछ कि—'यी आयुष्मान्मा मोहनीय विषयहरू छैनन्',··· कायिक-वाचिक आचरण पनि निर्मोहीकै जस्तै छ। यी आयुष्मान्ले दिने धर्मोपदेश पनि गम्भीर ··· पण्डित वेदनीय छ; यस्तो धर्मको उपदेश त मोहीले दिन सक्दैन।

"हे भारद्वाज! यसरी परीक्षा गर्दा जब उनलाई मोहनीय विषयहरूबाट विशुद्ध पाउँछ तब उनीमाथि (१) श्रद्धा राख्द छ, श्रद्धा भए पछि (२) नजिक जान्छ, नजिक गए पछि (३) उपासना गर्छ, उपासना गरेपछि (४) कान थाप्छ, कान थापेपछि (५) धर्म सुन्दछ, धर्म सुनेपछि (६) सुनेको धर्मलाई धारण गर्छ, धारण गरे पछि (७) धर्मको अर्थ परीक्षा गर्छ, अर्थ परीक्षा गर्दा (८) धर्म-

लाई राम्ररी हेर्न सक्ने क्षमता हुन्छ (निध्यान क्षमता), धर्मलाई हेर्ने क्षमता भए पछि (९) छन्द (धर्मानुसार काम गर्ने इच्छा) हुन्छ, छन्द भए पछि (१०) उत्साह हुन्छ, उत्साह भए पछि (११) तुलना गर्छ, तुलना गरेपछि (१२) पराक्रम (धर्म फल पाउने कोशिस) गर्छ, पराक्रम गर्दै यही शरीरले परमसत्यको साक्षात्कार गर्छ र प्रज्ञा-ज्ञानद्वारा प्रतिवेध गरी हेर्छ । हे भारद्वाज ! यत्तिकैले सत्यानुबोध हुन्छ, यत्तिकैले सत्यानुबोध गर्छ, यत्तिकैले हामी सत्यानुबोधकोबारे प्रज्ञापन गर्दछौं; तर यत्तिले मात्र सत्यानुप्राप्ति हुँदैन ।"

कसरी सत्यानुप्राप्ति हुन्छ ?

"भो गौतम ! यत्तिसम्मले सत्यानुबोध हुन्छ, यत्तिसम्मले सत्यानुबोध गर्छ भन्ने हामीले पनि देख्यौं (सुन्यौं)। कतिसम्मले सत्यानुप्राप्ति हुन्छ र कतिसम्मले सत्यानुप्राप्ति गर्छ भन्नेबारे हामी तपाइ गौतमसँग सोद्धछौं ।"

"हे भारद्वाज ! यही धर्मलाई सेवन गर्दा, भावना (ध्यान) गर्दा, बढाउँदै लैजाँदा सत्यानुप्राप्ति हुन्छ । यत्तिकैले सत्यानुप्राप्ति हुन्छ, यत्तिकैले सत्यानुप्राप्त गर्छ, यत्तिकैले हामी सत्यानुप्राप्तिकोबारे प्रज्ञापन गर्दछौं ।"

"भो गौतम ! यत्तिकैले सत्यानुप्राप्ति हुन्छ, यत्तिकैले सत्यानुप्राप्ति गर्दछ भन्ने हामीले पनि देख्यौं (सुन्यौं) । सत्यानुप्राप्तिको लागि

कुन धर्म (कुरो) बहूपकारी हुन्छ भन्नेबारे हामी तपाइ गौतमसँग सोद्धछौं ।"

१—"हे भारद्वाज ! सत्यानुप्राप्तिको लागि पराक्रम (पधान) बहूपकारी हुन्छ । यदि पराक्रम नगरेको भए, न सत्यानुप्राप्ति हुन्थ्यो । पराक्रम गर्ने हुँनाले नै सत्यप्राप्ति हुन्छ । अतः सत्यानुप्राप्तिको लागि पराक्रम बहूपकारी हुन्छ ।

"भो गौतम ! पराक्रमको लागि कुन धर्म बहूपकारी हुन्छ त ?"

२—"हे भारद्वाज ! पराक्रमको लागि तुलना बहूपकारी हुन्छ । यदि तुलना न गरेको भए, न पराक्रम गर्थ्यो । तुलना गर्ने हुँनाले नै पाराक्रम हुन्छ । अतः पराक्रमको लागि तुलना बहूपकारी हुन्छ ।"

"भो गौतम ! तुलनाको लागि कुन धर्म बहूपकारी हुन्छ त ?"

३—"हे भारद्वाज ! तुलनाको लागि उत्साह बहूपकारी हुन्छ । यदि उत्साह नगरेको भए, न तुलना गर्थ्यो । उत्साह गरेको हुँनाले नै तुलना गर्छ । अतः तुलनाको लागि उत्साह बहूपकारी हुन्छ ।

"भो गौतम ! उत्साहको लागि कुन धर्म बहूपकारी हुन्छ त ?"

४—"हे भारद्वाज ! उत्साहको लागि छन्द (गरौं भन्ने इच्छा) बहूपकारी हुन्छ । यदि छन्द नभएको भए, न उत्साह हुन्थ्यो । छन्द भएको हुँनाले नै उत्साह हुन्छ । अतः उत्साहको लागि छन्द बहूपकारी हुन्छ ।"

"भो गौतम ! छन्दको लागि कुन धर्म बहूपकारी हुन्छ त ?"

५—"हे भारद्वाज ! छन्दको लागि धर्म-निध्यान-क्षमता (धर्मलाई राम्ररी हेर्ने क्षमता) बहूपकारी हुन्छ । यदि धर्म-निध्यान-क्षमता न भएको भए, न छन्द हुन्थ्यो । धर्म-निध्यान-क्षमता भएकोले नै छन्द हुन्छ । अतः छन्दको लागि धर्म-निध्यान-क्षमता बहूपकारी हुन्छ ।"

"भो गौतम ! धर्म-निध्यान-क्षमताको लागि कुन धर्म बहूपकारी हुन्छ त ?"

६—"हे भारद्वाज ! धर्म-निध्यान-क्षमताको लागि अर्थोपपरीक्षण बहूपकारी हुन्छ । यदि अर्थोपपरीक्षण न गरेको भए, न धर्म-निध्यान-क्षमता हुन्थ्यो । अर्थोपपरीक्षण गर्ने हुँनाले नै धर्म-निध्यान-क्षमता हुन्छ । अतः धर्म-निध्यान-क्षमताको लागि अर्थोपपरीक्षण बहूपकारी हुन्छ ।"

"भो गौतम ! अर्थोपपरीक्षणको लागि कुन धर्म बहूपकारी हुन्छ त ?"

७—"हे भारद्वाज ! अर्थोपपरीक्षणको लागि धर्म-धारण बहूपकारी हुन्छ । यदि धर्म-धारण नगरेको भए, न अर्थोपपरीक्षा गर्थ्यो । धर्म-धारण गरेको हुँनाले नै अर्थोपपरीक्षण गर्छ । अतः अर्थोपपरीक्षणको लागि धर्म-धारण बहूपकारी हुन्छ ।"

"भो गौतम ! धर्म-धारणको लागि कुन धर्म बहूपकारी हुन्छत ?"

८—"हे भारद्वाज ! धर्म-धारणको लागि धर्म-श्रवण बहूपकारी हुन्छ । यदि धर्म-श्रवण न गरेको भए, न धर्म-धारण हुन्थ्यो । धर्म-श्रमण गरेको हुँनाले नै धर्म-धारण हुन्छ । अतः धर्म-धारणको लागि धर्म श्रमण बहूपकारी हुन्छ ।"

"भो गौतम ! धर्म-श्रवणको लागि कुन धर्म बहूपकारी हुन्छ त ?"

९—"हे भारद्वाज ! धर्म-श्रवणको लागि कान थाप्नु (सोतावधानं) बहूपकारी हुन्छ । यदि कान न थापेको भए, न धर्म-श्रवण गर्थ्यो । कान थाप्ने हुँनाले नै धर्म-श्रवण गर्छ । अतः धर्म-श्रवणको लागि कान थाप्नु बहूपकारी हुन्छ ।"

"भो गौतम ! कान थाप्नका लागि कुन धर्म बहूपकारी हुन्छ त ?"

१०—"हे भारद्वाज ! कान थाप्नको लागि उपासना (सत्संगत) बहूपकारी हुन्छ । यदि उपासना न गरेको भए, न कान थाप्थ्यो । उपासना गरेको हुँनाले नै कान थाप्छ । अतः कान थाप्नको लागि उपासना बहूपकारी हुन्छ ।"

"भो गौतम ! उपासनाको लागि कुन धर्म बहूपकारी हुन्छ त ?"

११—"हे भारद्वाज ! उपासनाको लागि नजिक जानु बहूपकारी हुन्छ । यदि नजिक न गएको भए, न उपासना गर्थ्यो । नजिक जाने भएको हुँनाले नै उपासना गर्छ । अतः उपासनाको लागि नजिक जानु बहूपकारी हुन्छ ।"

"भो गौतम ! नजिक जानको लागि कुन धर्म बहूपकारी हुन्छ त ?"

१२—"हे भारद्वाज ! नजिक जानको लागि श्रद्धा बहूपकारी हुन्छ । यदि श्रद्धा न भएको भए, न नजिक जान्थ्यो । श्रद्धा हुँनाले नै नजिक जान्छ । अतः नजिक जानको लागि श्रद्धा बहूपकारी हुन्छ ।"

कापटिक माणवको शरणागमन

"भो गौतम ! सत्यानुरक्षणबारे हामीले तपाइ गौतमसँग सोध्यौं, सत्यानुरक्षणबारे तपाइ गौतमले हामीलाई बताइ दिनु भयो । हामी त्यो रुचाउँछौं, स्वीकार पनि गर्छौं; त्यसबाट हामी सन्तुष्ट पनि छौं। सत्यानुबोधबारे ... सत्यानुत्पत्तिबारे ... सत्यानुत्पत्तिको लागि उपकार हुने धर्मकोबारे हामीले तपाइ गौतमसँग सोध्यौं, त्यसबारे तपाइ गौतमले हामीलाई बताइ पनि दिनु भयो । त्यो पनि हामी रुचाउँछौं, स्वीकार पनि गर्छौं; त्यसबाट हामी सन्तुष्ट पनि छौं । जे जति हामीले तपाइ गौतमसँग सोधेका थियौं, ती सबै तपाइ गौतमले हामीलाई बताइदिनु भयो; त्यो पनि हामी रुचाउँछौं, स्वीकार पनि गर्छौं र त्यसबाट पनि हामी सन्तुष्ट नै छौं । भो गौतम ! अघिसम्म हामीले (तपाइ गौतमकोबारे), "यो नीच, कृष्ण, ब्रह्माको पैतालाबाट निस्केको (शूद्र), श्रमणक, मुण्डकले के धर्म जान्दो हो !" भनी भन्थ्यौं ।

अब, तपाइ गौतमको धर्मोपदेशद्वारा मेरो मनमा तपाइ गौतमले श्रमण-प्रेम उत्पन्न गराइ दिनु भयो । श्रमणहरूमा हुनुपर्ने श्रमण-प्रसाद पनि उत्पन्न गराइ दिनु भयो । श्रमणहरूप्रति हुनुपर्ने श्रमण-गौरव पनि उत्पन्न गराइ दिनु भयो । धन्य, भो गौतम ! धन्य, भो गौतम !! जस्तो कि– घोप्टेकोलाई उत्तानो पारिदिंदा, छोपिएकोलाई उघारिदिंदा, बाटो भुलेकोलाई बाटो देखाइदिंदा, अँध्यारोमा तेलको बत्ती राखिदिंदा आँखा हुनेहरूले रूप देख्दछन्, त्यस्तै गरी तपाइ गौतमले मलाई अनेक

प्रकारबाट धर्म प्रकाश गरिदिनु भयो। अब म, तपाइ गौतमको शरण पर्दछु, धर्म र भिक्षुसङ्घको पनि। आजदेखि तपाइ गौतमले मलाई आजीवनसम्म शरणमा आएको उपासक हो भनी स्वीकार गर्नुहोस् !"

—★—

२८. एसुकारी ब्राम्हण

[एसुकारी ब्राह्मणले जातिमा 'ब्राह्मण नै' श्रेष्ठ छ भनी भन्दा भगवान्ले त्यसको निषेध गर्नु भयो ।]

सूत्र :—

चार परिचर्या (सेवा नियम)

यस्तो मैले सुने[1] ।—

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिक महाजनको जेतवन आराम (विहार) मा बस्नु भएको थियो ।

त्यस बखतमा एसुकारी ब्राह्मण भगवान् कहाँ गई सम्मोदन गरी एक छेउमा बसे । अनि उनले भगवान्सँग निम्न कुराहरू सोधे :—

"भो गौतम ! ब्राह्मणहरू निम्न चार परिचर्या (सेवा नियम) प्रज्ञापन गर्छन् (बताउँ छन्) —

"(१) ब्राह्मण-परिचर्या, (२) क्षत्री-परिचर्या, (३) वैश्य-परिचर्या र (४) शूद्र-परिचर्या ।

---

१. म. नि. एसुकारीसुत्तं ।

१—"भो गौतम ! यहाँ ब्राह्मणहरू, ब्राह्मणको परिचर्या यसरी गर्नुपर्छ भनी बताउँछन्—'ब्राह्मणले ब्राह्मणको परिचर्या (सेवा) गर्नु-पर्छ, क्षत्रीले ब्राह्मणको परिचर्या गर्नुपर्छ, वैश्यले ब्राह्मणको परिचर्या गर्नुपर्छ र शूद्रले ब्राह्मणको परिचर्या गर्नुपर्छ ।' यस प्रकार ब्राह्मणहरू 'ब्राह्मण-परिचर्या' बताउँछन् ।

२—"भो गौतम ! यहाँ ब्राह्मणहरू, क्षत्रीको परिचर्या यसरी गर्नुपर्छ भनी बताउँछन्—'क्षत्रीले क्षत्रीको परिचर्या गर्नुपर्छ, वैश्यले क्षत्रीको परिचर्या गर्नुपर्छ, शूद्रले क्षत्रीको परिचर्या गर्नुपर्छ ।' यस प्रकार ब्राह्मणहरू 'क्षत्री-परिचर्या' बताउँछन् ।

३—"भो गौतम ! यहाँ ब्राह्मणहरू, वैश्यको परिचर्या यसरी गर्नु-पर्छ भनी बताउँछन्—'वैश्यले वैश्यको परिचर्या गर्नुपर्छ, शूद्रले वैश्यको परिचर्या गर्नुपर्छ ।' यस प्रकार ब्राह्मणहरू 'वैश्य परिचर्या' बताउँछन् ।

४—"भो गौतम ! यहाँ ब्राह्मणहरू, शूद्रको परिचर्या यसरी गर्नुपर्छ भनी बताउँछन्—'शूद्रले नै शूद्रको परिचर्या गर्नुपर्छ । अरू कसले शूद्रको परिचर्या गर्ला ?' यस प्रकार ब्राह्मणहरू 'शूद्र-परिचर्या' बताउँछन् । यी चार प्रकारका परिचर्या ब्राह्मणहरू प्रज्ञापन गर्छन्; यसमा तपाइ गौतम के भन्नुहुन्छ ?"

ब्राह्मणहरूलाई कसले अनुमति दिए ?

"हे ब्राह्मण ! के संसारका सबै मानिसहरूले यी चार परिचर्या-हरू (सेवानियम) बनाउन ब्राह्मणहरूलाई अनुज्ञा (आज्ञापत्र, अनुमति-वचन) दिएका छन् त ?"

"भो गौतम ! छैनन् ।"

"हे ब्राह्मण ! जस्तो कि – आफ्नो भन्ने केही न भएको, कुनै अन्नसम्पत्ति न भएको दरिद्री मानिसलाई, उसको इच्छा विरुद्ध—'हे पुरुष ! यो मांस भाग तिम्रोखाना हो, यसको पैसा तिमीले तिर्नु पर्छ' भनी (जवर्जस्तीसँग) भाग लगाइ दिन्छ; त्यस्तै ब्राह्मणहरूले पनि कसैको अनुज्ञा (आज्ञापत्र, अनुमति, वचन) विना नै यी चार परिचर्याहरू (सेवा नियम) प्रज्ञापन गरेको ठहरिन्छ ।

असल-कमसल परिचर्या

"हे ब्राह्मण ! म जम्मै परिचर्या गर्नु पर्छ भनी भन्दिन, न त जम्मै परिचर्या गर्नु पर्दैन भनी भन्दछु । जुन परिचर्या गर्दा, जुन परिचर्याको हेतुले कुभलो हुन्छ, भलो हुँदैन; त्यस्तो परिचर्यालाई गर्नु पर्छ भनी भन्दिन । जुन परिचर्या गर्दा, जुन परिचर्याको हेतुले भलो हुन्छ, कुभलो हुँदैन; त्यस्तो परिचर्या गर्नु पर्छ भनी भन्दछु ।

"हे ब्राह्मण ! यदि यहाँ कुनै क्षत्रीसँग—'जुन परिचर्या गर्दा, जुन परिचर्याको हेतुले भलो हुँदैन, कुभलो हुन्छ; जुन परिचर्या गर्दा, जुन परिचर्याको हेतुले कुभलो हुँदैन, भलो हुन्छ' यस मध्ये कुनचाँहि परिचर्या तिमी गर्न चाहन्छौ ? भनी सोद्धा अवश्यमेव उसले—'जुन परिचर्या गर्दा, जुन परिचर्याको हेतुले कुभलो हुन्छ, भलो हुँदैन' त्यस्तो परिचर्या म गर्न चाहन्न र 'जुन परिचर्या गर्दा, जुन परिचर्याको हेतुले भलो हुन्छ, कुभलो हुँदैन' त्यस्तो परिचर्या गर्न चाहन्छु भनी भन्ने छ ।

त्यस्तै गरी ब्राह्मणसँग सोधे पनि, ··· वैश्यसँग सोधे पनि, ··· शूद्रसँग सोधे पनि 'जुन परिचर्या गर्दा, जुन परिचर्याको हेतुले कुभलो हुन्छ, भलो हुँदैन' त्यस्तो परिचर्या म गर्न चाहन्न र 'जुन परिचर्या गर्दा जुन परिचर्याको हेतुले भलो हुन्छ, कुभलो हुँदैन' त्यस्तो परिचर्या गर्न चाहन्छु भनी अवश्यमेव उसले भन्ने छ ।

"हे ब्राह्मण ! न म उच्चकुलीनताले श्रेष्ठ हुन्छ भनी भन्छु, न उच्चकुलीनताले नीच हुन्छ भनी भन्छु । न उच्चवर्णले श्रेष्ठ हुन्छ भनी भन्छु, न उच्चवर्णले नीच हुन्छ भनी भन्छु । न ठूलो भोगसम्पत्ति हुनाले श्रेष्ठ हुन्छ भनी भन्छु, न ठूलो भोगसम्पत्ति हुनाले नीच हुन्छ भनी भन्छु । किन भने ?—यहाँ कुनै पुरुष उच्चकुलको भएर पनि प्राणी हिंसक हुन्छ, अदिन्नादायी हुन्छ, काममिथ्याचारी हुन्छ, मृषावादी हुन्छ, पैशून्यवादी (चुकुली गर्ने) हुन्छ, परुषवादी (रुखो शब्द बोल्ने) हुन्छ, सम्प्रलापी (काम नलाग्ने कुरा गर्ने) हुन्छ, लोभी हुन्छ, द्वेषी हुन्छ र मिथ्यादृष्टिक हुन्छ । त्यसैले म उच्चकुलीनताले श्रेष्ठ हुन्छ भनी भन्दिन । फेरि यहाँ कुनै पुरुष उच्चकुलीन भएर प्राणी हिंसाबाट अलग रहन्छ, अदिन्नादानबाट अलग रहन्छ, काममिथ्याचारबाट अलग रहन्छ, मृषावादबाट अलग रहन्छ, पैशून्यवादबाट अलग रहन्छ, परुषवादबाट अलग रहन्छ, सम्प्रलापबाट अलग रहन्छ, निर्लोभी हुन्छ, निर्द्वेषी हुन्छ र सम्यक्‌दृष्टिक हुन्छ । त्यस्तै गरी यहाँ कुनै पुरुष उच्चवर्ण भएर पनि ···, ठूलो भोगसम्पत्ति भएर पनि प्राणी हिंसक हुन्छ ··· मिथ्यादृष्टिक हुन्छ । त्यसैले म उच्चवर्ण तथा ठूलो भोगसम्पत्तिले श्रेष्ठ हुन्छ भनी भन्दिन । फेरि यहाँ कुनै पुरुष उच्चवर्ण भएर ··· ठूलो भोगसम्पत्ति

भएर प्राणी हिंसाबाट अलग रहन्छ,... सम्यक्‌दृष्टिक हुन्छ । त्यसैले म उच्चवर्ण तथा ठूलो भोगसम्पत्तिले नीच-हेय हुन्छ भनी पनि भन्दिन ।

"हे ब्राह्मण ! म जम्मै परिचर्या गर्नु पर्छ भनेर पनि भन्दिन, न त जम्मै परिचर्या गर्नु पर्दैन भनी भन्छु । जुन परिचर्या गर्दा, जुन परिचर्याको हेतुले श्रद्धा बढदछ, शील बढदछ. श्रुति बढदछ, त्याग बढदछ र प्रज्ञा बढदछ – सोही परिचर्या गर्नु पर्छ भन्दछु । जुन परिचर्या गर्दा, जुन परिचर्याको हेतुले श्रद्धा बढदैन, शील बढदैन, श्रुति बढदैन, त्याग बढदैन र प्रज्ञा बढदैन त्यस्तो परिचर्या गर्नु पर्दैन भनी भन्दछु ।"

चार प्रकारका धन

यति भन्नु भएपछि, एसुकारी ब्राह्मणले भगवान्‌सँग फेरि यो कुरा सोधे :—

"भो गौतम ! ब्राह्मणहरू चार प्रकारका धन प्रज्ञापन गर्छन् (बताउँछन्)—

(१) ब्राह्मणको स्व-धन, (२) क्षत्रीको स्व-धन, (३) वैश्यको स्व-धन र (४) शूद्रको स्व-धन ।"

१—' भो गौतम ! यहाँ ब्राह्मणहरू, भिक्षाटन नै ब्राह्मणको 'स्व-धन' हो भनी भन्दछन् । यदि ब्राह्मणले स्व-धन भएको भिक्षाटनलाई अवज्ञा (हेला) गरी भिक्षाटन छोडयो भने; चोरी गर्ने, अकृत्यकारी (अकर्तव्य गरेबाट समाजबाट बहिष्कृत) गौपालक झैं हुन्छ । यो पहिलो ब्राह्मणको 'स्व-धन' हो भनी ब्राह्मणहरू प्रज्ञापन गर्छन् ।

२—"भो गौतम ! यहाँ ब्राह्मणहरू, धनुर्विद्या नै क्षत्रीको 'स्व-धन' हो भनी भन्दछन् । यदि क्षत्रीले स्व-धन भएको धनुर्विद्यालाई अवज्ञा गर्छ भने; चोरी गर्ने, अकृत्यकारी गौपालक झैं हुन्छ । यो दोश्रो क्षत्रीको 'स्व-धन' हो भनी ब्राह्मणहरू प्रज्ञापन गर्छन् ।

३—"भो गौतम ! यहाँ ब्राह्मणहरू, कृषी तथा गौपालन नै वैश्यको 'स्व-धन' हो भनी भन्दछन् । यदि वैश्यले स्व-धन भएको कृषी तथा गौपालनलाई अवज्ञा गर्छ भने; चोरी गर्ने, अकृत्यकारी गौपालक झैं हुन्छ । यो तेश्रो वैश्यको 'स्व-धन' हो भनी ब्राह्मणहरू प्रज्ञापन गर्छन् ।

४—"भो गौतम ! यहाँ ब्राह्मणहरू, घाँस र दाउरा काट्नु नै शूद्रको 'स्व-धन' हो भनी भन्दछन् । यदि शूद्रले स्व-धन भएको घाँस-दाउरा काट्ने कामलाई अवज्ञा गर्छ भने; चोरी गर्ने, अकृत्यकारी गौपालक झैं हुन्छ । यो चौथो शूद्रको 'स्व-धन' हो भनी ब्राह्मणहरू प्रज्ञापन गर्छन् । यी चार प्रकारका धनहरू ब्राह्मणहरू प्रज्ञापन गर्छन् । यसमा तपाइ गौतम के भन्नु हुन्छ ?"

"हे ब्राह्मण ! के यी चार प्रकारका धन प्रज्ञापन गर्न संसारका मानिसले ब्राह्मणहरूलाई अनुज्ञा दिएका छन् त ?"

"भो गौतम ! छैनन् ।"

"हे ब्राह्मण ! त्यसो भए जस्तो कि—आफ्नो भन्ने केही नभएको, कुनै अन्नसम्पत्ति नभएको दरिद्री मानिसलाई, उसको इच्छाको विरुद्ध—

"हे पुरुष ! यो मांसभाग तिम्रो खाना हो, यसको पैसा तिमीले तिर्नु-पर्छ' भनी (जबर्जस्तीसँग) भाग लगाइ दिन्छ; त्यस्तै ब्राह्मणहरूले पनि कसैको अनुज्ञा (आज्ञापत्र, अनुमति, बचन) विना नै यी चार प्रकारका 'स्व-धन' प्रज्ञाप्रन गरेको ठहरिन्छ ।

"हे ब्राह्मण ! मैले आर्य-लोकोत्तर-धर्मलाई पुरुषको 'स्व-धन' भनी प्रज्ञापन गर्दछु । यदि पुराना आमा बाबुका कुलवंशहरू अनुस्मरण गर्‍यो भने जहाँ जहाँ आत्मभावको प्रादुर्भाव हुन्छ त्यहाँ त्यहाँ सोही नै संज्ञा हुन जान्छ । क्षत्रीकुलमा भए, क्षत्रीकुलकै संज्ञा; ब्राह्मणकुलमा भए, ब्राह्मणकुलकै संज्ञा; वैश्यकुलमा भए, वैश्यकुलकै संज्ञा तथा शूद्र-कुलमा भए, शूद्रकुलकै संज्ञा हुन जान्छ । जस्तो कि — जुन जुन प्रत्यय-बाट (जुन वस्तुबाट) आगो हुन्छ, सोही प्रत्यय (बस्तु) को संज्ञा हुन जान्छ । काठबाट भएको आगो भए 'काष्टाग्नि' भन्ने संज्ञा हुन्छ, सकलिकबाट (छ्याकन्) भएको आगो भए 'सकलिकाग्नि' भन्ने संज्ञा हुन्छ, त्रिणबाट भएको आगो भए 'त्रिणाग्नि' भन्ने संज्ञा हुन्छ, गोमय (गुइँठा) बाट भएको आगो भए 'गोमयाग्नि' भन्ने संज्ञा हुन्छ । यस्तै गरी जहाँ जहाँ आत्मभावको प्रादुर्भाव हुन्छ त्यहाँ त्यहाँ सोही नै कुलको संज्ञा हुन जान्छ । जस्तै—क्षत्रीकुलमा जन्म भए 'क्षत्री' भनी, ब्राह्मणकुलमा जन्म भए 'ब्राह्मण' भनी, वैश्यकुलमा जन्म भए 'वैश्य' भनी र शूद्रकुलमा जन्म भए 'शूद्र' भनी गिन्ति गरिन्छ, 'शूद्र' भन्ने संज्ञा हुन जान्छ ।

चारैवर्ण भिक्षु हुन सक्छन्

"हे ब्राह्मण ! क्षत्रीकुलबाट पनि घर-बार छाडी प्रव्रजित भई,

तथागतदेशित धर्म-विनयमा आई प्राणी हिंसाबाट अलग भई बस्छ, अदिन्नादानबाट अलग भई बस्छ, अब्रह्मचर्यबाट अलग भई बस्छ, मृषावादबाट अलग भई बस्छ, पैशून्यवादबाट अलग भई बस्छ, परुषवादबाट अलग भई बस्छ, सम्प्रलापबाट अलग भई बस्छ, निर्लोभी भई बस्छ, निर्द्वेषी भई बस्छ, सम्यक्‌दृष्टिक भई बस्छ, न्यायकुशल धर्मको आराधक भई बस्छ ।

"ब्राह्मणकुलबाट पनि घर-बार छाडी प्रव्रजित भई, तथागतदेशित धर्म-विनयमा आई प्राणी हिंसाबाट अलग भई बस्छ,··· न्यायकुशल धर्मको आराधक भई बस्छ । 'वैश्यकुलबाट' पनि,··· 'शूद्रकुलबाट' पनि घर-बार छाडी प्रव्रजित भई तथागतदेशित धर्म-विनयमा आई प्राणी हिंसाबाट अलग भई बस्छ,··· न्यायकुशल धर्मको आराधक भई बस्छ ।

"हे ब्राह्मण ! के त ब्राह्मणले मात्र यस प्रदेशमा (यो संसारमा) अवैरी भई, अद्वेषी भई मैत्री भावना गर्न सक्छ कि क्षत्री, वैश्य तथा शूद्रले पनि मैत्री भावना गर्न सक्छ ?"

"भो गौतम ! होइन । क्षत्री, ब्राह्मण, वैश्य तथा शूद्रले पनि यस प्रदेशमा (यो संसारमा) अवैरी भई, अद्वेषी भई मैत्री भावना गर्न सक्छन् । सबै चारवर्णले अवैरी, अद्वेषी भई मैत्री भावना गर्न सक्छन् ।"

"हे ब्राह्मण ! त्यसैले यहाँ क्षत्रीकुलबाट प्रव्रजित भएर पनि,··· ब्राह्मणकुलबाट प्रव्रजित भएर पनि,··· वैश्यकुलबाट प्रव्रजित भएर पनि,··· शूद्रकुलबाट प्रव्रजित भएर पनि तथागतदेशित धर्म-विनयमा

आई प्राणी हिंसाबाट पनि,··· सम्प्रलापबाट पनि अलग भई बस्न सक्छ, निर्लोभी भएर पनि बस्न सक्छ,··· न्यायकुशल धर्मको आराधक भएर पनि बस्न सक्छ ।

"हे ब्राह्मण ! के ब्राह्मणले मात्र सोत्तिसिनानि (स्नान चूर्ण= साबुन) लिई, नदीमा गई मैलो फाल्न सक्छ कि क्षेत्री, वैश्य तथा शूद्रले पनि स्नान चूर्ण लिई, नदीमा गई मैलो फाल्न सक्छ त ?"

"भो गौतम ! होइन । क्षत्रीले पनि,··· ब्राह्मणले पनि, ··· वैश्यले पनि, ··· तथा शूद्रले पनि ··· सक्छ । सबै चारवर्णले पनि स्नान चूर्ण लिई, नदीमा गई मैलो फाल्न सक्छन् ।"

"हे ब्राह्मण ! त्यस्तै क्षत्रीकुलबाट पनि,··· ब्राह्मणकुलबाट पनि,··· वैश्यकुलबाट पनि,··· तथा शूद्रकुलबाट पनि घर-बार छाडी प्रव्रजित भई ··· प्राणी हिंसाबाट पनि ··· सम्प्रलापबाट पनि अलग भई बस्न सक्छ, निर्लोभी भई ··· न्यायकुशल धर्मको पनि आराधक भई बस्न सक्छ ।

दृष्टान्त—"हे ब्राह्मण ! यदि यहाँ कुनै अभिषेक प्राप्त राजाले, विभिन्न जातिका एक शय पुरुषहरूलाई एकत्रित गरी यसो भने—'जो यहाँ क्षत्रीकुलमा, ब्राह्मणकुलमा, राजन्यकुलमा जन्मनु भएका हुनुहुन्छ तपाइ-हरू यहाँ आउनुहोस् ! तपाइहरूले शालको काठबाट, सल्लाको काठ-बाट, चन्दनको काठबाट, पदुम (रुख कमल) को काठबाट, अरणीद्वारा आगो बाल्नुहोस् ! तेज (ज्वाला) निकाल्नुहोस् ! ; जो यहाँ

चण्डालकुलमा, नेषादकुलमा, वेणुकुलमा, सार्कीकुलमा, पुक्कुसकुलमा जन्मेका छौ, तिमीहरू पनि यहाँ आऊ ! तिमीहरूले पनि, कुकुरलाई ख्वाउने द्रोणीको काठबाट, सुगुरलाई ख्वाउने द्रोणीको काठबाट, धोबीको द्रोणीबाट तथा एरण्डक (अँणिल) काठबाट अरणीद्वारा आगो बाल ! तेज (ज्वाला) निकाल !'

"हे ब्राह्मण ! जो क्षत्रीकुलमा, ब्राह्मणकुलमा तथा राजन्यकुलमा जन्मेका छन्, तिनीहरूले शालको काठबाट ··· अरणीद्वारा निकालेको आगो अर्थात् ज्वाला हो, त्यो मात्र अर्चिमान्, वर्णमान् तथा प्रभास्वर हुन्छ र आगोले लिनुपर्ने काम पनि लिन्छन् कि जो ती चण्डालकुलमा··· जन्मेका छन् तिनीहरूले कुकुरलाई ख्वाउने द्रोणीको काठबाट ··· अरणीद्वारा निकालेको आगो अर्थात् ज्वाला हो, त्यो पनि अर्चिमान्, वर्णमान् तथा प्रभास्वर हुन्छ र आगोले लिनुपर्ने काम पनि लिन सक्छन् त ? यहाँ के भन्छौ त ?"

"भो गौतम ! होइन । जो क्षत्रीकुलमा ··· जन्मेका छन् ती महानुभावहरूले जुन शालको काठबाट ··· निकालेको आगो हो, त्यो पनि अर्चिमान् ··· हुन्छ तथा आगोद्वारा लिनुपर्ने काम पनि लिन सकिन्छ, त्यस्तै जो चण्डालकुलमा ··· जन्मेका छन् तिनीहरूले जुन कुकुरलाई ख्वाउने द्रोणीको काठबाट ··· निकालेको आगो हो त्यो पनि अर्चिमान् नै···हुन्छ तथा आगोद्वारा लिनुपर्ने काम पनि लिन सकिन्छ । ती सबै अग्नि अर्चिमान्, वर्णवान्, प्रभास्वर हुन्छन् र ती सबै आगाबाट आगोद्वारा लिनुपर्ने काम पनि लिन सकिन्छ ।"

"हे ब्राह्मण ! त्यस्तै यहाँ क्षत्रीकुलबाट पनि, ··· ब्राह्मणकुलबाट पनि, ··· वैश्यकुलबाट पनि,··· शूद्रकुलबाट पनि घर-बार छाडी ··· प्राणी हिंसाबाट पनि ··· सम्प्रलापबाट पनि अलग भई बस्न सक्छ र निर्लोभी भई ··· न्यायकुशल धर्मको पनि आराधक भई बस्न सक्छ ।"

शरणागमन

यति भन्नु भएपछि, एसुकारी ब्राह्मणले भगवान्‌संग यसरी प्रार्थना गरे :—

"धन्य, भो गौतम ! धन्य, भो गौतम[१] !!० आजदेखि तपाइ गौतमले मलाई आजीवनसम्म शरणमा आएको उपासक हो भनी स्वीकार गर्नु होस् !"

—★—

१. हेर पृष्ट १७ मा ।

२६. शुभ माणव तोदेय्यपुत्र

*परिचय

तोदेय्य ब्राह्मण

श्रावस्ती नजिकमै 'तुदी' भन्ने गाउँथियो। यस गाउँको मालिक तोदेय्य नामक ब्राह्मण थिए। 'तुदी' गाउँको मालिक भएको हुनाले उनलाई तोदेय्य भनिएको हो। तोदेय्य ब्राह्मण प्रसेन्‌जित कोशल राजाको पाँच पुरोहित मध्येका एक थिए। उनले कोशलराजाबाट अनेक गाउँ, खेत र धनसम्पत्ति पाएका थिए। उनीसँग ४५ करोड धन सम्पत्ति थियो।

तोदेय्य ब्राह्मण श्रावस्ती नजिकैको गाउँमा बसे तापनि उनले कहिले पनि बुद्धलाई वा भिक्षुसङ्घलाई एक डाडु यागु वा एक पन्यू भात पनि दानको रूपमा दिन सकेनन्। उनी परम कंजूस थिए। दिएर नसिद्धिने केही छैन भन्ने उनको सिद्धान्त भएकोले उनले जीवनमा कसैलाई केही दिनुपर्छ भन्ने कुरालाई नै सम्झन चाहन्नथे। करोडपति भएर पनि उनी अत्यन्त कन्जुसी जीवन बिताउँथे। सिधा लिन बाहेक सिधा दिन जानेकै थिएनन्। उनी परलोक भएपछि आफ्नै घरमा कुकुर भएर जन्मे। तोदेय्य ब्राह्मणका छोरा, शुभ माणव यो कुकुरलाई

अति प्यारो गर्थे । आफ्नै ओछ्यान्मा सुताउँथे । आफ्नै हातले थालमा खाना राखी ख्वाउँथे, पिलाउँथे । भुइमा राख्न दिन्नथे ।

शुभ माणव

एक दिन शुभ माणवको कुशल संस्कार उपयुक्त भएको देखी भगवान् शुभ माणवको घरमा एक्लै भिक्षाको निमित्त जानुभयो । त्यस-बेला शुभ माणव तोदेय्यपुत्र बाहिर गएका थिए । शुभ माणवको घर द्वारमा भगवान् भिक्षाको लागि उभिनु भयो । त्यसबेला घरबाट कुकुर निस्की बुद्धलाई झम्टौंला जस्तो गरी भुक्न थाल्यो । बुद्धले कुकुरलाई, "अघि तँ ब्राह्मण छँदा मलाई 'भो, भो' भन्दै उपहास गर्दथिस् । अहिले पनि तँ भुक्दैछस्" भनी भन्नु भयो । यति सुन्नासाथ कुकुर लुरुक्कपरी, पुच्छर टाँगमुनि हाली, घरभित्र गई अगेनाको खरानीमा गुँडुलकी झयाउरेभई, टाउको लुकाई बस्यो । अनि उसको चालादेखी, मालिकको डरले घरका नोकर चाकरहरूले त्यसलाई ओछ्यानमा ल्याउन कत्ति कोशिस गरे तर सकेनन् ।

शरीर राम्रो भएकोले तोदेय्य पुत्रलाई 'शुभ माणव' भन्थे । बालककाल देखिनै 'माणव' (युवक) भनिएकोले बुढेसकालसम्म पनि उनलाई 'माणव' शब्दले नै पुकारथे । शुभ माणव सामुद्रिक विद्यामा कुशल थिए । बाहिरबाट घर फर्केपछि उनले आफ्नो प्यारो कुकुर पुच्छर तथा टाउको लुकाई अगेनानिर खरानीमा गुँडुलिकएर बसिरहेको देखेर, नोकर-चाकरहरूलाई 'कसले यहाँ बस्न दिएको !' भनी गाली

गरे । नोकर-चाकरहरूले कुकुर स्वयं त्यहाँ बस्न गएको कुरा बताउँदै घटित घटनाको कुरा जम्मै सुनाए ।

बुद्धले आफ्नो पितालाई 'कुकुर' भने भन्ने कुरा सुनेर शुभ माणव बुद्धसंग खूब रिसाउँदै "यी श्रमण मुण्डकहरू मुखमा जे आउँछ सोही बोल्छन् । कसरी मेरा पिताले कुकुरको जन्म लिए होलान् ? मेरा पिता त स्वर्गमा पुगे होलान् ! यसको पुर्पच्छेको निमित्त म श्रमण गौतमकहाँ नगई छोडदिन" भनी रिसाएर शुभ माणव तोदेय्य पुत्र बुद्धकहाँ गए । त्यहाँ गई, "तपाइले मेरो फ्तालाई 'कुकुर' भई जन्मेको भन्नु भएको साँच्चै हो ?" भनी सोधे । बुद्धले "साँच्चै हो" भनी जवाफ दिनु भयो । माणव झन रिसाए । अनि उनले "जथाभावी भन्नु ठीक छैन, त्यसो भन्नलाई, के प्रमाण छ ?" भनी रिसाएर सोधे । भगवान्ले मैत्रीपूर्वक, "तिम्रो पिताले तिमीलाई कुनै कुरा नबताएको छ कि छैन ?" भनी शुभ माणवसँग सोधनु भयो । उत्तरमा शुभ माणवले, "एक लाख जाने सुवर्णमाला, एक लाख जाने सुवर्णको खराऊ, एक लाख जाने सुवर्णको भाँडो र एक लाख असर्फी फलानो ठाउँमा राखेको छ भनी बताउनु भएको छैन" भनी भने । हे माणव ! त्यसो भए तिमीले त्यो कुकुरलाई मधु मिसिएको दूध र भात ख्वाऊ र जब उ सुत्छ अर्थात् अलि अलि निदाउने बेलामा उसँग, "ती बस्तुहरू कहाँ राखेको छ ?" भनी सोध । कुकुरले जहाँ राखेकोछ, त्यहाँ गई खुट्टाले खोस्री देखाउने छ । यसपछि तिमी आफैं जान कि मैले बताएको कुरा सत्य हो कि होइन ।

शुभ माणव बुद्धको कुरा सुनी अत्यन्त अचम्म भए । माणवले

मनमा सोचेकि— "साँच्चिकै बुद्धले नजानेको भए, यति दृढताका साथ, निर्भीक भई यस्तो भन्न सक्ने थिएनन्। अवश्यमेव यो कुरा सत्य होला!" पुनः उनले मनमा विचार गरे— "यदि बुद्धले भन्नु भएको कुरा साबित भएमा मैले धन पाउने छु, साबित नभएमा बुद्धको खूब उपहास र निन्दा गर्नेछु।" यस्तो विचारगरी माणव घरफर्की बुद्धले भन्नु भएझैं गरे। माणवले भूमिमा गाडिराखेको धन जम्मै पाए। माणव खूब खुशी भई बुद्धसँग निकै प्रसन्न भए। प्रसन्नताका साथ उनको मनमा त्रास पनि भयो "अहो! मनुष्यबाट च्युत भई पशु-योनिमा पनि जन्म हुने रहेछ! के भएर यस्तो हुँदो रहेछ?" भन्ने मनमा प्रश्न उठ्यो। अन्तस्करणमा चिन्ता पैदा भयो। जिज्ञासा बढदै गयो। ज्ञानको द्वार खुल्न लाग्यो। अनि उनले भगवान्कहाँ गई यो जीवनमा किन उच्च नीच हुँदो रहेछ भन्ने विषयमा चौध प्रश्नहरू सोधे[१]; जुन कुरा तल चूलकम्मविभङ्ग सूत्रमा उल्लेख भएकोछ।

× × ×

चूलकम्मविभङ्ग सूत्रको धर्मोपदेश सुनी शुभ माणव तोदेय्य पुत्र बुद्धको शरणमा गइसकेका थिए। कुनै एक समय शुभ माणव, कुनै कामले श्रावस्ती नगरमा एक गृहस्थीको घरमा बसेका थिए। बुद्धको शरणमा गएको कुरा सुनी ब्राह्मणहरूले शुभ माणवलाई विभिन्न कुराहरू सुनाएका थिए। त्यसमध्ये— "त्यागी हुनु भन्दा गृहस्थी भई बस्तु नै

---

१. अ. क. आधारित।

कल्याणकर छ र त्यागीको भन्दा गृहस्थीको काम नै महत्फलदायी हुन्छ" भन्ने इत्यादि कुरा पनि थिए। यस्ता कुराले गर्दा शुभ माणवको मनमा केही शंका उपशंका उठन थाल्यो। जो स्वाभविक नै थियो। एक दिन उनको मनमा ब्राह्मणहरूले सुनाइ राखेका कुराको सम्झना भयो। यस बारे उनी बुद्धसँग छलफल गर्न चाहन्थे। "भगवान् बुद्ध सर्वश्रेष्ठ पुरुष हुनुहुन्छ" भन्ने कुरा उनलाई थाहा नै थियो। तैपनि आफु बसेको घरको गृहपतिले के भन्दो रहेछन् भन्ने विचारगरी सो गृहपतिसँग सोधे— "हे गृहपति ! कसकहाँ गई आज सत्संगत गरे बेश होला ?" यो कुरा सुनी गृहपतिले कुनै संकोच नगरी एकै चोटि, "बुद्धकहाँ गएर सतसंगत गर्नु नै बेश हुनेछ" भन्ने सल्लाह दिए। यसबाट शुभ माणवको मनलाई बढी टेवा मिल्यो। अनि शुभ माणव तोदेय्यपुत्र भगवान्कहाँ गए। आफ्नो मनमा लागिरहेका विभिन्न शंका समाधानको लागि बुद्धसँग सोधे। बुद्धले पनि उनको सन्देह शंकाहरू दूर हुने गरी हेतुसहित जवाफ दिनु भयो। जवाफमात्र दिनु नभई कुशलधर्महरूलाई टेवा हुने अरू पनि धर्मोपदेश दिनु भयो। भगवान्को उपदेश सुनी माणव अत्यन्त प्रसन्न, प्रफुल्लित तथा गद् गद् भई भगवान्लाई प्रदक्षिणागरी, चरण-कमलमा ढोगी "मेरो धेरै काम छ" भन्दै फर्केर गए[१]। यसबारेका कुराहरू मज्झिमनिकायका शुभ सूत्रमा उल्लेख भए बमोजिम तल उल्लेख गरिएको छ।

× × × ×

---

१ अ. क. आधारित।

आयुष्मान् आनन्दसँग

४५ वर्षसम्म माणव कल्याण गरी ८० वर्षको उमेर पुरा भइसकेपछि भगवान् बुद्ध कुशीनगरस्थित मल्लहरूका शालोदयानमा परिनिर्वाण हुनु भएको थियो। भगवान् परिनिर्वाण हुनुहुँदा आयुष्मान् आनन्द अत्यन्त दुःखी भई रुवाइबाट मुक्त हुन सक्नु भएको थिएन। तर "अनित्य संसारमा कुनै पनि वस्तु आफुले भनेझैं पाइँदैन" भन्ने बुद्धको उपदेश स्मरणगरी मनमा धैर्यगरी आयुष्मान् आनन्द भगवान्को भिक्षा-पात्र र चीवरहरू हातमा लिई, कुशीनगरबाट सीधा श्रावस्ती-स्थित जेतवन विहारमा जानु भएको थियो। भगवान् परिनिर्वाण भएको दिन देखि आयुष्मान् आनन्दले राम्रो आराम पाउन सक्नु भएको थिएन। अनेकौं भक्तजन, उपासक र उपासिकाहरूलाई धैर्यदिने काममा व्यस्त हुनुहुन्थ्यो। अतएव वहाँको शारीरिक स्वास्थ्य अनुकूल थिएन त्यसैले जेतवन विहारमा आइपुग्नु भएको एक दुइ दिन पछि वहाँले क्षीरविरेचन लिनु भएको थियो। संयोग वश सोही दिन शुभ माणव तोदेय्य पुत्रले निम्तो गर्न पठाएका थिए।

त्यसबेला शुभ माणव आफ्नो तुदी गाउँबाट श्रावस्ती नगरमा आई बसिरहेका थिए। भगवान् परिनिर्वाण भएको दुःखद खबर सुनी माणवको मनमा अनेक धर्मचिन्तन भएको थियो। भगवान् परिनिर्वाण हुनु भएपछि भगवान्का उपदेशहरू के कसो हुनेहुन् भन्ने तर्कनाका साथ भगवान् जीवित हुनुहुँदा वहाँले के कस्ता धर्मोपदेशहरू दिनु भयो, कसरी यी उपदेशहरू जनतालाई ग्रहण गराउन लगाउनु भयो, कुन

धर्मलाई भगवान् धेरै प्रशंसा गर्नु हुँदो रहेछ भन्ने इत्यादि कुराहरू मनमा लागिरहेका थिए। आयुष्मान् आनन्द भगवान्को दीर्घकालसम्म सेवा-टहल गर्ने तथा भगवानका साथमा छाया समान भई बस्नु भएको थियो भन्ने कुरा सबैमा विदितै थियो। त्यसैले माणवको मनमा आयुष्मान् आनन्दसँग आफ्नो मनमा लागेका कुराहरू सोधनको निमित्त खूब इच्छा भएको थियो। "विहारमा आजकल मानिसहरूको धेरै भीड छ, घरैमा निस्त्याई शान्त वातावरणमा कुरा गर्न पाए हुन्थ्यो" भन्ने लागे अनुसार शुभ माणवले मानिस पठाइ निम्तो गरे। तर त्यसैदिन जुलाफ लिनु भएको हुनाले आयुष्मान् आनन्दले त्यस मानिस-लाई— "आज मैले औषधि पिएकोछु, भोलि भए पनि समय हेरी आउन सक्छु" भनी दीर्घनिकायको शुभ सूत्रमा भनिएको हो। जुन सूत्र तल उल्लेख भएकोछ।

भोलिपल्ट आयुष्मान् आनन्द घरमा आउनु भएपछि, भगवान् परिनिर्वाण भएको दुःखद घटनाबारे अत्यन्त संवेगपूर्वक आयुष्मान् आनन्दसँग सुख दुःख क्षेमकुशलको कुराकानी सकिएपछि, भोजनोप्रान्त शुभ माणव एक छेउमा बसे। अनि उनले आयुष्मान् आनन्दसँग आफ्नो मनमा लागिरहेका कुराहरू सोधे। आयुष्मान् आनन्दले पनि एक एक कुरा छुटचाई, सारा बुद्ध वाणीको सारांशलाई तीन भाग गरी माणव-लाई, सन्तुष्टपारी उपदेशहरू सुनाउनु भयो। जुन कुराहरू तल सूत्रमा उल्लेख भएका छन्।

× × × ×

सूत्र :—

शुभ माणवको प्रश्न

यस्तो मैले सुनें[१] ।

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिक महाजनको जेतवन आराम (विहार) मा बस्नु भएको थियो ।

त्यस बखतमा त्यहाँ तोदेय्य ब्राह्मणको पुत्र शुभ माणव जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्सँग सम्मोदन गरी एक छेउमा बसे । एकछेउमा बसेका शुभ माणव तोदेय्य पुत्रले भगवान्सँग निम्न कुराहरू सोधे :—

"भो गौतम ! के हेतु के प्रत्यय होला, जो कि मनुष्यहरूमा मनुष्य भैकनै कुनै उच्च र कुनै नीच देखिन्छन् ? यहाँ अल्पायु पनि देखिन्छन्, दीर्घायु पनि देखिन्छन्; बहुरोगी पनि देखिन्छन्, अल्परोगी पनि देखिन्छन्; दुर्वर्ण (कुरूप) पनि देखिन्छन्, सुवर्ण (राम्रो) पनि देखिन्छन्; अल्पशक्ति भएका पनि देखिन्छन्, महाशक्ति भएका पनि देखिन्छन्; अल्पभोगी (अल्प सम्पत्ति भएका) पनि देखिन्छन्, महाभोगी पनि देखिन्छन्; नीच कुलीन पनि देखिन्छन्, उच्चकुलीन पनि देखिन्छन्; अबुद्धिवान पनि देखिन्छन्, बुद्धिवान पनि देखिन्छन् । भो गौतम ! यसप्रकार मनुष्यहरूमा मनुष्य भैकनै उच्च-नीच हुनाको हेतु-प्रत्यय के होलान् ?"

---

१. म. नि. चूलकम्मविभङ्गसुत्तं ।

कर्मद्वारा विभाजित

"हे माणव ! सत्वहरूको कर्म आफ्नो हुन्छ, कर्म दायाद (कर्म-विपाक) हुन्छ, कर्म योनि (जन्मको कारण) हुन्छ, कर्म बन्धु (कर्म नै बन्धु) हुन्छ, कर्म प्रतिशरण (कर्म नै शरण) हुन्छ, कर्मले नै सत्व-हरूलाई उच्च-नीचतामा विभाजन गर्छ ।"

"तपाइ गौतमले विस्तारपूर्वक भन्नु नभई संक्षेपमा भन्नु भएको यस कुराको अर्थ विस्तारपूर्वक मैले बुझ्न सकिन । यदि तपाइ गौतमले मलाई त्यस किसिमले धर्मोपदेश गर्नु भए बेश हुने थियो, जसलेगर्दा तपाइले संक्षेपमा भन्नु भएको उपदेशको अर्थ विस्तारपूर्वक बुझ्न सक्दथें ।"

"हे माणव ! त्यसो भए सुन ! म भन्दछु । राम्ररी मन लगाऊ !" "हवस" भनी शुभ माणवले भगवान्‌लाई प्रत्युत्तर दिए । अनि भगवान्‌ले निम्न कुरा भन्नु भयो :—

१–"हे माणव! यहाँ कुनै स्त्री वा पुरुष प्राणी-हिंसक हुन्छ—रौद्र, लोहितपाणी (रगतले हात मुछिएको), काट-मारमा लाग्ने, प्राणीप्रति निर्दयी तथा त्यस्ता कर्ममा मन लगाई, त्यस्तै कर्म ग्रहण गरी बस्छ । सो मरणपछि अपाय, दुर्गति, विनिपात तथा नर्कमा उत्पन्न हुन्छ । यदि सो मरणपछि अपाय, दुर्गति, विनिपात तथा नर्कमा उत्पन्न नभई, मनुष्यत्वमा आयो भने जहाँ जहाँ जन्मिन्छ, त्यहाँ त्यहाँ,

अल्पायु हुन्छ। हे माणव ! प्राणीहिंसा, रौद्रता, लोहितपाणी, काट-मार तथा प्राणीप्रति निर्दयी हुनाले अल्पायुताको मार्गमा पुऱ्याइ दिन्छ ।

२–"हे माणव ! यहाँ कुनै स्त्री वा पुरुष प्राणी-हिंसा छाडी प्राणी-हिंसाबाट अलग भई— दण्डरहित, शस्त्ररहित, लज्जालु, दयालु भई सबै सत्वहरूप्रति हितानुकम्पी भइ त्यस्ता कर्ममा मनलगाई त्यस्तै कर्म ग्रहण गरी बस्छ। त्यो मरणपछि सुगति, स्वर्गलोकमा उत्पन्न हुन्छ। यदि त्यो मरणपछि सुगति, स्वर्गलोकमा उत्पन्न नभई, मनुष्यत्वमा आयो भने जहाँ जहाँ जन्मिन्छ, त्यहाँ त्यहाँ दीर्घायु हुन्छ। प्राणी-हिंसा छाडी, प्राणीहिंसाबाट अलग भई— दण्डरहित, शस्त्ररहित, लज्जालु तथा दयालु भई सबै सत्वहरूप्रति हितानुकम्पी भई बस्नाले दीर्घायुताको मार्गमा पुऱ्याई दिन्छ ।

३– "हे माणव ! यहाँ कुनै स्त्री वा पुरुष सत्वहरूलाई सास्ती दिने स्वभावको हुन्छ— हातले, लठ्ठीले, दण्डले र शस्त्रले तथा त्यस्ता कर्ममा मन लगाई, त्यस्तै कर्म ग्रहणगरी बस्छ। त्यो मरणपछि अपाय··· नर्कमा उत्पन्न हुन्छ। यदि त्यो मरणपछि अपाय··· नर्कमा उत्पन्न नभई, मनुष्यत्वमा आयो भने जहाँ जहाँ जन्मिन्छ, त्यहाँ त्यहाँ बहुरोगी हुन्छ। सत्वहरूलाई सास्ती दिने स्वभावको हुनाले··· बहु-रोगिताको मार्गमा पुऱ्याई दिन्छ ।

४– "हे माणव ! यहाँ कुनै स्त्री वा पुरुष सत्वहरूलाई, हातले, लठ्ठीले, दण्डले तथा शस्त्रले सास्ती दिने हुँदैन तथा न त्यस्ता कर्ममा

मनलगाई, त्यस्तै कर्म ग्रहणगरी बस्छ। त्यो मरणपछि सुगति, स्वर्गलोकमा उत्पन्न हुन्छ। यदि सो मरणपछि सुगति, स्वर्गलोकमा उत्पन्न नभई, मनुष्यत्वमा आयो भने जहाँ जहाँ जन्मिन्छ, त्यहाँ त्यहाँ निरोगी हुन्छ। सत्वहरूलाई···सास्ती नदिनाले निरोगिताको मार्गमा पुऱ्याइ दिन्छ।

५-"हे माणव ! यहाँ कुनै स्त्री वा पुरुष क्रोधीहुन्छ, रिसाहा हुन्छ र सानो कुरामा पनि धेरै रिसाउँछ— क्रोधगर्छ, द्रोहगर्छ, रिसबोकिरहन्छ, कोप, द्वेष र अप्रसन्नता प्रकटगर्छ। सो मरणपछि अपाय··· नर्कमा उत्पन्न हुन्छ। यदि सो मरणपछि अपाय··· नर्कमा उत्पन्न नभई, मनुष्यत्वमा आयो भने जहाँ जहाँ जन्मिन्छ, त्यहाँ त्यहाँ दुर्वर्ण (कुरूप) हुन्छ। क्रोध, रिस तथा सानो कुरामा पनि धेरै रिसाउँनाले दुर्वर्णताको मार्गमा पुऱ्याइ दिन्छ।

६- "हे माणव ! यहाँ कुनै स्त्री वा पुरुष अक्रोधी, अरिसाहा र जति भने पनि रिसाउँदैन— क्रोध, द्रोह, रिसबोकेर तथा कोप, द्वेष र अप्रसन्नता प्रकट गर्दैन। सो मरणपछि सुगति, स्वर्गलोकमा उत्पन्न हुन्छ। यदि सो मरणपछि सुगति, स्वर्गलोकमा उत्पन्न नभई मनुष्यत्वमा आयो भने, जहाँ जहाँ जन्मिन्छ, त्यहाँ त्यहाँ सुन्दर (राम्रो) हुन्छ। अक्रोधी, अरिसाहा र जतिभने पनि नरिसाउँनाले··· सुन्दरताको मार्गमा पुऱ्याइ दिन्छ।

७-"हे माणव! यहाँ कुनै स्त्री वा पुरुष ईर्ष्यालु चित्तको हुन्छ— अरूलाई प्राप्त हुने लाभ, सत्कार, गौरव, मान, वन्दना र पूजामा

ईर्ष्यागर्छ, द्वेषगर्छ र मनमा ईर्ष्याराखि छाडछ। सो मरणपछि अपाय,··· नर्कमा उत्पन्न हुन्छ। यदि सो मरणपछि अपाय··· नर्कमा उत्पन्न नभई मनुष्यत्वमा आयो भने, जहाँ जहाँ जन्मिन्छ, त्यहाँ त्यहाँ अल्पशक्ति भएको हुन्छ। ईर्ष्यालु चित्त हुनाले··· अल्पशक्तिताको मार्गमा पुऱ्याइ दिन्छ।

८– "हे माणव! यहाँ कुनै स्त्री वा पुरुष अनिर्ष्यालु मनको हुन्छ— अरूलाई प्राप्त हुने लाभ, सत्कार, गौरव, मान, वन्दना र पूजामा ईर्ष्या गर्दैन, द्वेष गर्दैन, न मनमा ईर्ष्याराखि छाडछ। सो मरणपछि सुगति, स्वर्गलोकमा उत्पन्न हुन्छ। यदि सो मरणपछि सुगति, स्वर्गलोकमा उत्पन्न नभई मनुष्यत्वमा आयो भने, जहाँ जहाँ जन्मिन्छ, त्यहाँ त्यहाँ महाशक्तिवान हुन्छ। अनिर्ष्यालु मनको हुनाले··· महाशक्तिवानको मार्गमा पुऱ्याइ दिन्छ।

९– "हे माणव! यहाँ कुनै स्त्री वा पुरुष दाता हुन्न— श्रमण वा ब्राह्मणलाई अन्न-पान-वस्त्र-यान-माला-गन्ध-विलेपन, शैय्या, वास-स्थान र प्रदीप दान दिँदैन। सो मरणपछि अपाय,··· नर्कमा उत्पन्न हुन्छ। यदि सो मरणपछि,···नर्कमा उत्पन्न नभई मनुष्यत्वमा आयो भने, जहाँ जहाँ जन्मिन्छ, त्यहाँ त्यहाँ अल्पभोगी (दरिद्री) हुन्छ। अदाता हुनाले··· अल्पभोगिताको मार्गमा पुऱ्याइ दिन्छ।

१०– "हे माणव! यहाँ कुनै स्त्री वा पुरुष दाता हुन्छ— श्रमण वा ब्राह्मणलाई अन्न-पान-वस्त्र-यान-माला-गन्ध-विलेपन, शैय्या,

वासस्थान र प्रदीप दान दिन्छ। सो मरणपछि सुगति, स्वर्गलोकमा उत्पन्न हुन्छ। यदि सो मरणपछि सुगति, स्वर्गलोकमा उत्पन्न नभई मनुष्यत्वमा आयो भने, जहाँ जहाँ जन्मिन्छ, त्यहाँ त्यहाँ महाभोगी (धनी) हुन्छ। दाता हुनाले…महाभोगको मार्गमा पुऱ्याइ दिन्छ।

११– "हे माणव! यहाँ कुनै स्त्री वा पुरुष ठाडो र अतिमानि हुन्छ— अभिवादन गर्न पर्नेलाई अभिवादन, आसनबाट उठनु पर्नेलाई आसनबाट, आसनदिन पर्नेलाई आसन, बाटोदिन पर्नेलाई बाटो, सत्कार गर्नपर्नेलाई सत्कार गर्दैन र गौरव-मान-पूजा गर्नपर्नेलाई गौरव-मान-पूजा गर्दैन सो मरणपछि अपाय,… नर्कमा उत्पन्न हुन्छ। यदि सो मरणपछि अपाय,…नर्कमा उत्पन्न नभई मनुष्यत्वमा आयो भने, जहाँ जहाँ जन्मिन्छ, त्यहाँ त्यहाँ नीचकुलीन हुन्छ। ठाडो र अतिमानि हुनाले नीचकुलताको मार्गमा पुऱ्याइ दिन्छ।

१२– "हे माणव! यहाँ कुनै स्त्री वा पुरुष ठाडो नभई अनतिमानी हुन्छ— अभिवादन गर्नु पर्नेलाई अभिवादन, आसनबाट उठनु पर्नेलाई आसनबाट, आसन दिनपर्नेलाई आसन, बाटोदिनु पर्नेलाई बाटो, सत्कार गर्नु पर्नेलाई सत्कार गर्छ र गौरव-मान-पूजा गर्नु पर्नेलाई गौरव-मान-पूजा गर्छ। सो मरणपछि सुगति, स्वर्गलोकमा उत्पन्न हुन्छ। यदि सो मरणपछि सुगति, स्वर्गलोकमा उत्पन्न नभई मनुष्यत्वमा आयो भने, जहाँ जहाँ जन्मिन्छ, त्यहाँ त्यहाँ उच्चकुलीन हुन्छ। ठाडो नभई अनतिमानी हुनाले…उच्चकुलीनताको मार्गमा पुऱ्याइ दिन्छ।

१३–"हे माणव ! यहाँ कुनै स्त्री वा पुरुष, श्रमण वा ब्राह्मण कहाँ गई सोधपुछ गर्दैन— 'भन्ते ! कुशल भनेको, अकुशल भनेको, सावद्य भनेको, निरवद्य भनेको, सेवन गर्नु पर्ने र असेवन गर्नु पर्ने भनेको के हो ? के गरे मलाई दीर्घकालसम्म अहित र दुःख हुनेछ र के गरे मलाई दीर्घकालसम्म हित र सुख हुनेछ ?' सो मरणपछि अपाय,··· नर्कमा उत्पन्न हुन्छ। यदि सो मरणपछि अपाय,··· नर्कमा उत्पन्न नभई मनुष्यत्वमा आयो भने, जहाँ जहाँ जन्मिन्छ, त्यहाँ त्यहाँ अबुद्धिवान (मूर्ख) हुन्छ। श्रमण वा ब्राह्मणकहाँ गई सोधपुछ नगर्नाले··· अबुद्धिवानताको मार्गमा पुऱ्याइ दिन्छ।

१४–"हे माणव ! यहाँ कुनै स्त्री वा पुरुष, श्रमण वा ब्राह्मणकहाँ गई सोधपुछ गर्छ—'भन्ते ! कुशल भनेको, अकुशल भनेको, सावद्य भनेको, निरवद्य भनेको, सेवन गर्नु पर्ने र असेवन गर्नु पर्ने भनेको के हो ? के गरे मलाई दीर्घकालसम्म अहित र दुःख हुनेछ र के गरे मलाई दीर्घकालसम्म हित र सुख हुनेछ ?' सो मरणपछि सुगति, स्वर्गलोकमा उत्पन्न हुन्छ। यदि सो मरणपछि सुगति, स्वर्गलोकमा उत्पन्न नभई मनुष्यत्वमा आयो भने, जहाँ जहाँ जन्मिन्छ, त्यहाँ त्यहाँ प्रज्ञावान हुन्छ। श्रमण वा ब्राह्मणकहाँ गई सोधपुछ गर्नाले··· महाप्रज्ञावानताको मार्गमा पुऱ्याइ दिन्छ।

"हे माणव ! यसप्रकार अल्पायुतामा पुऱ्याइ दिने मार्गले अल्पायुतामा, दीर्घायुतामा पुऱ्याइदिने मार्गले दीर्घायुतामा, बहुरोगी-

तामा पुर्‍याईदिने मार्गले बहुरोगीतामा, निरोगीतामा पुर्‍याईदिने मार्गले निरोगीतामा, दुर्वर्णतामा पुर्‍याइदिने मार्गले दुर्वर्णतामा, सुवर्णतामा पुर्‍याइदिने मार्गले सुवर्णतामा, अल्पशक्तितामा पुर्‍याइदिने मार्गले अल्पशक्तितामा, महाशक्तितामा पुर्‍याइदिने मार्गले महाशक्तितामा, अल्पभोगीतामा पुर्‍याईदिने मार्गले अल्पभोगीतामा, महाभोगीतामा पुर्‍याइदिने मार्गले महाभोगीतामा, नीचकुलीनतामा पुर्‍याइदिने मार्गले नीचकुलीनतामा, उच्चकुलीनतामा पुर्‍याइदिने मार्गले उच्चकुलीनतामा, अबुद्धिवानतामा पुर्‍याइदिने मार्गले अबुद्धिवानतामा र प्रज्ञावानतामा पुर्‍याइदिने मार्गले प्रज्ञावानतामा पुर्‍याइ दिन्छ। त्यसो हुनाले, हे माणव! सत्वहरूको कर्म आफ्नो हुन्छ, कर्म दायाद (विपाक) हुन्छ, कर्म योनि (जन्मको कारण) हुन्छ, कर्म बन्धु हुन्छ, कर्म प्रतिशरण हुन्छ, कर्मले नै सत्वहरूलाई उच्चनीचतामा विभाजित गर्छ।"

शरणागमन

भगवान्‌को यति कुरा सुनी, शुभ माणव तोदेय्यपुत्रले भगवान्‌लाई यसरी प्रार्थना गरे :—

'धन्य, भो गौतम! धन्य, भो गौतम!! घोप्टेकोलाई उत्तानो पारिदिंदा,[१]— अँध्यारोमा तेलको बत्ती राखिदिंदा— आँखा हुनेहरूले रूप देखेझैं तपाइ गौतमले मलाई अनेक प्रकारबाट धर्म प्रकाश गरिदिनु

१. पृष्ट १७ मा हेर्नु।

भयो। अब म, तपाइ गौतमको शरणमा पर्छु, धर्म र भिक्षुसङ्घको पनि। आजदेखि तपाइ गौतमले मलाई आजीवनसम्म शरणमा आएको उपासक हो भनी धारणा गर्नु होस्!"

× × × ×

सूत्र :—

गृहस्थी र प्रव्रजितको कर्मक्षेत्रमा प्रभेद

यस्तो मैले सुने[१]।—

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिक महाजनको जेतवन विहारमा बस्नु भएको थियो।

त्यस बखत शुभ माणव तोदेय्यपुत्र श्रावस्ती नगरमा केही कामले एक गृहपतिको घरमा बसेका थिए। अनि शुभ माणव तोदेय्यपुत्र जुन गृहस्थीको घरमा बसेका थिए उनैसँग यो कुरा सोधे :—

"हे गृहपति! मैले सुनेको छु कि श्रावस्तीनगर, अरहत्‌हरूले खालि छैन। आज कुन श्रमण ब्राह्मणको सतसंगत गरौं?"

"भन्ते! श्रावस्ती नगरस्थित अनाथपिण्डिक महाजनको जेतवन विहारमा भगवान् बस्नु भएको छ। उनै भगवान्‌सँग सतसंगत गर्नु-होस्!"

१. म. नि. सुभसुत्तं।

अनि शुभ माणव तोदेय्यपुत्र सो गृहपतिको कुरा सुनी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। अनि भगवान्सँग सम्मोदनीय कुरा सकिए पछि एक छेउमा बसे। त्यस पछि शुभ माणव तोदेय्यपुत्रले भगवान्सँग निम्न प्रश्न गरे :—

"भो गौतम ! ब्राह्मणहरू यसो भन्दछन् कि—'गृहस्थ, न्याय-कुशल-धर्मको आराधक बन्न सक्छ, प्रव्रजित बन्न सक्दैन।' यसमा तपाइ गौतम के भन्नु हुन्छ ?"

"हे माणव ! यहाँ म विभज्यवादी (छुट्याइ छुट्याइ भन्ने) छु, न कि एकांशवादी (एकतर्फी)। चाहे गृहस्थ होस्, चाहे प्रव्रजित होस्—मिथ्या (गलत) प्रतिपत्तिमा लाग्नेलाई म प्रशंसा गर्दिन। चाहे गृहस्थी होस् चाहे प्रव्रजित होस्—मिथ्या प्रतिपत्ति र मिथ्या प्रतिपत्याधिकरण हेतुमा लाग्ने चाहिं न्याय-कुशल-धर्मको आराधक बन्न सक्दैन। चाहे गृहस्थी होस् चाहे प्रव्रजित होस्—सम्यक् प्रतिपत्तिमा लाग्नेलाई म प्रशंसा गर्छु। चाहे गृहस्थी होस् चाहे प्रव्रजित होस्—सम्यक् प्रतिपत्ति र सम्यक् प्रतिपत्याधिकरण हेतुमा लाग्ने चाहिं न्याय-कुशल-धर्मको आराधक बन्न सक्छ।"

"भो गौतम ! ब्राह्मणहरू यसो भन्दछन् कि—'गृहस्थीको कर्मक्षेत्र विशाल, धेरै गर्नु पर्ने, धेरै आवश्यकता र ठूलो अभिभार भएकोले उसलाई महत्फल प्राप्त हुन्छ। प्रव्रजितको कर्मक्षेत्र सानो, धेरै गर्न नपर्ने, थोरै आवश्यकता र कम अभिभार भएकोले उसलाई कम फल प्राप्त हुन्छ।' यसमा तपाइ गौतम के भन्नु हुन्छ ?"

"हे माणव ! यहाँ पनि म विभज्यवादी छु, न एकांशवादी ।"

(क)—"हे माणव ! यहाँ (१) गृहस्थीको कर्मक्षेत्र विशाल, धेरै गर्नुपर्ने धेरै आवश्यकता र ठूलो अभिभार त हुन्छ तर असफल भएमा अल्पफल सिद्ध हुन्छ; (२)… सफल भएमा महत्फल सिद्ध हुन्छ ।

(ख)—"हे माणव ! यहाँ (१) गृहस्थीको कर्मक्षेत्र भने सानो, धेरै गर्नु नपर्ने, थोरै आवश्यकता र कम अभिभार हुन्छ तर असफल भएमा अल्पफल सिद्ध हुन्छ; (२)… सफल भएमा महत्फल सिद्ध हुन्छ ।

(क) १—"हे माणव ! कुनचाहिं कर्मक्षेत्र—विशाल, धेरै गर्नुपर्ने, धेरै आवश्यकता र ठूलो अभिभार भएर पनि असफल हुँदा अल्पफल सिद्ध हुन्छ भने—यही कृषीकर्मक्षेत्र विशाल, धेरै गर्नुपर्ने, धेरै आवश्यकता र ठूलो अभिभार भएर पनि असफल हुँदा अल्पफल सिद्ध हुन्छ ।

(क) २—"हे माणव ! कुनचाहिं कर्मक्षेत्र—विशाल, धेरै गर्नुपर्ने, धेरै आवश्यकता र ठूलो अभिभार भएर पनि सफल हुँदा महत्फल सिद्ध हुन्छ भने—यही कृषीकर्मक्षेत्र विशाल, धेरै गर्नुपर्ने, धेरै आवश्यकता र ठूलो अभिभार भएर पनि सफल हुँदा महत्फल सिद्ध हुन्छ ।

(ख) १—"हे माणव ! कुनचाहिं कर्मक्षेत्र—सानो, धेरै गर्नु नपर्ने, थोरै आवश्यकता र कम अभिभार भएर पनि असफल हुँदा

अल्पफल सिद्ध हुन्छ भने—यही वाणिज्य कर्मक्षेत्र—सानो, धेरै गर्नु नपर्ने, थोरै आवश्यकता र कम अभिभार भएर पनि असफल हुँदा अल्पफल सिद्ध हुन्छ।

(ख) २—"हे माणव ! कुनचाहिं कर्मक्षेत्र—सानो, धेरै गर्नु नपर्ने, थोरै आवश्यकता र कम अभिभार भएर पनि सफल हुँदा महत्फल सिद्ध हुन्छ भने—यही वाणिज्य कर्मक्षेत्र—सानो, धेरै गर्नु नपर्ने, थोरै आवश्यकता र कम अभिभार भएर पनि सफल हुँदा महत्फल सिद्ध हुन्छ।

a—"हे माणण ! जस्तो कि—कृषीकर्मक्षेत्र—विशाल,···ठूलो अभिभार भएर पनि असफल हुँदा अल्पफल सिद्ध हुन्छ, त्यरतै घरगृहस्थीको कर्मक्षेत्र पनि विशाल,··· ठूलो अभिभार भएर पनि असफल भएमा अल्पफल सिद्ध हुन्छ।

b—"हे माणव ! जस्तो कि—कृषीकर्मक्षेत्र—विशाल,···ठूलो अभिभार भएर पनि सफल हुँदा महत्फल सिद्ध हुन्छ, त्यरतै घरगृहस्थीको कर्मक्षेत्र पनि विशाल,··· ठूलो अभिभार भएर पनि सफल भएमा महत्फल सिद्ध हुन्छ।

c—"हे माणव ! जस्तो कि—वाणिज्य कर्मक्षेत्र—सानो,···कम अभिभार भएर पनि असफल हुँदा अल्पफल सिद्ध हुन्छ, त्यरतै प्रव्रजितको कर्मक्षेत्र पनि सानो,··· कम अभिभार भएर पनि असफल भएमा अल्पफल सिद्ध हुन्छ।

d— "हे माणव ! जस्तो कि – वाणिज्य कर्मक्षेत्र—सानो,…कम अभिभार भएर पनि सफल हुँदा महत्फल सिद्ध हुन्छ, त्यस्तै प्रव्रजितको कर्मक्षेत्र पनि सानो,…कम अभिभार भएर पनि सफल भएमा महत्फल सिद्ध हुन्छ ।"

पाँच-धर्म

"भो गौतम ! ब्राह्मणहरू पुण्य गर्नको लागि र कुशल आराधनाको लागि पाँच-धर्म प्रज्ञापन गर्छन् ।"

"हे ब्राह्मण ! ब्राह्मणहरू जुन पाँच-धर्म पुण्य र कुशल आराधनाको लागि प्रज्ञापन् गर्छन्, सो धर्महरू यदि तिमीले आपत्ति मान्दैनौ भने यो परिषद्मा बताइ दिए बेश हुने थियो ।"

"भो गौतम ! तपाइ वा तपाइ जस्तो वस्तु भएको ठाउँमा बताउन मलाई कुनै आपत्ति छैन ।"

"हे माणव ! त्यसो भए भन !"

"भो गौतम ! ब्राह्मणहरू, पुण्य र कुशल आराधना गर्नलाई— (१) सत्य पहिलो धर्म प्रज्ञापन गर्छन् (२) तप दोश्रो धर्म… (३) ब्रह्मचर्य तेश्रो धर्म,… (४) अध्ययन चौथो धर्म… र (५) त्याग पाँचौ धर्म प्रज्ञापन गर्छन् । यी पाँच-धर्महरू पुण्य गर्नको लागि र कुशल आराधनाको लागि ब्राह्मणहरू प्रज्ञापन गर्छन् । यसमा तपाइ गौतम के भन्नु हुन्छ ?"

अन्धवेणु परम्परा

"हे माणव ! के ब्राह्मणहरू मध्येबाट कुनै एउटाले पनि यस्तो भनेको छ त ?—'मैले यी पाँच-धर्म स्वयं अभिज्ञान साक्षात्कार गरी यसको विपाक पनि भन्दछु !"

"भो गौतम ! छैन ।"

"हे माणव ! ब्राह्मणहरू मध्येबाट कुनै एउंटा ब्राह्मणाचार्यले,··· कुनै एउटा ब्राह्मणाचार्य प्राचार्यले अथवा सातपुस्ता भित्रका आचार्य महायुगलहरू मध्येबाट कसैले भनेको छ त ?—'मैले यी पाँच-धर्मलाई स्वयं अभिज्ञान साक्षात्कार गरी यसको विपाक पनि भन्दछु !"

"भो गौतम ! छैन ।"

"हे माणव ! के त जो ब्राह्मणहरूका पूर्वज मन्त्रकर्ता,[१] थिए, जसका पुराना मन्त्रपद,[१] अहिलेका अष्टक,···भृगुहरूले अनुगायन,··· गर्छन् यी ब्राह्मगहरूले यसो भनेका छन् त ?—'हामी यी पाँच-धर्मलाई स्वयं अभिज्ञान साक्षात्कार गरी यसको विपाक पनि भन्दछौं !"

"भो गौतम ! छैन ।"

"हे माणव ! त्यसो भए ब्राह्मणहरूका मध्येबाट कुनै एउटा पनि त्यस्तो रहेनछ जसले यस्तो भन्न सक्छ—'मैले यी पाँच-धर्मलाई स्वयं अभिज्ञान साक्षात्कार गरी यसको विपाक पनि भन्दछु ।' ब्राह्मणहरू मध्येबाट कुनै एउटा ब्राह्मणाचार्य पनि,··· कुनै एउटा ब्राह्मणाचार्य

---

१. हेर १४४ पृष्टमा ।

आचार्य पनि अथवा सातपुस्ता भित्रका आचार्य महायुगलहरू मध्येबाट पनि; जो ब्राह्मणहरूका पूर्वज मन्त्रकर्ता,…थिए,…उनिहरूले पनि यसो भनेका रहेन छन्—'हामी यी पाँच धर्मलाई स्वयं अभिज्ञान साक्षात्कार गरी यसको विपाक पनि भन्दछौं !' जस्तो कि—अन्धवेणु परम्परामा[१] लाग्नेहरूले रू पहिलोले पनि देख्दैन, बीचकोले पनि देख्दैन, पछिल्लोले पनि देख्दैन; त्यस्तै ब्राह्मणहरूले भनेका पनि अन्धवेणु परम्परा जस्तै पहिलोले पनि देख्दैन, बीचकोले पनि देख्दैन र पछिल्लोले पनि देख्दैन ।"

अलौकिक धर्म देख्ने कोही छैनन्

"भगवान्‌ले अन्धवेणु परम्पराको उपमा देखाई भन्नु हुँदा, शुभ माणव तोदेय्यपुत्र असन्तुष्ट तथा कुपित भई भगवान्‌लाई होच्याउँदै, भगवान्‌लाई नै गालि गर्दै—'श्रमण गौतम खराब रहेछन्' भन्दै यसो भने—'भो गौतम ! उपमन्य,[२] शुभगवनिक[३] पुष्करसाती ब्राह्मण यसो भन्छन् कि—'यहाँ केही श्रमण ब्राह्मणहरू उत्तरीय-मनुष्यधर्म (अलौकिक धर्म), आर्यज्ञान दर्शनको विशेषता छ भनी त्यसै दावा गर्छन् । यिनीहरूका यी भनाइहरू केवल हास्यास्पद मात्र हुन्, नाम मात्रका हुन्, खोक्रा मात्र हुन्, तुच्छ मात्र हुन् । मनुष्य भइकन उत्तरीय मनुष्य धर्म, आर्यज्ञान दर्शनको विशेषतालाई कसरी बुझ्न सक्लान्, देख्न सक्लान् वा साक्षात्कार गर्न सक्लान् ! यो कुरा हुनै सक्दैन ।"

---

१. हेर १९७ पृष्टमा ।

२. गोत्रको नाम । ३. उक्कट्ठाको शुभग भन्ने बनको मालिक ।

"हे माणव ! उपमन्य शुभगवनिक पुष्करसाती ब्राह्मणले सबै श्रमण ब्राह्मणहरूका चित्तलाई आफ्ना चित्तले थाहा पाउँछन् त ?"

"भो गौतम ! पुष्करसाती ब्राह्मणले आफ्नै पूर्णिका दासीको चित्तलाई त जान्दैनन् भने, सबै श्रमण ब्राह्मणहरूका चित्तलाई कसरी जान्लान् ?"

जात्यान्ध—"हे माणव ! कुनै जात्यान्ध पुरुषले कालो, सेतो रूप देख्दैन, नीलो ··· पहेंलो ··· रातो ··· मजेठी रूपलाई देख्दैन; सम विषम देख्दैन, तारा ··· चन्द्रमा ··· सूर्यलाई देख्दैन । अनि उसले यसो भन्छ—'कालो, सेतो रूपै छैन, कालो, सेतो रूप देख्ने मानिसहरू पनि छैनन्; नीलो रूपै छैन ··· पहेंलो रूपै छैन, रातो रूपै छैन, मजेठी रूपै छैन, सम विषम पनि छैन, तारा ··· चन्द्रमा ··· सूर्य पनि छैनन्, न सूर्य देख्ने मानिस नै छ ।' किनभने 'मलाई थाहा छैन, म देख्दिन, त्यसैले त्यस्ता रूपहरू छैनन्' भनी भनेदेखि, के उसले भनेको कुरा 'ठीक हो' भनी भन्न सकिएला त ?"

"भो गौतम ! सकिंदैन । "काला सेता रूप छन्, काला सेता रूपलाई देख्ने पनि छन्; ··· सूर्य पनि छ, सूर्यलाई देख्ने पनि छन् । 'मलाई थाहा छैन, म देख्दिन, त्यसैले त्यो छैन' भनी भन्दा उसले 'ठीक' भनेको भनी भन्न सकिंदैन ।"

"हे माणव ! त्यस्तै उपमन्य शुभगवनिक पुष्करसाती ब्राह्मण पनि अन्धा, आँखा नभएका हुन्, त्यसैले उनले उत्तरीय-मनुष्यधर्म

आर्य-ज्ञान-दर्शनको विशेषतालाई देख्न सक्लान् वा साक्षात्कार गर्न सक्लान् भनी भन्ने कारण नै छैन ।

लोकसंवृत्ति

"हे माणव ! जो महाशाल कोशल ब्राह्मणहरू हुन् — जस्तो कि चङ्की ब्राह्मण, तारुक्ष ब्राह्मण, पुष्करसाती ब्राह्मण, जानुश्रोणी ब्राह्मण, तिम्रै पिता तोदेय्य ब्राह्मण—यिनीहरूले जो लोकसंवृत्ति (लोक व्यवहार) अनुसार भनेको श्रेय कि लोकसंवृत्ति विपरीत भनेको श्रेय त ! यसमा तिमी के भन्छौ त ?"

"भो गौतम ! लोकसंवृत्ति अनुसार भनेकै श्रेय ।"

"मन्त्र-अनुसार भनेको श्रेय कि मन्त्र विपरीत भनेको श्रेय त ?"

"भो गौतम ! मन्त्र अनुसार भनेकै श्रेय ।"

"प्रतिसंख्यान (राम्ररी विचार) गरी भनेको श्रेय कि अप्रतिसंख्यान गरी भनेको श्रेय त ?"

"भो गौतम ! प्रतिसंख्यान गरी भनेकै श्रेय ।"

"अर्थ-सहित भनेको श्रेय कि अर्थ रहित भनेको श्रेय त ?"

"भो गौतम ! अर्थ-सहित भनेकै श्रेय ।"

"हे माणव ! यदि यसो हो भने, पुष्करसाती ब्राह्मणले भनेको कुरा लोकसंवृत्ति अनुरूप भयो कि लोकसंवृत्ति विपरीत भयो त ?"

"भो गौतम ! लोकसंवृत्ति विपरीत भयो ।"

"मन्त्र-अनुरूप भयो कि, मन्त्र विपरीत भयो त ?"

"भो गौतम ! मन्त्र विपरीत भयो ।"

"प्रतिसंख्यान युक्त भयो कि प्रतिसंख्यान विपरीत भयो त ?"

"भो गौतम ! प्रतिसंख्यान विपरीत भयो ।"

"अर्थ-सहित भयो कि, अर्थ रहित भयो त ?"

"भो गौतम ! अर्थ रहित भयो ।"

पञ्चनीवरण—"हे माणव ! यी पाँच नीवरण (आवरण) हुन् । कुन पाँच भने - (१) कामच्छन्द (काम विषय इच्छा) नीवरण, (२) व्यापाद (द्वेषभाव) नीवरण, (३) थीनमिद्ध (शारीरिक तथा मानसिक आलस्यपन) नीवरण, (४) उद्धच्च-कुकुच्च (कायिक तथा मानसिक अस्थिरता, Restless) नीवरण, तथा (५) विचिकिच्छा (द्विविधा) नीवरण । यी पाँच नीवरणले (आवरणले) उपमन्य शुभगवनिक पुष्करसाती ब्राह्मण ढाकिएका छन्, रोकिएका छन्, चारैतिरबाट बाँधिएका छन् । अतः उनले उत्तरीय-मनुष्यधर्म, आर्य-ज्ञान-दर्शन-विशेषतालाई जान्न सक्लान्, पाउन सक्लान्, देख्न सक्लान् र साक्षात्कार गर्न सक्लान् भनी भन्ने कारण नै छैन ।

पञ्चकाम—"हे माणव ! यी पाँच कामगुण (काम बन्धन) हुन् । कुन पाँच भने—(१) चुक्षु-विज्ञेय रूप—इष्ट, कान्त मनाप (मनलाग्ने), प्रियरूप, कामूपसंहित (काम विषय उत्पन्न गर्ने), रजनीय । (२) श्रोत-विज्ञेय शब्द—इष्ट, कान्त···रजनीय । (३) घ्राण-विज्ञेय गन्ध – इष्ट, कान्त,···रजनीय । (४) जिह्वा-विज्ञेय रस —

इष्ट, कान्त…रजनीय। (५) काय-विज्ञेय स्पर्श—इष्ट, कान्त, मनाप, प्रियरूप, कामूपसंहित, रजनीय। यी पाँच कामगुण = काम बन्धन हुन्। यी पाँच काम-बन्धनमा पुष्करसाती ब्राह्मण जेलिएका छन्, मुछिएका छन्, डुबेका छन्, पञ्चकाम विषयको दोष देख्न न सकी, मुक्त हुन न सकी, काम विषय भोग गर्दछन्। उनले उत्तरीय-मनुष्यधर्म, आर्य-ज्ञान-दर्शन-विशेषतालाई जान्न सक्लान्, देख्न सक्लान्, स्वयं साक्षात्कार गर्न सक्लान् भनी भन्ने कारण नै छैन।

"हे माणव ! जुन तृण-काष्ठबाट बालिएको आगो र तृण काष्ठ विना बालिएको जुन आगो हो, ती मध्ये कुन चाहिं आगो अर्चि-मान्, वर्णवान् र प्रभास्वर हुन सक्ला ?"

"भो गौतम ! यदि तृण-काष्ठ विना आगो बाल्न सकिन्छ भने, सोही आगो अधिक अर्चिमान्, वर्णवान् र प्रभास्वर हुन सक्छ।"

"हे माणव ! ऋृद्धिवान् (अलौकिक ध्यान शक्ति हुने) बाहेक अरू कसैले पनि तृण-काष्ठ विना आगो बाल्न सक्ला भनी भन्न सम्भव छैन। जस्तो तृण-काष्ठबाट आगो बल्छ, त्यस्तै पञ्चकामगुणबाट उत्पन्न हुने प्रीति (आनन्द) भन्दछु। जस्तो तृण-काष्ठ विना बल्ने आगो हो, त्यस्तै काम विषय रहित, अकुशल विषय रहित उत्पन्न हुने प्रीति भन्दछु।

"हे माणव ! कुन चाहिं सो प्रीति हो जो काम विषय रहित, अकुशल विषय रहित उत्पन्न हुन्छ ?—यहाँ भिक्षु, काम विषयबाट अलग

भई[१] प्रथम ध्यानमा उपसम्पन्न भई बस्छ। यही त्यो प्रीति हो जो काम विषय रहित, अकुशल विषय रहित उत्पन्न हुन्छ। फेरि सो भिक्षु वितर्क विचारलाई निरोध गरी ··· द्वितीय ध्यान प्राप्त गरी बस्छ। यही त्यो प्रीति हो जो काम विषय रहित, अकुशल विषय रहित उत्पन्न हुन्छ।

"हे माणव ! यहाँ ब्राह्मणहरू, पुण्य गर्न र कुशल आराधनाको लागि जुन पाँच-धर्म प्रज्ञापन गरेका छन्, यस मध्ये कुन चाहिं धर्मलाई महत्फलदायी भनी बताउँछन् त ?"

"भो गौतम ! ब्राह्मणहरू पुण्य गर्न र कुशल आराधनाको लागि जुन पाँच-धर्म बताएका छन्, ती मध्ये त्यागलाई महत्फलदायी भनी बताउँछन्।"

अनुकम्पा-दान

"हे माणव ! यहाँ के भन्छौ त ? जस्तो कि—कुनै ब्राह्मण कहाँ महायज्ञ भएको हुन्छ। त्यहाँ दुइ जना ब्राह्मणहरू, फलानाको 'महा-यज्ञमा अनुभोग गरौं (भोज खाउँ)' भनी जान्छन्। अनि एक ब्राह्मणको मनमा—'अहो ! भोजनागारमा मैले मात्र अग्रासन, अग्रपिण्ड र अग्रजल पाए हुन्थ्यो, अरूले नपाए हुन्थ्यो' भन्ने हुन्छ। तर अर्कै ब्राह्मणले अग्रासन, अग्रपिण्ड र अग्रजल पाउँछ। अनि सो ब्राह्मण, 'अर्कैले अग्रासन,

१. हेर पृष्ट १३२ मा।

अग्रपिण्ड र अग्रजल पायो, मैले पाइन' भनी रिसाएर असन्तुष्ट हुन्छ। यस्तोलाई ब्राह्मणहरू के विपाक भन्छन् त ?"

"भो गौतम! दानदिँदा ब्राह्मणहरूले 'अरू रिसाउन्, अरू असन्तुष्ट हुन् !' भनी दान दिँदैनन्। बरू अनुकम्पास्वभावले नै दान दिन्छन्।"

"हे माणव! त्यसो भए, 'अनुकम्पा स्वभावले दिने दान' ब्राह्मणहरूको 'छैटौं' दान वस्तु भयो।"

"भो गौतम! यसो भए, 'अनुकम्पा स्वभावले दिने दान' ब्राह्मणहरूको 'छैटौं' दान वस्तु हुन्छ हो।"

"हे माणव! ब्राह्मणहरूले जुन पाँच-धम पुण्य गर्न र कुशल आराधना गर्नका लागि बताएका छन्, ती पाँच-धर्म तिमीले कसकहाँ धेरै देखदछौ त ? गृहस्थी कहाँ कि प्रव्रजित कहाँ त ?"

"भो गौतम! ती पाँच-धर्म ··· प्रव्रजित कहाँ धेरै देखदछु, गृहस्थी कहाँ कम देखदछु। गृहस्थीको कर्मक्षेत्र—विशाल, धेरै गर्नु पर्ने, धेरै आवश्यकता र ठूलो अभिभार हुन्छ, त्यसैले उ सँधै सबै ठाउँमा सत्यवादी हुन सक्दैन; प्रव्रजितको कर्मक्षेत्र—सानो, धेरै गर्न नपर्ने, थोरै आवश्यकता र कम अभिभार हुन्छ, त्यसैले उ सँधै, सबै ठाउँमा सत्यवादी हुन सक्छ। गृहस्थीको कर्मक्षेत्र—विशाल ··· र ठूलो अभिभार हुन्छ, त्यसैले उ सँधै, सबै ठाउँमा तपस्वी हुन सक्दैन; ···ब्रह्मचारी हुन सक्दैन;

··· स्वाध्यायी हुन सक्दैन,···र त्यागी पनि हुन सक्दैन । प्रव्रजितको कर्मक्षेत्र—सानो, धेरै गर्न नपर्ने, थोरै आवश्यकता र कम अभिभार हुन्छ, त्यसैले उ सधैं, सबै ठाउँमा तपस्वी हुन सक्छ, ··· ब्रह्मचारी हुन सक्छ, ··· स्वाध्यायी हुन सक्छ, ··· र त्यागी पनि हुन सक्छ । भो गौतम ! त्यसैले जुन् पाँच-धर्म ब्राह्मणहरूले प्रज्ञापन गरेका छन्, ती पाँच-धर्महरू प्रव्रजितहरूमा बहुल देख्दछु, गृहस्थीहरूमा कम देख्दछु ।"

"हे माणव ! ब्राह्मणहरूले जुन पाँच धर्म पुण्य गर्न र कुशल आराधनाको लागि प्रज्ञापन गरेका छन्, त्यस पुण्यकर्म र कुशल आराधनाको अभिवृद्धिका लागि अवैर, अद्वेष चित्त सहायक सिद्ध हुन्छ । हे माणव ! यहाँ भिक्षु सत्यवादी हुन्छ । 'सत्यवादी हुँ' भनी भन्न सक्दा उसलाई प्रीति हुन्छ, धर्मज्ञान हुन्छ, धर्मज्ञान युक्तभए पछि प्रमोद हुन्छ । जो त्यो कुशलूपसंहित प्रमोद-चित्त हो, त्यसको अभिवृद्धिको निमित्त अवैर, अद्वेषचित्त सहायक सिद्ध हुन्छ । त्यस्तै गरी यहाँ भिक्षु तपस्वी हुन्छ। 'तपस्वी हुँ' भनी भन्न सक्दा उसलाई प्रीति हुन्छ, धर्मज्ञान हुन्छ, धर्मज्ञान युक्तभए पछि प्रमोद हुन्छ । जो त्यो कुशलूपसंहित प्रमोद-चित्त हो, त्यसको अभिवृद्धिको निमित्त अवैर, अद्वेषचित्त सहायक सिद्ध हुन्छ । त्यस्तै गरी यहाँ भिक्षु ब्रह्मचारी हुन्छ । 'ब्रह्मचारी हुँ' भनी भन्न सक्दा, ··· "स्वाध्यायी हुँ' भनी भन्न सक्दा, ··· 'त्यागी हुँ' भनी भन्न सक्दा, उसलाई प्रीति हुन्छ, धर्मज्ञान हुन्छ, धर्मज्ञान युक्तभए पछि प्रमोद हुन्छ । जो त्यो कुशलूपसंहित प्रमोद-चित्त हो, त्यसको अभिवृद्धिको निमित्त अवैर, अद्वेषचित्त सहायक सिद्ध हुन्छ । जुन पाँच-धर्म ··· ब्राह्मणहरूले प्रज्ञापन गरेका छन्, त्यसको अभिवृद्धिको निमित्त अवैर,

अद्वेषचित्त सहायक सिद्ध हुन्छ।"

ब्रह्मलोक पुग्ने मार्ग

यति कुरा सुनिसके पछि, शुभ माणव तोदेय्यपुत्रले भगवान्सँग निम्न कुरा सोधे :—

"श्रमण गौतम, 'ब्रह्मलोकमा पुग्ने बाटो जान्नु हुन्छ' भन्ने कुरा मैले सुनेको छु।"

"हे माणव ! नलकार गाउँ यहाँबाट टाढा छ कि नजिक छ ?"

"यहाँबाट नजिकै छ।"

"हे माणव ! यहाँ नलकार गाउँमा जन्मी, त्यहीं हुर्की ठुलो भएको कुनै पुरुषसँग, त्यसै गाउँमा बस्ने कुनै मानिसले सोही गाउँको बाटो सोधेमा, उसलाई बताउनकोनिमित्त कुनै शंका, सन्देह अथवा अलमलिनु पर्ने कारण छ कि ?"

'भो गौतम ! छैन।"

"किन नि ?"

"किन कि, सो पुरुष नलकार गाउँमै जन्मी उहीं नै हुर्केको हुनाले, उसलाई नलकार गाउँको सबै बाटाहरू राम्रैसँग थाहा छ।"

"हे माणव ! जस्तो कि—नलकार गाउँमा जन्मी त्यहीं हुर्केर ठुलो भएको पुरुषलाई त्यहींकै बाटा सोद्धा अकमकाउनु पर्ने कुनै कारण

हुँदैन, त्यस्तै तथागतलाई ब्रह्मलोकबारे वा ब्रह्मलोकपुग्ने प्रतिपदाबारे सोद्धा अलमलिनुपर्ने कुनै कारणै रहँदैन। हे माणव ! म ब्रह्मालाई पनि जान्दछु, ब्रह्मलोक पनि जान्दछु, ब्रह्मलोक (ब्रह्मसहव्यतं) जाने प्रतिपदा पनि जान्दछु। यो प्रतिपदा साधनगरी जति ब्रह्मलोकमा उत्पन्न भए ती पनि म जान्दछु।"

"भो गौतम ! 'तथागतले ब्रह्मलोक पुग्ने मार्गको पनि उपदेश गर्नुहुन्छ' भन्ने कुरा मैले सुनेको छु। यदि तथागतले मलाई ब्रह्मलोक पुग्ने मार्गबारे उपदेश गर्नु भए बेश हुने थियो।"

"हे माणव ! त्यसो भए सुन ! राम्ररी मनदिई सुन ! म भन्दछु।" "हवस" भनी शुभ माणव तोदेय्यपुत्रले भगवान्‌लाई प्रत्युत्तर दिएपछि भगवान्‌ले निम्न उपदेश दिनु भयो :—

ब्रह्मविहार—"ब्रह्मलोक पुग्ने बाटो कुन हो भने—माणव ! यहाँ भिक्षु, मैत्री युक्त चित्तलाई एक दिशा फैलाई बस्छ, तथा द्वितीय दिशा, तृतीय दिशा, चतुर्थ दिशा फैलाई बस्छ। माथि, तल, बीच, सबै ठाउँमा, सर्वतिर, सबै प्रकारले सबै लोकमा मैत्री युक्त चित्तलाई फैलाई बस्छ, त्यस्तै गरी मैत्री विपुल चित्तलाई ..., मैत्रिमहान चित्तलाई ..., मैत्री अप्रमाण चित्तलाई फैलाई बस्छ, अवैरी, अव्यापध्य (अद्वेष) चित्त फैलाई बस्छ। यसप्रकार ध्यान गरी मैत्री चित्तलाई त्यहीं मात्र सीमित नराखी, अप्रमाण मैत्री-चित्त गरी भावना (ध्यान) गर्छ। जस्तो कि - कुनै बलवान् शंखफुक्ने मानिसले अल्पप्रयासले नै चारैतिर सुन्ने गरी शंख बजाउँन सक्छ, त्यस्तै गरी ... मैत्री युक्त चित्तलाई एक दिशा

फैलाई बस्छ, तथा द्वितीय दिशा ··· सबै प्रकारले सबै लोकमा मैत्री युक्त चित्तलाई फैलाई बस्छ, त्यस्तै गरी ··· अवैरी, अब्यापध्य चित्त फैलाई बस्छ। ··· त्यहीं मात्र सीमित नराखी अप्रमाण मैत्री चित्त गरी भावना गर्छ। यो पनि ब्रह्मकहाँ पुग्ने मार्ग हो।

"हे माणव! फेरि भिक्षु, करुणा युक्त चित्तलाई पनि एक दिशा फैलाई बस्छ···,मुदिता युक्त चित्तलाई पनि एक दिशा फैलाई बस्छ···, उपेक्षा युक्त चित्तलाई पनि एक दिशा फैलाई बस्छ, तथा द्वितीय दिशा··· सबै प्रकारले सबै लोकमा उपेक्षा युक्त चित्तलाई फैलाई बस्छ, त्यस्तै गरी उपेक्षा विपुल चित्तलाई ···, उपेक्षा महान चित्तलाई ···, उपेक्षा अप्रमाण चित्तलाई फैलाई बस्छ; ···यसप्रकार ध्यान गरी उपेक्षा चित्तलाई त्यहीं मात्र सीमित नराखी, अप्रमाण उपेक्षा चित्त गरी भावना गर्छ। जस्तो कि–कुनै बलवान् शंखफुक्ने मानिसले···शंख बजाउँन सक्छ, त्यस्तै गरी ··· अप्रमाण उपेक्षा चित्त गरी भावना गर्छ। यो पनि ब्रह्मकहाँ पुग्ने मार्ग हो।"

शरणागमन

भगवान्ले यति भन्नु भएपछि, शुभ माणव तोदेय्यपुत्रले भगवान्सँग यसरी प्रार्थना गरे :—"आश्चर्य! भो गौतम! आश्चर्य! भो गौतम!! जस्तो कि—घोप्टेकोलाई उत्तानो पारिदिंदा, छोपिएकोलाई उघारिदिंदा, बाटो भुलेकोलाई बाटो देखाइदिंदा, अन्धकारमा तेलको बत्ती राखिदिंदा आँखा हुनेहरूले रूप देख्छन्, त्यस्तै गरी तपाइ गौतमले

मलाई अनेक प्रकारबाट धर्म प्रकाश गरिदिनु भयो । म भगवान् गौतमको शरण पर्छु, धर्म र सङ्घको पनि । आजदेखि तपाइ गौतमले मलाई आजीवनसम्म शरणमा आएको उपासक हो भनी स्वीकार गर्नुहोस् !"

यस पछि शुभ माणव तोदेय्यपुत्रले भगवान्सँग "हवस् त, हामी जान्छौं । हामीहरूको धेरै कामकाज छ" भनी अनुरोध गरे ।

"जे उचित सम्झन्छौ, सो गर" भनी भगवान्ले भन्नु भयो ।

अनि शुभ माणव तोदेय्यपुत्र, भगवान्को भाषणलाई अभिनन्दन अनुमोदन गरी आसनबाट उठी भगवान्लाई अभिवादन तथा प्रदक्षिणा गरी फर्केर गए ।

जानुश्रोणी ब्राह्मणसँग भेट

त्यस वखतमा जानुश्रोणी ब्राह्मण निवखर सेतो अश्वरथमा बसी श्रावस्तीबाट बाहिर जाँदै थिए । जानुश्रोणी ब्राह्मणले टाढैबाट शुभ माणव तोदेय्यपुत्रलाई आइरहेको देखेर उनीसँग सोधे :—"हे भारद्वाज ! शुद्ध मध्यान्ह समयमा कहाँबाट आइरहेको ?"

"उनै श्रमण गौतम कहाँबाट आइरहेको छु ।"

"हे भारद्वाज ! तपाइ श्रमण गौतमको प्रज्ञा-व्यक्तताबारे के सोच्नु हुन्छ नि ? वहाँ पण्डित हुनुहुन्छ कि ?"

"भो ! म को हुँ र ! कसले श्रमण गौतमको प्रज्ञा-व्यक्ततावारे

बुझ्न सक्ला र ? बुझ्न सक्ने व्यक्ति पनि त त्यत्तिकै हुन पर्ला नि, जसले श्रमण गौतमको प्रज्ञालाई बुझ्न सकोस् !"

"तपाइले त श्रमण गौतमको बडो उदारभावले प्रशंसा गर्नु भयो नि !"

"भो ! श्रमण गौतमको प्रशंसा गर्न सक्ने म कोहुँ र ? जति प्रशंसा गरे पनि श्रमण गौतम देव मनुष्यहरू भन्दा श्रेष्ठ नै हुनुहुन्छ । ब्राह्मणहरूले जुन पाँच-धर्म पुण्य गर्न र कुशल आराधनाका निम्ति प्रज्ञापन गरेका छन्, त्यसमा पनि अभिवृद्धि गर्न अवैर र अद्वेषचित्त सहायक सिद्ध हुने कुरा वहाँले बताउनु हुनुहुन्छ ।"

यति कुरा सुनी जानुश्रोणी ब्राह्मण निक्खर सेतो अभ्वरथबाट ओर्ही उत्तरासङ्ग एकांश गरी, जहाँ भगवान् हुनुहुन्थ्यो त्यतैतिर फर्की, हातजोडी, नमस्कार गरी, प्रफुल्लित भई निम्न वाक्य प्रकाश गरे :—

"प्रसेजित कोशल राजाको लाभ हो ! राजा प्रसेनजित कोशलको सुलाभ हो !! जसको राज्यमा तथागत सम्यक् सम्बुद्ध बस्नु भएको छ !"

× × ×

सूत्र :—

आयुष्मान् आनन्दलाई निम्तो

यस्तो मैले सुने[१] ।—

एक समय आयुष्मान् आनन्द भगवान् परिनिर्वाण भएको

---

१. दी. नि. सुभसुत्तं ।

केही दिन पछि श्रावस्तीस्थित अनाथपिण्डिक महाजनको जेतवन विहारमा बस्नु भएको थियो ।

त्यस बखत शुभ माणव तोदेय्यपुत्र कुनै कामले श्रावस्ती नगरमा बसेका थिए। अनि शुभ माणव तोदेय्यपुत्रले एक माणवलाई बोलाई यसो भने :—

"हे माणव ! तिमी यहाँ आऊ । तिमी जहाँ श्रमण आनन्द हुनुहुन्छ त्यहाँ गई, श्रमण आनन्दलाई मेरो वचनले क्षेमकुशल तथा सँचो छ छैन सोध—'शुभ माणव तोदेय्यपुत्र, तपाइ आनन्दलाई सँचो विसँचो छ छैन भनी सोद्ध छ' भन । यति सोधिसके पछि यो पनि निवेदन गर कि—अनुकम्पा राखी 'तपाइ आनन्द शुभ माणव तोदेय्यपुत्रको निवास-स्थानमा पाल्नु भए बेश हुन्थ्यो ।"

"हवस्" भनी सो माणव, शुभ माणव तोदेय्यपुत्रलाई प्रत्युत्तर दिई जहाँ आयुष्मान् आनन्द हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ गई आयुष्मान् आनन्दलाई सम्मोदन गरे । सम्मोदनीय कुराकानी सिद्धिए पछि एक छेउमा बसे । अनि उनले आयुष्मान् आनन्दलाई यस्तो निवेदन गरे :—

"शुभ माणव तोदेय्यपुत्रले तपाइ आनन्दको क्षेमकुशल तथा सँचो बिसञ्चोको कुरा सोधी यसो पनि निवेदन गरेका छन् कि—'अनु-कम्पा राखी तपाइ आनन्द शुभ माणव तोदेय्यपुत्रको निवासस्थानमा पाल्नु भए बेश हुने थियो ।"

यसरी निवेदन गर्दा आयुष्मान् आनन्दले सो माणवलाई यसो

भन्नु भयो—"हे पुरुष ! आज मैले औषधि पिएको छु, आज उचित समय छैन । उचित समय हेरी भोलि पनि आउन सक्छु ।"

"हवस्," भनी सो माणव आयुष्मान् आनन्दको कुरा सुनी आसनबाट उठेर जहाँ शुभ माणव तोदेय्यपुत्र थिए त्यहाँ गए । अनि आयुष्मान् आनन्दले भन्नु भएको कुरा जम्मै बताए । भोलि पाल्नु हुनको निमित्त आयुष्मान् आनन्दले स्वीकृति दिनु भएको कुरा पनि अवगत गराए ।

आयुष्मान् आनन्द त्यो रात बितिसके पछि भोलिपल्ट, पूर्वाण्ह समयमा चीवर-वस्त्र लगाई, पात्र-चीवर ग्रहण गरी चेतक भिक्षु सहित अरू भिक्षुहरू पछाडि लगाई जहाँ शुभ माणव तोदेय्यपुत्रको निवासस्थान हो त्यहाँ गई, बिच्छ्याइ राखेको आसनमा बस्नु भयो ।

आयुष्मान् आनन्दसँग शुभ माणवको प्रश्न

शुभ माणव तोदेय्यपुत्र आयुष्मान् आनन्दकहाँ आई सम्मोदन तथा कुशलवार्ता गरिसके पछि एक छेउमा बसे । एक छेउमा बसेका शुभ माणव तोदेय्यपुत्रले आयुष्मान् आनन्दसँग निम्न कुराहरू सोधे :—

"दीर्घकालसम्म तपाइ आनन्द भगवान्को सेवक हुनुहुन्थ्यो, भगवान् गौतमको साथमै बस्नु भएको थियो । तपाइलाई थाहा हुनुपर्छ कि भगवान् गौतम कुनचाहीं धर्मको वर्णवादी हुनुहुन्थ्यो, कुनचाहीं धर्म जनतालाई ग्रहण गर्न लगाउनु हुन्थ्यो र कुनचाहीं धर्ममा जनतालाई राख्नु हुन्थ्यो वा प्रतिष्ठित गराउनु हुन्थ्यो ?"

तीन धर्मस्कन्ध

"हे माणव ! तीन धर्मस्कन्ध[१]को भगवान् वर्णवादी हुनुहुन्थ्यो। यही धर्म जनतालाई ग्रहण गर्न लगाउनु हुन्थ्यो र त्यसैमा जनतालाई राख्नु हुन्थ्यो वा प्रतिष्ठित गराउनु हुन्थ्यो। कुनचाहीं तीन भने—(१) आर्य-शीलस्कन्ध, (२) आर्य-समाधिस्कन्ध र (३) आर्य-प्रज्ञास्कन्ध। यिनै तीन धर्मस्कन्धको भगवान् गौतम वर्णवादी हुनुहुन्थ्यो, यही धर्म जनतालाई ग्रहण गर्न लगाउनु हुन्थ्यो र यसै धर्ममा जनतालाई राख्नु हुन्थ्यो वा प्रतिष्ठित गराउनु हुन्थ्यो।"

१–आर्य-शीलस्कन्ध

"कुनचाहीं त्यो आर्य (उत्तम) शीलस्कन्ध हो जसको भगवान् गौतम वर्णवादी हुनुहुन्थ्यो ?..."

"हे माणव ! यहाँ तथागत अरहत् सम्यक् सम्बुद्ध लोकमा जन्मिनु हुन्छ। वहाँले देवसहित[२]० मनुष्यहरूलाई स्वयं अभिज्ञान साक्षात्कार गरी धर्मोपदेश गर्नु हुन्छ। वहाँले आदि-मध्य-अवशान कल्याण हुने ... परिशुद्ध ब्रह्मचर्य प्रकाश गर्नु हुन्छ। गृहपति वा गृहपतिपुत्र वा अरू कुनै कुलमा जन्म हुनेले सो धर्म श्रवण गर्छ। धर्म सुनेर उसको मनमा श्रद्धा उत्पन्न हुन्छ। श्रद्धा प्रतिलाभ गरेपछि उसले मनमा यस्तो

---

१. उपनिषद्मा – 'त्रयो धर्मस्कन्धा यज्ञोऽध्ययनं दानमिति'।

२. हेर पृष्ट १६४ मा।

विचार गर्छ कि—'घरवास बाधापूर्ण छ, प्रव्रजित हुनु खुला आकाश जस्तो छ। घरमाबसी एकदम शंख जस्तै सफा भई परिपूर्ण, परिशुद्ध गरी ब्रह्मचर्य पालन गर्न सम्भव हुँदैन। अतः म केश दाह्री क्षौरगरी घर-बार छाडी कषायवस्त्र धारणगरी प्रव्रजित हुन पर्‍यो।' पछि सो पुरुष, थोरै वा धेरै भोगसम्पत्ति त्यागी, धेरै वा थोरै ज्ञातिबन्धुहरू तथा घरबार छाडी केश दाह्री क्षौरगरी, कषायवस्त्र धारणगरी प्रव्रजित हुन्छ। प्रव्रजित भइसकेपछि प्रातिमोक्ष[1] शील युक्तभइ, आचरण, गोचर (भिक्षामाग्ने क्षेत्र) सम्पन्नभई, अणुमात्र दोषसँग पनि भयदर्शीभई, शिक्षापद ग्रहणगरी, शिक्षापद राम्ररी रक्षा (पालन) गरी बस्छ। शरीर र वचनले कुशल कार्यमा सम्पन्नभई, शुद्ध जीविकागरी, शील र सदाचार सम्पन्नभई, इन्द्रिय दमनगरी, स्मृतिवान तथा सन्तुष्ट भई बस्छ।

"हे माणव ! कसरी सो भिक्षु शीलसम्पन्न हुन्छ भने—

१– "यहाँ भिक्षु, प्राणीहिंसा त्यागी प्राणीहिंसाबाट अलग भई बस्छ। दण्डरहित, शस्त्ररहित, लज्जालु, दयालु तथा सबैप्राणी प्रति हितानुकम्पी भई बस्छ। यो पनि शील हो।

२– "चौरकर्म त्यागी चौरकर्मबाट अलगभई बस्छ। केवल कसैले दिएको वस्तु ग्रहण गर्छ, कसैले दिएको वस्तुको प्रतीक्षा गर्छ। यसरी पवित्रात्मा भई बस्छ। यो पनि शील हो।

---

१. भिक्षुहरूले पालन गर्नु पर्ने शिक्षानियम।

३– "अब्रह्मचर्य त्यागी ब्रह्मचारी भई मैथुनकर्मबाट अलग भई बस्छ ।...

४– "मृषावाद त्यागी मृषावादबाट अलग भई बस्छ । सत्यवादी, सत्यकुरामा बसी तथा विश्वसनीय यथार्थ कुरा गर्छ ।...

५– "चुक्ली लगाउने बानी त्यागी चुक्ली लगाउने कुराबाट अलग भई बस्छ । यिनीहरूलाई भेदगर्न (छुट्याउन) यताको कुरा सुनेर उता भन्न जाँदैन, तिनीहरूलाई भेदगर्न उताको कुरा सुनेर यता भन्न आउँदैन । भेदभिन्न भएकालाई मिलाउँन, मेल मिलाप भएकालाई प्रोत्साहन गर्न; मेल मिलापमा आनन्दित हुने, मेल मिलापमा खुशी मान्ने र मेल मिलाप हुने कुरा गर्ने हुन्छ ।...

६– "परुषवाचा (चित्तदुख्ने कुरा) त्यागी परुषवाचाबाट अलग भई बस्छ । जुन वाचा निर्दोषपूर्ण, सुन्दा आनन्द लाग्ने, प्रेमीय हृदयङ्गम, सबैलाई मन पर्ने र सबैले रुचाउने हो त्यस्तो वाचा बोल्दछ ।...

७– "सम्प्रलाप (व्यर्थ कुराकानी) वाचा त्यागी सम्प्रलाप वाचाबाट अलग भई बस्छ । कालवादी (समयोचित बोल्ने), भूतवादी (सत्य कुरा बोल्ने), अर्थवादी (सार्थक कुरा बोल्ने), धर्मवादी (धर्मको कुरा बोल्ने), विनयवादी (सदाचार नियमको कुरा बोल्ने), निधानवति (मनमा राखिराख्न योग्य) कुरा गर्छ । उचितसमय विचारगरी, केलाई-केलाई सार्थक कुरा गर्छ ।...

८– "बीज र जीव नाशहुने कुराबाट टाढै बस्छ ।...

९– "रातपर्नु मन्दा अगाडि विकाल भोजनबाट विरत भई एक छाक (दिनको) भोजन गर्छ ।...

१०– "नाँच-गान बाजा तथा अन्य प्रदर्शन हेर्ने कामबाट अलग रहन्छ ।...

११– "माला-सुगन्ध-लेपन, धारण (अलंकार लगाउने) मण्डन (राम्रोगर्ने), विभूषणबाट अलग रहन्छ ।...

१२– "उच्चासन, महासनबाट अलग रहन्छ ।...

१३– "सून, चाँदी ग्रहण गर्ने कामबाट अलग रहन्छ ।...

१४– "काँचो धान्यवर्ग ग्रहण गर्ने कामबाट अलग रहन्छ ।...

१५– "काँचो मासु ग्रहण गर्ने कामबाट अलग रहन्छ ।...

१६– 'स्त्री, कुमारी ग्रहण गर्ने कामबाट अलग रहन्छ ।...

१७– "दासी, दास ग्रहण गर्ने कामबाट अलग रहन्छ ।...

१८– "भेँडा, बाख्रा ग्रहण गर्ने कामबाट अलग रहन्छ ।...

१९– "कुखुरा, सुगुर ग्रहण गर्ने कामबाट अलग रहन्छ ।...

२०– "हात्ती, गाई, घोडा, घोडी ग्रहण गर्ने कामबाट अलग रहन्छ ।...

२१– "खेत, मालसामान ग्रहण गर्ने कामबाट अलग रहन्छ ।...

२२– "दौत्य कामबाट अलग रहन्छ ।...

२३– "क्रय विक्रयबाट अलग रहन्छ ।...

२४– "तराजु, ढक, माना-पाथीमा छल-कपट गर्ने कामबाट अलग रहन्छ।...

२५– "घूस लिने-दिने, छल-कपट गर्ने, छक्याउने, नकली सुन चाँदी बनाउने कामबाट अलग रहन्छ।...

२६– "छेदन (हात खुट्टा काटने), वध (मार्ने, पिट्ने), बन्धन (बाँधने), लुटने, डाँकामार्ने कामबाट अलग रहन्छ। यो पनि शील नै हो।

"हे माणव ! जस्तो कि— कुनै कुनै श्रमण ब्राह्मणहरू श्रद्धाले दिएको भोजन खाई मिथ्यातरिकाले निम्न तिरश्चीन (हीन) विद्याद्वारा जीविका गर्छन् :—

"(१) शान्ति-स्वस्ति (कुनै देवस्थलमा गई मेरो यस्तो यस्तो काम पूराहोस् भनी प्रार्थना गर्ने) कामबाट जीविका गर्छन्, (२) प्रणिधान (सो प्रार्थना गरेको काम पूरा भएपछि गर्ने पूजा) कर्मबाट जीविका गर्छन्, (३) भूत साधन गर्ने कामबाट जीविका गर्छन्, (४) मन्त्र साधन गर्ने कामबाट जीविका गर्छन्, (५) मन्त्रद्वारा पुरुषलाई नपुंसक बनाउने, नपुंसकलाई पुरुष बनाउने कामबाट···, (६) गृहप्रतिष्ठान कर्म (घर बनाउनको लागि जगमा पूजा गर्ने काम) बाट···, (७) बलीकर्म (जगमा बली चढाउने काम) बाट···, (८) आचमनकर्म (पानी मुखमा लिई मुख शुद्धिगर्ने काम) बाट,··· (९) स्नानकर्म बाट,..... (१०) होमकर्म बाट,.. (११) वमनकर्म (औषधिद्वारा वमन गराउने काम)

बाट,… (१२) विरेचनकर्म बाट,… (१३) उर्द्ध विरेचनकर्म बाट,… (१४) अधोविरेचन कर्म बाट,… (१५) शिरविरेचनकर्म (कपाल दुख्नेलाई औषधि दिने काम) बाट,… (१६) कर्णतेल (कानमा हाल्ने तेल बनाइदिने काम) बाट,… (१७) आँखा सेक्ने काम (आँखामा सेक् लगाउने औषधि दिने काम) बाट,… (१८) नस दिने कामबाट,… (१९) गाजल दिने कामबाट,… (२०) प्रत्यञ्जन (औषधिको गाजल) दिने कामबाट,… (२१) छुरा द्वारा औषधिगर्ने कामबाट,… (२२) छुरा र कैंचीले औषधि गर्ने कामबाट,… (२३) बालचिकित्सा बाट,… (२४) जरी बुटीको औषधि दिनेकाम बाट, (२५) लागू छुट्ने औषधि दिने कामबाट जीविका गर्छन् । यस किसिमका तिरश्चीन विद्याले युक्त मिथ्याजीविकाबाट अलग भएको हुन्छ । हे माणव ! जुन श्रमण ब्राह्मणहरू उपर्युक्त प्रकारले जीविका गर्छन् त्यस्तो प्रकारले सो भिक्षुले जीविका गर्दैन । यो पनि शील नै हो ।

"यसरी शील सम्पन्न हुने सो भिक्षुले शील-सदाचारबारे कसैबाट र कुनैबाट पनि भय देख्दैन अर्थात् शील-सदाचारबारे कसैले केही भन्लान् कि भन्ने मनमा भय हुँदैन । जस्तो कि— मूर्धाभिषिक्त क्षत्री राजाले सबै शत्रुमाथि विजय गरेपछि पुनः शत्रुबाट हुने कुनै पनि भय देख्दैन, त्यस्तै सो विक्षुले पनि शील-सदाचार बारे कतैबाट पनि भय देख्दैन । सो भिक्षु यस्तो आर्य उत्तम शील सम्पन्न भई आफ्नो अभ्यन्तरमा अनवद्य सुखको स्वानुभव गर्छ । हे माणव ! यस किसिमले शील-

सम्पन्न हुन्छ। यही नै त्यो शीलस्कन्ध हो जसको भगवान् वर्णवादी हुनुहुन्थ्यो। यही शील जनतालाई ग्रहणगर्न लगाउनु हुन्थ्यो र यसै शीलमा जनतालाई राख्नु हुन्थ्यो वा प्रतिष्ठित गराउनु हुन्थ्यो। यो भन्दा अरु अरू बढी गर्नु पर्नेछन्।"

"भो आनन्द., आश्चर्य ! अद्भुत !! सोही आर्य-शीलस्कन्ध परिपूर्ण छ, अपरिपूर्ण छैन। यस्तो परिपूर्ण आर्य-शीलस्कन्ध यहाँ भन्दा वाहिर अरू श्रमण ब्राह्मणहरूकहाँ म देख्दिन। यदि यस्तो परिपूर्ण आर्य-शीलस्कन्ध यहाँ भन्दा बाहिरका अरू श्रमण ब्राह्मणहरूले आफुमा देखेका भए उनीहरू यत्तिमै सन्तुष्ट हुने थिए र यसो भन्ने थिए— 'यत्तिले नै पर्याप्त छ, यत्तिले नै भरिपूर्णछ। श्रमणत्वको निम्ति पनि यत्तिकैले पुग्छ, यो भन्दा बढता अरू गर्नु पर्ने केही छैन।' तर तपाइ आनन्द 'यो भन्दा अरु अरू बढी गर्नु पर्ने छन्' भनी भन्नु हुन्छ।"

२—आर्य समाधिस्कन्ध

"भो आनन्द ! कुनचाहिं त्यो आर्य समाधिस्कन्ध हो जसको भगवान् गौतम वर्णवादी हुनुहुन्थ्यो ?..."

इन्द्रियसंयम—"हे माणव ! कसरी भिक्षु इन्द्रिय वशमा राख्दछ भने— 'यहाँ भिक्षु, चक्षुले रूप देखेर निमित्तग्राही (आकार प्रकार हेरी, राम्रो नराम्रो भनी आसक्त हुने) हुँदैन, न अनुव्यञ्जनग्राही (आसक्त भई अङ्गप्रत्यङ्ग, हाउ-भाउ हेर्ने) हुन्छ। जुन चक्षुरिन्द्रिय

असंयमी हुँदा मनमा पाप र क्लेश उत्पन्न हुन्छ, त्यसको निवारणको लागी चक्षुरिन्द्रिय संयम गर्छ। श्रोतले शब्दसुनी निमित्तग्राही हुँदैन, न अनुव्यञ्जनग्राही हुन्छ। जुन श्रोतेन्द्रिय असंयमी हुँदा मनमा पाप र क्लेश उत्पन्न हुन्छ, त्यसको निवारणको लागि श्रोतेन्द्रिय संयम गर्छ। घ्राणले गन्ध लिई निमित्तग्राही हुँदैन, न अनुव्यञ्जनग्राही हुन्छ। जुन घ्राणेन्द्रिय असंयमी हुँदा मनमा पाप र क्लेश उत्पन्न हुन्छ, त्यसको निवारणको लागि घ्राणेन्द्रिय संयम गर्छ। जिह्वाले रसास्वाद गरी निमित्तग्राही हुँदैन, न अनुव्यञ्जनग्राही हुन्छ। जुन जिह्वेन्द्रिय असंयमी हुँदा मनमा पाप र क्लेश उत्पन्न हुन्छ, त्यसको निवारणको लागि जिह्वेन्द्रिय संयम गर्छ। कायले स्पर्शगरी निमित्तग्राही हुँदैन, न अनुव्यञ्जनग्राही हुन्छ। जुन कायेन्द्रिय असंयमी हुँदा मनमा पाप र क्लेश उत्पन्न हुन्छ, त्यसको निवारणको लागि कायेन्द्रिय संयम गर्छ। मनले मनको विषय जानी निमित्तग्राही हुँदैन, न अनुव्यञ्जनग्राही हुन्छ। जुन मनेन्द्रिय असंयमी हुँदा मनमा पाप र क्लेश उत्पन्न हुन्छ, त्यसको निवारणको लागि मनेन्द्रिय संयम गर्छ।' यस किमिससँग इन्द्रिय संयमले युक्तभई आफ्नो अभ्यन्तर हृदयले शान्ति-सुख अनुभव गर्छ। यसरी सो भिक्षुले इन्द्रियसंयम गर्छ।

सम्प्रजन्यज्ञान— "हे माणव ! कसरी भिक्षु, स्मृति-सम्प्रजन्य ज्ञान (आफ्नो सन्ततिमा सचेत र जागरूक भई बस्ने) ले युक्तभई बसदछ भने— 'यहाँ भिक्षु, जाँदा र आउँदा सचेत भई होसराखी हिंडछ, अगाडि र यता उता हेर्दा सचेत भई होसराखी हेर्छ,

हात खुट्टा खुम्च्याउँदा र पसारदा सचेतभई होसराखी चलाउँछ, सङ्घाटि[1] पात्र-चीवर धारणगर्दा सचेत भई होसराखी लगाउँछ, खाँदा र पिउँदा, चाटेर खाँदा सचेत भई होसराखी खान्छ, हिंडदा, उठदा, बस्दा, सुतदा, ब्यूझिरहँदा, कुरागर्दा र चुपलागेर बस्दा सचेत भई होसराखी बस्छ।' यसरी भिक्षु स्मृति-सम्प्रजन्य ज्ञानले युक्त भई बस्छ।

सन्तोषी— "हे माणव ! कसरी भिक्षु, सन्तुष्ट भएको हुन्छ भने— 'यहाँ भिक्षु, पेट भर्ने जति भोजनले र शरीर ढाक्न पुग्नेजति चीवर वस्त्रले सन्तुष्ट हुन्छ। जहाँ जहाँ जान्छ आफ्नो सबै परिष्कार-हरू[2] लिएर जान्छ। जस्तो कि चराचुरुङ्गी उडेर जाँदा आफ्नो पखेटा-को साथ उडेर जान्छ त्यस्तैगरी भिक्षु पनि जहाँ जहाँ जान्छ आफ्नो सबै परिष्कारहरू लिएर जान्छ।' यसरी सो भिक्षु सन्तोषी हुन्छ।

"हे माणव ! अनि सो भिक्षु,— यी आर्य-शीलस्कन्धले, आर्य-इन्द्रिय संयमले, आर्य-स्मृति-सम्प्रजन्य ज्ञानले र आर्य-सन्तुष्टताले युक्तभई,— एकान्त निर्जन शयनासनमा (सुतने बस्ने ठाउँभएको स्थानमा) बस्छ। जङ्गल, रूखमुनी, पर्वत, कन्दरा (पानीको झरना भएका ठाउँ), पहाडी-गुफा, श्मसान, जङ्गलको बाटो, खुलाठाउँ र पराले छाप्रोमा पनि बस्छ। भिक्षाटन सिद्धिएपछि, भोजनोपरान्त उ

१. भिक्षुहरूले लाउने दोबर कपडाको चीवर-वस्त्र

२. तीन चीवर, भिक्षा-पात्र, सियो, धागो, कमरपेटी र पानीछान्ने।

शरीरलाई सीधाराखी, पलेटीमारी, मुख अगाडि स्मृति[१] राखी बस्छ ।

पञ्चनीवरण — "(१) अभिध्या हटाई, अनभिध्याभावले युक्त भई, अभिध्याबाट चित्त परिशुद्धगरी बस्छ । (२) व्यापाद (द्वेषभाव) हटाई, अव्यापाद भावले युक्तभई, व्यापादबाट चित्त परिशुद्धगरी बस्छ । (३) थीनमिद्ध अर्थात् शारीरिक मानसिक आलस्यपन-हटाई, जाग्रत भई आलोकसंज्ञी[२] तथा स्मृति (होस) लाई थातमा राखी, आलस्यपनबाट चित्त परिशुद्ध गरी बस्छ । (४) उद्धच्च कुक्कुच्च अर्थात् शारीरिक र मानसिक अस्थिर र अशान्तपन (Restless) लाई हटाई, शारीरिक र मानसिक स्थिर र शान्त-पनलाई बढाई आफ्नो अभ्यन्तरलाई परमशान्त गरी, शारीरिक तथा मानसिक अस्थिर–अशान्तपनबाट चित्त परिशुद्ध गरी बस्छ । (५) विचिकिच्छा अर्थात् शंका-उपशंका हटाई, निःशंकी भई, शंकाबाट चित्त परिशुद्धगरी बस्छ ।

पाँच दृष्टान्त

१– "हे माणव ! जस्तो कि – कुनै पुरुषले कर्जालिई काममा लगाउँछ । उसको काम सफल हुन्छ । उसले लिएको कर्जा चुक्तागरी दिन्छ । दार-भरणको निमित्त अरू धन पनि बचेको हुन्छ । अनि उसको मनमा यस्तो हुन्छ कि— 'अघि मैले कर्जा लिएको थिएँ । अब मेरो

१. श्वास-प्रश्वासमा होसराख्नु अर्थात् जानिकन श्वास-प्रश्वास गर्नु ।

१. उज्यालोपन देखिने एकप्रकारको ध्यान ।

काम सफल भयो । लिएको कर्जा पनि चुक्तागरी दिइसकें । दार-भरणको लागि मसँग अरू धन पनि बचेको छ ।' यस्तो विचार गर्दा उसको मनमा अपार प्रीति र प्रामोदय उत्पन्न हुन्छ ।

२– "हे माणव ! जस्तो कि– बिरामी भएको, रोगले सारै पीडितभई दुःखी भएको; भात पनि खान नसक्ने, बल पनि नभएको कुनै पुरुषको रोग निको भइसकेपछि, भात पनि खान सक्ने र शरीरमा बल पनि भइसकेपछि, उसको मनमा यस्तो हुन्छ कि— 'अघि म रोगी थिएँ, रोगले सारै पीडित थिएँ, भात पनि खान सक्दिनथें, शरीरमा बल पनि थिएन । अब मेरो रोग निको भइसक्यो, भात पनि खान सकें, शरीरमा बल पनि भयो ।' यस्तो विचार गर्दा उसको मनमा अपार प्रीति र प्रामोदय उत्पन्न हुन्छ ।

३– "हे माणव ! जस्तो कि— जेलमा परेको कुनै पुरुष, पछि शरीरको कुनै हानी-नोक्सानी विना, धन-जनको नोक्सानी विना, सकुशल जेलबाट मुक्त हुँदा उसको मनमा यस्तो लाग्छ— 'अघि म जेलमा थुनिएको थिएँ, अब म त्यस जेलबाट शरीरको कुनै हानी-नोक्सानी विना,··· सकुशल जेलबाट मुक्त भएँ ।' यस्तो विचार गर्दा उसको मनमा अपार प्रीति र प्रामोदय उत्पन्न हुन्छ ।

४– "हे माणव ! जस्तो कि— दास भएको, स्वाधिन न भएको, पराधीन भई आफुखुसी कहीं जान नपाउने कुनै पुरुष, केही दिन पछि त्यस दासत्वबाट मुक्तभई स्वाधीन हुन्छ, आफुखुसी जहाँ

पनि जान सक्दा उसको मनमा यस्तो लाग्छ— 'अघि म दासत्वमा थिएँ, पराधीन थिएँ, आफुखुसी कहीं जान सक्दिनथें । अब म दासत्वबाट मुक्त भएँ, स्वाधीन भएँ, आफुखुसी जहाँ पनि जान सक्छु ।' यस्तो विचारगर्दा उसको मनमा अपार प्रीति र प्रामोद्य उत्पन्न हुन्छ ।

५– "हे भारद्वाज ! जस्तो कि— कुनै पुरुष धनसम्पत्तिलिई मरुभूमिको लामो बाटोमा गइरहेको हुन्छ— जहाँ खान पिउन केही पनि पाइँदैन, जहाँ अनेक प्रकारको भय हुन्छ । पछि उ मरुभूमिबाट सकुशल पारगरी, क्षेम तथा भय नभएको गाउँघरमा आइपुग्दा उसको मनमा यस्तो लाग्छ—'अघि म धनसम्पत्तिलिई मरुभूमिको लामोबाटोबाट आइरहेको थिएँ,··· अब म मरुभूमिको बाटो पार गरि सकें, क्षेम तथा भय नभएको गाउँघरमा आइपुगिसकें ।' यस्तो विचारगर्दा उसको मनमा अपार प्रीति र प्रामोद्य उत्पन्न हुन्छ ।

"हे माणव ! त्यस्तैगरी सो भिक्षुले पनि— पाँचनीवरणलाई— कर्जाबाट, रोगबाट, जेलबाट, दासत्वबाट र मरुभूमिबाट पार गरे झैं, पाँच नीवरणबाट आफुलाई मुक्त भएको देख्छ । आफुमा पाँच नीवरण नभएको पाउँदा उसको मनमा अपार प्रीति तथा प्रामोद्य उत्पन्न हुन्छ । प्रीति-चित्त भएपछि शरीर प्रशब्ध (शान्त) हुन्छ, शरीर प्रशब्ध भएपछि सुखानुभव हुन्छ, शान्त तथा सुखी भएको चित्त समाधिष्ठ हुन्छ ।

प्रथम ध्यान— "अनि सो भिक्षु, कामविषयबाट अलगभई,

वितर्क-विचार सहित, एकान्त वासबाट प्राप्त प्रीति र सुखलेयुक्त प्रथम-ध्यान प्राप्तगरी बस्छ। अनि उसको शरीरजम्मै एकान्तवासबाट प्राप्त प्रीति र सुखले स्नेहित हुन्छ, व्याप्त हुन्छ, परिपूर्ण हुन्छ र सबैतिर स्पर्शित हुन्छ। उसको कुनै पनि शरीरको भाग एकान्तवासबाट प्राप्त प्रीति र सुखले स्पर्श नभएको हुँदैन।

दृष्टान्त—"हे माणव! जस्तो कि— कुनै नाउ वा उसको अन्तेवासीले काँसको भाँडामा स्नानचूर्ण राखी, पानीले अलि-अलिगरी भिजाउँछ। उसले स्नानचूर्ण अलि-अलि भिजाउँदै मुछ्दै, भाँडाबाट बाहिर नपोखी सम्पूर्णरूपले भिजाउँछ र एक पिण्ड पार्छ। त्यस्तैगरी सो भिक्षुको शरीरजम्मै, एकान्तवासबाट प्राप्त प्रीति र सुखले स्नेहित हुन्छ, व्याप्त हुन्छ, परिपूर्ण हुन्छ र सबैतिर स्पर्शित हुन्छ। उसको शरीरको कुनै पनि भाग एकान्तवासबाट प्राप्त प्रीति र सुखले स्पर्श नभएको हुँदैन। जो भिक्षु, कामविषयबाट अलग भई,··· एकान्तवासबाट प्राप्त प्रिती र सुखले युक्त भएको प्रथम-ध्यानमा बस्छ, जसको जम्मै शरीर, एकान्तजन्य प्रीति र सुखले स्नेहित हुन्छ,··· स्पर्शित हुन्छ र जसको कुनै पनि शरीरको भाग सो एकान्तजन्य प्रीति र सुखले स्पर्श नभएको हुँदैन— यो पनि समाधि नै हो।

द्वितीय-ध्यान—"फेरि हे माणव! सो भिक्षु, वितर्क-विचारलाई उपशान्तगरी, वितर्क-विचार रहित, अभ्यन्तर सम्प्रसाद र एकाग्र चित्तले युक्त, समाधिज प्रीति र सुखले युक्त द्वितीय-ध्यान प्राप्तगरी बस्छ। अनि उसको शरीर जम्मै समाधिज प्रीति र सुखले स्नेहित

हुन्छ, व्याप्त हुन्छ, परिपूर्ण हुन्छ र सबैतिर स्पर्शित हुन्छ। उसको कुनै पनि शरीरको भाग समाधिज प्रीति र सुखले स्पर्श नभएको हुँदैन।

दृष्टान्त— "हे माणव! जस्तो कि— माझमा मूल भएको कुनै गम्भीर जलाशय छ। त्यसको पूर्व, पश्चिम, दक्षिण र उत्तरबाट पानी आउने स्रोत नभएको, किन्तु सोही नै जलाशयको (भित्र भएको) मूलबाट शीतल पानीको स्रोतधार फुटी, माथि आई जलाशय जम्मै स्नेहित हुन्छ, व्याप्त हुन्छ, परिपूर्ण हुन्छ, र सबैतिर पानीको स्रोतधारले स्पर्शित हुन्छ। जलाशयको कुनै पनि भाग पानीको स्रोतधारले स्पर्श नभएको हुँदैन। त्यस्तैगरी सो भिक्षुको शरीरजम्मै समाधिज प्रीति र सुखले स्नेहित हुन्छ,… स्पर्शित हुन्छ। उसको शरीरको कुनै पनि भाग समाधिज प्रीति र सुखले स्पर्श नभएको हुँदैन। जो भिक्षु वितर्क-विचारलाई उपशान्तगरी, वितर्क विचार रहित,… समाधिज प्रीति र सुखले युक्त द्वितीय-ध्यानमा बस्छ, जसको जम्मै शरीर, समाधिज प्रीति र सुखले स्नेहित हुन्छ,… स्पर्शित हुन्छ र जसको कुनै पनि शरीरको भाग सो समाधिज प्रीति र सुखले स्पर्श नभएको हुँदैन, यो पनि समाधि नै हो।

तृतीय-ध्यान— "फेरि हे माणव! सो भिक्षु, प्रीति पनि त्यागी, स्मृति-सम्प्रजन्य शारीरिक सुखानुभवगरी, उपेक्षी भई, आर्यहरू-द्वारा 'उपेक्षी स्मृतिवान सुखविहारी' भनिने तृतीय ध्यान प्राप्त गरी बस्छ। अनि उसको शरीर जम्मै नैष्प्रीतिक सुखले स्नेहित हुन्छ, व्याप्त हुन्छ, परिपूर्ण हुन्छ र सबैतिर स्पर्शित हुन्छ। उसको कुनैपनि शरीरको भाग नैष्प्रीतिक सुखले स्पर्श नभएको हुँदैन।

दृष्टान्त— "हे माणव ! जस्तो कि— उत्पल समुदाय, पद्म समुदाय, पुण्डरिक समुदाय अथवा कुनै उत्पल, पद्म पुण्डरिक पानीमा उत्पन्न भई, पानीमै वृद्धि भइरहेको नालको टुप्पोमा पनि, फेदमा पनि, बीचमा पनि शीतल पानीले स्नेहित हुन्छ,··· स्पर्शित हुन्छ। नालको कुनै पनि भाग पानीले स्पर्श नभएको हुँदैन। त्यस्तैगरी सो भिक्षुको शरीरजम्मै नैष्प्रीतिक सुखले स्नेहित हुन्छ,··· स्पर्शित हुन्छ। उसको शरीरको कुनै पनि भाग नैष्प्रीतिक सुखले स्पर्श नभएको हुँदैन। जो भिक्षु प्रीति पनि त्यागी, स्मृति-सम्प्रजन्य शारीरिक सुखानुभवगरी उपेक्षी भई,··· तृतीय-ध्यान प्राप्तगरी बस्छ, जसको जम्मै शरीर, नैष्प्रीतिक सुखले स्नेहित हुन्छ,··· स्पर्शित हुन्छ र जसको कुनै पनि शरीरको भाग सो नैष्प्रीतिक सुखले स्पर्श नभएको हुँदैन,— यो पनि समाधि नै हो।

चतुर्थ-ध्यान— "फेरि हे माणव ! सो भिक्षु, सुखलाई पनि त्यागी, दुःखलाई पनि त्यागी, पहिले नै सौमनस्य (मानसिक सुख), दौर्मनस्य (मानसिक दुःख) को अन्तगरी; सुख-दुःख न भएको उपेक्षा-स्मृति परिशुद्धगरी चतुर्थ-ध्यान प्राप्तगरी बस्छ। अनि उ यही शरीरमै परिशुद्ध, ज्योतिर्मय चित्त फैलाई बस्छ। उसको कुनै पनि भाग शरीरको परिशुद्ध तथा ज्योतिर्मय चित्तले स्पर्श नभएको हुँदैन।

दृष्टान्त – "हे माणव ! जस्तो कि— कुनै पुरुष सेतो कपडाले आफ्नो शरीर जम्मै शीरदेखि ढाकेर बस्दा उसको शरीरका कुनै पनि भाग नढाकिएको हुँदैन, त्यस्तैगरी सो भिक्षु, सुखलाई पनि त्यागी,

दुःखलाई पनि त्यागी,... चतुर्थ-ध्यान प्राप्तगरी बस्छ। उ यही शरीरमै परिशुद्ध ज्योतिर्मय चित्त फैलाई बस्छ। उसको कुनै पनि शरीरको भाग परिशुद्ध तथा ज्योतिर्मय चित्तले स्पर्श नभएको हुँदैन। जो भिक्षु, सुखलाई पनि त्यागी, दुःखलाई पनि त्यागी,... चतुर्थ-ध्यानमा बस्छ, जो यही शरीरमै परिशुद्ध, ज्योतिर्मय चित्त फैलाई बस्छ, जसको शरीरको कुनै पनि भाग परिशुद्ध तथा ज्योतिर्मय चित्तले स्पर्श नभएको हुँदैन, — यो पनि समाधि नै हो।

"हे माणव! यही नै सो आर्य-समाधिस्कन्ध हो जसको भगवान् वर्णवादी हुनुहुन्थ्यो। यही समाधि जनतालाई ग्रहण गर्न लगाउनु हुन्थ्यो र यसै समाधिमा जनतालाई राख्नु हुन्थ्यो वा प्रतिष्ठित गराउनु हुन्थ्यो। यो भन्दा अरु अरू बढी गर्नु पर्ने छन्।"

"भो आनन्द, आश्चर्य! अद्भुत!! सोही आर्य-समाधि-स्कन्ध परिपूर्ण छ, अपरिपूर्ण छैन। यस्तो परिपूर्ण आर्य-समाधि-स्कन्ध यहाँभन्दा बाहिर अरू श्रमण ब्राह्मणहरू कहाँ म देख्दिन। यदि यति परिपूर्ण आर्य-समाधिस्कन्ध यहाँभन्दा बाहिरका अरू श्रमण ब्राह्मणहरूले आफुमा देखेका भए उनीहरू यत्तिकैले सन्तुष्ट हुने थिए र यसो भन्ने थिए— 'यत्तिकैले पर्याप्त छ, यत्तिकैले परिपूर्ण छ। श्रमणत्वको निमित्त पनि यत्तिकैले पुग्छ, यो भन्दा बढता अरू गर्नु पर्ने केही छैन।' तर तपाइ आनन्द 'यो भन्दा अरु अरू बढी गर्नु पर्ने छन्' भनी भन्नु हुन्छ।

३–आर्य-प्रज्ञास्कन्ध

"भो आनन्द ! कुनचाहिं त्यो आर्य प्रज्ञास्कन्ध हो जसको भगवान् गौतम वर्णवादी हुनुहुन्थ्यो, जो जनतालाई ग्रहण गर्न लगाउनु हुन्थ्यो र जसमा जनतालाई राख्नु हुन्थ्यो वा प्रतिष्ठित गराउनु हुन्थ्यो ?"

१– चित्तज्ञान— "हे माणव ! सोही भिक्षु उपरोक्त आकारले समाहित चित्त, परिशुद्ध चित्त, ज्योतिर्मय चित्त, मलरहित चित्त, क्लेशरहित चित्त, मृदुचित्त, कर्मण्यचित्त र निश्चलचित्त भएपछि ज्ञान-दर्शनको लागि चित्त अघि बढाउँछ, चित्त नमाउँछ । त्यस बखत उसले यस्तो कुरा थाहा पाउँछ— 'यो मेरो शारीरिकरूप भौतिक चारमहाभूतहरू (पृथ्वी, आप, तेज, वायु) बाट बनेको, आमा बाबुको कारणले भएको, खाद्यपदार्थले संवर्धन भएको, बालककालमा छेदन-परिमार्जन-भेदन-विध्वंशन तथा अनित्य स्वभाव भएको, यसै शरीरमा यो विज्ञान (चित्त) बसेको छ, यसैमा प्रतिबद्ध छ ।'

दृष्टान्त – "हे माणव ! जस्तो कि – अष्टांशगरी राम्ररी कुँदेको, सफा-निर्मल-चमक्दार, मैलो नभएको, सर्वप्रकारबाट सम्पन्न भएको शुभ्रजातको वैदूर्य मणिमा, नीलो वा पहेंलो, सेतो वा पाण्डुरङ्गको धागो राखी,— त्यसलाई आँखा हुँने पुरुषले हातमा राखी चारैतिरबाट हेर्दा उसले— यो यस्तो हो भनी थाहा पाउँछ; यस्तैगरी सो भिक्षुले— 'यो मेरो शारीरिकरूप भौतिक चार महाभूतबाट बनेको,··· अनित्य

स्वभाव भएको यसै शरीरमा यो विज्ञान (चित्त) बसेको छ, यसैमा प्रतिवद्ध छ' भनी देखछ, हेर्छ। जो उपरोक्त आकारले हेरिन्छ— यो पनि प्रज्ञा नै हो।

२—मनोमय-ज्ञान—"सो भिक्षुले उपरोक्त आकारले समाहित चित्त,··· निश्चलचित्त भएपछि मनोमय-काय निर्माणको लागि चित्त अघि बढाउँछ, चित्त नमाउँछ। उसले यो शरीरबाट अलगै अर्कै अङ्ग प्रत्यङ्ग युक्त, पूर्ण इन्द्रिय सहित मनोमय भौतिक रूप निर्माण गर्छ।

दृष्टान्त—"जस्तो कि— इषिका (डाँठ) बाट मुञ्ज (बोक्रा) निकाल्छ। अनि उसलाई थाहा हुन्छ कि – 'यो मुञ्ज हो, यो इषिका हो। भिन्नै मुञ्ज हो, भिन्नै इषिका हो। इषिकाबाटै मुञ्ज निकालिएको हो।

अथवा –

"जस्तो कि— कुनै पुरुषले तरवार मियानबाट निकाल्छ। अनि उसलाई यो थाहा हुन्छ कि— 'यो तरवार हो, यो मियन हो। तरवार भिन्नै हो, मियान भिन्नै हो। मियानबाटै तरवार निकालिएको हो।'

अथवा –

"जस्तो कि— कुनै पुरुषले पेटारीबाट सर्प झिक्छ। अनि उसलाई यो थाहा हुन्छ कि— 'यो सर्प हो, यो पेटारी हो। सर्प भिन्नै

हो, पेटारी भिन्नै हो। पेटारीबाटै सर्प झिकिएको हो।' यस्तैगरी हे माणव ! सो भिक्षुले··· यो शरीरबाट अलग्गै अङ्गप्रत्यङ्गयुक्त, पूर्ण इन्द्रिय सहित मनोमय भौतिकरूप निर्माण गर्छ। यसरी···मनोमय भौतिकरूप निर्माणगर्नु पनि प्रज्ञा नै हो।

३– ऋद्धिमय-ज्ञान—"सो भिक्षुले उपरोक्त आकारले समाहित चित्त ··· निश्चलचित्त भएपछि विविध ऋद्धि प्राप्तिको लागि चित्त अघि बढाउँछ, चित्त नमाउँछ। उसले अनेक प्रकारको ऋद्धि प्राप्त गर्छ— एक भइकन पनि धेरै हुन्छ, धेरै भइकन पनि एक हुन्छ। प्रकट पनि हुन्छ, अन्तरधान पनि हुन्छ। आकाशमा हिंडे झैं भित्ता, परखाल, पर्वतमा पनि नछोई वार-पार गर्छ। पानीमा डुबकी लगाए झैं पृथ्वीमा पनि डुब्छ, माथि पनि आउँछ। पृथ्वीमा हिंडने झैं पानीमा पनि पानीले नभिजने गरी हिंडछ। त्यस्तो महातेजस्वी चन्द्र-सूर्यलाई पनि हातले परामर्श गर्छ, परिमार्जन गर्छ। ब्रह्मलोकसम्म पनि आफ्नो शरीरले वशमा राख्छ।

दृष्टान्त—"हे माणव ! जस्तो कि—कुनै सिपालु कुमालेले वा उसका अन्तेवासीले राम्ररी मुछेको माटोले जस्तो इच्छा हुन्छ त्यस्तो भाँडो बनाउँछ।

अथवा—

"कुनै सिपालु दन्त (हस्ति दन्त) कारले वा उसको अन्तेवासीले राम्ररी तयार पारिसकेको (हस्ति) दन्तलाई जस्तो किसिमको बनाउन मनलाग्छ त्यस्तै किसिमको (वस्तु) बनाउँछ।

अथवा—

"कुनै सिपालु सुनारले वा उसको अन्तेवासीले राम्ररी परिशोधन गरेको सुनबाट जस्तो इच्छा हुन्छ त्यस्तै (गहना) बनाउँछ। यस्तैगरी हे माणव ! सो भिक्षुले ··· अनेक प्रकारको ऋद्धि प्राप्त गर्छ ··· ब्रह्मलोकसम्म पनि आफ्नो शरीरले वशमा राख्छ। यसरी ··· ब्रह्मलोकसम्मलाई आफ्नो शरीरले वशमा राख्न सक्नु पनि प्रज्ञा नै हो।

४- दिव्यश्रोत ज्ञान—"सो भिक्षुले उपरोक्त आकारले समाहित चित्त ··· निश्चलचित्त भएपछि दिव्य-श्रोतधातु प्राप्तिका लागि चित्त अघि बढाउँछ, चित्त नमाउँछ। उसले अलौकिक विशुद्ध दिव्यश्रोतधातुले देवताहरूको पनि, मनुष्यहरूको पनि—दुवै शब्द,—टाढाबाट पनि नजिकबाट पनि सुन्दछ।

दृष्टान्त—"हे माणव ! जस्तो कि—कुनै पुरुष लामोबाटो गइरहेको बेलामा (कसैले बजाएको) भेरी-शब्द पनि, मृदङ्ग-शब्द पनि, शंख-शब्द पनि, प्रणवक-शब्द पनि, डमरू-शब्द पनि सुन्दछ। यी शब्दहरू सुनेर उसको मनमा यस्तो हुन्छ—'यो भेरी-शब्द हो, ···यो प्रणवक-शब्द हो'। यस्तैगरी, हे माणव ! सो भिक्षुले ··· अलौकिक विशुद्ध दिव्यश्रोतधातुले देवताहरूको पनि, मनुष्यहरूको पनि—दुवै शब्द—टाढाबाट पनि नजिकबाट पनि सुन्दछ। यसरी···सुन्नु पनि प्रज्ञा नै हो।

५- परचित्त-ज्ञान—"सो भिक्षुले उपरोक्त आकारले समाहित चित्त,··· निश्चलचित्त भएपछि परचित्त-ज्ञान (अर्काको मनको कुरा

जान्नु) को लागि चित्त अघि बढाउँछ, चित्त नमाउँछ। उसले पर-सत्व र पर-पुद्गलको चित्तलाई आफ्नो चित्तले थाहा पाउँछ—रागसहित चित्त-लाई, राग सहित चित्त भनी थाहा पाउँछ; राग रहित चित्तलाई, राग रहित चित्त भनी थाहा पाउँछ, सदोष चित्तलाई, सदोष चित्त भनी थाहा पाउँछ; निर्दोष चित्तलाई, निर्दोष चित्त भनी थाहा पाउँछ; मोह सहित चित्तलाई, मोह सहित चित्त भनी थाहा पाउँछ; मोह रहित चित्तलाई, मोह रहित चित्त भनी थाहा पाउँछ; संक्षिप्त (सूक्ष्म) चित्तलाई, संक्षिप्त (सूक्ष्म) चित्त भनी थाहा पाउँछ; विक्षिप्त चित्तलाई, विक्षिप्त चित्त भनी थाहा पाउँछ; महत् (ठूलो) चित्तलाई, महत् चित्त भनी थाहा पाउँछ; अमहत् (स्यानो) चित्तलाई, अमहत् चित्त भनी थाहा पाउँछ; स-उत्तर चित्तलाई, स-उत्तर चित्त भनी थाहा पाउँछ; अनुत्तर चित्तलाई, अनुत्तर चित्त भनी थाहा पाउँछ; समाहित चित्तलाई, समाहित चित्त भनी थाहा पाउँछ; असमाहित चित्तलाई, असमाहित चित्त भनी थाहा पाउँछ; विमुक्त चित्तलाई, विमुक्त चित्त भनी थाहा पाउँछ; अवि-मुक्त चित्तलाई. अविमुक्त चित्त भनी थाहा पाउँछ।

दृष्टान्त—'हे माणव ! जसरी – कुनै नक्कल पार्न पर्ने स्वभावका स्त्री, पुरुष वा युवा ऐनामा वा परिशुद्ध, निर्मल, स्वच्छ पानीको पात्रमा आफ्नो मुख हेर्दा; मैलो परेकोलाई मैलो परेको छ, सफाछ भने सफाछ भनी थाहा पाउँछ; यस्तैगरी सो भिक्षुले ··· पर-सत्व र पर-पुद्गलको चित्तलाई आफ्नो चित्तले थाहा पाउँछ; राग सहित चित्तलाई, राग सहित-चित्त भनी,···अविमुक्त चित्तलाई, अविमुक्तचित्त भनी थाहा पाउँछ। यसरी ··· थाहा पाउनु पनि प्रज्ञा नै हो।

६– पूर्वानुस्मरण-ज्ञान—"सो भिक्षुले उपरोक्त आकारले समाहित चित्त,···निश्चलचित्त भएपछि पूर्वजन्मको कुरा थाहा पाउनको लागि चित्त अघि बढाउँछ, चित्त नमाउँछ। उसले अनेक प्रकारले पूर्व-जन्मको कुरा थाहा पाउँछ अनुस्मरण गर्छ। जस्तो कि—'एक जन्म, दुइ जन्म ··· दश जन्म ··· शय जन्म ··· सहश्र जन्म, एक लाख जन्म; अनेक संवर्त कल्प (प्रलय), अनेक विवर्त कल्प (शृष्टि), अनेक संवर्त-विवर्त कल्प (प्रलय र शृष्टि) अनुस्मरण गर्छ, थाहा पाउँछ—'फलाना ठाउँमा थिएँ, यस्तो नाउँ, यस्तो गोत्र, यस्तो वर्ण, यस्तो आहारपान, यस्तो सुख दुःख, यति आयु थियो। त्यहांबाट च्युत भई फलाना ठाउँमा जन्म भयो, त्यहाँ पनि :—यस्तो नाउँ, यस्तो गोत्र,··· यति आयु थियो। त्यहाँबाट पनि च्युत भई यस ठाउँमा जन्म भयो।' यसरी आकार प्रकार सहित अनेक पूर्वजन्मको कुरा अनुस्मरण गर्छ।

दृष्टान्त—"हे माणव! जस्तो कि–कुनै पुरुष आफ्नो गाउँ-बाट अर्को गाउँमा जान्छ, त्यहाँबाट पनि अर्को गाउँमा जान्छ, त्यस गाउँबाट फेरि आफ्नै गाउँमा आउँछ। अनि उसले यस्तो अनुस्मरण गर्छ कि—'म आफ्नो गाउँबाट फलाना गाउँमा गएँ, वहाँ यसरी उभिएको थिएँ यसरी बसेको थिएँ, यस्तो कुरा गरें, यसरी चुपलागें; वहाँबाट पनि म फलाना गाउँमा गएँ, त्यहाँ पनि यसरी उभिएको थिएँ, यसरी बसें, यसरी कुरा गरें, यसरी चुपलागें; त्यहाँबाट म फेरि आफ्नै गाउँमा आएँ।' यस्तैगरी, हे माणव! सो भिक्षुले···अनेक प्रकारले पूर्वजन्मको कुरा थाहा पाउँछ, ··· अनुस्मरण गर्छ। यसरी पूर्वजन्मको कुरा अनुस्मरण गर्नु पनि प्रज्ञा नै हो।

७- दिव्य-चक्षु-ज्ञान—“सो भिक्षुले उपरोक्त आकारले समाहित चित्त, ... निश्चलचित्त भएपछि प्राणीहरूको च्युत (मरण) र उत्पत्ति (जन्म) जान्नको लागि चित्त अघि बढाउँछ, चित्त नमाउँछ । उसले अलौकिक, विशुद्ध दिव्यचक्षुद्वारा सत्वलाई देख्छ, जन्म हुने, मरण हुने प्राणीलाई देख्छ,—हीन अवस्थामा, राम्रो अवस्थामा; सुगतिमा, दुर्गतिमा; आ-आफ्ना कर्मानुसार गएका प्राणीहरूलाई थाहा पाउँछ, देख्छ —‘यी सत्वहरू कायिक दुराचारले, वाचिक दुराचारले र मानसिक दुराचारले युक्त भएका; आर्यहरूलाई अपवाद गर्ने, मिथ्यादृष्टि भएका (गलतधारणा भएका), मिथ्यादृष्टि युक्त काम गर्ने —यिनीहरू मरणोपरान्त अपाय, दुर्गति, निनिपात, नर्कमा उत्पन्न भए । यी सत्वहरू काय सदाचारी, वचन सदाचारी र मन सदाचारी भई, आर्यहरूलाई निन्दा उपहास नगर्ने भई, सम्यक् दृष्टिक, सम्यक् दृष्टि युक्त काम गरी मरणोपरान्त सुगति, स्वर्गलोकमा उत्पन्न भए ।’ यसरी उसले अलौकिक, विशुद्ध दिव्य-चक्षुले हीन-प्रणीत, सुवर्ण-दुर्वर्णतामा उत्पन्न भएका, मरण भएका सत्वहरूलाई देख्दछ । सुगति-दुर्गतिमा आ-अफ्ना कर्मानुसार गएका सत्वहरूलाई पनि जान्दछ ।

दृष्टान्त—“हे माणव ! जस्तो कि – चौबाटोको बीचमा भएको घरमा, आँखा भएको कुनै पुरुष उभिइरहँदा (त्यहाँबाट उसले) मानिसहरू घरभित्र पसेका पनि, निस्केका पनि, सडकको बाटोमा यताउता हिँडिरहेका पनि, चौबाटोको बीचमा बसिरहेका पनि देख्छ । अनि उसको मनमा यस्तो लाग्छ —‘यी मानिसहरू घरभित्र पस्दछन्, निस्किन्छन्, सडकको बाटोमा यताउता हिँडिरहन्छन्, चौबाटोको बीचमा बस्दछन् ।’

यस्तैगरी हे माणव ! सो भिक्षुले ... विशुद्ध दिव्य-चक्षुद्वारा ... सुगति-दुर्गतिमा आ-आफ्ना कर्मानुसार गएका सत्वहरूलाई जान्दछ, देख्दछ । यसरी कर्मानुसार गएका सत्वहरूलाई जान्न सक्नु पनि प्रज्ञा नै हो ।

८- आस्रवक्षय-ज्ञान—"सो भिक्षुले उपरोक्त आकारले समाहित-चित्त, परिशुद्ध-चित्त, ज्योतिर्मय-चित्त, मलरहित-चित्त, क्लेश रहित-चित्त, मृदु-चित्त, कर्मण्य-चित्त र निश्चल-चित्त भएपछि आस्रव-क्षय-ज्ञानको लागि चित्त अघि बढाउँछ, चित्त नमाउँछ । उसले 'यो दुःख हो' भनी यथार्थतः बोधगर्छ । 'यो दुःख समुदय हो' भनी यथार्थतः बोधगर्छ । 'यो दुःख निरोध हो' भनी यथार्थतः बोधगर्छ । 'यो दुःख निरोध हुने मार्ग हो' भनी यथार्थतः बोधगर्छ । 'यो आस्रव हो' भनी..., 'यो आस्रव समुदय हो' भनी,... 'यो आस्रव निरोध हो' भनी,... 'यो आस्रव निरोध हुने मार्ग हो' भनी यथार्थतः बोधगर्छ । यसरी देखेपछि, यसरी अवबोध भएपछि उसको चित्त कामास्रववाट पनि, भवास्रवबाट पनि, अविद्यास्रवबाट पनि विमुक्त हुन्छ । विमुक्त भएपछि 'विमुक्त भए" भन्ने ज्ञान पनि हुन्छ । 'जाति (जन्म) क्षीण भयो, ब्रह्मचर्यवास पूरा भयो, गर्नु पर्ने गरिसक्नें, अब उप्रान्त यहाँ आउनु पर्ने हेतुछेन' भन्ने ज्ञान पनि हुन्छ ।

दृष्टान्त - "हे माणव ! जस्तो कि—कुनै पहाडमाथि स्वच्छ, प्रसन्न तथा निर्मल जलाशय छ । वहाँ कुनै आँखा भएको पुरुष जलाशयको तीरमा बसी उसले पानीमा सिपी, शंख, ढुङ्गा, काठ तथा माछाहरू पनि यताउता गैरहेका, बसिरहेका देख्छ । अनि उसको मनमा यस्तो हुन्छ—

'यो जलाशय स्वच्छ, प्रसन्न तथा निर्मल छ। यहाँ सिपी, शंख, काठ, ढुङ्गा छन्, माछाहरू पनि यताउता डुलिरहेका छन्, बसिरहेका छन्।' यस्तैगरी हे माणव! सो भिक्षुले समाहित चित्त, ... निश्चलचित्त भए पछि आस्रव-क्षय-ज्ञानको लागि चित्त अघाडि बढाउँछ, चित्त नमाउँछ। उसले 'यो दुःख हो' भनी ... 'यो आस्रव निरोध हुने मार्ग हो' भनी यथार्थरूपले अवबोध गर्छ। यसरी अवबोध भएपछि उसको चित्त कामास्रवबाट पनि ... अविद्यास्रवबाट पनि विमुक्त हुन्छ। विमुक्त भएपछि 'विमुक्त भएँ' भनी जानी 'अब उप्रान्त यहाँ आउनु पर्ने हेतुछैन' भन्ने पनि उसलाई ज्ञान हुन्छ। यसरी...अवबोध गर्न सक्नु पनि प्रज्ञा नै हो।

"हे माणव! यही नै त्यो 'आर्य-प्रज्ञास्कन्ध हो' जसको भगवान् वर्णवादी हुनुहुन्थ्यो, यही प्रज्ञा जनतालाई ग्रहण गर्न लगाउनु हुन्थ्यो र यसै प्रज्ञामा जनतालाई राख्नु हुन्थ्यो वा प्रतिष्ठित गराउनु हुन्थ्यो। यो भन्दा बढी अरू कुनै गर्नु पर्ने छैन।"

"आश्चर्य! आनन्द, अद्भुत!! आनन्द! सो आर्य-प्रज्ञास्कन्ध परिपूर्ण छ, अपरिपूर्ण छैन। यस्तो परिपूर्ण आर्य-प्रज्ञास्कन्ध यहाँ (बुद्ध-धर्म) बाट बाहिर अरू श्रमण ब्राह्मणहरूकहाँ म देख्दिन। अब यो भन्दा बढी अरू गर्नु पर्ने पनि छैन। धन्य! भो आनन्द, धन्य!! भो आनन्द!... अब म उनै भगवान् गौतमको शरण पर्छु, धर्म र भिक्षुसङ्घको पनि। मलाई तपाइ आनन्दले आजीवनसम्म शरणमा आएको उपासक हो भनी धारणा गर्नुहोस्!"

—★—

३०. पुष्करसाती ब्राम्हण

परिचय

पुष्करसाती ब्राह्मणलाई एक ऋषिले शास्त्र विद्या पढाएका थिए। उनी अत्यन्त प्रभावशाली थिए। उनले चाँडैनै विद्या सिके। विद्याध्ययनको साथै उनले वशीकरण मन्त्र पनि सिके। यस विद्यामा यिनले चाँडैनँ सिद्धि पाएका थिए।

एक दिन पुष्करसातीको विद्वता तथा प्रभावशालिता देखाउन कोशल नरेश प्रसेन्‌जितकहाँ उनलाई उनका गुरु ऋषिले लगे। उनको व्यक्तित्व र शास्त्र तथा विद्याको चमत्कार देखी राजा निक्कै प्रभावित भए। प्रभावित भएर राजाले उनलाई उक्कट्ठा महानगर ब्रह्मदानको रूपमा प्रदान गरे। साथ साथ नगर ब्यवस्थापिकाको स्वामित्व समेत सुम्पे। त्यसैले उनी उक्कट्ठा महानगरको स्वामि मानिएका हुन्। उक्कट्ठा नगरमा शुभग भन्ने सुन्दर बन थियो। कतै कतै पुष्करसाती ब्राह्मण शुभग वनका मालिक हुन् भन्ने पनि उल्लेख भएको पाइन्छ[१]। नगरको मालिक हुनाले सजाय जरीमाना दिने काम पनि गर्थे। कूत उठाई आफै लिन्थे। यसप्रकार कोशल राजाले प्रदानगरेको चल तथा अचल सम्पत्तिबाट उनी समृद्ध भए। पछि गएर पुष्करसाती ब्राह्मण कोशलराज्यमा मात्र

---

१. म. सुभसुत्तं।

नभई जम्बुद्वीपमा समेत सुप्रसिद्ध, ख्याति प्राप्त तथा अग्रगण्य पुरोहित भए ।

कोशल राजाका पाँचजना पुरोहित ब्राह्मणहरू मध्ये पुष्करसाती ब्राह्मणमा विशिष्टता देखिन्छ । ब्राह्मणहरूको जाति शुद्धि गर्नु पर्दा यी पाँच मध्ये चङ्की, तारुक्ष, जानुश्रोणी र तोदेय्य पुरोहित ब्राह्मणहरू पुष्करसाती ब्राह्मणको उक्कट्ठा नगरमा भेला हुन्थे । मन्त्र शुद्धि गर्नु पर्दा उक्कट्ठा बाहिर इच्छानङ्गल वनखण्डमा भेला हुन्थे । यिनीहरू छ छ महीनामा एक एक पटक भेला हुन्थे[१] ।

पुष्करसाती ब्राह्मणको शरीर-वर्णन बुद्धघोष आचार्यले अर्थ कथामा वडो उत्कृष्टरूपले गर्नु भएको छ । वहाँको कथनानुसार पुष्करसाती ब्राह्मणको शरीर-वर्ण — सेतो पोखरी र मन्दिरमा राखिएको रजत-तोरण र इन्द्रनील माणिक्य जस्तो शरीरले, चन्द्रमण्डलमा छायिरहेको बादल जस्तो केशले, नील उत्पल जस्तो आँखाले, सुलुक्क परेको नाकले, शरीर प्रमाणानुसार चटक्क परेका हात खुट्टाले सु-शोभित भएका थिए ।

पुष्करसाती ब्राह्मण कुन ढाँचाले बस्दथे भन्ने कुरा सूत्रबाट पनि अनुमान गर्न सकिन्छ । उनमा जात्याभिमान त छँदै थियो । यो त सबै ब्राह्मणहरूमा हुने जन्मसिद्ध संस्कार हो भने पनि हुन्छ । उनका प्रमुख शिष्य अम्बष्ठ माणवमा त यस्ता दुर्गुणहरू, तन्नेरिपनको कारणले झन बढता भएको कुरा बुद्धसँग गरेको कुराकानीको ढँगबाटै बुझिन्छ । यति-

१. म. नि. अट्ठकथा ।

सम्म जात्याभिमान थियो भन्ने कुरो स्वयं अम्बष्ठ माणवले आफ्नै मुखबाट शाक्यखलकले बेवास्ता गरेकोबारे बकेको कुरा सूत्रमा स्पष्ट उल्लेख भएको छँदैछ । भगवान्ले युक्ति तथा न्यायपूर्ण तरिकाले उनको अहंमन्यतालाई निर्मर्दन गरी जाति-गोत्र खोज्ने मानिसमध्ये क्षत्री-त्वको महत्ता सम्बन्धी उदाहरण प्रस्तुत गर्नु भयो । बुद्धको उद्देश्य कसैको अहंमन्यतालाई मात्र निर्मर्दन गर्नमा सीमित नभई, शीतल हृदयले करुणापूर्वक त्यस्ता अन्ध विश्वासीको प्रज्ञा-चक्षु खोलिदिई प्रकाशमा ल्याउनु पनि हो । अन्त्यमा अम्बष्ठ माणवले बुद्धको अगाडि विनम्र भई ज्ञान-चक्षु खोली बुद्धबाट अनेक गम्भीर धर्मोपदेश पनि सुने । पछि अम्बष्ठ माणव सन्तुष्ट भई आफ्ना गुरु पुष्करसाती ब्राह्मणकहाँ गई यथार्थ कुरा सुनाए ।

अम्बष्ठ माणवको कुरा सुनी पुष्करसाती ब्राह्मणको हृदयमा अगुल्टो झोसेको जस्तो भयो र रिसले अम्बष्ठ माणवलाई त्यहीं नै लात्तले हिर्काइ पल्टाइ दिए । यत्ति गर्दा पनि उनको मनमा शान्ति हुन सकेन । आफुमा कुष्टरोग भएबाट कोशल राजासँग पर्दा भित्रबसी कुराकानी गरेको रहस्य समेत बुद्धले थाहा पाएको कुराले उनी झन लज्जित भए । तर त्यत्तिका असभ्यवाचाद्वारा अम्बष्ठ माणवले बुद्धलाई गालिगर्दा पनि बुद्धमा कुनै क्षोभ उत्पन्न नभई उल्टै निश्चल, शान्त तथा सहिष्णुताको ज्वलन्त उदाहरण पाएकाले, ब्राह्मण बुद्धप्रति प्रसन्न नभई बस्न सकेनन् । बुद्ध-प्रति उनको मनमा पानीको मूल फुटे झैं, श्रद्धाको मूल फुटेर आयो । हृदय परिवर्तन भयो । अतः 'रात पर्‍यो भोलि गए पनि हुन्छ' भनी उनलाई अरूले रोक्दा रोक्दै पनि चिराक लिई भगवान्कहाँ गए ।

बत्तीस महापुरुष लक्षणबारे आफ्नो शिष्य अम्बष्ठको कुरामा मात्र निर्भर नगरी स्वयं आफुले पनि बुद्धको परीक्षागरे । बत्तीस महापुरुषलक्षणले सुसम्पन्न भएको भगवान्को शरीरदेखी पुष्करसातीको शंका उपशंका निवारण भएपछि अतिप्रसन्न भई भगवान्लाई निम्तो पनि गरे । शरण-शील ग्रहण गर्दा पुष्करसाती ब्राह्मणले आफुले मात्र ग्रहण नगरी सबै परिवारलाई समेत ग्रहण गराए । यसरी परिवारै समेत एकैपटक शरणागमनको घोषणा गर्नु चाँहि यहाँ एक विशेषता हुन आएको छ । भोजनोपरान्त बुद्धका उपदेश सुनी स्वयं साक्षात्कार धर्मचक्षु प्राप्त गरी स्रोतापन्न-मार्गफल प्राप्तिबाट सबै प्रकारका मिथ्याधारणालाई तिलाञ्जली दिए[१] । अरू कुरा सूत्रबाटै बुझिने छ ।

पुष्करसाती ब्राह्मणका प्रमुख शिष्यहरू मध्ये त्रिपिटकमा उल्लेख भएका शिष्यहरू यसप्रकार छन् :—

(१) अम्बष्ठ माणव, (२) वाशिष्ठ माणव,[२] (३) शुभ माणव तोदेय्यपुत्र[३] र (४) छत्रपाणि माणव[४] ।

पुष्करसाती ब्राह्मणलाई दिब्यावदानमा पुष्करसारी भनिएको छ[५] ।

×　　　×　　　×

१. अ. क. आधारित ।

२. म. नि. वासेट्ठसुत्तं, सुत्त नि. वासेट्ठसुत्तं ।

३. म. नि. सुभसुत्तं । ४. विमानवत्थु अट्ठकथा । ५. D.P.P.

सूत्र :—

अम्बष्ठ माणवलाई बुद्धकहाँ पठाए

यस्तो मैले सुने[१] ।

एक समय भगवान् पाँचशय भिक्षु समूहका साथ कोशलराज्यमा चारिका गर्दै इच्छानङ्गल भन्ने कोशल ब्राह्मणहरूको गाउँमा पुग्नु भई इच्छानङ्गलको इच्छानङ्गल वनखण्डमा बस्नु भएको थियो ।

त्यस बखत पुष्करसाती ब्राह्मण जनाकीर्ण···कोशल राजाबाट पाएको[२] सम्पत्ति भोग गरेर उक्कट्ठामा बसेका थिए। त्यसै समयमा पुष्करसाती ब्राह्मणले यस्तो सुने—"श्रमण गौतम शाक्यपुत्र शाक्यकुलबाट प्रव्रजित भई, कोशलराज्यमा चारिका गर्दै पाँचशय भिक्षु समूहका साथ इच्छानङ्गलमा आई पुग्नु भई इच्छानङ्गल वनखण्डमा बस्नु भएको छ।" भगवान् गौतमको यस्तो कल्याणकीर्ति शब्द फैलिरहेको छ—"वहाँ भगवान् अरहत् सम्यक् सम्बुद्ध हुनुहुन्छ[३]। त्यस्ता अरहत्को दर्शन गर्नु कल्याणकर हो।"

त्यस बखतमा पुष्करसाती ब्राह्मणको अम्बष्ठ माणव भन्ने शिष्य थिए। जो अध्यापक, मन्त्रधर, तीनै वेदमा पारंगत थिए र यस्तो

---

१. दी. नि. अम्बट्ठसुत्तं ।

२. हेर पृष्ट १८७ मा । ३. हेर पृष्ट ४० मा ।

मान्यता समेत पाएका थिए कि—आफ्ना त्रैविद्य आचार्यहरूले—"जो म जान्दछु, त्यो तिमी जान्दछौ; जो तिमी जान्दछौ, सो म जान्दछु।"

पुष्करसाती ब्राह्मणले अम्बष्ठ माणवलाई बोलाई—"हे तात, अम्बष्ठ ! यहाँ श्रमण गौतम ··· इच्छानङ्गलको इच्छानङ्गल वनखण्डमा बस्नु भएको छ। वहाँ भगवान् गौतमको यस्तो कीर्ति शब्द फैलिएको छ—'वहाँ भगवान् अरहत् सम्यक् सम्बुद्ध हुनुहुन्छ[१]। त्यस्ता अरहत्को दर्शन गर्नु कल्याणकर हो।' तिमी आऊ जहाँ श्रमण गौतम हुनुहुन्छ वहाँ जाऊ। त्यहाँ गई, 'जस्तो श्रमण गौतमको कीर्ति शब्द फैलिएको छ, त्यस्तै हो कि होइन' राम्ररी बुझ।"

"कसरी मैले भगवान् गौतम, 'त्यस्तै हुनुहुन्छ कि हुनुहुन्न' भनी बुझ्ने ?"

"हे तात, अम्बष्ठ ! हाम्रो वेदमन्त्रमा बत्तीस महापुरुष लक्षणका कुराहरू आएका छन्[२]।"

अम्बष्ठ माणव बुद्धकहाँ

'हवस्' भनी अम्बष्ठ माणव पुष्करसाती ब्राह्मणलाई प्रत्युत्तर दिई आसनबाट उठी पुष्करसाती ब्राह्मणलाई ढोगी, प्रदक्षिणा गरी घोडीको रथमा बसी, धेरै माणवहरूका साथ जहाँ इच्छानङ्गल वनखण्ड

१. हेर पृष्ट ४० ।

२. पृष्ट १६५ मा ।

हो त्यहाँ गए जहाँसम्म रथबाट जान सक्थे त्यहाँसम्म रथद्वारा र बाँकी बाटो पैदलद्वारा आराम (उद्यान) मा पुगे । त्यस बखत धेरै भिक्षुहरू बाहिर खुला ठाउँमा चङ्क्रमण गरिरहेका थिए । अम्बष्ठ माणव जहाँ ती भिक्षुहरू थिए त्यहाँ गई सोधे कि—"अहिले भगवान् गौतम कहाँ बस्नु भएको छ ? हामी भगवान् गौतमको दर्शनार्थ यहाँ आएका हौं ।"

भिक्षुहरूका मनमा यस्तो लाग्यो कि—"यो अम्बष्ठ माणव नामीकुलका तथा नामीकुलिन पुष्करसाती ब्राह्मणका शिष्य हुन् । यस्तासँग भगवान्को कुराकानी हुँदा कुनै बोझ हुने छैन ।" अतः ती भिक्षुहरूले अम्बष्ठ माणवलाई यसो भने—"हे माणव ! उ त्यो दैलो बन्दगरी राखेको विहारमा (घरमा) जाऊ, निःशब्दसँग त्यहाँ आँगनमा गई, सुस्तरी खोकी, आग्लो लगाएको ढोका थप् थपाऊ । अनि भगवान्ले दैलो उघारनु हुनेछ ।"

अनि अम्बष्ठ माणव जहाँ बन्दगरिराखेको घर थियो त्यहाँको आगनमा निःशब्दतापूर्वक गई, सुस्तरी खोक्दै आग्लो लगाएको ढोका थप् थपाए । भगवान्ले दैलो उघारिदिनु भयो । अम्बष्ठ माणव भित्र पसे । अरू माणवहरू पनि भित्र पसी भगवान्सँग सम्मोदन गरी एक छेउमा बसे । अम्बष्ठ माणवले मात्र बसिरहनु भएका भगवान्सँग चङ्क्रमण गर्दा गर्दै (टहलदै) केही केही कुशलवार्ता गरे, उभिएर पनि केही केही कुशलवार्ता गरे ।

अनि भगवान्ले अम्बष्ठ माणवसँग सोध्नु भयो—"हे अम्बष्ठ ! तिमी यस्तै गरी वयोवृद्ध, बुढापाका तथा आचार्य प्राचार्यहरूसँग कुराकानी गर्दछौ ? जस्तो कि तिमी अहिले मसँग गर्दछौ ?"

शाक्य खलकमाथि नीचताको आरोप

"भो गौतम ! होइन। हिँडिरहेका ब्राह्मणहरूसँग हिँडेर नै, बसिरहेका ब्राह्मणहरूसँग बसेर नै, उभिइरहेका ब्राह्मणहरूसँग उभिएर नै, लेटिरहेका ब्राह्मणहरूसँग लेटेर नै ब्राह्मणहरू कुरा गर्न उचित ठान्दछन् । तर जो ती नीच (इभ्य), कृष्ण[१], ब्राह्मणको पैतलाबाट उत्पन्न भएका मुण्डक, श्रमणक हुन्, तिनीसँग मात्र मेरो यस्तो कुरा हुन्छ, जस्तो अहिले तपाइ गौतमसँग भइरहेको छ।"

"हे अम्बष्ठ ! कुनै कामले तिमी यहाँ आएकाछौ, जुन कामले यहाँ आएकाछौ सोही काममा ध्यानदिनु योग्य हुनेछ।"

"हे माणवहरू ! हेर यो अम्बष्ठ माणवले गुरुको आश्रयमा बसेकोछु भन्दै गुरुको आश्रयमा नबसेकाले झैं अभिमान गर्छ ! गुरुको आश्रयमा नबस्नेको त कुरै के !"

भगवान्ले गुरुको आश्रयमा नबसेका (अशिक्षित) भन्ने शब्दले कुरागर्नु भएको सुनेर अम्बष्ठ माणव असन्तुष्ट भई भगवान्लाई आक्षेप गर्दै, भगवान्लाई नै होच्याउँदै, भगवान्लाई नै निन्दा गर्दै—"श्रमण गौतम नै अशिक्षित हुनुहुँदो होला" भन्दै भगवान्लाई यसो भने—"भो गौतम ! शाक्यखलक चण्डालछन्, क्रोधीछन्, अलिकतिले पनि चाँडै

---

१. ब्राह्मणहरू, ब्राह्मणवर्ण सेतो, अरू वर्ण कालो (कृष्ण) भनी ठान्दछन् त्यसैले कृष्णवर्णका भनी भनिएको हो।

रिसाउन्छन्, खुशि पनि हुन्छन्। बहुभाषी छन् शाक्यखलक, इभ्य (नीच) छन् शाक्यखलक, नीच समान भइकन पनि शाक्यखलकले न ब्राह्मणहरूको सत्कार गर्छन्, न गौरव, न मान, न पूजा गर्छन्। शाक्यखलकले ब्राह्मणहरूलाई शिष्टाचार व्यवहारसम्म पनि गर्दैनन्। यो कुरा कतै लुकेको छैन ! जो शाक्यहरू नीच भइकन पनि नीचकुलसमानका भइकन पनि ब्राह्मणहरूको सत्कार, गौरव, मान र पूजा गर्दैनन्, शिष्टाचार व्यवहारसम्म पनि गर्दैनन्—यो कुरा सुहाउँदैन !" यसरी अम्बष्ठ माणवले सर्वप्रथम शाक्यखलक माथि इभ्य (नीच) वादको आरोप लगाए।

"हे अम्बष्ठ ! शाक्यखलकले तिमीमाथि के अपराध गरेर ?"

"भो गौतम ! एक दिन म आफ्नो आचार्य पुष्करसाती ब्राह्मणको कुनै कामले कपिलवस्तु नगरमा गएको थिएँ। त्यस बखत म शाक्यहरूको संस्थागार (पार्लियामेण्ट भवन, राज्य चलाउने भवन) मा पुगेको थिएँ। त्यस बखत त्यहाँ धेरै शाक्यहरू, धेरै शाक्यराजकुमारहरू संस्थागारमा, अगला अगला आसनमा बसी परस्पर औंलाले काउकुती लगाई इतर्रिई हाँस-खेल गरिरहेका थिए, मानो मलाई नै खिसी गरिरहेएँ। कसैले पनि मलाई बस्न आसन दिएनन्। यो कुरा कतै लुकेको छैन। जो ती शाक्यखलक नीच छन्, नीचसमान भएर पनि ब्राह्मणहरूको सत्कार, गौरव आदि गर्दैनन्, शिष्टाचार व्यवहारसम्म पनि गर्दैनन्—यो कुरा सुहाउँदैन।" अम्बष्ठ माणवले यो दोश्रो पटक शाक्यखलकमाथि इभ्य (नीच) वादको आरोप लगाए।

"हे अम्बष्ठ ! लटुकिका (गौरय्या) चरा पनि आफ्नो गूँडमा

स्वच्छन्द आलाप गर्छ । कपिलवस्तु, शाक्यहरूको आफ्नो घर हो । यति थोरै कुरामा पनि डाहा र रिस हालिनु उचित छैन ।"

"भो गौतम ! यो चारवर्ण (लोकमा) छन्—क्षत्री, ब्राह्मण, वैश्य र शूद्र । यी चारवर्णमा—क्षत्री, वैश्य, शूद्र—यी तीनवर्ण ब्राह्मण-हरूकै सेवक हुन् । यो कुरा कतै लुकेको छैन । जो ती शाक्यखलक नीच छन्, नीचसमान भएर पनि ब्राह्मणहरूको सत्कार गौरवादि गर्दैनन्, शिष्टाचार व्यवहारसम्म पनि गर्दैनन्—यो कुरा सुहाउँदैन ।" यो तेश्रो पटक अम्बष्ठ माणवले शाक्यखलकमाथि इभ्य (नीच) वादको आरोप लगाए ।

शाक्य जातिको उत्पत्ति

अम्बष्ठ माणवको कुरा सुनी भगवान्को मनमा यस्तो लाग्यो—'कति मूर्ख होला यो अम्बष्ठ माणव ! खूब शाक्यखलकलाई नीच (इभ्य) नीच भनी आक्षेप र निन्दा गरिरहेछ । किन यसको गोत्र न सोधने ?"

अनि भगवान्ले अम्बष्ठ माणवसँग सोधनु भयो कि—"हे अम्बष्ठ ! तिम्रो के गोत्र हो ?"

"भो गौतम ! कृष्णायण गोत्र हो ।"

"हे अम्बष्ठ ! यदि तिम्रो पुरानो आमा बाबुहरूको नाउँ र गोत्र अनुस्मरण गर्ने हो भने, शाक्यहरू तिम्रै मालिक हुन्छन् । तिमी

शाक्यपुत्रहरूका दासीपुत्र हुन्छौ । शाक्यराजाहरू ओक्काकराजालाई पितामह मान्दछन् ।

"हे अम्बष्ठ ! पूर्वकालमा राजा ओक्काकले आफ्नी प्रिय रानीको छोरालाई राज्य दिनको लागि, ओक्कामुख (उल्कामुख), करकण्डु, हत्थिनिक (हस्तीनिक), सिनिसूर नामक जेठा छोराहरूलाई राष्ट्रबाट निष्काशनगरे । उनीहरू राष्ट्रबाट निष्काशित भएपछि हिमालप्रदेशतिर गई एक पोखरीको किनारको महाशाक वनखण्डमा बसोवास गरे । जाति बिग्रला भनी उनीहरूले आफ्नै बहिनीहरूसँगै संवास (संभोग) गरे । एक दिन राजा ओक्काकले अमात्य (मंत्री) र राजदरबारका मानिसलाई बोलाई सोधे—"आजकाल राजकुमारहरू कहाँ बस्दछन् ?"

उनीहरूले बिन्तिगरे—"राजकुमारहरू आजकाल हिमालयतिर एक पोखरीको किनारमा महाशाक भन्ने वनखण्डमा बसेका छन् । जाति बिग्रला भनी आफ्नै बहिनीहरूसँगै संवास गरी बसेका छन् ।"

अनि ओक्काक राजा खुशी भई "हे राजकुमार ! शक्या (सक्छ), हे राजकुमार ! एकदम शक्या !" भन्ने कुरा राजाको मुखबाट निस्क्यो । त्यहाँदेखि शाक्य जातिको प्रादुर्भाव भयो । उनीहरू नै शाक्यका पूर्वज पुरुष थिए ।

कृष्णायण गोत्रोत्पत्ति

"हे अम्बष्ठ ! ओक्काक राजाका दिशा भन्ने दासी थिई । उसले कृष्णा (कालो) भन्ने बालक जन्माई । जन्मनासाथ कृष्ण,

बालकले आफ्नी आमालाई यसो भन्यो—"मलाई धोइद्यौ, मलाई नुहाइद्यौ; यो अपवित्र असूचिबाट मलाई मुक्तपारिद्यौ, शुद्धपारिद्यौ; म तिम्रो हितैषी बन्छु ।"

"हे अम्बष्ठ ! जस्तो आजकाल मानिसहरू पिशाचलाई 'पिशाच' भन्दछन् त्यस्तै त्यस समयमा 'पिशाच' लाई 'कृष्ण' भन्दथे । 'जन्मिने बित्तिकै यसले कुरा गर्‍यो, 'कृष्ण' जन्म्यो 'पिशाच' जन्म्यो' भनी मानिसहरूले भने । (जन्मने वित्तिकै कुरा गरेको हुँदा भूतप्रेत प्रवेश गरे होलान् भन्ने भावनाले त्यसो भनेको हो ।) कृष्णायणको शुरूवात यहींबाट भएको देखिन्छ । सोही, कृष्णायणको आदि पुरुष थियो । यसरी यदि तिम्रो पुरानो आमा बाबुको नाउँ र गोत्र अनुस्मरण गर्ने हो भने शाक्यपुत्रहरू तिम्रै स्वामी हुन्छन्, दासीपुत्र तिमी हुन आउँछौ ।"

यो कुरा सुनी ती माणवहरूले भगवान्‌लाई यस्तो निवेदन गरे कि—"तपाइ गौतमले अम्वष्ठ माणवलाई दासीपुत्र भनी नभन्नुहोस् ! अम्वष्ठ माणव असल कुलका हुन्, असल कुलपुत्र हुन्, बहुश्रुत हुन्, कल्याणभाषी तथा पण्डित् पनि हुन् । तपाइसँग यस विषयमा तर्क पनि गर्न सक्छन् ।"

अनि ती माणवहरूलाई भगवान्‌ले भन्नु भयो — "हे माणवहरू ! यदि तिमीहरू, अम्वष्ठ माणवलाई, खराबकुलको, अकुलपुत्र, अल्पश्रुत, अकल्याणभाषी, अपण्डित तथा बुद्धसँग यस विषयमा तर्क र छल-फल गर्न सक्दैनन् भन्ने ठान्दछौ भने अम्बष्ठ माणव चुपलागेर बसुन्, तिमीहरू यस विषयमा मसँग कुरा गर; होइन, अम्बष्ठ माणव असलकुलका

हुन्, कुलपुत्र हुन्, बहुश्रुत, कल्याणभाषी, पण्डित हुन् तथा बुद्धसँग यस विषयमा तर्क र छल-फल गर्न सक्छन् भन्ने ठान्दछौ भने तिमीहरू चुपलागेर बस, अम्बष्ठ माणव मसँग तर्क र छल-फल गरुन् ।"

"भो गौतम ! अम्बष्ठ माणव असलकुलका हुन् ... तपाइसँग यस विषयमा तर्क र छल-फल गर्न सक्छन्; अतः हामी चुपलागेर बस्नेछौं । अम्बष्ठ माणव यस विषयमा तपाइसँग छल-फल गर्ने छन् ।"

यस पछि भगवान्‌ले अम्बष्ठ माणवलाई सम्झाई यसो भन्नु भयो—"हे अम्बष्ठ ! अब यहाँ धर्मानुकूल (न्यायानुकूल) प्रश्न आउने छ । मन नलागे तापनि जवाफ दिनु पर्नेछ । यदि तिमीले प्रत्युत्तर दिएनौ वा यताउता कुरा गर्‍यौ, चुपलाएर बस्यौ अथवा फर्केर गयौ भने, यहीं नै तिम्रो शीर सातटुक्रा हुनेछ । हे अम्बष्ठ ! तिमीले वयोवृद्ध, बुढापाका, ब्राह्मणहरूका आचार्य प्राचार्यहरूबाट कृष्णायणको शुरूवात बारे र कृष्णायण वंशका आदि पुरुषबारे के भनेको सुनेकाछौ त ? यसमा तिमी के भन्दछौ त ?"

यसरी सोधनु हुँदा, अम्बष्ठ माणव चुपलागेर बसे । दोश्रो पटक पनि भगवान्‌ले सोध्नु भयो । दोश्रो पटक पनि अम्बष्ट माणव चुप नै लागेर बसे । अनि भगवान्‌ले उनलाई सम्झाउँदै भन्नुभयो – "हे अम्बष्ठ ! जवाफ देऊ, तिम्रो लागि यो चुपलागेर बस्ने बेला होइन । भगवान्‌ले तीन पटकसम्म धर्मतापूर्वक सोध्दा पनि जसले जवाफ दिन्न, त्यसको शीर यहीं नै सातटुक्रा हुनेछ ।"

त्यसै बखतमा वज्रपाणी यक्ष प्रज्वलित एक ठूलो फलामको डल्लो लिई अम्बष्ठ माणवको माथितिर आकाशमा उभिइरहेका थिए— "यदि अम्बष्ठ माणवले भगवान्ले तीनपटकसम्म धर्मतापूर्वक सोद्धा पनि जवाफ दिएनन् भने यहीं नै उसको शीर सातटुक्रा पारिदिनेछु" भनी। यो वज्रपाणी यक्ष आकाशमा उभिइरहेको भगवान् र अम्बष्ठ माणवले मात्र देखदथे।

अनि अम्बष्ठ माणव डराई, हरेस खाई (संविग्गो) जिरिङ्ग भई भगवान्कै त्राण खोज्दै, भगवान्कै आस्था खोज्दै तथा भगवान्कै शरण खोज्दै—अगाडि सरी होंचो आसनमा बसी—"भो भगवान् ! के सोध्नु हुन्छ, फेरि एकपटक भन्नु भए वेश हुन्थ्यो !" भनी अनुरोध गरे। अनि भगवान्ले पनि पुनः भन्नु भयो :—

"हे अम्बष्ठ ! तिमीले वयोवृद्ध, बुढापाका, ब्राह्मणहरूका आचार्य प्राचार्यहरूबाट कृष्णायणको शुरूवातबारे र कृष्णायण वंशका आदि पुरुषबारे के भनेको सुनेकाछौ त ? यसमा तिमी के भन्दछौ त ?"

"त्यस्तै मैले सुनेकोछु, जस्तो तपाइ गौतम भन्नु हुन्छ। त्यहींबाटै कृष्णायणको शुरू भयो, सोही नै कृष्णायणका आदि पुरुष हुन्।"

कृष्णायण ऋषि

अम्बष्ठ माणवको यो कुरा सुनी ती माणवहरूले उन्नादगरे, उच्चस्वर, महास्वरगरे—"कुजात रहेछ अम्बष्ठ माणव ! नीच कुलीन

रहेछ…, शाक्यहरूको दासीपुत्र रहेछ…, शाक्यहरू अम्बष्ठ माणवको स्वामी रहेछन् ! अहो ! यस्तो धर्मवादी श्रमण गौतमलाई हामीले अप्रसन्न गराउन खोजेका रहेछौं !"

तिनीहरूको कुरा सुनी भगवान्‌को मनमा यस्तो लाग्यो — "यिनी-हरूले अम्बष्ठ माणवलाई अति मूर्खतापूर्वक दासीपुत्र भनी निन्दा गरिरहेका छन् । यसबाट अम्बष्ठ माणवलाई किन मुक्त नगर्नें ?" अनि भगवान्‌ले ती माणवहरूलाई यसो भन्नु भयो :—

"हे माणवहरू ! तिमीहरूले अम्बष्ठ माणवलाई मूर्खतापूर्वक धेरै दासीपुत्र-वादले उपहास नगर । ती कृष्ण अति उदार ऋषि थिए । ती कृष्ण ऋषि दक्षिण जनपदमा गई ब्रह्ममन्त्र अध्ययन गरी (साधन गरी) ओक्काक राजाकहाँ गई उनकी मर्दरूपी[1] (मद्दरूपि) छोरी मागे । अनि राजा ओक्काक अति रिसाई — 'को हो यो, दासीपुत्र समान भई, मेरी छोरी मद्दरूपी माग्ने ?' भनी धनुषमा बाँण चढाए । धनुषमा चढाएको बाँण राजाले न छोडन सके, न झिक्न सके ।

"अनि त्यहाँका माणवहरू, अमात्यहरू, राजदरबारका मानिसहरू कृष्ण ऋषिकहाँ गई — 'हे गुरु ! राजाको मङ्गल (स्वस्ति) गराई दिनुहोस् ! स्वस्ति गराई दिनुहोस् !' भनी याचना गरे ।

'राजाको स्वस्ति हुन सक्छ, तर राजाले बाँण पृथ्वीमा छाडिदिए भने राजाको राज्यभरिको पृथ्वी टुक्रा टुक्रा हुनेछ ।'

---

१. सीह. मट्ठरूपि, रोम. खुद्दरूपि ।

'हे गुरु ! राजाको पनि, राज्यको पनि स्वस्ति होस् !'

'राजाको पनि, राज्यको पनि स्वस्ति हुनेछ, तर राजाले बाँण आकाशतिर छाडे भने, सात वर्षसम्म राज्यमा पानी पर्ने छैन।"

"हे गुरु ! राजाको पनि, राज्यको पनि स्वस्ति होस् ! पानी पनि परोस् !"

"राजाको पनि, राज्यको पनि स्वस्ति हुनेछ, पानी पनि पर्नेछ। त्यसो भए राजाले आफ्नो जेठो छोरामाथि धनुष बाँण राखि दिउन्। राजकुमारलाई कुनै भय हुने छैन।"

"यति कुरा सुनी माणवहरू, अमात्यहरू सबै ओक्काक राजाकहाँ गई—'आफ्नो जेठो छोरामाथि बाँण राखि दिनुहोस्' भनी निवेदन गरे। राजाले पनि त्यसै गरे। राजकुमारलाई केही भएन। अनि राजा भयभीत भई, त्रसित भई, जिरिङ्ग भई, ब्रह्मदण्डबाट तर्सिकन मद्‌रूपी कन्यालाई दिए। त्यसैले तिमीहरू, अम्बष्ठ माणवलाई धेरै हेलागरी दासीपुत्र भनी कुरा नगर। सो ऋषि उदार थिए।"

जातिमध्ये क्षत्री श्रेष्ठ

यस पछि भगवान्‌ले अम्बष्ठ माणवलाई आमन्त्रण गरी निम्न प्रश्नहरू सोध्नु भयो :—

१—"हे अम्बष्ठ ! यहाँ के भन्छौ ? क्षत्रीकुमार र ब्राह्मणकन्याको संवासद्वारा जन्मेको पुत्रले, ब्राह्मणका बीचमा आसन र पानी पाउन सक्छ कि सक्दैन त ?"

"भो गौतम सक्छ।"

"उसलाई ब्राह्मणहरूले श्रद्धा-भोजमा, मंगल-भोजमा, यज्ञमा अथवा स्वागत-भोजमा साथमा राखी ख्वाउछन् कि ख्वाउँ दैनन् त ?"

"भो गौतम ! ख्वाउँछन् ।"

"उसलाई वेद-मन्त्र पढाउँछन् कि पढाउँदैनन् त ?"

"भो गौतम ! पढाउँछन् ।

"उसले ब्राह्मण-कन्या पाउन सक्छ कि सक्दैन त ?"

"भो गौतम ! सक्छ।"

"उसलाई क्षत्रीहरूले क्षत्रीय अभिषेक दिन्छन् कि दिंदैनन् त ?"

"भो गौतम ! दिंदैनन् ।"

"किन नि ?"

"भो गौतम आमाबाट अपरिशुद्ध भएकोले। आमा क्षत्रीनी न भएकोले।"

२—"हे अम्बष्ठ ! यहाँ के भन्छौ ? ब्राह्मणकुमार र क्षत्री-कन्याको संवासद्वारा जन्मेको पुत्रले ब्राह्मणका बीचमा आसन र पानी पाउन सक्छ कि सक्दैन त ?"

"भो गौतम, सक्छ।"

"उसलाई ब्राह्मणहरूले श्रद्धा-भोजमा,... अथवा स्वागत-भोजमा साथम राखी ख्वाउँछन् कि ख्वाउँदैनन् त ?"

"भो गौतम ! ख्वाउँछन् ।"

"उसलाई वेद-मन्त्र पढाउँछन् कि पढाउँदैनन् त ?"

"भो गौतम ! पढाउँछन् ।"

"उसले ब्राह्मण-कन्या पाउन सक्छ कि सक्दैन त ?"

"भो गौतम ! सक्छ ।"

"उसलाई क्षत्रीहरूले क्षत्रीय अभिषेक दिन्छन् कि दिदैनन् त ?"

"भो गौतम ! दिंदैनन् ।"

"किन नि ?"

"बाबुबाट अपरिशुद्ध भएकोले । बाबु क्षत्री न भएकोले ।"

"हे अम्बष्ठ ! यसरी, स्त्रीबाट पनि, पुरुषबाट पनि क्षत्रीनै श्रेष्ठ रहेछ, ब्राह्मण हीन रहेछ ।"

३—"हे अम्बष्ठ ! यहाँ के भन्छौ ? कुनै ब्राह्मणलाई ब्राह्मणहरूले कुनै पाप (अकर्तव्य) को कारणले टाउको मुडी, टाउकोमा खरानी दली, कोर्रालि पिटी, देशबाट वा नगरबाट निकालि दिएमा, त्यसले ब्राह्मणहरूका बीच आसन वा पानी पाउँन सक्छ कि सक्दैन त ?"

"भो गौतम ! सक्दैन ।"

"उसलाई ब्राह्मणहरूले, श्रद्धा-भोज,··· अथवा स्वागत-भोजमा साथमा राखी ख्वाउँछन् कि ख्वाउँदैनन् त ?"

"भो गौतम ! ख्वाउँदैनन् ।"

"उसलाई वेद-मन्त्र पढाउँछन् कि पढाउँदैनन् त ?"

"भो गौतम ! पढाउँदैनन् ।"

"उसले ब्राह्मण-कन्या पाउन सक्छ कि सक्दैन त ?"

"भो गौतम ! सक्दैन ।"

४—"हे अम्बष्ठ ! यहाँ के भन्छौ ? कुनै क्षत्रीलाई क्षत्रीहरूले कुनै पाप (अकर्तव्य) को कारणले टाउको मुडी,··· नगरबाट निकालि दिएमा, त्यसले ब्राह्मणहरूका बीच आसन वा पानी पाउँन सक्छ कि सक्दैन त ?"

"भो गौतम ! सक्छ।"

"उसलाई ब्राह्मणहरूले श्रद्धा-भोज, ··· अथवा स्वागत-भोज साथमा राखी ख्वाउँछन् कि ख्वाउँदैनन् त ?"

"भो गौतम ! ख्वाउँछन्।"

"उसलाई वेद-मन्त्र पढाउँछन् कि पढाउँदैनन् त ?"

"भो गौतम ! पढाउँछन्।"

"उसले ब्राह्मण-कन्या पाउन सक्छ कि सक्दैन त ?"

"भो गौतम ! सक्छ।"

"हे अम्बष्ठ ! जब कुनै क्षत्रीलाई क्षत्रीहरूले कुनै पाप (अकर्तव्य) को कारणले टाउको मुडी,··· नगरबाट निकालि दिन्छ, तब यत्तिकैले त्यो क्षत्री, परमहीनतामा र परमनीचतामा पुग्छ। यस्तो परमहीनतामा र परमनीचतामा पुग्दा पनि क्षत्रीनै श्रेष्ठरहेछ, ब्राह्मण हीननै रहेछ। ब्रह्मा सनत्कुमारले पनि यस्तो भनेका छन् :—

"खत्तियो सेट्ठो जनेतस्मिं ये गोत्तपटिसारिनो।
विज्जाचरण सम्पन्नो सो सेट्ठो देवमानुसे'ति॥"

अर्थ :—

"गोत्र सम्बन्धी कुरा गर्ने मानिसहरूमा क्षत्री श्रेष्ठ छ । विद्या-चरणले जो सम्पन्न हुन्छ सोही देव-मनुष्यमा श्रेष्ठ छ ।"

"हे अम्बष्ठ ! सनत्कुमार ब्रह्माले यो गीत (गाथा) राम्रै गाएका छन्, नराम्रो गाएका छैनन् । शुभाषित नै छ, दुर्भाषित छैन । अर्थ युक्तनै छ, अनर्थ युक्त छैन । यसलाई म अनुमोदन गर्छु । म पनि यस्तै भन्दछु :—

"खत्तियो सेट्ठो जनेतस्मिं ये गोत्तपटिसारिनो ।
विज्जाचरण सम्पन्नो सो सेट्ठो देवमानुसे'ति ॥"

विद्या र चरण

"भो गौतम ! कुनचाहिं त्यो चरण हो, कुनचाहिं त्यो विद्या हो त ?"

"हे अम्वष्ठ ! अनुत्तर (अनुपम) विद्याचरण सम्पदालाई न जातिवाद भन्छन्, न गोत्रवाद भन्छन्, न मानववाद नै भन्छन्; न त्यहाँ 'तिमी मलाई योग्यछौ, मलाई तिमी योग्य छैनौं' भन्ने नै हुन्छ । जहाँ आवाह (कन्या ल्याउने) हुन्छ, जहाँ विवाह (कन्या दिने) हुन्छ, जहाँ आवाह-विवाह हुन्छ त्यसैलाई जातिवाद, गोत्रवाद तथा मानववाद पनि भनिन्छ; त्यहाँ 'तिमी मलाई योग्यछौ, मलाई तिमी योग्य छैनौं'

भन्ने पनि हुन्छ। जो जातिवादमा बाँधिएको हुन्छ, जो गोत्रवादमा बाँधिएको हुन्छ, जो मानववादमा बाँधिएको हुन्छ, जो आवाह-विवाहमा बाँधिएको हुन्छ, उ अनुत्तर विद्याचरण सम्पदाबाट टाढा हुन्छ । जाति-वाद-बन्धन, गोत्रवाद-बन्धन, मानववाद-बन्धन, आवाह-विवाहवाद-बन्धन-लाई त्यागेर मात्र अनुत्तर विद्या-चरण-सम्पदा साक्षात्कार गर्न सकिन्छ ।"

"भो गौतम ! कुनचाहिं त्यो चरण हो, कुनचाहिं त्यो विद्या हो त ?"

"हे अम्बष्ठ ! यहाँ, तथागत अरहत् सम्यक् सम्बुद्धको लोकमा जन्म हुन्छ,··· वहाँको धर्मोपदेश सुनेर श्रद्धा प्रतिलाभ हुन्छ,··· प्रव्रजित हुन्छ[१] 'अब उप्रान्त यहाँ आउनु पर्ने कुनै हेतु छैन' भन्ने ज्ञान पनि हुन्छ। यो पनि विद्या हो । यही नै त्यो विद्या हो ।

"हे माणव ! यस्तै भिक्षुलाई विद्या सम्पन्न भएको भिक्षु भन्छन र यस्तैलाई चरण सम्पन्न पनि। यसैलाई नै विद्याचरण[२] सम्पन्न भन्छन् । यो विद्या-सम्पदा र यो चरण-सम्पदाबाट अर्को उत्तरोत्तर श्रेष्ठतर विद्या-चरण-सम्पदा छैन। यो अनुत्तर विद्याचरणको चार परिहानि हुन्छन् । कुन चार भने :—

---

१. हेर पृष्ट २५६ मा झैं ।

२. आठवटा समापत्ति-ध्यानसम्मलाई चरण र त्यसपछिका आठवटा विपश्यना समापत्ति-ध्यानलाई विद्या वा प्रज्ञा भन्दछन् ।

१—"हे अम्बष्ठ ! यहाँ, केही श्रमण वा ब्राह्मणहरू यो अनुत्तर विद्या-चरण पूरा नगरिकनै कमण्डलु आदि तपस्वीको परिष्कार ग्रहणगरी, 'खसेको फल-फूल खान्छु' भनी बनवासको लागि जङ्गल जान्छन् । ती विद्या-चरणको सेवक मात्र हुन्छन् । अनुत्तर विद्या-चरणको यो पहिलो परिहानि हो ।

२—"हे अम्बष्ठ ! फेरि यहाँ केही श्रमण वा ब्राह्मणहरू यो अनुत्तर विद्या-चरण पूरा नगरिकनै ···'खसेको फल-फूल खान्छु' भनी··· जंङ्गल जाँदैनन् किन्तु कोदालो र डालोलिई 'कन्दमूल, फल खान्छु' भनी बनवास गर्छन् । ··· यो दोश्रो परिहानि हो ।

३—"हे अम्बष्ठ ! फेरि यहाँ, केही श्रमण वा ब्राह्मणहरू यो अनुत्तर विद्या-चरण पूरा नगरिकनै ··· 'कन्दमूल, फल खान्छु' भनी वनवास गर्दैनन् किन्तु गाउँको नजिक वा निगमको नजिक अग्निशाला बनाई, आगोवाली होमकर्म गर्छन् ।··· यो तेश्रो परिहानि हो ।

४—"हे अम्बष्ठ ! फेरि यहाँ, केही श्रमण वा ब्राह्मणहरू यो अनुत्तर विद्या-चरण पूरा नगरिकनै ··· होमकर्म पनि गर्दैनन् किन्तु चौबाटोमा चारद्वार भएको घर बनाई, 'चारै दिशाबाट आउने श्रमण वा ब्राह्मणहरूलाई यथाशक्य, यथाबल 'पूजा सत्कार गर्नेछौं' भनी बस्छन् । ··· यो चौथो परिहानि हो ।

"हे अम्बष्ठ ! के तिमीले आफ्ना आचार्य सहित यो अनुत्तर विद्या-चरण-सम्पदा देखेकाछौ त ?"

"भो गौतम ! देखेको छैन। कसरी मैले आफ्ना आचार्य सहित सो अनुत्तर विद्या-चरण-सम्पदा देख्न सकुँला र? म आचार्य सहित त्यसबाट धेरै टाढा छु।"

"हे अम्बष्ठ ! के तिमी आफ्ना आचार्य सहित त्यो अनुत्तर विद्या-चरण-सम्पदा पूरा नगरी ऋषिको कमण्डलु आदि ग्रहण गरी वन-जङ्गलको फलाहार गरी बसेकाछौ त ?"

"भो गौतम ! छैन।"

"हे अम्बष्ठ ! के तिमी ... वन-जङ्गलको फलाहार नगरी कोदालो र डालो लिई बनवास बसेकाछौ त ?"

"भो गौतम ! छैन।"

"हे अम्बष्ठ ! ... होमकर्म गरेकाछौ त ?"

"भो गौतम ! त्यो पनि गर्दिन।"

"हे अम्बष्ठ ! ... यथाशक्य, यथाबल 'पूजा सत्कार' गरेकाछौ त ?"

"भो गौतम ! त्यो पनि गर्दिन।"

"हे अम्बष्ठ ! त्यसो भए तिमी आफ्ना आचार्य सहित यो अनुत्तर विद्या-चरण-सम्पदाबाट पनि टाढा रहेछौ, अनुत्तर विद्या-चरण-सम्पदाको जुन चारवटा परिहानी छन् तीबाट पनि तिमी आफ्ना आचार्य सहित टाढा नै रहेछौ। तिम्रा आचार्य पुष्करसाती ब्राह्मणसँग सिकी तिमीले यसो भनेको होइन त ?—'कहाँ यो नीच (इभ्य), कृष्ण,

ब्रह्माको पैतलाबाट निस्कने मुण्डक श्रमणकसँग त्रैविद्य ब्राह्मणहरूको छल-फल ! (साकच्छा) !' आफु स्वयं उक्त गुणबाट अपरिपूर्ण तथा दूर भइकन पनि कसरी यस्तो कुरा भन्न सकेको ! हे अम्बष्ठ ! हेर, तिमी र तिम्रो आचार्य पुष्करसाती ब्राह्मणको यो कत्रो ठूलो अपराध !

पूर्व ऋषिहरूको प्रतिपदा

"हे अम्बष्ठ ! पुष्करसाती ब्राह्मण, कोशल राजाले दिएको खान्छन् । (किन्तु) पुष्करसाती ब्राह्मण राजा प्रसेनजित् कोशललाई मुख पनि देखाउन्नन् । कुराकानी गर्दा पनि पर्दा भित्रबसी कुरा गर्छन् । जसको धर्मतापूर्वक उपार्जन गरेको सम्पत्तिबाट भिक्षा ग्रहण गर्छन्, सोही राजालाई सम्मुखसम्म पनि हुन दिन्नन् ! तिम्रो गुरु पुष्करसाती ब्राह्मणको यो कस्तो अपराध हेर !

"हे अम्बष्ठ ! के भन्छौ त ? राजा प्रसेनजित् हात्तीमा चढी, घोडामा चढी अथवा रथमा बसी, माथिल्लो श्रेणीको राजन्यहरूसँग कुनै कुरामा सल्लाह गर्छन् । अनि राजा अन्तसरी बस्छन् । अनि त्यहाँ कुनै शूद्र वा शूद्रदास आएर त्यस्तै कुरागर्छ—'यस्तो राजा प्रसेनजित् कोशलले भने, यस्तो पनि भने ।' त के उसले भनेको कुरा राजाले भनेको वा राजाले कुरा गरेको हुन्छ त ? अथवा यत्तिकैले उ राजा वा राजअमात्य हुन सक्छ त ?"

"भो गौतम ! सक्दैन ।

"हे अम्बष्ठ ! यस्तै गरी तिमीले पनि, ब्राह्मणहरूका जुन पूर्वज

ऋषिहरू थिए[१]० उनीहरूका मन्त्रपद आचार्य सहित म पढदछु भन्दैमा तिमी पनि ऋषि वा ऋषित्वमा पुग्न सक्छु भनी भन्न सक्छौ त ? यो सम्भव छैन ।

१—"हे अम्बष्ठ ! तिमीले वयोवृद्ध, जेठापाका ब्राह्मणहरूबाट के सुनेकाछौ त ? के तिमीले ती वयोवृद्ध ब्राह्मणहरूबाट ब्राह्मणहरूका पूर्वज ऋषिहरू[१] 'राम्ररी शरीर विभूषित पारी केश दाह्री क्षौर गरी, मणिकुण्डल आभूषण लगाई, सेतो वस्त्र लगाई पञ्चकाम विषयमा बसेका थिए' भनी भनेको सुनेकाछौ त ? जस्तो कि तिमी यहाँ आचार्य सहित बसेकाछौ !"

"भो गौतम ! छैन ।"

२—"के त, उनीहरूः 'मार्सी चामल, शुद्धमांस, तरकारी, गेडा वा चौटा नभएको सूप र नानाप्रकारका तरकारी सहित भोजन गर्दथे' भनी भनेको सुनेकाछौ त ? जस्तो कि तिमी यहाँ आचार्य सहित भोजन गर्दछौ !"

"भो गौतम ! छैन ।"

३—"के त, उनीहरूः 'रमणीय शरीर भएका नारीहरूसँग बस्दथे' भनी भनेको सुनेकाछौ त ? जस्तो कि तिमी यहाँ आचार्यसहित बस्दछौ !"

"भो गौतम ! छैन ।"

---

१. हेर पृष्ट १४४ मा ।

४—“के त, उनीहरू: ‘जगर काटेका घोडीको रथमा बसी, लामो छडीले घोडीलाई पिटदै रथमा गएका थिए’ भनी भनेको सुनेकाछौ त ? जस्तो कि तिमी यहाँ आचार्य सहित रथमा जान्छौ !”

“भो गौतम ! छैन ।”

५—“के त, उनीहरू: ‘अग्ला अग्ला परखाल लगाई, ढोकामा पाले पहरा राखी, नगर प्राकारमा भाला तरवार लिएका पुरुषले आरक्षा गराई बस्दथे’ भनी भनेको सुनेकाछौ त ? जस्तो कि तिमी यहाँ आचार्य सहित बस्दछौ !”

“भो गौतम ! छैन ।”

“हे अम्बष्ठ ! तिमी आचार्य सहित न ऋषि हौ, न ऋषित्वमा पुग्ने बाटोमाछौ । म प्रति तिम्रो जे शंका, उपशंका छ त्यो सोध, म तिम्रो संका-उपशंका दूरगरी उत्तर दिनेछु ।”

पुष्करसातीकहाँ अम्बष्ठ माणव

अनि भगवान् विहारबाट बाहिर निस्कनु भई चङ्क्रमण स्थलमा (टहलने ठाउँमा) उभिनु भयो । अम्बष्ठ माणव पनि विहारबाट बाहिर निस्की चङ्क्रमण स्थलमा उभिए । अम्बष्ठ माणवले भगवान्सँगसँगै चङ्क्रमण गर्दै भगवान्को शरीरमा बत्तीस महापुरुष लक्षणहरू छन् कि छैनन् भनी समन्वयन गरे । बत्तीस महापुरुष लक्षणहरूले[1] ‘परिपूर्ण नै हुनुहुँदो रहेछ, अपरिपूर्ण हुनुहुँदो रहेनछ’ भन्ने

---

१. हेर पृष्ट … ।

प्रतीत भई, "हवस् त, अब हामी जान्छौं, हामीहरूको धेरै कामछ" भनी निवेदन गरेपछि भगवान्ले, "जे उचित सम्झन्छौ !" भनी भन्नु भयो। त्यसपछि अम्बष्ठ माणव घोडीको रथमा बसी फर्केर गए।

त्यस बखत पुष्करसाती ब्राह्मण उक्कट्ठाबाट बाहिर निस्की, धेरै ब्राह्मणहरूका साथ आफ्नै उद्यानमा बसिरहेका थिए, अम्बष्ठ माणवकै प्रतीक्षामा। अम्बष्ठ माणव पनि रथ जानसक्ने बाटोसम्म रथद्वारा र त्यसपछि पुष्करसाती ब्राह्मण बसेको ठाउँसम्म पैदलद्वारा गए। त्यहाँ पुगी पुष्करसाती ब्राह्मणलाई अभिवादन गरी एक छेउमा बसे।

एक छेउमा बसेका अम्बष्ठ माणवसँग पुष्करसाती ब्राह्मणले सोधे :—"के, श्रमण गौतमलाई देख्यौ त ? श्रमण गौतम त्यस्तै हुनुहुँदो रहेछ कि हुनुहुँदो रहेनछ त ? जस्तो कीर्ति शब्द छ उस्तै श्रमण गौतम हुनुहुँदो रहेछ कि हुनुहुँदो रहेनछ त ?"

"भो गुरु ! भएकै गुणबाट कीर्ति शब्द फैलिएको हो ···। वहाँ गौतम, बत्तीस महापुरुष लक्षणहरूले परिपूर्ण हुनुहुन्छ, अपरिपूर्ण हुनु हुन्न।"

"हे तात, अम्बष्ठ ! श्रमण गौतमसँग केही कुराकानी भएन त ?"

"भो गुरु ! भएको थियो।"

"हे तात ! कस्तो कुराकानी भएको थियो त ?"

अम्बष्ठ माणवले जे जति कुराहरू श्रमण गौतमसँग भएका थिए ती सबै कुराहरू सुनाए।

त्यस पछि, पुष्करसाती ब्राह्मणले अम्बष्ठ माणवलाई निन्दा गर्दै यसो भने—"अहो, कस्ता रहेछन् हाम्रा पण्डित ! अहो, कस्ता बहुश्रुत पण्डित रहेछन् ! अहो, हाम्रा त्रैविद्य !! जुन किसिमले तिमीले वहाँ भगवान्‌लाई आक्षेप गरी कुरा गर्‍यौ त्यस किसिमले कुरा गर्ने अर्थचारी, हितैषी पुरुष मरणपछि अपाय, दुर्गति, विनिपात, नर्कमा जानेछ । तिम्रो कर्तुले गर्दा मेरो रहस्य पनि उद्घाटन भयो । अहो, हाम्रा कस्ता पण्डित होलान् ! ..." भन्दै रिसाई, अप्रसन्न भई अम्बष्ठ माणवलाई लात्तले हिर्काई त्यहीं लडाई उत्तिखेरै पुष्करसाती ब्राह्मण भगवान्‌को दर्शन गर्न जान तयार भए ।

पुष्करसाती ब्राह्मण बुद्धकहाँ

अनि त्यहाँ भेला भइरहेका ब्राह्मणहरूले पुष्करसाती ब्राह्मणलाई यस्तो अनुरोध गरे—"आज श्रमण गौतमको दर्शन गर्न जान अबेर भइसक्यो, भोलि तपाइ वहाँको दर्शन गर्न जानुहोस् !"

पुष्करसाती ब्राह्मण आफ्नो घरमा उत्तम प्रणीत खाद्य भोज्य पकाउन लगाई, रथमा राखी, चिराक समात्न लगाई, उक्कट्ठाबाट निस्केर जहाँ इच्छानङ्गल वनखण्ड हो, त्यहाँ गए । जति बाटोमा रथ जान सक्थ्यो त्यतिबाटो रथमा गई बाँकीबाटो पैदल गए । भगवान्‌कहाँ पुगेपछि वहाँसँग कुशलवार्ता गरि सिद्धिए पछि एक छेउमा बसे । अनि पुष्करसाती ब्राह्मणले भगवान्‌सँग सोधे :—"भो गौतम ! यहाँ हाम्रा शिष्य अम्बष्ठ माणव आए होइन ?"

"हो, आए।"

"अम्बष्ठ माणवसँग तपाइ गौतमको कुनै कुराकानी पनि भयो कि ?"

"भएको थियो।"

"अम्बष्ठ माणवसँग तपाइ गौतमको कस्तो कुराकानी भयो त ?"

भगवान्ले अम्बष्ठ माणवसँग भएका जम्मै कुराहरू बताइदिनु भयो। भगवान्को कुरा सुनी पुष्करसाती ब्राह्मणले भगवान्सँग यस्तो अनुरोध गरे :—"भो गौतम ! अम्बष्ठ माणव मूर्ख रहेछ, अम्बष्ठ माणवलाई क्षमागर्नु होस् !"

"अम्बष्ठ माणव सुखी होस् !"

पुष्करसाती ब्राह्मणको निम्तो

अनि पुष्करसाती ब्राह्मणले भगवान्को शरीरमा बत्तीस महापुरुष लक्षणहरू छन् कि छैनन् भनी समन्वयन गरे[१]।

पुष्करसाती ब्राह्मणको मनमा यस्तो लाग्यो—"श्रमण गौतम बत्तीस महापुरुष लक्षणले परिपूर्ण हुनुहुँदो रहेछ, अपरिपूर्ण हुनुहुँदो रहेनछ।" यति विचार गरिसकेपछि पुष्करसाती ब्राह्मणले भगवान्लाई निम्तो गरे—"भो गौतम ! भोलिको लागि मेरो निम्तो स्वीकार गर्नु होस् !" भगवान्ले पनि तुष्णिभावले स्वीकारगर्नु भयो।

---

१. हेर पृष्ठ १६६ मा।

पुष्करसाती ब्राह्मणले, भगवान्‌ले निम्तो स्वीकार गर्नु भएको बुझी, घर फर्की, झोलिपल्ट भगवान्‌लाई समयको सूचना दिए – "भो गौतम ! समय भयो, भोजन तयार छ।" भगवान् पूर्वाण्ह समय[१] भिक्षुहरूका साथ पुष्करसाती ब्राह्मणका निवासस्थानमा गई, बिच्छ्याइ राखेको आसनमा बस्नु भयो। पुष्करसाती ब्राह्मणले भगवान् सहित भिक्षुसङ्घलाई आफ्नै हातले प्रणीत खाद्य भोज्य अर्पितगरे। अरू माणव-हरूले पनि अर्पितगरे। भोजन सिद्ध्याई पात्र एक छेउमा राखिसके पछि पुष्करसाती ब्राह्मण पनि एक स्यानो आसन लिएर एक छेउमा बसे। एक छेउमा बसेका पुष्करसाती ब्राह्मणलाई भगवान्‌ले आनुपूर्विक कथा भन्नु भयो। जस्तो कि – दानकथा[२]। जब भगवान्‌ले थाहा पाउनु भयो कि – पुष्करसाती ब्राह्मणको चित्त 'उपयुक्त छ, मृदु छ, नीवरण रहित छ, प्रसन्न छ' अनि भगवान्‌ले जुन वहाँले स्वयं ज्ञातगर्नु भएको धर्म हो सो उपदेश गर्नु भयो – 'दुःख, समुदय, निरोध र मार्ग।' जस्तो कुनै सफा तथा न मैलेको वस्त्रमा जुनसुकै रंगले रंगाए पनि राम्ररी समात्छ, त्यस्तै ब्राह्मण पुष्करसातीलाई त्यसै आसनमा विरज, वीतमल, धर्मचक्षु उत्पन्न भए – "जे जति उत्पन्न (समुदय धर्म) हुन्छन् ती जम्मै विनाश (निरोध) हुन्छन्।" दृष्ट धर्म, प्राप्त धर्म, विदित धर्म, धर्मको जग र गम्भीर रूपले धर्मलाई बुझिसके पछि निःशंकी, निश्चिन्त, वैशारद्य भई, कसैको आश्रय नचाँहिने भएपछि पुष्करसाती ब्राह्मणले भगवान्‌सँग यसरी प्रार्थना गरे :—

१. हेर पृष्ट १८३ मा। २. हेर पृष्ट १८१।

सपरिवार शरणागमन

"धन्य, भो गौतम! धन्य, भो गौतम[१] !!०। अव म, पुत्र, भार्या, परिवार, अमात्य सहित तपाइ गौतमको शरण पर्छु, धर्म र भिक्षु-सङ्घको पनि। तपाइ गौतमले मलाई आजीवनसम्म शरणमा आएको उपासक हो भनी स्वीकार गर्नुहोस्! जस्तो तपाइ गौतम उक्कट्ठाका अरू अरू उपासकहरूका कुलघरमा जानु हुन्छ, त्यस्तै गरी पुष्करसाती-कुलघरमा पनि पाल्नुहोस्। यहाँ भएका माणवक, माणविकाहरूले तपाइ गौतमलाई अभिवादनगर्दा, आदरगरी आसनबाट उठदा, आसन वा पानी प्रदान गर्दा र चित्त प्रसन्न गर्दा दीर्घकालसम्म उनीहरूको हित र सुख हुनेछ।"

"ब्राह्मण, राम्रै भन्यौ!"

—★—

१. हेर पृष्ट १७।

३१. वाशिष्ठ र भारद्वाज माणव

परिचय

कोशल राज्यको उक्कट्ठा नगरवासी पुष्करसाती (पोक्खरसाती) ब्राह्मणको प्रमुख शिष्य वाशिष्ठ माणव र कोशल राज्यकै उक्कठ्ठा नगर बाहिरको इच्छानङ्गल गाउँवासी तारुक्ष (तारुक्ख) ब्राह्मणको प्रमुख शिष्य भारद्वाज माणवका बीच घनिष्ठ मित्रता थियो । यी दुवैका नाउँ, गोत्रले मात्रै सूत्रहरूमा प्रचलित भएको पाइन्छ ।

"मज्झिम निकाय र सुत्तनिपात" अन्तरगतको वाशिष्ठ सूत्र र "दीर्घनिकाय" अन्तरगतको त्रैविदय र अग्रज्ञ सूत्रहरूमा उल्लेख भए अनुसार वाशिष्ठ माणव र भारद्वाज माणव एकसाथ भएको हुनाले नै यिनीहरूमा परस्पर घनिष्ठ मित्रता थियो भन्न सकिएको हो ।

वाशिष्ठ र त्रैविदय सूत्रहरूका शुरुमै विभिन्न नामी नामी ब्राह्मणहरूमध्ये अग्रगण्य भएका चङ्की ब्राह्मण, तारुक्ष (तारुक्ख) ब्राह्मण, पुष्करसाती (पोक्खरसाति) ब्राह्मण, जानुश्रोणी (जानुस्सोनि) ब्राह्मण र तोदेय्य ब्राह्मणहरू भेला भएको कुरा उल्लेख भएको पाइन्छ । यिनीहरू यहाँ अर्थात् वाशिष्ठ सूत्रानुसार इच्छानङ्गल गाउँमा मन्त्र शोधन गर्नका लागि र त्रैविदय सूत्रानुसार मनसाकट

गाउँमा वेद-मन्त्रहरू अध्ययन तथा अध्यापन गराउन भेला भएका थिए। यो भेला हुने ठाउँमा अस्थायी घरहरू बनाई, पाले पहरा राख्दथे र बाहिरका मानिसहरूलाई भित्र पस्न दिन्नथे। यी पाँच ख्याति प्राप्त कोशल नरेशका पुरोहितहरू मध्ये कोशल देशको ओपसाद नगरवासी चङ्की ब्राह्मण, इच्छानङ्गल गाउँवासी तारुक्ष ब्राह्मण, उक्कट्ठा महानगर वासी पुष्करसाती ब्राह्मण, श्रावस्ती नगरवासी जानुश्रोणी ब्राह्मण, र तुदी गाउँवासी तोदेय्य ब्राह्मण हुन्। यी पाँचै जना कोशल राज्यमै थिए।

वाशिष्ठ र भरद्वाज माणवहरू पनि मन्त्र शोधन (संशोधन) गर्ने काममा आएका आ-आफ्ना गुरुहरूका साथमा थिए। एकदिन भेला-हुने काम सिद्धिएपछि यी दुवै मित्रहरू, अरू माणवहरूका साथ बाहिर तिर टहलिंदै थिए। यसै बखत यिनीहरूको आपसमा मित्रतापूर्ण कुराकानी हुँदा हुँदै वाशिष्ठ माणवले भारद्वाज माणवसँग, "कसरी ब्राह्मण हुन्छ" भनी सोधे। भारद्वाज माणवले, "सात पुस्तादेखि जातिमा कलङ्क नलागी, आमा बाबुहरू पनि सजातीय भएर जन्मने नै ब्राह्मण हुन सक्छ" भनी जवाफ दिंदा वाशिष्ठले उनको कुरा अस्वीकार गर्दै, "आफ्नै शील सदाचारले बाहेक जन्मले कसरी ब्राह्मण हुन सक्ला? यदि जन्मेको बखतमा त्यस त्यस प्राणीलाई 'तिमी ब्राह्मण ह्वौ, तिमी क्षत्री ह्वौ' इत्यादि न भनेको भए अर्थात् यस्तो संज्ञा न दिइएको भए कसले कसलाई 'यो ब्राह्मण हो, यो क्षत्री हो' भनी जान्न सक्दथ्यो। अतएव यो जन्मै कुरा केवल लोकव्यवहार मात्र हुन्। यिनीहरूले सुगति दुर्गति जानका लागि कुनै असर पार्दैनन्, बल्कि कर्मले मात्र सुगति र दुर्गतिमा

पुऱ्याउँछ" भनी आफ्नो विचार प्रकट गरे। यिनीहरूका बीच दुवैले एक अर्काको कुरालाई ग्रहण गराउन सकेनन्।

भगवान् इच्छानङ्गल[1] गाउँमा बसिरहनु भएको कुरा यिनीहरूले सुनिसकेका थिए। त्यसैले वाशिष्ठ माणवले, "त्यसो भए हामीहरू बुद्धकहाँ गई यो विषय बारे सोधौं र वहाँले जे भन्नु हुनेछ सोही नै ग्रहण गरौं" भन्ने सुझाव राखे। दुवैको सहमतिद्वारा उनीहरू भगवान् कहाँ गई आफुहरूमा भएको मत भिन्नता बारेको कुरा सुनाई, पछि प्रश्न पनि सोधे। भगवान्ले पनि उनीहरूलाई कर्मकै प्रधानतामा जोर दिई उपदेश गर्नु भयो। जुन कुरा तल वाशिष्ठ सूत्रमा उल्लेख गरिएको छ। यो उपदेश सुनेपछि वाशिष्ठ र भारद्वाज दुवै माणवहरू खुशी भई भगवान्को शरणमा गए[2]।

× × × ×

अर्को एक समयमा उपरोक्त पाँच ब्राह्मणहरू, अरू ब्राह्मणहरूका साथ त्रैविद्य सूत्रमा उल्लेख भएको मनसाकट गाउँमा भेलाभई वेद-मन्त्रहरूको अध्ययन र अध्यापन गर्दै थिए। त्यहाँ वाशिष्ठ र भारद्वाज माणवहरू पनि थिए।

---

१. सं. नि. इच्छानङ्गल सूत्रानुसार भगवान् इच्छानङ्गल गाउँमा ३ महीनासम्म बस्नु भएको थियो।

२. अ. क. आधारित।

एक दिन मन्त्र अध्ययनको काम टुङ्गिएपछि थकाइ मेट्न र नुहाउन ती दुवै माणवहरू अचिरवती नदीमा गए। अचिरवती नदीको किनार बालुवाले रमणीय देखिन्थ्यो। नदीको शीतल हावाले थाकेको शरीर चङ्गा हुन्थ्यो। शायद गृष्म-ऋतु भएकोले होला यिनीहरू संध्या समयमा धेरै माणवहरूका साथ नुहाउन पुगेका। यिनीहरू थकावट मेटाउनको लागि रमणीय नदी किनारको बालुवामा टहलिंदै, शीतल हावा खाँदै, मैत्रीपूर्ण वातावरणमा धर्म-शास्त्र बारे कुराकानी पनि गर्दथे। यसै बीचमा वाशिष्ठ माणवले भारद्वाज माणवलाई ब्रह्म-लोकमा पुऱ्याउन सक्ने मार्गहरूको चर्चा गर्दै आफ्ना आचार्य पुष्कर-सातीले बताएको मार्ग नै 'सोजो हो' भनी सुनाए। वाशिष्ठको कुरा-सुनी भारद्वाज माणवले पनि आफ्ना गुरु तारुक्षले बताएको मार्गले नै ब्रह्मलोकमा पुऱ्याउन सक्छ भन्ने कुराको दावी गरे।

यद्यपि यी दुइ मित्रका बीचमा विश्वास र धारणाबारे मत ऐक्य थिएन तथापि यिनीहरूका बीचका मित्रताको गाँठोमा कुनै आँच लागेको थिएन। यिनीहरूका मित्रताको गाँठो बलियो थियो। धारणा र विश्वासको सम्बन्धमा उनीहरू पूर्ण स्वतन्त्र थिए। मित्रताको नाताले एक अर्कामाथि आफ्नो विचारधारा लाद्ने पक्षमा यिनीहरू थिएनन्। आ-आफ्नो विचारमा यिनीहरू पूरा स्वतन्त्र थिए। परस्पर मैत्री र सहानुभूति चित्त भएकोले र आपसी आदर तथा सम्मानताको कारणले गर्दा, मत भिन्नता भए पनि यिनीहरूले कहिले पनि वैमनस्यताको अप्रिय अनुभव गर्न परेको थिएन। यी दुइ माणवहरूको तुलना गर्दा भारद्वाज माणव भन्दा वाशिष्ठ माणव प्रगतिशील देखिन्छन् भनी भन्न सकिन्छ।

भारद्वाज पनि उत्तिकै विद्वान् र पढे लेखेका थिए तर वाशिष्ठको दाँजोमा प्रतिभा सम्पन्न विचार धारामा केही कमी अवश्य देखिन्छ । वाशिष्ठ माणवमा नयाँ तरोकाको सोचाइ र विचारका लहर, सप्रमाणिक तथा न्याययुक्त बुद्धि खेलाउनमा जति प्रतिभा देखिन्छ उति मात्रामा भारद्वाज माणवमा न देखिएता पनि मित्रधर्म रक्षागर्नमा भने उनी कम थिएनन् । यदि भारद्वाज माणव श्रद्धाचरित्रका हुन् भने वाशिष्ठ माणव श्रद्धा र बुद्धि चरित्रका हुन् । अनि वाशिष्ठ माणवले आफुहरूमा भएका मत भिन्नता बारे फेरि बुद्धकहाँ गई समस्या समाधान गर्ने सुझाव पेश गरे, जुन सुझाव भारद्वाज माणवले सहर्ष स्वीकार गरे ।

यसपछि उनीहरू मनसाकट गाउँमा जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँगई आफुहरूका बीच मत भिन्नता भएको कुरा भगवान्लाई अवगत गराए । भगवान्ले उनीहरूको कुरा सुनिसकेपछि प्रत्युत्तरमा जुन उपदेश दिनु भयो सो कुरा तल लेखिएको 'दीर्घनिकाय'को त्रैविद्य (तेविज्ज) सूत्र बाट बोध हुनेछ ।

यस सूत्रको उपदेश सुनिसकेपछि केही दिनपछि उनीहरू दुवैं बुद्धको भिक्षुसङ्घमा प्रव्रजित भए अर्थात् श्रामणेर[१] भए । यस बखतसम्म

---

१. बुद्ध धर्ममा भिक्षुत्व दुइ श्रेणीमा विभाजित छन् । प्रथमत गृहस्थ त्यागी कषायवस्त्र (चीवर) धारणगरी प्रव्रजित हुनेलाई श्रामणेर भनिन्छ । २० वर्षको उमेर पूरा भएकोले यदि भिक्षुत्वको याचना गऱ्यो भने घटीमा १० जना भिक्षुको सङ्घले प्रदान गरिने उपसम्पदात्वलाई भिक्षु भनिन्छ ।

उनीहरू २० वर्षको उमेरमा पुगेका थिएनन् ।

× × × ×

बुद्ध शासनमा श्रामणेर भइसकेपछि यी दुई साथी श्रामणेरहरू, विशाखा महा उपासिकाले २७ कोटी धन खर्चगरी बनाइ राखेको, ५०० कोठाहरूले युक्त श्रावस्तीस्थित पूर्वाराम[१] विहारमा उपसम्पदाको प्रतीक्षामा बसिरहेका थिए । अनाथपिण्डिक महाजनले बनाइ दिएको सुप्रसिद्ध जेतवन विहारको पूर्वपट्टि पर्ने हुनाले यसलाई पूर्वाराम भनिएको हो । त्यस बखत भगवान्‌बुद्ध यसै विहारमा बस्नु भएको थियो ।

एक दिन भगवान् संध्यासमयतिर ध्यानबाट उठी, विहारको पछाडिपट्टि खुला ठाउँको चङ्क्रमण स्थलमा चङ्क्रमण गरिरहनु भएको देखी, "भगवान्कहाँ गएमा केही उपदेश सुन्न पाउनेछौं" भनी विचारगरी, आफ्नो मित्र आयुष्मान् भारद्वाजलाई पनि बोलाई दुवै एक साथ आयुष्मान् वाशिष्ठ भगवान् छेउ गए ।

चङ्क्रमण स्थलमा पुगी, भगवान्‌लाई अभिवादनगरी, एक तरफ लागी यिनीहरू पनि भगवान् सँगसँगै चङ्क्रमण गर्नलागे । यसैबेला भगवान्‌ले उनीहरूसँग क्षेमकुशल-कुरा गर्नु हुँदै सोध्नुभयो — "के तिमी-

---

१. पूर्वाराम विहारलाई सूत्रहरूमा प्रासाद पनि भनिएको छ । पूर्वाराम विहार अति सुन्दर तथा भव्य देखिने हुनाले प्रासाद भनिएको हो ।

हरूलाई तिम्रा ज्ञातिबन्धुहरूले भिक्षुभयो भनी केही भन्दैनन् ?" भगवान्‌को कुरा सुनी आयुष्मान् वाशिष्ठले, "भन्ते ! किन भन्दैनथे, खूब कुरा काट्छन्, खूब निन्दा गर्छन्" भन्दै "ब्राह्मणहरू हामीलाई ब्राह्मण जस्तो श्रेष्ठपन छाडी भिक्षु जस्तो नीचपनमा लागेपनि भन्छन्" भनी सुनाए । यसै कुराको शिलशिलामा भगवान्‌ले यिनीहरूलाई 'दीर्घनिकाय' को अग्रज्ञ (अग्गञ्ञ) सूत्रको उपदेश दिनुभयो । जुन कुरा तल लेखिएको छ। यस सूत्रको उपदेश सुनिसकेपछि सप्तबोध्यङ्ग धर्मबारे विशेष ध्यानगरी अन्तमा आयुष्मान् वाशिष्ठ र भारद्वाज दुवै केही दिनपछि चतु-प्रतिसम्भिदा[१] ज्ञान सहित आफ्नो आस्रव क्षयगरी, प्रव्रज्यत्वको परमार्थ भएको अरहत्-फलमा प्रतिष्ठित भए । बीस वर्षको उमेर पूरा भएकाले उपसम्पदा पनि भए[२] ।

× × ×

सूत्र :—

वाशिष्ठ र भारद्वाजमा भएका कुरा

यस्तो मैले सुने[३] ।

एक समय भगवान् इच्छानङ्गलस्थित इच्छानङ्गल वनखण्डमा बस्नु भएको थियो ।

---

१. अर्थ-प्रतिसम्भिदा, धर्म-प्रतिसम्भिदा, निरुक्ति-प्रतिसम्भिदा र प्रतिभाण-प्रतिसम्भिदा ज्ञानलाई चतु प्रतिसम्भिदा ज्ञान भनिन्छ ।

२. अ. क. आधारित ।

३. म. नि. वासेट्ठसुत्तं ।

त्यस बखत नामी नामी महाशाल (धनी) कुलका ब्राह्मणहरू इच्छानङ्गलमा बसेका थिए । जस्तैः— चङ्की ब्राह्मण, तारुक्ष ब्राह्मण, पुष्करसाती ब्राह्मण, जानुश्रोणी ब्राह्मण र तोदेय्य ब्राह्मण । त्यस्तै अरू धनीकुलका ब्राह्मणहरू पनि इच्छानङ्गलमै बसेका थिए ।

त्यस बखत वाशिष्ठ माणव र भारद्वाज माणव डुलिरहेका थिए । उनीहरूका बीचमा यस्तो कुरा चल्यो— "कसरी ब्राह्मण हुन्छ ?"

भारद्वाज माणवले भने – "सजातीय आमा बाबुबाट जन्मेका, शुद्ध गर्भधारण गरेका, सातपुस्तादेखि पितामह युगलको जातिवादले निन्दा र अपवाद नभएका भएमा ब्राह्मण हुन सक्छ ।"

वाशिष्ठ माणवले भने— "जब शीलवान हुन्छ, व्रतसम्पन्न हुन्छ तब ब्राह्मण हुन सक्छ ।"

उनीहरूका बीचमा न भारद्वाज माणवले वाशिष्ठ माणवलाई सम्झाउन सके, न वाशिष्ठ माणवले भारद्वाज माणवलाई नै सम्झाउन सके । अनि वाशिष्ठ माणवले भारद्वाज माणवलाई आमन्त्रणगरी भनेः— "हे भारद्वाज ! श्रमण गौतम शाक्य-पुत्र शाक्यकुलबाट प्रव्रजित भई अहिले इच्छानङ्गलको इच्छानङ्गल वनखण्डमा बस्नु भएको छ । श्रमण गौतमको यस्तो कल्याण कीर्ति शब्द फैलिएको छ 'वहाँ भगवान् अरहत् सम्यक् सम्बुद्ध हुनुहुन्छ[१०] ।' हामी श्रमण गौतम

---

१. पृष्ट १६४ मा झैं ।

कहाँ जाऊँ र यो कुरा सोधौं । जस्तो श्रमण गौतमले भन्नु हुनेछ त्यस्तै हामीले ग्रहण गरौं ।"

"हुन्छ" भनी भारद्वाज माणवले वाशिष्ठ माणवलाई प्रत्युत्तर दिए ।

जातिवादबारे बुद्धको उपदेश

अनि वाशिष्ठ र भारद्वाज माणवहरू जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ गई भगवान्सँग कुशलवार्ता गरे । कुशलवार्ता सिद्धिएपछि एक छेउमा बसे । एक छेउमा बसेका वाशिष्ठ माणवले भगवान्सँग गाथाद्वारा[१] निम्न कुराहरू सोधे :—

१– "भो गौतम ! हामी आचार्य सम्मत प्राप्त, आचार्यका वचनलाई स्वीकार गरेका, तीनै वेदका ज्ञाता ह्वौं । म पुष्करसाती ब्राह्मणको शिष्य हुँ, यिनी तारुक्ष ब्राह्मणका शिष्यहुन् ।

२– "तीनै वेद (त्रिविदया) मा जति आख्यान छन् तिनीहरूमा हामी पूर्णतया भिज्ञछौं । काव्य, व्याकरण तथा जल्प (वाद) मा पनि हाम्रा आचार्य समान छौं । हामी दुइजनाको बीचमा जातिवाद बारे विवाद छ ।

३– "भारद्वाज जन्मले ब्राह्मण हुन्छ भन्छन्, म कर्मले हुन्छ

---

१. यहाँ पालिगाथाको अर्थ मात्रै दिइएको छ ।

भन्छु। हाम्रो यसप्रकारको विवादको कुरालाई तपाइ चक्षुमानले जान्नु होस्!

४–"हामीले परस्पर सम्झाउन सकेनौं। त्यसैले सम्बुद्ध भनी नाम भएका तपाइ भगवान्सँग हामी सोधन आएका ह्वौं।

५– "अक्षय चन्द्रमालाई जसरी मानिसहरू हातजोरी नमस्कार गर्दै वन्दना गर्छन्, त्यसरी नै यो लोकमा तपाइ गौतमलाई पनि नमस्कार गर्छन्।

६– "लोकमा चक्षु (बुद्ध) उत्पन्न भए। हामी तपाइसँग सोध्दछौं— जन्मले ब्राह्मण हुन्छ वा कर्म (काम) ले हुन्छ ? हामी अज्ञानीलाई वताउनु होस्, जुन कुरा सुनी हामी जान्नसकौं।"

भगवान् भन्नु हुन्छ :—

७– "हे वाशिष्ठ! त्यसोभए म तिमीहरूलाई अनुपूर्विक क्रमानुसार प्राणीहरूको जाति विभिन्नताबारे बताउँछु; जातिहरू भिन्न भिन्न थरीका छन् :—

८– "तृण-वृक्षबारे हेर (जान), यद्यपि उसले यसको वास्ता (दावा) गर्दैन, तापनि तृण-वृक्षहरूमा जातीमय लिङ्ग (लक्षण) भेद देखिन्छ; उनीहरूमा पनि परस्पर भिन्नाभिन्नै जाति छन्।

९– 'त्यहाँपछि कीट-पतङ्गदेखि कमिलासम्ममा पनि जातीमय लिङ्ग (लक्षण) पाइन्छन्; उनीहरूमा पनि परस्पर भिन्नाभिन्नै जाति छन्।

१०- "चौपायाहरूमा पनि हेर (जान), स्याना, ठूला जातीर्मय लिङ्ग (लक्षण) पाइन्छन्; उनीहरूमा पनि परस्पर भिन्नाभिन्नै जाति (जात) छन् ।

११- "उदरपाद भएका सर्पादि दीर्घपीठ प्राणीमा पनि हेर (जान), उनीहरूमा पनि जातीर्मय लिङ्ग पाइन्छन्; उनीहरूमा पनि परस्पर भिन्नाभिन्नै जाति (जात) छन् ।

१२- "त्यसपछि पानीमा बस्ने माछामा पनि हेर (जान), उनीहरूमा पनि जातीर्मय लिङ्ग (लक्षण) पाइन्छन्; उनीहरूमा पनि परस्पर भिन्नाभिन्नै जाति (जात) छन् ।

१३- "त्यसपछि पखेटाद्वारा आकाशमा उड्ने चराचुरुंगी मा हेर (जान), उनीहरूमा पनि जातीर्मय लिङ्ग पाइन्छन्; उनीहरूमा पनि परस्पर भिन्नाभिन्नै जाति (जात) छन् ।

१४- "जस्तो ती प्राणीहरूमा बेग्लाबेग्लै जातीर्मय लिङ्ग (लक्षण) छन् त्यस्तैगरी बेग्लाबेग्लै जातीर्मय लिङ्ग-भेदहरू मनुष्यहरूमा छैनन् ।

१५-१७- "अरू प्राणीहरूमा झैं मनुष्यहरूमा केशमा, शीरमा, कानमा आँखामा, मुखमा, नाकमा, ओठमा, भमुकमा, गर्धनमा, काँधमा, पेटमा, पीठमा, कमर (कटि) मा, स्तन (उर) मा, योनिमा, मैथुनमा, खुट्टामा, औंलामा, नङ्मा, पिंडौंलोमा (जंघा), तिघ्रामा, वर्णमा र स्वरमा अरू प्राणीमाझैं जातीर्मय लिङ्ग (लक्षण) छैनन् ।

१८– "अरू प्राणीहरूका शरीरमा भिन्नता छन् तर मनुष्यहरूका शरीरमा भिन्नता छैन । मनुष्यहरूको भिन्नता केवल संज्ञा (नाम) मा मात्र छ ।

१९– "हे वाशिष्ठ ! मनुष्यहरूमा जसले गोरक्षागरी जीविका-गर्छ उसलाई कृषक भनी जान, ब्राह्मण भनी होइन ।

२०– "हे वाशिष्ठ ! मनुष्यहरूमा जस्ले नाना शिलपद्वारा जीविका गर्छ, उसलाई शिलपकार भनी जान, ब्राह्मण भनी होइन ।

२१– "हे वाशिष्ठ ! मनुष्यहरूमा जसले व्यापारगरी जीविका गर्छ, उसलाई व्यापारी भनी जान, ब्राह्मण भनी होइन ।

२२– "हे वाशिष्ठ ! जसले अर्काको दूतेय्य काम गरी जिविका गर्छ, उसलाई दूत भनी जान, ब्राह्मण भनी होइन ।

२३– "हे वाशिष्ठ ! जसले चोरीगरी जीविका गर्छ, उसलाई चोर भनी जान, ब्राह्मण भनी होइन ।

२४– "हे वाशिष्ठ ! जसले धनुषविद्याद्वारा जीविका गर्छ, उसलाई योद्धा भनी जान, ब्राह्मण भनी होइन ।

२५– "हे वाशिष्ठ ! जसले पुरोहितवृत्तिद्वारा जीविका गर्छ, उसलाई पुरोहित भनी जान, ब्राह्मण भनी होइन ।

२६– "हे वाशिष्ठ ! जसले गाउँ र राष्ट्रको उपभोग गर्छ, उसलाई राजा भनी जान, ब्राह्मण भनी होइन ।

२७– "हे वाशिष्ठ ! म आमाको योनीबाट निस्कनेलाई ब्राह्मण भन्दिन। 'भो-वादी'[१] भन्छु यदि उ सकिञ्चन (संग्रही) छ भने । यदि अकिञ्चन (असंग्रही) छ भने उसलाई म ब्राह्मण भन्छु ।

२८– " सबै संयोजनलाई काटी, जसमा त्रास रहँदैन, जो राग-बाट मुक्त हुन्छ, उसलाई म ब्राह्मण भन्छु ।

२९– "क्रोध र तृष्णा रहित जो दृष्टि-वाद (६२ प्रकारको मिथ्या धारणा) रूपी डोरीको गाँठोमा पर्दैन, जसले अविद्यान्धकारलाई नाशगरी सत्यलाई बोधगर्छ, उसलाई म ब्राह्मण भन्छु ।

३०– "जसले गाली, बध र बन्धनलाई नरिसाई क्षमागर्छ, जसको क्षान्ति-बल बलियो छ, उसलाई म ब्राह्मण भन्छु ।

३१– "जसले अक्रोधी भई व्रत पालन गर्छ, शीलवान भई रागलाई हटाउँछ, जो संयमी र अन्तिमदेहधारी हो, उसलाई म ब्राह्मण भन्छु ।

३२– "पातमा पानी झैं, करौंतीको दाँतको टुप्पामा सस्यूँको गेडा नअडने झैं जो कामवासनामा लिप्त हुँदैन, उसलाई म ब्राह्मण भन्छु ।

---

१. बुद्धकालमा ब्राह्मणहरूले ब्राह्मणलाई 'भो, भो' भनी भन्दथे त्यसैले 'भो, भो' भन्नमात्र लायकका ब्राह्मण भन्दछु भनी भनिएको हो ।

३३– "जसले यसै जन्ममा दुःख र निरोधलाई जानी, आफ्नो भारलाई बिसाउँछ, उसलाई म ब्राह्मण भन्छु ।

३४– "जो गम्भीर, प्रज्ञावान, मेधावी, सुमार्ग-कुमार्गलाई बुझी, उत्तम सत्य-ज्ञानलाई प्राप्त गर्छ, उसलाई म ब्राह्मण भन्छु ।

३५– "जो गृहस्थी र प्रवृजितसँग लिप्त छैन, जसले पञ्चकाम विषयको इच्छा गर्दैन, उसलाई म ब्राह्मण भन्छु ।

३६– " जसले तर्सिने, नतर्सिने सबै प्राणीप्रति दण्ड त्यागी, आफुले पनि अर्काद्वारा पनि मारकाट गर्दैन, गराउँदैन, उसलाई म ब्राह्मण भन्छु ।

३७– "विरोधीको बीचमा विरोध रहित, दण्डाधारीको बीचमा दण्डारहित, रिसाहालुका बीचमा जो रीस नगरी बस्छ, उसलाइ म ब्राह्मण भन्छु ।

३८– "करौंतीको दाँतको टुप्पोमा सर्स्यूँको गेडा नअडने झैं जसको राग, द्वेष, अभिमान र म्रक्ष (अर्काको गुण ढाक्ने) हटिसक्यो, उसलाई म ब्राह्मण भन्छु ।

३९– "जो कठोरबोली बोल्दैन, कसैलाई चोट नलाग्नेगरी सत्यकुरा गर्छ, उसलाई म ब्राह्मण भन्छु ।

४०– "जसले लामो छोटो, स्यानो-ठूलो, राम्रो-नराम्रो कुनै पदार्थ चोरी गर्दैन, उसलाई म ब्राह्मण भन्छु ।

४१– "जसको इहलोक र परलोकमा आशा हुँदैन, जो तृष्णा रहित बन्धनबाट मुक्तभइसकेकोछ, उसलाई म ब्राह्मण भन्छु ।

४२– "जसको कहीं पनि अड्किने छैन, सत्यबारे संशय दूरभई सकेका छ र अमृत (निर्वाण) प्राप्तगरी सकेको छ, उसलाई म ब्राह्मण भन्छु ।

४३– "जो पुण्य-पाप दुवैको आसक्तबाट टाढा भैसक्यो, शोक रहित, मल रहित, विशुद्ध भएको छ, उसलाई म ब्राह्मण भन्छु ।

४४– "जो चन्द्रमा समान निर्मल, शुद्ध, स्वच्छ र निर्लिप्त छ, जसको भव-तृष्णा छैन, उसलाई म ब्राह्मण भन्छु ।

४५– "जो यो संकटमय दुर्गम संसाररूपी मोहलाई पारगरी उत्तीर्ण भएको छ, जो ध्यानी, पापरहित निःसन्देही, तृष्णारहित भई निर्वाण भएको छ, उसलाई म ब्राह्मण भन्छु ।

४६– "कामविषयलाई त्यागी, घर-बार त्यागी जो प्रव्रजित भएको छ, जसको काम-भव-तृष्णा क्षीण भइसकेको छ, उसलाई म ब्राह्मण भन्छु ।

४७– "तृष्णा छाडी, घर-बार छाडी जो प्रव्रजित हुन्छ, जसको भव-तृष्णा क्षीण भएको छ, उसलाई म ब्राह्मण भन्छु ।

४८– "मनुष्य-भोगविषयलाई र दिव्य-भोगविषयलाई त्यागी, जो सबै भोगविषयबाट निर्लिप्त छ, उसलाई म ब्राह्मण भन्छु ।

४९– "रति अरतिलाई त्यागी, क्लेश रहित शीतल स्वभाव भई, जो समस्त लोक विजयी र वीर छ, उसलाई म ब्राह्मण भन्छु ।

५०- "सबैप्रकारका प्राणीको जन्म र मरणलाई जानी, जो अनासक्त भएको छ, सुगत (राम्रो स्थानमा पुगेको) भई बुद्ध भएकोछ, उसलाई म ब्राह्मण भन्छु ।

५१- "जसको गति (जाने बाटो) देव, गन्धर्व र मनुष्यले थाहा पाउन सक्दैन, उही क्षीणास्रव अर्हत्‌लाई म ब्राह्मण भन्छु ।

५२- "जसको भूत, भविष्य र वर्तमानमा कुनै आसक्ति छैन, जो आसक्ति र परिग्रह रहित छ, उसलाई म ब्राह्मण भन्छु ।

५३- "जो ऋषभ (नडगमगाउने), प्रवर, वीर, महर्षि, विजेता, अकम्प्य, स्नातक (नुहाएका), बुद्ध हुन्, उनलाई म ब्राह्मण भन्छु ।

५४- "जसलाई पूर्वजन्म थाहा छ, जसले स्वर्ग-नर्क देख्न सक्छ, जसको जाति (जन्म) क्षय भइसकेको छ, उसलाई म ब्राह्मण भन्छु ।

५५- "संसारमा नाम र गोत्रको जुन कल्पना गरिएको छ, ती सबै केवल व्यवहार र संज्ञामात्र हुन्, त्यस त्यस ठाउँमा केवल कल्पनागरी नाम मात्रले व्यवहार गर्दै आएका हुन् ।

५६- "चिरकाल देखिको अज्ञानताले गर्दा, गलत धारणाको संस्कार मनमा बसेका अज्ञानीहरूले 'जन्मले ब्राह्मण हुन्छ' भनी नजानिकन भन्छन्, जान्नेले त्यसो भन्दैनन् ।

५७– "जन्मले ब्राह्मण हुन्न, न जन्मले अ-ब्राह्मण हुन्छ; कर्म (काम-धाम) ले नै ब्राह्मण हुन्छ, कर्म (काम-धाम) ले नै अ-ब्राह्मण हुन्छ ।

५८– "कामले नै कृषक हुन्छ, कामले नै शिल्पी हुन्छ, कामले नै व्यापारी हुन्छ, कामले नै प्रेष्य (दूत) हुन्छ ।

५९– "कामले नै चोर हुन्छ, कामले नै योद्धा हुन्छ, कामैले पुरोहित हुन्छ र कामैले राजा पनि हुन्छ ।

६०– "कर्मफललाई जान्ने, हेतु-प्रत्ययबाट यसो हुन्छ भनी जान्ने पण्डितले यस प्रकारको कामलाई यथार्थरूपले हेर्छ ।

६१– "कर्म (काम) ले नै लोक चलि रहेको छ, कर्मले नै प्रजा चलिरहेको छ, आणिमा रथ बाँधिएको झैं प्राणी कर्ममा बाँधिएको छ ।

६२– "तप, ब्रह्मचर्य, संयम र दमले ब्राह्मण हुन्छ । यही उत्तम ब्राह्मण हो ।

६३– "तीन विदचा सम्पन्न, पुनर्जन्म मुक्त, शान्त भएकालाई, तिमीले पनि पण्डितले झैं ब्रह्मा र शक्रलाई जान ।"

वाशिष्ठ र भारद्वाजको शरणागमन

भगवान्‌को यति उपदेश सुनेपछि वाशिष्ठ र भारद्वाज माणवले प्रसन्नतापूर्वक भगवान्‌संग यसरी प्रार्थना गरे :—

"धन्य, भो गौतम ! धन्य, भो गौतम[१] !!०। हामी भगवान् गौतमको शरण पर्छौं, धर्म र सङ्घको पनि। आजदेखि तपाइ गौतमले हामीलाई आजीवनसम्म शरणमा आएका उपासक हुन् भनी स्वीकार गर्नु होस् !"

× × ×

सूत्र :—

पाँच नामी ब्राह्मणहरू

यस्तो मैले सुने[२]।

एक समय भगवान् पांचशय भिक्षुहरूका साथ कोशल राज्यमा चारिका गर्दै मनसाकट भन्ने कोशल ब्राह्मणहरूका गाउँमा पुग्नु भयो। त्यहाँ भगवान् मनसाकटको उत्तरपट्टि अचिरवती नदीको किनारको आम्रबनमा वस्नु भएको थियो।

त्यस बखतमा धेरै नामी धनीकुल (महाशाल) का ब्राह्मणहरू मनसाकटमा बसेका थिए। जस्तै चङ्की ब्राह्मण, तारुक्ष ब्राह्मण, पुष्कर-साती ब्राह्मण, जानुश्रोणी ब्राह्मण र तोदेय्य ब्राह्मण। तथा अरू धनीकुलका ब्राह्मणहरू पनि थिए।

१. हेर पृष्ट १७ मा। २. दी. नि. तेविज्जसुत्तं।

वाशिष्ठ र भारद्वाज

त्यस बेला वाशिष्ठ र भारद्वाज माणवहरू टहलि रहँदा बाटैमा उनीहरूका बीच यस्तो कुरा चल्यो—"यही ऋजु (सोजो) मार्ग हो, यही मार्गले त्यहाँ (ब्रह्माकहाँ) पुऱ्याउँछ र यही मार्गले नै ब्रह्म सहवासमा पनि पुऱ्याउँछ, जुन मार्ग पुष्करसाती ब्राह्मणले बताएका छन्" भनी वाशिष्ठ माणवले भने ।

भारद्वाज माणवले भने—"जुन मार्ग तारुक्ष ब्राह्मणले भनेका छन्, सोही मार्ग ऋजु (सोजो) छ, सोही मार्गले त्यहाँ (ब्रह्माकहाँ) पुऱ्याई दिन्छ र सोही मार्गले नै ब्रह्मसहवासमा पनि पुऱ्याइदिन्छ ।"

उनीहरू मध्ये न वाशिष्ठ माणवले भारद्वाज माणवलाई संझाउन सके, न त भारद्वाज माणवले वाशिष्ठ माणवलाई नै सम्झाउन सके । अनि वाशिष्ठ माणवले भारद्वाज माणवलाई भने—"हे भारद्वाज ! श्रमण गौतम शाक्यपुत्र शाक्यकुलबाट प्रव्रजित भई अहिले मनसाकटको उत्तरपट्टि अचिरवती नदीको किनारको आम्रवनमा बस्नु भएको छ । भगवान्को यस्तो कल्याण कीर्ति शब्द फैलिएको छ—'वहाँ भगवान् अरहत् सम्यक् सम्बुद्ध हुनुहुन्छ[१०] ।' हामी त्यहाँ जाऊँ र त्यहाँ गई यो कुरा श्रमण गौतमसँग सोधौं । श्रमण गौतमले जे जस्तो भन्नु हुनेछ उही स्वीकार गरौं ।" "हुन्छ" भनी भारद्वाज माणवले वाशिष्ठ माणवलाई उत्तर दिए ।

---

१. पृष्ट ४० मा ।

वाशिष्ठ र भारद्वाज बुद्धकहाँ

वाशिष्ठ माणव र भारद्वाज माणव दुवैजना जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्सँग कुशलवार्ता गरे। कुशलवार्ता गरिसके पछि एक छेउमा बसे। एक छेउमा बसेका वाशिष्ठ माणवले भगवान्लाई सुनाए :—"भो गौतम ! हाम्री दुइजना टहलिरहँदा हाम्रा बीच, बाटैमा यस्तो कुरा चल्यो—'यही सोजो मार्ग हो, यही मार्गले त्यहाँ (ब्रह्मा-कहाँ) पुऱ्याउँछ र यही मार्गले नै ब्रह्मसहवासमा पनि पुऱ्याउन सक्छ, जुन मार्ग पुष्करसाती ब्राह्मणले बताएका छन्' भनी मैले भने। भारद्वाज माणवले भने—'जुन मार्ग तारुक्ष ब्राह्मणले भनेका छन्, सोही मार्ग ऋजु छ, सोही मार्गले त्यहाँ (ब्रह्माकहाँ) पुऱ्याइदिन सक्छ र सोही मार्गले नै ब्रह्मसहवासमा पनि पुऱ्याइदिन सक्छ।' भो गौतम ! यहाँ हाम्रा बीच विग्रह, विवाद र नानावाद भएको छ।"

"हे वाशिष्ठ ! तिमी भन्दछौ—'यही मार्ग सोजो छ, यही मार्गले त्यहाँ (ब्रह्माकहाँ) पुऱ्याइदिन्छ र यही मार्गले ब्रह्मसहवासमा पनि पुऱ्याउँन सक्छ, जुन मार्ग पुष्करसाती ब्राह्मणले बताएका छन्।' भारद्वाज माणव भन्दछन्—'जुन मार्ग तारुक्ष ब्राह्मणले बताएका छन्, सोही मार्ग ऋजु छ, सोही मार्गले त्यहाँ (ब्रह्माकहाँ) पुऱ्याइदिन्छ र सोही मार्गले नै ब्रह्मसहवासमा पनि पुऱ्याइदिनसक्छ।' केमा तिमीहरूका बीच विग्रह भयो, केमा विवाद भयो र केमा नानावाद भयो त ?"

"भो गौतम ! मार्ग-अमार्गकोबारे। जस्तै अद्धरिय (ऐत्त-रिय) ब्राह्मण, तित्तिरिय (तैतरिय) ब्राह्मण, छन्दोका (छन्दोग)

ब्राह्मण, बह्वरिञ्झ ब्राह्मणहरू थरी थरीका मार्ग (साधन) बताउँछन्, तापनि ती सबै मार्गले त्यहीं (ब्रह्माकहाँ) पुऱ्याउँछन्, ब्रह्मसहवासमै पुऱ्याइ दिन्छन् । जस्तो कुनै गाउँको वा निगमका नजिकमा धेरै थरीका बाटा भएर पनि ती जम्मै बाटाले सोही गाउँ वा निगममा पुऱ्याइ दिन्छन्; त्यस्तै अद्धरिय ब्राह्मण...हरूले बताएका थरी थरीका बाटाले पनि त्यहीं ब्रह्मसहवासमै पुऱ्याइ दिन्छन् ।"

अन्धवेणु परम्परा समान

"हे वाशिष्ठ ! पुऱ्याउँछ भन्छौ त ?"

"भो गौतम ! हो, पुऱ्याउँछ भन्छु ।"

"हे वाशिष्ठ ! पुऱ्याउँछ भन्छौ त ?"

"भो गौतम ! हो, पुऱ्याउँछ भन्छु ।"

"हे वाशिष्ठ ! साँच्चै पुऱ्याउँछ भन्छौ त ?"

"भो गौतम ! हो, साँच्चै पुऱ्याउँछ भन्छु ।"

"हे वाशिष्ठ ! के त्रैविद्य ब्राह्मणहरूका बीचबाट ब्रह्मालाई आफ्नै आँखाले साक्षात्कार गर्ने कुनै ब्राह्मण छ त ?"

"भो गौतम ! छैन ।"

"हे वाशिष्ठ ! के त्रैविद्य ब्राह्मणहरूका बीचबाट ब्रह्मालाई आफ्नै आँखले साक्षात्कार गर्ने कुनै आचार्य छ त ?"

"भो गौतम ! छैन ।"

"हे वाशिष्ठ ! के त्रैविद्य ब्राह्मणहरूका बीचबाट ब्रह्मालाई आफ्नै आँखाले साक्षात्कार गर्ने कुनै आचार्यप्राचार्य छन् त ?"

"भो गौतम ! छैनन् ।"

"हे वाशिष्ठ ! त्रैविद्य ब्राह्मणहरूका सातपुस्तासम्मका आचार्य महायुगलका बीचबाट ब्रह्मालाई आफ्नै आँखाले साक्षात्कार गर्ने कुनै ब्राह्मण छ त ?"

"भो गौतम ! छैन ।"

"हे वाशिष्ठ ! के त्रैविद्य ब्राह्मणहरूका पूर्वज ऋषि मन्त्रकर्ता[१] थिए उनीहरूले भनेका छन् कि—'हामीले जानेकाछौं, हामीले देखेकाछौं, कहाँ ब्रह्माछन्, कसकहाँ ब्रह्माछन् र कुन ठाउँमा ब्रह्माछन् ।"

"भो गौतम ! छैनन् ।"

"हे वाशिष्ठ ! त्यसोभए त्रैविद्य ब्राह्मणहरूका बीचबाट एक जना ब्राह्मणले पनि ब्रह्मालाई आफ्नै आँखाले साक्षात्कार गर्न सकेको रहेनछ ... एक जना आचार्यले पनि, ... एक जना आचार्यप्राचार्यले पनि, ... सातपुस्तासम्मका कुनै आचार्य महायुगलले पनि ब्रह्मालाई आफ्नै आँखाले साक्षात्कार गर्न सकेका रहेनछन् ।

"हे वाशिष्ठ ! यसो हुँदाखेरि त्रैविद्य ब्राह्मणहरूले भनेको कुरा अ-प्रमाणिकतामा पुगेको सिद्ध हुन्छ होइन त ?"

"भो गौतम ! यसो हो भने साँच्चैनै त्रैविद्य ब्राह्मणहरूको कुरा अ-प्रमाणिकतामा पुगेको सिद्ध हुन्छ ।"

"धन्य, वाशिष्ठ ! त्रैविद्य ब्राह्मणहरूले जो जानेकै छैनन्, जो देखेकै छैनन् तैपनि 'यही सोजो मार्ग हो, यही मार्गले त्यहाँ पुऱ्याउँछ र

---

१. पृष्ट १४४ मा झैं ।

यही मार्गले नै ब्रह्मसहवासमा पनि पुऱ्याइदिन सक्छ' भनी उपदेश गर्नु योग्य छैन।

"हे वाशिष्ठ ! जस्तो कि अन्धवेणु परम्पराका[१] मानिसमध्ये-बाट न अघिल्लोले देख्छ, न माझकाले देख्छ न पछिल्लोले देख्छ, त्रैविद्य ब्राह्मणहरूका भनाइमा पनि म त्यस्तै देख्छु। उनीहरूमध्येबाट न अघि-ल्लोले (ब्रह्मालाई) देख्यो, न माझकाले देख्यो, न त पछिल्लोले नै देख्यो। उनीहरूको सो भनाई हास्यास्पद हुन जान्छ, नाम मात्रको हुन जान्छ, रिक्तमात्र हुन जान्छ र तुच्छ मात्रै हुन जान्छ।

ब्रह्मसहवास

"हे वाशिष्ठ ! के त्रैविद्य ब्राह्मणहरूले अरू धेरै जनाले झैं 'चन्द्र-सूर्य कहिले र कहाँबाट उदय हुन्छन्, कहिले र कहाँ अस्त हुन्छन्' भनी देखेका छैनन् त ? (मानिसहरूले) आयाचन गरिरहेका[२], स्तुति गरिरहेका,[३] हात जोरी नमस्कार गरी घुमीरहेका देखेका छैनन् त ?"

"भो गौतम ! देखेका छन्।"

"हे वाशिष्ठ ! के भन्छौ त ? त्रैविद्य ब्राह्मणहरू, अरू धेरैले झैं 'कहिले र कहाँबाट चन्द्र-सूर्य उदय हुन्छन्' भनी ... देखेका छैनन्

---

१. पृष्ट १९७ मा हेर।

२. 'हे चन्द्र भगवान्, हे सूर्य भगवान् उदय होस् !' भनी याचना गर्ने।

३. 'सोम, चन्द्र, परिमण्डल' भनी आह्वानगर्ने, स्तुतिगर्ने।-अ.क.।

त ? के त त्रैविद्य ब्राह्मणले चन्द्र-सूर्यकहाँ पुग्ने 'यही सोजो मार्ग हो, यही मार्गले त्यहाँ पुन्याउँछ र यही मार्गले नै चन्द्र-सूर्यकहाँ पुन्याइदिन सक्छ' भनी उपदेश गर्न सक्छन् त ?"

"भो गौतम ! सक्दैनन् ।"

"हे वाशिष्ठ ! त्यसो भएदेखि त्रैविद्य ब्राह्मणहरूले अरू धेरैले झैं 'चन्द्र-सूर्य कहाँबाट र कहिले उदय हुन्छन्'... भनी देखेर पनि त्यहाँ पुग्न सक्ने मार्ग: 'यही सोजो मार्ग हो...' भनी भन्न सक्दा रहेन छन् । त्रैविद्य ब्राह्मणहरूले ब्रह्मालाई आफ्नै आँखाले पनि देखेका रहेन छन्, न कुनै त्रैविद्य ब्राह्मणहरूका कुनै आचार्यहरूले नै ... देखेका रहेछन्, न त्रैविद्य ब्राह्मणहरूका कुनै आचार्यप्राचार्यले नै ... देखेका रहेछन्, न कुनै सातपुस्तासम्मका मध्येबाटले नै ... देखेका रहेछन्; ब्राह्मणहरूका जो पूर्वज मन्त्रकर्ता ऋषिहरू ... थिए ... तिनीहरूले पनि यसो भनेका छैनन्, ' हामी यो जान्दछौं, हामीले यो देखेकाछौं :—कहाँ ब्रह्माछन्, कसकहाँ ब्रह्माछन् र कुन ठाउँमा ब्रह्माछन् ।' तैपनि सोही ब्राह्मणहरू— 'जो हामी जान्दैनौं, जो हामी देख्दैनौं, त्यहाँ पुग्ने मार्गको उपदेश गरौं' भन्दै—'यही सोजो मार्ग हो, यही मार्गले त्यहाँ पुन्याउँछ र यही मार्गले नै ब्रह्मसहवासमा पनि पुन्याइदिन सक्छ' भनी भन्छन् ।

"हे वाशिष्ठ ! त्यसोभएको हुँदा त्रैविद्य ब्राह्मणहरूका ती कुराहरू अ-प्रमाणिकतामा आएका सिद्ध हुन्छन्, होइन त ?"

"भो गौतम ! त्यसो भएमा साँच्चै नै त्रैविद्य ब्राह्मणहरूका भनाइहरू अ-प्रमाणिकतामा पुगेका सिद्ध हुन्छ ।"

"धन्य, वाशिष्ठ ! ती त्रैविद्य ब्राह्मणहरूले जुन कुरा जानेकै छैनन्, देखेकै छैनन् त्यस्ता कुरामा पनि—'यही सोजो मार्ग हो...' भनी उपदेश गर्नु योग्य छैन ।"

जनपदकल्याणीको दृष्टान्त

"हे वाशिष्ठ ! जस्तो कि—कुनै पुरुष भन्छ—'म यस जनपदकी जनपदकल्याणी[१] चाहन्छु, उसलाई म प्यारो गर्छु ।' उसँग सोध्छ :—'हे पुरुष ! जुन जनपदकल्याणीलाई तिमी चाहन्छौ र प्यारो पनि गर्छौ, उनी क्षत्रीणी हुन् कि, ब्राह्मणी हुन् कि, वैश्यनी हुन् कि, शूद्रिणी हुन् कि के हुन् भन्ने तिमीलाई थाहा छ कि छैन ?' उ भन्छ—'मलाई थाहा छैन ।'

"उसँग सोध्छ :—जुन जनपदकल्याणीलाई तिमी चाहन्छौ र प्यारो पनि गर्छौ, उनको 'के नाउँ, के गोत्र, अग्लीछन् कि होँची वा मझौली छन्; काली, साँवली छन् कि मङ्गुरी; कुन गाउँमा, कुन निगममा, कुन नगरमा बस्छन्' भनी तिमीलाई थाहा छ कि छैन त ? उ भन्छ—'थाहा छैन ।'

"उसँग फेरि सोध्छ :—'हे पुरुष ! केत, जसलाई तिमी जान्दैनौ, देख्दैनौ, त्यसलाई तिमी प्यारो गर्छौ त ?" 'हो' भनी उ भन्छ ।

---

१. बुद्धको समयमा जनपदकल्याणी भन्ने एउटी अति नामी तथा सुन्दरी स्त्री थिइन ।

"हे वाशिष्ठ ! तिमी के भन्छौ त ? त्यस्तो भएमा त्यो पुरुषको कुरा अ-प्रमाणिक हुन जाँदैन त ?'

"भो गौतम ! त्यसो भएमा अवश्य पनि त्यो पुरुषको कुरा अ-प्रमाणिक हुन जान्छ।"

"हे वाशिष्ठ ! त्रैविद्य ब्राह्मणहरूले भनेका कुराहरू पनि त्यस्तै ठहरिन जान्छन् । जसले आफ्नै आँखाले ब्रह्मा देखेका छैनन् ... तैपनि त्रैविद्य ब्राह्मणहरू—'यही सोजो मार्ग हो ...' भनी भन्छन् ।

"हे वाशिष्ठ ! त्यसो भएको हुँदा त्रैविद्य ब्राह्मणहरूका कुराहरू अ-प्रमाणिक हुन जान्छन् होइन त ?''

"भो गौतम ! हो, यदि त्यसो भएमा उनीहरूका कुराहरू साँच्चै नै अ-प्रमाणिक हुन जान्छन् ।"

"धन्य, वाशिष्ठ ! त्रैविद्य ब्राह्मणहरूले जो जानेकै छैनन्, जो देखेकै छैनन् तैपनि '... ब्रह्मसहवासमा पनि पुर्‍याइदिन सक्छ' भनी उपदेश गर्नु योग्य छैन ।

भऱ्याङ्का दृष्टान्त

"हे वाशिष्ठ ! जस्तो कि – कुनै पुरुषले चौबाटोमा बसी प्रासादको निमित्त भऱ्याङ् बनाइरहेको हुन्छ । अनि उसँग कुनै बटुवाले सोध्छ—'हे पुरुष ! जुन प्रासादको लागि तिमी भऱ्याङ् बनाउँदैछौ,

त्यो प्रासाद 'पूर्वतिर छ कि, दक्षिणतिर छ कि, पश्चिमतिर छ कि अथवा उत्तरतिर छ? अग्लो छ कि, होचो छ कि, बीचमा छ कि अथवा कतातिर छ' भन्ने तिमीलाई थाहा छ कि छैन त?' उ भन्छ—'थाहा छैन'।

"उसँग फेरि सोध्छ—'हे पुरुष! जो तिमी जान्दैनौ, देख्दैनौ, तैपनि तिमी त्यस प्रासादको लागि भऱ्याङ् बनाउँछौ त!' उ भन्छ 'हो'।

"हे वाशिष्ठ! तिमो के भन्छौ त? त्यस्तो भएमा त्यो पुरुषको कुरा अ-प्रमाणिक हुन जाँदैन त?"

"भो गौतम! त्यसो भएमा अवश्य पनि त्यो पुरुषको कुरा अ-प्रमाणिक हुन जान्छ।

"हे वाशिष्ठ! त्रैविद्य ब्राह्मणहरूले भनेका कुराहरू पनि त्यस्तै ठहरिन जान्छन्। जसले … 'यही सोजो मार्ग हो…' भनी भन्छन्।

'हे वाशिष्ठ! त्यसो भएको हुँदा त्रैविद्य ब्राह्मणहरूका कुराहरू अ-प्रमाणिक हुन जान्छन् होइन त?"

"भो गौतम! हो, यदि त्यसो भएमा उनीहरूका कुराहरू साँच्चै नै अ-प्रमाणिक हुन जान्छन्।"

"धन्य वाशिष्ठ! त्रैविद्य ब्राह्मणहरूले जो जानेका छैनन्, जो देखेका छैनन्, तैपनि '… ब्रह्मसहवासमा पनि पुऱ्याइदिन सक्छ' भनी उपदेश गर्नु योग्य छैन।

अचिरवती नदीको दृष्टान्त

"हे वाशिष्ठ ! जस्तो कि—कौवाले पिउन सक्ने अचिरवती नदी पारगरी जानपर्ने कुनै मानिस त्यही नदीको तीरमा आइपुग्यो अनि उ वारीबाटै पारीको तीरलाई आह्वान गर्छ—'हे पारी-तीर, हे पारी-तीर यता आऊ !'

"हे वाशिष्ठ के त्यो पुरुषले वारी तीरमा नै बसी, आह्वान गऱ्यो भनी, आह्वानको कारणले, आयाचनको कारणले, प्रार्थनाको कारणले, अभिनन्दनको कारणले अचिरवती नदीको पल्लो तीर वारी आउँछ त ?"

"भो गौतम ! आउँदैन ।"

"हे वाशिष्ठ ! त्यस्तै त्रैविद्य ब्राह्मणहरू, जो ब्राह्मणकारक-धर्म[1] हो त्यसलाई त्यागी, जो अ-ब्राह्मणकारक-धर्म हो त्यसलाई ग्रहण गरी यस्तो प्रार्थना गर्छन्—'इन्द्रलाई आह्वान गर्छु (इन्दमह्वयाम), सोमलाई आह्वान गर्छु (सोममह्वयाम), वरुणलाई आह्वान गर्छु (वरुणमह्वयाम), ईसान, … प्रजापति, … ब्रह्म, …महेन्द्र आदिलाई आह्वान गर्छु ।

"हे वाशिष्ठ ! ती त्रैविद्य ब्राह्मणहरूले जो ब्राह्मणकारक-धर्म हो त्यसलाई त्यागी, जो अ-ब्राह्मणकारक-धर्म हो त्यसलाई ग्रहण गरेर

१. पञ्चशील तथा दशकुशलकर्मपथ । अ. क. ।

आह्वानको हेतुले, याचनाको हेतुले,... देहत्यागी मृत्युपछि ब्रह्मसहवासमा पुग्न सक्लान् भनी भन्नु असम्भव छ ।

"हे वाशिष्ठ ! जस्तो यो अचिरवती नदी पारतर्न चाहने पुरुष आई वारी नै बलियो गरी दुवै हातलाई पछाडी राखी सिक्रीले बाँधी बस्यो भने, के उसले पारतर्न सक्ला त ?"

"भो गौतम ! सक्दैन ।"

"हे वाशिष्ठ ! त्यस्तै यो पञ्चकाम-गुण (पञ्चकाम विषय) लाई आर्यविनयमा (बुद्ध धर्ममा) सिक्री पनि भनिन्छ, बन्धन पनि भनिन्छ । कुन पाँच भने ?—

पञ्चकाम–"(१) चक्षुविज्ञेय इष्ट, कान्त, मनाप (मन लाग्ने), प्रियरूप, कामूपसंहित (रागउत्पन्न गर्ने), र रजनीय (चित्तमलिन गर्ने) रूप; (२) श्रोतविज्ञेय ... शब्द, (३) घ्राणविज्ञेय ... गन्ध, (४) जिह्वाविज्ञेय ... रस र (५) कायविज्ञेय इष्ट, कान्त, मनाप, प्रियरूप, कामूपसंहित र रजनीय स्पर्श । यी पञ्चकाम विषयलाई आर्य-विनयमा सिक्री पनि भनिन्छ, बन्धन पनि भनिन्छ । यी पाँच विषयमा त्रैविद्य ब्राह्मणहरू, लोभी भई, मूर्छित भई, डुबीरही, दोष नदेख्ने भई, मुक्तहुन न जानी विषय भोग गर्दछन् । त्रैविद्य ब्राह्मणहरू जुन ब्राह्मण-कारक धर्म हो त्यसलाई त्यागी ... पञ्चकाम विषयमा लोभी भई, ... मुक्तहुन न जानी विषय भोग गर्दै काम-विषयको सिक्रीको पासोमा परी मृत्युपछि ब्रह्मसहवासमा पुग्न सक्लान् भन्नु असम्भव छ ।

"हे वाशिष्ठ ! जस्तो यो अचिरवती नदी ··· पारतर्न चाहने पुरुष आई वारीमै टाउको देखि जम्मै शरीर कपडाले ढाकी बस्छ भने, उ पारतरी जान सक्ला के ?"

"भो गौतम ! सक्दैन ।"

"हे वाशिष्ठ ! यी पाँच नीवरण लाई आर्य-विनयमा आवरण पनि भनिएको छ, नीवरण पनि भनिएको छ, बन्धन पनि भनिएको छ । कुनचाहिं पाँच भने ?—

नीवरण–"(१) कामच्छन्द (काम विषयमा इच्छा) नीवरण, (२) ब्यापाद नीवरण, (३) थीनमिद्ध (शारीरिक र मानसिक आलस्य-पन) नीवरण, (४) उद्धच्च कुक्कुच्च (शारीरिक र मानसिक अस्थिरपन, चञ्चलपन, Restless) नीवरण र (५) विचिकिच्छा (दुविधा) नीवरण । यी पाँच नीवरणलाई आर्य-विनयमा ··· बन्धन पनि भनिएको छ ।

"हे वाशिष्ठ ! यी पाँच आवरणले त्रैविद्य ब्राह्मणहरू ढाकिएका छन्, बाँधिएका छन् । ती त्रैविद्य ब्राह्मणहरू जो ब्राह्मणकारक धर्म हो त्यसलाई त्यागी ··· पञ्च-नीवरणले बाँधिएर मृत्युपछि ब्रह्मसहवासमा पुग्न सक्लान् भनी भन्न असम्भव छ ।

ब्रह्मा सपरिग्राही कि अपरिग्राही ?

"हे वाशिष्ठ ! वयोवृद्ध जेठा-पाका, आचार्य-प्राचार्य ब्राह्मणहरूले ब्रह्मालाई सपरिग्राही भन्छन कि अपरिग्राही भन्छन् ? तिमीले के सुनेका छौ ?"

"भो गौतम ! अपरिग्राही ।"

"वैरचित्त युक्त कि अ-वैर चित्त युक्त ?"

"भो गौतम ! अ-वैर चित्त युक्त ।"

"सब्यापद्य (द्वेषयुक्त) चित्त युक्त कि अ-ब्यापद्य चित्त युक्त ?"

"भो गौतम ! अ-ब्यापद्य चित्त युक्त ।"

"संक्लिष्ट चित्त युक्त कि अ-संक्लिष्ट चित्त युक्त ?"

"भो गौतम ! अ-संक्लिष्ट चित्त युक्त ।"

"वशवर्त्ती (स्वाधीन जितेन्द्रिय) कि अ-वशवर्त्ती ?"

'भो गौतम ! वशवर्त्ती ।"

"हे वाशिष्ठ ! त्रैविद्य ब्राह्मणहरू सपरिग्राही हुन् कि अ-परिग्राही हुन् ?"

"भो गौतम ! सपरिग्राही हुन् ।"

"हे वाशिष्ठ ! त्रैविद्य ब्राह्मणहरू वैरयुक्त छन् कि अवैर युक्त ? ... ब्यापाद युक्त छन् कि अब्यापाद युक्त ? ... संक्लिष्ट छन् कि असंक्लिष्ट ? ... वशवर्त्ती हुन् कि अ-वशवर्त्ती हुन् त ?"

"भो गौतम ! अ-वशवर्त्ती हुन् ।"

"हे वाशिष्ठ ! त्रैविद्य ब्राह्मणहरू सपरिग्राही छन्, ब्रह्मा अपरिग्राही । सपरिग्राही त्रैविद्य ब्राह्मणहरूको अपरिग्राही ब्रह्मासँग मेल खान्छ त ? मिलन हुन सक्ला त ?"

"भो गौतम ! सक्दैन ।"

'धन्य वाशिष्ठ ! ती सपरिग्राही त्रैविद्य ब्राह्मणहरू मृत्युपछि अपरिग्राही ब्रह्माको सहवासमा पुग्न सक्लान् भनी भन्ने हेतु नै छैन ।

"हे वाशिष्ठ ! यसरी स-वैरचित्त युक्त त्रैविद्य ब्राह्मणहरू, अ-वैर-चित्त युक्त ब्रह्मा,··· । सब्यापाद चित्त युक्त त्रैविद्य ब्राह्मणहरू, अब्यापाद चित्त युक्त ब्रह्मा,··· । संक्लिष्ट चित्त युक्त त्रैविद्य ब्राह्मणहरू, असंक्लिष्ट चित्त युक्त ब्रह्मा,··· । अ-वशवर्त्ती त्रैविद्य ब्राह्मणहरूको वशवर्त्ती ब्रह्मासँग मेल खान्छ त ? मिलन हुन सक्ला त ?"

"भो गौतम ! सक्दैन ।"

"धन्य, वाशिष्ठ ! ती अ-वशवर्त्ती त्रैविद्य ब्राह्मणहरू देहत्यागी मृत्युपछि वशवर्त्ती ब्रह्माको सहवासमा पुग्न सक्लान् भनी भन्ने हेतु नै छैन ।

"हे वाशिष्ठ ! यहाँ त्रैविद्य ब्राह्मणहरू (सुमार्ग सम्झी) कुमार्गमा गई, भुइँ सम्झी धापमा भासिई सकेपछि विषाद्‌मा प्राप्त भई, पानी भनी सुक्खा जिमिनमा पौडी खेलिरहेका छन् । अतः त्रैविद्य ब्राह्मणहरूका भनाइलाई त्रैविद्य-घोरजङ्गल पनि भन्न सकिन्छ, त्रैविद्य-जल रहित बनजङ्गल पनि भन्न सकिन्छ र त्रैविद्य-ब्यसन[1] पनि भन्न सकिन्छ ।"

ब्रह्मसहवासको मार्ग

भगवान्‌को यति कुरा सुनेपछि वाशिष्ठ माणवले भगवान्‌लाई सुनाए:—'ब्रह्मसहवास (ब्रह्मसहब्यतं) को मार्गबारे श्रमण गौतमले जान्नु भएको छ' भनी मैले सुनेको छु ।

---

१. पाँच प्रकारका ब्यसन :—(१) ज्ञाति-ब्यसन, (२) भोग-ब्यसन, (३) रोग-ब्यसन, (४) दृष्टि-ब्यसन र (५) शील-ब्यसन ।—अ.क.

"हे वाशिष्ठ ! मनसाकट गाउँ यहाँबाट नजिक छ कि टाढा छ ?"

"भो गौतम ! नजिक नै छ, टाढा छैन ।"

"हे वाशिष्ठ ! यहाँ कुनै पुरुष मनसाकठमा जन्मी, त्यहीं नै हुर्की ठुलो भएको; त्यसै गाउँमा बस्ने कुनै मानिसले उसँग सोही गाउँको बाटो सोधेमा उसलाई, बाटो बताउनको निमित्त ढिलाई, शंका, सन्देह अथवा अलमलिनु पर्ने कुनै कारण छ कि ?"

"भो गौतम ! छैन ।"

"सो किन नि ?"

"किन भने—सो पुरुष मनसाकट गाउँमै जन्मी उहीं नै हुर्केको हुनाले मनसाकटको सबै बाटाहरू उसले थाहा पाइराखेको हुन्छ ।"

"हे वाशिष्ठ ! जस्तो मनसाकट गाउँमा जन्मी त्यहीं हुर्की ठुलो भएको पुरुषलाई त्यहींकै बाटो सोद्धा अकमकाउनु पर्ने कुनै कारणै हुँदैन । त्यस्तै तथागतलाई ब्रह्मलोकबारे वा ब्रह्मलोक जाने प्रतिपदाबारे सोद्धा कुनै अकमकाउनु पर्ने कारणै हुँदैन । ब्रह्मालाई पनि म जान्दछु, ब्रह्मलोक पनि म जान्दछु, ब्रह्मलोक जाने प्रतिपद् (मार्ग, साधन) पनि म जान्दछु । यो मार्गमा लागी 'कति ब्रह्मलोकमा उत्पन्न भए' भन्ने पनि म जान्दछु ।"

"भो गौतम ! 'तथागतले ब्रह्मलोक पुग्ने मार्गको उपदेश पनि दिनुहुन्छ' भन्ने कुरा मैले सुनेको छु । तपाइ गौतमले मलाई ब्रह्मसह-

वासमा पुग्न सक्ने मार्गको उपदेश दिनुभए असल हुनेथियो । तपाइँ गौतमले ब्राह्मणपुत्रहरूलाई उद्धार गर्नुहोस् !"

चतुर्ब्रह्म-विहार

"हे वाशिष्ठ ! त्यसोभए, सुन, राम्ररी मन लगाऊ, म भन्छु ।"

"हवस" भनी वाशिष्ठ माणवले प्रत्युत्तर दिएपछि भगवान्ले यसो भन्नु भयो—"हे वाशिष्ठ ! यहाँ तथागतको लोकमा उत्पन्न हुन्छ, अरहत् सम्यक् सम्बुद्ध[१]० । सो भिक्षु शीलसम्पन्न भई[२]० आफुमा पञ्चनीवरण प्रहीण भएको पाउँदा उसको मनमा प्रमोद उत्पन्न हुन्छ, प्रमुदित भएपछि प्रीति हुन्छ, प्रीति भएपछि शरीर शान्त (प्रसब्ध) हुन्छ, शान्त भएपछि सुखानुभव गर्छ, सुखी चित्त भएपछि समाधिष्ठ हुन्छ ।

"उ मैत्रीसहगत चित्तले एकदिशा फैलाई बस्छ[३]० । हे वाशिष्ठ ! यो पनि ब्रह्मसहवासमा पुग्ने मार्ग हो ।

"फेरि सो भिक्षु करुणा सहगत चित्त ..., मुदिता सहगत चित्त..., उपेक्षा सहगत चित्त ... फैलाई बस्छ । यो पनि ब्रह्मसहवासमा पुग्ने मार्ग हो ।

---

१. पृष्ट २५६ मा झैं ।

२. शील सम्पन्नताकोबारे पृष्ट २५७ मा हेरेर जान्नु ।

३. पृष्ट २५० मा झैं ।

"हे वाशिष्ठ ! त्यसरी बस्ने भिक्षु सपरिग्राही हुन्छ कि अपरिग्राही ?"

"भो गौतम ! अपरिग्राही ।"

"वैरचित्त युक्त हुन्छ कि अ-वैरचित्त युक्त हुन्छ[1] ?··· वशवर्त्ती हुन्छ कि अ-वशवर्त्ती हुन्छ ?"

"भो गौतम ! वशवर्त्ती हुन्छ ।"

"हे वाशिष्ठ ! यसरी भिक्षु पनि अपरिग्राही ब्रह्मा पनि अपरिग्राही भएकाले अपरिग्राही भिक्षुको अपरिग्राही ब्रह्मासँग मेल खान्छ कि खाँदैन त ? मिलन हुन सक्छ कि सक्दैन त ?"

"भो गौतम ! अवश्य पनि मेल पनि खान्छ र मिलन पनि हुन सक्छ ।"

"धन्य, वाशिष्ठ ! त्यसैले सो अ-परिग्राही भिक्षु मृत्युपछि अ-परिग्राही ब्रह्मसहवासमा पुग्न सक्छ भनी भन्ने हेतु छ ।

"हे वाशिष्ठ ! अवैरचित्त युक्त भिक्षु, अवैरचित्त युक्त ब्रह्मा; अव्यापादचित्त युक्त भिक्षु, अव्यापादचित्त युक्त ब्रह्मा; असंक्लिष्टचित्त युक्त भिक्षु, असंक्लिष्टचित्त युक्त ब्रह्मा; वशवर्त्ती भिक्षुको वशवर्त्ती ब्रह्मासँग मेल खान्छ कि खाँदैन त ? मिलन हुन सक्छ कि सक्दैन त ?"

"भो गौतम ! अवश्य पनि मेल पनि खान्छ र मिलन पनि हुन सक्छ ?"

---

१. हेर पृष्ट ३४२ मा ।

"धन्य, वाशिष्ठ ! त्यसैले सो वशवर्त्ती भिक्षु मृत्युपछि वशवर्त्ती ब्रह्मसहवासमा पुग्न सक्छ भनी भन्ने हेतु छ।"

यति कुरा सुनेपछि वाशिष्ठ माणव र भारद्वाज माणवले भगवान्सँग यसरी प्रार्थना गरे—"धन्य, भो गौतम ! धन्य, भो गौतम[1]० हामी तपाइ गौतमको शरण पर्छौं, धर्म र भिक्षुसङ्घको पनि। आजदेखि तपाइ गौतमले हामीलाई आजीवनसम्म शरणमा आएका उपासक हुन् भनी धारणा गर्नुहोस् !"

× × ×

सूत्र :—

वाशिष्ठ र भारद्वाज श्रामणेर बुद्धकहाँ

यस्तो मैले सुने[2]।

एक समय भगवान् श्रावस्तीस्थित मृगारमाताको प्रासाद पूर्वाराममा बस्नु भएको थियो।

त्यसबखत वाशिष्ठ र भारद्वाज (श्रामणेर) भिक्षुहरूका बीच, भिक्षुत्व (उपसम्पदा) को अपेक्षागरेर बसेका थिए। भगवान्

१. पृष्ट १७ मा हेर्नुहोस् ।
२. दी. नि. अग्गञ्ञसुत्तं ।

संध्यासमयमा ध्यानबाट उठी प्रासादबाट ओर्ली प्रासादको पछाडितिरको खुला ठाउँमा टहल्न (चङ्क्रमण) लाग्नु भयो ।

वाशिष्ठ (श्रामणेर) ले भगवान्लाई संध्यासमयमा ध्यानबाट उठी, प्रासादबाट ओर्ली प्रासादको पछाडितिर खुला ठाउँमा टहलिरहनु भएको देखे । अनि भारद्वाज (श्रामणेर) लाई बोलाए — "हे आवुसो भारद्वाज ! भगवान् संध्यासमयमा···प्रासादको पछाडितिर टहलिरहनु भएकोछ । हामी भगवान्कहाँ जाऔं, भगवान्बाट केही न केही धर्मका कुराहरू सुन्न पाउनेछौं ।" "हुन्छ" भनी भारद्वाज (श्रामणेर) ले वाशिष्ठ (श्रामणेर) लाई प्रत्युत्तर दिए ।

अनि वाशिष्ठ र भारद्वाज (श्रामणेर) दुवै जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँगई, भगवान्लाई अभिवादन गरी एकछेउ लागी भगवान्-सँग-सँगै टहलन थाले । अनि भगवान्ले वाशिष्ठ (श्रामणेर) लाई आमन्त्रण गर्नु भयो :—

"हे वाशिष्ठ ! ब्राह्मणजाति-कुलबाट घर-बार छाडी प्रव्रजित भएका तिमीहरूलाई के ब्राह्मणहरूले उपहास तथा निन्दा गर्दैनन् ?"

"अँ, भन्ते ! ब्राह्मणहरू हामीलाई गाली र उपहास पनि गर्छन् । आफ्ना स्वभावानुसार उनीहरूले हामीलाई खूब गालिगर्छन् उपहास पनि गर्छन् यसमा कुनै कसर बांकी राखेका छैनन् ।"

"हे आवुसो वाशिष्ठ ! ब्राह्मणहरू आफ्ना स्वभावा-नुसार तिमीहरूलाई कसरी बेसकरी गाली र उपहास गर्छन् नि ?"

ब्राह्मणहरू गाली गर्छन्

"भन्ते ! ब्राह्मणहरू यसो भन्छन्— 'ब्राह्मण मात्र श्रेष्ठ वर्ण-हुन्, अरू वर्ण हीन हुन् । ब्राह्मण मात्र शुक्लवर्ण हुन् अरू वर्ण कृष्ण हुन् । ब्राह्मण मात्र शुद्ध हुन्छन् अरूहरू शुद्ध हुन्नन् । ब्राह्माण मात्र ब्रह्माका मुखबाट निस्केका औरस पुत्र हुन्— ब्रह्मज, ब्रह्मनिर्मित तथा ब्रह्मदा-याद हुन् । तिमीहरू श्रेष्ठवर्ण छाडी हीन भएका, कृष्ण भएका, ब्रह्माको पैतालाबाट निस्केका मुण्डक श्रमणककहाँ गयौ । तिमीहरूका लागि यो राम्रो होइन, उचित होइन । जो कि तिमीहरू श्रेष्ठवर्ण छाडी हिनार्थ भएका...श्रमणककहाँ गएकाछौ ।' यसरी, भन्ते ! हामीहरू-लाई ब्राह्मणहरू आफ्ना स्वभाव अनुरूप बेसकरी गालिगर्छन्, उपहास पनि गर्छन् । यसमा कुनै कसर बाँकी राखेका छैनन् ।"

ब्राह्मण नै श्रेष्ठवर्ण हुन्

"हे वाशिष्ठ ! केही छैन । ब्राह्मणहरूले आफ्ना पुराना (अतीतको) कुरा संस्मरणगरी यसो भनेका हुन् :— 'ब्राह्मण नै श्रेष्ठहुन् अरू वर्ण हीन (नीच) हुन्··· ब्राह्माण मात्र ब्रह्माका मुखबाट निस्केका औरस पुत्र हुन्···ब्रह्मदायद हुन् ।' हे वाशिष्ठ ! ब्राह्मणहरूका ब्राह्मणीहरू ऋतुमती भएका, गर्भिणी भएका, बालक जन्माएका र दूध ख्वाउने पनि देखिन्छन् । ती ब्राह्मणहरू योनिज भइकन पनि यसो भन्छन्— 'ब्राह्मण नै श्रेष्ठ वर्ण हुन् अरू वर्ण हीन हुन्···ब्राह्मण मात्र ब्रह्माका मुखबाट निस्केका औरस पुत्र हुन्... ।' तिनीहरूले ब्रह्मालाई

पनि झूटो आरोप लगाएका छन्, झूटा कुरा पनि गर्छन्, धेरै अपुण्य पनि कमाउँछन् ।

चारैवर्णमा कुशलाकुशल हुन्छन्

"हे वाशिष्ठ ! चार वर्ण यी हुन् :— 'क्षत्री, ब्राह्मण, वैश्य र शूद्र । क्षत्रीहरू मध्येमा पनि यहाँ कुनै कुनै मानिस प्राणीहिंसा गर्ने, चोरीगर्ने, काममिथ्याचार गर्ने, झूटा बोल्ने, चुकली लगाउने, कठोरबोली बोल्ने, सम्प्रलाप गर्ने; लोभी, द्वेषी र मिथ्याधारणा गर्ने पनि हुन्छन् । यस्तैगरी जुनधर्म अकुशल हुन्, अकुशलमा गनिने; सावद्य, सावद्यमा गनिने; असेवनीय, असेवनीयमा गनिने; अनार्य, अनार्यतामा गनिने; कृष्ण, कृष्णविपाकी, विज्ञहरूले निन्दागर्ने— त्यस्ता मानिसहरू पनि क्षत्रीहरूमा देखिन्छन् । ब्राह्मणहरू मध्येमा पनि···, वैश्यहरू मध्येमा पनि···, शूद्रहरू मध्येमा पनि यहाँ कुनै कुनै मानिस प्राणीहिंसा गर्ने,··· मिथ्याधारणा गर्ने पनि हुन्छन् । त्यस्तैगरी जुन धर्म अकुशल हुन्,··· विज्ञहरूले निन्दागर्ने हुन् त्यस्ता मानिसहरू पनि शूद्रमा देखिन्छन् ।

"हे वाशिष्ठ ! क्षत्रीहरू मध्येमा पनि यहाँ कुनै कुनै मानिस प्राणीहिंसाबाट अलग भएको देखिन्छन्, चोरीबाट···, काममिथ्याचारबाट···, झूटाबाट···, चुकुलीबाट···, कटुबोलीबाट···, सम्प्रलापबाट अलग भएका देखिन्छन्, निर्लोभी, दयालु र सम्यक् धारणागर्ने पनि हुन्छन् । यस्तैगरी जुन कुशल धर्म हुन्, कुशलतामा गनिने; निरवद्य,

निरवद्यतामा गनिने; सेवनीय, सेवनीयमा गनिने; आर्य, आर्यमा गनिने; शुक्ल, शुक्लविपाकी, विज्ञहरूले प्रशंसागन— त्यस्ता मानिसहरू पनि क्षत्रीहरूमा देखिन्छन्। ब्राह्मणहरू मध्येमा पनि…, वैश्यहरूमध्येमा पनि…, शूद्रहरू मध्येमा पनि यहाँ कुनै कुनै मानिस प्राणीहिंसाबाट अलग भएका देखिन्छन्, चोरीबाट… सम्प्रलापबाट अलग भएका देखिन्छन्; निर्लोभी, दयालु र सम्यक् धारणा गर्ने पनि हुन्छन्। यस्तैगरी जुन कुशल धर्म हुन्, कुशलतामा गनिने…, विज्ञहरूले प्रशंसा गर्ने— त्यस्ता मानिसहरू पनि शूद्रहरूमा देखिन्छन्।

चारैवर्णमा भिक्षु श्रेष्ठ

"हे वाशिष्ठ यी चारैवर्णमा अकुशल र कुशल गर्ने पनि छन्, विद्वानद्वारा निन्दित र प्रशंसित पनि छन्— यी दुवै कार्य गर्ने भइकन पनि कसरी ब्राह्मणहरू भन्छन् कि— 'ब्राह्मण नै श्रेष्ठवर्ण हुन्, अरू वर्ण हीन हुन्…।' यी कुरालाई विद्वानहरू मान्दैनन् र अनुमत पनि गर्दैनन्। किन भने ? यही चारवर्णबाट जो भिक्षु, अर्हत् क्षीणास्रव, ब्रह्मचर्य-वास पूरा भएका, कृतकृत्य, भारमुक्त, स्व-अर्थ प्राप्त, भव-बन्धन मुक्त र सम्यक्ज्ञानी भई विमुक्त हुन्छ,— सोही भिक्षु— धर्मद्वारा नै अधर्मद्वारा होइन— सबैभन्दा अग्रगण्य हुन्छ। हे वाशिष्ठ ! मनुष्यहरूमा इहलोक र परलोककानिम्ति धर्म नै श्रेष्ठ छ।

"हे वाशिष्ठ ! मनुष्यहरूमा इहलोक र परलोककानिम्ति धर्म नै श्रेष्ठ छ भनी यसप्रकारले पनि बुझ्नु पर्छ :—

"श्रमण गौतम शाक्यकुलबाट प्रव्रजित भएको भनी राजा प्रसेनजित् कोशल लाई थाहा छ। राजा प्रसेनजित् कोशलकै बशमा शाक्यहरू छन्। शाक्यहरू, राजा प्रसेनजित् कोशलाई आदर, अभिवादन, प्रत्युत्थान, नमस्कार तथा स्वागत गर्छन्। शाक्यहरू जसरी राजा प्रसेनजित्लाई आदर··· तथा स्वागत गर्छन् त्यस्तैगरी राजा प्रसेनजित् कोशलले तथागतलाई आदर, अभिवादन, प्रत्युत्थान, नमस्कार तथा स्वागत गर्छन्। 'श्रमण गौतम असल कुलका हुनुहुन्छ म कमसल कुलको छु; श्रमण गौतम राम्रो हुनुहुन्छ, म नराम्रोछु; श्रमण गौतम प्रतिभाशाली हुनुहुन्छ, म अ-प्रतिभाशाली छु' भनी सोचेर स्वागत गरेका होइनन् परन्तु धर्मलाइनै सत्कारगर्दै, धर्मलाई नै गौरव राख्दै, धर्मलाई नै मान्दै तथा धर्मलाई नै पूजा स्वागत गर्दै राजा प्रसेनजित् कोशलले तथागतलाई आदर... तथा स्वागत गरेका हुन्। यो उदाहरणले पनि बुझ्नु पर्छ कि मनुष्यहरूमा इहलोक र परलोकका निम्ति धर्म नै श्रेष्ठ छ।

तथागतको धर्मकाय

"हे वाशिष्ठ! यहाँ नाना नाउँका, नाना जातिका, नाना गोत्रका नाना कुलका तिमीहरू घर-बार छाडी प्रव्रजित भएका ह्वौ। 'अब, तिमी को ह्वौ?' भनी सोधे भने, 'श्रमण-शाक्यपुत्र ह्वौं' भनी भन्ने छौ। यहाँ तथागतमाथि जसको श्रद्धाले, श्रमण-ब्राह्मण-देव-मार तथा ब्रह्मादि कसैले पनि चलाउन नसक्ने गरी अटल तथा बलियोसँग जरो हालि सकेको छ, त्यस्तालाई मात्र— 'भगवान्का औरसपुत्र,

मुखबाट जन्मेका, धर्मबाट जन्मेका, धर्मनिर्मित तथा धर्मदायाद' भन्नी भन्न सुहाउँछ। धर्मकाय भने पनि तथागत कै नाउँ (अधिवचन) हो, ब्रह्मकाय भने पनी..., धर्मभूत भने पनि..., ब्रह्मभूत भनेपनि तथागत-कै अधिवचन (नाउँ) हो।

संवर्त विवर्त लोक

"हे वाशिष्ठ ! धेरै धेरै समय बितिसके पछि एक त्यस्तो समय आएको थियो जब कि यो लोक संवर्त (प्रलय) भयो। प्रलय भएपछि लोकमा बस्ने धेरैजसो सत्वहरू आभास्वर लोकवासी भए। ती त्यहाँ मनोमय, प्रीतिभक्षी, स्वयंप्रभा, आकाशचारी तथा शुभस्थायी भई दीर्घकालसम्म बसे।

"हे वाशिष्ठ ! धेरै धेरै समय बितिसकेपछि एक त्यस्तो समय आएको थियो जब कि यो लोक विवर्त (उघ्दाटन) भयो। यो लोक विवर्त हुने बेलामा धेरै जसो सत्वहरू आभास्वरकायबाट च्युत भई यहाँ आए। पछि तिनीहरू यहाँ मनोमय, प्रीतिभक्षी भई दीर्घकालसम्म बसे।

रसमय पृथ्वीको उत्पत्ति

"हे वाशिष्ठ ! त्यस समय जलमय थियो। सर्वत्र अन्धकार थियो। चन्द्र-सूर्य देखिदैनथे। नक्षत्र-तारकाहरू देखिदैनथे। रात दिन छुट्टिदैनथ्यो। महीना-अर्धमहीना छुट्टिदैनथ्यो। ऋतु र वर्ष पनि छुट्टिदै-

नथ्यो । स्त्री-पुरुष चिन्हिदैनथे । 'सत्व, सत्व' भन्ने मात्र संज्ञा हुन्थ्यो । अनि धेरै धेरै समय बितिसकेपछि त्यस्तो समय आयो जबकि दूधको तर लागे जस्तै पानीमा रसयुक्त पृथ्वी जम्यो । त्यो नवनीत तथा घ्यूले भरिएको झैं वर्ण-गन्ध-रस सम्पन्न थियो । त्यसको स्वाद मधुमक्षिकाको जस्तो स्वादपूर्ण थियो । तब कुनै लोभी-लालची स्वभावको सत्वले 'यो के रहेछ' भनी औंलाद्वारा रस-पृथ्वी चाख्यो । रस-पृथ्वीको स्वाद लिनासाथ उसको शरीरभरी रसास्वाद फैलियो र उसको मनमा तृष्णा उत्पन्न भयो । अरू अरूले पनि उसको अनुकरणगरी रस-पृथ्वी औंलाद्वारा चाटेर हेरे । रस-पृथ्वीको स्वाद लिनासाथ उनीहरूको शरीरभरी रसास्वाद फैलियो र उनीहरूको मनमा पनि तृष्णा उत्पन्न भयो ।

चन्द्र-सूर्यको प्रादुर्भाव

"हे वाशिष्ठ ! ती सत्वहरूले रस-पृथ्वी हातले कवल कवल लिई खाए । जब उनीहरूले रस-पृथ्वीलाई कवल कवल लिई हातले खानथाले तब तिनीहरूको स्वयं-प्रभा अन्तरधान भयो । स्वयं-प्रभा अन्तरधान भएपछि चन्द्र-सूर्य प्रादुर्भाव भए । चन्द्र-सूर्य प्रादुर्भाव भएपछि नक्षत्र-तारकाहरू प्रादुर्भाव भए । नक्षत्र-तारकाहरू प्रादुर्भाव भएपछि रात र दिन भयो । रात र दिन भएपछि महीना र अर्धमहीना भयो । महीना र अर्धमहीना भएपछि ऋतु र वर्ष भयो । यसरी यो लोक पुनः विवर्त भयो ।

"हे वाशिष्ठ ! अनि ती सत्वहरू रस-पृथ्वी खाई धेरै धेरै

दिनसम्म बसे। जति जति ती सत्वहरूले रस-पृथ्वी खाँदैगए उति उति तिनीहरूका शरीरमा कर्कशपन पैदा हुन थाल्यो। वर्णमा विकारता पनि देखिन थाल्यो। कोही राम्रा कोही नराम्रा पनि देखिन थाले। जो सुन्दरछन् तिनीहरूले नराम्रालाई अवहेलना गर्न थाले— 'हामी राम्राछौं, तिमीहरू नराम्राछौ।' तिनीहरूको आफ्ना वर्णमा मान, अभिमान भएकोले रस-पृथ्वी अन्तरधान भयो। अन्तरधान भएपछि उनीहरू एकत्रित भई, 'अहो रस! अहो रस!' भनी कराउन थाले, कराउँदै थुक निल्न थाले। जस्तो कि यहाँ कुनै मानिसले सु-रस खाई— 'अहो रस! अहो रस!' भन्छन् त्यस्तैगरी भन्न थाले। त्यही अघि (अतीत समयमा) खाएको अग्ररस का कुरा सम्झना गर्न थाले, तर त्यसको अर्थ बुझ्न सकेनन् अर्थात् संवर्त कल्पको कुरा मनमा सम्झना भएर आएको चाहिं बुझ्न सकेनन्।

भूमि-पर्पट-रस प्रादुर्भाव

"हे वाशिष्ठ! अनि ती सत्वहरूको रस-पृथ्वी अन्तर-धान भएपछि नागको फणी (अहिच्छत्त) जस्तो भूमि-पर्पट (पत्र पत्र) रस प्रादुर्भाव भयो। त्यो वर्ण सम्पन्न, गन्ध सम्पन्न र रस-सम्पन्न थियो। घ्यूले भरिएको मक्खन जस्तो र क्षुद्रमधुको स्वाद जस्तो थियो।

"हे वाशिष्ठ! अनि ती सत्वहरूले भूमि-पर्पट-रस खाए। त्यो रस खाई तिनीहरू धेरै धेरै समयसम्म बसे। जति जति ती सत्वहरू भूमि-पर्पट-रस खाएर बस्नथाले उति उति ती सत्वहरूलाई क्षारत्व

बढनलाग्यो। वर्ण विकारता पनि देखिन थाल्यो। कोही राम्रा, कोही नराम्रा पनि देखिन थाले। जो सुन्दर छन् तिनीहरूले नराम्रालाई अवहेलना गर्नथाले— 'हामी राम्राछौं, तिमीहरू नराम्राछौ।' तिनीहरूको आफ्ना वर्णमा मान, अभिमान भएकोले भूमि-पर्पट-रस अन्तरधान भयो। भूमि-पर्पट-रस अन्तरधान भएपछि उनीहरू एकत्रित भई 'अहोरस ! अहोरस !' भनी कराउन थाले...।

भद्रलताको प्रादुर्भाव

"हे वाशिष्ठ ! अनि ती सत्वहरूको त्यो भूमि-पर्पट-रस अन्तरधान भएपछि कलम्बु (सरकन्द) को प्रादुर्भाव भयो। त्यो वर्णसम्पन्न··· थियो। घ्यूले भरिएको मक्खन जस्तो···थियो।

"हे भारद्वाज ! अनि ती सत्वहरूले सो भद्रलता खाए। भद्रलता खाएर ती सत्वहरू धेरै धेरै समयसम्म बसे। जति जति सत्वहरूले सो भद्रलता खाए उति उति··· आफ्ना वर्णमा मान, अभिमान भएकोले भद्रलता अन्तरधान भयो। भद्रलता अन्तरधान भएपछि उनीहरू एकत्रित भई— 'अहो रस ! अहो रस !' भनी कराउन थाले ···।

जोताई विनाको धान

'हे वाशिष्ठ ! अनि सत्वहरूको भद्रलता अन्तरधान भएपछि विना जोताईले पाकेको, कनिका नभएको, भूष नभएको, शुद्ध, सुगन्धित

तण्डुल-फल (चामल गेडा) प्रादुर्भाव भयो। अनि उनीहरूले बेलुकी खानकालागि संध्याकालमा र बिहान खानका लागि बिहानै पाकेको चामल काटेर ल्याउँदथे। भोलिपल्ट पुनः त्यसठाउँमा जस्ताका तस्तै भई रहन्थ्यो। बिहान र साँझ काटेर ल्याएको ठाउँ चिन्न सकिंदैनथ्यो। खण्ड खण्ड भएको देखिन्नथ्यो। अनि ती सत्वहरू सोही विना जोताईले फलेको तण्डुलफल (चामल) खाँदै धेरै धेरै समयसम्म बसे।

स्त्री-पुरुषको चिन्ह प्रादुर्भाव

"हे वाशिष्ठ ! जति जति उनीहरूले विना जोताईले फलेको चामल खाँदैगए उति उति नै, धेरै समयपछि, उनीहरूको क्षारत्वमा वृद्धि भई वर्णविकारता पनि बढ्दै गयो। स्त्रीहरूको स्त्री लिङ्ग र पुरुषहरूको पुरुष-लिङ्ग प्रादुर्भाव भयो। स्त्रीले पनि पुरुषलाई, पुरुषले पनि स्त्रीलाई धेरै बेरसम्म आँखागाडी हेर्न थाले। धेरै बेरसम्म परस्पर-मा हेरीरहँदा राग उत्पन्न भयो। शरीरमा जलन उत्पन्न भयो। जलनको कारणले परस्पर मैथुन सेवनगरे।

"हे वाशिष्ठ ! उनीहरूले परस्पर मैथुन सेवन गरेको देखेर त्यस बखतमा, उनीहरूमाथि कसैले धूलो फ्याँके, कसैले हिलो छ्यापे र कसैले गोबर छ्याप्दै भने— 'हे असुचिहरूहो ! तिमीहरूको नाश होस् ! कसरी सत्वमाथि सत्वले यस्तो काम गर्छ!' जस्तो आजकल पनि यहाँ कुनै कुनै जनपदमा नयाँ दुलही लैजाँदा धूलो फ्याँक्छन्···। त्यस्तै उनीहरूले सोही पुरानो (अतीत समयको) कुरालाई अनुस्मरण गर्छन्

तर त्यसको अर्थ बुझ्न सक्दैनन् अर्थात् संवर्तकल्पमा अनुभव गरिसकेको संस्कारको सम्झना हुन्छ तर उनीहरूले त्यसलाई बुझ्न सक्दैनन् ।

मैथुनको कारणले घरको सृष्टि

"हे वाशिष्ठ ! त्यसबखतको अधर्म सम्मत आजकल यहाँ धर्मसम्मत छ । त्यस वखतमा जसले मैथुन-धर्म सेवन गर्थ्यो, त्यसले महीना दुइमहीनासम्म पनि गाउँ र निगममा जान पाउँदैनथ्यो । यसरी सत्वहरू सोही असद्धर्मना धेरै बेरसम्म बस्न थाले । अनि सोही असद्धर्मलाई छोप्नको निम्ति घरहरूको तर्जुमा गरे। एकदिन कुनै अल्छी स्वभाव भएको सत्वको मनमा यस्तो लाग्यो— 'हेर ! किन यो दिनका दिन विहानको लागि बिहानै र बेलुकाको लागि बेलुकै खेतमा गई धान काटी ल्याउने, किन यो कष्ट गरिरहने; बरु बिहान र बेलुकिलाई पुग्नेगरी दिनमा एकैपटक ल्याई राखौं ।' अनि उसले त्यस्तै गऱ्यो । त्यसकहाँ अर्को सत्व गएर, 'आऊ, हामी चामल लिन जाऔं !' भन्यो । यसो भन्दा उसलाई यसो भन्यो – 'हे सत्व ! मैले एकै पटकमा साँझ र बिहानलाई पुग्नेगरी ल्याइसकेको छु ।'

"हे वाशिष्ठ ! अनि त्यो सत्वले 'यसो गर्नु झन वेश हुनेछ' भन्दै उसको अनुकरण गर्दै एकैचोटि दुइदिनलाई पुग्नेगरी चामल ल्यायो । अर्को सत्व त्यसकहाँ गई – 'आऊ, हामी चामल लिनजाऔं' भन्दा उसले भन्यो — 'हे सत्व ! भइहाल्यो, मैले एकैचोटि दुइदिनलाई पुग्नेगरी ल्याइसकेको छु ।' यो कुरो सुनी त्यो सत्वले 'यसो गर्नु झन

बेश हुनेछ' भन्दै उसको अनुकरण गरी एकैचोटि चारदिनसम्म पुग्नेगरी चामल ल्यायो। अर्को सत्व त्यहाँगई चामल लिनजान बोलाउँदा, उसले चारदिनसम्म पुग्नेगरी ल्याइसकें भनी भनेको सुनी उसले पनि उसको अनुकरण गर्दै आठ दिनसम्मलाई पुग्नेगरी चामल ल्यायो। यसरी दृष्टानुगतिक हुँदै उनीहरूले चामल जगेडा राखी खान थालेपछि चामलमा कनिका पनि भयो, भूषले पनि चामल ढाक्यो। बाली काटेको ठाउँमा पुनः धान पनि उम्रेन। बाली काटेको ठाउँ बाँझै भयो। खण्ड खण्ड छुटियो।

व्यक्तिगत सम्पत्तिको सृष्टि

"हे वाशिष्ठ! ती सत्वहरू एकत्रित भई भन्न थाले— 'सत्वहरूका बीच पापधर्म उत्पन्न भयो। हामीहरू पहिले मनोमय, प्रीतिभक्षी, स्वयं-प्रभा, अन्तरीक्षचारी थियौं। शुभस्थायी भई दीर्घकालसम्म बस्यौं। अनि धेरै समय वितिसकेपछि रस-पृथ्वी पानीमा उत्पन्न भयो। त्यो गन्ध सम्पन्न..... थियो। त्यो रस-पृथ्वीलाई हामीले औंलाले चाटेर खान खोज्यौं। रस-पृथ्वी औंलाले चाटेर खाएपछि हामीहरूको स्वयं-प्रभा अन्तरधान भयो। स्वयं-प्रभा अन्तरधान भएपछि चन्द्र-सूर्य, नक्षत्र-तारागण, रात-दिन, महीना-अर्धमहीना र ऋतु तथा वर्ष उत्पन्न भए। रस-पृथ्वी आहारगर्ने भएका हामीहरू त्यहो खाँदै धेरै धेरै समयसम्म बसेका थियौं। सोही अकुशलमय पापकर्मको उत्पत्तिले गर्दा रस-पृथ्वी अन्तरधान भयो।'

"रस-पृथ्वी अन्तरधान भएपछि भूमि-पर्पट-रस प्रादुर्भाव भयो। त्यो पनि वर्णसम्पन्न…थियो। हामीले त्यसलाई खायौं। भूमि-पर्पट-रस खाई धेरै धेरै समय बितायौं। सोही अकुशलमय पापकर्मको उत्पत्तिले गर्दा भूमि-पर्पट-रस पनि अन्तरधान भयो।

"भूमि-पर्पट-रस अन्तरधान भएपछि भद्रलता उत्पन्न भयो…। भद्रलता अन्तरधान भएपछि विना जोताईले पाकेको चामल (तण्डुलफल) उत्पन्न भयो। हामी सो तण्डुलफल संध्याकालागि संध्याकालमै र बिहानका लागि विहानै ल्याउने गर्दथ्यौं। जुन ठाउँबाट तण्डुलफल ल्याउँथ्यौं सो ठाउँमा पुनः तण्डुलफल पाकीरहन्थ्यो। खण्ड खण्ड देखिएको थिएन। हामीहरू सोही खाइकन धेरै समयसम्म बसेका थियौं। हामीमा अकुशल-युक्त पापधर्म उत्पन्न भएकोले चामलमा कनिका भई भूष पनि भयो। धान काटेको ठाउँमा पुनः उम्रे र पनि आएन। काटेको ठाउँ बाँझै भयो। खण्ड खण्ड पनि भयो। त्यसो भएको हुँदा हामीले धान बाली बाँडन थाल्यौं र सिमाना पनि छुट्यायौं।

अदिन्नादान (चोरी) को उत्पत्ति

"हे वाशिष्ठ ! ती सत्वहरूले धानको बाली भाग लगाए, मर्यादा छुट्याए। अनि कुनै लोभी स्वभावको सत्वले आफ्नो भाग रक्षा-गर्दै अर्काको भाग (खेत) बाट धान चोरी (अदिन्नादान) गरी लिन थाल्यो। अनि त्यसलाई समाती यसो भने — ' हे सत्व ! तैंले पापकर्म गरिस् ! आफ्नो भाग रक्षा गर्दै अर्काको भाग (खेत) बाट,

नदिइएको धान आफैंले लिई (चोरी गरी) खाई रहेछस् । फेरि यस्तो काम नगर ।' 'हुन्छ' भनी उसले प्रत्युत्तर दियो । तर दोश्रो पटक पनि, तेश्रो पटक पनि उसले... लिएरै खायो । उसलाई समातो फेरि भने— 'हे सत्व ! तँले पापकर्म गरिस्' भन्दै कसैले हातले, कसैले लठ्ठीले र कसैले दण्डाले पिटे । यहींदेखि अदिन्नादान (चौरकर्म) को शुरूवात, गाली निन्दाकोशुरुवात, झूटो कुराको शुरुवात र दण्डाको पनि शुरुवात भयो ।

चारैवर्णको उत्पत्ति

१–क्षत्रीको उत्पत्ति– "हे वाशिष्ठ ! अनि ती सत्वहरू एकत्रित भई यसो भन्न थाले— 'सत्वहरूमा पापधर्म उत्पन्न भयो, अदिन्नादान (चोरी), निन्दा, मृषावाद, दण्डग्रहण पनि देखिन थाले । अतः हामीहरूले त्यस्तो कुनै सत्वलाई निर्वाचन (सम्मत) गरौं जसले हामीलाई उचित कुरा भन्नेछ, निन्दनीयलाई निन्दा र निकाल्न पर्नेलाई निकाल्ने छ । उनलाई हामी चामल-भाग दिनेछौं ।' अनि उनीहरूले जुन पुरुष रूपवान्, दर्शनीय, प्रासादिक र आनुभाव सम्पन्न थियो त्यसकहाँ गई यसो भने — 'हे पुरुष ! तिमी आऊ ! भन्नुपर्नेलाई भन, निन्दा गर्नुपर्नेलाई निन्दागर तथा निकाल्नु पर्नेलाई निकाल । हामीहरू तिमीलाई चामल-भाग दिनेछौं ।' 'हुन्छ' भनी त्यो पुरुषले भन्नु पर्नेलाई भन्यो, निन्दा गर्नुपर्नेलाई निन्दागऱ्यो तथा निकाल्नु पर्नेलाई निकाल्यो । तिनीहरूले उसलाई चामल-भाग दिए ।

"हे वाशिष्ठ ! महाजनहरूले सम्मत गरेको हुनाले 'महासम्मत' भन्ने प्रथमशब्द उत्पन्न भयो । क्षेत्र (सिमाना) को अधिपति भएको हुँदा 'क्षत्रिय' भन्ने दोश्रो शब्द उत्पन्न भयो । धर्मतापूर्वक अरूलाई रञ्जित (प्रेम, स्नेह, ममता) गर्थे भन्ने अर्थले 'राजा, राजा' भन्ने तृतीय शब्द प्रादुर्भाव भयो ।

"हे वाशिष्ठ ! यसरी क्षत्रीमण्डलका उही नै सत्व अर्थात् संवर्तकल्पमा क्षत्री भइसकेको पुरुषको उही नै पुरानो नाम (शब्द) प्रादुर्भाव भयो अर्थात् संवर्तकल्पमा भइसकेको क्षत्री शब्द उत्पन्न भयो । सदृशता भएकै पुरुष असदृशता भएको होइन । धर्मताकै कारणले, अधर्मताको कारणले होइन । अतः मनुष्यलोकमा इहलोक र परलोकको निम्ति धर्म नै श्रेष्ठ छ ।

२– ब्राह्मणको उत्पत्ति— "हे वाशिष्ठ ! ती सत्वहरूका बीचबाट नै कसैको मनमा यस्तो लाग्यो— 'सत्वहरूका बीचमा पापधर्म उत्पन्न भयो जसबाट— अदिन्नादान (चोरी), निन्दा, मृषावाद, दण्डग्रहण र निष्काशन पनि देखिए । हामीहरूले अकुशल पापधर्मलाई प्रवाह गरौं (बगाइदऔं) ।' अनि उनीहरूले अकुशल पापकर्मलाई प्रवाह गरे । अकुशल पापकर्मलाई प्रवाह गरेको हुनाले 'ब्राह्मण ब्राह्मण' भन्ने प्रथम शब्द उत्पन्न भयो । उनीहरू अरण्यायतनमा पर्णकुटी बनाई त्यसमा वसी ध्यान गर्दथे । साँझमा खानको लागि संध्याकालमै, विहान खानकोलागि बिहानै,— आफुले पकाउन नपर्ने— गाउँ, निगम र राजधानीमा भिक्षामागी हिंडथे भिक्षा प्राप्तगरी आफ्नै अरण्यायतनको

पर्णकुटीमा फर्की ध्यानगर्थे । मानिसहरू उनीहरूलाई देखेर यसो भन्थे— 'यिनीहरू अरण्यायतनमा पर्णकुटी बनाई त्यहाँ बसी ध्यान गर्छन् । गाउँ, निगम र राजधानीमा भिक्षा माग्छन् । भिक्षा प्राप्तगरी आफ्नै पर्णकुटीमा फर्की ध्यानगरी बस्छन् ।' यसरी ध्यानगर्ने हुनाले, 'ध्यानी, ध्यानी' भन्ने दोश्रो शब्द उत्पन्न भयो ।

"उनीहरूकै बीचबाट केही सत्वहरू अरण्यायतन पर्णकुटीमा नबसी, गाउँ, निगम नजिक बसी ग्रन्थ रचना गर्न थाले, ध्यानगर्न छाडि दिए । उनीहरूलाई मानिसहरूले देखी यसो भने— 'यी सत्वहरूले अरण्यायतनमा बसी ध्यानगर्न छाडिदिए, गाउँ, निगमको नजिकमा बसी ग्रन्थ लेखदछन् । अब यिनीहरू ध्यानगर्दैनन् भनी, 'अध्यायक' (अज्झायक =ध्यान नगर्ने) वा (अध्यायक = ग्रन्थको अध्याय बनाउने) भन्ने अर्थले 'अध्यायक, अध्यायक' भन्ने तेश्रो शब्द उत्पन्न भयो । हे वाशिष्ठ ! त्यसबखतमा 'अध्यायक (अज्झायक)' भन्नु हीन सम्मत थियो जो कि आजकाल श्रेष्ठ सम्मत छ ।

"हे वाशिष्ठ ! यसरी ब्राह्मणमण्डलका उहीं नै सत्व अर्थात् संवर्तकल्पमा ब्राह्मण भइसकेको पुरुषको उहीनै पुरानै नाम (शब्द) प्रादुर्भाव भयो । अर्थात् संवर्त कल्पमा भइसकेको ब्राह्मण शब्द उत्पन्न भयो । सदृशता भएकै व्यक्ति असदृशता भएको होइन । धर्मताकै कारणले अधर्मताको कारणले होइन । अतः मनुष्यलोकमा इहलोक र परलोककोनिम्ति धर्म नै श्रेष्ठ छ ।

३-वैश्यको उत्पत्ति— "हे वाशिष्ठ ! सोही सत्वहरूका बीच केही सत्वहरू मैथुन-धर्म सेवन गर्दै नाना काम (विसुकम्मे) मा लागे। मैथुन सेवन गर्दै विविध काममा लागे भन्ने कारणले 'वेस्सा = वैश्य' भन्ने शब्द उत्पन्न भयो।

"हे वाशिष्ठ ! यसरी वैश्यमण्डलका उही नै सत्व अर्थात् संवर्त कल्पमा वैश्य भइसकेको पुरुषको उही नै पुरानो नाम (शब्द) प्रादुर्भाव भयो अर्थात् संवर्तकल्पमा भइसकेको वैश्य शब्द उत्पन्न भयो। सदृशता भएकै पुरुष, असदृशता भएको होइन। धर्मताकै कारणले, अधर्मताको कारणले होइन। अतः मनुष्यलोकमा इहलोक र परलोककोनिम्ति धर्म नै श्रेष्ठ छ।

४- शूद्रको उत्पत्ति – "हे वाशिष्ठ ! सोही सत्वहरूमा बाँकी सत्वहरू रौद्राचारी, क्षुद्राचारी थिए। 'क्षुद्राचारी, क्षुद्राचारी' भन्दै शूद्र शब्द प्रादुर्भाव भयो।

"हे वाशिष्ठ ! यसरी शूद्रमण्डलका उही नै सत्व अर्थात् संवर्तकल्पमा शूद्र भइसकेको पुरुषको उही नै पुरानो नाम (शब्द) प्रादुर्भाव भयो अर्थात् संवर्तकल्पमा भइसकेको शूद्र शब्द उत्पन्न भयो। सदृशता भएकै पुरुष असदृशता भएको होइन। धर्मताकै कारणले, अधर्मताको कारणले होइन। अतः मनुष्यलोकमा इहलोक र परलोकको-निम्ति धर्म नै श्रेष्ठ छ।

श्रमणको उत्पत्ति

"हे वाशिष्ठ ! सां समय थियो जब कि क्षत्रीहरू पनि 'श्रमण हुन्छु' भनी आफ्नो कर्मलाई निन्दागर्दै प्रव्रजित भएर गए। ब्राह्मण हरू पनि...; वैश्यहरू पनि..., शूद्रहरू पनि 'श्रमण हुन्छु' भनी आफ्नो कर्मलाई निन्दा गर्दै प्रव्रजित भएर गए। यी चारमण्डलबाटै श्रमण मण्डलको प्रादुर्भाव भएको हो। उही नै संवर्तकल्पका सत्वहरू, अरू सत्वहरू होइनन्। सदृशता भएकै व्यक्ति असदृशता भएको होइन। धर्मताकै कारणले अधर्मताको कारणले होइन ! अतः मनुष्यलोकमा इहलोक र परलोककोनिम्ति धर्म नै श्रेष्ठ छ।

क्षीणास्रव अग्र हुन

"हे वाशिष्ठ! क्षत्री पनि कायद्वारा अनाचार गरी, वचनद्वारा अनाचार गरी, मनद्वारा अनाचार गरी, मिथ्यादृष्टि युक्त भई, मिथ्यादृष्टि युक्त कामगरी, मिथ्यादृष्टियुक्त कामको हेतुले देहत्यागी मृत्युपछि अपाय, दुर्गति, विनिपात, नर्कमा उत्पन्न हुनसक्छ। ब्राह्मण पनि..., वैश्य पनि..., शूद्र पनि..., श्रमण पनि कायद्वारा अनाचार गरी, वचनद्वारा अनाचार गरी, मनद्वारा अनाचार गरी, अपाय नर्कमा उत्पन्न हुन सक्छ।

"हे वाशिष्ठ! क्षत्री पनि कायद्वारा सदाचार गरी, वचनद्वारा सदाचार गरी, मनद्वारा सदाचार गरी, सम्यक्‌दृष्टियुक्त भई,

सम्यक्‌दृष्टि युक्त कामगरी, सम्यक्‌दृष्टियुक्त कामको हेतुले देहत्यागी मृत्यु-पछि सुगति, स्वर्गलोकमा उत्पन्न हुन सक्छ। ब्राह्मण पनि···, वैश्य पनि..., शूद्र पनि..., श्रमण पनि कायद्वारा सदाचार गरी, वचनद्वारा सदाचार गरी, मनद्वारा सदाचार गरी···सुगति,स्वर्गलोकमा उत्पन्न हुन सक्छ।

"हे वाशिष्ठ ! क्षत्री पनि कायद्वारा दुवै कर्मगरी, वचनद्वारा दुवै कर्मगरी, मनद्वारा दुवै कर्मगरी, मिश्रित दृष्टियुक्त भई, मिश्रित दृष्टियुक्त कामगरी, मिश्रित-दृष्टियुक्त कामको हेतुले देहत्यागी मृत्युपछि सुख-दुःख प्रतिसंवेदी हुन सक्छ। ब्राह्मण पनि···, वैश्य पनि···, शूद्र पनि···, श्रमण पनि कायद्वारा दुवै कर्मगरी,··· सुख-दुःख प्रति-संवेदी हुन छक्छ।

"हे वाशिष्ठ ! क्षत्री पनि काय संयमी भई, वचीसंयमी भई, मनसंयमी भई, सप्तबोधिपक्षिय[१] धर्मलाई भावनागरी, यसै जन्ममा परिनिर्वाण हुन सक्छ। ब्राह्मण पनि···, वैश्य पनि···, शूद्र पनि..., श्रमण पनि कायसंयमी भई,··· यसै जन्ममा परिनिर्वाण हुन सक्छ।

"हे वाशिष्ठ ! जुन भिक्षु—अरहत् क्षीणास्रव हुन्, जसले ब्रह्म-चर्यवास पूरा गरिसके. कृत-कृत्य, भार विहीन, स्व-अर्थसिद्ध, परिक्षीण

---

१ (१) स्मृति, (२) धर्मविचय, (३) वीर्य, (४) प्रश्रब्धि, (५) प्रीति, (६) समाधि र (७) उपेक्षा।

भवसंयोजन, राम्ररी जानी विमुक्त भइसकेका छन्— सोही भिक्षु उपरोक्त चारवर्णमध्ये अग्र, श्रेष्ठ मानिन्छन्; धर्मद्वारा नै अधर्मद्वारा होइन। अतः मनुष्यलोकमा इहलोक र परलोककोनिम्ति धर्म नै श्रेष्ठ छ।

"हे वाशिष्ठ ! ब्रह्मा सनत्कुमारले पनि यस्तो गाथा भनेका छन् :—

"खत्तियो सेट्ठो जनेतस्मिं ये गोत्तपटिसारिनो।
विज्जाचरणसम्पन्नो सो सेट्ठो देवमानुसे'ति॥"

अर्थ :—

"गोत्र सम्बन्धी कुरागर्ने मानिसहरूमा क्षत्री श्रेष्ठ।
विद्याचरणले जो सम्पन्न हुन्छ सोही नै देव-मनुष्यमा श्रेष्ठ छ।"

"हे वाशिष्ठ ! सनत्कुमार ब्रह्माले यो गीत (गाथा) राम्रै गाएका छन्, नराम्रो गाएका छैनन्। शुभाषित नै छ, दुर्भाषित छैन। अर्थ युक्त नै छ, अनर्थयुक्त छैन। यसलाई म पनि अनुमोदन गर्छु। म पनि यस्तै भन्छु :—

"खत्तियो सेट्ठो जनेतस्मिं ये गोत्तपटिसारिनो।
विज्जाचरण सम्पन्नो सो सेट्ठो देवमानुसे'ति॥"

भगवान्‌ले यति उपदेश दिनु भएपछि वाशिष्ठ र भारद्वाज (श्रामणेर) ले भगवान्‌को उपदेश भाषणलाई सन्तुष्टपूर्वक अभिनन्दन गरे ।

आचार्य भिक्षु अमृतानन्दद्वारा संकलित

'बुद्धकालीन ब्राह्मण' सङ्ग्रह-१

★★★

नामावली

अग्रञ्ञ सूत्र ३१२, ३१८

अङ्गीरस १४५, १९७

अङ्गीरस भगवान् १११

अङ्गुत्तर निकाय १८५

अचिरवती ३१५,३२९,३३०,३३९, ३४०,३४१

अष्टक १४४, १९७,२४०

अद्धरिय ३३१, ३३२।

अनाथपिण्डिक २२७, ३३५, २५४

अग्निक भारद्वाज ४३, ४४, ४९, ५०, ५२, ५३

अम्बष्ठ २८६, २८८, २९२, ३००, ३०२, ३०३, ३०६; को २८४

अम्बष्ठ माणव ३०७,३०८,३०९; सँग ३०९; मा २८२, २८४,२८५,२८७,२९२, २९४, ले २८३, २८९, २९०,२९४; लाई २८३, २९२, २९६

असुरिन्दक भारद्वाज ६५,७५,७६

असुरिन्दक (आयुष्मान) ७७

अहंकारी १८, २०, २२

अहिंसक भारद्वाज ४, ५

आक्रोशक भारद्वाज ६५,७०, ७१, ७३

आनन्द ३०, ३१, ११३, ११४, १२१, १२५, २२६,२५३, २५४, २५५, २७१,२८०; सँग ११४

आराम दण्ड ५४, ५६

आलार कालाम ८५, ८६

इच्छानङ्गल २८२, २८५, २८६, ३१२, ३१३, ३१४,३१९

इच्छानङ्गल वनखण्ड ३०८, ३१८

उक्कठ्ठा १३८, १४०, २८१, २८२,

२८५, ३११, ३१२; बाट ३०७, ३०८; महानगर ३१३
उज्जय ब्राह्मण ३४, ३६
उग्दत शरीरब्राह्मणले १२०, १२१, १२२, १२६
उत्तर १६५, १६७
उत्तर माणवलाई १६१
उत्तर माणवले १६३
उत्तर माणव १६२, १६३, १६६, १६७
उदय ब्राह्मण २५, २६, २८,
उद्दक रामपुत्र ८७, ८८
उरुवेलको ८९
अर्णभि ब्राह्मण ११३, ११४,११६, ११७, ११८, ११९
एसुकारी २०९, २१३, २१९,
ओक्कामुख २९१
ओक्काक राजा २९१ कहाँ २९६;
ओक्काकले २९१
ओपसाद १८५, १८६, १८७, १८८, १९४, ३१३
कच्चायन १२९
कद्दमदह ५४
कन्दरायण १२७, १२८, १२९
कपिलवस्तु २९०, २८९,
करकण्डु २९१
कलन्दक निवाप ४९, ६६, ७०, ७५, ७८
कश्यप १४५
कात्यायनले ५६
कापटिक १८६; १८७,१९५,१९६
कारणपाली १०४, १०७, १०९
कालाम ९७
काश्यप १९७
कुशीनगरका १३९
कूटागार शालामा १०४, १०६, ११०, ११८
कोशल ८१,२२० नरेश २८१ राजा १९४; की२५३; ले ३०४; का २८२
कोशल राजाबाट १८५, १८७, २८५
कोशलराज्य १३८

कौस्तुभ १४४

कौशीम्बस्थित ११३, १२०

कृष्ण ऋषि २९५,

खोमदुस्स ५८, ५९, ६०

खोमदुस्सक ब्राह्मण ५८

गन्धर्व १४१, १४२, १४३

गुन्धावन १२७

गोघातक ९४

गोठालाहरू २८

गौतम १९, २६, २८, ३४, ४५, ६०, ८२, १०७, १२२, १३०

घोषिताराम ११३, १२०

चङ्की १८५, १८६, १८७, १९५, २८२, ३१३

चङ्की ब्राह्मण १८८, १८९, १९४, २४३, ३२९, ३१२,३१९

चङ्की·वर्णन १८९

चण्डलकल्प ८१, ८२, ८३

चुल्लकम्म विभङ्ग २२३

चेतीय पर्वतमा १०४.

छत्रपाणि माणव २८४

छन्दोका ३३१

जनपदकल्याणी ३३६

जलशुद्धिक ३१, ३२

जटा भारद्वाज १, २

जानुश्रोणी ब्राह्मण २४३, २५२, २५३, २८२, ३१२,३१३, ३१९,३२९

जेतवन १, ४, ६, १४, १९, २३, २६, ३१, ४४, ११७, २०९, २२५, २२७.२३५, २५४, ३१७

तारुक्ष २८२, ३१२; ले ३१५

तारुक्ष ब्राह्मण ३१३, ३१९, ३२९, ले ३३०, ३३१

तित्तिरिय ३३१

तुदी २२०, २२५, ३१३

त्रिकर्णक ब्राह्मणले १३०, १३१, १३२

त्रैविद्य सूत्रमा ३१४

तोदेय्य २२०, २२२, २२७, २८२, ३१२

तोदेय्यपुत्र २२१, २२३, २३५

तोदेय्य ब्राह्मण ८२, ८३, २४३, ३१२, ३१९ ३२९,

दीर्घनिकाय १३९, २२६, मा १८५

देवबन १८७, १८८, १९४

द्रोण १३८, १४४, १४५, १४७, १४८, १४९, १५०, १५१

द्रोण ब्राह्मण १३८, १४१, १४३; को १३९

द्रोण ब्राह्मणले १४०, १४१, १४५, १५३, १५४

धनपति ब्राह्मण ८, ९, १०, ११, १२, १३

धानञ्जानी ६१, ६२, ६३, ६४, ६६, ८१, ८३.

नलकार २४९

नवकर्मिक भारद्वाज १५८, १५९, १६०

निघण्टू १६४, १६५, १९५

नेरञ्जरा नदीमा ८९

पञ्चभद्रवर्गीय ९८

पाषाण चैत्यमा १०३

पिङ्गियानी ब्राह्मण १०३, १०४, १०६, १०७, १०९, ११०, १११

पुष्करसाती १९४, २४१, २८१, २८२, २८३, २८६, २८७, ३०३, ३०४, ३०१, ३११, ३१२, ३१३ ३१५

पुष्करसातीद्वारा १९०, २४१, २४२, २४३, २४४, २५५

पुष्करसाती ब्राह्मण २२९, ३०७, ३०८, ३०९, ३१०, ले ३३०, ३३१

पुष्करसाती ब्राह्मणको २८९

प्रसेनजित् कोशल ३५२

प्रसेनजितद्वारा १९०

पूर्वाराम ३१७, ३४७

बह्वरिज्झ ३३२

ब्रह्मायु १७९, १८०, १८२, १८३

बावारीय १०३
बिम्बिसार १९३
बुद्धघोषले १४०, २८२
ब्रह्मायु ब्राह्मणले १७६, १७८,
ब्रह्मायु ब्राह्मण १६१, १६२,१६३, १६४, १७४, १७५,१७६, १७७, १८१, १८२
भारद्वाज श्रामणेर ३४८
भारद्वाज ३, ४३, ४५, ६१, ६३, ६४, ६५, ६६, ६७, ७०, ३१२, ३१९, ३४७, ३५६
भारद्वाज माणवले ३१३, ३१५, ३३०, ३३१ ३१९, मा ३१६,
भिक्षुक २३
भृगु १४५, १९७
भृगुहरूले २४०
मखादेव १७४, १७५
मज्झिम निकाय १८५, ३१२
मनसाकट ३१२, ३१४, ३२९, ३४४
मथुरा १२७
महाकात्यायन ५४, १२७, १२८, १२९
महाशाक वनखण्ड २९१
मातङ्ग ४८
मातृपोषक ब्राह्मण ६, ७
मिथिला १६१, १६२,१६३,१६४, १६७, १७४
मानत्थद्ध ब्राह्मण १९
महासम्मत ३६२
यमदग्नि १४४, १९७
राजगृहस्थित ४९, ६६, ७०, ७५, ७८
रामपुत्र ८७
लिच्छवीहरू ११०, १११
लोकायतिक ब्राह्मण १५५, १५७.
वरण ५४

वशिष्ठ १४५, १९७

वाशिष्ठ ३१२, ३१५, ३१६, ३१९, ३२९, ३३२, ३३३, ३३४, ३३५, ३३६, ३३७, ३३८, ३३९, ३४१, ३४२, ३४३, ३४४, ३४५, ३४६ ३४७, ३५१, ३५२, ३५३, ३५८, ३६०, ३६१, ३६३, ३६४

वाशिष्ठ माणव २८४, ३१९; ले ३१३, ३१४, ३१५, ३३०, ३३१; मा ३१६

वाशिष्ठ र भारद्वाज ३१३, ३२८, ३३०

श्रामणेर ३४७, ३६८

वाशिष्ठ श्रामणेर ३४८

वाशिष्ठ सूत्रमा ३१४

वामक १४४, १९७

वामदेव १४४, १९७

विदेहमा १६५

विदेहराज्यमा १७४

विलिङ्गिक भारद्वाज ६५, ७८, ७९

विश्वामित्र १४४, १९७

वैशाली १०६

वृन्दावन १२७

सुत्तनिपात ३१२

शूभ सूत्रमा २२४, २२६

शुभ माणव २२०, २२१, २२२, २२३, २२४, २२५, २२६ २२७, २३४, २३५, २३६, २४१

सनत्कुमार २९९, ३६७

सङ्गारव नामक ब्राह्मण ३१

सङ्गारव माणव ३०, ३३, ६५, ८१,

सनत् ८२, १००, १०१

सनत्कुमार ब्रह्माले ३००, ३६७

सनत्कुमारले २९९

सुत्तनिपात १८५, ३१२

सेतव्य १३८, १४०

सेनानी गाउँमा ८९

सोपाक ४८

श्रावस्ती १, ६, १४, १८, १९, ३१, ५६, ३१३

श्रावस्तीमा ३४, ११३, १३८, २२०, २२३, २२५, २३५, २५४

सिनिसूर २९१

शुभग २८१

शुभगवनिक २४१, २५१

शुभ माणव २४९, २५२, २५४, २५५, २८४

हत्थिनिक २९१

शब्दावली

अ

अऋतुमती १४८, १५०, १५१, कहाँ १४९

अकलंकित १४४

अकम्प्य ३२७

अकिञ्चन ३२४

अकुशल २३३, ३५०, ३६२; मय ३५९, ३६८

अकुशलबाट ९८, १२२

अकृत्यकारी २१३, २१४

अर्कोजन्म १३५

अङ्गप्रत्यङ्ग २६२, २७३, २७४

अङ्ग ुत्तर १३९

अङ्गुत्तर अर्थकथानुसार १३८

अक्रोधी २३०

अग्र ३६७; रस ३५५

अग्रगण्य १७६, २८२, ३५१

अग्रजल २४६

अग्रपिण्ड २४६, २४७

अग्रासन २४६

अचम्म १८१, २२२

अचलसम्पत्ति २८१

अर्चिमान् २१८, २४५

अँजुली ९५, ९६

अठचालीस १४५, १४६, १४८, १४९, १५०, १५१

अडकिएका १७२

अणिल २१७

अतर्कावचर २०१

अन्त बुझ्न ११८

अन्तरधान २७४, ३५४, ३५५, ३५६, ३५९, ३६०

अन्तरीक्षचारी ३५९

अत्रस्त १७१

अतिमानी २३२

अन्तिमदेहधारी १३६

अतिथीहरू १९४

अतिसुन्दर १९०, १९२

अतीत ९७

अत्यधिक ९५

अर्थकथामा १४०

अर्थयुक्त ३६७

अर्थवादी २५८

अर्थचारी ३०८

अर्थ सहित २४३, २४४

अर्थोपपरीक्षण २०५
अदाता २३१
अदिन्नादान ४०, ३६१, ३६२
अदिन्नादायी २१२
अद्वेषचित्त २४८, २४९, २५३
अद्वेषी १४६, २१६
अर्ध महिना ३५४
अधर्मतापूर्वक १४५, १४७, १४९, १५०, १५१
अधर्म ३५८; द्वारा ३५१
अन्धकार १३३, १३४, १३५, १३६, ३५३
अन्धकारमा १०२, १८२
अन्धवेणु १९७, १९८
अन्धा २४२
अधिदेवता १०१
अधिपति १८५, ३६२
अधिवचन ३५३
अधोगामिनी १८३
अधोविरेचन २६१
अध्ययन १४८, १४९, १६१,२४९, ३१३, ३१४
अध्यापक १३१, १४४, २८५,३६३
अध्यापन ३१३
अध्यारोमा ४९, १०९, १२६, १२९, १५२, २०७
अन्न सम्पत्ति २१४
अनतिमानी २३२
अन्यमन्य ११७
अनागत १३८, १३९
अनागत कालमा ९७
अनागामी १०३, ११३, १६३
अनाचार ३६५
अनार्य ३५०
अनासक्त ३२७
अनित्य २२५
अनित्यस्वभाव २७२
अनिर्ष्यालु २३१
अग्निआदान १२१, १२२, १२३
अग्निबाट ३७
अग्निलाई १२३
अग्निरस १४४
अग्निसूत्र ४३
अग्निशाल २०२
अग्निहोत्री ४३
अनुकम्पा २४७
अनुकरण ३५८, ३५९
अनुकूल ३६
अनुकूल दानलाई ३५
अनुगायन १४५, २४०
अनुत्तर ३०० चित्त २७६
अनुमत ३५, ३५१

अनुमति २१०, २११, २१५
अनुस्मरण ९९, १३३,२१५,२७७, २९०, ३५८
अनुमार्जन ९७
अनुमोदन १७४, ३००, ३६७
अनुभाषण १४५, १९७
अनुरक्षा ३७, १९९, २००
अनुव्यञ्जनग्राही २६२, २६३
अनुवाचन १४५
अनुशासन गर्नुहोस् १२२
अनुश्रव १९८, २००
अनुज्ञा २१०, २११, २१४, २१५
अल्पफल २३७, २३८
अल्पभोगी २२७, २३१
अल्परोगी २२७
अल्पशक्ति २२७, २३१, २३४
अपण्डित २९२
अपवाद १३४, १९०
अपरिशुद्ध २९७
अपराध २८९, ३०४
अपरिग्राही ३४१, ३४२, ३४६
अपवित्र ६४
अप्रमाण १४६, १९४
अप्रमाण उपेक्षाचित्त २५१
अप्रमाण चित्त १४६
अप्रमाण मैत्रीचित्त २५०, २५१
अप्रमाणिकतामा ३३३, ३३५
अप्रमत्त १००
अप्रमाणिक ३३७, ३३८
अप्रमादी ४१, १०६, १३३
अप्रसन्नता २३०
अप्रसाद १७३
अप्रहीण १४२
अपाय ३८, २२८, २२९, २३०, २३१, २३३, २७८, ३६५
अपायलाई १३६
अपायगामी ४९
अल्पायु २२७, २२९, २३३
अल्पाहारताको ९६
अप्राणक ९३; ध्यानँ ९३, ९४
अपुण्य १२२, १२३, ३५०,
अब उप्रान्त १००
अबल छु १०४
अबहिष्कृत १४५
अब्रह्मचर्य २५८
अ-ब्राह्मणकारक धर्म ३३९
अ-ब्राह्मण ३२८
अबुद्धिवान २३३, २७७
अबुद्धिवानतामा २३४
अब्यापद्य ३४२, चित्त २४६
अब्यापाद ३४३

अभिध्या २६५
अभिनन्दन ३६८
अभिनील १७०
अभिभार २२६, २३७, ३३८, २३९
अभिरमण १५९
अभिमान ३५५, ३५६
अभिरूप १९०
अभिवादन १२८, १४४, १६७, १७५, १८३, १८४, २३२, ३५२
अभिसम्पराय १८३
अभिसंस्कार १७८
अभिषेक २९८
अभिज्ञान ८४, ८५, ८६, ८७, ८८, २४०, २४६; द्वारा १३६
अद्भुत १८१
अद्भुतधर्म १०८
अभ्यवकाश ८४
अमहत्चित्त २७६
अमानुषी १३३, १३४
अमुक १३३
अमूलक १९८
अमृत ३२६
अरहत् २, ३, ५, २१, २७, ३५, ४८, ५३, ५५, ६६, ६७, ७२, ७४, ८०, १६२, १६४, १६५, १६६, १७४, १७५, १८०, १८८, १८९, १९३, २५६, २८५, २८६, ३१९, ३३०, ३५१, ३४५, ३६६.
अरहन्त २, ३, ५, २७, ३५, ५३, ६९, ८०
अरण्यायतनमा ३६२, ३६३
अरणिद्वारा २१७, २१८
अरिसाहा २३०
अल्छी ९३
अलौकिक २७८
अलंआर्यज्ञान ९७
अलंकृत ६३
अवकाश १७६
अवबोध ९८, १८२, २८०
अववाद १२२
अवशवर्ती २४२, ३४३
अवश्य ३४६
अवहेलना ३५५, ३५६
अवज्ञा २१३, २१४
अविद्या ९९, १००, १३३, १३४, १३५
अविद्यास्रव १००, बाट १३५, २७९, २८०
अविमुक्तचित्त २७६

अविक्षिप्त १७३
अवैरचित्त ३४२, ३४३, ३४६
अवैरी १४६, २१६
अव्यापद्यचित्त २५१
असन्तुष्ट २४७, २८८, २४१
असन्तोष १६३
असद्धर्म ३५८
असफल २३७, २३८
असर्फी २२२
असम्भव ३४१
असभ्य ७०
असुचि १४८, १४९, १५१
असेवनीय ३५०
असेवन १२३, १२४, १२५, २३३
असंक्लिष्ट ३४२, चित्त ३४६
असंयमी २६३
अशिक्षित २८८
अश्वमेध ३५
अश्वरत्न १६६
अज्ञानताले ३२७
अज्ञानीलाई ३२१
अहित ४७
अह्लाए १७५
अक्षधूर्त ३८, ३९
अक्षरप्रभेद १४४

आ

आकार परिबितर्क १९८
आकाश २५७ चारी ३५३
आकाशमा १११, २९४
आकांक्षा १८६
आकिञ्चन्यायतन ८७
आकिञ्चन्यायतनसम्म ८५, ८७
आँखा १०३, १०४, १९५, १९६, २६१, २७८, २७९
आँखाका ताराहरू ९६
आँगनमा २८७
आगो ९०, ९१, २१५, २१७, २१८ २४५; द्वारा ४३
आचमनकर्म २६०
आश्चर्य १३८, १८१, २७१
आचरण १६२, २०१, २०३
आचार्य ८६, १९०, १९२ २८७, ३०२, ३०३ ३०६, ३३३
आचार्य-दक्षिणा १४५, १४७, १४९, १५०, १५१
आचार्यप्राचार्य ३३२, ३३५, ३४१
आचार्यलाई १४६, १४९
आच्छादित १७८
आजीवनसम्म १०९, १२६, १५२, १५७, १६०, १८२, १९४, २१९, २८०, ३११, ३२९, ३४७

आठगुण ४१, ४२
आठ भाग १३९, १४०, १५४
आदिकल्याण १६४
आदिब्रह्मचर्य ८३, ८४
आनुपूर्विकथा ३१०
आनुश्रविक ८३
आवर्त्ति २३९
आभास्वर ३५३
आभूषण ३०५
आत्मभावमा ८३, ८४
आमन्त्रण ३४८
आम्रवनमा ८२,१७५,३२९,३३०,
आमा ४६, ८४, २१५, २७२
आमा बाबुको १९१
आमाबाट २९७
आमा बाबुबाट १४४
आय ३८, ३९ आर्य ३५१
आर्यप्रज्ञास्कन्ध २५६, २७२,२८०,
आर्यविनयमा ३४०, ३४१
आर्यविनयको १३१, १३२, १३६,
आर्य शीलस्कन्ध २५६
आर्यशील १९२
आर्यस्मृति-सम्प्रजन्य २६४
आर्य समाधिस्कन्ध २७१
आर्यहरूको १३४
आर्यज्ञान २४१, २७१
आयाचना ३३४
आयु १३३
आयुष्मान् ५३, ५४, ६८, ६९,
७४, ७७, ८०, ८५, ११३,
११४, १२७, १२८, २२५,
२५४, २५५, ३१७
आरब्ध ९२, ९४
आरक्षसम्पदा ३६, ३७
आराधना २३९, २४७
आराधक २१६, २१७, २१९,
२३६
आरोप ३५०
आलस्य १३३, १३४, १३५
आलोक ९९, १००, १३३
आवश्यकता २३६, २३७, २३८
आवरण ३४१
आवाज ९३, १७३
आसनद्वारा १२७
आसनबाट १२७, १२८
आसक्ति ३२७
आस्रव १००, १३४, १३५, १४२,
१४३, ३१९; क्षय १००
आस्रव क्षय-ज्ञानमा १३४
आशा १७२
आश्वासन ९७
आहवनीय-अग्नि १२५

आहार ९५, ९८, ९९, १७२
आव्हान ३३९
आक्षेप ३०५
आज्ञा-पत्र २१०, २११, २१५

इ

इच्छा १०८, ११५, १७६, १८६, २११
इष्ट ३४०
इतिहास ८२, ११७, १३१, १३८, १४४
इन्द्रिय २६२, २७३
इन्द्रिय संयम २६३
इभ्य २८८, २८९, २९०
इषिका २७३
इहलोक ३५१, ३५२, ३६२, ३६३, ३६४, ३६५, ३६७
को १७९
ईर्यापथ १६७, १७०
ईसान ३३९
ईर्ष्या २३१ लु २३०, २३१

उ

उत्कृष्ट ९७
उद्गारवाक्य १७४
उच्च १०१, १९२, २२७
उच्चकुलीन २१२, २२७, २३२
उच-नीच १३६, २२३
उच्चनीच २२३, तामा २२८, २३४
उच्चवर्ण २१३
उचाइ १६९
उचाल्नु १७०
उच्चासन २५९
उचित १८९, १९०, १९१, १९२, १९४
उँटको ९६
उडाउँछ १७३
उष्णीष १७०
उत्तम ३२८
उत्तरासङ्ग ५६, १०९, ११०, १११, १२९, १७४, १८१, २५३
उत्तरीय मनुष्यधर्म ९७, २४१, २४२, २४४, २४५
उत्थान सम्पदा ३६, ३७
उदान १७४
उदुम्बर ३८
उद्यान १३९
उद्धच्च २६५
उद्धच्च कुक्कुच्च २४४, ३४१
उर्द्ध विरेचन कर्म २६१
उद्धार ३४५
उर्ध्वाग्र १६९

उपक्रम ९७
उपकार २०७
उत्पत्ति २७८
उत्पन्न ९९, १३३, १३४, ३४५, ३६६
उत्पल २७०
उपदेश १११, ११२, १३०, १७२, १७३, ३३६, ३३८, ३४४, ३४५
उपमा ९०, ९१, ९२
उपमाहरू ८९
उपशम ९९
उपशंका २२४, २८४
उपशान्त ८७, ११६
उपसम्पदा ३, ५२, ७३, ७७, ३१८, ३४७
उपहास ८०, १३०, १९१, २२१, २२३,३४८, ३४९
उपादान १५६, १५७
उपासक १७, २२, २९, ३३, ४९, ५७, ६०, ६५, ११६, १२६, १२९, १३७, १५२, १५७, १६०, १६३, १८२, १९८, २०६, २०८, २१९, २२५, २३५, २५२, २८०, ३११, ३२९, ३४७
उपासना २०२
उपेक्षा १३२, १५६, २५१
उपेक्षासहगत ३४५
उपेक्षासहगत चित्त १४६
उपेक्षावान १३२
उपेक्षी २६९
उभयार्थ ४१, ७३
उमेर पुगिसकेपछि १४४
उल्लंघन १५०
उत्साह २०३, २०४
उत्साहित १७२

ए

एकछेउमा १४३
एकजन्म १३३, २७७
एकछन्द १५४
एकदिशा २५०, २५१, ३४५
एकदम ११९, १२०
एकमत १५४
एकलाख जन्म २७७
एकाग्र ९९, गरी १३२
एकान्तवास १३२
एकांश १२९ वादी २३६, २३७

ओ औ

ओठ ८५, ८७
औपपातिक १८३

औरस ३४९ पुत्र ३५२
औषधी २२६, २५५, २६१
औंलाद्वारा ३५४
औंलाले ३५९
औंलाहरू ३६८

ऋ

ऋजु ३३०
ऋण ४६
ऋतु ३५३, ३५४, ३५९
ऋतुमती १४८, १४९, १५०, ३४९
ऋद्धि १७८, २७४, २७५
ऋद्धिपाद ११४
ऋद्धिवान २४५
ऋषभ १२२, १२३ हरू १२१, १२६
ऋषि ४८, २९५, ३०५, ३०६
ऋषिहरू १४४, १५२, ३०५

क

कर्कशपन ३५५
स्कन्ध १६९
कर्जाबाट २६७
कञ्जुसी २२०
कटु ९२,९७
कटुबोलिबाट ३५०
कठोरबोली ३२५,३५०
कतिसम्ममा ८७
कतिसम्मले २०१,२०३
कर्णतेल २६१
कन्दरा २६४
कल्पको ३५५
कम्पित १७७
कमण्डलु ३०२,३०३
कमल १११
कम्प्रर १६८
कर्म ३२८
कर्मण्य ९९,१३३ चित्त २७२,२७९
कर्मवादो १९२
कर्मक्षेत्र २३६,२३७,२३८,२३९, २४७
कर्मानुसार ९९,१३४
कर्सँले ४८
करङ्हरू ९६
करुणा सहगत ३४५
करुणा २५१
करुणासहगत-चित्त १४६
करुणापूर्वक २८३
करोडपति २२०
करौंतीको ३२५
कलङ्क ३१३

कलङ्कित १४४
कलम्बु ३५६
कलाय ९६
कल्याण १८८
कल्याणकर १७५,२२४,२८५,२८६
कल्याणकर हो १६५
कल्याणभाषी २९३,२९२
कल्याणमित्रता ३६,३७,३९
कल्याणवाची १९२
कल्याणसहायक ३९
कल्याणवस्त्र ८४,१४६,१४८
कवल ३५४
कसाइनी १४७,१५०
कषायवस्त्र २५७
काखबाट ९२
काठ ९१
काठ कटानी १५८
काठलाई ९०
काष्ठाग्नि २१५ लाई १२५
काटी ६८
काँढा १५९
काँध १६९
कान थाप्न २०२
कान थाप्नु २०६
कामच्छन्द २४४,३४१
कामबन्धनमा १४५
कामरागबाट १४८
कामवासनाको दोषता १८१
कामविषयलाई ९१,९२
कामवितर्कबाट ९९
कामविषयको ९०,९१,९२
कामविषयमा ९०,९१
कामविषयबाट ९८,२६७,२६८
कामविषयलाई ३२९
कामच्छन्द हो ९०
कामदार १२५
कामद्वारा १५१
कामनाबाट १३२
कामस्नेह हो ९२
कामपरिडाहहो ९२
काममिथ्याचारी २१२
काममूर्छा हो ९०
काममिथ्याचारबाट ३५०
काम-पिपासा हो ९२
काममिथ्याचार ३५०
कामलोक १५६
कामवासनामा ३२४
कामविज्ञेय ३४० स्पर्श २४५
कामास्रव १००
कामास्रवबाट १३५,२७९,२८०
कामूपसंहित ३४०
काय १२४,१२५,१५६,१६९

कायदुराचार १२४,१२५
कायदुश्चरित्र १३४
कायले ९२
काय-शस्त्र १२२,१२३
कायेन्द्रिय ११७,१६३
कारुणिक १८६
कालवादी २५८
कालो ९७
कालोकेश १२८
किंकुशल गवेशी ८५,८७
क्रियावादी १९२
कीटपतङ्ग ३२१
कीर्ति १६१,१६५,१६७,१८८
कीर्ति-शब्द १६४,१९३,३१९
कुक्कुच्च २६५
कुर्कुच्चा १६८
कुकुर २२०,२२१,२२२ लाई १६
कुकुरले १५
कुखुरा ३४,२५९
कुटपिट ४६
कुष्टरोग २८३
कुभलो १७३,१९२,२११
कुमार-ब्रह्मचय १४५,१४६,१४८,
१४९
कुमार्ग ३४३
कुरुवा १४०
कुलघरमा ३११
कुलत्थ ९६
कुलपुत्र २९३
कुलबाट १९२
कुलवंशहरू २१५
कुलीन १९५
कुवामा ९६
कुशल १७९,२३९ धर्म ३५०,३५१
कुशलूपसंहित २४८
कुशलवार्ता ३४,३६
कुशीनगरका १५२,१५३
कृडाको लागि १४८,१७२
कृष्ण २८८,२९१,२९२,३०३,३४९,
३५०
कृष्णायण २९० को २९२,२९४,
वंश २९०,२९४
कृतकृत्य ३५१,३६६
कृषक ३२३,३२८
कृषी २१४
कृषीकर्मद्वारा १४७,१५१
कृषीकर्मले ३७
कृषीकर्मक्षेत्र २३७
केटुभ ८२
केवली १८०
केश १९१
केही नदिई ४७

कँचीले २६१
कोप २३०
कोदालो ३०२, ३०३
कोशल राज्यको १५८
कौस्तुभ ८२, १३१
क्रयबाट १५०
क्रयविक्रयबाट २५९
क्रोध ७२, २३०
क्रोधी ४५
कंजुस ४७, २२०

ख

खजाञ्चीहरू १८५
खराउ २२२
खरानीमा २२१
खरो ९२, ९७
खाद्य-भोज्य १८२, ३०८, ३१०
खवाउन चाँहदैन ४७
ख्यातिप्राप्त १७६
खुकुलो १७३
खुट्टा ९४, १७३
खुवाइ १६२
खेत २५९
खोक्रा २४१
खोलिदिन्छु ३९

ग

गति १८३
गर्धन १६९
गन्धर्व ३२७
गन्ध सम्पन्न ३५९
गनिन्छ १२८
गर्नु होस १२२
गर्भधारण १९१
गर्भिणी १४७, १४९, १५०,३४९
गम्भीर १७३, २०१, २०२
गवेषण ८५
ग्रन्थ ३६३
ग्रहण ९९, २२५
गाई ३४, ३६, २५९
गाईलाई १६
गाउँ २२०
गाउँमा १८७, १८८, १९०
गाजल २६१
गाथा ४, ३६७
गालामा १७७
गाली ४७, ८२,
गाँस १७२
गीत १४४, १९७
गुइँठा २१५
गुणगान ६२, १०७, १६७
गुप्तेन्द्रिय १४१
गुह्यपुरुषेन्द्रिय १६०, १७७
गुह्येन्द्रिय १६६

गेय्य १०८
गोचर ११७
गोत्रका १५८
गोत्रवाद ३००, ३०१,
बन्धन ३०१
गोबर ३५७
गोमयाग्नि २१५
गोरक्षाले ३७
गोलाइ १४१
गोलीगाँठा १६८, १७०, १७१
गौतम १५२, १५७, १५९, १६०, १६४, १६५, १६७, १७०, १७४, १७५, १७६, १८८, १९०, १९१, १९२, १९३, १९४, १९७, २१०, २१३, २१४, २१८, २२७, २३४, २३६, २३९, २४९, २५५, २७२, २८५, २८६, २८७, २८८, २८९, २९३, २९७, २९८, ३०१, ३०३, ३०५, ३१९, ३३०, ३३१, ३३२, ३३३, ३३५, ३३७, ३३८, ३४१, ३४२, ३४३, ३४४, ३४६, ३४७, ३५२
गौपालक २१३, २१४
गौपालनद्वारा १५१
गौरव २३०, २३१
गौरवपूर्वक १२४
गृहर्पति २०१, २२४ २५६,
गृहप्रतिष्ठान २६०
गृष्म-ऋतु ३१५
गृहपतिहरू ५४, १८८, १८९
गृहपति-अग्नि १२५
गृहपति-पुत्र २०१, २५६
गृहपति-रत्न १६६
गृहस्थ २३६
गृहस्थी २२३, २३६ कहाँ २४७

घ

घटिका १०८
घर ३२; मा १७४, २३५
घरबार ८४, १४६, १४८, १५०, १६६, १९२, २१५, २१६, २१९, ३४८, ३५२
घर्षणद्वारा ४३
घाँस २१४
घ्राण १६६
घ्राणविज्ञेय ३४०
घ्राणविज्ञेय गन्ध २४४
घ्राणेन्द्रिय ११७, २६३
घुँडा १६८, १७०

घूस २६०
घृणा ९८
घोडा १८५ मा ३०४
घोडालाई १६
घोडी २५९, को रथमा २८३
घोप्टो परेर ९७
घोप्टेकोलाई १०९
घोष १७३
घोषणा २८४

च

चक्रचिन्ह १६८
चक्ररत्न १६६
चङ्‌क्रमण २८७,३०६,३४८
चक्रवर्ती १६२,१६६
चक्राङ्कित १३८,१४१
चङ्की-वर्णन १८९
चण्डाल १५१
चतुर्थध्यान ९९,१३२,१४८,२७०,
२७१
चतुर्थ दिशा २५०
चतुरार्यसत्य १४
चन्दनको काठबाट २१७
चन्द्रमा २४२,३२६ चन्द्रमण्डलमा
२८२
चन्द्र-सूर्य ३३४,३३५,३५३,३५४,
३५९
चरणमा १२९
चरण ३०१
चराचुरुङ्गी ३२२
चमत्कार २८१
चक्षु १५६
चक्षुरिन्द्रिय ११७,२६२,२६३
चक्षुले १३४
चक्षुविज्ञेय ३४०
चक्षुविज्ञेयरूप २४४
चाकरीद्वारा १५१
चाण्डालनी १५०
चाँडैनै ८५,८७,८८
चाँदी २५९,२६०
चामल ३०८,३५७,३५८,३५९,
३६०,३६१
चारजन्म १३३
चारदिशा १०६
चारमाना १४०
चार वर्ण २९०,३५० बाट ३५१
चारिकार्थ १८३
चारैवर्ण ३५१
च्यापी १७२
चिकित्सा ७६
चित्त ११५,११६,१२२,१३६
चारपरिचर्या २०९
चितरंस १६९

चित्त समाधि ११४
चित्त विशुद्धि १८०
चिन्ता २२३
चिराक ३०८
चीवर वस्त्र १७३,१८३,२५५
चीवरहरू २२५
चीसो ९०,९१
चुकली २५८,३५० बाट ३५०
चुपचाप १७५
च्युत ९९,१३३,३५३
च्युत भएका १३४
च्युति २७८
चूपीले ९४
चौंडाइ १६९
चोर ४८,३२३
चोरमाथि चकार १४०
चोरी गर्ने ३५०
चोरी ४६,३६० बाट ३५०,३५१
चौरकर्मबाट २५७
चौपायाहरू ३२२
चौबाटोमा ३३७,३०२

छ

छर्कर १७१
छन्द ११४,११६,२०३,२०४
छन्दलाई ११४
छन्दले नै छन्दको प्रहाण ११५
छलफल ३७,३८
छली ४७
छवि १६८
छाडी २२९
छाडी दिनेछु १२६
छाप्रोमा २६४
छायामा ९८
छाला ९६,९७
छ्याकन २१५
छुरा २६१
छेदन २६०
छोरा २२०

ज

जङ्गल १५८,१५९,२६४,३०२
जटाधारी १०३
जस्तै १४५,१५२
जस्तो ८६,८९,९०,९१,९३,९४,
९६,१४२,१४३,१८६,१८७,
२११,२१४,२१५,२३८,
२३९,२४१,२४३,२४६,
२४९,२५१,२६०,२६१,
२६४,२६५,२६६,२६७,
२६८,२६९,२७०,२७१,
२७३,२७४,२७५,२७७,
२७८,२७९,२९४,३०५,
३०६,३१०,३३४,३३६,

३३७,३३९,३४०,३४१,
३४४
जनाकीर्ण १८५,१८७
जम्बुद्विपका १३९ मा २८२
जन्म १५७,२२३ सिद्ध २८२
जन्मले ३२८
जमात १८८
जमिनमा ९१
जरा १५६,१५७
जरै समेत १४२
जलतर्पण १४७,१४९,१५०,१५१
जलाशय २६९,२८०
जवर्जस्ती ४६
ज्वलन्त २८३
जलन ३५७
जलमय ३५३
जसको १३६
जसरी १८२,२७६
जसले १३६
जहाँ १४१
जाति १०६,१५६,१५७
गोत्र २८३ वाद ३००,३०१
जातिले ब्राह्मण ४९
जातिवाद-बन्धन ३०१
जाति मरण १८०,१९०
जातिर्मय लिङ्ग ३२१,३२२
जातिवादले १४४
जातिशुद्धि २८२
जातिवादबाट १३१,१४५१४६,१४८
जातिक्षय १८०,५१
जात्यन्ध २४२
जात्याभिमान १३९,२८३
जान्दछु ८८
जाँदा १४१
जानी ८५
जिघच्छा १७२
जिभ्रो १६६,१६७,१६९,१७०,
१७७,१७८
जिह्वा १५६
जिह्वेन्द्रिय १७७,१७८,२६३
जिह्वा विज्ञेय रस २४४
जिज्ञासा १२०,२२३
जीव २५९
जीवन १७२
जीवनदान १२६
जीवन यापन ९५
जीविका १५१,३८,२६१
जुन १४३
जनधर्म ८६,८८
जेठा १२८,१४४
जेठापाका १२७
जेठो १७६

जेतवन १५५
जेलबाट २६७
जेलमा २६६
जोर्नी जोर्नी ९६
ज्वाला २१८
ज्योतिर्मय २७०,२७१, चित्त २७२, २७९

झ

झगडा ७१,१३९,१५३
झण्डै १३९
झाडा पिसाप ९७
झार-पात १५९
झुकाउँछ १३३
झुकाउनु १७०,१७१
झूठो ९५

ट, ठ, ड, ढ

टाउको दुख्न थाल्यो ९४
टाढा १७०,१७२
टाँसिएको ९७
टुक्रा १७२
ठक्कर १७०
ठाउँमा १३३,१७६
ठाडो १७१,२३२
ठूलो २१२,२३८ अभिभार २४७
डाडु २२०
डाहा ९४
डमरू शब्द २७५
डुपकी २७४
डोरी ९६
डोरीले ९४
डँकैती ४६
डाँकामार्ने २६०
डुम्री ३८
ढक २६०
ढीलो १७३
ढुंग्रो ९३
ढोका २८७ मा ३०६

त

तर्कवितर्क १९५
तण्डुलफल ३५७,३६०
तथ्य १९९
तथागत ११२,२५६,३०१ को ३४५ सँग १२१
तन्नेरी १९१
तपस्वी २४७,२४८
तपश्चर्या १००,१०१
तम १००
तरकारी ३०५
तरवार २७३ ले ६३
तराजु ३८,२६०
तरुण १८६
तरुणभूमि १२८,१२९

तल १०८,१७७
तलाउ ३३ को ३९
ताराहरू ९६
तारुक्ष ब्राह्मण २४३
तालुमा २९
तालवृक्ष छेदन ॐ १४२
तिघ्रा १७०
तिक्त कलावु ९६
तिरश्चीन २६०,२६१
तीर्खा १०९
तीर्थ ३३
तीन जन्म १३३
तीन धर्मस्कन्ध २५६
तीन भाग २२६
तीन वेद १३८,१४४,१६५
तीनै वेदमा २८५
तीन शय १९०
तीरमा ३३९
तीरले ९४
तीव्र ९०,९२,९७
त्वचा १६८
त्यत्तिले ८७
त्यस्तै ८६,९०,९१,९२,१४२,१४३
१४४,१८२,१९८,२०७,
२११,२१२,२१५,२१७,
२१९,२३८,२३९,२४२,
२४८,२५०,२५१,२६१,
२६४,२६७,२६८,२६९,
२७०,३३९,३४४
त्यसमध्ये ८४
त्याग २१३,२३९
त्यागी ५२,२२३
त्याग सम्पदा ३९,४०
त्याग सम्पन्न३७
त्रिणाग्गि २१५
त्रिपिटक १८६
त्रिविद्या १३०,१३२,१३६ बारे १३०
त्रिवेद १६१,१६४
तुच्छ १०१,१९९,२०३,२०४,२४१
तुम्ब १४०,१५४
तुलाधर ३८
स्त्रो १४८,१४९,१५०,१५१,१९४,
२२८,२२९,२३०,२३१,२३३,
२५९,२७६ लिङ्ग ३५७
स्त्री खोजी गर्छ १४७
स्त्री धूर्त ३८,३९
स्त्री-पुरुष ३५४
स्त्रीरत्न १६६
त्रुटी १६२,१६३
त्रैविद्य ५१,८२,८३,१३०,१३१,
१३६,१८०,२८६,३०४,
३०८,३१२,३१६,३३२,

३२४,३३५,३३६,३३७,
३३८,३४०,३४१,३४२,
३४३
स्तूप १४०,१५४
तूण्णि १७४
तृण-वृक्ष ३२१
तृण्ण-काष्ठ २४५
तृतीय ध्यान ९९.१३२,२६९,२७०
तृतीय दिशा २५०
तृतीय विद्या १००,१३५
तृतीय शब्द ३६३
तृष्णा ११४,१५६,१५७,३५४
तेलको बत्ती १२६
तेश्रो ९२ शब्द ३६३
स्तोत्र १११
त्यो धर्म ८८

थ

थर थर कामी १७१
थकाइ १०९
थकावट १०९
थीनमिद्ध २४४,२६५,३४१
थुप्रिन्थ्यो ९३
स्थविरकै १२९
स्थूणमा १२१
थोरै २३६

द

दण्ड १८५ ले २२९ त्यागी ३२५
दण्डरहित २२९,२५७,३२५
दण्डाले ३६१
दन्त १६९
दन्त-धातु १४०
दयालु २२९,२५७,३५०
दरिद्री २११,२१४
दरो १७१
दाउरा २१४
दलिन ९६
दशजन्म १३३,२७१
दर्शनार्थ १८९,१९०,१९१,१९२,
१९४,२८७
दर्शनीय १४१,१९२,३६१
दक्षिणा १४६,१४९,१५०,१५१,
२६९
दक्षिणेय अग्नि १२५
दाग १५१
दाँत ९२
दाता २३१
दाँतहरू १६९
दानकथा १८२,३१०
दायाद १२८,२३४
दाल ९८
दास १२५,२५६,२६६ त्वबाट २६७

दासी २५९ पुत्र २९१,२९२,२९५
२९६
दाँहिने १४०
दिउसो १८५
दिन ३५४
दिवा शंय्या १८८
दिव्यओज ९२
दिव्यचक्षु ९९,२७९ द्वारा २७८
दिव्यश्रोत २७५
दिव्य विशुद्ध १३३,१३४
दिशा २९१
दीर्घकालसम्म २०१,१२२,२२६,
२३३,२५५,३११,३५३,३५९
दीर्घायु २२७
दीर्घायुतामा २३३
दीन-हीन ११२
दुइजन्म १३३,२७७
दुःख ९२,९७
दुःखस्कन्ध १५७
दुःखद २२६
दुःखदायी १२३
दुःखविपाकी १२३
दुःख वेदना ९०
दुःख र सुख १३२
दुःख ह्ो १३४
दुर्गति १३४,२२८,२७८,३०८,
३१३,३६५
दुर्दर्श २०१
दुर्बल ९४,११२
दुर्भाषित ३६७
दुरनुबोध २०१
दुराचार १२४,१२५
दुब्लो ९६
दुर्वर्ण २२७,२३०
दुर्वर्णतामा २३४
दुधख्वाउने १४७,१४८,१४९,३४९
१५०
दूध २२२
दूत ३२३
देख्दछ १३६
देखे कैं १८२
देवता १०१,१३८,१४१,१४२,१४३
देवताहरू ३६,९५,१९३
देवमनुष्य ३६७
देवसम १४५,१५२
देवसमान १४६,१४८
देहत्यागी ३४३
द्रोणी १४०
द्रोणसूत्र १३९
दोश्रो १३९ शब्द ३६२,३६३
दौत्य २५९
दौर्मनस्य १०८,१५६,१५७,२७०

दृष्टधर्म १८२,३१०
दृष्टधर्म-सुख ३६
दृष्टधर्मसुखाय ३९
दृष्टधर्म-हित १७८
दृष्टान्त १०८,२१७
दृष्टानुगतिक ३५९
दृष्टि १२१
दृष्टि निध्यान क्षमता १९८,२००
दृष्टि रागको ५५
दृष्टिवाद ३२४
द्वारपाल १८८
द्वितीयदिशा २५०,२५१
द्वितीय याम ९९
द्वितीय ध्यान ९९,१३२,२४६,
२६८,२६९
द्वितीय विद्या ९९,१३४
द्वेष २३० ले १२४
द्वेष ग्रस्त १२४
द्वेष रहित २०१
द्वेषाग्नि १२३,१२४
द्वेषी २१२
द्रोह २३० गर्छ २३०

ध

धन १४६,१४७,१५०,१५१,२२३
धनपति १८५
धनसम्पत्ति २२०
धनुर्विद्या २१४
धर्म ३३,१५२ चक्षु २८४,३१०
द्वारा ३५१ नै ३६२,३६३
३६४,३६५,३६७
धर्म-कार्य ३५३
धर्मचिन्तन २२५
धर्मतापूर्वक ७३,१४५,१४७,१४९,
१५०,१५१,२९४,३०४,३६२
धर्मधारण २०५
धर्मनिर्मित ३५३
धर्मनिध्यान क्षमता २०५
धर्म नै ३५१,३५२
धर्मलाई ८५ नै ३५२
धर्मवादी २९५
धर्म-विनयलाई ११२
धर्मवादी २५८
धर्म-विनयमा २१६
धर्मसम्मत ३५८
धर्मसुन्दछ २०२
धर्मशास्त्र ३१५
धर्म-श्रवण २०५,२६
धर्म-ज्ञान २४८
धर्मानुकूल २९३
धनाढ्य १२०
धनी १९३
धमिलो १०४

धर्मोपदेश ४५,१३२,२०१,२०२
२२४,२२८,२५६,२८३
३०१
धातुविभाजनकार्य १३९
धान २८,३५८,३५९,३६०
धानबाली ३६०
धान्यवर्ग २५९
ध्यान ३६२,३६३
ध्यान मुद्रामा १४१
ध्यानबाट ३४८
धारण गर्छ २०२
धापमा ३४३
ध्यानी १३६,३६३
धूलो १६८,१७३,३५७
धेरै २३७
धैर्यगरी २२५

न

न अ-ऋतुमती १४७
नर्कमा १२४,१३४,२२८,२२९,
२३०,२३१,२३३,३०८,३६५
न क्रयद्वारा १४७
न कृषि कर्मद्वारा १४५,१४९,१५०
न गर्भिणी १४७,१४९
न गोपालनद्वारा १४६
नजिक १७२
नजिक जान्छ २०२
नजिक जानु २०६
नदीमा २१७ नदीमा ३३९,३४०,
३४१
नमस्कार १७५,३२१,३५२
न राजाको चाकरीद्वारा १४६
न राम्रा ३५५,३५६
नवनीत ३५४
न विक्रयद्वारा १४७,१४९
न व्यापारद्वारा १४५
नस २६१
नसर्कारी नोकरोद्वारा १४६
न सुनेको ८४,८९
नाच गानबाट २५९
स्नानचूर्ण २१७,२६७ स्नानकर्म २६०
नाम-रूप २,१५६
नानावाद ३३१
नाश १००
नारीहरूसँग ३०५
निष्कर्षमा १९९,२००
निष्कलंकित १४६,१४८,१५०,१५१
निग्रह ९२
निगम ३५८,३६२,३६३
निघण्टु ८१,१४४
निश्चिन्त १८२,३१०
निश्चल ९९,१००,१८१ चित्त २७२,
२७४,२७५,२७७,२७८,

२७९,२८०
निर्जन २६४
निष्ठा १९६
नित्यदान ३५
निन्दा ४८,१९१,२८८,३४८,३६१
निन्दागर्ने १३४,३५०
निर्दयी २२८,२२९
निर्दोषपूर्ण २५८
निर्दोषी ७९
निर्दोष चित्त २७६
निधानगरी १४०
निधानवर्ति २५८
निपुण १४४,२०१
निभाइदिनु पर्छ १२५
निर्भिक १७१
निमन्त्रणा १८२
निर्माण २७३,२७४
निर्मल ९८,१०९,१३३
निमित्तग्राही २६२,२६३
निर्मूल १५९
निरवद्य १७२,२३३,३५०
निरोगी २३०
निरोगीतामा २३४
निरोध १००,१३५,१५७,१८२
निरोधको मार्ग १३४
निर्लज्जी ४७
निर्लिप्त ३२६
निर्लोभी ४०,२१२,२१७,२५०
निवापमा ४९
निर्वाचन ३६१
निर्वाण ७७,११८,३२६
निर्वाणपरायण ११८
निवेदन १७६
निःसन्देही ३२६
निर्वेद ८६
निर्द्वेषी २१२
निर्दोषी १९३
निर्मल २७६,२७९,२८०
निवृत्त ९८
निःशब्दतापूर्वक २८७
निःशंकी २६५,३१०
निष्काशन ३६२
नीच २०७,२१२,२२७,२८८,२०३
नीचकुलीन २२७,२३२
नीचकुलीनतामा २३४
नीच-उच्च १३४
नीलवर्ण ११०
नीलवस्त्र ११०
नीला १६९
नीवरण १८१,२४४ आट २६७,
३१० लाई ३४१
नुहाई १०९

नेत्र १७०
नेरञ्जरा नदीमा ८९
स्नेहित २६८,२६९
नैवसंज्ञानासंज्ञा यतनको ८८
नैवसंज्ञा नासंज्ञा यतनसम्म ८९
नैष्प्रीतिक २६९,२७०
नोकरीद्वारा १५१
नोकरीले ३७
न्यायकुशल २१६,२१७,२१९
न्यायपूर्ण २८३

प

पञ्चस्कन्ध १५६
पञ्चकाम गुणबाट २४५
पञ्चकाम विषयको १२९
पञ्चकाम विषय १२८ मा ३०५
पञ्चकाम गुण ३४०,३४५
पञ्चकाम विषयले १२९
पश्चिम याममा १००
पछाडि १७१
पछि लाग्दै १३८
पण्डित १२९,१८३,१९५,३०८
पण्डित वेदनीय २०१
पत्तोदक १७१
पद्म २७०
पदशास्त्र ८२,१४४
प्रदानुपदिक १६२
परखाल २७४,३०६
परचित्तज्ञान २७५
परम्परामा १९७
परस्पर १५४
परलोक १८३
पर्णकुटी ३६२,३६३
पर्वत २६४
पवित्रात्मा २५७
पराक्रम ९२,२०३,२०४
पराधीन २६६,२६७
पराकाष्ठमा ९८
परामर्श २७४
परिचर्याहरू २१०,२११,२१२,२१३
परिग्रह ३२७
परिनिर्वाण १३९,१५२,१५३,१६६
१८४,२२५,२२६,२५३,३६६
परिपूर्ण २६२,२६८,२६९,२७१,
२८०,३०७,३०९
परिमण्डल १६९
परिवितर्क २००
परिशुद्ध ८४,९७,९८,९९,१३३,
१३४,१६२,१९१,२५७,
२७०,२७१,२७२,२७६
चित्त २७९
परिशुद्ध ब्रह्मचर्य २५६
परिशोधन २७५

परिषद्बाट १७२
परिषद्मा २३९
परिहरण १२५
परीक्षा १६१,१६२,१६३,२०१,२०२
परीक्षणकारी ३७
परुष ७५,७६,२२८,२२९,२३०,२३१
२३३,२५८ वाचाबाट २५८
परुषवादी २१२
परेला १७०
पलेटीमारी १७३
पलेटीकसी १४१
पश्चिम २६९
पशुयोनीमा २२३
पशुसर्म्पत्ति १८५
पसिना ९२
पहाडी गुफा २६४
पहिले १३०
पहिलो १३९
पहिल्याउँछ १२२
स्पर्श १५६,१५७,२६८,२६९,२७०
२७१
स्पर्शित २६८,२६९,२७०
स्पष्ट १७३,१८६
स्पष्ट भाषी १९०
पाइला १७०
पांच कामगुण २४४
पाँच ११२ निवरण २६७
पाँच-धर्म २३९,२४०,२४६,२४८
पाँचजन्म १३३
पाँचथरी १४५,१५२
पाँचधन २४७
पाँचप्रकारका १११
पाँचशय ११०,१११,१२०,१२१,
१२६,१३८,१६४,१६५,
१७५,१८९
पात्र १७१,१७२
पात्र चीवर ५०,५९,१८३,२६४
पाद १६८
पानी १४३,१७१,१७२,३४३
पानीबाट ३७
पानीमा ९०,९१,१४२,३५४,३५९
पाप ३२ कर्म ४७,३६०,३६१ धर्म
३५९,३६०,३६१,३६२
पापसहाय ३८
पायसमा ५०
पायस ६२
पारंगत १४४
पारतर्न ३४०,३४१
पालोपहराको १८५
पिशाच २९२
पीछा १६२
पीठियूको ९६

पीडा ९३,९४,९५
पीडित १०८
पीतवर्ण ११०
पीतवस्त्र ११०
पिपासा १०९
पुक्कुसिनी १४७,१५०
पुण्डरिक १४२,२७०
पुण्यपाप ३२६
पुत्र १२५
पुनर्जन्म ५१,९९,१०६,३२८
पुरुष २६६,२६७,२७०,२७६,२६८,
२७९,३६१ लिङ्ग ३५७
पुरुष मेध ३५
पुरुषेन्द्रिय १६८,१७८
पुरोहित ३२३
पूजा ८६,१२५
पूर्णतया ९०,९१
पूर्व २६९
पूर्वज २४०,२४१,२९१,३०४,३०५,
३२७,३३३
पूर्वजन्म १४४,१९७,१८०
पूर्वजन्मको ९९,१३६,२७७
पूर्वज मन्त्रकर्ता १५१
पूर्वजन्म स्मरणतिर १३३
पूर्वाण्ह ४४,३१०
पूर्वार्ध १६९
पेटको ९६
पेटको छाला ९६
पेटमा ९४,१७१
पेटारी २७३,२७४
पेल्दछ ९२
पेली ९२
पैतलाबाट निस्कने ३०४,३४९
पैतालामा १६८ पैदलद्वारा २८७
पैशून्यवादी २१२
पोखरीमा १०९
प्रकाश ४९,७७,१०७
प्रजापति ३३९
प्रणवक शब्द २७५
प्रणीत १८३,२०१
प्रणिधान २६०
प्रतिष्ठित १०९,२५५,२५६,२६२,
२७१,२७२,२८०,३१८
प्रत्यञ्जन २६१
प्रत्यनुभूति ११७
प्रत्यक्ष ४९
प्रत्यय बहुल ९८
प्रस्ताव १३९
प्रतिपत्ति २३६
प्रतिपत्याधिकरण २३६
प्रतिपदा ११४,२५०
प्रतिनिधिहरू १५२

प्रतिपद ३४४
प्रति प्रशब्धि ११५
प्रतिबद्ध २७२,२७३
प्रतिभाशाली ३५२
प्रतिवेध २०३
प्रति संख्यान २४३,२४४
प्रति संवेदी ३६६
प्रति शरण ११७,११८,२२८,२३४
प्रतीत्यसमुत्पाद १५६
प्रत्यय २१५
प्रत्युत्तर १८९,२९३
प्रथम चरण १२८
प्रथमदिशा १४६
प्रथम ध्यान १३२,२४६,२६८
प्रथम ध्यानमा ९८,९९
प्रथम विद्या ९९,१३३
प्रथम याममा ९९
प्रदर्शन २५९
प्रथम शब्द ३६२
प्रदीप २३१,२३२
प्रशनको ११८
प्रस्फुटित १११
प्रफुल्लित १६१,१८१,२२४
प्रमाण १७१
प्रलय ३५३
प्रमोदचित्त २४८
प्रमाण २२२
प्रभास्वर २१८,२४५
प्रमोद १०८,३४५
प्रव्रजित १४६,१४८,१५०,१७५,
८४,१८८,१९१,१९२,१९३,
२१५,२१६,२३६ कहाँ २४७,
२५७,३०१,३१६,३२६,
३३०,३४८,३५२,३६५
प्रव्रजित भए ७८
प्रव्रज्या ५२,६८,७३,७९
प्रवाद १०८
प्रवास ३६
प्रवृत्ति १९७
प्रशब्ध २६७
प्रशंसा ३४,६८,१०७,१३०,२२६,
३५१
प्रशंसागर्छु २३६ प्रशंशित ३५१
प्रशंसा गर्दिन २३६
प्रसन्न १८१,२२४
प्रसादजनक ८९
प्रहाण ११४
प्रज्ञा ८५,८८,१६१,२१३,२७३,
२७५,२७६,२७७,२७९,
२८०
प्रज्ञापन १३१,१३२,२००,२०३,
२०९,२११,२१३,२१४,

२१५,२३९,२४६,२४८,
२५३
प्रज्ञाविचक्षणता १०७
प्रज्ञावान ४०,१३६,२३३,३२५
प्रज्ञावानतामा २३४
प्रज्ञा-सम्पदा ३७,३९,४०
प्रज्ञा सम्पन्न ३७
प्राचार्य १९०.२४०,२४१
प्राणातिपाता ४०
प्राणी २१२
प्राणीहिंसा ३५,२२९, बाट २५७,
३५०,३५१,
प्राणीहिंसक २२८
प्रातिमोक्ष २५७
प्राप्त धर्म ३१०
प्रादुर्भाव ११२,२१५,३५४,३५५,
३५६,३५७,३६०,३६२,
३६३,३६४,३६५
पन्यू २२०
प्रामोद्य २६६,२६७
प्रासादमा १८६
प्रासाद ३३८
प्रासादिक १९०,३६१
प्रीति २४५,२४६,२४८,२६७,२६८
२६९,३४५ चित्त २६७
प्रेष्य १२५
प्रोक्त १४४
पृथक १५५
पृथ्वी ३५४ मा १०९,२९५
प्रियरूप ३४०
प्रीतिभक्षी ३५३,३५९

फ

फाल्नु पर्छ १२५
स्फुरण १११
फेटामा १४०
फौज १८६

ब

बत्ती १०२
बत्तीस १६५, १६६, १७०, १७७,
१७९, २८४, २८६, ३०६,
३०७, ३०९
बत्तीस महापुरुष लक्षणहरू १६१,
१६८, १९३
बत्तीस लक्षण १६२
बस्दछ १४२
बदमास ३८
बस्दैन १२९
बन्धन ५६, २६०, ३४०, ३४१
बन्धु २२८, २३४
वनजङ्गल ८९, ३४३
वनमा १६०
बराबर १३९

बलवान ९२, ९४
बलीकर्म २६०
बसाई १६२
बसिरहँदा १७१
बसोबास ३८
बर्षांद २८
बहर १२१
बहिनी ४६
बहुबीजवाट १४७, १४९
बहुभाषी २८९
बहुमूल्य १३८
बहुरोगी २२७, २२९, २३३
बहुश्रुत ५०, १८६, १९५, २९२, ३०८
बहूपकारी २०३, २०५, २०६
बंगरा १६९
बाखा २५९
बाछा २८
बाजपेय ३५
बाटोमा १३८
बाँण २९५, २९६
बाल्नुपर्छ १२५
बाबु ४६, १२७
बाबुबाट १३१, १४६, १४८, १५०, १५१, १९०, १९१, २९८
बालक १४७
बालचिकित्सा २६१
बालिका १४७
बिउ २८
बिरामी २६६
बीच १०८
बीचबीचमा १९५
बीज २५९
बीस जन्म १३३
बुढा १८६ पाका २८७, २९३
बुढा·बुढा १९५
बुढाहरू १८६
बुढाहरूलाई १२८
बुढो ३८
बुझ्दछ १३५, १३६
बुद्ध ६४, १३६, १३८, १३९, १४२, १५५, १६२, १६५, १८०, १८१, १८६
बुद्धकहाँ १२०
बुद्धको १०
बुद्ध·वर्णन १९१
बुद्धसँग १३०, १३६, १३८, १३९, १८६
बुद्धिवान् २२७
बेरिदिए ९४
बोका ३४, ३६, १२२, १२३
बोकाहरू १२१

बोकाहरूलाई १२६
बोध १०३
बोधि ९८
बोधिसत्व ८४
बोलाई १६२
ब्रह्म ३३९; काय ३५३
ब्रह्मज ३४९
ब्रह्म-ऋजु १६९
ब्रह्मकहाँ २५१,३३०, ३३१,३३२,
ब्रह्मचर्य २४, ८४, ११८ १५०, १५१, १६४, १७२, २३९, २५७, ३२८
ब्रह्मचर्य पालन ११४
ब्रह्मचर्यवास ६८, ७४, ७७, ८५, ८७, १००, ११६, १३५, २७९, ३५१, ३६६
ब्रह्मचारी २४७, २५८
ब्रह्मदत्त १८७
ब्रह्मदण्ड २९६
ब्रह्ममन्त्र २९५
ब्रह्मनिर्मित ३४९
ब्रह्मदायाद ३४९
ब्रह्मलोक ४८, २५० सम्म २७५, २७४, ३४४
ब्रह्मलोकमा १४६, २४९, ३१५, ३४४
ब्रह्मविहार १४६, २५०
ब्रह्मभूत ३५३
ब्रह्मस्वर १७०
ब्रह्मसम १४५, १५२
ब्रह्मसमान १४५, १४६
ब्रह्मसहवास ३३०,३३४, मा ३३८, ३४०, ३४१, ३४३,३४४, ३४५, ३४७
ब्रह्माका मुखबाट ३४९
ब्रह्माको पैतालाबाट २०७, २८८
ब्रह्मालाई ३३२, ३३४, ३४९
ब्रह्मासँग ३४६
ब्राह्मण १३८, १४१, १४२, १४८, १५०,१५१, १५२, १८०, २१५, २३३, १७२,२९०, २९८, २९९, ३२४,३१३, ३२५,३२७, ३५०, ३६२, ३६३, ३६५, ३६६
ब्राह्मणकन्या २९७, २९८, २९९
ब्राह्मणकारकधर्म ३३९,३४० ३४१
ब्राह्मण चण्डाल १४५, १५१
ब्राह्मणपरिचर्या २०९, २१०
ब्राह्मण मण्डलका ३६३
ब्राह्मण महाशाल १२०
ब्राह्मणहरू ३४८, ३४९, ३५१
ब्राह्मणहरूको १३६

ब्राह्मणले १०३, १३६, १५७

ब्राह्मणहरू ५४, १४५

ब्राह्मणहरूले ९७

ब्राह्मणाचार्य २४०

ब्राह्मणी ६३, १४८, १४९, १५१, ३३६

ब्राह्मण कुमार २९७

भ

भगवान १६,१९,२२,२३,३६,४४, ५०, ५५, ५७, ५९, ६७, १०२, १०३, २०९,१२०, १२८, १३०, १३१, १४०, १४१, १५२,१५३, १५५, १५८,१५९, १६१, १६२, १६३, १६४, १६५,१६६, १६७, १७३, १७४, १७५, १७६, १८७, १८९,१९३, १९४, १९५, २०९,२११, २२४, २२५, २२६,२२७, २३५, २५३,२५६, २६२, २७१, २८५, २८७,३०६, ३१४, ३१६, ३१७,३१८, ३२९, ३३०, ३३१,३४७,

भक्ति १८१

भक्तिपूर्ण १११

भद्र यौवनको ८४

भद्रलता ३५६, ३६०

भमुकन्तरमा १७०

भय २६१ भीत २९६

भरणपोषण ४६

भन्याङ् ३३७, ३३८

परिपूर्ण १९१, २६२, २७१

भलो २११

भव १५६ तृष्णा ३२६

भवबन्धन ३५१

भवलोक १५६

भवसंयोजन ३६७

भवास्रव १००, १३५, २७९

भाइ ४६

भाग्यको कुरा ८६

भाँडो १४०, २२३

भाँडालाई १४

भात ९८

भार्या १२५

भारद्वाज १५८, १९७

भारबिसाइसकें ११६

भारमुक्त ३५१

भावना २०३

भित्तामा ११८ भिन्नता ८३

भिक्षाटन ३१, ४४, २१३

भिक्षाटनद्वारा १४७, १४९, १५०, १५१

भिक्षापात्र २२५
भिक्षु ३४५, ३४६, ३४७, ३६६, ३६७
भिक्षुसङ्घ १३
भिक्षुसङ्घको ४९
भुइँमा १७२
भुङ्ग्रोगा ९४
भुक्तानुमोदन १७२
भूत १९९ वादी २५८
साधन २६०
भूमिगत १९१
भूमि-पर्पट-रस ३५५, ३५६, ३६०
भूमि सम्पत्ति १८५
भूष ३६०; ले ३५९
भेट १७४
भेटमा १३९
भेट्टाउन १३८
भेडा १२२, १२३, २५९
भेरीशब्द २७५
भेडाहरू १२१, १२६
भेदभिन्न २५८
भोग सम्पत्ति ३७, ३९, २१२
भोगविषयबाट ३२६
भोजन १७१, १७२, १७४, ३०५
भोजनोपरान्त २८४
भोग्दैन १२९
भौतिक २७२
भ्रष्ट भए ९८
भौतिकरूप २७४

म

मक्खन ३५५, ३५६
मञ्जु १७३
मणिकुण्डल ३०५
मन्त्र १४५, १४७, १४८, १५१
शुद्धि २८२
मन्त्र अनुरूप २४४ अनुसार २४३
द्वारा २६० साधन २६०
मन्त्र अध्ययन १४६
मन्त्रकर्ता १४४, १९७, २४०, २४१
मन्त्रधर १४४, २८५
मन्त्रपद १४४, १९७, २४०
मन्त्र प्रवर्तक १४४, १९७
मन्त्रशोधन ३१२, ३१३
मर्दरूपी २९५ २९६
मद्य ४०
मधुपिण्ड १०८
मधुमक्षिकाको ३५४
मधुरभाषी १९२
मध्य कल्याण १६४
मध्याह्न समयमा १०७
मन १५६; मा ९८, ३५५
मनको ११८

मनः दुश्चरित्रले १४४
मन लगाएर १४५
मनःशस्त्र १२२, १२२
मनाप ३४०
मनुष्य १०७, १४१, १४२
मनुष्यत्वमा २२८, २२९, २३०, २३१, २३२, २३३
मनुष्य चक्षु ९९
मनुष्यत्वमा १४२
मनुष्यहरूमा ३२२
मनेन्द्रिय २६३
मनोमय २७३ ३५३, ३५९, काय २७३
ममता ५५
ममायन ४६
मर्यादा १५०, ३६०
मर्यादी १४५, १४८, १५०,१२५
मरण १५६, १५७
मरणपछि २३०, २३१, २३२, २३३, ३०८
मरणोपरान्त १२४, १२५, १३४, २७८
मरुभूमिको २६७
मरुभूमिबाट २६७
मणिरत्न १६६
मऱ्यो ९५
मलद्वारा ९६
मलरहित चित्त २७२, २७९
मल्लहरूका १३९
मल्लहरूले १५३
महत्फल २३६, २३७, २३८,२३९
महत्फलदायी ३५, २२४, २४६
महत्‌चित्त २७६
श्मसान २६४
मर्हषि ५२, ३२७
मर्हषिहरू ३६
महान चित्त १४६
महापुरुष १७७, १७८
महापुरुषहरू १६२, १६६, १६७, १६८
महापुरुषलीलाले १४१
महाधनी १९०, १९३
महानिसंस १२१
महाभूतबाट २७२
महाभोगी २२७, २३२, २३४
महायज्ञ २४६
महायज्ञको तैयारी १२०
महाशक्ति २२७, २३१, २३४
महाशाल ३१९
महीना ३५८
महोत्सव १४०, १५४
महेन्द्र १३९

भाउहरू २८
मार्ग ९८, ३३१, ३४५
मार्गमा २२९
मार्ग अमार्गबारे ३३१
माछा ९७, २८०　मा ३२२
माणव १७६, २२२, २६२, २६५
माझमा १२९
माथि १०८, १७१
मान २३०, २३१
मानापायीमा २६०
मानिस १०५, २६५, २७८
मानववाद ३००,३०१ बन्धन ३०१
मामा १०३
मारकाट ३२५
मारिष ९५
माला २५९
मालिक २९२
मात्सर्यरहित ४१
मांस भाग २१५
मासु २५९
मित्र ७०, ७१; ता ३१२
मिथ्यादृष्टि २७८, ३६५
मिथ्यादृष्टिक १३४, २१२
मिथ्या धारणा ३५०
मिथ्या विश्वास ३०
मिश्रित ३६६
मीमांसावादी ८३
मुकुट १७०
मुख-नाक ९३
मुखबाट ९३, १७३
मुखमा १७२
मुखाकृति ११०
मुर्गीको रस ९५, ९६
मुञ्ज २७३
मुण्डक ४४, ६२, ६४,२२२,२८८,
३४९
मुदिता २५१
मुदिता सहगत चित्त १४६
मुदितासहगत ३४५
मुनि १३६ १८०,
मुसलधारा ३९
मुरमुरिएर ६४
मुहानहरू ३९
मूर्ख ३०९
मूर्धाभिषिक्त २६१
मूर्छित ९५, ३४०
मैत्री २१६, २५०, २५१, ३१५
मैत्रीचित्त १४६
मैत्री विपुल चित्तलाई २५०
मैत्री महान चित्तलाई २५०
मैत्री सहगत ३४५

मैथुन १४८, १४९, ३५७; धर्म ३५८, ३६४

मैलो २१७

मोहग्रस्त १२४

मोहरहित २०२

मोहले १२४

मोहाग्नि १२३

मोहित ४७

मौलौमा १२१, १२२

स्मरणगरी २२५

स्मृति ८५, ११८, १३२, १४१, १५९, १७३, २६५

स्मृतिवान १३२, १६३, २५७

मेलमिलाप २५८

स्मृतिलाई ९४

स्मृति सम्प्रजन्य २६३, २६४,२६९, २७०

मृत्यु १०५

मृत्युञ्जय १३६

मृत्युपछि १४६, ३४०, ३४१,३४२, ३४३, ३४६, ३३७,३६५, ३६६

मृत्युलोक ६७

मृदङ्गशब्द २७५

मृदु ९८, १३३, १६८, १८१ चित्त २७२, २७९

मृषा १९९, १०१ वादबाट २५८, ४०

मृषवाद ३६१, ३६२

मृषावादी २१२

म्वाइखाए १८१

मँगल भोजमा २९७

य

यत्तिकँले ८८, २००, २०३

यस्तै गरी २७२, २७४, २७५, २७६, २७७, २७९, २८०, ३५०

यस्तो २०२

यस्तो आहारपान १३३

यस्तो गोत्र १३३

यस्तो वर्ण १३३

यथार्थतः १३५, २७९

यथाशक्य ३०२, ३०३

यथाबल ३०२, ३०३

यशस्वी १८१

यसैं जन्ममा ३६६

यहीनै सत्य हो १९६, १९७

यक्ष १४१

यक्षत्वमा १४३

यक्ष हुने १४२

यज्ञ ३५

यज्ञको ३४

यज्ञको अगावैं १२२, १२३
यज्ञबारे १२०
यज्ञमा ३४, १२१, २९७
याचकलाई ४७
याचकहरू २८
यापन १७२
यापनको १७२
युगमात्र १७०
युवक ८४
यूपमा १२१, १२२, १२३
योग्य १९४
यो आस्रवहो २७९, २८०
यो दुःख हो १८१, २७९, २८०
यो दुःख समुदय हो १३४
योद्धा ३२३, ३२८
योनि २२८, २३४
योनिज ४५, ३४९
यौटा १६९

र

रजनीय ३४०
रजपथ ८४
रक्तवर्ण ११०
रक्तवस्त्र ११०
रथमा ३०४, ३०६, ३०७
रस ९५, पृथ्वी ३५४, ३५५; ३५९, ३६०; सम्पन्न ३५५
रसनेन्द्रिय १६६, १७८
रसास्वाद ३५४
रक्षा ३६०
राग ३५७, ग्रस्त १२४, १२५
रागाग्नि १२३
रागाग्निलाई १२४
राजकुमारलाई २९६
राजदिन्न १९०
राजधानीमा ३६२, ३६३
राजपरिवारहरू १३९
राजभोग १८७, १९०
राजा ३२३, ३६२
राजाको २२०
राष्ट्र बाहिरबाट १९३
रात ३५४, दिन ३५९
राम्ररी १००, ११२, १४१, १४५, २२८
राम्रा ३५५, ३५६
रिक्त १९९
रिस बोकिरहन्छ २३०
रिसाहा ४७, २३०
रूखमुनी १३८, १४१, १५९, २६४
रुचाउँछौ २०७
रुचि १९२, २००
रुँदारुँदै १९१
रुपवान ३६१

रुप संज्ञा २
रुवाइबाट २२५
रुवाउँदै ८४
रोगबाट २६७
रोम १६९
रोमकूपबाट ९५
रोमराजी १७०
रोमहरू ९७
रौद्राचारी ३६४

ल

लज्जालु २२९, २५७
लट्टुकिका २८९
लट्ठीले २२९, ३६१
ललाट १६७
लवाइ १६२
लक्षण १३८, १४४, १७७
लक्षण शास्त्र १३१
लक्षण शास्त्रमा १४४, १६४, १६५
लात्तले ३०८
लाग्दछ १२९
लाभ २३०, २३१
लामो छोटो ३२५
लालमोहर १८५
लूलो १७१
क्लेश ९९
क्लेश रहित १३३ चित्त २७२, २७९, ३२६
लोक धर्मले १४३
लोक ३२८, ३५३, मा १४२, व्यवहार ३१३
लोकसंभृति २४३
लोकसंभृत्ति विपरीत २४३
लोकायत ८२, १३१, १४४, १५५
लोभरहित २०१
लोभले ५४
लोभी ४७, २१२, ३४०, ३५०
लोहित पाणी २२८, २२९
लौका ९६
लौका विशेष ९६

व

वचन १२४, १२५
वची दुराचार १२४, १२५
वची शस्त्र १२२, १२३
वल्टाइ पल्टाई
वर्णमान २१८
वर्णमा ३५५
वर्ण सम्पन्न ३५६, ३६०
वर्णवादी २५५, २५६, २६२, २७१, २७२, २८०
वस्त्रमा १८२
वर्तमान १३८

वन्दना २३०, २३१, ३२१
वनवास ३०२
वमन कर्म २६०
वनखण्डमा २८५, २८६
वयोबृद्ध १२८, १६२, २८७, २९४, ३०५, ३४१
वलवान ९४
वशवर्त्ती १६३, ३४२, ३४६
वर्ष ३५३, ३५४, ३५९
वसल सूत्रमा ४३
वसलक ४४, ४५, १००
वत्सतर १२२, १२३
वत्सतरी १२१, १२२, १२३
वत्सतरहरू १२१
वत्सतरीहरूलाई १२६
वसलो ६६
वरामा २७५
वशीकरण २८१
वाक्‌दुश्चरित्रले १३४
वाणिज्य २३८, २३९
वादारोपण ६७
वाद विवाद १८६
वायु ९३
वासस्थान २३१, २३२
बिकाल भोजनबाट २५९
विक्रयबाट १५०, १५१
विकारता ३५५, ३५६
विग्रह ३३१
विचिकिच्छा २४४, २६५, ३४१
वितर्क १३२
वितर्क विचार २६८
विस्तार पूर्वक २२८
विन्दू १७३
विदित धर्म ३१०
विदेह राज्यमा १६४
विद्वत्ता १८६
विद्वान ३६१
द्वारा ३५१
विद्यमान १६६
विद्या ९९, १००, १३३, १३४, ३०१
विद्या चरण ३००, ३०१, ३०२, ३६७
विद्या चरण सम्पदा ३०१
विध्वंश १४३
विनयवादी २५८
विनाश ३९, १०५
विनिपात १३४, २२८, २७८, ३०८, ३६५
विपरीत २४४
विपाक २४०
विपुल-चित्त १४६

विपुल फलदायी ३६
विभज्यवादी २३६, २३७
विभाजन २२८
विभूषण २५९
विभूषित ११०, ३०५
विमुक्त ११६, ११८, १३५, २७९, ३६७, चित्त २७६
विमुक्त हुन्छ १३५
विस्मृति ९३, ९४
विरज १८२, ३१०
विराग ८७
विरेचन कर्म २६१
विवर्त कल्पको १३३
विवर्त कल्प २७७, ३५३
विवर्त ३५४
विवाद ५५
विवाह ३००
विशाल २३६, २३७, २३८
विश्वसनीय २५८
विश्वास ६२, २०१, ३१५
विशुद्ध २०२, २७५, २७८, ३२६
विषयहरू ११७
विहङ्गम १४३
विहारमा १७३, १७४, २२६
विज्ञ पुरुष ८५, ८७
विज्ञहरूले ३५०, ३५१
विज्ञान १५६, २७२, २७३
विक्षिप्त चित्त २७६
वीतमल ३१०
वीमंसा ११५, ११६
वीर्य ८५, ९३, ९४, ११५, ११६
वीर्य-समाधि ११४
बृद्ध १२९, १७६
बृद्ध आमा ४६
बृद्ध-भूमि १२८, १२९
बृषल ४५, ४६, ४७, ४८
वृषलीलाई ६४
वेणिनी १४७
वेदना ८१, ९२, ९३, ९४, ९७, १५६, १५७
वेदना थियो ९४
वेदमन्त्र २९७, २९८, २९९ मा २८६; हरू ३१३
वेदमा १३१, १६१, १७२, १९५
वैदूर्यमणिमा २७२
वेय्याकरण १०८
वैद्यले १०८
वैरचित्त ३४२, ३४६
वैरयुक्त ३४२
वैशारद्य १८२, ३१०
वैश्य २१५, २१६, २१७, २९०, ३५०, ३६४, ३६६

वैश्यपरिचर्या २०९, २१०
वैश्यमण्डलका ३६४
वैश्या १५०
वैश्यनी ३३६
व्यन्जन १७१
व्यय ३८
व्यपारी ३२३
व्याकरण ८२, १३१, १३८, १४४
व्यापाद २४४, २६५, २६८, २६९
व्यापारद्वारा १५१
व्यापारले ३७

स

स-उत्तर चित्त २७६
सकलिकाग्नि २१५
सकिनी १४७, १५०
सकिञ्चन ३२४
सत्कार २३०, २३१, २३२, २८९, ३०२
सत्कार पूर्वक १२४
सकुशल २६६, २६७
सङ्घाटि २६४
सजग ९२ सचेत २६३
सजातीय १३१, १४४, १४५, १४६, १४८, १५०, १५१, १८९, १९०, १९१, ३१९
सम्झाए १३९
सम्झना ९८, ३५५, ३५८
सन्तप्त ९२
सप्तरत्न १६६
सप्तस्थान १६९
सप्तबोध्यङ्ग ३१८
सन्तान १४८, १४९
सन्तान-स्नेहमा १४९
सन्तुष्ट ८९, १०७, १०८, २६४, २७५, २८३
सन्तुलित ९८
सन्तोषी २६४
सत्य २२३, २३९
सत्यवादी २४७, २४८, २५८
सत्यकुरामा २५८
सत्यानुबोध २००, २०३
सत्यानु प्राप्ति २०३, २०४
सत्यानुरक्षा १९९, २०१
सत्वहरू ३५३, ३६१
सदाचार ३६५
सदाचारी २७८
सदोषचित्त २७६
सन्दृष्टिक ३६, ३९, १७९
सन्देह ३४४
सदृशता ३६२, ३६३, ३६४
सन्दृष्टिक हित ३६
सर्प २७३

सम्पत्ति २२०, २८५
सम्परायिक हित ४०, ४१
सम्परायिक सुख ४०, १७८, १७९
सम्परायिक ३६, ३९, ४९
सम्प्रलापी २१२
सम्प्रलाप २५८, ३५०
सम्प्रसाद ९९, २६८
सम्प्रलापबाट ३५१
सपरिग्राही ३४१, ३४२, ३४६
सर्पादि ३२२
सम्प्रहार १५४
सफल २३७, २३८, २३९
सम्फुसित ९६
सम्बुद्ध ३२१
सम्बुद्धका १०१
सबै छ १५५
सबै छैन १५५
सबै ठाउँमा २५०
सम्बोधि ९०, ९१, ९२
सम्बोधिको ९८
सम्बोधिलाभ ८७, ८९
सव्यापद्य ३४२
सव्यत्पाद ३४३
सभा धर्म ५९
सभा गृह ५८
सम्भिन्न-मर्यादी १४५, १५०, १५२
समजीविका ३८
समजीविता ३६
समवर्तित१६९
समय समयमा १२५
सम्यक् दृष्टि १३४, युक्त ३६६
सम्यकदृष्टिक २१२, २१३, २१६, २७८
सम्यक् सम्बुद्ध १६२, २८५, २८६,
समाजले १३०
समाती ९२
समाधि ८५, २६८, २६९, २७०, २७१
समाधिस्कन्ध २६२
समाधिष्ठ ९८, ९९, १००, २६७, ३४५
समाधिज २६८
समाधिबाट ९९, १३२
समाहित चित्त २७२, २७६, २७९
सम्मान १२५, १२७
सम्मानपूर्वक १२४
समुदय १००, १३४, १५६, १८२
सम्मोदन १७५, २२७
समृद्धशाली १८५
सर्वत्र १४६
सर्वप्रथम १०४
सस्यूँको गेडा ३२४

सरसंकित १७१
सत्संगत ३८, २२४, २३५
सहवासमा ३४३
सहश्र जन्म १३३, २७७
सहानुभूति ३१५
साकार ९९
साँच्चै १४४
साँच्चैकै १००
सात १६३
सातपुस्ता १३१, १४४, १९६, १९७, २४०, २४१
सातपुस्तासम्मका १४५, १४६, १४८, ३३३, ३३५
सातपुस्तादेखि १९१, ३१३, ३१९
सातमहीनासम्म १६२, १६३,१६७
सावद्य ३५०
सामयिक १८६
सास्ती २२९, २३०
साथमा २२९
साथी ३०
सानो २३७, २३८, २३९
साबुन २१७
साक्षात्कार ७३, ८५, ८६, ८८, २४३, २४५, २४६, २५६, ३०१, ३३२, ३३३
सामुद्रिक २२१
सावद्य २३३
साक्षात्कार २४०
साक्षि ४६
सिक्री ३४०
सिधा २२०
सिमसिम ५९
सिमसिम पानी ५८
सीता १७२
सीताहरू १७१
सीधा १६९
सिमाना ३६०
सिमाना पारगरी ५९, ९६
सु-अनुश्रव १९९
सुकेको ९१
सुखबाट ९८
सुखानुभव २६७
सुखीचित्त ३४५
सुगत ४०, ११०, ३२७
सुगति १४८, २२९, २३०, २३१, २३२, २७८, ३१३, ३६६
सुगति दुर्गति ९९, १३४, २७८, २७९
सुगन्ध १०८
सुगन्धित ३५६
सुगुर ३४, २५९
सुख दुःख १३३, ३६६

सुत्नु १८५
सुन्दर २३०, ३५६
सुन्दर मुद्रामा १४१
सु-परिविर्तांकित १९९
सु-प्रतिष्ठित १६८
सुप्रसिद्ध १६१, २८२
सुरा ४०
सुराधूर्त ३८, ३९
सुरूचि १९९
सुवक्ता १९५
सुवर्ण १९१, २२७
सुवणंतामा २३४
सुवर्ण-दुर्वर्ण १३४, २७८
सुवर्ण वर्ण १६८
सुवर्ण माला २२२
सुसम्पन्न ३९, १६७, १७०, १९२, १९३
सुस्वाद १०८
सु-श्रद्धा १३८, १९९
सुहाउँदैन १४४
सून २५९, २६०
सूर्यको कीरण ११८
सूर्य चम्किए १११
सूर्योदय ११८
सेक्रेटरी १८५
सेता दाँत १६९
सेतो १७०
सेवनीय ३५१
सेवा टहल २२६
सेवक २५५, ३०२
सेवा नियम २०९
सेवा शुश्रुषाको ४८
सोधपुछ २३३
सोरह (सोह्ल) १४०
स्रोत २६९, धार २६९
स्रोतापन्न १४, फल २८४
सौमनस्य १३२, २७०
संक्लिष्ट २४३, ३४२
संस्कार १५६
संख्यामा १२९
संग्राम ७६
संस्थागार २८९
संध्याकालमा ३५७
संध्या समयमा ३४८
संवर्त ३५३, ३५५
संवर्त कल्प १३३, २७७; का ३६५; मा ३५८, ३६२, ३६३, ३६४
संवर्त विर्वत कल्प २७७
संवर्धन १४२, २७२
संवास २९१
संयतेन्द्रिय १४१

संयमी ३६६
संयोजन ११६, ११९, १८३
संस्मरणगरी ३४९
संक्लिष्टता १८१
संसारमा ५५, २२५
संहिता १९७
संहिताहरूलाई १४४
संक्षेपमा २२८
संक्षिप्त चित्त २७६
संज्ञा २१५, ३२३, ३२७, ३५४
स्व-अर्थ प्राप्त ११६, ३५१
स्व-अर्थसिद्ध ३६६
स्वर्ग १३६, १८०, १८१
स्वर्गनर्क ३२७
स्वर्गलोक २८
स्वर्गलोकमा १३४, १४८, २२९, २३०, २३१, २३२, ३६६
स्वच्छ १३३, १३४, २७६, २७९
स्व-धन २१३, २१४, २१५
स्वतंत्र ३१५
स्वभाव १८६
स्वयं १७५, प्रभा ३५३, ३५४, ३४९
स्वरले १०१
स्वागत १२७, १६१ भोजन २९७, २९८, २९९, ३५२
स्वास्थ्य २२५
स्वाध्यायी २४८
स्वीकार १८२, १८७, २०७, ३१६
स्वाद ३५५; पूर्ण ३५४
स्वाधीन २६६, २६७
स्वामी २९२

शा

शस्त्र १६६
शस्त्रले २२९
शस्त्र रहित २२९, २५७
शत सहश्र १३३
शय जन्म १३३, २७७
शयनाशन २६४
शरण ६८, १०२, १८७
शरणमा १०४, १२९, १९३, १९४
शरीर ९९, १७१, १७२, २७०, ३०५, ३४१, मा ३२३
शरीरको ९६
शरीर-धातु १३९, १४०, १५२, १५३, १५४
शरीर धातुको माँग १३९
शरीर भागको १५४
शरीरमा ९३, ९४, १६६
शाक्यकुलबाट ३५२
शाक्य ५९, २९१
शाक्य खलक २८८, २८९, २९०

शाक्यपुत्र १७५, २८५, ३३०
शाक्यहरू ३५२
शाक्यहरूको २९०
शान्त २०१
शान्त ३४५
शास्ता ४०, १६५
शास्त्र २८१
शान्ति ९३
शान्ति-स्वस्ति २६०
शायद ९८
शालको काठबाट २१७
शालबनमा १५९, ९९४
शालोद्यानमा १५२, २२५
शिष्ट सम्पन्न १८६
शिष्टाचार २८९, २९०
शिलपकार ३२३
शिलपादिद्वारा १५१
शिष्यगण ८९
शिष्य मण्डलको ८६
शीतल पानी १२६
शीतल हवा १२६
शीर विरेचन २६१
शील ३३, १३६, २१३, २५७, २६१
शीलस्कन्ध २५६, २६१, २६२, २६४
शील कथा १८१
शीलसदाचार २६१
शील सम्पदा ३७, ३९, ४०
शील सम्पन्न ३७, ४१, २५७, ३४५
शीलवान १९०, १९२, ३१९, ३२४
शीर्ष १७०
शुची १५१
शुक्लवर्ण ३४९
शुक्ल विपाकी ३५१
शुद्ध ३१, ३२, ६३, ३४९, ३५६, मांस ३०५
शुद्धगर्भ १३१, १४५, १४६, १४८
शुद्ध हातले ४०
शुभस्थायी ३५३, ३५९
शुभाषित ३००, ३६७
शुरुवात ३६१
शूद्र ४९, २०७, २१५, २०९, ३०४, ३५०, ३६४, ३६६; शब्द ३६४; मा ३५०
शूद्र-परिचर्या २०९, २१०
शूद्रपुत्र ४८
शूद्रमण्डलका ३६४
शूद्रिणी १५०, ३३६
शैय्या २३१
शोक १०८
शोला ९४

शंका १६७, १७८, १७९, २२४, ३४४
शंख २५०, २५७ शब्द २७५
श्याम ९७
श्वास-प्रश्वास ९३, ९४
श्रमण ४४, ७८, ८३, ९०, ९१, ९२, ९५, ९७, १०७, ११९, १२५, १२८, १७५, १७७, १७९, १८८, १८९, १९०, १९१, १९२, १९३, १९४, १९५, १९६, २२२, २३१, २३३, २३५, २४१, २४९, २५३, २५४, २६०, २६१, २६२, २६३, २७१, २८६, २८८, ३०२, ३०७, ३४३, ३५२, ३६५
श्रमण गौतम १४४
श्रमणक २८८
श्रमणलाई ४७
श्रमणहरूसँग ५५
श्रमण-प्रेम २०७
श्रमण-प्रसाद २०७
श्रमण मण्डलको ३६५
श्रद्धा ४०, ६२, ८३, ८५, ८८, ११९, १९८, २००, २०२, २०६, २१३, २५६, ३०१
भोजन २९७, २९८, २९९
श्रद्धाको मूल २८३
श्रद्धाचरित्रका ३१६
श्रद्धालु ४०
श्रद्धाले ८५, ८७, ३५२
श्रद्धासम्पदा ३७, ३९, ४०
श्रद्धासम्पन्न ३७
श्रामणेर ३१६, ३१७
श्रुति २१३
श्रेष्ठ २१२
श्रोत १५६ धातु २७५
श्रोतविज्ञेय ३४०
श्रोतविज्ञेय शब्द २४४
श्रोत्रीहरू १८०
श्रेष्ठ ३५१, ३५२, ३६३, ३६७
श्रेष्ठवर्ण ३४९
श्रोत्रेन्द्रिय ११७
षडायतन १५६

ह

हजारवटा १४१
हड्डी ९६, ९७
हरण ३७
हरिचन्दन १०८
हरियो घाँस १२६
हरेणु ९६
हस्तपाद १६८

हतार १७३
हप्तासम्म १८३
हस्तिरत्न १६६
हवस १६६, १७६
हल्लाउन ११९
हात १७१
हातले २२९
हात-खुट्टा १७१
हितानुकम्पी २२९
हात्ती १८५, २५९ मा ३०४
हालसाल ९७
हास्यास्पद २४१, ३३४
हिंडाइ १६२, १७०
हित ४७
हितचिन्तनगरी १७३
हितैषी १९२
हिंसक २१२
हिंसा ६५
हीन ३४९, ३६३
हिलो ३५७
हीनप्रणीत २७८
हुनु १६९
हेतुप्रत्यय २२७ बाट ३२८
हेर्नुपर्छ १२५
होच्याएर ४७
होमकर्म २६०, ३०२, ३०३
होसराखी २६३, २६४
हृदयङ्गम २५८

क्ष

क्षत्त १८८
क्षत्री २१५, २१६, २१७, २९०, २९८, २९९, ३००, ३५०, ३६२, ३६५, ३६६, ह्वौ ३१३
क्षत्रीणी १४७, १४९, १५०, १५१, ३३६
क्षत्री परिचर्या २०९, २१०
क्षत्रीमण्डलका ३६२
क्षत्रीहरू ५४, ३५० मा ३५१
क्षत्रीकुमार २९६
क्षत्रीसँग ५५, २११
क्षान्तिबल ३२४
क्षान्तिवादी १५४
क्षारत्व ३५५ मा ३५७

क्षीण १३५, १४३
क्षीण कामरागी १९२
क्षीणास्त्रव १, २, ५२, ११६, ३२७, ३५१, ३६६
क्षौर गरी १९१
क्षौरविरेचन २२५
क्षुद्राचारी ३६४

ज्ञ

ज्ञान १३४, १३५, १६१
ज्ञानवान १३२, १३६
ज्ञानी १८०
ज्ञानीहरू ५२

DATE DUE

४६८५

AUTHOR अमृतानन्द भिक्षु

TITLE बुद्धकालीन ब्राह्मण (संग्रह-१)

४६८५

R 694
AMR
2025

सरस्वती नः सुभगा मयस्करत्
महेन्द्र संस्कृत विश्वविद्यालयः
वि.सं. २०४३
MAHENDRA SANSKRIT UNIVERSITY 1986 AD

महेन्द्र संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ
पुस्तकालय

लेखकका अरू पुस्तकहरू :-

१. संक्षिप्त बुद्ध-जीवनी (द्वितीयावृत्ति)
२. गृही विनय ,,
३. धम्मपद ,,
४. अग्रश्रावक